धका उलि वचन बिया तयेवं मां धयाम्हं थथे किजाभौ लिसे यौन सम्बन्ध तयेत थः काय्यात सःतीगु खँ मातृगुणया अवमूल्यन याइगु खः । अत्थवादी, धम्मवादी, निधानवादी खँ जुइगु ला सम्भव हे मदु । अले हानं उम्ह ऋषि पुत्र यौन सम्बन्ध तःबले चित्रंगदया महारानी मिखां तिसीवं कांम्ह, चित्रवीर्यया महारानी बुलुक्क मिखां स्वयेवं पाण्डु रंगयाम्ह काय् बुल धयागु खँ नं कांपत्याःया भूतवादी खँ जक जुये फइ ।

ऋषि जुया नं मिजंम्ह मृग जुया मिसाम्ह मृग लिसे यौन सम्पर्क तयेगु ऋषि चरित्रया छु धयागु आदर्श चरित्र जुइ ? मृग जुया भोग सुख व नं पशुनाप काः वनीम्ह ऋषिं ब्यूगु सराः नं सरा जुइ ला ? छखे थःगु कामतृष्णां ऋषि मृगया भेष काल, मेखे उगु कामतृष्णाय् बाधा बिल धका तं पिकाल, उम्ह रानी भोगी तंगुलु ऋषि ब्यूगु सराः नं छु सुयातं छ्यनय् लाये फइ ला ? थुजागु महाभारत बाखँ कनेगु न्यनेगु गुगु अर्थ नं अत्थवादी व धम्मवादी जुइ मखु । अले हानं पाण्डुं कामगुण सेवन मयायेवं वया रानी कुन्ती धर्मदेव लिसे सम्बन्ध तथा युधिष्ठिर माद्री वायु लिसे सम्बन्ध तया भीम बुइकल धयागु खँ लुमंके तकं मल्वः । उकिं बौद्ध अर्थकथा आचार्यपिसं संक्षिप्तं शिष्टभाषां धाल, "भारतयुद्ध (कथा) निरत्थक कथा" खः ।

थनं लिपा "अभिज्झा (परया सम्पत्ति अधर्म कायेगु मनसायं न्ह्यचिला जुइगु) अकुशलया खँ वयाच्वंगु दु । थ्वयात इच्छा (मनसाय जक जुइगु), पापिच्छा (थःके मदुगु गुण दु धायेके मास्ति वइगु), महिच्छा (अप्वः इच्छा जुइगु) अत्रिच्छा (थःके दुगु चीधं ताया कतःयाके दुगु तःधं तायेगु) कथं प्यथी दुगु व वयात विपश्यनां लिचिका च्वनेगु सल्लेखया उपदेश ब्याख्या जुयाच्वंगु दु ।

कतःपिं सीमा, विनाश जुइमा न्हनेमा धका मभिं तुनीगु स्वभाव व्यापाद चित्त क्लेश सालुका पाः जुइका यंकेगु मेगु सल्लेख सूत्रया उपदेश खः । थुकिया लागी उपाय शत्रुभय मदयेमा, शारीरिक व मानसिक दुःख मदयेमा, सुखपूर्वक थःपिनि स्कन्धभार वहन याये फयेमा धयागु मैत्री भावना खः । विपश्यना भावनां ब्यापाद चित्त पूर्ण निरोध व शान्त जुइवं अनागामि जुइ । थनथाय् तकया उपदेश सल्लेख सूत्रया खुगूगु काण्ड न्हापांगु द्याय् दुगु जुल ।

पूज्यपाद महाशी सयादो महास्थविरया तःगुमछि सफू नेपालभाषाय् अनुदित जुइधुंकूगु दु । विश्व-धर्म प्रचार देशना (बु.सं. २५२४/२५), वम्मिक सुत्त (बु.सं. २५२८), संक्षिप्तं भावना विधि (बु.सं. २५२९), महास्मृतिप्रस्थान सूत्र पालि शब्दार्थ व अभिप्राय (बु.सं. २५३२) व तथागतया अमूल्य उपदेश (बु.सं. २५३३) ब्वने धुंकूपिं नेपालभाषाया माध्यमं बुद्ध-धर्म ब्वनीपिं सकसिनं स्यू वसपोल महास्थविर मूलपालि त्रिपिटक, पालि त्रिपिटक अट्ठकथा, पालि परम्पराया वाङ्मयय् गुलि अधिकृत विद्वान, लिसें "विपस्सना" या साधना क्षेत्रय् गन थ्वना बिज्याकम्ह विपश्यनाचार्य खः । लिसें इतिहास, कला व वास्तुकलाया बारे अले पौराणिक वाङमय व विज्ञान बारे नं वसपोलयाके गुलि अधिकार दु धयागु थुगु सफुतिं क्यं ।

सफूया अनुवादक स्वयं नं वसपोल पूज्यपाद महास्थविरया लिक्क च्वने धुंकूम्ह अले पालि व बर्मी भाषाय् नेपालय् ज्वःमदुम्ह ज्ञाता जुया, अफ धाःसा वसपोलयागु च्वय् न्ह्यथनागु सफूया अनुवाद-अभ्यासं परिपक्व जुये धुंकूम्ह जुया अनुवाद बांलाक जुइगु ला अथें हे जुल । अथें हे ब्वनेथें ब्वं लिसे शुरू शुरू अनुवाद यायेगु क्षमता व दक्षता दये धुंकूम्ह अनुवादक खः । अथे ब्वनेथें शुरू शुरू अनुवाद जूगुलिं हे ल्यँइधिपि (पेज ८०) वाक्य अस्पष्ट जूगु (पेज ६९), टिप्पणीलय् (पृष्ठ ९०), गाभे याना तयागु जुल, 'बेल पायग्वः', 'ब्याः पायग्वः', (पृष्ठ १०७), भंगः ब्याधा (भंगः लाइम्ह ब्याधा) पृष्ठ ११३, स्वन्हु प्यन्हु तकया दुने



Downloaded from http://dhamma.digital

ला (स्वन्हु प्यन्हु तक ला) (पृष्ठ ३८७) सात फातय्त (सा फातय्त, अथवा सातय्त व फातय्त) (पृष्ठ १४२), काण्डया थासय् द्या जूगु (पृष्ठ १६३, १६४ थें) जाःगु कथं गनं गनं छथाय् निथाय् च्वसा चुलुया वन ।

उपदेशया भ्वलय् लुमंके माःगु खँ "स्मरणिका" कविता दु । थ्व कविता बर्मी भाषाय् सारै हे बांलाः जुइ ताया । धात्थें धाःसा वसपोल पूज्यपाद महाशी सयादोया थुगु उपदेश ब्वने सिबे टेप याना न्यने दःसा बांलाइ ताया । सफूया स्वरूप कथं काण्डया गठन अले बाखँ, बाखँ दुने बाखँ वइगु शैली अनुपातया तर्क थथे न्यनेगु यायेबले वइगु ला छखे ति बाखँ भ्भं थूथें भ्भं रसताया दुहाँ वने फइ । बर्मी संवत् १३३१ निसें १३३३ तक छको अष्टमी खुनु अले न्याको न्यागू पुन्ही खुनु बिया बिज्याःगु वसपोल महास्थविरयागु थुगु उपदेश गुपिं बर्मी जनतां थःगु भाषं न्यने खँ, इपिं धन्य खः । नेपाःमियात थुजागु उपदेश न्यनेगु भाग्य गबले जक वइ धयाथें जित सफू ब्वंब्वं मती वना नुगः हे खुल्ल मिन । अभ जित ला थथे नं बिचाः जुल, थुगु सफू म्येया क्यासेटथें न्यने ज्यूगु उपदेश कथं याये दुसा साब ज्यू । आखः मसःपिंत, मिखां मछूपिंत, अले बिरामीपिंत क्यासेटया माध्यमं सल्लेख सूत्रोपदेश न्यनेगु अवसर चूलाइ । क्यासेट उत्पादनयात छको खर्च खः, व म्ये क्यासेटथें खर्च तुइगु मखु ।

पूज्यपाद महाशी सयादो महास्थविरयागु "महान सल्लेख धर्मोपदेश थुगु सफू रूपया सफू ब्वना थ्वयात उपदेशया रूप तुं बीत नं गुलिं श्रद्धालुपिसं श्रद्धा तइ, बिचाः वंकी धका जिं तःधंगु आशा नं याना ।

**भिक्षु सुदर्शन**

नगर मण्डप श्रीकीर्ति विहार

अनला थ्व ४, ११११



Downloaded from http://dhamma.digital




# महान सल्लेख सूत्रोपदेश

## निगूगु द्या

थुगु सफू **'महान सल्लेख सूत्रोपदेश'** या निद्यागु द्या खः । थुगु उपदेश नं पूज्यपाद महाशी सयादो महास्थविरं कृष्णपक्षया अष्टमी व पुन्ही पतिकं व्याख्या याना बिज्याःगु जुयाच्वन । न्हापांगु खुकोया उपदेशय् विहिंसा, पाणातिपात, अदिन्नादान, कामेसु मिच्छाचार, मुसावाद, पिसुणवाचा, फरूसवाचा, सम्फप्पलापवाचा, अभिज्भा व व्यापाद अकुशलयात तापाका तापाका यंकाः अन्ततः हां नापं ल्यें थनेगु उपदेश पुवने धुंकल । आः ल्यंगू ३४-गू अकुशलया तापाका तापाका यंका अन्ततः हां नापं ल्यें थनेगु न्हेकोगु उपदेश थुगु द्याय् दुगु जुल । अले हानं सल्लेख उपदेश प्रज्ञा पक्ष जुया भ्रं भ्रं गम्भीर जुजुं वना च्वंगु दु ।

दुःखं मुक्त जुइगु लँपु 'आर्य अष्टाङ्ग मार्ग' या विपरीत ८-गू अकुशल अले "मिच्छा ञाण" व **'मिच्छाविमुत्ति'** याना १०-गू मिच्छत्त (मिच्छा+मिथ्या; अत्त+आत्म) या सल्लेख उपदेश याना बिज्याये धका मती तया बिज्याःसां न्हापांगु उपदेश 'मिच्छा दिट्ठि' छगुली हे दुग्यला पुवनी ।

मिच्छादिट्ठि 'मिथ्यादृष्टि' यात नेपाल भाषाय् चीहाकः याना पायछिक अर्थ बी साब थाकु। दुःखं मुक्त जुयेत द्वंक, अःखेक, मखेक, खंकिगु मिखा वा दुनुगःया थःपत्याः धाःसां अर्थ तिमप्यंथें ताः । थः थः दुनुगःया पत्यालं थःथःत गुलि गथे ज्वना तइ धयागु खँ विपश्यनाय् च्वना वंम्ह स्वीडेनया शिक्षकया उपमां न्वखंक धाः । उकिं वसपोल महास्थविरं आज्ञा जुया बिज्यात, सुना नं सुयातं वा भीत हे नं मिच्छादिट्ठि धाःसां नुगलय् स्याके मज्यू । बुद्धधर्म धात्थेंगु स्वभाव-धर्म खःगु खँ मालेगु खः । न्ह्यागुं धाःगु खँ स्वभाव धर्म कथं जू मजू बिचाः याये बहः जू ।

मनया पत्याः मनं ज्वना च्वंगु धारणा निथी कथं द्वनी । भिगू दुश्चरित्रय् दुनीगु थुनीगु छथी, आर्य अष्टाङ्ग मार्गया अःखःगु लँपुया भ्वाकलय् दुथुनीगु छथी । थुकियात थन दुश्चरित्र मिथ्यादृष्टि, सुचरित्र सम्यग्दृष्टि, विपश्यना सम्यग्दृष्टिया अःखःगु दृष्टि व विपश्यना सम्यग्दृष्टि कथं कना तःगु दु ।

कर्म व कर्म फलयात मदु धयागु पत्याः धारणा भिथी कथं दु- दानया, तःधंगु दान पूजाया, पाहाँपिन्त नके त्वंके छुं बीगु, भिं मभिं ज्या यानाया फल मदु ; मां धयाम्ह मदु, बौ धयाम्ह मदु, थुगु लोक धयागु मदु, मेगु लोक धयागु मदु, पुलांगुलिं न्हूगु जन्मय् उत्पन्न जुइपिं सत्त्व प्राणी धयागु मदु, तप्यंक वंपिं वना च्वंपि, थुगु लोक व मेगु लोकयात प्रत्यक्ष व अप्रत्यक्ष सीका च्वंपिं धयागु नं मदु । धात्थें धाःसा थुपिं भिंतां खँ तप्यंक वा तमप्यंक 'कर्म व कर्मया फल मदु' धयागु खँय् हे गथे दुथ्याः धका क्यना थुपिं बिचाःयात थुगु लोकया प्रत्यक्ष लाभ, थःगु अस्तित्वय् हे थःम्हं अस्वीकार मयायेगु तथ्य, स्वयं बुद्ध बोधिसत्त्वपिनिगु यथार्थता आदि, वथें हे भीगु शरीरं, म्हुतुं व मनं याःगु ज्यां जुया च्वंगु सुख दुःख, मस्तय् लालनपालन प्रशिक्षण प्राणीपिनि



Downloaded from http://dhamma.digital

अल्पायु दीर्घायु स्थिति, छगः प्वाथं निम्हं नापं बूपिं निम्हसिया निगू भिन्न स्थिति आदि न्ह्यथना "कर्म व कर्म फल" मदु धयागु धारणायात छ्याना त:गु दु ।

मनूतय् सुख दु:खया थला क्वलाः अथवा सुख दु:खय् च्वय् क्वय् ला:पिं मनूतय् समस्या इस्सरकुत्त (ईश्वरं दयेकूगु) व ब्रम्हकुत्त (ब्रम्हां दयेकूगु) वादं अथवा विना कारणं अथें हे जुइगुलिं समाधान याये मफूगु खँ न्ह्यथना मनूतय् दु:खया कर्मवादं हे समाधान जुइगु उपदेश दु । धात्थें धा:सा कर्मवादं हे जक मनूयात उत्तरदायित्व महसीके बी, ज्या याइम्ह याना बी । नत्थिक-नास्तिक, अहेतुक, अकिरिय (अक्रिय) दुनुगःयात पत्याःयापिं आचार्यपिसं गथे गथे धाइ धयागु खँया चर्चा याना कर्म दु, कर्मया फल दु, धात्थें धा:सा कर्मवाद हे मानव समाजया निर्तिं नैतिक दायित्व दुगु सिद्धान्त खः, थुइका त:गु दु । कर्म व कर्मया फल मदु तायेवं मनू कुशल कर्मय् न्ह्यचिली मखु । अकुशल कर्म लिचिली मखु । अथे धका 'अत्त', "जि" या 'अहं' ज्वना च्वने मज्यू । मखुसा रूप व नामया क्षण क्षणया "धम्म" यात न्ह्यज्याना सीके फइ मखु । शाश्वत व उच्छेदया दुनुगःया पत्या:या मिखाय् ततक्यना च्वनी । थ्व जालं मुक्त जुयेत विपश्यनां क्षण क्षणया चित्तया उत्पत्ति व विनाश मृत्यु व मेगु जन्म नं थ्व हे उत्पत्ति व विनाश क्रमय् मरणासन्न अवस्थाया आरम्मणय् चित्त उत्पत्ति जूगु फल उत्पत्तियात थः प्रज्ञां खंकेमाः । थ्वया लगी सम्मसन ज्ञान, मार्ग ज्ञानया उत्पत्ति व प्यंगू सत्य छकोलं सीगु उपदेश निको स्वको निको स्वको ब्वने बहः जू ।

सल्लेख सूत्रया च्याकोगु उपदेशय् न्हेकोगु उपदेशय् न्ह्यथना नं न्हापांगु छगू जक मिथ्या अन्तया उपदेशं लिपा लिकूगु गुंगू मिथ्या अत्त (आत्म) या उपदेश दु । काम, व्यापाद व विहिंसा वितर्कय् "मिच्छा संकप्प" दिना च्वनी । नसा, त्वंसा, पुंसा, स्वापू, समृद्धि, बांला, ब:ला, विशेष याना विसभाग आरम्मण आदी आदी यया ज्वना क्वात्तुक्क पुका च्वनीगु काम वितर्कया थौ व्याख्या न्ह्यथना त:गु दु । थ्वया अ:खः मयया तापाका फुका स्यंका छ्वयेगु व्यापाद वितर्क वा विहिंसा वितर्क खः । कामया क्वातु बन्धन व पुका येका पुका च्वनीगुलिं पिहाँ वयेगु नैष्क्रम्य वितर्क वथें हे सकलया सुखी अवस्था अस्तित्व रक्षाया भावना, करूणा व मैत्री बृद्धिया अव्यापाद वितर्क व अविहिंसा वितर्कया उपदेशय् व्यावहारिक अर्थ समेत खँ प्वला: बिज्यासे नैष्क्रम्य वितर्कया नमूना कथं शाक्यमुनि बुद्धया बोधिसत्त्व जीवन शुरू जूगु सुमेधया बाखं न्ह्यथना बिज्यात । हान जंगम, स्थावर, अंग व अनुगामिक सम्पत्तियात बांलाक थुइका तल ।

अनं ल्यू मिच्छावाचा प्यंगू वची दुश्चरित्रयात हानं थ्वयात तापाका तापाका न्हंका छ्वयेत सम्यक् वचनया संक्षिप्त न्ह्यथना बिज्यात । वथें हे मिच्छा कम्मन्तयात तापाकेगु सम्यक कर्मान्तया उपदेश बिया बिज्याये धुंका मिच्छा आजीविकाया उपदेश बिया बिज्यात । थ्वया व्याख्याय् प्राणी, ला, बीष, शस्त्र व अयला मिया जीविका यायेगु जक मिथ्या आजीविका मखु, हिंसादि पञ्चशील स्यंका लजगाः यायेगु नं मिथ्या आजीविका धका आज्ञा जुया बिज्यात । अभ भिक्षुपिनि निर्तिं थः मलापिनि पाखें तोता धया प्यंगू प्रत्यय कायेगु थःत मा:गु खँ हीका धया कायेगु, स्वाँ फलफूल आदि बिया हेमखेम दयेका लाभ यायेगु, मदु पहः याना, मार्ग फल लाभीम्हथें जुया ध्यानीथें जुया चतुः प्रत्यय लाभ यायेगु मिथ्या आजीविका उपदेश थ्व हे प्रसंगय् वया च्वंगु दु ।

शीलया विपरीत ज्या-खँय् कुतः हे मिच्छा वायाम जुया थ्वयात निश्चित कथं विभाजन व्याख्या सम्भव मदु, बरू दुगु अकुशल स्वभाव मदयेकेगु, मदुगु अकुशल मदयेका हे तयेगु, मदुगु कुशल दयेकेगु, दुगु कुशल दयेका हे तयेगु सम्यग् व्यायामया प्यथी कथं व्याख्या सम्भव खः । मिच्छा सति मचां निसेंया न्ह्यागुं ख्यले



Downloaded from http://dhamma.digital

मदये धुंकूगु लुमंका च्वनेगु व भिक्षुपिनि पाखें वंगु गृहस्थ जीवन लिसे सम्बद्ध खँ लुमंका च्वनेगु खः । थ्वया निर्ति बुद्धानुस्सति, सीलानुस्सति, चागानुस्सति निसें प्यंगू सतिपट्ठान तकं सम्यक् स्मृति अन्तरभूत जू । मिच्छा समाधिया उपदेशय् मखुगु ज्या-खँय् मन वनीगु व स्थिर जुइगु खः । थ्वयात सम्यक् समाधि याउँक हीके फु । क्षणिक समाधि, उपचार समाधि व अर्पणा समाधिं मिथ्यायात सम्यकय् हीकेगु उपदेश सफुती दु । मखुगु मभिंगु ज्या-खँया निर्ति ज्ञानं गुलि छु भूमिका म्हिताः च्वनी हानं व हे पायृछि भालपाः च्वनी धयागु चर्चा नापं क्लेश शान्त व निरोध यायेगु मार्ग फलया १९-गू पच्चवेक्खणा ञाणया खँ जुया च्वंगु दु । विमुक्ति सकसियां यः । तर विमुक्तिया बारे थः थः दृष्टिकोण दु । अस्म ध्यानावस्था, आत्म साक्षात्कार, परब्रम्हलीन आत्माय् पुलांगु कर्म मदयेका न्हूगु कर्म प्यमपुंकेगुयात विमुक्ति भालपीगु नं दु । अभ क्लेशया परम शान्तावस्थाय् शूक्ष्मावस्थाय् बुद्ध शासनय् च्वंपिं भिक्षुपिंत तकं थःत विमुक्ति जूगुया भ्रम जुइ फु । कर्मस्थानय् तेज प्रकाश जुइगु उपदेश न्यना विमुक्तिया भ्रमय् लाःगु व कल्पनाया कराहिलय् वा फोसी स्वीनिगू अशुभ भावना दग्ध याःम्ह स्थविरया शिष्यपिं विमुक्तिया भ्रमय् लाःगुया नमुनां भीत मिच्छा पञ्ञां सतर्क जुइत न्वाना च्वंगु दु ।

सल्लेख सूत्रया गुकोगु उपदेशं नीछगूगु अकुशलं निसें थीनमिद्ध आदि न्हेगू अकुशलं तापाना तापानावं अन्ततः हां नापं ल्येंथना छ्वयेगु विषययात तछ्याना च्वंगु दु ।

'थिन' या अर्थ चित्तया ल्वसे निष्क्रीयता खःसा "मिद्ध" या अर्थ चैतसिकया ल्वसेसू खः । चित्त व चैतसिकया ल्वसेसू भावना-अभ्यासयात लिकुंका तइगुलिं थ्व नीवरण धर्म जूगु खः । दुहाँ वनीगु सासः 'आन' व पिहाँ वइगु सासः 'अपान' यात 'अस्ससति' सासः दुहाँ वना च्वन 'पस्ससति' सासः पिहाँ वना च्वन धका चायेकेगु निसें काय, वेदना, चित्त, धर्मया प्रतिफल सजगतां तटस्थं स्वया चायेका च्वनेगु थासय् थिनमिद्धं न्ह्यः वयेके मास्ते वयेकी न्ह्यलं ब्वाकी यद्यपि नसा त्वंसा वा ऋतुया कारणं मिद्ध जूगुयात नीवरण धाइ ला धाइ मखु धयागु खँय् ग्रन्थया धापू पाः ।

उद्धच्चं चायेके माःगु आरम्मणय् चित्त स्थिर मजुसे चिल्ला दना च्वनी, अभ गबलें गबलें उकथं चायेके थुकथं चायेके धाधां हे चित्त चंचल जुया च्वनी । भ्यातुगु जाकि बोरा दिकाथाय् ध्याक्क दीथें अथवा क्यातुगु चाय् भालां सुइबले थ्याक्क दुतीथें समाधि क्वातुल धायेवं उद्धच्च तापाना वनी । विचिकिच्छा बुद्ध, धर्म व संघ अले शील, समाधि व प्रज्ञाय् संशययात धाइ ।   संसारया पूर्व, अपर व पूर्वान्त अपरान्तय्, प्रतीत्य समुत्पादय् तकं विचिकिच्छां संशय याइ । सासःया स्थितिस भाविता यायेवं हे ध्यान लाभ जुइगु खः का धका शमथ कार्यय् विचिकिच्छा जूसा कायादिया गतिविधिस भावितां चायेकेवं हे विपश्यना जुइ ला धका संशय जुइ । थ्व संशय प्यंगू स्मृति भावनां विपश्यनां तापाका तापाका निर्मूल याये फइ ।

क्रोध, उपनाह, मक्ख, पलासयात चित्तया खिति धका धाइ । तमं मनूतय् ख्वाः म्हुतु गथे स्यंकी अले सह यायेवं गथे शान्ति जुइया उपदेशं लिपा उपनाह अर्थात तं पलिसा कायेगु कथं चित्तय् दुतुना च्वनीगु स्वभावया उपदेश थी थी कथं वया च्वंगु दु । पालंपाः जन्मय् मचा स्याना वःगु दागा तःगुया दसु 'कालियक्षनी' बाखं बांलासे च्वं । लिबला स्वायेगु मनं आर्य पुद्गलपिं लिसे तकं लिचिले मफयेका बी यःगु खं देवदत्त, चिंचमाणविका, बाहिय दारूचीरिय आदिया प्रसंगं स्पष्ट याना च्वंगु दु । लिबलाया अकुशल गुलि ग्यानपु, उलि हे परउपकार ल्वःमंका छ्वइगु मक्ख (म्रक्ष) अकुशल ग्यानपु । सारिपुत्र महास्थविरं थःत छगू चमचा जा दानया उपकार लुमंका तया बिज्याःगु आदर्श कृतघ्न स्वभाव चीकेत प्रेरणा ब्यू । पलास अकुशल थौं कन्हे हरेक क्षेत्रय् शिष्ट व सभ्य धाःपिनि दथुइ नं ब्यापकगु ल्वय् हे धाःसां ज्यू । थः स्वया च्वय्या गुण



Downloaded from http://dhamma.digital

व योग्यतायात थः तँय् वा थःसिबे क्वय् तयेत स्वइगु बाजिथें जाःगु ज्या-खँ हे पलास खः ।

सल्लेख सूत्रया भिकोगु उपदेशय् खुगू अकुशलयात तातापाका यंका अन्ततः हां नापं ल्यें थनेगु खँ दु । सुयां तःजिः, भिं, सुख आदि स्वमफइगु हे इस्सा (ईर्ष्या) खः । थ्व अकुशल धात्थें धाःसा हुइन फ्येगु अकुशल खः । मुदिता अर्थात मेपिनि ज्यू भिं तःजि सुख आदिस मन लयूतायेगु अभ्यासं थ्व ईर्ष्यायात कोत्यला छ्वये फु । थःगु छुं हे कतःयात बी मास्ते मवइगु मच्छरिय (मात्सर्य) मेगु अकुशल खः । काय्यात ल्वय् जूबले वासः तकं मन्याःम्ह हानं सीम्ह काय् छेंतले वया स्वः वयेवं धन सम्पत्ति नं खनी धका ग्याःम्ह ब्राम्हण, ४०-गू कोटी धन दया नं छको विशेष चतांमरि नये मास्ते वल नं जहान भोछियात नके माली अप्वः खर्च जुइ धका नुगः स्याःम्ह ब्राम्हणया बांलासे च्वंगु बाखं उपदेशय् स्वाना च्वंगु दु । तोदेय्य ब्राम्हणं बी वं फुइगु उपदेश बिल, थःम्हं छुं बी मनं, सिना आपालं धन दुसां खिचा जुया जन्म जुइ माल । अफ नं वं उना च्वन । वया हे काय्यात बुद्धं भिप्यंगू खँया लिसः बिया बिज्यात । बी बहःगु वस्तु दया बी फुम्ह जुया नं मबीगु हे मच्छरिय खः । थ्व मच्छरिय थुलि तक ग्यानपु गृह त्याग जुया च्वंपि भिक्षुपिंके तकं विकृत रूपं दया च्वने फु । विहारय् बाय् बी नुगः स्याइगु, श्रद्धालु उपासक उपासिकापिं म्हसीका बी थाकु चाइगु, प्यंगू प्रत्यय लाभ नं मेपिन्त थ्याके मास्ति मवइगु, प्रशंसा याये बहःपिन्त प्रशंसा याये तकं मयइगु, थः स स्यूगु स्यना बी नुगः स्याइगु मच्छरियं भिक्षुपिन्त नं विपाक कुबीका तइ । सकल प्राणीया शत्रु भय मदयेक सुखं च्वने यः तर अयनं शत्रु भयं अशान्त याना तइगुया मूल कारण हे ईर्ष्या व मात्सर्य दुर्गुण खः ।

साठेय्य धयागु थःके मदुगु श्रद्धा, शील व प्रज्ञादि गुण दुथें क्यना लुधं दुधं फुदं तःधं तायेगु स्वभाव खः । थ्व अकुशलं आचार्य जुइपिं तापाक च्वने माःथे शिष्य साधक जुइपिं नं रोग ब्याधि मुक्त जुया श्रद्धा विश्वासं चक्कागु तःप्यंगु याउँसे च्वंगु मनपिं जुया मुक्त जुयेमाः । अले हे जक फ्यासु मजूगु त्वाः मदःगु वीर्य दुपिं जुया रूप व नाम स्कन्धया उदय ब्यय प्रज्ञा दुधंके फइ । बुद्धं **"एतु विञ्ञू पुरिसो असठो, अमायावी, उजुजातिको"** अर्थात अशठ अमायावी, तःप्यंगु जातिया जुया सयेके सीके खंके लुयेके दयेकेत वा धका सःता बिज्याःगु दु । थुगु आव्हान कथं गुलि धात्थें धात्थें शासनया अनुगमन याइ उलि हे अर्हत् फलय् याकनं थ्यंके फइ । थ्वया दसु कथं न्ह्यथना तःगु 'धम्मचक्क सुत्त' व 'अनत्तलक्खण सुत्त' या न्हापांगु देशनाया भावितां छन्हु छन्हु याना भोलकं अर्हत् जुया बिज्याकपि पञ्चभद्रवर्गी भिक्षुपिनिगु दृष्टान्त साब दुग्यः जू । 'धम्म'य् 'पञ्ञा' भाविता याना हे तृष्णाया गथः फ्यने फइ । थ्व खँया भ्वलय् बुद्ध व वस्पोलया श्रावक-श्राविका, उपासक-उपासिकापिनिगु दृष्टान्त तःसकं संक्षिप्त जुया धर्म उपदेश न्यना थःगु तहः कथं जक थुयेके फइ । मू खँ, रोगीं खःथे जूथें बांलाक पूवंक थःगु खँ धाःसा बैद्ययात वयागु ल्वय् थ्व हे धका सीकेत ग्वाहालि जुइ । रोगीं थःगु रोगबारे बुत्ता तया, चिन्वेयेका, ध्याचःथाय् नं हानं लः प्वंकेगु बुद्धि कया अथवा पूमवंक धायेगु तोतेमाः । धर्मया उद्योगी वा विपश्यनाया साधकं शठता तोतेमाः ।

माया नं छगू अकुशल खः । तर थनया माया 'ब्रम्हा छगू जक सत्य जगत मिथ्या' मखनीगु अर्थया माया मखु । थःगु शीलया कमजोरी, भावनाया दुर्वलता, प्रज्ञाया अपरिपक्वताथें जाःगु तोपुयेगु हे माया खः । अतिमान व 'थम्भ' नं निगू अकुशल खः । थःहे तःधं तःसकं फुधं माक्क न्याक्क लुधं व दुधं तायेगु अतिमान खःसा थः क्वछुइ मायाय् क्वछुये मफया आदर गौरवमान मर्यादा तयेमाःपिन्त अथें मतयेगु मानं थिंग थिंग दना च्वनीगु 'थम्भ' खः । 'थम्भ' व 'अतिमान' अकुशल तापाका यंकेत कना तया बिज्याःगु अग्रमहाश्रावक सारिपुत्र महास्थविर चरित्र व वस्पोलया अभिव्यक्ति तःसकं नुगःलय् ग्यः । चीवर च्वकां जक अयक थिल नं



Downloaded from http://dhamma.digital

छम्ह नुगः मूम्ह भिक्षुं जित अग्रमहाश्रावकं घ्वाना वन धका धया जुल । बुद्धं थ्व विषयय् न्यनेवं वस्पोल अग्रश्रावक महास्थविरं बिन्ति यात, जिगु काय न्ह्यागु वांछ्वःसां छुं मयाइगु पृथ्वीथें, न्ह्यागु वांछ्वःसां छ्वयेका छ्वइगु मिथें, तुति हुइगु कापः (पाउदानी) थें, फुकं जातिं प्वाकः याना नं क्वह्यंका तःम्ह क्वय्या जातिया मचाथें, न्यकू मदुम्ह द्वहँथें, ध्वग्गिम्ह खिचा क्वखाया च्वनाम्हथें, ज्वःगु हाकु चिकं घः कुबिना च्वनाम्हथें धयागु लिसः वर्णन उपदेश ब्वनेबले छम्हाः भी मन हे याउँसे च्वं ।

भिंछकोगु उपदेश 'सल्लेख सुत्त' या स्वंगू कथंया अकुशल तापाका अन्ततः हा नापं ल्येथना छ्वयेगु विषयय् खः । "दुब्बच" धया खँ न्यंके थाकुगु व उपदेशं थुइके भिंके थाकुगु स्वभाव नं छगू अकुशल स्वभाव जुया च्वन । थुगु प्रसंगय् वःगु दुब्बच जुइगु अकुशलया दसु भिक्षु छन्न स्थविर चरित्र नुगलय् दयू । जि बोधिसत्त्वया सहयोगी महाभिनिष्क्रमणया इलय् अनोमा खुसि थ्यंक तः वनाम्ह खः । छिमिसं जितः स्यंवये माःगु मदु धका भिक्षुपिसं न्ह्यागु खँ धाःसां भिक्षु छन्द खँ मन्यं । थुकिं याना वयात बुद्धं महापरिनिर्वाण अवस्थाय् संघयात ब्रम्ह दण्ड बीगु आज्ञा जुया बिज्यात । अले बुद्धया महापरिनिर्वाण लिपा बुद्ध जिम्ह धका ज्वना च्वंगु वयागु अहं आधार फुना वन । धर्मया निर्तिं माःगु सुवच सद्‌गुण धया खँ न्यनेगु स्वभाव दयेवं भिक्षु छन्न अर्हत् जुल ।

पापमित्तता मभिंपि पासा संगत स्वयं छगू अकुशल खः । अफ अनेक अकुशल यायेत कुलाकथि नं खः । मभिंपि धयापिं उपिं खः, गुपिंके श्रद्धा, शील श्रुतादि गुण दइ मखु, नुगः स्याः भाव, क्वह्यं, क्वतुं फुसुलु ज्ञां जक दइ । देवदत्तया संगत याना अजातशत्रु जुजुं आनन्तरिय कर्म अबुयां हत्या थ्यंक यात । उकिं याना थनया थनसं फल बीगु "सामञ्ञफल सुत्त" देशना न्यना नं श्रोतापत्र जुइ मफुत । थुगु अकुशल तापायेत कल्याणमित्र नाप बुलेमाः; गुपिंके श्रद्धा, शील, त्याग, श्रुत व प्रज्ञा दइ । येके ल्वःगु गौरव तये ल्वःगु, लुमंके बहःगु गुण दइ । पमाद (प्रमाद) अकुशल मदयेकेगु उपदेश धाइ, तथागतया अन्तिम उपदेश हे जुल । होश मदइगु हे प्रमाद खः । अनेक लौकिक खँय् होश मन्त कि भ्वाकलय् दुनीथें परमार्थय् काय, वाक व मनया दुश्चरित्रताय् न्यागू काम गुणया आरम्मणय् प्राणीपिं होश मदुपिं जुया च्वनी । थुगु प्रसंगय् अप्रमादीया खँ विशेषतः तथागतया अन्तिम ओवाद "अप्पमादेन सम्पादेथ" या तःसकं दुग्येक थन उपदेश बिया तःगु दु ।

सल्लेख सूत्रया भिंनिगूगु उपदेश क्रमय् ४४-गू अकुशल मध्यय् दकसिबे लिपाया न्हेगू अकुशलया व्याख्या दु । अस्सद्धिय (श्रद्धा धर्मया अभाव) छगू अकुशल खःसा थ्वया मूल आधार हे कर्म व कर्म फलय् विश्वास जुया च्वन । बुद्ध-धर्म अथें पत्याः यायेगु धर्म मखु, थः थःमं छुटे छुटे याना सीका काये माःगु धर्म खः । उकिं बालाक कना तःगु धर्म खः । अहिरिक व अनोत्तप्प अर्थात् मभिं ज्या-खँ याये खना मछाः मजुइगु व मग्याइगु नं निगू अकुशल खः । मछाः मजूम्ह व ग्याः मजूम्ह मनुखं छु जक मधाइ हानं छु जक मयाइ धयागु हे दइ मखु । अहिरिक व अनोत्तप्प जुल धाःसा मनुखं न्ह्यागुं पाप अकुशल ज्या याइ । न्ह्यागुं याये फूगु थुजागु अकुशलयात तिबः बीगु स्वभावं तापायेत हिरि (ह्री) व ओत्तप्प पाप याये खना मछालेगु त्राश चायेगु यायेमाः । तर थ्व खँ चायेकेत बहुश्रुत दयेकेमाः । उकिं बहुश्रुत आपाः मदइगु नं अकुशल कारण जुइ । थन उपदेशय् आगम सुत व अधिगम सुतया व्याख्या याना बौद्धिक विपुलता जक बहुश्रुत मखु, छपु हे धर्म गाथा थःजु, पुपुवंक न्यना थुइका व कथं आचरण यात धाःसा वयात बहुश्रुत दुम्ह धका धाइ । थुकिया दसु ग्रन्थधूर व विपश्यना धूरया तुलनात्मक चरित्र व कर्पिनि सा जइम्ह सा जवानं साया दुरू त्वने मखथें खः । "कोसज्ज" हीनवीर्य अलसि नं छगू अकुशल खः । कोसज्ज भावं सम्यक् कुतः याये फइ मखु ।



Downloaded from http://dhamma.digital

'मुट्ठस्सच्च' स्मृति हीन भाव नं अकुशल जुया च्वन । नुगलय् हि तया लुमंका तयेगु कुतः मयाकं लौकिक उन्नति प्रगति सम्भव मदु, लोकुत्तरत्व नं लाये फइ मखु । स्मृति तःसा-चखुं बखुं नं ह्वला तःगु जाकिग्वः दुथाय् चाः चाः हिला जाकि ग्वः क्वाना नइ । स्मृति उदय ब्यय ज्ञानय् आरम्मण पाखे स्वभावतः चायेका चायेका च्वने फइ । थुकिया लागी मेगु मजि मगाःगु आधार "दुप्पञ्ञता" विपश्यना प्रज्ञाया विहीनता मदयेकेगु खः, तापाकेगु खः । छाय् धाःसा सम्यग् व्यायामं हे सम्यक् समाधि बल्लाकी । उदय धम्म व वय धम्म खंकेत विपश्यनाय् वीर्य यायेमाः । वय धम्म खनेवं संसारया आदीनव खनी । अले हे रूप व नामयात भवयात क्वातुक ज्वना मतसे तोते मास्ते वइ । त्यागया स्वाकं भाविता यायेवं प्रतिसांख्या लुया वइ । संस्कारयात उपेक्षा याये फइ ।

'सन्दिट्ठिपरामास' द्वंक परामास (च्वतु च्वलेगु) यायेगु थःगु बिचाः थःके क्वातुक तया च्वंच्वनेगु सल्लेख सूत्रया दकसिबे क्वय्यागु तोता तोता वना हां निसें ल्यथना छ्वये माःगु अकुशल खः । थःम्हं हे क्वातुक ज्वना नं तोते मफु धका धया च्वनेगु भीके फुसुलु ज्ञा व खँ यक्व दु । तोते ला तःसकं मास्ते व तर तोते हे मफया च्वन धका धाइम्ह छम्ह शिष्ययात ब्वना गुरूम्ह जंगल वन । अले शिष्यम्ह भतिचा उखे वनेवं गुरूम्हं सिमा छमा निप्पा ल्हातं घयेपुना च्वन । वं धाल, जित सिमां मतोतू । शिष्यम्हं धाल, ल्हाः चक्कंकूसा गा हे गाः । सिमां ज्वना तःगु मखु, आम ला थःम्हं सिमा घयेपुना च्वंगु खः । थां घयेपुना धौबजि काःम्हं पत्याः याना मेपिन्त धौबजि छको पलख बी फुसा धौबजि नयेत ल्हाः त्वाः ल्हाये माली वा थां त्वाः ल्हाये माली धका धा हे धाइ । द्वंक थःत च्वतु च्वला च्वंपिसं नं थःगु द्वंगु दृष्टि मतोतूतले त्याग अभिनिष्क्रमण याये फइ हे मखु । अभिनिष्क्रमण याये धुंका नं संसारयात बांलाक स्वये मफुत धाःसा लँपु द्वंम्ह जुइ । सदाचार धका धायेगु हे शीलव्रत परामर्श जू वने फु । उकी नं थःथः धर्मया धार्मिक ममत्व व धारणा दया हे च्वने यः । बुद्धया शासनय् च्वना नं जातकया समोधान थुइके मफया भिक्षु सातिं बिचाः यात, बोधिसत्त्वया जन्म जन्मय् रूप वेदना संज्ञा व संस्कार लिना मवं । चित्त विज्ञान जक लिना वन । उकिं महाजनक जुजु, हस्तिराज, विश्वन्तर व बोधिसत्त्व सिद्धार्थ कुमारया चित्त व हे खः । खँ ल्हाये सःम्ह अनुभव याये सःम्ह अत्त थ्व हे खः । बुद्धं उम्ह भिक्षु सातियात मार्ग फलं हीनम्ह पुरुष "मोघ पुरिस" धका धया बिज्यात । भिक्षु अरिष्टया बिचाः मेगु हे । काम सुख मतोतुसे गृहस्थपिं अनागामी जुया च्वं । चीवरयागु वर्ण नं रूपारम्मण रूप धर्म खः; मातुगामयागु वर्ण नं रूपारम्मण रूप धर्म खः । लासा फांगायागु स्पर्श नं स्मर्शारम्मण खः । मातुगामया स्पर्श नं स्पर्शारम्मण खः । परमार्थ स्वभाव कथं समान खः । तर धात्थें धाःसा थ्व बिचाः नं तत्त्व दर्शनया नग्नताय् दुनेगु मोह खः । शरवत व अयला निगुलिं आपो धातु खः, तर ग्रहणया लिच्वः जःखः अःखः धाःसां ज्यू । लौका भाण्टाय्थें हैंचा खाचाय् नं प्यंगू धातु हे दु । छता कूथलां हिंसा मखु, मेगु पालेवं हिंसा खः । सुनक्खत्तं शमथ भावनां प्यंगू ध्यान लात । दिव्य श्रोतया अभिज्ञा लाभ मजुइगु खंका स्यना मबीवं वं बुद्ध शासन तोता वन । नांगाम्ह तीर्थकरं बँय् च्वंगु म्हुतुं हे नया च्वंगु खंबले वयात हे अर्हत भाःपिल । सञ्जयथें जाःम्ह गणाचार्य सारिपुत्र पाखें बुद्धया उपदेशया बारे न्यने धुंका नं थः पुलांम्ह गणाचार्य जुया न्हूम्ह व्यक्तिया शिष्य जू वने मखु धाल । वया विचारय् वृद्ध व पुलांम्ह धयागु हे लः थना तयेगु फ्वसिथें खः, न्हूपिं व ल्यायम्हपिं धयागु लः तुया फया कायेगु चीगोगु थलचा खः । सारिपुत्रं प्रज्ञाया श्रेष्ठता बिन्ति यायेवं वं धाल, संसारय् प्रज्ञावानपिं सिबे प्रज्ञाहीनपिं आपाः । जि आपाःपिनि हे आचार्य जुया च्वने । थुकथं थःत च्वतु च्वला न्हातु न्हायाः नं च्वला ज्यला फुना वनेगु हे श्रेयष्कर कथं द्वंका च्वनेगु अकुशलनं तापाना तापानावं वना अन्ततः भुना च्वनीगु अज्ञानया अन्धकार चीका छ्वयेगु सल्लेख सूत्रया अन्तिम उपदेश खः ।



Downloaded from http://dhamma.digital

थुकथं निद्यागु द्याया थुगु सफू सल्लेख सूत्रया ४४-गू प्रकारया अकुशलं तापानावं तापानावं वना अन्ततः हां निसें अकुशल ल्येंथना छ्वयेगु भिंनिकोगु उपदेश क्वचाया च्वंगु दु । धर्म उपदेश गुलि गम्भिर, धर्म श्रवण याइपिसं नं उलि हे बांलाक न्यना थुइकीपिं जुयेमाः । थुगु सफू उपदेश सफू कथं जुया बार बार ब्वने माल । ब्वं ब्वं लिसे भं भं थुइ । सफूया न्हापांगु द्याय् पूज्यपाद महाशी सयादो महास्थविरया उपदेश व अनुवादक बारे धाये धुंगु जुया हानं थन लिसा मकासे वसपोल महास्थविरया मेमेगु उपदेश नं ब्वने दइ-टेपया रूपय् न्यनेगु नं व्यवस्था जू वनी धका मनय् तया निगू शब्द थन हे क्वचायेके ।

**भिक्षु सुदर्शन**<br>
श्रीकीर्ति विहार<br>
११ अनालाथ्व ११११

Downloaded from http://dhamma.digital




# बुद्ध र बुद्धवाद

## प्रथम भाग-१

### भूमिका

कुनैं पनि प्रतिपादित सिद्धान्तलाई 'वाद' भन्दछ । यही अर्थमा बुद्धबाट प्रतिपादित सिद्धान्तलाई 'बुद्धवाद' भनिएको हो । हुन त बुद्ध मात्र सिद्धान्तवादी होइनन्, उनी त सर्वत्र व्यवहारवादी हुन् । दक्षिण-पूर्व एशियामा प्रायः जसोले बुद्धवादलाई अँलागेको देखिन्छ । बुद्धभन्दा पहिलेका संस्कारजन्य कुराहरूले ग्रस्त भएका बुद्धवादीहरूले व्यवहारतः बुद्धवादलाई अँगाल्न खोजिए तापनि परम्परागत संस्कारको प्रभावले बुद्धवादलाई नै मिश्रितवादको रूपमा काखी च्याप्दै गएको देखिन्छ । 'बुद्धवाद' भन्दाभन्दै पनि पूर्णरूपेण बुद्धवादी हुन सकैले पनि सकेको छैन । बरु यो भन्न सकिन्छ कि बढी रूपमा बुद्धवादप्रति विश्वास राख्ने देशमा बर्मा देश नै अग्रणीको रूपमा देखिन आउँछ । बौद्ध भन्नासाथ बुद्धवादी नै हुनुपर्नेमा यथासम्भव बुद्धवादी हुनुमा बर्मा देश अग्रणी रहेको ज्यादै खुशीको कुरा हो ।

बर्मेलीहरु आफ्नो कुलवंशपरम्परालाई नै बुद्धवादी भन्दछन् भने आज आएर उनीहरु बुद्धवादी भएकोमा कुलवंश बुद्धवादी भएकै कारणले मात्र हो भनी मान्दछन् भने उनीहरु प्रज्ञाज्ञानलाई लत्याई परम्परालाई कायम राख्ने खालको मात्र कहिन सक्नेछन् । बुद्धले अन्धभक्त भई आफूमा श्रद्धा गरेको मन नपराउने भएकोले बुद्धवादीहरु व्यवहारवादी हुन कर लाग्छ । यस पुस्तकमा बुद्धवादलाई विशद रूपमा विवरण प्रस्तुत गरी बुद्धलाई परिचय गराउन कोशीश गरिएको छ । बुद्धका उपदेशहरूको संग्रह त्रिपिटकलाई बुद्ध धर्मको सारको रूपमा उल्लेख गरेर त्यसमा अन्तर्निहित भएका कुराहरूले युक्त सुत्तहरु समेत अगाडि सारी सबैको सामु राखिदिएकोले यो पुस्तक बुद्धवादको लागि ज्यादे प्रामाणिक रूपमा देखिन आएको छ । जो कोहीले बुद्धवादप्रति आक्रमण गर्दा सोचेर मात्र गर्नु उचित छ किनकि बुद्ध संप्रदाय-निरपेक्ष छन् अनि आफ आफ्नै अनुभवलाई प्राथमिकता दिएर व्यवहारमा उत्र भन्ने निर्हठवादी महामावन हुन् ।

बुद्धले कुनै कुरा लेखेर छोडेका छैनन् तथापि बुद्धवादलाई पत्यारिलो छैन भन्न मिल्दैन किनकि ती उपदेशहरु संगायना गरेर निधो गरिएका हुन् र बुद्धको जीवनी अनुसारको व्यावहारिक पनि रहिआएकै छ । बुद्धवाद सूक्ष्म र गम्भीर भनिए तापनि पंचशील जस्ता कुराहरु सामान्यतया सरल नै पनि छन् । यही कारण बर्मेलीहरूले बुद्धवादलाई आत्मसात् गर्दै आएका छन् । भगवान् बुद्धको महापरिनिर्वाण भएको दिन बैशाख पूर्णिमा नै हो भनी बर्मेलीहरु आफ्नो देशमा प्रचलित पुस्तकहरु जिनत्थपकासिनी र बुद्धवंशको आधारमा श्रद्धाका साथ विश्वास राख्छन् । हुन पनि महापरिनिर्वाण पालिसुत्तमा समेत बुद्ध निर्वाण भएको दिन उल्लेख भएको देखिंदैन । यो बुद्धवंश बर्मेलीहरूको लागि मात्र नभै सबैको लागि नै गौरवको कुरा भएको छ ।

संस्कार प्रबल कुरा हो । संस्कारले मानिसलाई एकोहोरो पनि बनाउँछ । फलाफलको विचार नगरी



Downloaded from http://dhamma.digital

मात्र श्रद्धा गरेमा त्यो समाजको लागि विकृति बन्न सक्नेछ । यस्तै श्रामणेर बनाई बुद्धवादमा रहने गरेका बर्मेलीहरूले श्रामणेर हुने अवस्थाको उपयोगितालाई नै वास्ता नगरी कच्चा उमेरमै श्रामणेर बनाउने गरी कर मेट्ने भैं गर्न थालेकोमा यस पुस्तकले मार्गदर्शकको रूपमा विरोध जनाएको छ । नेपालमा पनि शाक्य बज्राचार्यको अनिवार्य प्रव्रज्या प्रथा रहेकोमा दूधे बालकलाइ नै प्रव्रजित गर्नु गराउनुको कुनै अर्थ रहँदैन किनकि प्रव्रजित हुनेलाई कुनै उपदेश ग्रहण गराउन सक्षम हुँदैन । यस्तो प्रथालाई औंल्याइदिनाले यस्ता धेरै अविवेकपूर्ण सःस्कारलाई सुधार गर्ने अवसर प्राप्त हुनेछ । यसमा बर्मा सम्बन्धको व्याख्या भएर पनि आलोचनामक ढंगले सुधारको पक्ष लिएको लेखकको यो पक्का बुद्धवाद हो । यसका अनुवादक पनि शुद्ध व्यावहारिक भएर निष्पक्ष अनुवाद गर्नमा समर्थ भएका छन् । बुद्ध एक स्वतन्त्र मनन र चिन्तनमा प्रश्रय दिने भएकोले उनको वादमा सम्राट अशोक जसता महापुरूष यस वादमा लागेका हुन् भन्ने तथ्य राम्रो उदाहरण हो ।

बुद्धवाद एकोहोरो र अहंकारीवाद होइन । कसैले कसैप्रति सही आलोचना गरेमा स्वीकार्नुपर्दछ र आलोचना अनुसार सुधार गर्नुपर्छ भन्ने यस वादको अभिप्राय छ । तसर्थ यो वाद सर्वजनिन रही चिरकालसम्म रहने र जुनसुकै युगमा पनि उपयुक्त मानिनेछ । बुद्धका पालामा मानवहित र दुःख शमनको लागि दिइएका उदाहरणहरु रोचक छन् । भगवान् बुद्धले भाषालाई ज्यादै महत्वपूर्ण मानेका छन् । संसारका विषयलाई बुझ्न आफ आफ्नै भाषा कामयावी हुन्छ सबैले बुझ्ने भाषा नै ज्ञान ग्रहणको लागि अत्युपयोगी हुन्छ भन्ने कुरालाई प्रमाण स्वरूप पालि मागधलाई नै भगवान्‌ले आफ्नो उपदेशको भाषा माने । यज्ञ होम आदि असमाजवादी क्रियाविधिहरु संस्कृत भाषाद्वारा गरिने भएकोले त्यस्तो क्रियाप्रति विरोध जनाउँदा स्वाभाविक रूपमा भाषाकै पनि विरोध जस्तो देखिन गएको थियो । त्यसैले प्रचार प्रसारका लागि भनी आफ्नो वचनलाई संस्कृत भाषामा आरुढ गर्न खोज्दा बुद्धले त्यसरी संस्कृत भाषामा आरुढ गर्नु आवश्यक छैन भनेको ज्यादै गहन कुरा हो किनकि भाषाले विषयहरूलाई आफ्नै संस्कृतितिर तान्छ । यसरी संस्कृत भाषालाई आवश्यकता नठान्नुमा भाषाप्रतिको साम्प्रदायिकता तथा हठीपन भन्न मिल्दैन किनकि भाषाको नाताले वादलाई नै खल्बल्याउन सक्ने अवस्था त्यो थियो । बुद्धले कसैले पनि अध्ययन गर्दा आफआफ्नो भाषामा अध्ययन गर्न छूट दिएका छन् । यसै सिलसिलामा बुद्धवादीले पालिभाषा नजान्नुको कारणले पनि बौद्धलाई पर्यन्त बुद्धवादमा भ्रम पर्ने भएको छ ।

बुद्धधर्म कसरी, कहाँ र कुन बेला प्रादुर्भाव भयो भन्ने इतिहास पत्ता लगाउन यस पुस्तकले सहायता गर्दछ । विभिन्न स्थानमा प्रचलित धर्मशास्त्र (बौद्ध) को विचार भाव उल्लेख गरिनु यस पुस्तकको विशेषता हो । पिटकलाई बुद्धधर्मको तथ्यताको आधार मानिन्छ भने पिटक नै पनि विभिन्न प्रकारले प्रकाशित भएको पाइन्छ । विभिन्न पिटकहरूको अध्ययन गर्दा यो थाहा हुन आउँछ कि पिटकहरु सबै चोखा छैनन् । पिटकमा पछि केही कुरा थपी हाँगाबिँगाको रूपमा रहन गएको हो भनी अभिधर्मपिटक पर्यन्तलाई दोषारोपण गरेको कुराले यस पुस्तकका कुराहरु ज्यादै तार्किक र अध्ययनशील उद्घोष हो भन्ने देखिन्छ । सुत्तहरु पछि पछि लेखिँदै गएको र भाणकहरूले आफूलाई मनपर्ने कुरालाई मान्ने र मन नपरेका कुरालाई नमान्ने गरेका छन् । यसले बुद्धवादमा विवाद आएको छ । त्यसैकारण महायान र थेरवादमा पनि झगडा जस्तो भएको देखिन्छ । महिला जगत्‌लाई उठाउनुपर्छ भन्ने बुद्धलाई स्वास्नी भनेको दासी जस्तो भएकी नै सबैभन्दा उत्तम छ भन्न लगाई हिन्दूकरण गरेको पाइएको छ । यो बुद्धवादप्रति ढक्का लगाउन खोज्नेहरूको धूर्तता हो । यस्तो



Downloaded from http://dhamma.digital

विषयमा यो पुस्तक ज्यादै चनाखो छ । 'म लोकमा उत्तम छु' भनी बुद्धद्वारा भन्न लगाएको कुराको खण्डन यसमा राम्ररी भएको छ । भगवान् बुद्ध अभिमानलाई हटाइसकेका व्यक्ति हुन् । उनबाट यस्तो अहंकारी वाक्य प्रयोग हुनु पत्यार लाग्दो छैन । यसरी पत्यार नलाग्दो कुरालाई हटाएर आफ्नो विचार प्रस्तुत गर्नु नै साँचैको बुद्धप्रतिको समर्थन हो । अन्धाधुन्द तारिफ गरेर असंभव व्यक्तित्वको बनाउनु बुद्धवादलाई धोपमा ढकेल्नु हो । यस मानेमा यस पुस्तकका लेखक बुद्धवादीका अगाडि ज्यादै प्रशंसनीय भएको ठान्दछु ।

जातिवाद मानवबीचको शोषणको प्रतीक हो । यसैले बुद्धले जातिवादको विरोध गरेका थिए । जातिवादको विरोध गर्दा ब्राम्हणहरूको विरोध हुन पुगेको छ । यो त स्वतः हुन गएको छ किनकि जातिवादका समर्थक र प्रोत्साहनका परिपोषक ब्राम्हणहरु नै थिए र बुद्धभन्दा पहिले जातिवादको मर्यादा थियो । यसरी यस पुस्तकमा बुद्ध प्रादुर्भाव हुनुभन्दा अघिका भारतीय सिद्धान्तहरूलाई अगाडि सारेर धर्मका बीच राम्ररी तुलना गरिएको छ । यस हिसाबले यो एउटा इतिहास र समालोचनाको पुस्तक भन्न सुहाउने भएको छ । भारतबाट पर चीन र ग्रीस आदि देशमा क्रान्ति भएको र विदेश वर्णन समेत समावेश गरी विभिन्न धर्मका क्रियाकलापलाई अघि सारिदिंदा बुद्धधर्ममा कुन कुन धर्मको प्रभाव परेको र कुन कुन धर्मको आचरणमाथि प्रहार गरेको हो भन्ने कुरा स्पष्ट हुन आउँछ ।

बुद्धधर्मावलम्बीले बुद्ध धर्म मात्र अध्ययन गर्ने गरेमा त्यस्तालाई बुद्धधर्मको वास्तविक सार बोध हुने हुँदैन । यसको सार बुझ्न पूर्वग्रन्थहरु पनि अध्ययन गर्नु राम्रो हुनेछ । यसरी अध्ययन गर्नाले बौद्धलाई साम्प्रदायिक हुनुबाट बचाउँछ । साम्प्रदायिक हुनुको कारण अन्य धर्मलाई नजान्नु हो । पिटक वाङ्मयमा आएको ब्राम्हणवाद अनुसार अग्निपूजा गर्नु, यज्ञ अनुष्ठान गर्नु र गंगानदीमा नुहाउनु आदि पुरानो ब्राम्हणवाद हो भनी बताइएको छ । हुन पनि आज नेपालमा चलेको गृहस्थी बुद्धवाद त्यसैको पृष्ठपोषक हो । यहाँ बौद्ध पुरोहित बज्राचार्यहरु आफूलाई ब्राम्हणकुलको भन्नमा गौरव मान्दछन् जब कि बुद्धले आफूलाई क्षेत्रीय कुलको भन्न चाहँदैनन् । बुद्धले जातलाई ब्राम्हण भनेको होइन, राम्रो र असल कर्म गर्नेलाई ब्राम्हण भनेका छन् । यसैले सच्चारूपमा ज्ञानी एका ब्राम्हणको बुद्धले तारिफ नै गरेका छन् । ब्राम्हणको परिचय गराएर धम्मपदमा छुट्टै ब्राम्हणवर्ग समावेश गरिएको छ । यहाँ लेखकले बर्मेली बुद्धवंशलाई मात्र आधार नमानी पालिपिटक र अर्थकथाहरूलाई अध्ययन गर्नुपर्छ भनी बुद्धको विचारधारालाई स्पष्ट पार्न खोजिएको ज्यादै निष्पक्षपूर्ण र पूर्वाग्रह रहित छ । बुद्धको कुल, वंश र गुणलाई विविधरूपमा मान्न सकिने तर्कहरु बडो खोजपूर्ण र अध्ययन मननको तिखरता रहेको भन्न सकिन्छ । २९ वर्षसम्म वृद्ध, रोगी र मरण भएकालाई बिल्कुल नदेखेको भन्ने तर्क पत्याउन गाह्रो छ भन्ने कुरालाई पनि यहाँ उल्लेख गरी यसलाई अध्ययनको विषय बनाइदिएको छ ।

बुद्धले आमाबाबुद्वारा मनाही गरिदागरिदै कसैलाई सुइँको नदिई दरवारबाट सुटुक्क निस्केको कुरा पिटकहरुमा पाइएको छ । यो उल्लेख ज्यादै विववरणपूर्ण छ । ब्राम्हण, क्षेत्री, बैश्य र शूद्रमा तल्लो वर्गकाले माथिल्लो वर्गकाको सेवा पुऱ्याउनुपर्छ भन्ने कुरा वर्णवादमा पाइन्छ भने म.नि. एसुकारी सुत्त अनुसार भगवान् बुद्धले आफ्नो फाइदा हुने भएमा जसले जसको पनि सेवा गर्नुहुन्छ भन्नुभएको छ भन्ने कुरा थाहा हुन्छ । यो भगवान् बुद्धको मानिस-मानिसका बीच श्रेणी विभाजन गर्नु उचित छेन भन्ने विचार हो । बुद्ध जीवनीका सबै कुरा त्रिपिटककै आधारका हुन् भन्ने धारणा भएकाहरूलाई स्पष्ट अवबोध हुने गरी ती कुराहरु कुनै जातककथा अनुसारका र कुनै अरु बुद्धधर्मसँग सम्बन्धित ग्रन्थहरुमा उल्लेख भए अनुसार बताइएका हुन् भन्ने कुरा औंल्याइदिएर सामान्यरूपका बुद्धधर्मका अनुयायीहरूका लागि जनाउ दिनु र महिला विषयमा विशेष



Downloaded from http://dhamma.digital

उल्लेख हुनु अनि शान्त दान्त बुद्धको स्वभावलाई प्रकट गरिदिनु यस पुस्तकको व्यावहारिक कुशलता हो । भगवान् बुद्ध शुद्धोदनको दरवारमा आउँदा सबैजना बुद्धकहँ गए भने यशोधरा एक जनाले यदि मसँग गुण छ भने बुद्ध स्वयं मकहाँ आउनेछन् भनी भनेको कुरा त्रिपिटकमा रहेको नभै जातक अर्थकथामा बताइएको कुरा यहाँ उदाहरण स्वरूप प्रस्तुत गर्नु योग्य हो । निरभिमान बुद्धलाई उनी आफूले गरेको कुरामा 'मैले गरेको भनाए पुग्नेमा 'म तथागतले' भनी उल्लेख गराइएको छ । यसले बुद्धलाई अहंवादीको रूपमा देखाए झैं भान हुन्छ । शायद यस्तो कुरा त्रिपिटकमा घुसाउनु कुनै चालबाजी त होइन र ! भन्ने लाग्दछ ।

बुद्ध धर्ममा अरू धर्ममा झैं आशीर्वाद र सराप दिनुको कुनै अर्थ छैन भन्नेको प्रमाण 'हाछ्यूँ' गर्दा 'जीवतु' नभन्नु भनेकोबाट पष्ट हुन्छ । बुद्धवादमा अनावश्यक गन्थनका विषय छैन । महासमुद्रमा एउटैमात्र नुनिलो रस भए झैं बुद्धवादमा दुःखबाट विमुक्त हुने एउटै मात्र रस छ । यसैले दुःखधर्मलाई देखी जानी भगवान् बुद्धले गृहत्याग गरेको हो किन्तु चार निमित्त देखेरमात्र होइन भन्ने कुरा यहाँ देखाइएको छ । आज यूरोपमा वर्षको ७० हजार र अमेरिकामा वर्षको २२ हजार व्यक्तिले आत्महत्या गरेका छन् र संसारका मानसिक अस्पतालमा वर्षेनी ६८ हजार रोगी रहने गरेको कुरा बताई आधुनिक जीवनसँग तुलना गर्नु भगवान् बुद्धको दुःखसत्यलाइ मानिसले आत्मसात् गर्न नसक्नु हो भन्ने देखाइएको छ । मरेपछिमात्र मुक्त हुन्छ भन्ने व्यक्तिहरू यस संसारमा धेरै छन् तर बुद्धवादको लक्ष्य मरणभन्दा अघि नै सुख साक्षात्कार गर्नुपर्छ भन्ने छ । बुद्धको 'अनात्मवाद' को अर्थ आत्मा छैन भन्ने कोरा अर्थ होइन कि आत्मा स्थिर छैन भनिएको हो । त्रिलक्षण अर्थात् अनित्य, दुःख र अनात्म हो । यसमा दुःख लाण अनित्य लक्षणमाथि आधारित छ र संस्कारधर्महरू अनित्य स्वभावको रहेको कारणले सारतत्व आत्मारहित भई विपरीत र विनाश हुनुपर्ने अवश्यम्भावी छ भनी लगाईको अर्थ सर्वसाधारणको लागि ज्यादै उपयोगी छ । यस विषयमा दिइएको व्याख्या ज्यादै राम्रो छ । अनात्मवादको पुष्टिको लागि उदाहरण दिंदा वजिरा स्थविराले दिएको रथको पांग्रा, ईषा, दण्डी र धुरी आदि जोडिएको चीज वस्तुलाई 'रथ' भनी व्यवहार गर्ने गरेको र पञ्चस्कन्ध नाम, रूप धर्म रहँदा सत्त्व भनी व्यवहार सम्मुति हुन्छ भन्ने कुराको जवाफको प्रचलित उदाहरण अर्थगम्य रूपमा यहाँ प्रस्तुत गरिएको छ ।

भगवान् बुद्धको परिनिर्वाण भएर धेरै वर्ष नबितदै १८ महागणमा छुट्टिएका कुनै पनि बुद्धवादीले आत्मवादलाई तिरस्कार गरेको कुरा साझा सिद्धान्त झैं भएको छ । यसले बुद्धको सिद्धान्तलाई अमर पारेको छ । हुन त तृतीय संगायनअघि अनात्मवादलाई तिरस्कार गर्नेहरू नभएका होइनन् तर उपनिषद्का आत्मवादलाई सकारेको पनि होइन । बरू नाम रूप धर्म समूहभन्दा बढी विशिष्ट पुद्गल हो सम भनेका छन् । पुद्गलवाद विस्तार विस्तारै लोप भई अनात्मवादलाई स्वीकारेको कुरा सारगर्भित छ तापनि आजका बुद्धवादीहरू सबै अनात्मवादी नै हुन् भनी भन्न नसकिने कुरा यहाँ बताइएको छ, यो आजको नयाँ विचारको सृजना हो । पालिपिटकमा आएको अनात्मवादलाई अस्वीकार गर्ने पश्चिमी विदूषी Mrs. Rhys Davids को विचारलाई स्पष्ट गरी उल्लेख गरिएको हुँदा यस विषयमा यस पुस्तकको ठूलो महत्व बढ्न गएको छ । समूचारूपमा विचार गर्ने हो भने यस पुस्तकलाई बुद्धधर्मको भाष्य हो भन्न सकिन्छ ।

ब्राम्हणहरूको जातिवाद र यज्ञ अनुष्ठान आदिलाई निन्दा र उपहास गर्नु बुद्धवादका ठूला विशेषता होइनन् र बुद्धवादको मुख्य विशेषता त आत्मालाई तिलाञ्जली दिनु हो भनिएको कुराले सानातिना आलोचना गर्दैमा बुद्धवादी होइन भन्ने कुरा साह्रै चुनौती पूर्ण छ । त्यसरी नै ब्राम्हणवादले भगवान् बुद्धको आलोचना नगरेका होइनन् तर सबै आलोचना सही नै हुन्छ भन्न सकिन्न । मलाई लाग्छ यसको मतलब आलोचनामात्र



Downloaded from http://dhamma.digital

गरेर हुँदैन अपितु मानिसले व्यवहारमा उत्रनुपर्दछ र सबैको मनलाई जित्नु पर्दछ भन्ने आशय हो । सूर्य अस्ताउने पनि होइन, उदाउने पनि होइन, त्यो त पृथ्वी घुम्दा उदाए अस्ताए जस्तो देखेको मात्र हो । तैपनि हामी सूर्य उदायो र अस्तायो भन्छौं । त्यसरी नै बुद्धले उपदेश दिने तरीकालाइ लिएर बुद्ध आत्मवादी नै हुन् भन्ने गरेका हुन् भन्ने जस्तो उदाहरण उल्लेख गर्नु अनात्मवादका हिमायती हुन् भन्ने कुरा दर्शाउनु यसको विशेषता हो । आजका मानिसहरु भगवान् बुद्धले बुद्धधर्म प्रतिपादन गरेको होइन, यो अतीतका तथागतहरूका पालादेखि चल्दै आएको हो भन्ने कुरा उल्लेख गर्दैनन् । वास्तवमा बुद्ध स्वयंले अतीतका बुद्धहरूको कुरा गरेका थिए ।

अनात्मवाद एउटा जटिल विषय हो । यसलाई बुझ्न ज्यादै गाह्रो छ तर अनित्यबोध हुनेका लागि भने यस विषयमा सम्झन सजिलो हुन्छ । यस विषयमा विज्ञानका कुरालाई अगाडि सारेर स्पष्ट पार्न पश्चिमी दार्शनिकहरु बर्ट्रेण्ड रसेल र हेनरी बर्गसन आदि विद्वान्हरूको विचारलाई उद्धृत गरी अगाडि बढेको कुराले वास्तविक रूपमा बुद्धको अनात्मवादको पुष्टिमा टेवा मिल्न गएको छ । बुद्धवादका कुरामा दर्शनाचार्यहरूको दृष्टिकोणलाई मात्र कदर गरेको नभै साहित्यकारहरु जस्तै नाटककार र उपन्यासकार आदिलाई पर्यन्त यस विषयमा ज्ञानभूमि मानेको छ । यो लेखकको चौतर्फी दृष्टिकोण हो । यसरी आत्मवाद मानिसको अभिमानमात्र हो, अनात्मवाद विज्ञानसम्मत पनि छ भनी ज्यादै राम्रो उदाहरण पेश गरिएको छ । अंग्रेजी दार्शनिक David Hume को विचार पालित्रिपिटकमा आएका कुराहरूसित एकनास हुनु अचम्मलाग्दो मान्ने लेखकले बुद्धवादलाई एशियाबाट विश्वमा नै व्यापक र वैज्ञानिक भएको सिद्ध गर्न प्रयास गरेको छ । निदाउँदा चित्तसन्तति रोकिरहेको अवस्थामा आफ्नो व्यक्तिगत विषयलाई केही पनि नजानिएको उदाहरण पेश गरी अनात्मवादलाई पुष्ट्याउन खोजेको Hume को विचार साधारण भए पनि तर्कपूर्ण छ । जन्मजात चित्त र अभ्यास एवं आचरणको कारणले उत्पन्न हुने चित्तको प्रभावकारिता यहाँ बेजोड किसिमले बताइएको छ । मानिसलाई चिन्ने सबैभन्दा ठूलो माध्यम (उपाय) नै त्यसको चित्तलाई थाहा पाउनु हो भन्ने कुरा सामान्यतया सबैलाई थाहा भएर नै मानिसको चित्तवृत्तिलाई देखेर मानिसहरु छक्क पर्छन् र तारीफ तथा आलोचना गर्छन् । यी विषयलाई हल्कासाथ बताएर पनि मानिसलाई प्रभावित पार्नु यस पुस्तकको अर्को विशेषता हो । विज्ञानको ठोस ज्ञान बुद्धको समयभन्दा धेरै पछि भएको कुरा सर्वसम्मत छ, किन्तु बुद्धले उसबेला नै विज्ञानलाई चिनाइसकेको कुरा आज आएर स्पष्ट हुन आएको छ । यस उसले बुद्धका प्रत्येक विचार आजको विज्ञानसम्मत देखिनुमा बौद्धहरूहरूलाई गौरव लाग्ने कुरा भएको छ । विज्ञानको संसार छायासंसारमात्र हो किनकि वैज्ञानिकहरूले बाह्यसंसारको छायाँलाई मात्र देख्न र जान्न पाउँछन् भनी ग्रीक दार्शनिक प्लेटोको ग्रन्थबाट उद्धृत गरी दिइएको गुफाभित्रका राजबन्दीहरूले देख्ने अगाडिको दृश्यलाई उदाहरण बनाई पालिका कुरालाई औल्याएर बुद्धका कुरा विज्ञानसम्मत रहनु आजको युगको समेत प्रतिनिधित्व रहनु हो भनेर समर्थन जनाएको भएता पनि विज्ञानभन्दा परका यथार्थहरु पनि बुद्धका उपदेशका विषय हुन् भनी यहाँ देखाउन खोजिएको छ । Paul Carus ले बुद्धवाद निराशाजनक नास्तिकवाद होइन भनेका छन् । यो 'शान्ति' भनी कोहीसँग झगडा नगर्नु निराशावाद होइन वास्तविक बुद्धवाद हो भनी उनको विचार यहाँ उल्लेख गरिएको हुनुपर्दछ । हिन्दूधर्मको अति प्रभाव भइरहेको एशिया महाद्वीपमा आत्म र अनात्म आदि विषयमा यहाँ हिन्दू धर्मसँग ठाउँ ठाउँमा तुलना गरिएको छ, यो बुद्धवादलाई बुझाउन ज्यादै उपयोगी भएको छ ।

पञ्चस्कन्ध आत्मवादको निमित्त आधार भरोसा नभएको कारणले बुद्धले त्यस कुरालाई विशद व्याख्दा



Downloaded from http://dhamma.digital

गरेका हुन् । दुःख पनि नभएको, सुख पनि नभएको वेदनालाई बुझ्न सजिलो छैन । भगवान् बुद्धले ३६ भन्दा बढी प्रकारका वेदनालाई लिएर उपदेश गरेका छन् । माथिल्ला तहका व्यक्तिले तल्ला तहका व्यक्तिमाथि माया दया राख्ने कुरा धेरै ठाउँमा पाइन्छ तर समान तह भएका मानिसले परस्परमा राख्नुपर्ने माया दयालाई यहाँ कोट्याएर सम्झाउने गरिएको छ । संस्कार पनि एउटा धर्म नै हो । यो एक प्रकारले शोधन, प्रबन्ध र व्यवस्था गर्ने धर्म हो । ३ प्रकारका संस्कारमध्ये श्वास प्रश्वास आदि शरीरसँग सम्बन्ध राख्ने 'कायसंस्कार', विचार, निरीक्षण र परामर्श हुने वचीसंस्कार र संज्ञा र वेदनाको विचार सहित चित्तसित सम्बन्ध हुने चित्तसंस्कार हुन् । यी संस्कार सहितका मानिसलाई शोधन, प्रबन्ध र व्यवस्था गर्ने अध्यात्मधर्म र बाह्यधर्मलाई यहाँ बुझ्नु योग्य छ । बुद्धवादमा कर्मनियाम र भवसंसार आदि धर्महरु जतिसुकै कारण युक्तीले परिपूर्ण छ भनिए तापनि यसलाई वैज्ञानिक विधिद्वारा हातले समाती प्रत्यक्ष प्रदर्शन गर्न असम्भव भएको कारणले विश्वासद्वारा स्वीकारी आचरण गर्नुपर्ने यी धर्महरु हुन् । जस्तै, जहाजद्वारा यात्रा गर्दा र डाक्टरसँग औषधी गर्दा विश्वास नगरी हुन्न । यो ज्यादै मननीय कुरा हो । बुद्धवाद आत्मालाई नमान्ने भएता पनि नास्तिकवाद होइन भन्ने कुरा अगाडि नै भनिसकिएको छ । बुद्धकालीन मानिसहरूले मुटुलाई चित्तको आधारस्थल रूपमा राखी यसलाई सम्झिराखेको हुँदा यस विषयमा भगवान् बुद्ध मौन रहनुभएको हो । कारण, बुद्धले मानिसको धारणालाई स्वीकार्नु हुन्न तर आफ्नो धारणालाई अगाडि राखेर उपदेश गरेको खण्डमा मानिसले पनि स्वीकार्ने छैन भनी भगवान्को मौन रहनुको मुख्य कारण यहाँ गहिरो प्रकारले बताइएको छ ।

बुद्धले प्रतिपादन गरेका कुराहरु सबै उपनिषद्मा पहिल्यै व्याख्या भइसकेको भनी बुद्धधर्मलाई नयाँ र छुट्टै प्रकारको धर्म नठान्नेहरु पनि छन् । जस्तै, 'तृष्णा' वृहद् आरण्यक उपनिषद्मा उल्लेख भएको विषय हो तर बुद्धले त्यसलाई चिरफाड गरी विशद व्याख्या सहित आफ्नै ढंगले प्रतिपादन गरेर मानवसमक्ष यथार्थरूपमा राखेको कुरा कम मनन योग्य छैन । तृष्णा नै दुःखको कारण हो भन्नु नै यसको सारांश हो । बुद्धवादलाई नरूचाउने केही पश्चिमी राष्ट्रका नागरिकहरूले मानिसलाई तृष्णा र लोभलाई प्रहाण गर्ने प्रेरणा दिनु मनुष्यसंसारलाई उन्नति र वृद्धि गनृ विघ्न बाधा पुऱ्याएको हुँदैन र ? भनी सोध्छन् । तिनीहरूको त्यो तर्क प्रत्येक मानिसले मासु खान छोड्यो भने अन्तमा यस संसारमा तिरश्चीन पशुको संख्या बढी मनुष्यलोकलाई विनाश गर्दैन र ? भनी पशुको हत्या गरी मासु खान चाहनेले दिने तर्क जस्तो र प्रत्येक मानिस भिक्ष भएमा अन्तमा मनुष्यको वंश परम्परा छिन्न भएर जाँदैन र भनी कामगुणप्रति ममता राख्ने व्यक्तिले दिने जस्तो कुरा हो भनी त्यस्तालाई कुतार्किक ठहऱ्याएर बुद्धवादप्रति प्रतिरक्षा गर्न खोजिएको यो विषय साह्रै बुद्धिमत्तापूर्ण छ । यस्तै मानिसले कुनै चीजको आशा राखी कार्य गरेको होइन । पछिल्तिरबाट कुनै चीजले घचेटेको कारणले मात्र कार्य गर्दछ । त्यसरी पछिल्तिरबाट प्रेरणा दिने विषय प्रतिसन्धिदेखि गाभिएर आएका आशाछन्दहरु हुन् भन्ने जुन धारणा यहाँ व्यक्त गरिएको छ, यो विकार हटाउन सके मानिस साँचैको मानिस भई मानवीय सुखभोग गर्न समर्थ हुन्छ भनेर मानिसलाई चोख्याउन खोजिएको हो । मानिसले मर्नुपर्छ तर पनि कीर्ति राखेर अमर हुन चाहन्छन्, त्यसो गर्नु मानिसको अस्तित्व मेटाउने यमराजलाई अमरत्वको हाँक दिएको भनी जुन तर्क दिइयो यो एउटा पुरातनवादीको अगाडि नयाँ मोडको विचारधारा हो ।

बुद्धवाद अनुसार शील नै सबै थोक होइन । यो एउटा निर्वाणयात्राको मार्गमा विश्रामस्थलमात्र हो किनकि देश, काल र परिस्थिति अनुसार शील फरक फरक हुन सक्छ । यो बुद्धवादलाई टेवा दिने साह्रै



Downloaded from http://dhamma.digital

नै प्रगतिशील विचारधारा हो । एउटै मात्र सिद्धान्तमा लाग्दा त्यसमा अरूतर्फको विकास हुँदैन । यही सिद्धान्तमात्र ठीक छ अरु सिद्धान्त निरर्थक हो भन्नु उचित छैन । यो विचार पालित्रिपिटकको विशेषता अनि उदारता हो । भगवान् बुद्धको अनातमधर्मलाई नबुझ्ने व्यक्तिले जातककथाको जन्म सम्बन्धी कथाहरूलाई आधार लिई बुद्धले उपदेश गर्नुभएको भवसंसार अन्य भारतीय धार्मिक वादहरूको भवसंसारसँग एक समान छ भनी गलत धारणा राख्ने सम्भावनालाई अगाडि सारी बुद्धवादको भवसंसार अन्य भारतीय धार्मिक वादहरूको भवसंसारसित भिन्न छ भन्ने उल्लेखले बुद्धवादलाई थाहा पाउन सबैलाई कुत्कुती लगाउँछ । बौद्ध साहित्यमा यो एक नयाँ पुस्तक थप भएको छ ।

पुनर्जन्म तिरश्चीनबाट मानिस र मानिसबाट तिरश्चीनमा पर्ने कुरा ज्यादै जटिल भई बुद्धवादीहरु ज्यादै अलमलमा परेका छन् । यसलाई भगवान् बुद्धले पनि स्पष्टतया बताउनु नभई मौन धारण गर्नु भएको देखिन्छ । भवसंसार गम्भीर भएको कुरा बुद्धले पनि सकारेका छन् । यो नै बुद्धको बुद्धवाद हो । यस विषयको निर्णयलाई सानातिना प्रश्न र उत्तरमा टुंग्याउन सकिंदैन । पुनर्जन्मलाई मान्ने र नमान्ने खालका विद्वान्हरूको नाम समेत उल्लेख गरी यस पुस्तकले लेखकको गहिरो अध्ययनको प्रमाण प्रस्तुत गरेको छ । यसले बुद्धको पुनर्जन्म सम्बन्धी विषयमा त्रिपिटक जटिल भएको स्पष्ट छ । प्रज्ञावानलाई र साधारण व्यक्तिलाई भगवान् बुद्धले ऋतु अनुसारको हावा पानी झैं आफ्नो उपदेशलाई बनाउनु भएको छ ।

बर्मामा (म्यान्मा:) माताहरूलाई देव-साधन गराई मृतकहरूसँग पुनर्जन्म विषयको सोधपुछ गर्ने गरिन्छ । त्यस्तै मरेकाको जीउमा प्राण प्रवेश गरी देखाउने पनि गर्छन् । यसले परलोक छ भन्ने धारणा राख्नेका लागि बल दिन्छ । यो परम्परागत विषय अध्ययनको विषय छ ।

भवसंसार, पालिपिटक, आत्मा-अनात्म, परलोक, मृत्यु, रूपवाद, जैनसिद्धान्त, उपनिषद र विज्ञानवादको मन्थन स्वरूप तर्कवितर्कलाई अघि सारेर बुद्धवादलाई आफ्नो विचार सहित व्याख्या गरिएको यस पुस्तकका लेखकलाई यो एउटै पुस्तकले परिचय गराउन सामर्थ्य राख्दछ । मलाई विश्वास छ यस पुस्तकले धेरैलाई बुद्धवादतिर आकर्षित गर्दछ र यो पुस्तकले त्रिपिटकले जस्तै प्रसिद्धि पाउनेछ ।

पुस्तक अमूल्य छ । यसलाई अध्ययनशील व्यक्ति समक्षसम्म पुऱ्याउने दायित्व नेपाली बुद्धवादीहरूमा छ । यो पुस्तकको अर्को संस्करण छापिंदा अहिले रहेका भाषागत अशुद्धीलाई सच्याउन ठूलो होश पुऱ्याउनु आवश्यक छ । प्रिण्ट मिस्टेक भएको कममात्र देखिन्छ भने प्रुफ रिडरको बेहोशी नै यसमा देखिएको छ । शब्दहरूमा प्रगाढ हुनुपर्नेमा प्रगाध, तोकिएको सट्टा तोकिएको, वर्तमान हुनुपर्नेमा वर्तमान, गौरवको गौरव, अनुदितको अनुदित, अनुसरणको अनुशरण, आरूढको आरूढ, लेऊको लेउ, आसक्तिको आशक्ति, सूक्ष्मको शूक्ष्म आदि शब्दहरु अशुद्ध छापिन पुगेका छन् । कुनै कुनै शब्द पालि शब्द भएकोले नेपाली शब्द अनुसार अशुद्ध जस्तो देखिने पनि छन् जस्तो पालिका शुद्ध बुद्धवंश नेपालीमा बुद्धवंश हुन्छ । जोड्नुपर्ने ठाउँमा नजोडिएका पनि छन्, जस्तै स्वीकार्नु पर्नेछ, वैशाख पूर्णिमा, पर्ने छ आदि ।

पूर्णविराम नराखिकनै शुरु गर्नुपर्ने 'तर' र 'किनभने' बाट शुरू भएका वाक्यांश रहेका छन् । गरिरहनुपर्दछ, देख्नु भएकै होला, सकिन्छ आदि एकवचनका रूपलाई 'छन्' गरी बहुवचन गरिएका छन् । प्रिण्ट मिस्टेक वा सामान्य अशुद्धीमा विश्वको विश्व हुनु, सुनको सून हुनु, निम्न विसर्ग पर्न जानु, सम्राट, आयुष्मान्, भगवान् आदिमा खुट्टा नकाटिनु, 'पछि' कहीं जोडिनु कहीं नजोडिनु, कही उपरोक्त कहीं उपर्युक्त



Downloaded from http://dhamma.digital

हुनु, भाई भनी दीर्घ लेखिनु, जस्तोको जस्ती र आएकोको आएकी, अशोककाको अशोकको लेखिनु आदि छन् । यस्तै अरु पनि छिटपुट ठाउँहरु देखिन्छन् । यस पुस्तकमा प्रयोग गरिएको कागज ठिकैको छ र छपाइ राम्रो छ ।

यो पुस्तक नेपाली समाजमा नेपाली भाषामा प्रस्तुत हुनुमा यसका अनुवादक विद्वान् भिक्षु ज्ञानपूर्णिक महास्थविर ठूलो प्रशंसाका पात्र हुनुहुन्छ । स्व. भिक्षु अमृतानन्दद्वारा नेपाली साहित्यभण्डारमा बौद्ध साहित्यको अभाव पूर्ति गरिएको छ भने यो एउटैमात्र पुस्तक पनि नेपाली साहित्याकाशमा एउटा चम्किलो तारा भएर थप हुन पुगेको छ । यस प्रकारको पुस्तक नेपाली साहित्यमा हुनु सायद यो पहिलो हुन सक्छ । विषय चयनमा महास्थविरज्यू ज्यादै बेजोड व्यक्तित्वको हुनुहुन्छ । कुनै पनि कुरा पूरा हुँदैमा पुग्दैन गहकिलो हुनुपर्दछ भन्ने वहाँको विचारसँग म परिचित छु । पुस्तक वा कुनै आर्टिकल प्रकाशित भएर मात्र पुग्दैन भाषा शुद्धी समेत हुनुपर्दछ भन्ने वहाँको स्तरीयता चाहना अनुकरणीय छ । वहाँले कृपापूर्वक दिनुभएको औसरले बुद्धवाद जस्तो गहन विषयलाई पाण्डुलिपि छँदै अध्ययन गर्न पाएको छु । यो पुस्तक आद्योपान्त हेर्दा धेरै लाभान्वित भएको छु । यस कुरामा म श्रद्धेय भन्तेप्रति ज्यादै आभारी छु । वहाँबाट यस्ता सुकीर्तिका कार्यहरु हुँदै रहनेछ र म पनि सदा त्यसमा सहभागी हुँदै रहन पाउनेछु भन्ने आशा पनि लिएको छु । भगवान् बुद्धको बुद्धवादप्रति समर्पित हुन सदाशय व्यक्त गर्दछु ।

**ये धम्मा हेतुप्पभवा; हेतुं तेसं तथागतो आह ।**
**तेसं च यो निरोधो, एवं वादी महासमणो ॥**

**सुवर्ण शाक्य**
ॐ बाहाल टोल, काठमाडौं
बु.सं. २५३५ आषाढ संक्रान्ति
ने.सं. ११११ तछलाथ्व ३
वि.सं. २०४८ आषाढ १
ई.सं. १९९१ जून १५

Dhamma.Digital



Downloaded from http://dhamma.digital




# कर्म र मनुष्य

## मन्तब्य

कर्म र मनुष्य एक अर्काको पूरक शब्द हुन् । यो संसारमा विना कामको मानिस हुँदैन भने मानिस विना मानिस मानिसले गर्ने काम पनि त हुँदैन । प्रत्येक व्यक्तिको कुनै न कुनै काम हुन्छ नै; चाहे त्यो राम्रो होस् चाहे नराम्रो । मानिसले जन्मेदेखिन् काम गर्न शुरू गरिहाल्छ । रूनु, कराउनु, हाँस्नु, खानु पनि काम नै हुन् । शरीर, वचन र मनले गर्ने सबै क्रियाकलापहरू काम नै हुन् । मानिस मात्र होइन सारा चराचर जीवहरूले पनि काम गर्छन् । त्यति मात्र होइन, यी निर्जीव वस्तु प्रकृतिले पनि आ-आफ्नो काम गरिरहेका हुन्छन् । तर कर्म र काममा केही भिन्नताहरू छन् । मानिसले गर्ने सबै काम कर्म होइन तर सबै कर्म काम नै हुन् ।

मनुष्यले गर्ने कार्यहरू तीन प्रकारका छन्– (१) शरीरले गर्ने शारीरिक काम (२) मुखले गर्ने वाचिक काम र (३) मनले गर्ने मानसिक काम । यी तीन थरीका कार्यहरूमा मानिसक कार्य सबभन्दा बलवान् हुन्छ । किनकि शरीर र वचन मनका दास हुन् । हुन त शरीरको आफ्नै स्वाभाविक ाम । जस्तै आँ खा झिमझिम गर्नु, स्वास फेर्नु, नसाहरू चल्नु, मुटुको ढुकढुकी आदि । शरीर र वचनको स्वाभाविक कार्यलाइ्र कर्म भनिंदैन । केवल मनले निर्देशिचत गरेका शारीरिक् र वाचिक कार्यलाई नै कर्म भनिन्छ । त्यसैले भगवान् बुद्ध भन्नुहुन्छ–

'चेतनाहं भिक्खवे कम्मं वदामि ।' अर्थात् 'भिक्षुहरू ! म चेतनालाई कर्म भन्दछु ।'

"मनो पुब्बङ्गमा धम्मा-मनो सेट्ठा मनो मया" जुनसुकै अवस्थामा पनि मन नै अग्रगामी हुन्छ, त्यसकारण मन नै मुख्य हो, मनले नै सर्ब व्याप्त भइरहेको छ ।

बुद्ध धर्ममा कर्म भनेको यहीबाट शुरू हुन्छ । यी मनबाट चिताएर गरिने कर्महरू पनि दुई प्रकारका छन्–

१. कुशल कर्म
२. अकुशल कर्म

कुशल र अकुशल कर्मको परिणाम बारे भगवान् बुद्ध भन्नुहुन्छ- "मनसा चे पसन्नेन, भासति वा; करोति वा, ततो नं सुखमन्वेति, छाया व अनपायिनी" राम्रो नियतले कुरा वा काम गर्ने व्यक्तिमा आफ्नो शरीरको छाय पछि पछि आए झैं सुख पनि पछि पछि आउने छ ।

"मनसा चे पदुट्ठेन, भासति वा करोति वा; ततो नं दुक्खमन्वेति, चक्कंव वहतो पदं ।" खराब नियतले कुरा वा काम गर्ने व्यक्तिको पछि पछि गाडा तान्ने बैलको पछि पछि गाडाको चक्का गुड्दै आए झैं दुःख पनि पछि पछि आउने छ ।



Downloaded from http://dhamma.digital

त्यसैले असल काम गरेमा फल पनि असल नै र.खराब काम गरेमा फल पनि खराब नै पाउने छ । यही कुरामा विश्वास गर्नु नै एक प्रकारको सम्यग्दृष्टि हो ।

पुब्बण्ह सुत्त छखे बुद्ध, धर्म व संघया गुणानुस्मरण याना भिंतुना तःगु शुद्ध कथं परित्राण खःसा, मेखें अबलेया मनूतय्गु संस्कारयात क्यना तःगु नं खः । दुर्निमित्त, अवमंगल, मयःपिं भंगःतय् सः न्यने म्वालीगु, पापग्रह, दुस्वप्न बुद्धानुभावं विनाश जुयेमा, धर्मानुभावं विनाश जुयेमा व संघया आनुभावं विनाश जुयेमा धका सूत्रया प्रारम्भय् हे मनंतुना तःगु दु । निश्रयय् थुगु सूत्रया गाथात गुकथं गुकथं बुद्धद्वारा देशित गाथा ख, अले गुगु गुगु सूत्रत आचार्य प्रणीत गाथा खः धका क्यना तःगु दु । यःगु थःजु, थुगु सूत्रय् दुःखीपिं निदुःखी, शोकिपिं निशोकी भयभीतपिं निर्भयी जुयेमा धका भाःपिसे अनुमोदनया आशा याये धुंका दान श्रद्धापूर्वक बीगु, शील न्ह्याबलें रक्षा यायेगु, भावनाय् अभिरत् जुयेत सत्प्रेरण बिया तःगु दु । लिसें सकल बुद्ध, प्रत्येक बुद्ध व अर्हत्पिनिगु आनुभावं रक्षा जुयेमा धका रक्षा बन्धन तया तःगु जुल । उलि जक मखु बुद्ध, धर्म व संघ लिसें ब्याक्क देवतानुभावं समेतं रक्षाया कामना याना तःगु थुगु सूत्रय दु । अन्तय् हानं बुद्धया पारमिता गुण धर्म निसेंया पुण्य कार्य लुमंका बुद्धया चर्या लुमंका सुनक्षत्र सुमंगल सुप्रभात प्रत्येक क्षण सुर्मुहूत जुयेमा धका शरीर कर्म, वचीकर्म व मनोकर्म ब्याक्कं उन्नति वृद्धिया कामना याना तःगु दु । थुगु निश्रयय् थन भीसं अनेक कथात्मक व्याख्या उदाहरण बिया तःगु मखना । अले निश्रयया निगमन लिसें प्रज्ञाविद्पिंके अभिप्राय भंग मयायेत अनुरोध याना करूणा मैत्री बृद्धि यासें भिंगु चेतना व भिंगु प्रार्थना याना निश्रय क्वचायेका तःगु दु ।

वस्तुतः परित्राणया न्हूगु निश्रय सफू नेपाःया श्रद्धालुपिनि निंतिं परित्राण बारेया दुग्यःगु अर्थ, भाव व तात्पर्य जाःगु ग्रन्थरत्न हे जुल । परित्राणय् थुगु सिबे अप्वः विस्तृत कथं आःतक चर्चा जूगु मदुनि । अभ्र जित ला थथे नं मती वं थुलि गम्भीर व्याकरण दृष्टि शब्द अर्थ भेद समेतं ख्याल तया परित्राणया अध्ययन व मनन नेपाःया श्रद्धालुपिं मध्ये आपालंसिनं याये हे फइ मखुनि ला ! सफूया दुगु पौल्याः आदि धाःसा नेपाःया पाठकपिंत मखु, बर्मी पाठकपिनि निति हे जक उपयोगिक बिषय खः । शायद अनुवादकयात नेपाःया पाठकपिंत छि कथं पालि त्रिपिटक (नालंदा प्रकाशन) या जक ग्रन्थ लिसे पृष्ठ पंक्ति हिला छ्वयेगु सम्भव मंत । गुलि पौल्याः त्रिपिटक ग्रन्थयागु जक मजुया थथे याये नं मछिन जुयेमाः । अर्थ नं थुगु विषयय् छुं



Downloaded from http://dhamma.digital

विकल्प दुगु जूसा पाठकपिंत ब्वनेबले भाव तोफिके माली मखुगु जुइ । अले नेपाल भाषाया सप्तमी विभक्तिया प्रचलित प्रयोग विविधतां नं गनं गनं रसानुभवय् बाधा बिया च्वंगु दुथें ताया । यःगु थःजु, नेपाःमि श्रद्धालुपिंत परित्राणथें जा गु सफूया खुसः पृष्ठया शब्दार्थ, भावार्थ, तत्वार्थ व अभिप्रायार्थ समेत बिया अनेक उदाहरण बाखँ त्रिपिटक प्रसंग प्रमाण बिया तःगु थुगु ग्रन्थया अनुवाद कार्य व प्रकाशन स्वयं छगू ऐतिहासिक घटना खः । दुःख, कष्ट व पीडा मुक्ति यःपिंत बीगु लिधंसा "परित्राण"या छगू तःधंगु देन खः । उकिं अनुवादकया अभ्यस्त अथक शुद्ध श्रम अनुवाद प्रकाशनया ग्वाहालि बुद्ध धर्म ग्रन्थया क्षेत्रय् सकसिनं हे मबिसें मगाःगु साधुवाद विषय खः सकसिंगु साधुवाद लिसें च्वना जिगु नं अनुवादक व प्रकाशकप्रति आपालं आपालं साधुवाद दु ।

**भिक्षु सुदर्शन**
श्रीकीर्ति विहार, कीर्तिपुर. यैं, नेपाल ।
कौलाथ्व ११, ने.सं. १११३ बुधबार



Downloaded from http://dhamma.digital




# महान धर्मचक्र सूत्रोपदेश

## भूमिका

शाक्यमुनि बुद्धं दकसिबे न्हापां धर्मप्रवर्तन ऋषिपतन मृगदायय् वाराणसी याना बिज्याःगु खः । त्रिपिटकया सुत्तपिटकयागु संयुक्तनिकाय महावग्ग सच्चसयुत्तय् **धम्मचक्कप्पवत्तनसुत्त** नामं व विनयपिटकया महावग्ग पालिस महाखन्धकय् **धम्मचक्कप्पवत्तन** नामं वया च्वंगु दु । जिनमहानिदानं धयागु पालिभाय्या बुद्धया अभिनीहार निसें परिनिर्वाण तकया निदानकथाय् (गुकियात **बुद्धचरितं** नं धाः) धया तःकथं वसपोल कासिपुरय् दकसिब न्हापां धर्मचक्र प्रवर्तनया निंति बिज्याःगु खः । (धम्मचक्कं पवत्तेतुं; गच्छामि कासिनं पुरं । अन्धीभूतस्मिं लोकस्मिं, आहञ्छं (आहञ्ञिं) अमतदुन्दभिन्ति) थ्व न्यना दकसिबे. न्हापां 'यं किञ्चि समुदयधम्मं सब्बन्तं निरोधधम्मन्ति' धका आयुष्मान कोण्डञ्ञयात आषाढया प्रतिपदाखुनु (आसाल्हमासस्स पाटिपददिवसे) विरज वीतमल धर्मचक्षु उत्पन्न जूगु खः । थ्व घटनायात **बुद्धवंस**-य्. उल्लेख जुयाच्वंगु दु, 'धम्मचक्कं पवत्तयिं' (धर्मचक्र प्रवर्तन याना); **महावंशय्** 'वाराणसी थ्यंका अन धर्मचक्र हीकुगु अन हे वर्षाकालय् च्वना बिज्यासे ख्वीम्ह (अनुयायीपिन्त) अर्हत् याना बिज्या बिज्यात' धयागु उल्लेख दु ।

**जातकट्ठकथा** कथं बुद्ध पञ्चवर्गी भिक्षुपिं वाराणसी मिगदाय च्वं च्वंथाय् आषाढ पुन्हीखुनु **सायण्ह समये इसिपतने** थ्यंकः बिज्याःगु खः । थन **पञ्ञत्तवरबुद्धासने** फेतुना बिज्याना **उत्तरासाल्हनक्खत्तयोगे** बुद्धं **धम्मचक्कप्पवत्तनसुत्त** देशना याना बिज्यात । **ललितविस्तर-य्** वाराणसी लिक्कच्वंगु ऋषिपतनया मृतदावय् पञ्चभद्रवर्गीययात हे धर्मदेशना याना बिज्याःगु खः । थ्वयात तथागतया मध्यमा प्रतिपदा देशना धया बिज्यागु दु । ललितविस्तरया नीखुगूगु अध्यायय् थ्वयात **धर्मचक्र प्रवर्तन परिवर्त** धका धया तःगु दु ।

बुद्धचरितया संस्कृत भाषाया महाकाब्य पूर्व बुद्धचरित महाकाव्य भिंप्यंगू सर्ग क्वचाइ च्वंगु दुसा उपलब्ध अनुदित भाषाया बुद्धचरित्र महाकाव्यय् भिंन्यागूगु सर्ग **धर्मचक्र प्रवर्तन** खः । थ्व हे सर्गया शब्दय् धाःसा बुद्धत्व प्राप्तिं लिपा (शाक्यं) मुनिं कोशगृहया दुने.या भागथें काशीनगरीयात खंका सृगदावय् बिज्यात थन सिमासिमाया दथुइ महर्षिगण च्वं च्वंगु दुसा कोयलया सः थ्वयाच्वंगु खः । बुद्धं निगू अति मार्ग तोता प्रीति-सुखं उखेयागु दुःख-अन्तया मध्यम मागं अष्टांगिक मार्गया उपदेश बिया बिज्यात ।

बुद्धया जीवनी व धर्मचक्र प्रवर्तन सूत्र कथं धर्मचक्र प्रवर्तन सूत्र बुद्धयागु न्हापांगु न्ह्यथने बहःगु, उपलब्धिमूलकगु व पूवंगु धर्मदेशना खः । तर अथे नं थ्व सूत्र सूत्रपिटकया न्हापांगु निकाय दीघनिकायय् न्हापांगु सूत्र जुया च्वंगु मदु । स्वंगूगु निकाय संयुक्त निकाय महावग्ग सच्चसंयुत्तय् तिनि **धम्मचक्कप्पवत्तन सुत्त** वइ च्वंगु दु ।

नेपाल भाषाय् भिक्षु अनिरूद्ध महास्थविरयागु शब्दार्थ व भावार्थ सहित बु.सं. २४९२ स सफूया कथं दकसिबें न्हापां घ्याना सफूतिं पिहाँ वःगु खः । थुगु सफूया अनुवादक भिक्षु ज्ञानपूर्णिक महास्थविरया नं बु.सं.



Downloaded from http://dhamma.digital

२५१४ स "धर्मचक्र सूत्र" नामं सूत्र पिदने धुंकूगु दु ।

फ्रांसीसी पण्डित सेनार्टया विचारय् **इसिपतन** ऋषिपतन वाऋषिवदन नं जुये फु । **"इसिपतन"** शब्दया "प" आख "व" "त" आखःया "द" नं जुइफु धका प्राकृत नियमं क्यं । "प" व व"व" वथें हे "त" व "द" आखःया च्वयेगु धायेगु हिलाबुला जु हे जू । महावस्तु स ऋषिवदनस्मि ऋषिवदने मृगदाये जूगु खने दु । ऋषिपत्तनया अर्थ ऋषित च्वनीगु वस्ती वा नगर जूसा ऋषिपतनया अर्थ ऋषिपिं क्वहाँ वइगु थाय् वा उगु थासं ब्वया वनीगु थाय् खः । अर्थकथा कथं **इसयो एत्थ निपतन्ति उप्पतन्ति चाति-इसि पतन** ऋषिपिं ब्वया वया जूवइगु ब्वया वनीगु जुया **इसिपतन** धाइगु खः ।

**मिगदाव**-या अर्थ मृगतय्‌त दान बिया तःगु; अथे धयागु मृततय्‌त तोता तयागु थाय् (मृगाणां दायो दिन्नो मृगदायोति ऋषिपत्तनो महावस्तु निग्रोधमिग जातक) खः । थौं कन्हे थ्वयात सारनाथ नं धाः । सारनाथ अर्थात मृगतय् अधिपति बोधिसत्त्व निग्रोध शब्दं सारनाथ जूवंगु धाइ ।

ईसाया १३-गूगु शताब्दीया गोविन्द चन्द्रया जहान कुमार देवीया ताम्रशासन दान कथं थन **धर्मचक्र जिनशासन** दुगु जुया च्वन । अशोकस्तम्भया सिंह मूर्ति दुगु च्वकाय् दुगु धर्मचक्र चित्र गुप्तकालया धर्मचक्र प्रवर्तन-निरत बुद्धमूर्तिया पादपीठय् दुगु गोलूगु धर्मचक्रया चिन्ह व ल्वहँया कुसापातय् च्वंगु निगूगु वा स्वंगूगु शताब्दीया कुशाण युगया लिपि कियातःगु अभिलेख धर्मचक्र वा आर्यसत्ययां प्राचीनता स्पष्ट याः ।

अभिलेखय् दु -

१) चत्तर- इमानि भिक्खवे अ ( रि ) रय सच्चानि ।
२) कतमानि ( च ) त्तारि दुक्ख ( इ ) दि ( भि ) क्खवे अरियं सच्चं ।
३) दुक्ख समुदयो अरियव ( स ) च्चं दुक्ख निरोधो अरिय सच्चं ।
४) दुक्ख निरोधगामिनी (च ) पटिपदा अरि ( य ) सच्चं ।
(Saranath Catalogue No. D. (c.). II)

वथें हे खुगूगु वा न्हेगूगु शताब्दीयागु लिपिया आपालं चायागु मुलि (Seal) लूगु दु । थुकी चक्र व मृगया किपाः दु । अफ **श्री सद्धर्म्मचक्रे मूलगन्धकुट्याँ भगवतः** अभिलेख तकं लू -Saranath Catalogue F (D) 5) ।

बुद्धं न्हापां देशना याना बिज्याःगु थुगु थासय् ह्वेनसांगं निसः फीटति तःजाःगु विहारय् भिंन्यासः स्थविरवादी भिक्षुपिं दुगु, विहारया दथुइ म्हति पाय्धिकःगु धर्मचक्र मुद्राया बुद्ध दुगु, विहारया दक्षिणपश्चिमय् अशोकं दयेका तःगु ल्वहाँ स्तूपया अवशेष दुगु, थ्वया न्ह्योने ल्वहँ थाँ दुगु खँ न्ह्यथना तःगु दु । त्रिपुरीया चेदिवंशीय कर्णदेवं ८१० कचलुरि सम्बत् (ईसवी १०५८) या अभिलेखय् **सद्धर्म्मचक्र प्रवर्तन** महाविहारया उल्लेख जुयाच्वंगु दु । वाराणसीया थौं दुगु १०४ फूट तःजाःगु ९३-ब्यासगु पुलांगु स्तूपयात थौं नं **धम्मिक स्तूप धाइ । थ्व धम्मिक** स्तूप धम्मचक्कया हे ज्यःगु शब्दं क्वज्वःगु धाइ ।

श्रीमान् स्थिरपाल व वया किजा श्रमिान् वसन्तपालं (सं. १०८३ पौष दिने ११=११४० ईसवी। पाखे) **धर्मराजिका व सांग (सारंग) धर्मचक्रयात** हानं संस्कार याना गन्धकुटी हानं दयेकूगु दु । (S.C.No. B [C]) ।



Downloaded from http://dhamma.digital

**महावस्तुस छुना तल -**

तत्र भगवा आयुष्मन्ताम् पञ्चकाम् भद्रवर्गीयाम् आमन्तेसिं भिक्षव इति; भगवन् इति भिक्षु भगवन्तम् प्रत्यश्रोषीत् । भगवासानमेतदुवाच । द्वाविमौ भिक्षवः प्रव्रजितस्य अन्तौ ।

ललितविस्तरय् धयातःगु दु, "तथागत ___ रात्रा पश्चिमे यामे पञ्चकां भद्रवर्गीयाम् आमन्त्रैतदवोचत् । द्वाविमौ भिक्षवः प्रव्रजितस्य तावत्. कमौ ।"

ललित विस्तरय् धर्मचक्रयात व्याक्क धर्मया प्रकृति व स्वभाव धयातःगु दु । संदर्शनया चक्र, अनुत्पादया, अनुरोधया व सम्भवया चक्र, अनालय चक्र, शून्यता चक्र, अनिभिसंस्कारचक्र, निरोधचक्र, धर्मधातुया असंभेद चक्र, अनिर्यूह (अपरित्याग) चक्र आदि नाना विशेषणया चक्र कथं वर्णन यानातःगु दु ।

थुगु **धर्मचक्र सूत्रोपदेश** सफू च्याला गुलाया दुने कनातःगु **धम्मचक्कप्पवत्तन सुत्तया** उपदेश खः । सम्बोधि लाये धुंका दकसिबे न्हापां तथागतं धर्मचक्र प्रवर्तन याना बिज्यात । उगु प्रवर्तनया बारे सुनानं हानं धायेगुयात वा धर्मया घःचाः ह्यू क्यनेगुयात उकीसनं छम्ह भिक्षु जुइबले ला धर्मचक्र सूत्रया उपदेश धायेगु सिबे ल्वःगु नं ला मदु ? थुगु सफु संयुक्त म्यान्मा (बर्मा) देशथें जाःगु बुद्धशासनया अनुयायी जुयाच्वंपिं अभ त्वाः त्वाः पतिकं हे धर्मचक्र व्रत समितिथें जाःगु दयेका न्ह्यज्याना च्वंपि म्यान्माःपिन्त कनातःगु उपदेश खः धका नं सफूया छुबाँ नं हे सी दु । थ्व सफूया मूताःतुना **धम्मचक्कप्पवत्तन सुत्त-** यात भावनाया उद्योग व अभ्यास विधिकथं बाँलाक व क्वक्वजीक कनेगु खः । थुगु उपदेश म्यान्माः देशया राजधानी यांगुन्लय् च्वंगु सासनयैता कर्मस्थान विपस्सना भावना याइगु मूथायया उद्घाटन हे **धर्मचक्र प्रवर्तन सूत्र उपदेश** याना बिज्याकम्ह, गां गामय् त्वाः त्वालय् थुजागु विपस्सना केन्द्रया उद्घाटन न्ह्याबलें धर्मचक्र सूत्रोपदेशं याना बिज्याकम्ह, म्यान्माः रेडियो नं धर्मचक्र सूत्रोपदेश् याना बिज्याकम्ह, म्यान्माःया विपस्सनाचार्य विद्वान वा ब्याख्यात महाशीसयादो भन्ते खः ।

उकिं थुजागु उपदेशया वाङ्यम रूप सफूला नेपाल भाषानुवाद थुगु सफुया बारे जिं हानं छुं च्वयेगु धायेगु नेपाल देशया थौंया उपासक उपासिकापिन्सं थुगु सफू छु थुइ धायेथें जक खः । पालि त्रिपिटकानुसारयागु बुद्धयागु उपदेश छम्ह निम्ह नेपाःमिपिन्सं हानं थुयेकेगु कुतः छूगु न्येदँ ख्वीदँति तिनि दत । नेप्रेसिं संस्कृति तालं पुजाभः ज्वना गुल्पाः दोहलपा वया च्वनापि भीपिं खः । अले लय् छको पुन्ही, अष्टमी, औंशी संल्हू खुनु घौछि, गुँला लच्छि घौछि छौछि; सिकं बुकंबलेथें बले निन्हु प्यन्हु घौछि घौछि भिंगूति थेरवाद विहारय् वया च्वनापिं भीपिं खः । भिम्ह भिंनिम्ह नेपाःमि उल्लेखनीय भिक्षुपिन्सं व उल्लेखनीय छम्ह निम्ह अनागारिकापिसं व छम्ह निम्ह उपासकपिसं च्वया भायहिला तःगु पालि त्रिपिटकानुसारयागु तःधं चीधंगु सः बसः सफूत व पत्रिकायात अथे अथेक पुइकेथें स्वया ब्वना च्वनापि भीपि खः । भारतं पिदंगु वा मेमेगु देशं पिदंगु हिन्दी भायया अले अंग्रेजी भाषाय् निगू प्यंगू बुद्ध धर्मया पालि त्रिपिटकयागु सफू छँ त्वाक तुक्क ब्वना च्वनापि भीपि खः ।

भीके मेगु छुं धर्म साहित्य निकायया दुग्यंक फुदंक दुगु ज्ञानया लिधंसा नं ला उस्त मदु । दानयागु संस्कार छुं भीगु हिनुली दुसां त्रिपिटकयागु सम्यग्दृष्टिया शुद्धता भीगु ही मदुनि । नये नांग्रा, छ्यंगुली दांग्रा, लासाय् त्यांग्रा जुया नं धर्मय् धांग्रा धांग्रापिं भीपि खः । अथे नं समुद्र मखम्ह तुथी ब्वलंम्ह ब्याँचां थनथें जाःगु लः थुलिमछि लः मेथाय् गनं मदु; अभ थुलि साःगु, भिंगु व निंगु लः गनं मदु धका घ्वांक, घ्वांक, घ्वांक, घ्वांघ्वांक फाँय् फुई, ताँयुतिं, धाँयुधिं हाला च्वनापि भीपि ।



Downloaded from http://dhamma.digital

भ्रीत भ्रीसं हे नातिकुतिं चिका च्वना । थितिरीतिं कुंका च्वना । अले भ्रति अथे हे चिका कुंका तये यःपिं न्ह्यापिं यक्व दु । मेखे छम्ह्गु छगू जालं चिना लिसाला क्वसाला तःगु ला द हे दु । थौं, थन्थाय्, थय् स्थिती च्वना छुं च्वयेत स्वयेबले, विशेष याना थुजाःगु धर्मचक्र सूत्रोपदेश सफूयात ब्वना थ्व बारे छुं च्वयेत स्वयेबले जि अकिंचनयागु अनुभूति व बुद्धि अथें हे धे धे चुला छुं धाये थें जक खः । मेगु नुगलय् दीगु खँ खः; विपस्सनाया सवाः मथुनिम्ह थ्व सफूया बारे थुयेकाःगु तयागु ति त्वना सवाः कयागु मखु, तुयागु ति त्वना ल्ह्वथा तःगु तुयागु कसद खनाथें जक जूगु तथ्य खः ।

अथे नं जि खना- थुगु धर्मचक्र सूत्रोपदेश सफूती न्हापां हे (पृष्ठ ३-६) थ्व सूत्र उपदेश त्रिपिटकय् गन थाय् लाः हानं गथे गबले वःगु धका बाँलाक क्यनातःगु दु । धर्मचक्र चाः हीकेगु कुतः गबले निसें जुजुं वल धयागु खँ निदानया स्वथी खं थुयेका बी । दीपंकर तथागतं सुमेध ऋषियत लीपा तर धात्थें नं बुद्ध जुइ धका आज्ञा जुया बिज्याःगु नियत ब्याकरण निसें धर्मचक्र प्रवर्तन प्रयास छुयेगु जुल । थ्व दुरेनिदान थुयेकेत सुमेध ऋषिया बाखँ ब्वनेमाः । वयां ल्यू अविदुरे निदान थुयेकेत पूज्य कुमार भन्ते लिसे जाना च्वयागु नेपाल भाषाया दशपारमिता सफू स्वयेत इनाप याना । अविदुरे निदानया खँ अन्तिम जन्मया बोधिसत्त्व सिद्धार्थया बाखँ ६८-महासंघत् स्वाँयापुन्ही शुक्रवार खुनु लुम्बिनी शालोदानय् जन्म निसें न्ह्याका तःगु दु । (पृष्ठ-७) । भ्रीसं स्यूगु मिनित्त खंगु बाखँयात थन क्यना तःगु हीन पर्येषण व उत्तम पर्येषण शब्दार्थ (पृष्ठ-७-१०) एकान्तय् च्वना लयृतया सः वयेक बुलुं ब्वना स्वःसा रसतायेक थुइ । महाभिनिष्क्रमणया दसुइ विचाः लूबले हे राहुया किचः जुया राहुल बुल । अथे नं पारमितां याना प्याखँ ल्हूवःपिं तर द्यना च्वंपिं नर्तकीपिन्त अशुभ संज्ञां खना । बोधिसत्त्व महाभिनिष्क्रमणं लिपा च्यागू लौकिक ध्यानय् न्ह्येगु तँ आकिञ्चन्यायतन तक थ्यंम्ह कालाम गोत्र आलार ऋषियाथाय् च्वना स्वयं बोधिसत्त्वं नं आकिञ्चन्यायतन तकया ध्यान पूवंका बिज्यात । थम्हं नये मछाःगु वासः मेपिन्त नके मज्यू (पृष्ठ १४) धाःसा भ्री थौं विपस्सनाय् च्वना नं ध्यानभूमि पार जूगु मचाःपिसं मचाःपिन्त गथे धाये ? भ्रीगु निंतिं वस्पोल ला पारमिता हे दुम्ह धायेगु सिबे विकल्प हे मदु । तर सिद्धार्थ थुलिं तृष्णा निरोध वा निर्वाण मथ्यंगु चाल । उकिं सिद्धार्थयात समश्रेणीयाम्ह गुरू जुया च्वनेत बच्छि शिष्यपिं अथे धयागु सत्या शिष्यपिं बियेगु शिष्य संग्रह यात नं कामभूमी उत्पन्न जूतले दुःख जुइ तिनिगु जुया वसपोल अनं न्ह्यां बिज्यात । ललितविस्तर कथं राजगृहय् उदक रामपुत्तया थाय् वया गुरूं प्राप्त याना तःगु नैवसंज्ञानासंज्ञायतन ध्यानभूमी साक्षात्कार जूसां व नं क्लेश उपशमया निंतिं पूर्ण मजूगु खंका नैवसंज्ञानासंज्ञायतन ध्यान तोता बिज्यात । लः व भिक्षा दुगु उरूवेलय् च्वना बिज्यात । नकतिनि पाला लखे थुना तःगु अथवा नकतिनि पाला तःगु उदुम्बर सिमाया सिँ ल्वाका मि पिहाँ वइ मखुथें कलाः काय् म्ह्याय् ज्वना अथवा ह्वनेगु तोतुसां मह्वंनिसां मनं ज्वना च्वंतलें लोकुत्तर धर्म लाये फ मखु । थथे उपमा मने लुल न अबलेला धर्माभ्यासया वातावरणं चित्तं चित्तयात क्वत्यलेगु दुष्कर चर्या याना बिज्यात । अभ्र श्वास प्रश्वास दिकेगु ध्यानय् च्वना बिज्यात । थुगु ध्यानया अवस्थाय् अति तिब्र फसं चसुप्वालय् थहाँ वना छ्यले मुइकुथें वेदना जुल । म्ह छम्हं मि द्वँय् लाःबलेथें पुत । अले नयेगु तोतेगु अनेक कथं याना बिज्याबले वसपोलयागु शरीरया रंग व अंगप्रयंगया अवस्था छु जुल बांलाक वर्णन याना तःगु दु । (पृ. २४-२५) । अभ्र निर्वाणया उद्देश्यं जुयाच्वंगु थ्व कुतःयात मथुयेवं पुण्य नं माःगु धयागु अर्थ निष्काम कर्मया भ्रम व्याख्या जुये यःगुली होश बियाच्वंगु दु । (पृष्ठ-२८) थ्व थाय् निथाय् दुष्कर चर्या नं निर्वाणया लागी मजूगु चायेवं थः मचाबले यानागु आनपान निसें ध्यान याना बिज्यात । अले थ्वया अभ्यास यायेत हानं नसा त्वंसा सेवन याना बिज्यात । अथे नसा त्वंसा सेवन यायेवं पञ्चवर्गीयपिसं वसपोलयात तोता वन । थ्व घटना बाखँया सिलसिलाय् छगू घटनाथें



Downloaded from http://dhamma.digital

जक कयां मगाः । बरू अबलेया धार्मिक पत्याःया छगू संस्कार कथं हे कायेमाः । बुद्ध हे जुइ धयागु थःगु भविष्यवाणी अथवा छँ तोतुसा धाइ बुद्ध हे जुइ धयागु थःगु भविष्यवाणी हे थःपिन्त म्वायेचूगु तथ्य थन दु । अफ थःगु भविष्यवाणीया क्वातुगु पत्यालय् थःपिसं छँ तोता तकं वःपिं थुपिं भद्रवर्गीपिसं वसपोलयात तोता वन, थुकिया आधार वस्पोलं निराहार दुष्कर तपस्याया परित्याग याना बिज्याःगु छता सिबे, मेगु गुगुं कारण मदु । थुकिया सारांश थुलि हे जुल, अबलेया मिखाय् दुष्कर तपस्या हे धर्म खः, धर्म धयागु दुष्कर तपस्या विना असम्भव खः ।

अथे जुया ला बोधिज्ञान लाये न्ह्यो सिद्धार्थ बुद्ध जुइ धयागु थःगु भविष्यवाणी, थःगु शास्त्र, दर्शन व अध्ययनया सारांश, अफ थ्व विश्वासय् थःपिसं छँ तोता वया वस्पोलयागु सेवा याना च्वनागु कुतः समेतं वाछ्वया वन । उखे, धात्थेंगु खँ धाःसा थ्व दुष्कर तपस्या बोधिया लँपु मखुगु जुया च्वन । थ्व हे यथार्थता बोधिज्ञान लाये धुंकूगु अवस्थाय् उगु ज्ञान कनां सुनां नं थुइकी ला ग्रहण याइ ला धयागु शंका अर्थात् बोधि खँ कंसां कनेगु जक जुइ धयागु मती वन धयागु धापुती थ्वयाः च्वंगु दु । अफ थ्व हे कारणय् बुद्धं थःगु मध्यम मार्ग, अष्टाङ्गिक मार्ग क्यना बिज्याये न्ह्यो न्हापांगु शर्त कथं निगू अतिवादयात तोतेगु उपदेश कना बिज्याःगु खः । थुगु खँयात प्रस्तुत सफुती शिशु सिद्धार्थया भविष्यवाणी निसें महा सम्बत् १०३ खुनु बुद्धत्व प्राप्तिं लिपा विपश्यना कर्मस्थानया निंतिं योग्य विशिष्टपिं लुमंका बिज्याःगु क्रमय् कालाम गोत्रया आलार व रामपुत्त उदक लुमंकूगु खं स्पष्ट याः । धर्मचक्र प्रवर्तनया निंतिं आधारभूत खँ विपश्यना खः, लिसें लौकिक ध्यानं नं लोकुत्तर ध्यानय् अभिमुख परिवर्त जुया न्ह्यज्याये फु । (पृष्ठ ३९-४३) । तर कालाम न्हेन्हु न्ह्यो उदक छन्हु न्यो जक संस्कार थ्वाका च्वने माःगुलिं अले परिब्राजक उपकं पटिपुग्गला (नुगःचा चक्कंका प्रतिस्पर्धा याये फुम्ह पुद्गल) नाप लात नं द्वंगु मिथ्यायात क्वातुक ज्वना तःगुलिं पुण्य संयोगया सुवाः अबले वं फये मफुत । अबले बुद्ध नाप लात नं बुद्धया दर्शन याये मफुत । छम्ह ब्याधाया म्ह्याय्मचा चापालिसे गृहबन्धनय् चिके धुंका व भसंग वंकल । गुरूं ब्यूगु मदयेकं हे स्वयं नं ज्ञां काये फु धयागु चाल । लीपा बल्ल बुद्धया न्ह्योने शरणागत जू वल - थ्व तहाःकगु बाखँ गृहत्यागी जूसां तृष्णा विरक्तियात पालन याये मफइगु अथवा तृष्णाया चोट तःसकं घाःपा लायेवं तिनि विरति धम्म थुइगु सत्य सागरया तःजाःगु तब्यागु बाखँ थन सूचना कथं वया च्वंगु (पृष्ठ ४४-४९) । थुकथं थ्व सफूया गुलिखे दुबखँयात थुइकेत बौद्ध संस्कार माला च्वंगु दु ।

थनं लिपा बुद्ध धर्मचक्र प्रवर्तन यायेत काशीपुरय् बिज्यात । पञ्चवर्गीपिसं अबले तक नं दुष्कर तपस्या हे धर्मया आधार खना च्वंगु अन्धविश्वास व संस्कार धर्म वसपोलया बारे टीका टिप्पणी यानाच्वंगु खः । तर बुद्ध न्ह्योने थ्यंलिसे इपिं थःगु निर्णयय् च्वने मफुत, बुद्धयात तुति सिलेत क्वपु तया बीगु लः बीगु व लासा लाया बीगु यात । बुद्धं इमित अमतमधिगत (निर्वाण धर्म अधिगत) जुइ धुंगु खँ थुइका बिया (पृ ५०-५२) आषाढ पुन्हीया सूर्य व तिमिला निताया जः दुबले धर्मचक्र सूत्रया देशना छुना बिज्यात (पृ.५३) । गन कि ललितविस्तरय् चान्हसिया अन्तिम पहरय् खः । थनं ल्यू पालि मूल, शब्दार्थ व भावार्थ बिया तःगु दु । अन्त शब्दया ब्याख्या ब्वने हे बहःजू (पृष्ठ ५५) । कामसुखया अर्थ थुइके बिया न्हापांगु द्या क्वचाया च्वन । धर्मचक्र सूत्रोपदेशया निद्यागु द्या काममुखया हीन, ग्रामीण शहरिया बानी ब्यहोरा, जनसाधारण पृथग्जनपिनि चाल चलन, अनार्य असत्पुरूषपिनिगु आचरण, थःपिसं म्वाःगु व थःत ख्यले मदुगु भिंमजुइगु कथं दुग्येक बयान यासें प्रव्रजितपिसं जक मखु सत्पुरूषपिसं तकं थ्वयात तोते ल्वःगु खँ न्ह्यथना तःगु दु (पृ. ६२-७१) । महावग्गया कामसुखल्लिकानुयोगो हे महावस्तु व ललितविस्तरया कामसुखल्लिकायोगो खः । अले महावस्तुस थ्वयात हीन



Downloaded from http://dhamma.digital

धया तःगु खने मदु । थुगु सफुती दीघनिकायया पासादिक सूत्र कथंया प्यथी सुखल्लिकानुयोगयागु वर्णन (पृ. ७१-७२) याना शरीरयात दुःख कष्ट बीगु संवर व निज्जरा कम्म (कर्म) धयागु दृष्टिकोणया समीक्षा जुया च्वंगु (पृ. ७५) ।

निगूगु अन्त महावग्गय् अत्तकिलमथानुयोगो दुक्खो, अनरियो, अनत्थसंहितो खःसा महावस्तुस दुक्खो अनार्यो, अनर्थसंहितो खः । ललितविस्तरय् कायकलमथानुयोगो नार्योपसंहितो दृष्ट धर्म अश्वयत्यां च दुक्खो विपाकः धया तःगु दु । शरीरयात पूर्व संस्कारया भोग पाः यायेत धका शरीरय् दुःख बीगु निज्जराया वर्णनय् न्याता मि पुका च्वनेगु दुःख जकया निंतिं खः, अनर्थ लिसे जक स्वाःगु मिथ्या खः धयागु थुइका बीगु अले शील पालन यायेगु धयागु अत्तकिलमथानुयोग मखु धका क्यनेगु याना तःगु दु (पृ.७३-८२) । लिसें इर्यापथय् वइगु वेदना सह यायेगु मात्र खन्ती संवर (क्षान्ति संवर) खः (पृ. ८२ ) धका थुइका बिया तःगु दुसा सिद्धार्थया महाभिनिष्क्रमण तकया गृही जीवन न्हापांगु अन्तया अले खुदँया दुष्करचर्या मेगु अन्तया लँय् लाःगु खँ न्ह्यथना तःगु दु (पृ. ८७) ।

तथागतं थुपिं निगू अतिमार्गयात प्रतिवेध याना दथुया लँ (आचरण) साक्षात्कार यानाबिज्यात । थ्व प्रज्ञा मिखा छुना बीगु प्रज्ञा ज्ञान थना बीगु आचरणया खँ विपस्सनाया साधकयाके नं स्मृतिप्रस्थान भावना विधि गथे याइ धयागु खँया चर्चा अनिच्च दुक्ख व अनत्त-या आयामिक वर्णन हे भीत तःधंगु मार्ग दर्शन जुया च्वंगु दु (पृ. ९४-१०२) । विपस्सनां क्लेशया शमन तदंग कथं जुजुं गथे सन्तानानुशय क्लेश आर्य मार्गं चीका यंकी हानं भावनाभिसमय जुया प्रतिवेधं निर्वाण साक्षात्कार जुइ क्रमशः क्यना तःगु दु (पृ. १०२-१०३) ।

दथुया लँपु (मज्झिमपटिपदा) च्यागू अंगया खः । थुकिया व्याख्या सफुती सूत्रोपदेशया प्रासंगित खँ वर्षावास पवारणां लिपा (पृष्ठ ११७ निसें) शील समाधि व प्रज्ञा क्रमं अष्टाङ्ग मार्गया ब्याख्या सारै हे सरल स्पष्ट व सरस भाषां सतिपट्ठानया पृष्ठभूमि जुयाच्वंगु दु (पृ ११८-१३८) । गबले थ्व सफूया पाठकपिं सम्मादिट्ठि (सम्यक् दृष्टि) या व्यापक व शुक्ष्म अध्ययन कम्मस्सकता, झान, विपस्सना, मग्ग व फल सम्मादिट्ठि (पच्चवेक्खणा सम्मादिट्ठि) धयाथाय् थ्यनी स्यूगु थूगु खँ मस्यूनिगु मथूनिगु दुखँय्, सःतीगु खँ थःगु अनुभूतिं तापाः खँय्, सरलगु खँ गम्भीरगु खँय् न्यायेकेगु शिक्षण शैली (पृ. १४३-१६१) धर्मावबोधया स्थिती थ्यनी । थन हे सूत्रोपदेशया स्वद्यागु द्या क्वचाइ च्वंगु दु ।

धर्मचक्र सूत्रोपदेशया प्यद्यागु द्याय् प्यंगू सत्यया खँ छुना दुःख सत्यया खँ वया च्वंगु दु । दुक्खसच्चय् दुःखया थी थी वर्णनय् ब्याधि दुःख पाठ भेदया खँ त्रिपिटकया पाठभेदया दुखँ सीकेत ग्वाहालि जू (पृ.१६४-१६६) । जन्म दुःखया खँ न्हेथी प्रकारया दुःखया खँ कना तःगु दु । शारीरिक व मानसिक सहयाये थाकूगु दुःख **दुक्ख दुक्ख**; न्हापां सुख ताया च्वनीगु लिपा ताया च्वंगु सुखया आधार तना स्यना फुना वनेवं दुःख ताइगु **विपरिणाम दुक्ख** खःसा उपेक्षा वेदनाया गुगु दुःख **संखार दुक्ख** निसें दुःखया विषयवस्तु गम्भीर जुया च्वंगु दु । जन्मया दुःखय् मांया प्वाथय् दुबले जन्म इलय् वृद्ध वृद्धा व मरणया इलय् या दुःखया वर्णन (पृ. १७५-१८०) स्पष्ट जू । जीवनय् शोक सन्ताप गनं गथे वइ धयागु खँय् ञातिब्यसन, भोगब्यसन व रोगब्यसन तक सकसिनं स्यू । सीलब्यसन व दिट्ठिब्यसन दुःखया खँ भीसँ काचाक्क खनीगु दुःख मखु । (पृ.१८१) । स्मृतिप्रस्थान विधि गथे शारीरिक दुःखय् मानसिक दुःखं मुक्त जुइगु दौर्मनस्यं दुःख क्वलाना वनी, अले तःसकं दुने नुगलय् पुइगु, मयः ताइगु लिसें प्यपुना यः ताइगु केच्याना, इच्छायात घेपुना जूगु दुःखं तापाये फइ कना तःगु दु (पृ. १८३-१८७) । उपादानस्कन्ध दुःखयात धाइ, बार बार ब्वनेवं तिनि बुलुं बुलुं थूथें जुइ (पृ. १८७-२०९) ।



Downloaded from http://dhamma.digital

**दुक्खसमुदयया** खँ धर्मचक्र सूत्रोपदेशया न्यागूगु द्याया विषय वस्तु खः । तृष्णाया याचा याचा प्यपुना हे हानं हानं जन्म जुया च्वनी । थ्व प्यपुनेगुली यःताया न्ह्याइपु ताया च्वनेगु दुःखयात दुःख कथं मखनेगु खः । थन थाय्या जीवन दर्शन तःसकं गम्भीर । दुःख नं सुखथें खने फयेमा धायेगु अथवा नवःगु भ्यातनालय् फा सना च्वंगु खना मनूयात घच्चासां वयात ला न्ह्याइपु हे ताः धायेगु दृष्टिकोण थन मदुगु मखु । थ्व खँयात चम्पेय्य नागराजया बाखनं कुला च्वंगु दु (पृ.२१४-२१५) । अस्सक जुजु व उपरिमहारानीया न्ह्याइपुसे च्वंगु बाखनं तत्रतत्राभिनन्दिनी यात थुइके बीत स्वःगु दु (पृ.२१५-२२३) ।

वथें हे जन्म मरणया चक्रय् चाःहिला च्वनीपिं गबलें ब्रह्मा जुरा ज्वाररर‌ां थीसा हानं गबलें माफा जुया भ्यातना गालय् बुद्ब बुद्ब दुना च्वने माली धयागु खँ भिंस्वंगू जन्म क्रमया बाखनं न्ह्यथना च्वंगु दु (पृ.२२७-२३४) । धर्मचक्र सूत्रोपदेशया विपस्सनाया पृष्ठभूमी जुया च्वंगु दुग्यःगु व्याख्या थन थाय् श्रमण देवपुत्रया बाखँ, कलाः यया सर्प खिचा द्वहँ जूवंगु बाखँ, धर्मकथिक महास्थविर सयादोया पूर्वजन्म कनीगु बाखँ, पीतका दां त्यासा बिया तयागु काये धुंका नं काये जक धुंगु खःसा छें म्ये जुया जन्म जुये धाःगुलिं म्ये जुया जन्म जूगु व मुद्दा जूगु थें जाःगु बाखँत वया च्वंगु दु । थुपिं बाखँत बांला, न्ह्याइपुसे च्वं । तर अथे नं **धर्मचक्र सूत्रोपदेशया** विपश्यनाया पृष्ठभूमी जुया च्वंगु गहन व्याख्याय् दथुइ वया च्वंगु थुपिं बाखँ नं व्यवधान प्यना च्वंगु दुथें ताया ।

अथे नं कामतृष्णा, भवतृष्णा व विभवतृष्णाया व्याख्यां निसें हानं विषयवस्तु दुग्यया वना न्याद्यागु द्या क्वचाया च्वंगु दु (पृ. २५८-२६८) ।

धर्मचक्र सूत्रोपदेशया खुद्यागु द्यां निरोध सत्य थुइका बिया च्वंगु दु । तण्हा (तृष्णा) या असेसविराग निरोधो ल्यं पुल्यं हे मदयेक निरोध, त्याग, मज्वनेगु हे स्वंगूगु सत्य खः । थ्व अपायगामी कामतृष्णा शान्तावस्था श्रोतापतित्व, कोडागु काम तृष्णाया शान्तावस्था सकृदागामित्व; निरवशेष कथंया कामतृष्णा शान्तावस्था अनागामित्वं लिपा विपस्सनां विरति आदि सिद्धि जुइ । सूर्य लुइवं ख्युं तना वनी, अरहत्त जुइवं तृष्णा सदां शान्त जुया वनी । न्हूगु जन्म नामरूप स्कन्ध भिनकं शान्त जुइ (पृ.२७१) ।

धर्मचक्र सूत्रोपदेशया न्हेगूगु द्याय् आर्यसत्य ज्ञानयागु अनुभूति उद्‌गारं न्ह्या वना च्वंगु दु । प्यंगू सत्यया साक्षात्कार जुइवं प्रज्ञा मिखा छुना बिल, ज्ञान (ञाण) लुया वल, विभेद याना स्यूगु प्रज्ञा (पञ्ञा) लुया वल, प्रतिवेधं स्यूगु विद्या (विज्जा) लुया वल अले जः (आलोक) थिना वल । खंक्व, ताक्व, नतुंक्व, नक्व, थिक्व विचाः जुक्व पतिकं ध्वःदुगु न्यागू उपादानस्कन्धया दुःखद् स्वभाव चाल । मिखा, ज्ञान, प्रज्ञा, विद्या व जः धका न्यागू नामं धया तःगु विभिन्न व्यक्तिपिसं प्रकट रूपं खंके बीत खः । विपस्सना कथं परमार्थतः तत्वत यथात्वया सत्यताया सत्यज्ञान नापं स्वापु तया यायेमाःगु याये बहःगु ज्यां थूगु कृत्यज्ञान व सत्य भाविता याना चायेका अनित्य, दुःख व अनात्म बोध अनुभूत विपश्यना ज्ञान कृतज्ञानं ज्वने फयेक बीत खः (पृ.३२०-३२३) ।

दुःखया निरोध व शान्त यायेत दुःखया उत्पत्ति व वृद्धिया कारण चीका छ्वयेमाः, गथे ल्वय् लायेके माःसा ल्वय्या उत्पत्ति कारण वासलं चीका छ्वयेमाः । थथे चीकेत स्वथी कथंया नं तृष्णायात बांलाक म्हसीकेमाः (३२८-३३१) ।

थुगु द्याय् कना तःगु दुःख, समुदय निरोध व मार्गसत्यय् सत्यज्ञान कृत्यज्ञान व कृतज्ञानया विवेचन हथाय् मचासे ब्वना वनेवं दुखँ नुगलय् थाइ कथं थुइ ।

धर्मचक्र सूत्रोपदेशया च्याद्यागु द्या प्यंगू आर्य सत्य, सत्यज्ञान, कृत्यज्ञान, कृतज्ञान कथं स्वंगू परिवर्त



Downloaded from http://dhamma.digital

अले थुगु स्वंगू परिवर्तयात प्यंगू आर्य सत्यं भिंनिगू आधार यथाभूत विशुद्ध कथं खनेवं तिनि बुद्ध जूगु खँ न्ह्याना च्वंगु दु । अले श्रोतापिन्त अथवा पाठकपिन्त विशेष धर्म लाभ जुइगु तथ्य चीके माःगु चीकेवं, तोते माःगु तोतेवं, सेवन याये माःगु सेवन यायेगुली निहित जुया च्वंगु खँ कुला तःगु दु । धर्मचक्र सूत्रोपदेश बुद्धं कना बिज्याना च्वंबले हे आयुष्मान कोण्डञ्ञयात धू मदुगु मल मदुगु श्रोतापत्ति मार्गज्ञानया धर्मया मिखा उत्पन्न जुल । उत्पन्न स्वभावया धर्म दक्वं ब्याक्कं निरोध जुइगु स्वभाव खः धका थुल । उचितगु (कल्ल) कोमलगु (मुदु) नीवरण रहितगु (विनीवरण), हर्षे उत्तेजितगु (उदग्ग), लय्ताःगु (पसन्न) चित्त लुया च्वंनीबले धम्मावबोध गन अःपुक जुल (पृ. ३६५), अथे हे पारमिता गुणधर्म परिपाक अवस्था नं ला जूगुली उपदेश न्यं न्यं विपश्यना मार्गाङ्ग वृद्धि जुल । कोण्डञ्ञया टिप्पणीयात बुद्धं कोण्डञ्ञं सीका काल, कोण्डञ्ञं सीका काल धयागु उदानं साधुवाद बिया बिज्यात । महावग्ग संयुक्त पालीया धर्मचक्र सूत्रय् विनय् पाली कथं अले कोण्डञ्ञं प्रज्ञां धम्मबोध साक्षात्कार याये धुंकूगु जुया विश्वासया श्रद्धाधर्मय् (अवेच्चप्पसाद) लाना जक मखु, प्यंगू सत्य धर्मया थम्हं दिट्ठधम्मं लाना (अपरपच्चयो) जुया श्रामणेरत्व व उपसम्पदाया निर्ति प्रार्थना याना बिज्यात (पृ. ३७७-३८४) ।

धर्मचक्र सूत्रोपदेश सफूया मू उद्देश्य विपस्सना कथं अध्ययन याकेगु खः । उद्देश्यथें हे मू शब्दया ब्याख्याय्, भावया व्याख्याय्, तत्वया व्याख्याय् उकिं ध्यान वा विपस्सनाया पृष्ठभूमी जुयाच्वंगु दु । थ्व हे आधारय् हानं नेपाःमि श्रद्धालु उपासक उपासिकापिसं नं विपस्सनाया साधक-साधिकापिं जुया धर्मचक्र सूत्रोपदेश ब्वना, बिचाः याना, थःके नुगलय् दुने थना काये फइ धका आशा याना ।

वसपोल महाशी सयादो भन्तेयागु उपदेशया सफूत तथागतया न्हापांगु उपदेश, विश्वधर्म प्रचार देशना १-२ भाग, वम्मिक सुत्त, लुम्बिनी विपश्यना, संक्षिप्त भावना विधि, तथागतया अमूल्य उपदेश, महास्मृतिप्रस्थान सूत्र, महान सल्लेख सूत्रोपदेश (१-२-द्या) आदि व अग्गमहापण्डित वासेट्ठाभिवंस महास्थविरया न्हूगु परित्राण निश्रय आदि सफूया भिक्षु ज्ञानपूर्णिक महास्थविरयागु अभ्यस्त भाषानुवादया नेपाल भाषाया माध्यमं ब्वना तये धुंकूपिं बौद्ध श्रद्धालुपिन्त थ्व सफू भन थुइगु व धर्म प्रीतिया विषय जुइगु ला जु हे जुल ।

अन्तय् थुगु धर्मचक्र सूत्रोपदेश सफूया अनुवादय् व प्रकाशनय् ग्वहालि याःपिनिगु पुण्य कार्यय् जिं आपालं साधुवाद बिया च्वना ।

Dhamma.Digital

**भिक्षु सुदर्शन**

नगर मण्डप श्रीकीर्ति विहार,
कीर्तिपुर, २।५।२०५२



Downloaded from http://dhamma.digital

# (महान धर्मचक्र सूत्रोपदेश)

## धर्मचक्र सूत्रोपदेश भूमिका




शाक्यमुनि बुद्धले सर्वप्रथम धर्मप्रवर्तन ऋषिपतन मृगदाय वाराणसीमा गर्नुभएको थियो । त्रिपिटकको सुत्तपिटक संयुत्तनिकाय महावग्ग सच्चसंयुत्तमा 'धम्मचक्कप्पवत्तन सुत्त' नामले र विनयपिटकको महावग्ग पालि महाखन्धकमा 'धम्मचक्कप्पवत्तन' नामले उल्लेख भइराखेको छ । जनमहानिदानं भन्ने पालिभाषाको बुद्धको अभिनीहार देखि परिनिर्वाणसम्मको निदानकथामा (जसलाई बुद्धचरितं पनि भन्दछ) भनिराखे बमोजिम वहाँ काशीपुरमा सर्वप्रथम धर्मचक्रप्रवर्तको निमित्त जानुभएको थियो । (धम्मचक्कं पवत्तेतुं: गच्छामि कासिनं पुरं । अन्धिभूतस्मिं लोकस्मिं, आहञ्छं (आहञ्ञिं) अमतदुन्दूभिन्ति) । यो सुनेर सर्वप्रथम 'यं किञ्चि समुदयधम्मं सब्बं तं निरोधधम्मन्ति' भनी आयुष्मान कोण्डञ्ञमा आषाढा प्रतिपदाको दिन (आसाल्हमासस्स पाटिपददिवसे) विरज वीतमल धर्मचक्षु उत्पन्न भएको थियो । यो घटनालाई बुद्धवंसमा उल्लेख गरिराखेको छ 'धम्मचक्कं पवत्तयिं' (धर्मचक्र प्रवर्तन गरी) : महावंशमा "वाराणसी पुगेर त्यहाँ धर्मचक्र प्रवर्तन गरी त्यहिँ नै वर्षाकाल बिताउनुभई साठीजना (अनुयायीहरूलाइ) अरहत् बनाउनु भएको थियो" भन्ने उल्लेख छ ।

जातकट्ठकथा अनुसार पञ्चवर्गीय भिक्षुहरु बसोबास गरिराखेको वाराणसी मृगदायमा आषाढ पूर्णिमाको दिन साहण्हसमये इसिपतने पुग्नुभएको थियो । त्यहाँ पञ्ञत्तवरबुद्धासने बस्नुभई उत्तरासाल्हनक्खत्तयोये भगवान् बुद्धले धम्मचक्कप्पवत्तन सुत्त देशना गर्नुभएको थियो । ललितविस्तरमा वाराणसीका नजिक परेको ऋषिपतन मृगदावनमा पञ्चभद्रवर्गीहरूलाई नै धर्मदेशना गर्नुभएको थियो । यसलाई तथागतको मध्यमाप्रतिपदा देशना भन्नुभएको छ । ललित-विस्तरको छब्बीसौं अध्यायमा यसलाई धर्मचक्र प्रवर्तनपरिवर्त भनीराखेको छ ।

बुद्धचरित्रको संस्कृत भाषाको महाकाब्य पूर्व बुद्धचरित महाकाब्य १४ सर्गबाट अन्त्य भइराखेको छ भने उपलब्ध अनुदित भाषाको बुद्धचरित्र महाकाब्यमा पन्ध्रौं सर्ग धर्मचक्र प्रवर्तन हो । यही सर्गको शब्दमा भन्ने हो भने बुद्धत्वप्राप्ति पछि शाक्यमुनि कोषगृहको भित्रिभाग जस्तै काशीनगरीलाई सम्भनुभई मृगदावनमा जानुभएको थियो । त्यहाँ प्रत्येक बृक्षको माभमा महर्षिगण बसोबास गरिराखेको थियो भने कोयलको शब्द गुञ्जिराखेको थियो । बुद्धले दुइवटा अति मार्ग त्यागी प्रीतिसुख देखि उतातिरको दु:खको अन्त मध्यमार्ग अष्टांगिक मार्गको उपदेश दिनुभएको थियो ।

बुद्धको जीवनी र धर्मचक्रपवर्तनसूत्र अनुसार धर्मचक्रप्रवर्तनसूत्र बुद्धको सबभन्दा पहिलो उद्धृत गर्न योग्य उपलब्धिमूलक र परिपूर्ण धर्मदेशना हो । तरपनि यो सूत्र सूत्रपिटकको पहिलो निकाय दीघनिकायमा पहिलो सूत्र भइराखेको छैन । तेस्रो निकाय, संयुत्तनिकाय महावग्ग सच्चसंयुत्तमा मात्र धम्मचक्कप्पवत्तनसुत्त देख्नमा आइरहेको छ ।



Downloaded from http://dhamma.digital

नेपाल भाषामा भिक्षु अनिरुद्ध महास्थविरको शब्दार्थ र भावार्थ सहित बु.स.२४९२ मा पुस्तक आकारमा सर्वप्रथम मुद्रित्त पुस्तकको रूपमा देखापर्न आएको हो । यस पुस्तकको अनुवादक भिक्षु ज्ञानपूर्णिक महास्थविरको पनि बु.सं. २५१४ मा "धर्मचक्र सूत्र" नामले सूत्र प्रकाशित भइसकेको छ ।

फ्रंसीसी पण्डित शेनार्टको विचारमा इसिपतन ऋषिपतन वा ऋषिवदन पनि हुन सक्दछ । "इसिपतन" शब्दको "प" अक्षर "व" "त" अक्षरको "द" पनि हुन सक्तछ भनेर प्राकृत नियमले दर्शाउँछ । "प" र "व" त्यस्तै नै "त" र "द" अक्षरको लेखाई र भनाईमा सत्ताबत्ता हुन्छ नै । महावस्तुमा ऋषिवदनस्मिं ऋषिवदने मृगदाये भइराखेको देखिन्छ । ऋषिपतनको अर्थ ऋषिहरु बस्ने बस्ती वा नगर हुन्छ भने ऋषिपतनको अर्थ ऋषिहरु ओर्लने ठाउँ वा त्यस ठाउँबाट उडेर जाने ठाउँ हुनजान्छ । अर्थकथा अनुसार इसयो एत्थ निपतन्ति उप्पतन्ति चातिइसिपतनं= ऋषिहरु उडेर आई बिसाउन आउने उडेर जाने भएकोले इसिपतन भनिएको हो ।

मिगदाय- को अर्थ मृगहरूलाई दान दिइराखेको: त्यसो भनेको मृगहरूलाई छोडिराखेको ठाउँ (मृगाणां दायो दिन्नो मृगदायोति ऋषिपतनो महावस्तु निग्रोध मृगजातक हो ।) आजकल यसलाई सारनाथ पनि भन्दछ । सारनाथ अर्थात् मृगहरूको अधिपति बोधिसत्व निग्रोध शब्दबाट सारनाथ हुन गएको भनी भन्दछ ।

ईसाको १३ औं शताब्दीको गोविन्द चन्द्रकी श्रीमति कुमारदेवीको ताम्रशासन दान अनुसार यहाँ धर्मचक्र जिनशासन रहिरहेको थियो । अशोक स्तम्भको सिंहमूर्ति रहेको टुप्पोमा भएको धर्मचक्र चित्र गुप्तकालको धर्मचक्र प्रवर्तन-निरत्त बुद्धमूर्तिको पादपीठमा रहेको गोलाकारको धर्मचक्रको चिन्ह र ढूंगाको छाताको पातामा रहेको दोस्रो वा तेस्रो शताब्दीको कुषानुयुगको लिपिमा कुँदिराखेको अभिलेखद्वारा धर्मचक्र वा आर्यसत्यको प्राचीनमा स्पष्ट छ । अभिलेखमा छ-

१) चतर-इमानि भिक्खवे (f) रय सच्चानि

२) कतमानि (च) त्तारि दुक्खं (इ) दि (भि) क्खवे अरिसच्चं

३) दुक्ख समुदयो अरियव (स) च्चं दुक्ख निरोधो अरिय सच्चं

४) दुक्ख निरोधामिनी (च) पटिपदा अरि (य) सच्चं

{Saranath Catalogue No.d.(c.)}

त्यस्तै नै छैठौ र सातौं शताब्दीको लिपिको थुप्रै माटाका मुली (seal) फेला परेका छन् । यसमा चक्र र मृगको आकृति छ । अझ श्री सद्धम्मचक्रे मूलगन्धकुट्यां भगवतः अभिलेख समेत पेला परेको छ ।

{Saranath Catalogue F (d) } ।

भगवान् बुद्धले पहिलो पटक देशना गर्नुभएको यो ठाउँमा ह्वेन्सांगले दुईशय फीट जति अग्लो विहारमा १५०० स्थविरवादी भिक्षुहरु भएको, विहारको माझमा मानिसको शरीर जति अग्लो धर्मचक्र मुद्राको बुद्ध रहेको , विहारको दक्षिण पश्चिममा अशोकद्वारा निर्मित ढूंगे स्तुपको अवशेष रहेको, यसको अगाडि ढूंगे स्तम्भ रहेको कुरा उल्लेख गरिराखेको छ । त्रिपुराको चेदियवंशीय कर्यादेवले ८१० कचलुरि सम्बत् (ईसवी १०५८) को अभिलेखमा सद्धर्मचक्र प्रवर्तन महाविहारको उल्लेख भइराखेको छ । वाराणसीको आज विद्यमान १०४ फूट् अग्लो ३९ ब्यासको पुरानो स्तूपलाई आज पनि धम्मिक स्तूप भन्दछ । यो धम्मिक स्तूप धम्मचक्कको नै खिइएको शब्दबाट अवतरित भन्दछ ।



Downloaded from http://dhamma.digital

श्रीमान् स्थिरपाल र वहाँको भाई श्रीमान् वसन्तपालले (सं.१०८३ पौषको दिनमा ११=११४० ईसवीतिर) धर्मराजिका र सांग (सारंग) धर्मचक्रलाई फेरी संस्कार गरी पुनः गन्धकुटी बनाएको थियो । (S.C.NO. B (c) ।

महावग्गमा धर्मचक्र सूत्र प्रारम्भ गरिएको छ -

"अथ खो भगवा पञ्चवग्गिये भिक्खू आमन्तेसि,
द्वेमे भिक्खवे अन्ता पब्बजितेन न सेवितब्बा ।"

महावस्तुमा प्रारम्भ गरिएको छ-

तत्र भगवा आयुष्मन्ताम् पञ्चकाम् भद्रवर्गियान् आमन्तेसि भिक्षव इतिः भगवान् इति भिक्षु भगवन्तम् प्रत्यश्रोषीत् । भगवा सानमेतुवाच । द्वाविमौ भिक्षव प्रव्रजितस्य अन्तौ ।

ललित विस्तर मा भनिएको छ, "तथागत_रात्रा पश्चिमे यामे पञ्चकां भद्रवगीयाम् आमन्त्रैतदवोचत् (द्वाविमौः प्रव्रजितस्य तावत् कमौ) ।"

ललितविस्तरमा धर्मचक्रलाई सम्पूर्ण धर्मको प्रकृति र स्वभाव भनिएको छ । संदर्शनको चक्र, अनुत्पादको, अनुरोधको र सम्भवको चक्र, अनालय चक्र, शून्यता चक्र, अनभिसंस्कारचक्र, निरोधचक्र, धर्मधातुको असंभेद चक्र, अनिर्यूह (अपरित्याग) चक्र आदि नाना विशेषणका चक्र रूपमा वर्णन गरिएको छ ।

यो धर्मचक्र सूत्रोपदेश पुस्तक ८-९ महीना भित्र देशना गरिराखेको धम्मचक्कप्पवत्तन सुत्त-को उपदेश हो । सम्बोधि प्राप्ति पछि सर्वप्रथम तथागतले धर्मचक्र प्रवर्तन गर्नु भएको थियो । त्यस प्रवर्तनको बारेमा कसैले फेरी भन्ने गऱ्यो वा धर्मको चक्र चलेको प्रदर्शन गऱ्यो (भने त्यो सुहाउँदैन ) । त्यसमा पनि एउटा भिक्षु भइरहँदा त धर्मचक्र सूत्रको उपदेश भन्नु बाहेक युक्तियुक्त पनि त छैन नि ? यो पुस्तक संयुक्त म्यान्मार् (बर्मा) देश जस्तो बुद्धशासनका अनुयायी भइरहेका अझ प्रत्येक टोल टोलमा नै धर्मचक्र व्रत समिति जस्ता स्थापना गरी अघिबढरहेका म्यान्मार् निवासीहरूलाई दिइराखेको उपदेश हो भनी पुस्तकको थालनीबाट नै स्पष्ट छ । यो पुस्तकको मूल लक्ष्य धम्मचक्कप्पवत्तन सुत्त-लाई भावनाको उद्योग र अभ्यास विधि अनुरूप राम्ररी र कोट्याइ कोट्याइ उपदेश दिनु हो । यो उपदेश म्यान्मार् देशको राजधानी यांगुन्मा रहेको सासनायैता कर्मस्थान विपस्सना भावना गरिने मूल स्थानको उद्घाटन नै धर्मचक्र प्रवर्तन सूत्र उपदेशद्वारा गर्नुभएको गाउँ गाउँ टोल टोलमा यस्ता विपस्सना केन्द्रको उद्घाटन जहिले पनि धर्मचक्र सूत्रोपदेशद्वारा गर्नु भएको, म्यान्मार् रेडियोबाट पनि धर्मचक्र सूत्रोपदेश गर्नुभएको, म्यान्मार्को विपस्सनाचार्य विद्वान वा व्याख्याता महाशी सयादो महास्थविर हुनुहुन्छ ।

तसर्थ यस्तो उपदेशको वाङ्मय रूप पुस्तकको नेपाली भाषानुवाद यस पुस्तक बारे मैले फेरी केही लेख्नु भन्नु नेपाल राष्ट्रको आजका उपासक उपासिकाहरूले पुस्तक के बुझिन्छन् भन्नु जति छ । पालि त्रिपिटक अनुसारको बुद्धको उपदेश एक दुइजना नेपालीहरूले बुझ्न प्रयास गर्नु लागेको ५०-६० वर्ष जति मात्र भएको छ । नेप्रेसिं संस्कृति तालले पूजाको थालि समाएर पात्र अर्पण गर्दै आइरहेका हामी हौं । अनि महिनाको एक पटक पूर्णिमा, अष्टमी, आमावाश्य, संक्रन्तिका दिनहरूमा एकछिन, गुँला एक महिना एक छिन्, मरणको अवस्था जन्मको अवस्था जस्तो अवस्थामा दुई चार दिन एक एक छिन् दशवटा जति थेरवाद



Downloaded from http://dhamma.digital

विहारमा गई रहेका हामी हौं । १०-१५ जना उल्लेखनीय नेपाली भिक्षुहरूले र उल्लेखनीय एक दुईजना अनागारिकाहरूले र एक दुईजना उपासकहरूले लेखेर अनुवाद गरेर राखेका पालि त्रिपिटक अनुसारका ठुला साना गरी शय डेढसय पुस्तकहरु र पत्रिकाहरूलाई यसरी उसरी वल्टाई पल्टाई गरे जस्तै हेर्ने पढ्ने गरेका हामी हौं । भारतबाट निस्केका वा अन्यान्य देशबाट निस्केका हिन्दी भाषाका र अंग्रेजी भाषाका दुई चारवटा बुद्ध-धर्मका पालि त्रिपिटकका पुस्तकहरु घरमा आक्कल झुक्कल पढिरहेका हामी हौं ।

हामीमा अन्य कुनै धर्म साहित्य निकायको गहिरो दरिलो ज्ञानको आधार पनि त त्यति साह्रो छैन । दानको केही संस्कार हाम्रो नशा भित्र रहेता पनि त्रिपिटकको सम्यकदृष्टि शुद्धता हाम्रो रगतमा रहेको छैन । खानेमा नांग्रा, छालामा दांग्रा , खाटमा त्यांग्रा भएर पनि धर्ममा धांग्रा धांग्रा रहेका हामी हौं । तैपनि समुद्र नदेखेको कुवामा पल्केको भ्यागुतोले यहाँको जस्तो पानी यत्तिका पानी अन्य कतै छैनः अझ यति मीठो, राम्रो र पोटिलो पानी कतै छैन भनी ध्वांक, ध्वांक ध्वांक ध्वांकध्वांक, फँाय् फुई, तेँयृतिं, धाँयृधिं कराइरहेका हामी ।

हामीले हामीलाई नै नातिकुतिले बाँधिराखेका छौ । थितिरीतिले बन्दी बनाइराखेका छौं । अनि हामीलाई यसरी नै बँधाई बन्दी बनाई राख्नचाहने थुप्रै छन् । एकातिर एकमुष्ठि एउटा जालले बाँधी पछाडि ढकेल्ने तलतिर झाड्ने त रहिरहेकै छ । आज यहाँ, यसरी, यस्तो स्थितिमा रही केही लेख्ने खोज्दा, विशेषतः यस्तो धर्मचक्र सूत्रोपदेश पुस्तक पढी यस बारेमा केही लेख्न लाग्दा म अकिंचनको अनुभूति र बुद्ध त्यसै नै धलमलिएर के भनौं जस्तो मात्र लागेको छ । अर्को मुटू छुने कुरा के हो भनेः विपस्सनाको स्वाद न चाखेको व्यक्तिले यो पुस्स्तकको बारेमा बुझिलिएको उखूको रस लिएर स्वाद चाखेको होइन , उखूको रस लिएर फालिराखेको उखूको कसद देखेको जस्तो मात्रै भइरहेको तथ्य हो ।

तर पनि मैले देखें-

त्रिपिटकमा कहाँ पर्छ फेरी कसरी कहिले आएको भनी राम्ररी देखाइराखेको छ । धर्मचक्र प्रवर्तन गर्ने प्रयास कहिले देखि हुँदै आयो भन्ने कुरा निदानको तीनथरी कुराले बुझाई दिन्छ । दीपंकर तथागतले सुमेध ऋषिलाई भविष्यमा तर साँच्चै नै बुद्ध हुनेछ भनी आज्ञा गर्नु भएको नियत व्याकरण देखि धर्मचक्र प्रवर्तन प्रयास थालनी भयो । यो दूरेनिदानको कुरा अन्तिम जन्ममा बोधिसत्व सिद्धार्थको कथा ६८ महासंवत् पुष्प पूर्णिमा शुक्रवारको दिन लुम्बिनी शालोद्यानमा जन्म देखि शुरु गरिराखेको छ । (पृष्ठ-५) हामीले थाहा पाएका निमित्त देखेको कथालाई यहाँ देखाइराखेको हीन पर्येषण र उत्तम पर्येषण शब्दार्थ (पृष्ठ६-७) एकान्तमा बसी संगीतबद्ध गरी स्वर निकालेर विस्तारै पढेर हेरेको खण्डमा रसपूर्ण रूपमा बुझिनेछ । महाभिनिष्क्रमणको विषयमा विचार उत्पन्न भएकै बेला राहुको छाँया भई राहुल जन्मियो । तर पनि पारमिताले गर्दा नाच्न आउँने तर सुतिराखेकी नर्तकीहरूलाई अशुभ संज्ञाद्वारा देख्नुभयो । बोधिसत्व महाभिनिष्क्रमण पछि आठ लौकिक ध्याना मध्येमा सातौं तह आकिञ्चञायतनसम्म पुगको कालाम गोत्र आलार ऋषिकहाँ रही स्वयम् बोधिसत्वले पनि आकिञ्चन्यायतनसम्मको ध्यान पूरा गर्नुभयो । आफूले खान न आँटेको औषधि अरूलाई खुवाउनु हुन्न भने पछि हामीले आज विपस्सनामा बसेर पनि ध्यानभूमि पार भएको थाहा नपाउनेहरूले थाहा नपाउनेहरूलाई के भन्ने ? हाम्रो लागि वहाँ त पारमिता नै भएको मन्नु बाहेक विकल्प नै छैन । तर सिद्धार्थले यतिले तृष्णा निरोध वा निर्वाण नपुगेको चालपाए । त्यसैले सिद्धार्थलाई समश्रेणीको गुरु भएर बस्न आधा शिष्यहरु त्यसो भनेको डेढशय शिष्यहरु दिने शिष्य-संग्रह गरे तापनि कामभूमीमा उत्पन्न हुञ्जेलसम्म दुःख हुने नै भएकोले



Downloaded from http://dhamma.digital

वहाँ त्यहाँबाट अगाडि बढ्नुभयो । ललितविस्तर अनुसार राजगृहको उदकरामपुत्र कहाँ आउनु भई गुरूले प्राप्त गरिरोको नैवंज्ञायातन ध्यानभूमी साक्षात्कार भएता पनि त्यो पनि क्लेश उपशमको लागि पूर्ण न भएको उरूवेलमा बस्नु भयो । भर्खर काटी पानीमा भिजाइराखेको अथवा भर्खर काटेर राखेको उदुम्बर रूखको काठ भिजाई आगो न निस्कने जस्तै स्वास्नी छोराछोरी समाई अथवा एकसाथ बस्नेलाई त्यागेता पनि एकसाथ न बसेता पनि मनले समाइराखेसम्म लोकुत्तर धर्म लाभ हुनसक्तैन । यसरी मनमा उपमा देखा पर्न आएता पनि त्यसबेलाको धर्माभ्यासको वातावरणले चित्तले चित्तलाई दबाउने दुष्करचर्या गर्नुभो । अझ श्वास प्रश्वास रोक्ने ध्यानमा बस्नुभयो । त्यो ध्यानको अवस्थामा अति तिब्र वायुले ब्रह्माण्डमा चढी टाउको माथि बज्राए जस्तो वेदना भयो । सारा शरीर आगोको धिस्कोमा परेको जस्तै पोल्यो । अनि अनेक तरहले खाना त्यागने गर्नुभएको बेला वहाँको शरीरको रंग र अंगप्रत्यंगको अवस्था के कस्तो भयो राम्ररी वर्णन गरिराखेको छ । अझ निर्वाणको उद्देश्यले यो प्रयासलाई नबुझ्दा पुण्य पनि चाहिन्छ भन्ने अर्थ निष्काम कर्मको भ्रम व्याख्या हुन सक्नुमा होश दिलाइराखेको छ । यी दुई क्षेत्रमा दुष्करचर्या पनि निर्वाणको लागि नभएको थाहा पाउँने बित्तिकै आफू बच्चा छँदा गर्नुभएको आनपान देखि ध्यान गर्नुभो । अनि यसको अभ्यास गर्न फेरी आहार पान सेवन गर्नुभो । यसरी आहार पान सेवन गर्दा पञ्चवर्गीयहरूले वहाँलार्य छोडेर गए । यो घटनालाई कथाको सिलसिलामा एउटा घटनाको रूपमा नै लिनुपर्दछ । बुद्ध नै हुनेछ भन्ने आफ्नो भविष्यवाणी अथवा गृहत्यागेमा बुद्ध नै हुनेछ भन्ने आफ्नो भविष्यवाणीले नै आफूलाई अनुहारमा ई गरेको तथ्य यहाँ छ । अझ आफ्नो भविष्यवाणीको बलियो विश्वासमा आफूहरूले गृहत्याग समेत गरेर आएका यी भद्रवर्गीहरूले वहाँलाई छोडेर गए, यसको आधार वहाँले निराहार दुष्कर तपस्या परित्याग गर्नुभएको एउटा बाहेक अन्य कुनै कारण थिएन । यसको सारांश यति नै भयो, त्यसबेलाको आँखामा दुष्कर तपस्या नै धर्म थियोः धर्म भनेको दुष्कर तपस्या बिना असम्भव छ ।

त्यसो भएर त बोधिज्ञान प्राप्ति अघि सिद्धार्थ बुद्ध हुनेछ भन्ने आफ्नो भविष्यवाणी , आफ्नो शास्त्र, दर्शन र अध्ययनको सारांश, अझ यो विश्वासमा आफूहरूले गृहत्याग गरेर आई वहाँका सेवा गरिरहेको प्रयास समेतलाई फालेर गए । उता, साँच्चैको कुरा के थियो त भने दुष्कर तपस्या बोधिको मार्ग रहेको थिएन । यही यथार्थता बोधिज्ञान प्राप्ति पछि , त्यस ज्ञानको उपदेश दिएर कसैले पनि बुझ्ने हो कि ग्रहण गर्ने हो कि भन्ने शंका अर्थात् बोधिको कुरा उपदेश दिएता पनि दिनु मात्र हुने हो कि भन्ने मनमा लाग्यो भन्ने कथनमा गुज्जिरहेको देखिन्छ । अझ यही कारणमा भगवान् बुद्धले आफ्नो मध्यममार्ग, अष्टांगिक मार्ग प्रदर्शन गर्नु भन्दा अगाडि पहिलो शर्तको रूपमा दुइवटा अतिवादलाई छोड्ने उपदेश दिनुभएको हो । यो कुरालाई प्रस्तुत पुस्तकमा शिशु सिद्धार्थको भविष्यवाणी देखी महासंबत् १०३ मा बुद्धत्व लाभ भएको सम्मको कुरा राम्ररी वर्णन गरिराखेको छ । बुद्धत्व प्राप्ति पछि विश्यना कर्मस्थानको निमित्त योग्य विशिष्ट व्यक्तिहरु सम्झनु भएको क्रममा कालाम गोत्रको आलार र रामपुत्र उदकलाई सम्झनु भएको कुरोले स्पष्ट गर्दछ । धर्मचक्र प्रवर्तनको निमित्त आधारभूत कुरा विपश्यना हो : साथै लौकिक ध्यानद्वारा पनि लोकुत्तरू ध्यानमा अभिमुख परिवर्तन भई अगाडि बढ्न सकिन्छ । तर कालाम सात दिन अगाडि उदक एक दिन अगाडि मात्र संस्कारले लात् मार्न लगाउनु परेकोले अनि परिव्राजक उपकले पटिपुग्गला (फराकिलो पारी प्रतिस्पर्धा गर्नसक्ने व्यक्ति) फेला पारेर पनि गलत मिथ्यालाई मजंबूतसँग समातिराखेको कारणले पुण्य संयोगाको आशीर्वाद त्यसबेला उसले पाउँन सकेन । त्यसबेला बुद्धलाई भेटेर पनि बुद्धको दर्शन गर्नसकेन । एकजना



Downloaded from http://dhamma.digital

शिकारीको छोरी चापासँग गृहबन्धनमा भेटेर पनि बुद्धको दर्शन गर्नसकेन । एकजना शिकारीकी छोरी चापासँग गृहबन्धनमा बाँधिसकेर उसले झसंग माने । गुरूले दिएको न भएर पनि आफू स्वयम्ले पनि ज्ञान पाउँन सकिन्छ भन्ने चाल पाए । बल्ल पछि बुद्ध समक्ष शरणगत हुन आए-यो लामो कथा, गृहत्यागी भए पनि तृष्णा विरक्तलाई पालनगर्न नसक्ने अथवा तृष्णाको चोटले अति तिब्र चोट आगेको बेलामा मात्र विरतिधम्म बुझ्ने सत्य सागरको अग्लो गहिरो (फराकिलो कथा यहाँ सूचनाको रूपमा आइराखेको छ) । यसरी यस पुस्तकको भित्री कथालाई बुझ्न बौद्ध संस्कार चाहिएको छ ।

यस पछि भगवान् बुद्धले धर्मचक्र प्रवर्तन गर्न काशीपुर जानुभयो । पञ्चवर्गीयहरूले र संस्कर धर्मले वहाँको बारेमा टीका टिप्पणी गरिरहेका थिए । तर भगवान् बुद्ध जति जति नजिक आइपुग्नुभो त्यति त्यति तिनीहरु आफ्ना निर्णय माथि टिक्नसकेनन् , भगवान् बुद्धलाई खुट्टा धुन पिङ्को राखिदिने पानी दिने र चटकी बिछ्याउने गर्नलागे । भगवान् बुद्धले उनीहरूलाई अमतमधिगत (निर्वाण धर्म अधिगत) भइसकको कुरा सम्झइ दिएर आषाढ पूर्णिमाको सूर्य र चन्द्र दुबैको प्रकाश रहेको बेलामा धर्मचक्र सुत्रको देशना प्रारम्भ गर्नुभयो । जहाँ कि ललितविस्तरमा रातको अन्तिम प्रहरमा हो । यस पछि पालि मूल, शब्दार्थ र भावार्थ दिइराखेको छ । अन्त शब्दको व्याख्या पढ्न नै लायक छ । कामसुखको अर्थ सम्झउन दिई पहिलो खण्ड अन्त्य भएको छ । धर्मचक्र सूत्रोपदेशको दोश्रो खण्ड कामसुखको हीन, ग्रामीण शहरीया बानी ब्यहोरा, जनसाधारण पृथग्जनहरूको चाल चलन , अनार्य असत्पुरुषहरूको आचरण, आफूलाई नचाहिने र आफूलाई काम नलाग्ने असल नहुनु किसिमले भित्रिसम्म बयान गरी प्रव्रजितहरूले सारिराखेको छ । महावग्गको कामसुखल्लिकानुयोगो नै महावस्तु र ललितविस्तरको कामसुखल्लिकानुयोगो हो । अनि महावस्तुमा यसलाई हीन भनिराखेको देखापर्दैन । यस पुस्तकमा दीघनिकायको  पासादिक सूत्र अनुसार चार प्रकारको सुखल्लिकानुयोगोको वर्णन(पृष्ठ ५४-५५) गरी शरीरलाई दुःख कष्ट पुऱ्याउनु संवर र निज्जरा कम्म (कर्म) भन्ने दृष्टिकोणको समीक्षा भइराखेको छ ।

दोश्रो महावग्गमा अत्तकिलमथानुयोगो दुक्खो , अनरियो, अनत्थसंहितो हो भने महावस्तुमा दुक्खो, अनार्यो, अनर्थसंहितो हो । ललितविस्तरमा कायकलमथानुयोगो नार्थोपसंहितो देष्टिधर्म अश्चयत्यां च दुक्खो विपाकः भनिराखेको छ । शरीरलाई पूर्व संस्कारको भोग कम गर्न भनेर शरीरमा दुःख दिने निज्जराको वर्णनमा पाँच प्रकारका आगोले पोल्न लगाइराख्नु जसरी दुःख मात्रको निमित्त हो, अनर्थसँग मात्र जोडिएको मिथ्या हो भन्ने बुझाइ दिनु अनि शीलपालन गर्नुभनेको अत्तकिलमथानुयोगो होइन भनी दर्शाउने गरिराखेका छ (पृष्ठ.५५६२) । साथै यर्यापथमा हुने वेदना सहनगर्ने मात्र खन्तीसंवर (क्षान्ति संवर)हो भनी सम्झाई दिएको छ भने सिद्धार्थको महाभिनिष्क्रमणसम्मको गृहीजीवन पहिलो अन्तको अनि ६ वर्षको दुष्करचर्या अन्य अन्तको मार्गमा परिरहेको कुरा उल्लेख गरिराखेको छ ।

तथागतले यी दुई अतिमार्गलाई प्रतिवेध गरी बीचको मार्ग (आचरण) साक्षात्कार गर्नु भयो । यो प्रज्ञाचक्षु लगाई दिने प्रज्ञाज्ञान ब्युँझाई दिने आचरणको कुरा विपस्सनाको साधकमा पनि स्मृतिप्रस्थान भावना विधिद्वारा कसरी गर्छ भन्ने कुराको चर्या अनिच्च दुक्ख र अनत्तको आयामिक वर्णन नै हाम्रो लागि ठुलो मार्गदर्शन भइराखेको छ । विपस्सनाद्वारा क्लेशको शमन तदंग रूपले हुँदै जसरी सन्तानानुशय क्लेश आर्यमार्गले हटाई लान्छ अनि फेरी भावनाभिसमय भई प्रतिवेधद्वारा निर्वाण साक्षात्कार हुन्छ, क्रमशः दर्शाइराखेको छ ।



Downloaded from http://dhamma.digital

बीचको बाटो (मज्झिमपटिपदा) आठ अंगको हो । यसको व्याख्या पुस्तकमा सूत्रोपदेशको प्रासंगिक कुरा वर्षावास पवारणा पछि शील, समाधि र प्रज्ञा क्रमले अष्टांग मार्गको व्याख्या सारै नै सरल स्पष्ट र सरल भाषाले सतिपट्ठानको पृष्ठभूमीमा भइराखेको छ । जब यो पुस्तकका पाठहरु सम्मादिट्ठिको व्यापक (शूक्ष्म अध्ययन कम्मस्सकता, झान, विपस्सना, मग्ग र फल सम्मादिट्ठि (पच्चवेक्खणा सम्मादिट्ठि ) भन्ने ठाउँमा पुगिन्छ (तब) जानेको बुझेको कुरा जानि नसकेको बुझि नसकेको भित्रि कुरामा, नजिकको कुरा आफ्नो अनुभूतिदेखि ताढिएको कुरामा , सरल गम्भीर कुरामा व्यक्तगर्ने शिक्षण शैलीमा धर्मावबोधको स्थितिमा पुगिन्छ । यही नै सूत्रोपदेशको तेश्रो खण्ड अन्त्य भइराखेको छ ।

धर्मचक्र सूत्रोपदेशको चौथौ खण्डमा चार सत्यको कुरा शरूवात गरी दुःखसत्यको कुरा आइराखेको छ । दुक्खसच्चमा दुःखका भिन्न भिन्न वर्णनमा ब्याधिदुःख पाठ भेदको कुरा त्रिपिटकको पाठ भेदको भित्री कुरा बुझ्न सहयोगी हुनगएको छ । जन्म दुःखको कुरामा सात प्रकारका दुःखका कुरा बताइराखेका छन् । शारीरिक र मानसिक सहन नसक्ने दुःख दुक्खदुक्ख, पहिले सुख सम्झिरहने पछि सम्झिरहेको सुखको आधार लोप भएर, बिग्रेर, अन्त भएर जाँदा दुःख सम्झिने विपरिणामदुक्ख हो भने उपेक्षा वेदनाको जुन दुःख संखारदुक्ख देखि दुःखको विषय गम्भीर भइराखेको छ । जन्मको दुःखमा आमाको गर्भमा रहेको बेला जन्मने बेला वृद्ध वृद्धा र मरणको बेलामा दुःखको वर्णन स्पष्ट छ । जीवनमा शोक सन्ताप कहाँबाट कसरी आउँछ भन्ने कुरामा ाातिब्यसन, भोगब्यासन र रोगब्यसनसम्म सबैले बुझ्दछ) सीलब्यसन र दिट्ठिब्यसन दुःखको कुरा हामीले झ्वाट्ट देखिने दुःख होइन । स्मृतिप्रस्थान विधिले कसरी शारीरिक दुःखमा मानसिक दुःखबाट मुक्त होइने दौर्मनस्य दुःख कम भएर जाने , अनि अत्याधिक भित्री हृदयमा जलन हुने, अप्रिय लाग्नेसित टास्सिएर प्रिय लाग्नेलाई अंगालेर इच्छालाई अंगालो मारेर हुने दुःखबाट टाढिनसक्ने हो बताइराखेको छ । उपादानस्कन्ध दुःखलाई भने, बारबार पढेमा मात्र विस्तारै बिस्तारै बुझे जस्तो हुने छ ।

दुक्खसमुदयको कुरा धर्मचक्र सूत्रोपदेशको पाँचौ खण्डको विषयवस्तु रहेको छ । तृष्णामा ट्याप्प टाँसेर नै फेरि फेरि जन्म भइरहने हुन्छ । यो टाँसिनुमा प्रिय मानेर मज्जा लागेर रहने दुःखलाई दुःखको रूपमा नदेखिने हुन्छ । यहाँनिरको दर्शन अतिगम्भीर छ । दुःख पनि सुख जस्तो देख्न पाउँ भन्ने अथवा दुर्गन्धित हिलोमा सुँगुर चलिराखेको देखेर मान्छेलाई घृणा लागेता पनि उसलाई त रमाइलै लागेको हुन्छ भन्ने दृष्टिकोण यहाँ नभएको होइन । यो कुरालाई चम्पेय्य नागराजको कथावस्तुले कोट्याइरहेको छ । अस्सक राजा र उपरि महारानीको रमाइलो कथाले तत्रतत्रभिनन्दिनीलाई बुझाउन खोजिएको छ ।

त्यस्तै नै जन्म मरणको चक्रमा चक्रकाटिरहने व्यक्तिहरु कहिले ब्रह्मा भएर झलमल्ल प्रज्वलित भइरहन्छ भने फेरी कहिले भुनी (सुँगुरनी) भएर हिलोको खाल्डोमा बुद्ध बुद्ध भइरहनु पर्ने छ भन्ने कुरा १३-वटा जन्मक्रमको कथाले उल्लेख भइरहेको छ (पृ.१६९--१७४) । गहकिलो व्याख्या यहाँनिर श्रमण देवपुत्रको कथा, स्वास्नीप्रति माया लागेर साँप कुक्कुर गोरु हुनपुगेको कथा, धर्मकथिक महास्थविरको सयादोको पूर्वजन्म बताउने कथा, ४०-रूपैयाँ ऋण तिरेको लिइसकेर पनि लिएको मात्र भए (तिम्रो) घरमा भैंसी भएर जन्मन्छू भनेकोले भैंसी भएर जन्मेको र मुद्दा भएको जस्तो कथाहरु आइरहेका छन् । यी कथाहरु राम्रा छन्, रमाइला छन् । तर पनि धर्मचक्र सूत्रोपदेशको विपश्यनाको पृष्ठभूमिमा भइरहेको गहन व्याख्यामा बीचमा आइरहेका यी कथाहरूले ब्यवधान लगाइरहेका छन् जस्तो लाग्दछ ।



Downloaded from http://dhamma.digital

तैपनि कामतृष्णा, भवतृष्णा र विभवतृष्णाको व्याख्या देखि फेरी विषयवस्तु गहकिलो हुँदै गई पाँचौ खण्ड अन्त्य भईरहेको छ ।

धर्मचक्र सूत्रोपदेशको छैठौं खण्डले निरोधसत्य बुझाइ दिइरहेको छ । तण्हा (तृष्णा) को असेसविराग-निरोधो बाँकी साकी नै नरहनेगरी निरोध, त्याग, र समाउनु नै तेश्रो सत्य हो । यो अपायगामी, कामतृष्णा शान्तवस्था श्रोतापतित्व, कोडा कामतृष्णाको शान्तवस्था सकृदागामीत्व, निरवशेष रूपको कामतृष्णा शान्तवस्था अनागामित्व पछि विपस्सनाद्वारा विरति आदि सिद्ध हुन्छ । सूर्य उदय पछि अन्धकार लोप भएर जान्छ, अरहन्त भए पछि तृष्णा सदाको निमित्त शान्त भएर जान्छ । नयाँ जन्म नामरूप स्कन्ध आफसेआफ शान्त भएर जान्छ ।

धर्मचक्र सूत्रोपदेशको सातौ खण्डमा आर्यसत्य ज्ञानको अनुभूति उद्‌गारद्वारा अगाडि सरिरहेको छ । चार सत्य साक्षात्कार हुनासाथ प्रज्ञाचक्षु लगाइदियो, ज्ञान (ञाण) उदय भयो, विभेद गरी जान्ने प्रज्ञा (पञ्ञा) उदय भयो, प्रतिबेधद्वारा जान्ने विद्या (विज्जा) उदय भयो अनि प्रकाश (आलोक) चम्केर आयो देखेको, सुनेको, सुँघेको, खाएको, छोएको, विचार गरेको पटक्कै पिच्छे भेटिने पाँच उपादानस्कन्धको दुःखद स्वभाव चाल पाइयो । आँखा, ज्ञान, प्रज्ञा, विद्या र आलोक भनी पाँचवटा नाउँले भनिराखेको विभिन्न व्यक्तिहरूले प्रकट रूपले देखाइ दिनको लागि हो । विपस्सना अनुसार पमार्थतः तत्वहरु यथातत्वको सत्यताको सत्यज्ञान, सत्यज्ञानसित सम्बन्ध जोडी गर्नुपर्ने गर्नयोग्य कामद्वारा जानिएको कृत्यज्ञान र सत्य भाविता गरी बुझेर अनित्य, दुःख र अनात्म बोध अनुभूत विपश्यनाज्ञान कृतज्ञानले समाउनसक्नको लागि हो । (पृ. २४०–२४२)

दुःखको निरोध र शान्त पार्न दुःखको उत्पत्ति र वृद्धिको कारणलाई हटाउनु पर्दछः जसरी रोग निको पार्न रोगको उत्पत्ति कारणलाई औषधिले हटाउनु पर्दछ । यसरी हटाउन तीनै प्रकारका तृष्णालाई राम्ररी चिन्नुपर्दछ ।

यो खण्डमा बताइराखेको दुःख, समुदय, निरोध र मार्गसत्यमा सत्यज्ञान कृत्यज्ञान र कृतज्ञानको विवेचना हतार नमानिकन पढ्दै जाँदा भित्री कुरा हृदयमा अड्ने गरी बुझ्ने छ ।

यही क्रममा बर्माबाट आउनु भएका नेपाली मूल हुनुभएका जटिल भिक्षुले आफ्ना स्वजातीहरु तथा नेपालका जनजातीहरूलाई प्रतीत्यसमुत्पाद धर्म ब्याख्यान गर्दै बुद्धधर्मको मर्म बुझाउने क्रममा त्रिरत्न वन्दना, परित्राण, प्रतीत्य समुत्पाद धर्मको धातुचक्रलाई देशना गर्दै प्रकाश गरिसकेपछि पट्ठानलाई पनि नेपाली भाषामा अर्थ सहित प्रकाश गर्ने इच्छा गर्नु भएको हुनाले वहाँकै इच्छा अनुसार पहिले पूज्य बुद्धघोष महास्थविरज्यूबाट अनुवाद गरी प्रकाश गर्नु भएको परित्राणको शब्दार्थ सहित अनुवाद गरी प्रकाश गरिसकेपछि फेरी यो पूज्य ज्ञानपूर्णिक महास्थविरज्यूले नेपाल भाषामा अनुवाद गरी प्रकाश गर्नुभएको "पच्चय उद्देस निद्देस पट्ठान पालि" पुस्तकलाई उहाँसंग अनुमति लिएर नेपाली भाषामा अनुवाद गरेको हो । यसलाई वहाँले आफ्नो अस्वस्थतालाई समेत पर्वाह नगरीकन संशोधन गरी दिनुभएको हुनाले हामी वहाँप्रति आभारी छौं ।

यो पुस्तक प्रकाश गर्ने जटिल भन्तेको अनुपस्थितिमा उहाँको प्रतिनिधित्व गरी सम्पूर्ण अभिभार लिनुभएकोमा उपासक धर्मराज लामा प्रयागपोखरी पनि धन्यवादका पात्र हुनुहुन्छ । साथै यो पुस्तक आफ्नो दिवंगत स्वामीको पुण्यस्मृतिमा प्रकाश गरी धर्मदानको निम्ति आर्थिक सहयोग गर्ने धरान निवासी बिष्णुदेवी श्रेष्ठ र उनका परिवारपनि धन्यवादका पात्र हुनुहुन्छ ।

अन्तमा पुस्तकलाई बेलैमा राम्रेसंग छापीदिनुहुने बागमती प्रेस परिवारलाई पनि धन्यवाद छ । अस्तु ।

**अनुवादक धर्मरत्न शाक्य त्रिशुली**

बुद्ध सम्बत २५४१, श्रावण पूर्णिमा झतापोल ताजाफ (हाल शंखमूलचोक, नयाँबानेश्वर)



Downloaded from http://dhamma.digital




# दश पुण्य-पुष्प

## दुई शब्द

श्रद्धालु बौद्धजनले अपनाउनु पर्ने दान, शील, भावना लगायत दश पुण्य क्रिया वस्तुलाई स्पष्ट गर्दै त्यसको राम्ररी पालन गर्नाले पाइने प्रतिफलका बारे दृष्टांगत कथाहरु सहित बुझाईएको यो सानो पुस्तिका हो ।

म्यान्मार् (बर्मेली) भाषाबाट आदरणीय भन्ते ज्ञानपूर्णिक महास्थविरज्यूले नेपाल भाषा (नेवारी) मा अनुवाद गर्नु भएको यो पुस्तिका 'पुण्य पुष्प भिफ्वः स्वाँ नाउँले केही वर्ष अघि प्रकाशित भएको हो । उनै श्रद्धेय विद्वान् भन्तेको वचन अनुसार नेपाल भाषाबाट अब यो नेपाली भाषामा रूपान्तर गरिएको हो । म कुनै विशेष शैलीमा लेख्ने क्षमता भएको मानिस होइन र त्यसैले यो सीधा सादा ढंगले गरिएको केवल शाब्दिक अनुवाद मात्र हो । सर्वसाधारणजनले सफलतापूर्वक बुझ्न सकून् भन्ने कामना सहित अनुवाद गरिएको हुनाले भाषा र लेखन ढाँचा स्तरीय नभएको पाठकवृन्दलाई महशुस हुनगए त्यसका लागि क्षमा चाहन्छु । अस्तु । भवतु सब्ब मंगलम् ।

**अनुवादक ज्योति शाक्य**
आषाढ पूर्णिमा
बु. सं २५४३



Downloaded from http://dhamma.digital

# अभिधम्म एक चिनारी




"अभिधम्म अध्ययन समाज नेपाल" ले समाजको पूर्व घोषित उद्देश्य बमोजिम प्रायः सबै नेपालीहरूले अध्ययन गर्न सकिने गरी नेपाली भाषामा "अभिधम्म एक चिनारी" नामक यस पुस्तक पाठकहरु समक्ष राख्न पाएकोमा समाजका हामी सबैले खुशीको अनुभव गरेका छौं ।

"अभिधम्म अध्ययन समाज नेपाल" को स्थापना भए यता अभिधम्म सम्बन्धी पुस्तकहरु क्रमिक रूपमा प्रकाशित गर्ने सिलसिलामा "अभिधम्म एक चिनारी" नामक यस पुस्तकको प्रकाशन हुन सकेको हाम्रो यो पहिलो प्रयास हो । बौद्धहरूले अध्ययन र अध्यापन गरिआएको अभिधम्मपिटकः त्रिपिटक धर्म ग्रन्थ मध्येको तीन भागको एक भाग मात्र हो ।

भगवान् बुद्धले, बहुजन हिताय र बहुजन सुखायको उद्देश्यले बुद्धत्व प्राप्त गर्नु भए देखि महापरिनिर्वाण नहुन्जेल ४५ वर्ष सम्म निरन्तर पैदलबाट गाउँ, गाउँ, नगर, नगर घुम्दै दिनु भएको उपदेशहरूको संग्रहित धर्म ग्रन्थलाई त्रिपिटक भनिन्छ ।

त्रिपिटक धर्मग्रन्थको शाब्दिक अर्थ तीन टोकरी हो । यसरी टोकरीहरूमा भरिएका धर्मग्रन्थहरूलाई विभाजित गर्नसक्ने भएकोले यसलाई त्रिपिटक भन्ने नामाकरण गरिएको हो । ती तीन पिटक धर्मग्रन्थहरु हुन्ः

(१) सुत्तपिटक (२) विनयपिटक र (३) अभिधम्मपिटक ।

(१) **सुत्तपिटक**

यस सुत्तपिटककमा भगवान् बुद्धले ४५ वर्ष सम्म विभिन्न समय र विभिन्न स्थानहरूमा भिक्षु र भिक्षुणीहरु, उपासक र उपासिकाहरूको भेलामा गर्नु भएको धर्मदेशनाहरूको संग्रहित धर्मग्रन्थहरु समावेश भएको पाइन्छ । सुत्तपिटकमा संग्रहित मुख्य धर्मग्रन्थहरु निम्न प्रकारका हुन् ।

(१) दीघनिकाय (२) मज्झिमनिकाय (३) संयुत्तनिकाय (४) अङ्गुत्तरनिकाय र (५) खुद्दकनिकाय

(२) **विनयपिटकः-**

यस विनयपिटकमा भिक्षुहरु र भिक्षुणीहरूले पालना गर्नुपर्ने संग्रहित नियमहरु समावेश गरिएको पाइन्छ । विनयपिटकमा संग्रहित मुख्य ग्रन्थहरु निम्न प्रकारका छन् ।

३. **अभिधम्मपिटकः-**

अभिधम्मको शाब्दिक अर्थ विशेष धर्म हो । भगवान् बुद्धले बुद्धत्व प्राप्त गरेको चौथौं हप्तामा चिन्तन मनन गर्दै अवधारित धर्मलाई नै अभिधम्म भनेको हो । संक्षिप्तमा भन्ने हो भने भगवान् बुद्धले अभिधम्मको संरचना गर्नु हुँदा मुख्यतया चित्त चेतसिक, रूप र निर्वाण समेत गरी चार परमार्थ धर्महरूको संरचना (अवधारणाको विकास) गर्नु भएको थियो ।



Downloaded from http://dhamma.digital

त्यसकारण अभिधम्मलाई – चित्त, चेतसिक, रूप र निर्वाण समेत गरी चार परमार्थ धर्महरूको यथार्थ वर्णन भनेर भनिन्छ । यसरी अभिधम्मको अध्ययन र अध्यापन गर्नु भनेको नै धर्म-विनयमा सम्यक्‌दृष्टि प्राप्त गर्नु हो ।

फेरि अभिधम्मलाई गहिरिएर अध्ययन र अध्यापन गर्नेले संसारका जति पनि धर्महरु छन्- ती सबै नै वास्तवमा उत्पत्ति हुँदै विनाश हुँदै जाने नाम र रूप मात्र हुन् भन्ने निचोडमा पुग्नु हुनेछ । त्यसकारण अभिधम्मलाई अत्यन्त, विशिष्ट, सूक्ष्म , प्रगाढ र अत्यन्तै महत्वको धर्म-ग्रन्थको रूपमा लिने गरेको हो । मानिसहरूमा अनित्य, दुःख अनात्मा बारे बोध हुनु, अभिधम्मको गहिरिएर अध्ययन विना बोध हुने कुरो होइन । यिनै कुराहरूको कारण अभिधम्मको अति महत्व भएकोले नै स्वयम् भगवान् बुद्धले भन्नु भएको थियो-

"यो धम्मं पस्सति, सो मं पस्सति" अर्थात् "जसले धर्मलाई बुझ्छ, उसले मलाई देख्दछ ।"

यस अभिधम्म धर्मग्रन्थमा भगवान् बुद्धले चार परमार्थ धर्महरूको यथार्थ वर्णन गर्नुको साथै यसमा बुद्ध शासनमा भएका परियत्ति, पटिपति र पटिवेध समेत भएको हामी पाउँछौ । त्यसकारण हामीले अभिधम्मको अध्ययन र अध्यापन गर्नेमा विशेष जोड दिएका हौं ।

भगवान् बुद्ध जन्मेको देश नेपालमा आजसम्म पनि अभिधम्म धर्मग्रन्थका सात प्रकरणहरूको आधारमा अध्ययन र अध्यापन गर्नसक्ने वातावरणको सृजना हुनसकेको पाईंदैन । यसका कतिपय कारणहरु मध्ये नेपाली भाषामा लिखित अभिधम्मका पुस्तकहरु नेपालमा पाउन नसकेर पनि यस किसिमको वातावरणको विकास हुन नसकेको हुन सक्दछ ।

पालि भाषामा लिखित अभिधम्मका सात प्रकरणहरु आज हाम्रा छिमेकी देशहरु जस्तै श्रीलंका, म्यानमार र थाइल्याण्डमा समेत आ-आफ्नो भाषामा भैसकेको पाइन्छ । तर नेपालमा हालसम्म पनि अभिधम्मका सात प्रकरणहरूको अध्ययन र अध्यापन गर्ने गराउने वातावरणको विकास गर्नसकेको छैन ।

आज हामी सहस्राव्दीको वर्षमा प्रवेश गरिसकेका छौं । यस परिवर्तित स्थितिमा हामीले पनि अभिधम्मको अध्ययन र अध्यापनको साथै विपस्सना ध्यान भावनाको अभ्यासमा राम्रोसँग लाग्न सके, हामीहरु मध्येले पनि मार्गफल पाउने आशा राख्नुमा अनुचित हुनेछैन । त्यसकारण आउने दिनहरूमा हामी सबै (भिक्षुहरु, अनागारिकाहरु, उपासकहरु, उपासिकाहरु, बौद्ध विद्वानहरूको अतिरित्त, श्री ५ सरकारको साथै अभिधम्म अध्ययन समाज नेपाल) ले सबै नेपालीहरूले अभिधम्मको सात प्रकरणलाई समेत आधार बनाएर अभिधर्मको अध्ययन र अध्यापन गर्नसक्ने खाले वातावरणको श्रृजना गर्न आ-आफ्नो तहबाट सक्दो प्रयासहरु हुनु अत्यन्तै आवश्यक भैसकेको हामीले महसुस गरेका छौं ।

उपरोक्त परिस्थितिले सृजित वातावरणलाई मध्य नजर राखेर अभिधम्मको अध्ययन र अध्यापन गर्न, अभिधम्म अध्ययन समाज नेपालले आफ्नो यस प्रयासहरूलाई निरन्तरता दिई अगाढि बढ्ने कुरोले पनि सबैलाई अवगत गराउन चाहन्छौं । हाम्रो यस प्रयासमा अहिले झैं भिक्षुहरु, अनागारिकाहरूको साथै उपासक उपासिकाहरूवाट पनि हामीलाई निरन्तर रूपमा सहयोग प्राप्त हुनेछ भन्ने पनि हामीले अपेक्षा गरेका छौं ।

जहाँसम्म प्रकाशित पुस्तकको कुरो छ, प्रस्तुत पुस्तकबाट नेपाली समाजका (धर्ममा चिन्तन मनन् गर्न इच्छा भएका) प्रायः सबै वर्गहरु लाभान्वित हुने हामीले विश्वास गरेका छौं ।



Downloaded from http://dhamma.digital

यसरी लाभान्वित हुनेहरूमा, उपत्यका भित्रका विभिन्न बौद्ध विहारहरूको साथै केही स्कूलहरूमा समेत गरी हाल १९ वटा केन्द्रहरूमा बौद्ध परियत्ति शिक्षाको कक्षाहरु संचालन भैरहेको सबैमा जानकारी भएकै कुरो हो । नेपाल बौद्ध परियत्ति शिक्षाको पाठ्यक्रममा अभिधम्म समेत समावेश भएकोबाट प्रस्तुत पुस्तकको प्रकाशनबाट नेपाल बौद्ध परियत्ति शिक्षाका विद्यार्थीहरु पनि लाभान्वित हुने हामीले आशा गरेका छौं ।

भगवान् बुद्धको जन्मभूमि नेपालमा पनि त्रिभुवन विश्वविद्यालय अर्न्तगतको नेपाली इतिहास, संस्कृति र पुरातत्व विभागले यसै वर्षदेखि बौद्ध शिक्षामा (पोष्ट ग्राजुयट डिप्लोमा इन बुद्धिष्ट स्टडिज) अध्ययन गर्न पाउने व्यवस्था गरेको पनि सबैमा बिदितै भएको कुरो हो । यसरी बौद्ध शिक्षामा पोष्ट ग्राजुयट डिप्लोमा इन बुद्धिस्ट स्टडिजमा अध्ययन गर्ने विद्यार्थीहरु समेत प्रकाशित पुस्तिकाबाट लाभान्वित हुने हामीले आशा गरेका छौं । हाल नेपालमा पनि विपस्सना ध्यान भावनाको अभ्यासमा लाग्नेहको संख्या क्रमिकरूले बढ्दै गएको सबैमा जानकारी भएकै कुरो हो । क्रमिकरूपमा प्रकाशित गर्दै जाने अभिधम्मको प्रस्तुत पुस्तकबाट विपस्सना ध्यान भावनाको अभ्यासमा लाग्नेहरूलाई पनि सहयोग पुग्ने हामीले आशा गरेका छौं ।

वास्तवमा वर्तमान पुस्तकको प्रकाशन गर्ने सिलसिलामा हामीले धेरै भिक्षुहरु, अनागारिकाहरु, उपासक र उपासिकाहरूसँग सहयोग मागेका थियौं । यसरी हाम्रो यस कार्यमा सहयोग गर्नेहरूलाई हाम्रो समाजको तर्फबाट साधुवाद पनि दिन चाहन्छौं । यसरी साधुवाद पाउनेहरूमा प्रथमत प्रस्तुत "अभिधम्म एक चिनारी" को मुख्य आधार नै श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविरज्यूबाट समय समयमा अभिधम्म अध्ययन समाज नेपालद्वारा आयोजित प्रवचन कार्यक्रममा दिनु भएको गहन प्रवचनहरु नै भएको हुनाले, अभिधम्म अध्ययन समाज नेपालका हामी , वहाँप्रति आगाढ आभार व्यक्त गर्न चाहन्छौं ।

प्रस्तुत पुस्तकको आवरण पृष्ठको साथै पछिल्लो पृष्ठका चित्रहरु हामीले दिएको डिजाइन अनुसार तयार गरी सहयोग गर्नुभएकोमा पाटनढोका बस्नुहुने श्री लोक चित्रकारलाई पनि साधुवाद दिन चाहन्छौं । यसै गरी पुस्तक भित्रको भगवान् बुद्धको चित्र तयार गरी सहयोग गर्नुभएकोमा सामाखुशी बस्नुहुने श्री अमिरमान चित्रकारलाई पनि धन्यवाद दिन चाहन्छौं । यस पुस्तकको भगवान् बुद्धको चित्रको साथै आवरण पृष्ठको चित्रको केही पक्षहरूमा आवश्यक सुधार गर्ने कार्यमा सहयोग गर्नुभएकोमा चिकंअट बस्नु हुने श्री भक्तलाल चित्रकारलाई पनि धेरै धन्यवाद दिन चाहन्छौं ।

प्रस्तुत पुस्तकको भाषाको सम्पादन गरी सहयोग गर्नु भएकोमा कुरिया गाउँ बस्नु हुने श्री मुकुन्द प्रसाद लामिछानेलाई पनि धन्यवाद दिन चाहन्छौं ।

यस पुस्तकको प्रकाशन गर्ने सिलसिलामा नेपाल भाषाको टेपलाई नेपाली भाषामा अनुवाद गरी सहयोग गर्नु भएकोमा अभिधम्म अध्ययन समाज नेपालकी कार्यकारणी सदस्य श्रीमती नवीना बज्राचार्यलाई पनि साधुवाद दिन चाहन्छौं । पुस्तकमा समावेश आवश्यक चित्रहरूको स्क्यानिङ्ग गर्नुका साथै स्तरिय मुद्रण गरी सहयोग गर्नु भएकोमा ललितपुर स्थित सुभाष प्रिन्टिङ्ग प्रेस लि. परिवारलाई पनि धन्यवाद दिन चाहन्छौं ।

पुस्तुत पुस्तकको प्रकाशनको लागी आर्थिक सहयोग (अनुदान) दिनु हुने सम्पूर्ण धर्मप्रेमी उपासक र उपासिकाहरूमा पनि हामी आभार व्यक्त गर्न चाहन्छौं ।

भवतु सब्ब मंगलं ।

प्रेमलाल चित्रकार

अध्यक्ष

अभिधम्म अध्ययन समाज नेपाल

काठमाडौं, नेपाल, मिति :- २०५७-१२-४



Downloaded from http://dhamma.digital




# सुत्तनिपात अट्ठकथाया खग्गविसाण सूत्र

## निगू शब्द

भगवान् बुद्धया देशनानुसार स्वथी प्रकारया बुद्धपिं मध्ये सम्यकसम्बुद्ध धका दीपंकरादि २८ म्ह तथागतपिं व श्रावक बुद्ध धका सम्यकसम्बुद्धया शासन दुबले वसपोलया उपदेश न्यना सीका थ्वीका आचरण याना क्लेशं मुक्त जुया बिज्यापिं सारीपुत्र महामौद्‌गल्यान आदि क्षीणाश्रव अर्हतपिं धका कनात:गु दु । परन्तु प्रत्येकबुद्धया विषये वसपोलपिंगु नाँया अतिरिक्त वसपोलपिंगु विषये थुलि हे जक न्यने दुकि:-सम्यकसम्बुद्ध उत्पन्न मज्वीगु शून्य कल्पे व बुद्धशासन अन्त ज्वीधुंका नं चतुरार्यसत्ययात स्वयं थ:थमं हे साक्षात्कार याना प्रत्येकबुद्धत्व लाभयाना कया बिज्याईपिं धका । मेगु वसपोलपिंगु छुं न्यने मखनिगु ख: ।

हानं लोके प्रत्येकबुद्धत्व लाभ याना बिज्यापिं सलंस: दोलंदो तक नं छगू हे समये पुच: मुना अनेक धारणी, सूत्रत पाठ याना बिज्याइगु धका धारणी व सूत्रयात महत्व बिया त:गु खँ नं भीगु नेपाले अनेक धारणी सूत्रे वर्णन जुयाच्वंगु दु । अथेनं प्रत्येकबुद्ध धैपिं गुजापिं , गथेयाना प्रत्येकबुद्ध जुई, गबले गबले जक दईगु, वसपोलपिंगु पारमिता गथे ख:, वसपोलपिंगु दिनचर्या गथे ख: धैगु छुं खँ न्यने मदया च्वंगुलि उकिया विषये जिज्ञासा दया हे च्वंगु जुल । सौभाग्यं पूज्य ज्ञानपूर्णिक महास्थविरया पाखें विश्वशान्ति महाविहारे सुत्तनिपातया देशना यात प्रशिक्षणया रूपं कना बिज्याबले थ:मं नं न्यनेगु अवसर चूलात । उबले हे थुगु खग्गविसाणसुत्तया वर्णन न्यना थ:त: जिज्ञासा जुयाच्वंगु प्रत्येकबुद्धया विषये उपदेश न्यंन्यं नोट यानावं वना ।

लोके बुद्धशासन मदुबले वा शासन अन्त ज्वीधुंका नं छुं छगू विषयया आरम्मण ग्रहण याना वैराग्य उत्पन्न ज्वीका विपस्सना भावना बृद्धियाना ज्ञान लाभयाना बिज्या: पिं थ:मं विस्तृत रूपं देशना याना बिमज्यासां दान शील भावनादि कुशल पुण्यक्रियाय् उदाहरण जुया दु:खं मुक्त ज्वीगु लँपुई प्रेरक जुया बिज्याईपि वसपोल प्रत्येकबुद्धपिसं प्रत्येकबोधि पूवंकेत निगू असंख्य व छगू लाख कल्प तक पारमिता धर्म पूवंकेत पूर्वयोगावचर पूर्ण याना तथागतया शासने प्रव्रजित जुया आरण्यक जुया गतप्रत्यागत व्रत पूर्ण याना श्रमणधर्म पूवंका बिज्यापिं जक प्रत्येकबुद्ध जुया बिज्याइगु वर्णन खँ न्यना । अले थ्व खँला सकसिनं हे सीका तय्मा:गु धैगु मतिं उगु उपदेशयात मुंका थुगु पुस्तक सम्पादन याना ।

खतु त्रिपिटके मेमेपिं नं प्रत्येकबुद्धपिं नां व वर्ण इसिगिलिसूत्र आदि अनेक थासे उल्लेख जुयाच्वंगु दु अथे नं थ्व खग्गविसाण सूत्रे जक उल्लेखित ४० म्ह प्रत्येकबुद्धपिंगु वर्णन नं थुकिया सम्बन्धे यक्वं ज्ञान दई धैगु मनं थुगु सफू प्रकाश यायेगु नं कुत: यानागु ख: ।



Downloaded from http://dhamma.digital

भीसं थुम्ह गौतम तथागतया शासन दुबले हे मार्ग फल प्राप्त यायेगु कुतः यायेमाःगु खः । मफुसा मैत्रेयबुद्धया समये मनुष्य जुया वसपोलया धर्म ग्रहण याना अवश्ययनं मार्ग फल प्राप्त यायेमाः । वथें हे लोके बोधिचर्या पूवंका बुद्ध ज्वीगु वा प्रत्येकबोधि चर्या याना प्रत्येकबुद्ध जूसां, ज्वीगु आकांक्षा याना च्वंपिं अनेक बोधिसत्वपिसं थःके दुगु पुण्यया पुसायात ब्वलंकीपिसं वसपोल तथागतपिंगु शासने प्रव्रजित जुया पारमिता धर्म पूर्ण याना एकान्तवास व अभिनिष्क्रमणया महत्वयात थ्वीका गतप्रत्यागत व्रत पूर्ण याना भविष्ये बुद्धत्व वा प्रत्येकबुद्धत्व लाभ जुये फयेमा धैगु कामना याना ।

थुगु धर्म देशना याना बिज्याना हानं सफूयात संशोधन याना थःगु छुं मन्तब्य नं बिया जितः प्रोत्साहन बिया बिज्याम्ह पूज्य ज्ञानपूर्णिक महास्थविरप्रति आभार व्यक्त याना । थुगु सफू प्रकाश यायेत साहु श्री कुलनरसिंह शाक्यजुं प्रदान याना बिज्यागु "अंगुत्तरनिकाय" सफूपाखें छुं सहयोग प्राप्त जूगुलिं वसपोल यात नं कृतज्ञता प्रकट यासे वसपोलया श्रद्धा एवं सद्भावना चिरस्थायी तथा सुस्वास्थ्य व दीर्घायुया कामना याना वथें हे ईले हे सफू पिकया ब्यूगुलिं बागमति छापाखाना परिवार पिन्त नं सुभाय् बियाच्वना ।

**धर्मरत्न शाक्य "त्रिशुली"**
**२०५८ ाषाढ पुन्ही**



Downloaded from http://dhamma.digital




# सुत्तनिपात अट्ठकथाको खग्गविसाण सूत्र

## (प्रत्येकबुद्धहरूको वर्णन)

### दुई शब्द

भगवान् बुद्धको देशना अनुसार तीन प्रकारका बुद्धहरु मध्ये सम्यक्सम्बुद्ध भनी दीपंकरादि २८ तथागतहरूर श्रावक बुद्ध भनी सम्यक्सम्बुद्धको शासन छँदा उहाँको उपदेश सुनेर जानी बुझी आचरण गरी क्लेशबाट मुक्त हुनुभएका सारिपुत्र, महामौद्गल्यान आदि क्षीणाश्रव अर्हत्हरु भनी बताइएको छ । परन्तु प्रत्येकबुद्धको विषयमा उहाँहरूका नामका अतिरिक्त यति मात्र सुन्न पाइन्छ कि- सम्यक्सम्बुद्ध उत्पन्न नहुने शून्यकल्पमार बुद्धशासन अन्त भइसकेपछि पनि चतुरार्यसत्यलाई स्वयं आफैले साक्षात्कार गरी प्रत्येकबुद्धत्व लाभ गर्नुहुने भन्ने मात्र । अरु उहाँहरूको विषयमा कुनै कुरा सुन्न पाइएको थिएन ।

फेरि लोकमा प्रत्येकबुद्धत्व लाभ गर्नुभएका सयौं हजारौं एकै समयमा भेला हुनुभई अनेक धारणी, सूत्रहरु पाठ गर्नुहुन्छ भन्ने कुरा धारणीर सूत्र पाठलाई महत्व दिइएको कुरा पनि यहाँ अनेक धारणी सूत्रमा वर्णन गरिएको छ । तैपनि प्रत्येकबुद्ध भनेका कस्ता हुन्, कस्तो आचरण गरी प्रत्येकबुद्ध हुन्छन्, प्रत्येकबुद्धहरु कहिले कहिले मात्र उत्पन्न हुन्छन्, उहाँहरूको पारमिता कस्तो हो, दिनचर्या कस्तो हो भन्ने कुरा सुन्न नपाइएको हुनाले त्यस विषयमा जिज्ञासा छँदैथियो । सौभाग्यवश पूज्य ज्ञानपूर्णिक महास्थविरबाट विश्वशान्ति विहारमा सुत्तनिपात देशनालाई प्रशिक्षण दिनुभएको अवसरमा आफूले पनि सुन्ने अवसर प्राप्त भयो । सोही बेला यस खग्गविसाण सूत्रको वर्णन सुनेर आफूलाई जिज्ञासा भइराखेको प्रत्येकबुद्धको विषयमा उपदेश सुन्दै नोट गर्दै लगेँ ।

लोकमा बुद्धशासन नभएको बेलामा वा शासन अन्त भइसकेपछि पनि कुनै एउटा विषयलाई आरम्मण ग्रहण गरी वैराग्य उत्पन्न गरी विपस्सना भावना बृद्धि गरी ज्ञान लाभ गर्नुभएका, आफूले विस्तृतरूले देशना नगर्ने भएर पनि दान शील भावनादि कुशल पुण्यक्रियामा उदाहरणीय भई, दुःखबाट मुक्त हुने मार्गमा प्रेरक बन्ने प्रत्येकबुद्धहरूले प्रत्येकबोधि पूरा गर्न पूर्वयोगावचर व्रत पूर्ण गरी तथागतको शासनमा प्रव्रजित भई आरण्यक बनी गतप्रत्यागत व्रत पूर्ण गरी श्रमणधर्म पूरा गर्नुभएकोले मात्र प्रत्येकबुद्ध हुनसक्ने वर्णन सुनेँ । अनि यो कुरा सबैले बुझ्नुपर्ने हो भन्ने मनले ठानी त्यस उपदेशलाई सम्पादन गरेँ ।

हुनत त्रिपिटकमा अन्य प्रत्येकबुद्धहरूको नामर वर्णन इसिगिलि सूत्र आदि अनेक ठाउँमा उल्लेख भएको छ, तैपनि यस खग्गविसाण सूत्रमा मात्र उल्लेखित ४५ जना प्रत्येकबुद्धहरूको वर्णनबाट यस



Downloaded from http://dhamma.digital

सम्बन्धमा निकै बोध हुनेछ भन्ने सोची सो पुस्तक वि.सं. २०५८ सालमा आफैले नेपालभाषामा प्रकाशित गरेको थिएँ ।

अहिले कल्याणमित्र श्री धर्मराज लामाज्यूले सो पुस्तक अध्ययन गरी यसलाई नेपालीमा पनि अनुवाद गरिदिनुभए नेपालभाषा नबुझ्नेलाई पनि यस कुराको बोध हुनेछ भनी आग्रह गर्नुभएको हुनाले पुनः यसलाई नेपालीमा लेखी प्रस्तुत गरेको छु ।

यस पुस्तकलाई नेपालीमा रूपान्तर गर्दा भाषा सम्बन्धी सहयोग गर्ने श्री लक्ष्मीनाथ अधिकारीज्यू तथा आफ्नो अमूल्य मन्तब्य दिनुभई प्रोत्साहित गर्नुहुने पूज्य ज्ञानपूर्णिक महास्थविज्यूप्रति आभार व्यक्त गर्दछु । साथै यस पुस्तक नेपालीमा रूपान्तरण गर्न प्रेरणा दिई प्रकाशनको समेत व्यवस्था गर्नुभएकोमा श्री धर्मराज लामा तथा उहाँका सहयोगी मित्रहरूलाई पनि धन्यवाद नदिइरहन सक्दिनँ ।

अन्तमा हामीले गौतम तथागतको शासन छँदैमा मार्ग फल प्राप्त गर्न सक्नु पर्ने हो । कुनै कारण प्राप्त गर्न सकिएन भने मैत्रेय तथागत उत्पन्न हुने समयमा मनुष्य जुनि लाभ गरी अवश्य मार्ग फल प्राप्त गर्न सकोस् । त्यस्तै लोकमा प्रत्येकबोधि चर्या पूर्ण गरी प्रत्येकबुद्ध हुने आकांक्षा गरिरहेका बोधिसत्वहरूले पनि तथागतको शासनमा प्रव्रजित भई पारमिताधर्म पूर्ण गर्न एकान्तवासको महत्व बुझी गतप्रत्यागत व्रत पूर्ण गरी भविष्यमा प्रत्येकबुद्धत्व लाभ गर्न सकून् भन्ने कामना गर्दछु । अस्तु ।

**धर्मरत्न शाक्य "त्रिशुली"**
२०६१ साल
शंखमूल चोक, नयाँ बानेश्वर ।

Dhamma.Digital



Downloaded from http://dhamma.digital


अभिधम्मत्थसङ्गहो

मूल लेखक
भदन्त आचार्य अनुरुद्ध महाथेरं

नेपालभाषानुवादक
भिक्षु ज्ञानपूर्णिक महास्थविर

नेपाली अनुवाद
धर्मरत्न शाक्य "त्रिशुली"
भतापोल, ताजा:फ:
ललितपुर
२०१०

# अभिधम्मत्थसङ्गहो

## समर्पण

जसले बाल्यबाल देखि नै गृह त्याग गरी बर्मासम्म पाल्नुभई तथागतद्वारा देशित सद्धर्म अध्ययन गर्नुभई धम्माचरिय उपाधि परिक्षामा उतीर्ण हुनुभई तथागतको गम्भीराति गम्भीर अभिधर्मलाई आफनो मातृभाषामा अनुवाद गरी, हामीहरूलाई सरल ढंगले देशना गर्नुभई, प्रशिक्षण दिनुभयो ।

**उनी धम्मचरिय, शासन ज्योतिक धज, ऊ. ज्ञानपूर्णिक महास्थविरप्रति शादर समर्पण !!**

## आफ्नो कुरा

करीब पचास वर्ष अगाडि पूज्य धम्मालोक महास्थविरसंगै काठमाडौंमा बौद्ध धर्मका पुस्तक बाहिरबाट झिकाएर प्रचार गर्ने मानदास उपासक कहाँ जाँदा उहाँले भद्दन्त अनुरुद्ध महाथेरद्वारा रचित अभिधम्मत्थसङ्गहोलाई भिक्षु वरसम्बोधिबाट मूल पालि तथा हिन्दी अनुवाद गरिराखेको एउटा पुस्तक "यो तपाईले हेर्नुपर्ने पुस्तक हो" भनी देखाउनु भयो । पुस्तक हेर्नेबित्तिकै मनपऱ्यो, किनेर त्रिशुली लगें । २०१० सालमा बुद्धघोष भन्ते त्रिशुलीमा आउँनुहुँदा सो देखाएँ र उहाँबाट चित्तकाण्ड अध्याय अध्ययन गरें । अनि पढिसकेजति नेपाली भाषामा अनुवाद गर्दै लगें ।

फेरि उहाँलाई २०१८ सालमा छोरा सुखकुमारको अन्नप्राशनको निम्ति निमन्त्रणा गरें । त्यसबेला उहाँले निमन्त्रणा स्वीकार गर्नुभई सुगतपुर विहारमा नै वर्षावास अधिष्ठान गर्नुभयो । स्मरणीय छ सोही बेला बुद्धशिक्षालाई कक्षागत रुपमा अध्ययन प्रारम्भ भएको थियो । जसलाई पछि भिक्षुमहासंघको तर्फबाट आवश्यक परिमार्जन गरी "नेपाल बौद्ध परियत्ति शिक्षा " नामले सञ्चालन भयो । त्यस बखतमा पनि उहाँसंग चैतसिक काण्डदेखि अध्ययन गर्ने अवसर प्राप्त भयो । साथै उहाँसंग बसेर यथासम्भव चार्टहरु बनाएर पनि अध्ययन गरियो । पछि ज्ञानपूर्णिक महास्थविरबाट अभिधम्मत्थसङ्गहो नेपाल भाषामा शब्दार्थ र भावार्थ मुद्रण भएर प्रकाश भएपछि उहाँसंग अनुमति लिई आफूले पनि त्यसको भावार्थ नेपाली भाषामा अनुवाद प्रारम्भ गरें ।

अनुवाद सकिएर केहि समय पछि आफैले कम्प्युटरमा टाइप गरी प्रिन्ट निकालेर ज्ञानपूर्णिक भन्तेलाई संशोधन गर्न अनुरोध गरें । उहाँले पनि अनुकम्पापूर्वक आफू अस्वस्थ भएपनि संशोधन गरी दिनुभयो । यसरी उहाँहरुबाट शिक्षा तथा प्रोत्साहन प्राप्त भएको हुनाले पूज्य गुरूवर बुद्धघोष महास्थविरप्रति आभार ब्यक्त गर्दछु । साथै यो पुस्तक ज्ञानपूर्णिक महास्थविरप्रति समर्पण गर्न पाउँदा आफूलाई निकै सन्तोष लागेकोछ ।



Downloaded from http://dhamma.digital

यो पुस्तक प्रकाश गर्न हेटौंडाका श्री महारत्न बज्राचार्यबाट आफ्ना दाज्यू श्री हर्षरत्न बज्राचार्यको भीमरथारोहणको उपलक्ष्यमा प्रदान गर्न आर्थिक सहयोग गर्नुभएको हुनाले उहाँ धन्यवादका पात्र हुनुहुन्छ । त्यसैले ललितपुरका दाता धर्मबहादुर धाख्वाज्यूबाट स्थापित "धाख्वा कल्याण कोष" को तर्फबाट हनाः पौ सहित आर्थिक पुरूस्कार प्राप्त भएको हुनाले यो पुस्तक तपाईहरूको समक्ष प्रस्तुत हुन सरल भयो । तसर्थ उनी धर्मबहादुर धाख्वा तथा " धाख्वा कल्याण कोष" का सम्पूर्ण परिवारप्रति कृतज्ञ प्रकट गर्दछु । साथै यसको निम्ति मसंग भएको पुस्तकहरु बिक्री गरिदिने क्रममा सहयोग गर्नुहुने हेराकाजी सुईका, बेखा शाक्य, छोरी सुशीला शाक्यप्रति पनि धन्यवाद नदिई रहन सक्दैन ।

अन्तमा समयमै राम्रोसंग छापी दिनुभएकोमा बागमती छापाखाना परिवारलाई पनि धन्यवाद छ । आशा छ अभिधर्म ग्रन्थको साँचो जस्तै भैराखेको यस पुस्तकले दुर्लभ भैराखेको सद्धर्म सबैले अध्ययन गरी यथार्थ धर्म अवबोध गर्न सकियोस् भन्ने कामना गर्दछु ।

॥ भवतु सब्ब मंगलं ॥

Dhamma.Digital

धर्मरत्न शाक्य "त्रिशुली"
२०६० साल बैशाख १ गते

Downloaded from http://dhamma.digital




# महान धर्मचक्र सूत्रोपदेश

## अनुवादकको भनाइ

भगवान बुद्धका असंख्य उपदेशका सूत्रहरू मध्ये सबै भन्दा प्रमुख, महत्वपूर्ण र अन्य धरैजसो सुत्रोपदेशको आधार जस्तो रहेको र बौद्ध जगतमा अधिकाधिक पठन-पाठन एवं अध्ययन पनि गरिने लोकप्रिय सूत्रहरूमा पनि शीर्षस्थ रहँदै आएको सूत्र हो यो धर्मचक्र प्रवर्तन सूत्र । वैशाख पूर्णिमाको दिन बुद्धत्व लाभ गरिकन सबैभन्दा पहिले आषाढ पूर्णिमाको दिन सारानाथमा पञ्चवर्गीय भिक्षुहरू सन्मुख बुद्धले सर्वप्रथम उपदेश गर्नुभएको यो सूत्रको महत्व र विशेषता के कति छ, भन्ने कुरो त बौद्धहरू लगायत अन्य सत्यान्वेषकहरूलाई पनि थाहा भइरहेकै हो । नेपाली जगतमा पनि अर्थात नेपाल भाषा र नेपाली भाषामा निकै वर्ष अघिदेखि नै अनेकन आदरणीय भन्तेहरू र अन्यान्य विद्वानहरूबाट यस सूत्रको अनुवाद भई समय समयमा प्रकाशनमा आएको र अझ आइहेकै सुनिन्छ ।

यस्तो यो महान धर्मचक्र प्रवतन सूत्रको ब्याख्या बडो गहन विश्लेषण सहित म्यान्मार (बर्मा) मा वहाँका एकजना विशिष्ट विपस्सनाचार्य महाविद्वान महाशी सयादोज्यूले बुद्धशासनका अनुयायीहरूलाई निकै दिनसम्म क्रमैसित उपदेश गर्नुभई आफ्नै विशिष्ट मौलिकढंगले बुझाउनु र बताउनु भएको रहेछ र बताउनु भएको रहेछ र त्यही म्यान्मार (बर्मेली) भाषाको उपदेशलाई आदरणीय विद्वान भन्ते ज्ञानपूर्णिक महास्थविरज्यूले नेपाल भाषा (नेवारी) मा रूपान्तर गर्नुभई 'महान धर्मचक्र सूत्रोपदेश' नाउँले पुस्तकको रूपमा केही साल अघि प्रकाशित गरिराख्नु भएको हो । यसमा प्रतिपादित भावार्थको मौलिकता वा विशेषता भन्नु नै अनुयायीहरूमा निमित्त यो उपदेशाअनुसार ध्यान–भावनाका क्रममा उद्योग र अभ्यास गर्दै लाने प्रक्रिया वा विधि अनुसार स्पष्ट र प्रष्ट प्रष्ट हुनेगरी ब्याख्यागर्दै बताइराखेको हो ।

भगवान् बुद्धले उपदेश गरीराख्नु भएको धर्मलाई मध्यममार्ग वा मध्यम प्रतिपदा पनि भनिएको छ र यो किन र कसरी भनियो त्यो हामी यस पुस्तकमा पहिले नै बुझ्न पाउछौं । अर्थात् एकातिर कामसुखमा लिप्तरहि भोगविलासमा मात्र डुबिरहने कामसुखल्लिकानुयोग एक अन्त (एक अति, एक छेउ) र अर्को अत्तकिलमथानुयोग भन्ने स्कन्धकाय (शरीर र चित्त) लाई अत्यन्त पीडा र यातना दिई गरिने साधना–मार्ग अर्को अन्त (अर्को अति, अर्को छेउ) -यी दुवै अन्तलाई तथागतले गलत मार्ग निरर्थक भनिभन्नु भई अष्टांगिक मार्गलाई नै बीचको बाटो भनी उपदेश गर्नु भएकोलाई यस पुस्तक मा ब्याख्या गरिएको छ ।

आर्य अष्टांगिकमार्ग भनेको चतुरार्य सत्य अन्तर्गतको हो भन्ने कुरा सबै बौद्धजनलाई थाहा भएकै हो र बुद्ध-धर्मको मूल आधार यही चतुरार्य सत्य अर्थात् दुःख, समुदय, निरोध र मार्गसत्य-यी चारसत्यको बडो सुक्ष्म रूपले यसलाई धारण गर्न सकिने गरि यथास्थान दृष्टांत कथा, उपमा , अर्थकथा, टीकाका अंशहरू समेत प्रस्तुत गरी बुझाउँदै लाने गरिएको हामी यसमा पाउँछौ ;जो खुबै मनन योग्य र ग्रहण योग्य त



Downloaded from http://dhamma.digital

छँदैछन् । यसरी आर्यसत्यको अवबोध गरीकन जन्मचक्रबो हेतु भइरहेको प्रत्यक्ष भावना कायैद्वारा टुंगो लगाउने उपदेश प्रस्तुत गरिराखेको यसको विशिष्टता भन्न सकिन्छ ।

स्वयं भगवान बुद्धले पहिले यी चार सत्यलाई सामान्य रूपले प्रतिवेध गरेर मात्र होइन अझ चार सत्यसित सम्बन्ध राखी जानिबुझिलिन योग्य सत्यज्ञान चार, कृतज्ञान चार, हिसाबले जानिलिनु भएको आकार प्रकार बाह्र थरी भएको यथाभूत ज्ञानदर्शन स्पष्ट स्पष्ट हुनेगरी विशुद्ध रूपले हासिल गर्नु भए पछि र साथै प्रत्यवेक्षण ज्ञानद्वारा निरिक्षण र सुपरिवेक्षण गरिसक्नु भएर मात्र नै बुद्ध-भावना पुग्नुएको स्वीकारेर घोषणा गर्नुभएको तथ्यलाई यस पुस्तकमा राम्ररी विस्तृतढंगले ब्याख्या गरिएको हामी बुझ्न पाउँछौ ।

बुद्धधर्मको एक विशेष र अति महत्वपूर्ण अङ्ग नै मानिराखेको यो धर्मचक्र प्रवर्तन सूत्रको यसरी विस्तृत व्याख्या गरिएकोलाई म्यान्मार भाषाबाट नेपालभाषामा रूपान्तर गर्नुभई श्रद्धालु पाठकहरूलाई आदरणीय भन्तेज्यूले आफ्नो विशिष्ट शैलीमा धर्मको रसास्वादन गराउन प्रकाशित गरिराख्नु भएको पुस्तकको यो नेपालीकरण हो । उनै पूज्य ज्ञानपूर्णिक भन्तेज्यूले यसको अनुवादगर्ने कुरा भन्नुहुँदा मैले'दश पुण्य पुष्प' अनुवाद गरे जस्तै नै होला भन्ठानी अनुवादगर्ने आशय प्रकट गरेको थिएँ । तर जुन विश्लेषणात्मक तरिकाले यो सूत्रको ब्याख्या गरिएको छ त्यसलाई मेरो आफ्नो सीधासादा तरिकाले क्रमानुसार शब्द शब्द उल्था गर्दै जाँदा मलाई निकै कठिन लाग्न थाल्यो र यसमा ब्यक्त भावार्थ जस्ताको तस्तै उतार्न नसकिने झैं लाग्न थाल्दा मनमनै आफू छेपारो भएर घ्याम्पो अँगाल्नु पो पुगेजस्तो महसुस भयो । हुनत म कुनै शैलीमा उल्था गर्नु जान्ने भाषा मर्मज्ञ पनि होइन, धार्मिक साहित्यको क्षेत्रमा गहिरो र दरिलो पहुँच भएको मानिस होइन । तर आफ्नो त्यसै बितिरहेको समयलाई सदुपयोगमा लगाउने र आफुले पनि सद्धर्मका कुरा सिक्न र बुझ्न पाइने ध्येयले मात्र नै उल्थागर्ने प्रयासमा लागेको थिएँ । तर आफूमा आवश्यक योग्यता नभए केवल यस्तो सरल सोचाइ र सदाशयताले मात्र यस्तो काम सुचारूढंगले पूरा हुन कठिन नै हँदोरहेछ भन्ने आफुलाई अनुभव भयो । जे हास्, आफुलाई बुझ्न कठिन भएका अंशहरू उनै आदरणीय ज्ञानपूर्णिक भन्तेसित नै सोधपुछ गरीकन बुझ्ने कोशिशमा लाग्दै यो पूरा गरें । वहाँ भन्तेज्यूले पनि अनुकम्पापूर्वक यथास्थान चाहिंदो अर्थ भाव बुझाइदिनु भएकोले यति

हुनसक्यो । पछि भन्ते स्वंयले आद्योपान्त हेरिसक्नु भएर प्रकाशन योग्य नै पाउनु भएको सुन्दा आफूलाई पनि बडो सन्तोष लाग्यो।

सीधासाधा ढंगले यसरी गरीएको यस अनुवादमा पालिभाषाका ती शब्दहरू पनि त्यसरी नै प्रयोग गरेको छु जसरी नेपाल भाषाको रूपान्तरणमा गरीएका छन् । संस्कृतका शब्दहरू प्रयोग गरिने चलनझैं पालिभाषाका शब्दहरू जस्तै आरम्मण, सुत्त, आपो, वायो, तेजो, सम्मादिट्ठि, कम्मस्सकता, धम्म, दुक्ख, दोमनस्स, विपस्सना आदि शब्दहरू साथै कथा प्रसङ्गहरूमा उल्लिखित व्यक्ति पात्रहरूका नाउँहरू पनि नेपाल भाषा र नेपाली भाषाका बौद्ध धर्मका पत्र पत्रिकाहरू र पुस्तकहरूमा यथेष्ट प्रयोगमा आएको चलन देखिन्छ र सामान्य नै भइसकेको पाइन्छ ।

यसरी यो नेपाली रूपान्तर पुरा गरेको छु र मेरो अल्पज्ञता रअनभिज्ञताले यसमा कहीं कतै वाक्य वा वाक्यांशहरू अपठ्यारा खालका हुन गई त्रुटीहरू भएका छन् भने सबै पाठबहरूसित विनम्र क्षमा चाहन्छु । यस पुस्तकको अनुवादगर्ने सुझाव मलाई दिनुभई यथास्थान आवश्यक प्रसङ्गहरूलाई अनुकम्पा राखी



Downloaded from http://dhamma.digital

बुझाइदिनु भई मलाई केही सिक्ने-बुझ्ने सुअवसर प्रदान गरिदिनु भएकोमा पूज्य ज्ञानपूर्णिक भन्तेज्यूमा जतिनै हार्दिक कृतज्ञता प्रकट गरेपनि थोरै लाग्दछ ।

अनुवादका निम्ति चाहिने आवश्यक लेखन सामाग्री जुटयाईदिनुका साथै आदरणीय भन्तेसित सम्पर्क राख्नमा पनि सघाउ र सहयोग पुऱ्याइदिनुहुने गुरूमाँ उत्पलवर्णा प्रति म कृतज्ञ छु । उनी गुरुमाँले अनुवादनगर्न हौसला बढाइदिनु र केही सुझावहरू दिनुभई सहायता पुऱ्याउनु भएको पनि बिर्सन सकिन्न । अनुवाद पूरा गर्न समय समयमा जरूरी सहयोगहरू मिलाइदिने आफ्नै परिवारका सदस्यहरू सबैमा पनि आभारी त छँदैछु ।

प्रस्तुत पुस्तकमा मेरा असावधानी र प्रमादका कारण कतै कमी-कमजोरी र हन थएका भए त्यसका निम्ति क्षमा प्राथी छु र ती दाषहरू एकातिर पन्छाई विज्ञ पाठकहरूले यसमा वर्णित ज्ञानको सार ग्रहणगर्ने नै छन् भनी शुभेच्छा सहित आश्वस्त रहेको छु । अस्तु ।

**"ज्योति" शाक्य. का.बु.**
**श्रावण औंशी**
**२०५८/४/५**



Downloaded from http://dhamma.digital




# दृष्टि र तृष्णा उन्मूलक उपदेश

## अनुवादकका दुई शब्द

"दृष्टि र तृष्णा उन्मूलक उपदेश" मूलरूपमा पहिले म्यान्मार (बर्मेली) भाषामा महाशी धर्मकथिक कर्मस्थानचार्य नायक सयादो ऊ सुन्दरज्यूले रचनागरी प्रकाशित गरिराख्नुभएको थियो । त्यही म्यान्मार भावाबाट आदरणीय विद्वान भन्ते ज्ञानपूर्णिक (धम्माचरीय) महास्थविरज्यूल नेपालभाषामा रूपान्तरगरी निकै वर्ष अघि "दृष्टि र तृष्णा उन्मूलक उपदेश" नाउँले प्रकाशित गरिराख्नुभएको हो । त्यसैको यो नेपाली भाषामा सीधासादाढंगले शाब्दिक अनुवाद गरिएको हो ।

भगवान बुद्धद्वारा उपदेशित सद्धर्ममा शाश्वतदृष्टि, उच्छेददृष्टि जस्तालाई गलत वा भ्रामक धारणा भन्ने बुझाउने शब्दका रूपमा पालि शब्द "दिट्ठि" (=दृष्टि) प्रयोग गरिराखेको देखिन्छ । र यसै क्रममा "सक्कायदिट्ठि" (=सत्कायदृष्टि वा आत्मदृष्टि)-लाई मिथ्यादृष्टि भनिएको पाइन्छ । यी दृष्टि र तृष्णालाई नै दुःखमय जन्मचक्रको मूलहेतुको रूपमा दर्शाइइकन यिनिहरूको समूल उन्मूलन गर्नुपर्ने बुद्धोपदेश हामी पाउँछौ । यसै विषयसित सम्बन्धित यो एउटा सानो तर सारगर्भित पुस्तक हो भन्नसकिन्छ ।

आदरणीय विद्वान भन्ते ज्ञानपूर्णिकज्यूले म्यान्मार भाषाबाट नेपाल भाषा (=नेवारी ) –मा रूपान्तरित गर्नुभएका बुद्ध-धर्म सम्बन्धी धेरै नै पुस्तकहरू प्रकाशित छन् । ती मध्ये मैले नेपालीमा अनुवाद गरेको तीन पुस्तकहरू "दृष्टि र तृष्णा उन्मूलक उपदेश" "दश पुण्य पुष्प" र "महान धर्मचक्र सूत्रोपदेश" निस्किसकेका छन् । यसै क्रममा यो चौथो पुस्तक हो र यो पनि अघि भनेझैं सीधासादाढंगले गरिएको शाब्दिक अनुवाद हो । कतिपय प्रसङ्गहरू उनै आदरणीय भन्तेज्यूसित सोधपुछ गरी बुझ्ने प्रयासगर्दै अनुवाद पुरा गरेको छु । भाषा सिंगार्नतिर नलागेर विषयवस्तुको अर्थमा केही पनि फरक नपरोस् भन्नेतिर नै विशेष ख्यालराखेको छु । त्यसैले कतै कतै वाक्यांशहरू अप्ठ्यारा नसुहाउँदा देखिएमा क्षमाप्रथी छु । कतै केही कमजोरी रहनगएको र भाषामा रसिलापन नरहेको हुनसक्तछ तैपनि विषयवस्तु बुझ्न केही नमिल्दो भएको छैन होला भन्ने विश्वास छ । यसरी आवश्यक कुराहरू र प्रष्ट बुझाइदिनु भई अनुकम्पा सहित सहयोग पुऱ्याईदिनु हुने उनै श्रद्धेय भन्ते ज्ञानपूर्णिकज्यूप्रति आन्तरिक हृदयदेखि नै आभारी छु ।

नेपालभाषा रूपान्तरित उक्त पुस्तकमा मूल बर्मेलीभाषाको अन्तिम केही अशं शेष रहन गएको भन्ने बुझिएको थियो । त्यो छुट्नगएको भागलाई पनि श्रद्धेय भन्ते ज्ञानपूर्णिकज्यूले आफैले अनुवाद गर्नुभई यो नेपाली प्रकाशन पूरा गरिदिनु भएको छ । यसर्थमा यो नेपाली रूपान्तर पाठकवृन्दका लागी विषयवस्तु बुझ्न अझ उपयोगी भएको भन्न सकिन्छ ।

यो पुस्तिका अनुवाद गर्न प्रेरित गर्नुहुँदै केही उपयोगी सुझावसल्लाह सहित आवश्यक सामग्रीहरु पनि जुटाइदिनुहुने आदरणीय गुरुमाँ अनागारिका उत्पलवर्णाप्रति पनि म हार्दिक कृतज्ञता प्रकटगरिनै रहेछु । यिनै



Downloaded from http://dhamma.digital

गुरुमाँले केही झंझट नमानिकन चाहिने बेलामा आदरणीय ज्ञानपूर्णिक भन्तेन्यूसित सम्पर्कराख्न सहयोग पुऱ्याउँदै गर्नु भएकोले यो अनुवाद गर्न सकिएको हो । साँच्चै भन्नु हो भने अनुवाद गर्नुदेखि यसको प्रकाशनको व्यवस्थासम्म सबै कुरा यिनै उत्पलवर्णा गुरुमाँकै विशेष मदतबाट सम्भवभएको हुनाले वहाँको गुण अविस्मरणीय भएको छ ।

यो पुस्तक प्रकाशितगर्न आवश्यक आर्थिकभार वहन गरिकन मेरा आदरणीय दिदी बेतिमाया उपासिकाज्यू र उनका परिवारले ठूलो गुण लाइदिनु भएकोले वहाँहरुप्रति पनि हृदयदेखि कृतज्ञता प्रकट गर्दैछु । सद्धर्मको प्रचार प्रसार गर्नका निम्ति शुभेच्छा सहित आर्थिक सहयोग पुऱ्याउनमा अग्रसर भइरहने वहाँ दिदीको श्रद्धामय भावना एकदमै प्रशंसनीय छ ।

मेरो अल्पज्ञता र असावधानीले यसमा कतै त्रुटि वा दोषहरु रहनगएका छन् भने विज्ञ पाठकवृन्दसित क्षमायाचना गर्दै आफ्नो भनाइ अन्त गर्दछु ।

भवतु सब्ब मंगलम् ।

**ज्योति शाक्य, का.बु.**
आश्विन २८, २०६३ (अष्टमी)
१३, अक्टोवर २००६



Downloaded from http://dhamma.digital



# दृष्टि र तृष्णा उन्मूलक उपदेश

## भूमिका

बुद्ध-धर्ममा दिट्ठि (=दृष्टि) र तण्हा (=तृष्णा) यी दुइलाई पनि दुःखमय अकुशल (=खराब) प्रतिफल दिने प्रमुख कारणहरु बताइएका छन् । गलत वा भ्रमित धारणाराख्नु नै 'दृष्टि' को तात्पर्य हो । यो शब्दलाई अन्य शब्दहरुसित जोडेर मिथ्यादृष्टि, शाश्वतदृष्टि, उच्छेददृष्टि, सत्काय (पालि सक्काय)-आदि भनी प्रयोग गरिराखेको हामी पाउँछौ । यस पुस्तिकामा सत्कायदृष्टि (अर्थात् आत्मदृष्टि)-को नै विशेष चर्चा छ ।

सत्कायदृष्टि भन्नाले प्रकट रुपमा विद्यमान रहेको नाम-रुपप्रति धारणा वा दृष्टि गलत भइरहेको भन्ने अभिप्राय हो । तृष्णा भन्नाले चाहिँ आरम्मण (=आलम्बन) प्रति आकर्षित गराउने, चाहनाराख्ने, आसक्त गराउने, लिप्तराख्ने भनी बताइएको छ । फेरि फेरि जन्म ग्रहणगर्न नपर्नेगरी विमुक्तलाई अन्यान्य क्लेशहरु सँगसँगै यी दुई 'दृष्टि' र 'तृष्णा' प्रमुखरुपमा निर्मूल गर्नुपर्ने बुद्धधर्ममा बताइएको हामी पाउँछौ ।

सानै पुस्तिका भए पनि यसमा विद्वत भन्तेज्यूबाट दृष्टि र तृष्णालाई दुई अलग अलग खण्डमा विस्तृतरुपले उपदेश गरिराख्नु भएको छ । प्रत्येक इन्द्रिय र मनसित सम्बन्धित आलम्बन संघटन हुनआउने (संयोगहुने) अवस्थामा कसरी 'दृष्टि' उत्पन्न हुँदछ साथै त्यसको निवारण कसरी गर्नुभन्ने समेत प्रष्ट्याइएको हामी यसमा पाउँछौं । हुन त यो अति शूक्ष्म र गम्भीर विश्लेषणका कुराहरु हुन् र विशेषगरी साधक साधिका योगीहरुको निम्ति उद्देश्य गरी लेखिराखेको भनिन्छ । तर पनि विश्लेषणात्मकरुपले धर्मको अवबोधगर्ने मनसाय भएकाहरुका निम्ति पनि यसको पठन-पाठन र अध्ययनले निश्चय पनि लाभ पुग्ने नै भनेमा केही फरक पर्दैन । चक्षु, श्रोत, घ्राण, जिह्वा, स्पर्शसित सम्बन्धित प्रत्येक प्रक्रियामा दृष्टि र तृष्णा कसरी उत्पन्न हुँदछन् र त्यसका कारण जीवनमा कस्ता घटनाहरु भइरहन्छन् भन्ने बुझाउन यथास्थान कथावस्तुका प्रसङ्गहरु समेत उल्लेख गरिराखेको हुनाले रोचकढंगले विषयवस्तु बुझ्नमा निकै सजिलो भएको छ ।

यसरी छः इन्द्रिय द्वारमा रहेका छः वटा तृष्णाहरुका विषयहरुका साथसाथै १) कामतृष्णा (रुप, शब्द, गन्ध, रस र स्पर्शसित पाँचवटा तृष्णा), २) भवतृष्णा (शाश्वतदृष्टि सम्प्रयुक्त भएको तृष्णा र ३) विभवतृष्णा (उच्छेददृष्टिसित सम्प्रयुक्त तृष्णा) भनी हामी यस पुस्तिकामा पाउँछौ । यी तृष्णा जम्मैले दुःखमय नयाँ जन्म उत्पन्न गराउन जानेको नै हुँदछ । अर्थात् विशेषतः यी नै तृष्णाहरुको कारण योग्यताअनुसार कुशलकर्म अकुशलकर्म गर्न पुगेका हुन्छन् । यी कर्महरुले दोस्रो जन्ममा प्रतिसन्धि प्रतिफल उत्पन्न गराउन पुर्‍याउँछन् भने मरणावस्थामा कर्म, कर्मनिमित्त र गतिनिमित्तको रुपमा प्रकट भएर आउनेगर्दछन् । यी तथ्यहरु बुझिलिन यस पुस्तिकामा साधक नमूनाहरु सम्मिलित कथावस्तुहरु समावेश गरिएकोले यथेष्ट मद्दत पुर्‍याएको छ ।

बुद्धधर्म अर्थात् भगवान् बुद्धका उपदेशमा यी सत्कायदृष्टि र तृष्णादि सधैको लागि समूल निरोध र



Downloaded from http://dhamma.digital

शान्तगराउने साधनाको मार्ग निर्देशनगरिएको हामी पाउँछौ । "६ः वटा द्वारमा आश्रित भएर उत्पन्न हुने, ६ः वटा तृष्णा र त्रिभव पूर्णरूपमा निरोध र शान्तभइसकेका व्यक्ति अरहन्त हो" भन्ने उल्लेख सहित यही अरहन्त हुने साधनाका रूपमा विपश्यना कार्यविधिलाई प्रयत्नका साथ उद्योगगर्नुपर्ने संक्षिप्त तर स्पष्ट विवरण यस पुस्तिकामा उपलब्ध छ ।

हुन त पुस्तिकाको प्रारम्भिक पृष्ठहरूमा नै कामतृष्णा हटाउने विधिका रूपमा अनागामिमार्ग र शमथमार्ग भनी दुइथरी विधि रहेको उल्लेख गरिएको छ । अनागामिमार्गद्वारा हटाइएको कामतृष्णा फेरि कहिले पनि उत्पन्न भएर आउने छैन भनी बताइएको छ भने शमथद्वारा हटाइएको कामतृष्णा चाहिँ जरा (मूल) नउखेलिएको रूखका ठूटाबाट हाँगाबिँगा फेरि निक्लन सकिनेझैं शमथध्यानको प्रभाव शेषहुँदै गएमा कामतृष्णा फेरि उत्पन्न हुँदछ भन्ने तथ्यलाई रोचक कथानकद्वारा पनि स्पष्ट बुझिनेगरी नमूना दर्शाइएको छ । तसर्थ सत्कायदृष्टि एवं तृष्णादि क्लेशको पूर्णनिरोध गर्न अघि भनिएझैं विपश्यना साधनाको आवश्यकता दर्शाउँदै "प्रत्येक हेराई, सुँघाई, खुवाई, छुवाई, चिन्तन गराई, शारीरिक गतिविधि गराई" मा प्रकटभइरहेको रूप स्वभाव, नामस्वभावहरूलाई पूर्ण वर्तमानमा रही भावितागर्नु विपश्यना हो भनी सम्झाइकन "महाशी मार्ग पद्धति विधि" भनी आफू स्वयंले उद्योग र अभ्यास गर्नुपर्ने भाविता पद्धति विशेषढंगले अन्तमा उल्लेख गरिएको छ ।

यस प्रकारले जन्मचक्रमा हेतु भइरहेको यी 'दिट्ठि' र 'तण्हा' को वास्तविकता बुझीकन त्यसबाट मुक्तगराउने विपश्यना साधनाको महत्व, महान सार्थकता र जीवनमा यसको उपयोगिता दर्शाउनु नै यो पुस्तिकाको मूल उद्देश्य देखिन्छ । त्यसैले यसमा जोडदिँदै भनिएको छ,"लौकिक मनुष्यत्वहरूले एक न एक काम गरिकन धन-सम्पत्ति पाउन नसकिने जस्तै विपश्यनाकार्य नगरिकन त अरहन्त हुनसक्तैन ।"

भगवान बुद्धको शूक्ष्म एवं गम्भीर धर्म र दर्शन सम्बन्धी अनेकौं पुस्तकहरूका लेखक विद्वान आदरणीय भन्ते ज्ञानपूर्णिक (धम्माचरिय) महास्थविरज्यूद्वारा प्रस्तुत यो पुस्तिका सरल र बोधगम्य भाषामा लेखिएको हुनाले सबै धर्म जिज्ञासुहरूका लागि पठनीय, मननीय त हुने नै भयो । यसको अध्ययन मननले बुद्धधर्मको मूलभूत सन्देश अनित्य, दुःख, अनात्म बोधगर्दै विपश्यनाको भावितागर्न सबैलाई प्रेरणा दिलाओस् भनी हार्दिक कामना सहित । अस्तु !

अनुवादक **ज्योति शाक्य**



Downloaded from http://dhamma.digital




# सल्लेख सूत्र

## अनुवादकको कुरा

पालि तिपिटक अन्तर्गत मध्यमनिकाय मूलपण्णासपालिको मूलपरियायवर्ग अन्तर्गतको आठौं सूत्रको रूपमा संकलित सूत्र, जसको नाम 'सल्लेख-सूत्र' राखिएको छ, त्यस सूत्रमा उल्लेख भएका विषयवस्तु अति गम्भिर एवम् अति महत्वपूर्ण छ । विशेष गरि सही तरिकाले विपस्सना ध्यानाभ्यास गरी ध्यानमार्गमा निरन्तर प्रगति गर्दै जान चाहनेहरूले त त्यो सूत्रमा उल्लेख भएका विषयवस्तु राम्ररी बुझी त्यही अनुरूप आचरण शुद्धि गर्नैपर्ने हुन्छ । त्यही भएर म्यानमाका अग्गमहापण्डित महोपकारक विपस्सनाचार्य भिक्षु महाशी सयादोले त्यस 'सल्लेख सुत्त' विषय विस्तृत व्याख्या गरी सम्झाउने सन्दर्भमा दिएको उपदेशलाई पछिबाट 'महान सल्लेख सूत्रोपदेश' नामको पुस्तकको रूपमा प्रकाशन गरिएको छ र म्यानमा भाषामा प्रकाशित त्यस पुस्तकलाई नेपालका विद्वान भिक्षु ज्ञानपूर्णिक महास्थविरले नेपालभाषामा अनुवाद गरी प्रकाशन गरेको छ । नेपाल भाषमा अनुवादित 'महान सल्लेख सूत्र' पढ्ने अवसर मैले पाएपछि नेपालभाषा नबुझ्ने बहुसंख्यक अन्य नेपालीहरूलाई पनि सो 'सल्लेख सुत्त' विषय आवश्यक जानकारी दिलाउने विचार मेरो मनमा सलबलायो । त्यही कारण मैले 'महान सल्लेख सूत्रपदेश' नामको त्यो पुस्तकमा रहेका विषयवस्तु जम्मा निम्न चार खण्डमा सम्पादन गरी नेपाली भाषामा अनुवाद गरी प्रकाशन गर्ने मनसाय राखेको छुँ ।

**(१) 'सल्लेख सूत्र' नेपाली भाषामा**

यस खण्डमा मूल पालि भाषामा रहेको 'सल्लेख सुत्त' नेपाली भाषामा भावानुवाद गरी छुट्याएको छुँ ।

**(२) सल्लेख सूत्रको सार स्मरणिका**

यस खण्डमा 'सल्लेख सुत्त' मा उल्लेख भएका, खराब मानिस भइरहन नचाहनेले नियन्त्रण गर्नुपर्ने चवालीस प्रकारका क्लेशहरु (अवगुणहरु) तथा त्यस्ता खराब आचरणहरु हटाई असल मानिस हुन चाहनेले व्यवहारमा उतार्दै जानुपर्ने चवालिस प्रकारका कुशल कर्महरु सम्झिराख्न सरल हुने गरी सल्लेख सूत्रको सार स्मरणिका बनाई प्रस्तुत गुरेको छुँ ।

**(३) 'सल्लेख सुत्त' मूल पालि भाषामा**

यस खण्डमा 'सल्लेख सूत्त' मूल पालि भाषामा जस्तो छ त्यसरी नै संकलन गरेको छुँ ।

**(४) सल्लेख सूत्रको विस्तृत व्याख्याको मूल सार**

यस खण्डमा 'सल्लेख सुत्त' मूल पालिमा उल्लेख भएका, आम मानिसमा हुनसक्ने चवालीस प्रकारका क्लेशहरु (खराब आचरणहरु) तथा त्यस्ता खराब आचरणहरु हटाई विशिष्ट मानिस हुन चाहनेले



Downloaded from http://dhamma.digital

व्यवहारमा उतार्नुपर्ने चवालिस प्रकारका कुशल आचरणहरु विषय सबैलाई राम्ररी सम्झाउने सन्दर्भमा म्यानमाका महोपकारक विपस्सनाचार्य भिक्षु महाशी सयादोले विस्तृत व्याख्या गरी दिएको उपदेशको मूल सार नेपाली भाषामा गरी समावेश गरेको छुँ ।

म्यानमाका अग्गमहापण्डित महोपकारक विपस्सनाचर्य भिक्षु महाशी सयादोद्वारा उपदेशित 'महान सल्लेख सूत्रोपदेश' पुस्तकबाट उपरोक्तानुसार चार खण्डमा सम्पादन गरिएको विषयवस्तु, अलि मोटै प्रकारको पुस्तकको स्थलिन प्रयाप्त छ । एकै पटकमा त्यस्तो मोटो प्रकारको पुस्तक प्रकाशन गरिनु अहिले सम्भव नभएकाले पहिलो पटक खण्ड (१),(२) र (३) समावेश गरी 'सल्लेख सूत्र' नामले एउटा पुस्तक प्रकाशन गर्ने र दोश्रो पटकमा 'महान सल्लेख सूात्रेपदेशको मूल सार' नामले उपरोक्त चौथो खण्ड समावेश गरिएको पुस्तक प्रकाशन गर्ने विचार गरेको छुँ ।

गत वर्ष, बुद्ध सम्वत् २५५१, असार शुक्लमा 'सल्लेख सूत्र'नामको यो पुस्तकको पहिलो संस्करण धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी , धर्मकीर्ति विहार, नघलबाट प्रकाशन हुदाँ सो पुस्तकको अनुवादकको हैसियतले मैले उपरोक्तानुसारका कुरा त्यस पुस्तकमा उल्लेख गरेको थिएँ । त्यस हिसाबले यस पटक त माथि उल्लेखित चौथो खण्ड समावेश गरेर 'महान सल्लेख सूत्रोपदेश मूल सार' नै प्रकाशन गरिनु पर्ने हो । तर विभिन्न कारण अहिलेसम्म पनि त्यो चौथो खण्ड समावेश गरिएको 'महान सल्लेख सूत्रोपदेश मूल सार' प्रकाशन गर्नसक्ने परिस्थिति जुरेको छैन । त्यसैले अहिलेलाई पहिले प्रकाशन भई वितरण गरिसकेको 'सल्लेख सूत्र'पुस्तकको यो दोश्रो संस्करण मात्र प्रकाशन गरी सन्तोष हुनुमा सीमित रहेको छुँ ।

**मोतिकाजी शाक्य**
नेपाली भाषामा अनुवाद
बु.सं. २५५२, मंसिर शुक्ल



Downloaded from http://dhamma.digital

# भिक्षु ज्ञानपूर्णिक महास्थविरया थ:गु सफूतिइ थ:गु हे बिचा:



Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital



## तथागतया न्हापांगु उपदेश

# धम्मचक्कपवत्तन सुत्तं

### छत्वाः खँ

प्यंगू असंख्य व छगू लाख कल्प तकया पुरित पारमीद्वारा सिद्धार्थ गौतमं प्राप्त याना बिज्यागु ज्ञान हे 'बुद्धत्व' खः, हानं थ्व हे बोधिज्ञान नं खः । अले थ्व ज्ञानमूर्ति गौतम "गौतम बुद्ध" जुल । तात्पर्य खः, संसारयात बांलाक थूम्ह, स्यूम्ह व चाःम्ह ।

बुद्धं थुइका बिज्याःगु संसार खः-

खन्धानञ्च पटिपाति, धातु आयतना न च ।<br>
अब्बोच्छिन्नं वत्तमाना, संसारोति पवुच्चति ।।

अर्थात स्कन्ध, धातु, आयतनया लहर अथवा क्रम टुटे मजुइक न्ह्याना वना च्वनीगुयात "संसार" धाइ ।

थ्व संसारयात बांलाक सीकेया लागी वसपोलं लुइका बिज्यागु लँ खः "च्यागू अंग युक्तगु आर्य मार्ग ।" थ्व लँया अनुशरणं हे वसपोलं दुःख, उकिया कारण, उकिया निरोधयात खंका बिज्यात, गुकियात प्यंगू आर्य सत्य धाइ । वसपोलं गुगु उपदेश न्हापां बिया बिज्यात, व नं थ्व हे ज्ञान खः । थुकियात थौंया विश्वं "धर्मचक्र-प्रवर्तन-सूत्र" धका लुमंका वयाच्वन ।

बुद्धं थ्व सूत्रया उपदेश थःगु ३५ दँया उमेरय् बुद्धत्व प्राप्ति लिपा दकले सकले न्हापां पञ्चभद्रवर्गी (न्याम्ह श्रमण) पिन्त वाराणसीया लिक्कसं च्वंगु ऋषिपतन मृगदावन (सारनाथ) य् बिया बिज्यात, आषाढ पुन्हीया पूर्णचन्द्रं युक्तगु झःझः धागु ऋतुं न्ह्याइपुसे च्वना बीत्यंम्ह सूर्ययागु सुवर्ण वर्ण किरणं निखिल विश्वयात यइपुसे च्वंका च्वंबले । उपदेशया अन्तय् आयुष्मान कौण्डिन्य बुद्ध धर्मया न्हापांगु निर्वाण श्रोतय् थ्यन, श्रोतापत्र जुल । हानं थुगु बुद्धया उपदेशं १८ गू कोटि देव ब्रम्हापिन्त प्रभावित यात, सूत्रया अन्तय् देव ब्रम्हापिनिगु उद्‌घोषणं व अभिनन्दनं जाल ।

बुद्धं थ्व सूत्रय् थःगु मौलिक ज्ञानया दर्शन बिया बिज्यात, गुकिया आधारय् वस्पोलया ४५ दँया जनकल्याणकारी उपदेश ब्वलना वल । उकिं अर्थकथाचार्य व्यक्त यात, 'चतुसच्चविनिमुत्तो धम्मो नाम नत्थि' अर्थात् "प्यंगू आर्य सत्यं अलगगु धर्म धयागु मदु ।"

उकिं थौं थ्व 'तथागतया न्हापांगु उपदेश' पाठकपिनि न्ह्योने ब्वये दया जि तःसकं लय्ताः ।

त्रिपिटकाचार्य भिक्षु धर्मरक्षितद्वारा हिन्दी अनुदित सफूया लिधंसाय् रूपान्तर कथं पिहाँ वःगु झीगु थःगु भाय्या थ्व सफू खः । थुकी पालीथें हे जक भाय् हिलेगु जुया च्वंगु दु । थ्व सूत्र झीगु नेपाल भाषा पिहाँ मवःनिगु नं मखु भिक्षु अनिरूद्र महास्थविरया पाखें शब्दार्थ (पालि छत्वाः अर्थ छत्वाः तया) रूपय् पिहाँ वये धुंकूगु नं दु । अय्सां पालि ब्वने मदुपिन्त पालि, नेवाः भाय् जक ब्वने मदुपिन्त नेवाः भाय् जक ब्वने छिंक जुइ कथं नं थ्व सूत्र झीगु भाषाय् हयेगु ज्या थ्व सफुतिं याना च्वंगु दु ।



Downloaded from http://dhamma.digital

थ्व ज्या पुवंकेत प्रकाशकया श्रद्धा गुलि आवश्यक व धाये माःगु मदु । धात्थें ला प्रकाशकया कुतलं हे थ्व सफू रूपान्तर जुयानं पिदना च्व च्वंगु खः ।

सफू ला थ्व चिकिचा धं, तर थुकी बुद्धयागु उपदेशया दुग्यंगु सार दु । उकिं थ्व सफू चीधंगु ना नं तःधं, गुगु स्वयं पाठकवर्ग नं थुइका काये फु ।

थ्व सफूया प्रकाशकया सफू पिदनेगु रूपय्यागु न्हापांगु सहयोगिक पलाः खः । मांया गुण म्हस्यूम्ह काय्‌मचां मांयात पुण्य बीगु निर्ति गुगु भिंगु बांलागु लँपुइ पलाः छीगु कुतः थन याना बिज्यात व वस्पोलया धात्थेंगु पलाः खः । थुजागु हे कथं खःथाय् खःकथं पलाःछी सयेकेगु मानव मात्रया कर्तव्य खः धका नं थ्व हे प्रसंगय् धाये मास्ते वः ।

आःथें हे लिपा लिपा नं प्रकाशकं मां-भाय्‌या सेवाय् थःगु श्रद्धा ब्वलंकावं यंका बिज्याना च्वनी धयागु जिगु आशा व विश्वास दु । लिसें पाठकवर्ग प्रकाशकया श्रद्धाय् तपं तया ग्वाहालि बिया दी बिज्याइ धयागु भलसा नं कया च्वना ।

अन्तय् जिं थ्व सफू पिदनेत माःगुली माःकथं ग्वाहालि बिया बिज्याम्ह हेराकाजी उपासक (सुइका) प्रति साधुवाद बिये । अस्तु !

**भिक्षु ज्ञानपूर्णिक**
श्री सुमंगल विहार
ललितपुर, नेपाल
आषाढ २६, २०२७



Downloaded from http://dhamma.digital



# यःम्ह म्ह्याय्

**फ्वसा**

मचाबले पसः वना फ्वसा काये पल्के थुगु बानि आः तकं ल्यना च्वन तिनि । अबले नैक्या बाकू ग्वय् छकू फ्वसा दयेवं तितिं न्हुया च्वनेगु आः ला मेगु हे फ्वसा काये दया लयता भय् ब्यू ।

लिसा व तँसा अपो याना थःगु निर्तिं जक जूसा फ्वसा थः कतः उभयपक्षी खः । फ्वसा थःमं नं प्रयोग याये ज्यू, वथें प्रयोग याके बी नं ज्यू ।

थ्व ला स्पष्टंगु हे खँ जुल, साःगु जुइवं लिसा, बांलाःगु जुइवं तँसा अले सित्तिं लाःगु जुइवं फ्वसा । अथे धकाः फ्वसा धायेवं न्हाय् कयेकुंके माःगु ला छुं मदु, कारण गबलें गबलें लिसा व तँसा ति फ्वसा नं ग्यं वने यःगु जुया च्वन ।

७–दँति न्हापाया खँ । ताल्लाया ई । परीक्षा सिधया मगज व ल्हाः प्वना च्वंगु दिं । मण्डलेया क्वाःगु फय् । चःति नाः नाः न्हाय् । कोठाय् च्वना आलु आलु मिंका च्वनेगु स्वया छुं छुं फाइदा दइगु ज्या यायेगु ज्यू धका : सफू पँय् ल्हाः छ्वया । "तमीः छेत्" (यःम्हम्ह्याय्) सफुली ल्हाः दित । साला कया । खाटाय वया । ट्यांगरा पुला । म्हय् च्वंगु चीवर ग्वार मारा चिना पाखाय् तया । सफू पुइका । ब्वना यंका । सात्तु साल । तोते मफुत । ब्वं ब्वं मती वन, 'अँ, उकिं का, यक्वसिनं र वे थ्वंया 'तमीः छेत्' तःसकं बांलाः धकाः म्हुतु प्वाः मदिक प्रशंसा याःगु, अनुवाद या धकाः प्रेरणा ब्यूगु ।' चेतना दन, 'थ्व सफू ला छाय् अनुवाद मयाये ! स्वयं थःम्ह तताया सजीव घटनाया चित्रण । व नं छम्ह विदेशी विद्वानं च्वःगु । छम्ह विदेशीयाके ला जिमि तताया जीवनी थुलि तक अगाढ श्रद्धा दुसा जिके जक छाय् मदइ ! फुसा थःमं हे च्वये फयेके माःगु ।' हानं ग्यासें वल, 'फइ ला थें ?' ध्ये ध्ये चूगु भाय्, शब्द मदुगु कोश ! म्वाय्से, मोलमिन् वने, अन केहेँपिं द हे दु, मवःगु शब्द इमिके जूसां न्यने, स्वयं लेखक म्ह हे स्यू, भाव व अभिव्यक्ति वस्पोलयाके न्यने, च्वयेगु; च्व हे च्वयेगु । कलम ज्वना । कापी पुइका । भौंतय् तःग्वयेक "यःम्हम्ह्याय्" छ्यौं तया, अनुवाद शुरू जुल ।

संयोगवस अबले लाक्क मण्डले नं च्याउमे धइथाय् (गन भ्री नेपाःयाथें जाःगु हावापानी दु) वनेगु जुल । हः, धाये धुन । च्याउमे थ्यन । लत्याति अन च्वना । भाय् ह्यु ह्युं वना । सफू भाय् हिलेत भुयू चःति हायेके माः धकाः अबले तिनि थुल । कारण बर्मी भाषाया न्हापांगु अनुवाद हे थ्व जुया च्वन । अनं हानं मण्डले लिथ्यन । कापी ज्वना काचा काचां रंगून ब्वाँय् वया । भन्ते तिलोकसार (रवेथ्वं) गभायी नाप लात । मथू मथूगु खँ न्यने धुन । थःगु भाषं छु धाइ, बांलाक क्वःछि मफुत । धया, 'भन्ते, जि ला मोलमिन वने माली ख्वाः वल ।' लिसः वल, 'अय्सा जि नं पासा वया बी ।' जितः ला अगःचा मालां देगःचा लूथें जुल । निम्हं मोलमिन् थ्यन । खेमारामया लिक्क्सं च्वंगु सइँ मामा विहारय् खेमारामया नकिं अय्या दो पञ्ञाचारी व दो सुखपिसं च्वनेगु बन्दोबस्त याना बिया बिज्यात । उलि जक मखु । नके त्वंकेगु अभिभार नं स्वयं थःपिसं हे कुबिया बिज्यात । केहेँपिं मा धम्मदिन्ना (चमेली) मा उप्पलवण्णा (चिनी) मा पञ्ञा (कमला) पिंके न्हिथं



Downloaded from http://dhamma.digital

थुकियात छु धाइ, उकियात गथे धाइ ? न्यनेगु जुल । इपिं केहेँपिसं स्यू स्यूथे शब्द रचनाय् यक्व ग्वाहालि बिल । गुकिया लागी इपिं सकलें धन्यावादया पात्र जुया च्वंगु दु । इमिगु लिधंसा अभावय् थ्व ज्या नं मखुसा बापाः च्याः हे जुया च्वनीगु जुइ । मूल लेखकया थ्व ज्याय् गुलि तक प्रोत्साहन बी मास्ते व, व अमूल्यगु त्रिपिटक संशोधनया ब्याक्क भार छखे चीका मोलमिन थ्यंक ल्यू ल्यू बिज्यायेत समय बिया बिज्याःगुलिं हे सी दु । थ्व फुकं वस्पोलया नेपाःयाप्रति दुगु सहिष्णुता, सहानुभूति व सौहार्द्रताया प्रतीक मखुसा मेगु छु जुइ ।

उकिं कवि केशरीजुं थःगु "प्रुफ स्वस्व" लय् "न्ह्यागु थजु 'र वे थ्वं' भन्तेया भी नेपाःया बौद्धतय्त गुलि बुद्ध-धर्म सय्केसीके बी मास्ते वः, धम्मावती अय्या पाखें गुलि सत्य धर्मयात तिसीकाः स्पष्ट स्वयं धर्मरस पान याके बी मास्ते बः, व खँ_ _" धकाः अले हान "धात्थेंया खँ जा थ्व नेपाःदेया बौद्धतंय्त, विशेष यानाः नेपाःया तता क्यहेँपिन्त सुशिक्षित याना बुद्ध-धर्मया रस त्वंकेया निंतिं धम्मावती अय्या नं याना बिज्याःगु उत्साहवर्द्धक त्याग व तपस्याया बाखं 'र वे थ्वं' भन्तेया दुनुगलं निसें ययाः च्वया बिज्याःगु _ _" धकाः व्यक्त याना वस्पोलयागु धात्थेंगु मनोवृत्तियात भीगु न्ह्योने तया दिल ।

मोटामोटी भाय् जक छु हिले सिधल, नेपालं सहोदर भिक्षु सुदर्शनया "यःम्हम्ह्याय्" कापी याकनं छ्वया हये माल धइगु पौ ल्हाती लात । काचा काचां न्हूधाः याना कापी छ्वया हया । लिसः वल, "कँपी थ्यनेवं च्वः निसें प्वः थ्यंक छस्वाकं ब्वना स्वया, बांलाः जू ।" थुकिं जितः न्हापांगु फ्वसा दत ।

अनंलि बर्माय् च्वं च्वनाबले हे आःला 'यःम्हम्ह्याय्' सफू स्नय् पिदना सकसिया यःम्ह नेपाः देया म्ह्याय् जुया च्वने धुंकल जुइ धकाः मती, तर थन थ्यंका नं छुं मजूनिगु खना भचा निराश थें नं जुल ।

वंगु दत्या ति न्ह्यवः थ्व छको बांलाक जाँच याये माल धकाः कविजु न्ह्यचिला दिल, सीघलय् वय्कः, सहोदर सुदर्शन व स्वयं च्वना च्यान्हु भिन्हु कँपी सचे यायेगु ज्या जुल । लिपा छु मती वनथें, का छः पिसं हे थ्व ज्या याना बिज्याहुँ धकाः ग्वःछिं तोता बिल । थःमं तुं क्वचायेक स्वया यंका कविजुयात लः ल्हाना बिया । अनं लिपा दक्व भार थःमं कुबिया बय्कलं थ्व सफू भीगु न्ह्योने ब्वयेगु अथक परिश्रम याना दिल । गुगु धात्थें प्रशंसनीयगु ज्या खः । वय्कलं जक थुलि थ्व ज्याय् ध्यान बिया ल्हाः तया मदीगु जूसा थ्व सफू थुलि याकनं पाठक वर्गपिनि न्ह्योने तये हये फइ मखुगु खः । उकिं वय्कः गुलि जक धन्यवादया पात्र जुया च्वन, धाये माःगु खँ मखु । थ्व ला तःकूगु हे फ्वसा जुल ।

अन्तसः थ्व सफू अनुवाद यानाबले व आः सफू पिदनेत गुलि तक महानुभावपिसं विभिन्न कथं सहयोग व सहानुभूति क्यना बिज्यात, दिल, इपिं सकसितं दुनुगलं निसें धन्यवाद देछायेगुया नाप नाप थुगु घटनायात थःगु हे देशया छम्ह वीरांगणायागु सजीव घटना धकाः सीका काये बहःगु , काये योग्यगु आदर्श व नमुना कया प्रकाशनीय गुण प्रकाश याना दुनुगलं निसें लसकुस याना सुरक्षा याना कया बिज्यात वा दिल धाःसा लेखकया आकांक्षा गथे पूर्ण जुइगु खः अथे हे अनुवादया मनोकांछा नं पूर्ण जुल धकाः धाये दइगु जुल ।

**भिक्षु ज्ञानपूर्णिक**
श्री सुमंगल विहार
ललितपुर ।
कार्तिक ४, २०२७



Downloaded from http://dhamma.digital


अभिधर्मार्थ संग्रह

( पालि शब्दार्थ व भावार्थ लिसें )

भाग १

अनुवादक :

—भिक्षु ज्ञानपूर्णिक

# अभिधर्मार्थ संग्रह

## पालि शब्दार्थ व भावार्थ लिसें (भाग १)

### छत्वा खँ

लयताया खँ खः थौ थ्व 'अभिधर्मार्थ संग्रह' सफू शब्दार्थ व भावार्थ स्वपय् पालि नापं स्वाका स्वंगू काण्ड जक जूसां पिदना च्वंच्वन । थुकी थःगु प्रयास व कुतः स्वया नं मेमेपिं सहृदय व्यक्तिपिनि प्रयत्न अप्वः जुया च्वंच्वंगु दु । न्हापां अथवा प्रकाशनय् वये न्ह्यवः थुकिया कापि च्वयेगु ज्या, व लिपा हानं छको प्रेसय् थ्यंकेत कापि ल्ह्ययेगु ज्या केहैं उत्पलवर्णा याना बिल; प्रेसय् वना प्रुफ् काः वनेगु व ब्यु वनेगु ज्या किजा श्रामणेर सुनन्द । अले दकले सकले थाकूगु व सफू पिदनेत मदयेकं मगाःगु आर्थिक समस्याया भार जक मखु विभिन्न कथं सामना याये माक्व दुःख कष्ट दक्वया भार नं कुबिया अथक परिश्रम याना बिज्याम्ह हेराकाजी (सुइका) उपासक जुल । साथ साथय् थःगु अमूल्य समय बिया 'निगू शब्द' च्वयेगु ज्या थःगु ल्हाती कया सफूया महत्वपूर्ण भूमिका च्वया बिज्याःम्ह जुल सहोदर भिक्षु सुदर्शन । अनं मेपिं जुल हस्ते धायेवं हाइँसे धका रथ साला बिज्याइपिं श्रद्धालु महानुभावपिं । थुपिं सकलें जिगु दुनुगःया भिंतुनाया पात्रपिं जुया च्वंच्वन । उकिं सकसितं भिंतुना मधासें च्वने मफु- भिंतुना !

आशा व विश्वास दु, थथे हे सकसिगुं सहयोग व सहानुभूतिद्वारा हाकनं हाकनं थुजोगु धर्म व भाषा सेवाया ज्याय् ल्हाः तयावं यंका च्वने दइ ! अस्तु ।

Dhamma.Digital

**भिक्षु ज्ञानपूर्णिक**
श्री सुमंगल विहार
भाद्र १, २०२८



Downloaded from http://dhamma.digital


नेपाः व बर्माया स्वापू
व
बर्माय् बुद्ध-धर्म

—भिक्षु ज्ञान पुण्यिक

# नेपाः व बर्माया स्वापू
## व
## बर्माय् बुद्ध धर्म

### निगु शब्द

जि बर्माय् तः द मछि च्वना बौद्ध धर्म अध्ययन याना वया । बर्माय् विद्या अध्ययन याना च्वना बले मती तया च्वनागु खः नेपाल व बर्माया मैत्री बः लाके माः । अथे मती तया बर्मा लिहाँ वया "नेपा व बर्माया स्वापू" नामं सफू छगू च्वया ।

तःदं लिपा श्री कवि केशरी चित्तधर दाइया कुतः लं मनं तुना थें थ्व सफू पिदन्के स्वन । थुकिया श्रेय ला चित्तधर दाइ यात हे दु । उकि वेकया प्रति जि कृतज्ञ जुया ।

थ्व सफू स्वर्गीय हर्षरत्न (भाइ साहु) या पुण्य स्मृतिस शान्ति व निर्वाण कामना यासे श्रीमति लक्ष्मीप्रभां छापे याना धर्मदान याना दीगुलि बयेकःयात नुगलं निसे धन्यवाद दु ।

प्रुफ स्वया प्रेसे बिज्याना छापे यायेगु ज्या पूवंका बिज्याःगुलि अश्वघोष भन्ते यात लोमंके फै मखु ।

सफू बाँलाक छापे याना ब्यूगुलिं चांमुन्द्रा प्रेस नं धन्यवाद पात्र जू ।

**ज्ञानपुण्णिक**
श्री सुमंगल विहार
२८, बैशाख २०२९, ललितपुर ।



Downloaded from http://dhamma.digital




# अहिंसा विजय

## छुं खँ

जग, थ्व संसार घःचाःथें चाह्यू । उकिं च्वःप्वः खने मदु । न त थाः गाः दुः न दिपु हे । अतः थ्व चित्र नं खः अले विचित्र नं । थन अने तनेगु घटनात दु, संयोगत दु, संसर्गत य सम्मिश्रणत दुः गुकिंया ल्याःचाः मदु । थन थह्यंपि दुये क्वह्यंपि नं दु । तःधं धाःपिं दुथे चीधं धाःपिं नं दु । पण्डित धाःपिं दुथे अतिपण्डित धाःपि नं दु । पशुत दुथें नरपशुत नं दु । पित्याः प्याः चाःपिं दुथें पित्याकी प्याः पि चायेकीपिं नं दु । शोषकत दुथें शोषितत नं दु । अन्याय दुथें अत्याचार न दु । हिंसा दुथें बर्बरता नं दु । थन क्वत्यलीपि दुथें क्वत्ययेका च्वंपि नं दु । थन न्हुत्तु न्हुइपि दुथें न्हुत्तु न्हुइका च्वंपि नं दु । _वथें_वथें थन सकतां सकतां दु ।

अले_अले गबले थन थुकिया लिचः क्यनीपि व बीपि खने दया वइगु, व दयेक वइगु खः, अबले इपि इपि सकसितं हे मनिना वइगु, मजिया वइगु, मछिना वइगु, आच्छु आच्छु मिना वइगु, छु याये गथे याये धयाथें जुया वइगु, मिखां छुं मखना वइगु, हीमी चाया वइगु, बुद्धि व विवेक धाःगु फ्वसा वया वइगु, अले छु मानि, सुला च्वंगु धंवा छ्वाराक्क पिहाँ वया बीगु । शास्त्र वः कयाः, गुरु धाःपिं वः कया धर्म बः कया, नर्कया ख्याःच्वः बिया, स्वर्गया बांला व हिसि क्यनां मज्यूपिं, मभिंपि मनीपि धाक्व पुरोहित खण्डहालंथे होमे याना छ्वयेत स्वइगु । थुकिया विरुद्धय् म्ह ग्वाना, हि क्याना, मि च्याना क्रान्ति धाःगु भःदना वइगु । संघर्ष थाय् काइगु । तर थ्व हानं बँग्वारा ह्याउँकीगु जुल कि लोक अपवादं बचे जुइ मफइगु ! हिटलरया दशां कःवइगु !! उकिं थुजागु अवस्थाय् बोधिसत्व आदर्श छु गुजागु संघर्षया लंपु ज्वना लिचः हइगु खः, थुइके माःगु दु ।

बुद्धया धापू दु "त्याम्हसिया शत्रु आपाः दइ, बूम्ह मकयकुना द्यने माली । त्याबु-चीका शान्त प्रकृती च्वने फुम्हसित याउँसे च्वनी ।" बोधिसत्व चरित्र थुकी  हे दिना च्वंगु दु । सत्य व असत्यया घात प्रतिघातय् बोधिसत्व चरित्र थःगु गतिं न्ह्यानावं वना च्वनी, गुबले तक छुं निष्कर्षय् थ्यनी मखु । इतिश्री छुकिं जुइ 'सत्य मेव जयते' या अधारय् बिचाः याये माली 'खः वा मखु' ज्यू वा मज्यू !'

थुकिया निंतिं ब्वमिपिनि न्ह्योने थुगु सफू लःल्हाना च्वनागु दु उखें थुखेंया टुक्रा टाक्रा पुचः चिना, बुद्ध सम्बन्धी घटनात स्वात्तु स्वाना, मनया नुगः खँ व्हत्तु व्हना । उकिं थ्वयात न अनुवाद धायेछि, न सम्पादन, न त व्यक्तिगत विचार धाराया लेखन ! यःगु थजु थ्व छगू सर्वसम्मत सफू खः साइजया दृष्टि, डिजाइनया पहलं, पौ व देबः आखः दुगु आदि आदिया कारणं ।



Downloaded from http://dhamma.digital

थथे थ्व सफू छिकपिनि न्ह्योने ब्वये दुगु मेतां मखु श्री नीलरत्न तुलाधर असन ध्याकुछे परिवारपिसं श्रद्धा तया ग्वाहालि बिया माःगु माक्व सहयोग याना दीगुलि खः । अले थथे ग्वाहालि यायेत स्वापु स्वाका ब्यूम्ह तता अनागारिका धम्मवती गुलि जक लुदं फुदंगु नुगः दुम्ह जुइ धाये माःगु खँ मखुत । थौंकन्हेया अवस्थां छगू सफू पिकायेत गुलि भासं ल्हाकेमाः सुयातं कना च्वने माःगु मदु । साथ साथय् लिमला फमला भूमिका च्वया बिया बिज्याःम्ह सहोदर भिक्षु सुदर्शन, यले यले थ्यंक प्रुफ बी हया तःफाःगु नुगः क्यंनीम्ह शाक्य प्रेसपि गलि जक हःपाःबी न्ह्यापि जुइ स्वतः हे सिद्ध जुया च्वंगु दु ।

उकिं सकले निर्वाण-प्रार्थी सहयोगी श्रद्धालुपि व हःपाःमि फुकसितं थुजागु हे ज्या-खँय् सदां धयाथें ल्हाः तयेफुपिं जुया देश धर्म भाषा जनसेवा याये फुपिं जुइमाः धका सुवाः ब्युब्युं दुनुगःया भिंतुना प्वंका छुं खँ ब्वया च्वना ।

**भिक्षु ज्ञानपूर्णिक**
श्री सुमंगल विहार
नुगः, लुँखुसि, यल । २०३१/९/७



Downloaded from http://dhamma.digital




# राहुलयात तथागतया उपदेश

## न्हापांगु संस्करण कथं

### छ्वत्वाः खँ

कुमार राहुल, शाक्यपुत्र राहुलभद्र शिष्टभाव व भद्रत्वया महान प्रतीक खः । वस्पोलयागु प्रत्येक पलाखय् भद्रत्वया चिं प्रतिबिम्बित जुया च्वंगु दु । यदि भीसं बौद्धत्वं जाया च्वंगु सभ्यता व शिष्टाचारया अनुकरण यायेगु खःसा राहुलयागु शुद्ध व स्वच्छगु आदर्शयात थः नाला कायेगु अत्यावश्यक खने दु ।

राहुलयाकेथें जाःगु सुसभ्य व सुसंस्कृत पहः चहःया अभावं थौं भीपिं गुलि कलंकित व अपरिष्कृत खः, भीसं मह्येकुसे हे स्वीकार याये माली ।

थौं भीसं पाश्चात्य सभ्यतायात जक च्वन्ह्या कथं खंका थःगु देश, काल, परिस्थिति व लः फय् निभाःयात ल्वःगु सभ्यतायात तंका च्वना । गुगु धात्थें उत्कृष्टगु च्वन्ह्यागु संस्कृति खः, उकियात थः नाला इपिं इपिं मनूत सुसभ्य व सुसंस्कृतपिं जुया वन, हानं गुकी न्ह्या वना इमिसं थःगु जीवनपथयात निष्कंटक याना वन, व हे संस्कृति व सभ्यता प्रति भीपिं गुलि उपेक्षित ! थ्व छु माजु मल्यूसे ब्वाजु लीगुया ज्वलन्त प्रमाण मखुला ? अथे नं भीसं थःगु गौरवयागु गौरव भाःपी फुगु मखुनि । प्रतिष्ठायात प्रतिष्ठाया रूपय् कायम यायेगु कुतः भीक् मदुनि ।

बौद्ध संस्कृति व आर्य सभ्यतायात थःगु याना थःपिं थःगु तालं हे न्ह्याः वने दयेकेगु खःसा राहुलं ब्यूगु आदर्श बुद्धं क्यंगु लँपुइ न्ह्याज्यां मवंसे मगाः । माँ-बौ, दाजु-किजा, इष्ट-मित्र सब्रह्मचारीपिं वथें आचार्य गुरू आदिपिनि प्रति बौद्ध आदर्श छु गुजागु अभिव्यक्ति अभिव्यक्त यानाच्वन, उकियात सीकेगु निंतिं राहुलयात तथागतया उपदेश पठनीय, पठनीय जक मखु अत्यावश्यक कथं अनुकरणीय नं खः ।

अवस्था अवस्था स्वया तथागत राहुलयात बिया बिज्याःगु उपदेश गुलि त व्यवहारिक जू हानं गुलि त लाभदायक खः मानवीय मनोविज्ञानयात क्वथीक स्वया प्रयोगय् हइपिनि निंतिं सरलथें च्वना नं थुइके थाकुगु, याउँथें जुया नं भ्ह्यातुया च्वंगु, द्योनेसंथें खने दया नं दुग्यःगु, गम्भीरगु, खंके थाकुगुलिं सी दु । राहुलं थःमं व्यक्त याना च्वंगु धापुं नं थुकियात समर्थन याना च्वंगु दु ।

भौतिकपक्ष व आध्यात्मिक-पक्षयात समन्वयात्मक कथं मिखा ब्वये फुसा तिनि यथार्थ ज्ञानया दर्शन जुइगु बौद्ध दृष्टिकोणया प्रतिपादन थुकी जुया च्वंगु दु । उकिं थ्व उपदेशयात भीसं थुइका राहुलयागु भद्रत्वं थःत छाय्पिया जीवन सार याना काये फुसा अवश्यं भीत तःधंगु सार प्राप्त जुइ ।

थुगु सफु प्रकाशनया निंतिं दाता चूलाका ग्वाहालि याना बिज्याम्ह तता अनागारिका धम्मवती लिसें प्रकाशक जुया सहयोग प्रदान याना बिज्याःपिं धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया श्रद्धालुपिनि प्रति व यलय्



Downloaded from http://dhamma.digital

थ्यक प्रुफ बीके हया जितः अःपुका बिया बिज्याम्ह थाकू नायो श्री मंगलमान शाक्यजु तथा शाक्य प्रेसया सकल सहयोगीपिनि प्रति आभारी जुयाच्वना ।

अन्तय् थुकथं हे ग्वाहालि याना सकसिनं बुद्ध-शासन समाज व साहित्ययात तिबः बिया ब्वलंके फयेमाः धका आशिका यानावं च्वने ।

०३३।१२।२६

## निगूगु संस्करणया खँ

द्वितीय संस्करण नं याकनं पिकया ब्यूगुलिं धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीयात हानं छकः कृतज्ञता प्रकट याना ।

**भिक्षु ज्ञानपूर्णिक**
मणिमण्डप विहार, पटको यल ।
२९।३।२०३६



Downloaded from http://dhamma.digital




# गुपु जातक मुना

## छुं खँ

थौयागु युग शिक्षाया युग खः । न्ह्याथिंजाम्हसित नं शिक्षा आवश्यक जुइ धुंकल । मसः मस्यूगु सयेके सीकेगु शिक्षा खः । मस्यू मथूगु सीका थुइका बीगु शिक्षा खः । शिक्षा दत कि मनू शिक्षित जुइ । वयाके बांलागु गुणत यक्व दइ । व शिष्टाचारी जुइ, भलादमी जुइ । सभ्यता दुम्ह व सुसंस्कृतम्ह जुइ ।

तर गबलें गबलें शिक्षा शिक्षित जुइत मजूसे अहं मम भाव वृद्धि यायेत जू वने यःगुलिं शिक्षा सयेके सीकेगुली नं थौं कन्हे बडो हे होश याये माःथें च्वं । शिक्षा जक धयां मज्यू छु गुजागु शिक्षा खः, ल्यये माःथें च्वं ।

शिक्षाया प्रकार तताःजि दु; सामाजिक, राजनीतिक, आर्थिक, धार्मिक-शिक्षा, अथे हे मेमेगु नं । छगू छगू शिक्षाय् यक्व यक्व कच्चा मच्चात दु । नाना पण्डितया ग्वाचय् जा था धाथें शिक्षा तताःजि दुगुलिं हे शिक्षा सयेकीपिं नं ताल तालयापि दया वया च्वन । अथे मजुइक शिक्षाया गुगु उद्देश्य खः, व अनुरूप जुइ कथंया शिक्षा मानव मात्रयात अत्यावश्यक खने दु ।

मनूयात नये त्वने पुने जक दयां मगाः । वयात थःगु जीवन आः नं लिपा नं सुथं लाकेगु लँपु क्यनीगु शिक्षा नं मदयेक मगाः । बिना नैतिक गुण धर्मया अभिवृद्धिं मनू मनू जुइ फइ मखु । उकिं गुगु गुण धर्म दयेकेत थःथःपिनिगु मन, वचन व कर्म भिंका जीवन थाते लाकेत थःगु जीवन लिसे स्वापु दया च्वंगु घटनां जाया च्वंगु खँत नं शिक्षाया रूपय् ग्रहण यायेगु मानवया परम कर्तब्य खः । थुगु कर्तब्य पथय् न्ह्यग्वाका संसारयागु स्थिति थुइका न्ह्यलं चायेका बीगुली जातकं तःधंगु भूमिका म्हिता च्वंगु खँ छपु निपु जातकीय घटना लुमंकेव हे सी दु ।

थ्व हे प्रसंगय् मखादेवादि गुपु जातकं छु छु धया च्वना; छको सारांश कथं नुगलय् थनेगु बेश जुइ ताया । – तुयुगु सँ छपु बुया वयेवं थारान्हुया जीवनया अस्थिरता खंम्ह महान् ऐश्वर्यशाली जुजु मखादेवं *मखादेव जातकय्* धया च्वन, "थ्व जिगु आयु हरण याइगु तुयु-सँ छ्यनय् बुया वल । देवदूत प्रकट जुल । आः थ्व जिगु प्रव्रजित जुइगु (अथवा संसारय् बुत्तुबुला जुइगु तृष्णादि स्वभावयात तोता छ्वयेगु) समय थ्यंक वःगु खः ।"

थुकी तप तया *सुख-विहारी जातकय्* दुथ्याःगु घटनां छु धयाच्वन, भद्दिय स्थविरयागु वर्तमान अनुभवं पिज्वःगु प्रव्रजित जुइ धुंका ब्यक्तयाःगु वस्पोलयागु उद्‌गार वर्णन छको थुकथं लुमके "आः जि अरहन्त जुल । सुं पाले पहरा नं म्वाल । अहो सुख ! अहो सुख !!" अले थ्व हे जातकय् बोधिसत्त्वया थकालिम्ह शिष्ययागु उद्‌गारयात पुष्टि याइगु थ्व धापू नं कम रोचक मजू, "गुम्हसित मेपिसं रक्षा मयाः । गुम्हसिनं मेपिन्त रक्षा मयाः । राजन् । कामगुणय् अनपेक्षितम्ह व हे ब्यक्ति सुखं च्वनी ।"



Downloaded from http://dhamma.digital

शिक्षित खः व मखु, ज्ञां दु व मदु, बुद्धि गाः व मगाः, विवेकी जू व मजू गुलि पाः थ्व खँ लक्खण जातकं बालाक सूचित याना च्वं । – "सदाचारी जुया श्रेष्ठ जीवन हना च्वंम्ह व्यक्ति उन्नति हे जुइ । थःगु जाति समूहयात ल्यू ल्यू तया वःम्ह लक्षण मृगयात स्व । जाति संघ अलग जुया याकचा वःम्ह थ्व काल मृगयात छिमिसं खन मखु ला ?" थ्व गुजागु प्रशंसा व उपहाश !

रस-तृष्णा गुलि ग्यानापु *वातमिग जातकं* ध्वाचुक धया च्वंगु दु, "निवास स्थान वा पासापिनिगु सहवासया आशक्ति रसया आशक्तिथें मभिं मजू । घोर जंगलय् च्वनीम्ह चलायात नं रसद्वारा संजयं बसे काल ।" अनमेल विवाहया कारणं गुलि गथे दुःख सी माले यः, व गुलि खतरनाक *सत्तु-भस्त जातक* थुकिया ज्वलन्त प्रमाण खः । "थीया चरित्तं देवो पि न जानाति = अर्थात् मिसायागु चरित्र द्यवं तकं सीके मफु" थ्व खँ गुलि सत्य खः, थ्व नं थुकिं क्यना च्वंगु दु ।

अधार्मिक जीवनवृत्ति व जात्याभिमान गुलि भयानक थुकिया बारय् *सतधम्म जातक* **बडो व्यंगात्मक** व मार्मिक जू । अले *चुल्ल पदुम जातक* ला मिसा चरित्र ब्वयेगुली व स्त्रो-माया विचित्र धका क्यनेगुली थःगु हे पहःयागु जुल । अथे हे मानव चरित्र छु छु गथे थे जुइ यः, इमिगु रहस्य छु खः, सत्यया वास्तविक प्रभाव गुलि च्व न्ह्या, थुमिगु चित्रणय् *कण्हदीपायन जातक* कम महत्वपूर्ण मजू ।

वथें तुं मानव - कामना, इमिगु इच्छा व आकाक्षाया स्वरूप छु खः, कामना गुलि दुष्कर त्याज्या खः *गंगमाल जातक*या थ्व न्ह्यसःया लिसलं बांलाक धया च्वं, "जित निभालं छ्वयेका च्वंगु मदु । जित कामनातयेसं छ्वयेका च्वन । हे राजन्, जिके अनेक प्रकारया कामनात दु । इमिसं जित छ्वयेका च्वन । निभालं मखु ।" साथय् चायेका च्वनेगु विवेक गुलि ग्यसुला थ्व नं थ्व हे जातकं थथे धका न्ह्यब्वया च्वंगु दु, "हे कामना ! जिं छंगु हा खंके धुन, छ संकल्प-विकल्पं जन्म जुइम्ह खः । आः जि संकल्प-विकल्पतयेत थने मखुत । थुकथं हे कामना ! छ खने दयेक वये फइ मखुत ।"

वस्तुतः मानवया मूल्यांकन जातकया घटनातयेसं प्रत्यक्ष व अप्रत्यक्ष रूपं याना च्वंगु दु । गबले थुकियागु महत्व प्रत्येक मानवं थुइकी, अबले इपिं धात्थें शिक्षितपिं जुइ फइ । थ्व सूचं नैतिक शिक्षाया भण्डार जातकं बिया च्वंगु दु ।

थ्व *"गुपु जातक मुना"* सम्पादित सफू पिकायेत श्रद्धा तया बिज्यापिं बुद्धमाया शाक्य व वस्पोलया काय् जुजुरत्नपिं अति हे सौभाग्यशालीपिं खः । गुपिंनिगु श्रद्धाया स्वाँनं याना सकसितं नैतिक शिक्षाया सुगन्ध इना बीगु सुअवसर चूलाका बीगु प्रेरणा बिया बिज्याये फत । थुगु ज्याय् हःपाः ब्यूम्ह हेराकाजी सुजिका, च्वयेगुली ग्वाहाली ब्यूम्ह केहें अनागारिका उत्पलवर्णा वथें सफू याकनं पिथनेगुली थाकु मचासे थःगु कर्तव्य पूवंका बिज्यापिं सुभाष प्रिन्टिङ्ग प्रेसया परिवारपिं सकसिगुं प्रति जि अतिकं आभारी जुया च्वना ।

अन्तय् थुकथं हे सहयोग व ग्वाहालि बिया सकलें बुद्ध-शासन, शिक्षा, समाज व नैतिकतायात ब्वलंके फुपिं जुइ फयेमाः धका सदां आशिका यानावं च्वने ।

**सम्पादक भिक्षु ज्ञानपूर्णिक**
नगर मण्डप श्री कीर्ति विहार,
०३४ भाद्र १२ गते, कीर्तिपुर ।



Downloaded from http://dhamma.digital




# पञ्चशीलया महत्व

## प्राक्कथन

पञ्चशील पञ्च व शील निगू शब्द स्वाना च्वंगु शब्द खः। पञ्च न्यागू संख्या सूचक शब्द खःसा शील सामान्य कथं भिंगु आचार अथवा सत्+आचारयात व्यक्त याइगु शब्द खः।

बौद्ध साहित्यय् शीलयात समाधानादि विभिन्न अर्थ कथं व्याख्या याना तःगु दु। समाधान अर्थय् शीलया अभिप्राय खः, कायिक व वाचिक कर्म अनर्थ कथं मजुइक उखे थुखे मछ्वःसे बालाक सुरक्षा याना तयेगु।

शरीर व वचनयात सुशिक्षित जुइक कुशल धर्मया लिधंसा जुइगु व शरण स्थल जुइगु उपधारण अर्थय् नं शील शब्द प्रयोग जू। उकिं शील ब्याक्क भिंगु गुण-धर्मया हा खः, मा खः।

प्रकृति शरीरय् छ्योंया गुलि महत्व दु, अथे हे निर्दोष गुण-धर्म रूपी शरीरय् शीलया नं उलि हे महत्व दुगु भाव अर्थयात कया 'सिस' शब्दय् नं 'स' यात 'ल' याना 'सिल' धाइ। गथे छ्यों मदुगु शरीर अस्तित्व हीन खः, वथें हे शील रहितगु गुण-धर्मया सत्ता अस्तित्व हीन खः।

शीलया मेमेगु नं आपालं अर्थ दनि। इपिं फुकया उल्लेख थन सम्भव मजू। वथें शीलया प्रकारान्त भेद नं तःताजी दु।

विशेष याना थन भीसं सीके माःगु छु धाःसा भोग- प्राप्ति व पुण्य-प्राप्ति अर्थय् न्ह्यागु पालन यायेगु बाहिरिक विधिविधान दक्वं शील मखु। छायधाःसा उकिं मनूयात धात्थेंगु जीवनोपयोगी लिधंसा दये फइ मखु।

बाह्य विधि-विधानय् तःक्यनां मनूतयेसं छु जक मया; गुलिसिनं शीलया नामय् प्यपां चुया जुइगु, कचिगु जक नइगु, घाँय् नापं नइगु, थल बलय् तया मनःसे बँय् समेतं अथें तया नइगु, याना च्वनी। गुलिसिनं ला भाय् समेतं मनुखथें मल्हाःसें च्वना च्वनी। द्यंसा बँय् द्यनी। दिसा पिसाब तकं विकृत रूपं याना च्वनी।

बौद्ध दृष्टिं थुजागु शीलयात विभिन्न कथं नामांकित याना " गोसील, कुक्कुरसील, सकुणसील " आदि धया तल। थुकियात मनुखं पालन याये बहःगु शील धका बौद्ध दृष्टिं धया मतः बरू अन्धविश्वासं जाया च्वंगु मिथ्या धारणाया भ्वलय् दुथ्याका तल।

शील धयागु प्रतिष्ठित रूपं समाजय् याउँक व अःपुक म्वायेत व सुशिक्षित व सभ्य गुणयुक्त आदर्श जीवनयात सुवासित यायेत मदयेकं मगाःगु समाज सुव्यवस्थित याइगु मानव धर्म खः। शीलं आरक्षितगु प्रत्येक मानवया चित्त सन्तोष प्रदायक जक मजुसे प्रबलकारी नं जुइ।

मनू समाजय् च्वनी, अन हे व ब्वलनी। सामाजिक आस्था व प्रतिष्ठा प्राप्तिया निंतिं व अति इच्छुक नं जुया च्वनी। विना नैतिकतां थ्व आकांक्षा पूर्ति सम्भव मदु। अले नैतिकता धयागु शील गुण-धर्म दुसा



Downloaded from http://dhamma.digital

तिनि प्रभावकारी जुइ । अथे जुया हे भगवान बुद्ध शीलयागु गुण वर्णनय् दुने थथे आज्ञा दयेका बिज्याःगु जुइमाः :-

१. गृहपतिपि ! शीलवान् शीलयुक्त व्यक्ति प्रमादि जुइ मखुगुलिं आपालं धन सम्पत्ति प्राप्त याइम्ह जुइ ।
२. ख्याति प्राप्तम्ह, यश व कीर्ति फैले जूम्ह जुइ ।
३. क्षत्रिय, श्रमण, ब्राह्मण व वैश्य न्ह्यागु सभाय् वंसां निर्भीकम्ह, निःसंकोचम्ह जुइ ।
४. होश दयेका मरण जुइ फुम्ह जुइ ।
५. मरणं लिपा नं सुगत्ती थ्यनी ।

थुपिं फुकं नैतिक चरित्रवानम्ह व्यक्तियात समाजय् पाखें प्राप्त जुइगु महान उपलब्धि मखुला ? वास्तवय् शीलवान् सदाचारी व्यक्ति प्रति दुगु सामाजिक विश्वासया हे प्रतीक थुपिं लाभत खः ।

देशय् शान्ति सुरक्षायात कायम याये निंतिं अनेकौं किसिमया दण्ड विधानत निर्माण जुया च्वनी । थुकियागु आवश्यकताया मूल कारणतयेगु अन्वेषणय् वन धाःसा दुश्चरित्र, अनैतिकता, कर्तव्यहीनता आदि शीलया विपक्षी स्वाभावत न्ह्योने च्वं वइ । अथे जुया हे जुइ विश्व सम्राट् चक्रवर्तीया विधान हे पञ्चशील जुया च्वनीगु खँ लिसें अबले देश, राष्ट्र समाज समेतं शान्ति सुरक्षाद्वारा व्यवस्थित जुया च्वनीगु खा विभिन्न धर्मग्रन्थय् उल्लेख जुया च्वनीगु खँ विभिन्न धर्मग्रन्थय् उल्लेख जुया च्वनीगु । विशेषतः बौद्ध धर्मग्रन्थय् । थुगु "पञ्चशील सम्बन्धी" चिकिचाधंगु सफुती उल्लेख याना तःकथं पञ्चशीलयागु नामाकरण नापं " चक्रवर्ती नियम" जुया च्वंगु क्यना तःगु दु, गुगु बर्माया भूपू. प्रधानमन्त्री ऊ. नुं बर्माया रंगून शहरय् दुने क-बा-ए धयागु विश्व शान्ति चैत्य स्थलया अर्न्तगतय् लाःगु छट्ठ संगीति महापासाण गुफाय् आयोजित गोष्ठी बिया दीगु भाषणया अनुवादित रूप खः । थुकी वयृक नं पञ्चशील समाजया निंतिं गुलि आवश्यक, थुकियागु अभावय् सामाजिक ढांचा गुकथं जू वनी आदि खँत प्रत्यक्ष व अप्रत्यक्ष रूपं उल्लेख याना दीगु दु । पञ्चशील पालनया अभावय् मानव समाजयागु भविष्यया स्थिती खने दः वइगु अव्यवस्थित स्वरूपं वयृकयात गुलि चिन्तित व आकुल ब्याकुल जुइका तल व नं थन सुला च्वंगु मदु ।

चारित्र शीलय् दुथ्याःगु गुण धर्म प्रति दृष्टि ब्वये फत धाःसा वयृकया चिन्ताया कारण पञ्चशील अभावगु समाज छाये जुल धयागु खँ स्पष्ट जुइ तया :-

कल्याणमित्र सत्संगत यायेगु, बाँलाःगु खँय् दुनुगलं निसें साधुवाद बिया सहमती प्रकट यायेगु, मेपिनि अपराधय् क्षमा बीगु शक्ति दयेकेगु, मेपिनि गुण प्रकाश यायेगु, थःगु दोष सुधार यायेत आत्मावलोचना यायेगु, निर्दोष ज्याय् अलसी मजुसे कुतः यायेगु, रोगीपिनि सेवाय् उत्साह दयेकेगु, ज्ञातृ वर्गयात धैर्य बीगु, माःपिंत माः बले फुकथं ग्वाहालि यायेगु, अपराधीपिंत अपराध यायेगु अनुबल मबीगु, बरू सुधारया निंतिं प्रयत्न यायेगु आदि ब्याक्कं चारित्र शीलया अंग खः । वथे हे आदर गौरव तये बहःपिन्त आदर गौरव तयेगु, पूजा व सन्मान यायेगु, बृद्ध बृद्धापिं माँ-बौपिन्त थःगु क्षमता अनुसारं पालन पोषण यायेगु, उपकारया प्रत्युपकार यायेगु आदि गुण धर्म नं चारित्र शीलय् दुथ्याः । अले थुकिया अभावय् समाज अव्यवस्थित जुइगु खँय् ऊ. नु जुं भविष्यया मानव समाजप्रति चिन्ता व्यक्त यातं छुं आश्चर्य जुइ मताः ।

वयृकलं शीलया महत्ता व उकिया पालनय् दये माःगु दृढता साधारण मनूतयेत समेतं थुइका बीया निंतिं थुगु भाषणय् दुथ्याका दीगु जातकीय वर्णन नं थन कम महत्वपूर्ण मजू ।



Downloaded from http://dhamma.digital

खतु थुगु **पञ्चशील सम्बन्धी** ऊ. नुयागु भाषण स्व. अनागारिका मुदिता अैयाया नामं श्रद्धेय भिक्षु कुमारकाश्यपया श्रद्धां पिज्व:गु ऊ. नुया भाणण संकलन सफुती दुथ्याकेया निंति. अनुवाद जूगु खः । तर श्रीमती आशामाया शाक्य(कुटीबाहा) पाखें धर्मदान रूपय् चिकिचा धंगु अलग सफूया रूप कया पिहाँ वयाच्वंगु खः ।

थ्व सफू च्वयेगु ज्याय् ग्वाहालि ब्यूम्ह सुश्री अमिता धाख्वा बि.एस.सी. परियत्ति सद्धम्मपालक अनुवादय् ग्वाहालि या:म्ह अनागारिका उत्पलवण्णा ( चिनी ) परियत्ति सद्धम्म कोविद, प्रुफ स्व:म्ह भिक्षु शीलभद्र, धुवांधु प्रेसय् वना प्रुफ कावनेगु व ब्यूवनेगुली अलसी मचासे ग्वाहालि ब्यूम्ह श्रामणेर पञ्ञालोक व हिमी मचासे धाबले धा:कथं ज्या खँ याना ग्वाहालि बिया च्वंपिं शाक्य प्रेसया नायः प्रमुख प्रेस परिवारपिं नं गाक्कं धन्यवादया पात्रपिं जुयाच्वन ।

अन्तस श्रीमति आशामाया शाक्य ( कुटीबाहा ) यात कृतज्ञता व धन्यवाद देछाया थुगु सफूया पाखें लौकिक व लोकुत्तर सम्पत्तिया महान फल लाभ याना काये फयेमा धका आशिका याना च्वनागु जुल । अस्तु ।

भिक्षु ज्ञानपूर्णिक
मणिमण्डप विहार,
पटको, यल ।
१ बैशाख २०३६

Dhamma.Digital



Downloaded from http://dhamma.digital




# पुण्य पुष्प फिफ्वः स्वां

### छुं खँ

मानव मन अजुगति चायापु । छगु रूपं थ्व गबलें मच्वं । हित्तु हिला वना च्वने यःगु थ्वया स्वभाव । थ्व मन गबलें बाँला, हिसि दु, चत्त च्वं । यइपुसे फः फः धाः । गबलें बाँमला, हिसि मदु, चत्त मच्वं । बिसिद्धि वरव्वाः थ्वरव्वाः मदु । मयइपुसे भः भः धाः । थथे जुइगु मेता कारणं मखु । ज्यू कथं खः कथं सही रूपं बिचाः जुइगु, लुइगु अवस्थाय् थ्व सर्वांग रूपं यच्चुसे । तर अखतं मज्यू कथं बेढंगं बिचा जक छु जुइगु खः , लुइगु खः थ्वया स्वरूप हे पाना वनीगु । उकि थ्व मनयात खः थाय् ज्यूथाय् भिंथाय् लाकेत तःसकं होश यायेमाः, तयेमाः । न्ह्यलं चायेका च्वने फयेकेमाः । थ्व हे खँयात बांलाक थुइका बीत थुगु सफू "पुण्य पुष्प फिफ्वः" भीगु न्ह्योने थ्यना च्वन । नस्वाःगु बांलागु शोभा दुगु यइपुसे हिसि दुगु दुने दुनें ह्वया च्वंगु स्वाँ फिफ्वः । थ्व नुगः यचुकीगु स्वाँ खः । मति व गति भिंकीगु स्वाँ खः ।

थुकिया मू च्वमि बर्माय् महाशी सासना यैताया छम्ह गौरबनीय ध्यान गुरु नायक सयादो ऊ. सुन्दर महास्थविर खः । वसपोल नेपाः बिज्याये धुंकूम्ह खः । थाय् थासय् १०-न्हु १०-न्हुया विपश्यना ध्यान शिविर संचालन याना ध्यान नं स्यना बिज्याये धुंकूम्ह खः । अथे जुया वसपोल लिसे नेपाःमि बौद्धपिं बांलाक हे सुपरिचित ।

तर थ्व संसार थःमं धयाथें मदु । थौं खनाम्ह कन्हे खने मदइगु , वथे थौं मखनाम्ह तुरन्त खने दयेक वइगु । दइगु मदइंगु मदइगु अन्तरद्वन्दय् लाना हिला च्वनीगु थुकीया स्वभाव । थ्व स्वभावं सुं सुं हे मुक्त मजू । ज्यो जुइमाः द्यो जुइमाः । यथि जाःम्ह हे छाय् थमजुइमा : । सकले सकलें थुकीया दुने हे लाना भमरीथें चा हिला च्वंगु दु, दु । सयादो ऊ सुन्दर नेपालं बर्मा लिथ्यन । ला बला जक छु दत वस्पोल नं संसारया भमरी लात । वस्पोल थ्व संसारं तना वन । गुलि अजुगति चाये माःगु जुइ थ्व ।

आः वसपोल थ्व संसारय् मन्त । अथे नं वस्पोलया यश कीर्ति व ज्या-खँत थन ल्यना च्वन तिनि । ल्यनी नं तिनि । तनी मखुनि । उकिं हे वस्पोल तथागतं "बांलाक सुशोभित याना छायेपा तःगु राज-रथ जीर्ण जुया वनीगुथें थ्व शरीर नं न्ह्याक्क हे सुरक्षा याना तःसा जीर्ण जुया वनी; तर तथागतपिनि सत्य-धर्म जीर्ण जुइ मखु—" धका उपमामय भाषं भीत न्वखंक धया न्ह्यलं चायेका धका बिज्यागु । भीपिं धाःसा अथे अःपुक याउँक न्ह्यलें चाइपिं मखया च्वनीगु । थ्व भीगु हे दुर्भाग्यया चिं मखा जुइ ।

वस्पोल सयादो नं थुगु सफूथें जाःगु सफूत यक्व च्वया धका बिज्याना तःगु दु । अतिकं जनप्रियगु उपिं सफूत खः। उकी मध्यय् छगू सफू छल्पोल छिकपिनि न्ह्योने ब्वया च्वना । थुकी जितः लयुता वः । थ्व हे वस्पोल सयादोया प्रति थःगु श्रद्धांजली धाये माल । मेकथं वसपोलया प्रति कृतज्ञता प्रकट यायेगु लँपु नं ला आः मदये धुंकल ।



Downloaded from http://dhamma.digital

थुगु सफू व्वना ब्वमिपिसं थःथःपिनिगु जीवनय् नस्वाःगु बांलागु भिफ्वः स्वँायागु सुगन्ध वास काये फयेमाः । तिया छायेपा पिने नं दुने नं बांलाके फयेमाः । थुगु जीवन वथें थनं लिपायागु जीवन न सार्थक याना काये फयेमाः ।

थुगु सफू पिथनेत थः दिवंगत पिताजुयागु अनन्त गुण लुमंका वयेकयात पवित्र पुण्यभाग दे छायेया निंतिं धका काय् म्ह्याय् जुया च्वना दीपिं निलमान सिं तुलाधर, पन्नामान सिं तुलाधर, माणिकमान तुलाधर , तारामान तुलाधर , रासमान तुलाधर, नेकलेशदेवी तुलाधर, अले पूर्णदेवी तुलाधर व वयेकपिनि पूज्या मां सहित सपरिवारपिनिगु सश्रद्धां माःगु माक्व श्रद्धा प्वंका दिल । थःपिनिगु हे थाकुथिं थ्व सफू पिथना दिल । सम्पूर्ण परिवार अतिक हे सुभाय् देछाये वहःपि जुया च्वन । थुगु धर्मदान कुशल पुण्यया महानगु अनुभावं वयेकपिनि दिवंगत पिताजुयात सर्व मंगलं सम्पन्नगु जीवनया अवस्था प्राप्त जुइमाः । सम्पूर्ण दुःखं मुक्त जुया च्वंगु निर्वाणयागु अवस्था लाभया उपकारक हेतु व प्रत्यय नं थः जुइमाः !

अले दाता चूलाका बिया बिज्याःम्ह तता धम्मवती अनागारिका खः । वस्पोलयात आखःग्वलं सुभाय् देछायां जक नं गाःगु मखु । वसपोल ला सकसियां हे आभारया पात्र जुल ।

थुकी आपालं आखः द्वं विद्वं दये फु । होश तया सचे याना ब्वना बिज्याये व बी माल । थ्व हे थःगु आशा व भलसा जुल । "हट्पट् को काम लट्पट्" धयाथें जुइगु थ्व स्वाभाविक हे जुया च्वन खनि ।

थुगु सफू आपाःसिया हित व कल्याणया लागी जुइमाः !

**भिक्षु ज्ञानपूर्णिक**
विश्व शान्ति विहार
२०४१ चैत्र २१



Downloaded from http://dhamma.digital




# महान ऋद्धिमती उत्पलवर्णा स्थविरा

## छुं खँ

बुद्ध-शासन भगवान् बुद्धया माँया लिउ माँ जुया विज्याःम्ह चिर-रात्रिज्ञा महान् आदर्शमयी नारी महा प्रजापति गौतमीयागु असीम प्रयत्नं भिक्षुणी शासन स्थापना जूसें निसें नारी समाजय् तःधंगु आशाया किरण फैले जुया वल । नारीपिनि निंति क्रुर सामाजिक प्रतिबन्धं मुक्त जुया वनेत संघर्ष याना वनेगु लँपु बांलाक चाला वन । निलांगु बुद्धि दुपिं धका हेलाया दृष्टि क्वथुंका च्वने माःगु स्थितिं पिहाँ वना जीवनया श्रेष्ठोत्तम मार्ग फल ज्ञान समेतं लाभ याना क्षीणाश्रवी जुया अरहन्त धायेका पूर्ण आर्यात्वय् थ्यंक वनेफूगु दसू समेतं क्यनेगु अवसर नारीपिसं प्राप्त याना काये फत । कलंकितअवस्थां पुला वना धात्थें निष्कलंकित जीवन हनेगु चक्कंगु लँपु इमिसं खंका काये दत । थ्व खँया पुष्टि बुद्धकालीन बौद्ध स्थविरिपिनिगु उद्गारं बांलाक व्यक्त जुया च्वंगु दु । इमिगु भावातिरेक उदान वाक्य गुलि ममंस्पर्शी व हृदयग्राही जू प्रत्येक स्थविरापिनिगु जीवनी घटनां बांलाक न्ह्यब्वया क्यना च्वंगु दु ।

समस्या जीवनया छगू अंग खः । थ्व संसारय् न्ह्यागु युगय् हे छाय् थमजुइब्यु थःथःगु युग अनुसार समस्यात दया हे च्वनिगु व वया हे च्वनिगु जुया च्वन । समस्या दया हे उकिं मुक्तियागु मार्गया महत्व दया च्वंगु खः । राज रंकं निसें कया भिखाचा छैंया थुवाः तक सकसितं थुकि प्रभावित याना तःगुदु । पलाःचा पलाःचा पतिकं थुकी थःपिनिगु जीवन पाना च्वने माःगु खँ थुगु "उत्पलवर्ण स्थविर" संकलनय् बांलाक व्यक्त जुया च्वंगु दु । थ्व खँ उम्ह स्थविरायागु थःगु हे शब्दं क्यना तःगु दु, "दुःख नं विभिन्न कथं दया च्वन, सम्पत्ति नं विभिन्न कथं दया च्वन ।" उकिं बुद्ध-धर्म समस्या खना बिस्युं वनेगु स्यना मब्युसे उकियात गुकथं गथे समाधान यायेगु धयागु मार्ग प्रदर्शन जुया च्वंगु जुया नारीपिन्त तःधंगु लिधंसा थुगु धर्म बिया च्वंगु दु । गुपिसं थ्व खँया यथार्थ अनुभवयात, इपिं सकलें सकलें धात्थें कृतार्थ व चरितार्थ नं जुल ।

थुगु "उत्पलवर्णा स्थविरा" यागु विभिन्न अवस्थायागु जीवनी घटनां छम्ह नारीयागु वास्तविक चरित्र, वयागु समस्या, वयागु इच्छा व आकांक्षा वया प्रति दया च्वनिगु सामाजिक कुदृष्टि माँ-बौपिनि न्ह्योने छम्ह म्ह्याय्मचाया पाखें वइगु बोझ आदि खँया बांलागु चित्र चित्रित याना क्यना तःगु खँ ब्वमिपिन्सं अनुभव याना यंके फु ।

थुगु सफुती सम्पूर्ण खँया संकलन जुइ मफुनि । विशेषतः धम्मपद अर्थकथा, थेरीगाथा पालि अर्थकथा, अपदान पालि अर्थकथा व जातकीय छुं घटना जक थन आधार रूपय् मुंका तयागु दु । उत्पलवर्णा स्थविराव सम्बन्धी सम्पूर्ण चरित्रया उल्लेख यायेत पिकाकपिनिगु तःधंगु सहयोगया आवश्यकता दु । वसपोल वय्कपिनिगु श्रद्धां भाय् ल्हाक्व जक ज्याखँ याना यंकेगु उचित जुइगु जुया निंति थन नं व हे अनुसारं जक संकलन जुयाच्वंगु जुल । वसपोल स्थविरायागु सम्पूर्ण चरित्रया अध्ययन याइपिन्त पूज्यपाद आचार्य भदन्त डा. अमृतानन्द महास्थविरयागु बुद्धकालीन सफुतिं यक्वं ग्वाहालि जुइ फूगु जुल ।



Downloaded from http://dhamma.digital

थुगु सफू पिथनेत आपालं आपालं सिगु सहयोग व हःपाः प्राप्त जूगु दु । न्हापां ला प्रकाशिका उपासिका बुद्धमाया शाक्ययागु पवित्र श्रद्धा व मनसुवा हे थुकीया मूहाः जुल । वसपोलं न्यादँ खुदँ न्ह्यवनिसें थुगु सफू पिकायेत मनसुवा याना बिमज्याःगु जूसा सायद थ्व ज्या पूवनिगु सम्भावना दइ मखुगु जुइमाः । न्ह्याक्व हे पियाच्वने माःसां थःगु श्रद्धायात अचल रूपय् वसपोलं रक्षा याना तया बिज्याःगु धात्थें प्रशंसनीय जू । वसपोल प्रति जि तःसकं आभारी खः । वसपोलं धया बिज्याःगु इलय् थःमं थःगु कर्तब्य पूवंका बी मफूगु गुलि तक खेदजनक खः, धयां मब्या । उकिं वसपोल उपासिका अजियागु धैर्ययात न्ह्याक्व साधुवाद देछाःसां मगाःगु जुल ।

वथें थ्व सफूयात सफूया रूप बीत दृश्य व अदृश्य कथं ग्वाहालि ब्यूपिं सकलसितं नं साधुवाद व धन्यवाद देछाया च्वनागु जुल ।

अन्तसः बागमती छापाखानाया नायः व वसपोल प्रेस परिवार प्रति आपालं आपालं सुभाय् देछायेगु जिगु तःधंगु कर्तब्य जुल । वसपोल बेखाराज दाइ नं ठेचो थ्यंक प्रुफ बी हया गुगु थःगु वीर्य व श्रद्धा क्यना बिज्यात, व धात्थें नं अति प्रशंसायुक्त ज्या खः ।

थुगु चिकिचाधंगु सफू ब्वना ब्वमिपिसं अमूल्य ज्ञान कया थःथःपिनिगु जीवनय् छ्यला जीवन सार्थक याना बिज्याये फत दीफत धाःसा सम्पादकाया प्रयास सफल भाःपी दइगु जुल ।

सब्बे सत्ता दुक्खा मुच्चन्तु !!!

**भिक्षु ज्ञानपूर्णिक**
वेणुवनाराम विहार
धर्मस्थल, ठेचो, यल ।
६/४/२०४१



Dhamma.Digital
Downloaded from http://dhamma.digital




# वम्मिक सूत्र

## निगू शब्द

बुद्ध-धर्म मानव धर्म खः । बुद्धं मानव जीवन सुथां लाकेत व सार्थक यायेत अथे हे विश्वय् दुपिं देव ब्रम्हाादि उच्चस्थ प्राणीपिं लिसें आपालं जनपिंत हित व कल्याण यायेत अर्थ व सुख बीत देश, काल, परिस्थिति व प्राणीपिनिगु संस्कार, आचार विचार, बानि व्यहोरा व भावनायात ल्वयेक सम्पूर्या दुःख फुना शान्ति बीगु व दइगु उपदेश कना थका बिज्यात । थुकीयात थौं भ्हीसं त्रिपिटक नामं न्यागू निकायय् विभक्त याना अध्ययन अध्यापन चिन्तन व मनन यायेगु याना च्वना । नवांग बुद्ध-वचन व चय्प्यद्वः (८४,०००) धर्मस्कन्ध स्पय् म्हसीका च्वना । मुख्य सार कथं ३७-गू बोधिपक्षीय धर्म स्पय् नं खंका च्वना । व हे ३७-गू बोधिपक्षीय धर्मयात संक्षिप्तं यंका शील, समाधि व प्रज्ञा धका स्वंगू तहः दयेका आचरण व अभ्यास यायेगु कुतः बौद्धपिनि पाखें जुया च्वन । गुगु छगूं ल्यू मेगुया पृष्ठपोषक अंगत खः । छगूया अभावय् मेगु सार्थक जुइ अःपु मजू । मतलब खः, समाधि क्वातुकेत सद्व्यवहार स्पी शीलया लिधंसा माः; मखुसा विक्षिप्त चित्त शान्त जुइ मखु । शान्त स्थिर चित्त दुसा तिनि संसारय् गथे खः अथे धात्थें दया च्वंगु वास्तविक स्वभाव न्यागू स्कन्ध वा उकिया संक्षिप्त स्प नाम व स्प धर्मयागु अनित्य, दुःख व अनात्म लक्षणयात अन्तस्करणं निसें खंके, सीके व थुइके फइगु विपश्यना-प्रज्ञा, मार्ग-प्रज्ञा व फल-प्रज्ञात छसिकथं जया वइगु, थिना वइगु, ग्यसुलाना वइगु जुया च्वन ।

थ्व हे ग्यसुलाना दुग्यःगु खँयात अनुभूतिं चायेका स्वज्ञानं साक्षात्कार याना सीका काये निंतिं विभिन्न कथया व्यावहारिक व धार्मिक क्षेत्रया दसु बिया विपश्यना-प्रज्ञा क्षेत्रय् लुकु बिना मार्ग-ज्ञान फल-ज्ञान लिसें निर्वाण समेतं ध्वदुइगु कथं व्याख्या याना सरल व सुगम तरीकां धर्मदेशना शैलिं आध्यात्मिक दर्शन परमार्थ धर्मयात स्पष्टं उला क्यना तःगु थुगु ग्रन्थ-रत्न खः । थुकिया पृष्ठभूमि ला बुद्धयागु मूल उपदेश "वम्मिक सुत्त" हे जुल । थन थुकिया उपदेशक व लेखक सु खः न्ह्यथना च्वने माःगु आवश्यक मन्त । थुकी हे दुथ्याना च्वंगु विभिन्न विद्वानपिनिगु भूमिका व निदानं स्पष्ट जुइ धुंकूगु जल ।

थ्व सफू नेपाःमि दुग्यःगु बुद्धयागु उपदेशय् थःत दुबीका धात्थेंगु धर्मरस पान यायेगु अभिलाषां आतुर जुइका च्वंपिं धर्मप्रेमी साधक साधिका योगी योगिनीपिन्त अभूतपूर्व कथं प्रेरणा, ग्वाहाली व हःपाः बीगु मनसुवा तया भाय् हिला तयागु ८-दँ १०-दँ मयाये धुंकल । थासा थ्यायेत ग्वसा जक छु ग्वये लात भाय् ह्यूम्ह अन थन मदयेक पिने पिने ला वना न्यादँया ई अथें हे फुना वन । पिनें दुने थ्यने साथं हानं कुतः जुल । तर विभिन्न प्रपंच व शारीरिक गतिरोधं याना तुरन्त पिकाये मफया वन । उकिं याना मनय् तःसकं सुख मतायेका च्वना । अथे नं आः थथे ब्वंमिपिनि न्ह्योने थ्व सफू पिथना ब्वये दया तःसकं लय्ताया अनुभव याना च्वना । थ्व सफू ब्वना ब्वंमिपिसं बुद्धयागु उपदेशया सार प्रत्यक्ष अनुभूतिं थुइका कया थः थः पिनिगु न्हिथंया जीवनय् छ्यला यंके फत धाःसा थ्व थगु प्रयास अवश्यं सफल भाःपी दइगु जुल ।



Downloaded from http://dhamma.digital

थुगु सफू पिथनेत आर्थिक ग्वाहलि बिया सद्धर्मय् छपला न्ह्यचिला बिज्याःपिं नां मयःसां धर्म यःपिं श्रद्धालुपिन्त व तता मयृजु अनागारिका सुधम्मवती प्रमुख धर्मकीर्ति अध्ययन गोष्ठी परिवार, गुपिसं थुगु सफू हान मेगु द्वःछि पिथनेगु भाला थःपिसं हे कया छकोलनं निद्वः सफू पिथनेगु तःधंगु उत्साह व प्रेरणा बिया बिज्यात, यक्व यक्व साधुवादया पात्र जुया बिज्याना च्वंगु जुल ।

सहोदर आयुष्मान सुदर्शन, गुम्हसिनं मर्मस्पर्शी हृदयग्राही भूमिका च्वया थःगु अमूल्य समय थुकी समर्पण याना बिज्यात, उकिया निंतिं वसपोल प्रति नं गाक्कं गाक्कं आभार व्यक्त याना च्वना ।

अथे हे गबलें थःमं हे प्रुफ स्वया अप्वःयाना न्ह्याबलें प्रुफ ब्वना ग्वाहालि ब्यूम्ह सहोदर शीलभद्र, वथें छुं समय जक जूसां यें थ्यंकः वना प्रुफ ब्यू वनेगु ज्या याना थःगु सहयोगया चिं तःम्ह आवुसो कालुदायी, अनं लिपा प्रुफ जक बालाक कम्पोज याना मखु प्रुफ ब्यू वयेगु व का वयेगु समेतं याना अथक परिश्रम याना बिज्याःम्ह भाजु अशोक शाक्ययात न्ह्याक्व साधुवाद व सुभाय् देछाःसां गाःगु मखुत । उकिं सकसितं दुनुगलं निसें साधुवाद व सभाय् देछाया च्वनागु जुल ।

अले 'नेपाल प्रेस', गुकियागु सहयोग बिना ला थ्व सफुतिं सफूया रूप काइगु हे मखुत । उगु प्रेस परिवारयात सुभाय् दे मछाःसे ला गाःगु हे मखुत । वयृकपिन्त नं आपालं आपालं सुभाय् देछाना च्वनागु जुल ।

उलि जक मखु, थुगु सफू पिथनेत दृश्य व अदृश्य कथं प्रत्यक्ष व अप्रत्यक्ष रूपं ग्वाहालि ब्यूपिं हःपाः देछाःपिं थःगु अमूल्य समय बिया निस्वार्थ भाव क्यंपिं सकल सकलसिगुं सुख, सुविधा, निरोगी, दीर्घायु कामना जक मखु वस्पोलपिं सकलसितं परम शान्तिपद निर्वाण समेत लाभ याना काये फूपिं जुइमाल धयागु प्रार्थना नापं यासे थ्व निगू शब्द थनसं क्वचायेका च्वनागु जुल ।

सकलें सकलें सखी जुइमा : । । ।

भिक्षु ज्ञानपूर्णिक
मणिमण्डप विहार,
पटको, क्वालखु, यल ।
३०–२–२०४९



Dhamma.Digital
Downloaded from http://dhamma.digital




# समथ व विपश्यना
# संक्षिप्त भावना विधि

## छत्वाः खँ

मानव जीवन छगू विचित्रगु संसार खः । थुकी सम्पूर्ण ब्रह्माण्डया फुकं तत्वत दुथ्याः । थुगु जीवन छगूयात जक गति लाक्क व ग्यसुलाक्क अध्ययन, मनन व अनुसन्धान याना यंकल धाःसा संसारय् अजुगति चाये बहःगु धाक्व तत्वत थुकी दुने खंका काये ज्यू, काये फू ।

मानवपिं पिनेयागु रंगी विरंगी दृश्यत खना जक म्हुतु वां खायेका च्वनीपिं । तर थःपिनि प्यकुत्याः हाकःगु जीवनयागु रंगी विरंगी दृश्यप्रति धाःसा इपिं सकलें मिखा तिसिना च्वनीपिं । गुकिं याना थःत थःमं म्हमसीका च्वने माःगु जक मखु, संसारया दकसिबें विचित्रगु चित्र स्वयेगुलिं नं विमुख जुइका च्वने माला च्वंपि । उकिं हे इमिसं मेपिनि ख्वापाः जक ता तुना च्वने माःगु । थ्व इमिगु तःधंगु दयनीय अवस्था खः । थुकिं मुक्त जुइगु कुतः प्रत्येक मानवं याये माःगु दु । लँपु तथागत सम्यक्सम्बुद्धं माथं वंक हे दयेका बिज्याना तःगु दु । उकीयात मानवपिसं माथं वंगु लँपु धका चायेका काये मफू । उकी पलाः छिना वनेगु कुतः इपिं मध्यय् अल्पसंख्यकं जक यानाच्वंगु दु । सुनां थ्व लँपुइ बांलाकं हे पलाः छित, इपिं आर्य धायेके दुपिं जुल । श्रेष्ठ व प्रणीत गुणं युक्तपिं जुल । इमित विशुद्धि देवया रूपय् संसारं गौरवया दृष्टिं स्वत । थ्व असाधारण गौरब खः । छाय् धाःसा थ्व साधारण जनं दयेके फइगु गौरब मखु । थुजागु गौरब दयेकेत मामुलिगु श्रद्धा, छन्द, वीर्य, समाधि, स्मृति व प्रज्ञा दयां मगाः । उपरोक्त गुणधर्म शीर्षस्थय् थ्यंके फुपिसं हे जक थ्व गौरव प्राप्त यायेगु सम्भावना दइगु जुल ।

थ्व हे गौरव प्राप्त यायेगु लँपु क्यनेया निंतिं तथागत प्रतिपादित पद्धतियात हे बःकया बर्माया विश्वप्रसिद्ध विपश्यना ध्यान गुरू परमपूज्य महोपकारक महाशी सयादो नं गुलिखे दँ न्ह्यवः संक्षिप्तं तर पूवंक लेखया रूपय् च्वया तया बिज्याःगु **"शमथ व विपश्यना संक्षिप्त भावना विधि"** नामकरण याना तयागु थुगु सफू छलपोलपिनिगु न्ह्योने ब्वये हयाच्वना ।

थुकी न्हापां शुरू जूगु न्ह्यसः व लिसःद्वारा नं भीसं थुइके फु, मानवपिनिगु धात्थेंगु लक्ष्य छु जुइमाः, अले छु यायेमाः ?

थौयागु युगय् मानवं भौतिक जगतय् छु जक आविष्कार व निर्माण मयागु दु ? भू-मण्डलयात जक इमिसं थःगु ल्हाती प्याखँ ल्हुइके फये धुंकूगु मखु, नभ पथय् नं इमिसं विजय हासिल यायेगु प्रयास यानावं वनाच्वन तिनि । गुलिं गुलिं क्षेत्रय् ला इपिं सफल नं जुया वनाच्वंगु दु । तर- तर — मानव जीवनयागु दुःख दर्द शोक पीडा उकिं मदयेके मफूगु जक मखु, भ्रं भ्रं अप्वः जुइका हयाच्वंगु सुनां जक अनुभव मयासें च्वंगु दइ ! छखें विकास व उन्नतियागु झलक दुसा मेखें विध्वंशया साधनत नं पर्याप्त मात्राय् दयाच्वंगु दु । उकिया मतलब दयेकेगु धयागु स्यंकेया निंतिं खः धका प्रमाणित याना च्वंथें मच्वँला ? थौयागु भौतिक विज्ञानं



Downloaded from http://dhamma.digital

न्ह्याक्व हे प्रगति याना वना च्वंसां संसारयागु प्रकतियात वं बसे तये फइगु कदापि मखु । प्राकृतिक प्रलय व प्रकोपं संसार गुलि पीडित व ला विश्व व्यापक खँ सीकेगुली न्हायपं तिं स्वाका च्वनीपिं सकसिनं न्हिथं न्यना च्वंगु द्दु, स्वया च्वंगु दु । सुं नं उकिं मुक्त जुइ फुपि खने दुगु मखु । अथे जुया हे भगवान बुद्ध संसार निर्माण पक्षय् बिमज्यासे निर्वाण पक्षय् बिज्यागु जुइ । निर्माणया अन्त विनाश जुइगु खःसा निर्वाणया अन्त विनाशयागु अन्त तिनि जुइगु जुयाच्वन । विनाशया अन्त उकिं शान्तिकर शान्तपद जुल । शान्त, स्वच्छ, शीतलत्व प्राप्ति हे उकिं निर्वाण खः । निर्वाणगामी मार्ग प्रदर्शन थ्व सफूया मूल उद्देश्य जुल ।

थुगु सफू मात्र ब्वनेया निंतिं जक मखु, आचरण व अभ्यासया निंतिं नं जुयाच्वन । थ्व आचरण व अभ्यास एकान्त व शान्त वातावरणय् च्वना जक यायेफु । हुलङंगा मचे जुइ थाय् च्वना मखु । बुद्धं गुगु मार्ग लुइका बोधिज्ञान प्राप्त याना कया बिज्यात, व याकचा एकान्तय् च्वना याना बिज्यागु आत्म अनुसन्धान व अन्वेषण खः । उकी भौतिक पक्षया लिसेलिसें आध्यात्मिक पक्ष नं दु । अथे जुया व ज्ञान एकपक्षिय मखु, उभयपक्षिय खः । व उगु ज्ञान उकिं सार्वभौमिक खः । संसारयात यथार्थ रूपं खंकेत नामधर्म धयागु आध्यात्मिक तत्व व रूपधर्म धयागु भौतिक तत्व नितां अध्ययन मनन नितान्त आवश्यक जुयाच्वन । अले तिनि सकसिनं पूर्णता प्राप्त याये फइगु जुयाच्वन ।

थ्व खँ गुलि तक यथार्थ व वास्तविक जू, थुगु सफूया अध्ययन, मनन व अभ्यासं स्पष्ट जुइताः । थुकिं सकल पाठक वर्गपिं सफलीभूत जुइ फयेमाः धयागु मनसुवा यासे थःगु छत्वाःचा खँ थनं तुं क्वचायेका च्वना ।

थुगु सफू प्रकाशनय् हयेत श्रद्धालु दाता चूलाका ब्यूगुली तता सुधम्मवती अनागारिका सुभाय्या पात्र जुयाच्वंगु दु, वथें श्रद्धालु दातावर्ग नं ।

लिसें थुगु सफू याकनं पाठक वर्गपिनि न्ह्योने ब्वये फयेक यलं निसें न्हू बानेश्वर तक प्रुफ बी हयेगु व का वयेगु याना अथक परिश्रम याना बिज्याःम्ह बागमती छापाखानाया मू नायः व वसपोलया सकल सहयोगीपिन्त दुनुगलं निसें सुभाय् बिया च्वनागु जुल ।

सकलसितं निर्वाण प्राप्त जुया याकनं सांसारिक भोक, रोग व शोकं सकलें मुक्त जुइ फयेमाल ।

भाय् ह्यूम्ह
**भिक्षु ज्ञानपूर्णिक**
विश्व शान्ति विहार
न्हू बानेश्वर, यें
१३ आश्विन २०४२



Downloaded from http://dhamma.digital




# दृष्टि व तृष्णा ल्यहैं थनेगु उपदेश

## समर्पण

गुम्ह व्यक्तियाके बुद्ध बूगु देयापिनिप्रति तःधंगु आस्था, स्नेह व ममता दुगु खः, गुम्ह व्यक्ति बुद्धयागु अमृत सन्देश उगु देशय् च्वंपिंत धर्म उपहारया रूपय् लुदंक फुदंक बी मास्ते वयेकूगु खः, गुम्ह व्यक्ति नेपाःमि बौद्धपिनिगु परिचय थःगु देशय् च्वंपिंत बांलाक थुइका बीगु कुतः याःगु खः, उम्ह व्यक्ति थौं थ्व संसारय् मदये धुंकल । अथेसां थःगु कृति वस्पोलं अवश्यं तोता थका बिज्यात । नेपाल यात्राया निगूगु सफू पिथने न्ह्यवः वस्पोल थः हे थ्व संसारं पिहाँ बिज्याये माल । वस्पोलयागु विभिन्न मनसाय पूर्ण पूवंके मदुवं वस्पोल थथे बिज्याःगुली थःमं मेगु छुं याये मफुसां थुगु सफू भाय् हिला जक जूसां पूजा यायेगु कथं वस्पोल नायक सयादो ऊ. सुन्दरयागु पुण्य-स्मृती थःगु श्रद्धाया स्वाँ छफ्वः देछाया च्वना जुल ।

## सुभाय्

काम जगत विभिन्न परिवेशं जाया च्वंगु दु । थन भि नं दु मभि नं । थन बांला नं दु बांमला नं । थन यइपु नं दु मयइपु नं । थन थह्यं नं दु क्वह्यं नं । थन न्ह्याइपु दुथें म्हाइपु नं दु । थन शोभा दुथें दुःख नं दु । अने तने कथंयागु वातावरणं भुना तःगु दु थन । द्वन्दात्मक जगत खः थ्व । थुकीयात बांलाक थुइकेगु आवश्यक दु , अथे नं थ्व अःपु मजू । साधारण दृष्टि थ्व लुइ मखु । थुकीयात थुइकेत जहाँ थीगु जः माः, चक्कंगु ख्यः माः । सत्काययात थूसा वास्तविकता लुइ । दृष्टि दुहाँ वयेवं हानं यथार्थता तनि ।

भतिचा रहस्य लूगु व थूगुः कथं धाइ-ब्रह्मत्व मू वं , पू वं । अन द्वन्द मदु । उकिं अन वनेगु भि । अन थ्यंकी । छाय् धाःसा व पूर्णत्व खः । अन थ्यनेवं सकतां दइ । व स्थायित्व खः । ध्रुव खः । ब्रह्म सत्य खः । जगत् मिथ्या खः । यद्यपि थुकी अर्ध सत्य दुथ्याःथें दुथ्याःथें च्वं । तर सत्काययागु धात्थेंगु रहस्य उकीयागु तथ्य थुलि खंके अःपु मजू । उकिं हे काम जगतं पिहाँ वनेगु जक महत्वपूर्ण धयागु भाव ब्रह्मत्वय् थ्यंम्हं व्यक्त याना तल । गुकीयात बुद्धं पूर्ण रूपं स्वीकार याना बिमज्याः । कारण वस्पोलं ब्रह्मत्वयागु अस्थिरता बांलाकं खना बिज्याः । उकी ध्रुवत्व मदु धयागु चाया बिज्याः । अथे जुया हे सत्काययात चायेका दृष्टियात वां छ्वयेगु नीति वस्पोलं व्यक्त याना बिज्यात । थुकिं तिनि धात्थें द्वन्दात्मक काम जगतं मुक्त जुइगु लँपु दइगु जुल । अस्थिरत्वयात पूर्ण रूपं वा चायेकेत , दुःखयात विशेष ज्ञानं थुइकेत व अनात्मयात सही रूपं लुइकेत विपश्यनायागु भाविता जुइ हे माःगु जुल । पल पल पतिकंयागु होश व जागृत विना थ्व सम्भव मजू । थ्व हे अर्थ अभिव्यक्ति यायेगु थ्व सफूया मू लक्ष्य खः ।

उकिं थुगु सफू खालि ब्वं जक ब्वनेत मखु । अभ्यासं परिपक्व जुइत खः । थ्व सफू ढंगं च्वया तःगु दु । प्रत्येक खँ थुइकेत विभिन्न उदाहरण प्रस्तुत थन जुया च्वंगु दु । लिसें लुमंके अःपुकेत कवितात दुथ्याका



Downloaded from http://dhamma.digital

तःगु दु । बुद्ध-वचन उल्लेख जुया च्वंगु दु । विपश्यना विधि छर्लंग क्यना तःगु दु । थुगु सफू ब्वना साधक साधिका योगीपिं लाभान्वित जुइ फयेमाः थ्व जिमि मनसुवा खः ।

थुगु सफू वयस्कपिंत विशेषतः योगीपिंत उद्देश्य याना च्वया तःगु सफू खः । अथे नं नवयुवक युवतीपिं योगी मखुपिसं ब्वंसा नं थ्व सफू अवश्यं थुइके फइगु जुया च्वन । थुगु सफू ब्वना थुइके फइ मफइ धयागु खँ ब्वना स्वःसा तिनि सीके फइगु जुल । अथे जुया परीक्षणया रूपय् जक जूसां थुगु सफू ब्वना स्वये बहः जू । ब्वना नं स्वयेके बी मास्ते वः ।

थुगु सफू तता धम्मवती व धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीयागु अनुपम ग्वाहाली विना असम्भव खः । वस्पोलपिनिप्रति उकिं तःधंगु आभार व्यक्त याना च्वनागु जुल । लिसें थुजागु हे रूपं आपालंसित नुगः मिखा चायेका ज्ञान उपार्जन जुइकीगु ज्याय् धर्मदान याना बौद्ध अध्ययन गोष्ठी मद्युसे न्ह्यावनावं च्वनी धयागु आशा व विश्वास नं व्यक्त याना च्वनागु जुल ।

थुगु सफू भाय् हिलेगु ज्याय् कोरां च्वयेगु साफी यायेगु सम्पूर्ण क्षेत्रय् थःगु अमूल्य समय बिया थाकु मचासे परिश्रम याना त्यकू तया ब्यूम्ह केहैं उत्पलवर्णा आपालं साधुवादया सुपात्र जुया च्वंगु जुल ।

अले वागमती छापाखानाया मूथुवाः मूनायः श्री बेखाराज बज्राचार्य, गुम्हसिनं यलं निसें प्रुफ ब्यू बिज्यायेगु का बिज्यायेगु ज्या याना जक मखु इलय् हे सफू पिथनेगुली समेतं भ्याः भति हे दुःख मताःसे दिपा मदयेक गुगु परिश्रम याना बिज्यात, धात्थें हे सहश्र धन्यवादया अधिकारी जुया बिज्यात । उकिं वस्पोल व वस्पोलया छापाखाना परिवारप्रति अतिकं कृतज्ञ जुया च्वनागु जुल ।

अन्तसः सकल सकलसिगु दीर्घायु, सुस्वास्थ्य, सुख शान्ति व निर्वाण लाभया मंगल कामना यासे सकलसितं सुभाय् देछाया च्वनागु जुल ।

**भिक्षु ज्ञानपूर्णिक**
विश्व शान्ति विहार
मीनभवन, नयाँ बानेश्वर , यँ ।
१२, कार्तिक २०४३.



Downloaded from http://dhamma.digital




# पट्ठान पाली

## भूमिका

बौद्ध जगतय् अभिधर्मया थःगु हे अस्तित्व दु, महत्व नं । यद्यपि थ्व गुलिं गुलिं तर्कवादी विद्वान धाःपिनि निंतिं लिपा लिपायागु दार्शनिक उपजया रूपय् आलोचनाया विषय वस्तु जुया च्वंगु दु । थुकी भीपिं उलि तःतः मतः क्यने माःगु आवश्यक मदु ।

गुगु धर्मयागु मौलिक सार थ्व जगतय् आः तक दया च्वंगु दु, उकिया खास विवरण अभिधर्म गुगु ढंगं याना तल, शायद् व मेथाय् नं उपलब्ध जुइ फुनि धायेगु सम्भव मदु । थुजागु ज्ञानया दर्शन व दिग्दर्शन बी फूगु ज्ञानया भण्डार अभिधर्मया उपज सम्यक सम्बुद्धयागुथें जाःगु मस्तिष्कं बिना मेगुलिं याये फइ धायेगु सूर्यया न्ह्योने पुइँ पुइँ गेराया प्रशंसा यायेगु बाहेक मेगु छु जुइ फइ !

उकिं बुद्धयागु उपदेशया यथार्थतायात गथे दु अथे क्यनीगु थ्व उपदेश याउँक अःपुक थुइकेगु धयागु साधारण खँ मखु । मात्र श्रुतमय व चिन्तामय ज्ञानं थ्व स्तरय् थ्यंकेगु कपोल कल्पना जक जुइ । गुलि गुलि मनूतय्के भावनामय ज्ञान बृद्धि जुजुंवनी, उलि उलि हे अभिधर्म उपदेश ग्यसु द दं वनीगु जूया निंतिं बुद्धयागु वचन कथं थ्व 'अतर्कावचर' विषय खः । दुर्दर्शनीय खः । दुर्बोध्य खः । शान्त खः । प्रणीत खः । गम्भीर खः । शूक्ष्म खः । अनुभवी पण्डित वेदनीय खः ।

थ्व उपदेशया प्रादुर्भाव गबले गुकथं जुल संक्षिप्तं विवरण बीगु उपयुक्त जुइ ताया ।

पट्ठान देशना प्रभावकारी जू धयागु खँयात परिचर्चा याना स्पष्ट रूपं क्यनेया निंतिं –

१. शूक्ष्म प्रणीत जुया विशाल गम्भीर देशना;
२. प्रभावशालीपिं देव ब्रम्हापिसं आदर गौरव तया तःगु उपदेश जुया च्वंगु;
३. व बुद्ध-शासन प्रतिष्ठित जुइका तये निंतिं प्रमुख गढ जुया च्वंगु; थुपिं स्वता कारणयात पृष्ठभूमि याना पालि, अर्थकथा, टीकाया आधारय् छुं खँ उल्लेख यायेगु बाँलाइ ताः ।

### १. शूक्ष्म प्रणीत जुया विशाल गम्भीर देशना :

पट्ठान देशना शूक्ष्म प्रणीत बिशाल गम्भीर देशना खः । धात्थें खः, पट्ठान देशनाय् सीके व खंके अःपु मजूगु दुष्करगु चित्त, चैतसिक, रूप, निर्वाण, स्कन्ध, आयतन, धातु सत्य, हेतु, ध्यानाङ्ग, मार्गाङ्ग आदि परमार्थ धर्म देशना याना तःगु जुया थ्व शूक्ष्म प्रणीत देशना खः ।

थुकी थुपिं परमार्थ धर्मतय्त परस्परय् कारण कार्यया रूपय् सम्बन्धित जुया अवस्थित जुया च्वंगु उल्लेख याना क्यना तःगु जुया थ्व गम्भीर खः ।



Downloaded from http://dhamma.digital

थुपि कारण कार्यया रूपय् सम्बन्धित जुया अवस्थित जुया च्वंगु धर्मतयेत गुकथं गथे अवस्थित जुया च्वंगु दु धयागुयात आदि अन्त व थाः गाः मदयेक विभिन्न विधि नाना नयद्वारा स्पष्टीकरण बिया क्यना तःगु जुया थ्व अथाह खः, विशाल खः ।

थुकथं शूक्ष्म प्रणीत जुया गम्भीर व विशालगु उपदेश जूया निंति थ्व देशना प्रभावकारी जुया च्वंगु खः । थुगु उद्धरण धात्थेंगु जुया च्वंगु खँ वस्पोल तथागतयागु जीवनी घटना छगू न्ह्यब्वया नमूनाया रूपय् न्ह्यचीके मास्ते वः ।

वस्पोल तथागत पञ्चमारयात हटे याना अनुपम बुद्ध जुया बिज्याये धुका २२-न्हु दयेका बोधिबृक्षया पश्चिमोत्तर पार्श्व प्यंगूगु सप्ताह जुया च्वंगु रत्नाघर चैत्यय् विराजमान जुया च्वना बिज्यात । अबले हे न्हेगू अभिधर्मया प्रत्यवेक्षण याना बिज्यात । छसिकथं वस्पोलं धम्मसंगणी विभंग, धातुकथा, पुग्गल पञ्ञत्ति, कथावत्थु व यमकयात क्रमशः परामर्श याना बिज्याःगु अवस्थाय् विशेष अद्भूत घटना छुं छुं हे लुया मवः तर अन्तिम पट्ठानयात परामर्श याना बिज्याःबले धाःसा वसपोलया शरीरं छवर्ण रश्मि प्रादुर्भाव जुया जःख, च्वय् क्वय्, ब्यथाँ १०-गू दिशायुसं अपरिमाण रूपं निर्विघ्न प्रभाशित जूगु जुल ।

थथे छवर्ण रश्मि अपरिमाण रूपं आदि अन्त मदयेक उत्पन्न जुया प्रभाशित जूगु वस्पोल तथागतयागु अनन्त भाग्य प्रादुर्भाव जुया हे जुल । अनन्त भाग्य उत्पन्न जूगुया कारणआदि अन्त मदयेक सीके खके फूगु सर्वज्ञता ज्ञानं शूक्ष्म प्रणीत गम्भीर जुया अपरिमाण विशालगु अनन्तमय समन्त पट्ठानया आरम्मण याये दुगुलिं प्रसन्न प्रफुल्लित जूगु जुया खः ।

सर्वज्ञता ज्ञान प्रसन्न व प्रफुल्लित जूगु अवस्थाय् ज्ञान लिसे लिसें सम्प्रयुक्त चित्त चैतसिक धर्मत नं प्रफुल्लित जूगु जुल । सर्वज्ञता ज्ञान लिसें तुं सम्प्रयुक्त चित्त चैतसिक धर्मया आधार हृदयवस्तु धयागु नुगःयागु रक्त संचालन नं प्रसन्न व प्रज्वलित जुया वःगु जुल । हृदयवस्तु रक्त-तन्तु लिसे स्वापु दया च्वंगु ला, हि, नसा, क्वें, छ्यंगु न्यागू इन्द्रिय मेमेगु चित्तज, कर्मज, आहारज व ऋतुज रूप धर्मत नं प्रसन्न व प्रज्वलित जुया वया छवर्ण रश्मि प्वाला प्वालां थिना अनन्त चक्रवालय् अपरिमाण रूपं द्रुतगतिं फैले जुया वंगु जुल ।

थन सर्वज्ञता ज्ञानं मेमेगु धर्मयात परामर्शन याना बिज्याःगु अवस्थाय् तक छुं विशेषता मदुनिगु खः, तर गबले पट्ठानयात परामर्श याना बिज्यात अबले तिनि विशेष रूपं छवर्ण रश्मि प्रादुर्भाव जूगु पट्ठान देशना प्रभावकारी जूगुलिं हे जुया च्वन ।

## अरहन्त जुइके फूगु पट्ठान :

उर्वरा शक्ति अप्वःगु भूमी पुसा अनुसार स्वाँ, सिमा, फलफूल बाँलाइगु व बृद्धि जुइगुथें पट्ठान आरम्मणय् थ्यंका प्रकृति ज्ञान प्रज्ञा श्रद्धा चेतना फल बीगु महान व पवित्र जुइगु खँयात महागतिगमिय तिष्यदत्त स्थविरया नमूनाद्वारा स्पष्ट जुइका लङ्का द्वीप निवासी महागतिगमिय तिष्यदत्त स्थविर महाबोधि दर्शन यायेगु कामनां लङ्काद्वीपं जम्बुद्वीपय् जहाज बिज्याना च्वंगु जुल ।

समुद्रपार याना च्वंच्वं वार पार खने मदयेका तःधंगु चीधंगु लःया तरङ्ग उथल पुथल जुइक द्वब्व कया थुखें उखे उखें थुखे लःयागु फोहराथें पिकया फातरा फातरा सना च्वंगु अवस्थाय्–



Downloaded from http://dhamma.digital

'थुगु समुद्रया फौँतय् दुगु लःया तरङ्ग हे अप्वः विशाल जुइ ला कि पट्ठान देशनाय् दुगु विभिन्न नय हे अप्वः विशाल व व्यापक जुइ' धका बिचाःयाना बिज्याबले 'समुद्रयागु फौँट क्वय् पाखे स्वत धाःसा घन पृथ्वी, च्वय् पाखे अजटाकाश; जः खः घाट मेखे पाखे चक्रवालया पःखालं याना परिमाण दुगु जुल । पट्ठान देशना जुलसा विभिन्न नयत सम्मिश्रण जुया अन्त हे खने मदयेक अति हे विस्तृत व व्यापक जुया च्वन खनि सा' धका निश्चित रूपं सिया खना वसेलिं पट्ठान देशनाय् श्रद्धा व विश्वास उत्पनन जुया वःगु जुल ।

उकथं श्रद्धा व विश्वास उत्पन्न वःगु बखतय् हर्षित जुइगु सौमनस्य, यइपु ताइगु प्रीति, लय् ताइगु प्रमुदितता तनंतं उत्पन्न जुया वया उगु धर्मयात हे आधार याना विपश्यना ज्ञान बृद्धि यासे छगू हे आसनय्, क्लेश क्षय जुया अरहन्त जूगु जुल । (अट्ठ. १२)

थुगु घटनाय् अरहन्त जूगु फल अपरिमितगु महान फल खः । थुकथं महत्फल प्राप्त जूगु शूक्ष्म गम्भीर विशाल प्रणीतगु पट्ठान देशनाय् प्रसन्न ताःगु चेतना श्रद्धा धर्मया कारणं हे खः ।

## २. प्रभावशाली देवब्रम्हापिनि गौरबनीय धर्म :

भगवान बुद्धं ७-गूगु वर्षावास च्वना विज्याइगु आषाढ पुन्ही खुन्हु श्रावस्तीया आसपासय् कण्डम्ब आँमाया क्वय् बिज्याना तीर्थङ्करतयेत दमन याये निंतिं लः मि छज्वः छज्वः त्वतीयु यमक प्रातीहार्य क्यना बिज्यात ।

अनंलि वस्पोल श्रमण ब्राम्हण गृहस्थ दक्वसिनं दर्शन याना च्वंक च्वंकं हे त्रयस्त्रिंश देवलोकय् स्वंगू पलाखं बिज्याना देवराज इन्द्र च्वनीगु पारिजात वक्ष मूलय् लाया तःगु पण्डुकम्बल शिलासनय् मुलेपतिं थ्याना फेतुना मां जुया वये नंह्म देवपुत्र प्रमुख भिद्वः चक्रवालं समागम जूवःपिं देवब्रम्हापिंत अभिधर्म देशना कना बिज्यागु जुल ।

वर्षा स्वला यंकं अभिधर्म देशना कना बिज्याना आश्विन-पुन्ही खुन्हु अभिधर्म देशनाया अन्तिम जुया च्वंगु पट्ठान देशनायात सम्पूर्ण याना कना बिज्यागु जुल । पट्ठान देशनाया अन्तय् भिद्वः चक्रवालं समागम जू वयाच्वंपिं ८०-गु कोटी देवब्रम्हापिंसं धर्म सीका मुक्ति लाभ याना काःगु जुल ।

धर्म सीका मुक्ति लाभ यायेगु धयागु विशिष्ट धर्मयात सीका अरहन्त जूपिं धयागु अभिप्राय खः । सामान्य धर्मयात सीका कल्याण पृथग्जन जूपिं, श्रोतापन्न जूपिं, सकृदागामि जूपिं, अनागामि जूपिं, क्वय्यागु मार्ग फल प्राप्त जूपिं देव ब्रम्हापिनि ल्याःचाः हे मदुगु जुल ।

अवश्यं खः, अपादान अर्थकथाय् –

न्हापा न्हापायापिं तथागतपिनिगु परम्परा व आचार गौचर अनुसार त्रयस्त्रिंश देवलोकय् बिज्याना वर्षावास च्वना बिज्यासे वर्षा ३-ला यंकं दिपा मदयेक अभिधर्म कना बिज्याना मातृ देवपुत्र प्रमुख आपालं देव ब्रम्हापिंत श्रोतापन्न मार्ग प्राप्त जुइका बिज्याःगु जुल धका उल्लेख याना तःगु जुयाच्वन ।

थुकथं धम्मपद अर्थकथाय् अभिधर्म देशना न्यने दुगुलिं देव ब्रम्हापिं ८०-गू कोटी अरहन्त फलय् प्रतिष्ठित जूगु क्यना अपादान अर्थकथाय् मातृ देवपुत्र प्रमुख आपालं देव ब्रम्हापिं श्रोतापत्ति मार्ग प्राप्त जूगु क्यना तःगु जुया अभिधर्म देशना न्यने खंगुलिं उगु अवस्थायापिं देव ब्रम्हापिं ८०-गू कोटी अरहन्त जुया ल्याः चाः मदयेक श्रोतापन्न, सकृदागामि, अनागामि जूगु खँ स्पष्ट जूगु जुल ।



Downloaded from http://dhamma.digital

अभिधर्म न्हेगू ग्रन्थ मध्यय् अनन्त नयं छायेपिया तःगु पट्ठान देशना न्यने दुगुलिं विशिष्ट धर्म प्राप्त जुया आर्य जुया वंपि पट्ठान परिषद् देवब्रम्हापि मेमेगु उपदेश न्यने दया विशिष्ट धर्म लाभ याना आर्य जूपि देव ब्रम्हापि स्वया आपा दइ धयागु निस्सन्देह सिद्ध जुइगु जुल ।

थुगु प्रकारं दृष्परिणामयात रोके याना सुपरिणाम प्राप्त जुइकिगु कारणं याना पट्ठान देशना प्रभावकारी जू धका न्हापां निसें कया थौं तकं परम्परागत आस्था व विश्वास दया वया च्वंगु जुल ।

### ३. बुद्ध शासन स्थितिया निंतिं प्रमुख गढ :

विश्वय् छगू देशया सुरक्षाया निंतिं शत्रु क्षेत्रया लिक्कसं दुगु थःगु देशय् दुने प्रमुख गढ (किल्ला) छगु न्ह्याबलें निर्माण याना तइगु जुयाच्वन । प्रमुख गढ् ध्वस्त जुया शत्रु सैन्यत देशय् दुने दुहाँ वये फत धाःसा यत्थे उपद्रव मचे याना ध्वस्त नष्ट जुइका देश छगुलिं अधीनस्थ याये फइगु जुया च्वन ।

लिपा वया सैन्य शक्ति बःलाना हाकनं प्रत्याक्रमण याना काये फुसां थःगु देशय् दुनय् युद्ध-क्षेत्र जुइका यक्वं यक्व हानि जुइका च्वने मालीगु जुया च्वन ।

उकें देश छगूया सुरक्षा स्थिर यायेत प्रमुख गढ अत्यावश्यक खः । थुगु कारणयात स्यूपिं राष्ट्र प्रेमीपिंसं प्रमुख गढ दृढ व शक्तिशाली जुइका तयेत अनुबल बिया रक्षा याना च्वनीगु जुयाच्वन । सुरक्षा याना च्वनीगु जुया च्वन । रेखदेख याना ध्यान तया च्वनीगु जुया च्वन ।

थुगु बुद्ध-शासनय् पट्ठान देशना प्रमुख न्ह्यलुवा गढ खः । स्पष्टीकरणया लागि भति विस्तृत याये –

तथागत शासन लोप जुइ त्यइगु अवस्थाय् गुकथं लोप जुइ धयागु खँ पाथिक वर्ग अर्थकथाय् निम्नः कथं क्यना तःगु दयाच्वन –

परियत्ति शासन, प्रतिपत्ति शासन व प्रतिवेध शासन धयागु शासन ३-गू मध्यय् परियत्ति शासन न्हापां लोप जुइ ।

परियत्ति शासनय् नं सूत्र, विनय व अभिधर्म पिटक धयागु ३-थी मध्यय् अभिधर्म पिटक न्हापां लोप जुइ ।

धम्मसंगणी आदि ७-गू ग्रन्थ मध्यय् नं पट्ठान ग्रन्थ न्हापां लोप जुइ । अनं लिपा तिति क्वं निसें छसिकथं ग्रन्थत लोप जुइगु जुया च्वन । अनं लिपा सूत्र अनं विनय ग्रन्थ छसिकथं लोप जुइ । परियत्ति शासन लोप जुइ धुंका प्रतिपत्ति शासन व प्रतिवेध शासन २-गू लोप जुइ धका उल्लेख याना तःगु दया च्वन ।

थुपिं शासन लोप जुइगु विधि क्रम क्यना तःगुली दकसिबे शीर्ष भागय् पट्ठान देशना निसें लोप जुइगु खँयात विशेष होश याये माःगु उचित जुया च्वन । थुकथं जुल धाःसा पट्ठान देशना शासनिक क्षेत्रय् प्रमुख न्ह्यलुवा गढ जुया च्वंगु जुल । शासन लोप मजुइकेया निंतिं पट्ठान देशना स्थिर व वृद्धि जुइका तयेत सुरक्षा याना तये मालीगु जुल । रेखदेख याना तये मालीगु जुल । अनुबल प्रदान याना च्वने मालीगु जुल ।

पट्ठान देशना लोप जुल धाःसा मेमेगु उपदेश नं स्वाकं तुं लोप जुया वनी । अथे जुया शासन स्थितिया निंतिं प्रमुख न्ह्यलुवा गढ जुया च्वंगु पट्ठान देशना स्थिर व अभिवृद्धि जुइगुयात सुरक्षा प्रदान यायेगु कार्य याना यंकेगु शासन प्रेमीपिनिगु कर्तव्य जुया च्वंगु जुल ।



Downloaded from http://dhamma.digital

थुकथं पट्ठानया गम्भीरगु खँ संक्षिप्तं उल्लेख यानागु जुल । आः थ्व सफू गुकथं प्रकाशय् वल धइगु बारे छत्वाःचा खँ उल्लेख याये –

सत्यनारायण गोयन्काया थःम्ह ध्यान तइगु शिविरय् थ्व पट्ठान पच्चय निद्देस पालि सुथयया इलय् ताउत पाठ याइगु जुया च्वन । पूज्य अनिरूद्ध भन्तेया सत्यनारायण गोयन्काजीयागु उगु पाठ न्यना थः नं पाठ यायेगु श्रद्धा उत्पन्न जुल । लिपा उकिया अर्थ नं छापे याना प्रकाश यायेगु इच्छा याना बिज्यात । अनिरूद्ध भन्ते नं जित नं छक्व पट्ठानया अर्थ च्वयेत धया बिज्यात, तर फुर्सदया अभावं वस्पोलया बचन पूवंके मफया च्वंगु जुल ।

छको इन्द्रनारायण मानन्धरजु जिथाय् वया पट्ठानया अर्थ थुइकेगु इच्छा थःमं च्वया तःगु अर्थ क्यने हल । अर्थ मिले मजूनिगुलिं बर्मेली सफूया लिधंसा कया अर्थ च्वया बिया । लिपा बुद्धघोष भन्ते नं व खँ सिया अनिरूद्ध भन्तेयात निवेदन याना बिज्याबले वसपोलं सहर्ष पूर्वक छापे यायेगु इच्छा प्रकट याना बिज्यागु जुया च्वन ।

पट्ठानया बारे भति बिस्तृत रूपं भूमिका च्वयेगु मती तयागु खः, तर चिकिच्याधंगु सफूयात भूमिका तःह्राक जुइवं बाँलाइ मखु धका गुरूवर भन्तेनं धया बिज्याःगुलिं थुलिं हे सन्तोष तायेके माःगु जुल ।

आशा दु, ब्वमिपिसं थ्व सफू ब्वना पट्ठानया छुं महत्व थुइका कया लाभान्वित जुया बिज्याइ व दी ।

अन्तय् थ्व सफू प्रकाश याना बिज्याःम्ह पूज्य अनिरूद्ध महास्थविरया सुखी, ताःआयु व निरोगी कामना लिसें थ्व संक्षिप्त भूमिका क्वचायेका च्वनागु जुल ।

चिरं तिट्ठतु सद्धम्मो !

भिक्षु ज्ञानपूर्णिक
विश्व शान्ति विहार
मीन भवन, नयाँ बानेश्वर, यें, १ मंसीर



Downloaded from http://dhamma.digital




# उभयपातिमोक्ख (उभयप्रातिमोक्ष)

## (मूलपालि नापं अनुवाद)

## निगू शब्द

"विनयो नाम सासनस्स आयु" "विनये ठिते सासनं ठितं होति" धयागु अमूल्य वचनयात न्ह्योने ब्वया धायेगु खःसा वस्पोल सम्यक्सम्बुद्ध तथागतयागु अमृतोपदेशरूपी परियत्ति, प्रपिपत्ति व प्रतिवेध शासनयात स्थिर व दृढरूपं ताकालतक म्वाका जीवितयाना तयेगु निंतिं शासनभार वाहक विशुद्धजीवि भिक्षु संघया अत्यावश्यक खः । वस्पोलपिं हे खास बौद्ध संस्कृति व सभ्यतायात यथावत् न्ह्याका म्वाका ग्वाका तइपिं खः । कारण उकीया मूल श्रोत हे तथागतया धर्म विनय खः । उकिया भारवाहक रक्षकपिं भिक्षु संघपिं ख : ।

गृहस्थाश्रमय् च्वनाच्वंपि बहुसंख्यक गृहस्थी व्यक्तिपिनिपाखें , राग द्वेष मोहादि भयानक क्लेशाग्निं मुक्त जुइका असहनीय अपायादि भय उपद्रवं छुटे जुइकेया निंति धिसिमिसि धायेक क्वात्तुक बिया बिज्याना तःगु धात्थेंगु कथं सुसंस्कृत व सुसभ्य जुया च्वंगु तथागतयागु अद्वितीय अतुलनीय अमूल्य उपदेशया रक्षा व सुरक्षा कथमपि सम्भव मजू । कारण, इपिं स्वयं रागादि क्लेशाग्निं दग्ध जुइका प्रातिमोक्षया अनुशासन व परिशीलन अले धारणा व पालन याये मफूपिं जूया निंतिं खः । थ्व खँ पातिमोक्ख (प्रातिमोक्ष) शब्दया सही अर्थ थुइवं स्पष्ट जुइगु जुल ।

पातिमोक्ख (प्रातिमोक्ष) या संक्षिप्त अर्थ खः "अति प्रमुखगु अतिश्रेष्ठगु अति उत्तमगु ।" थुगु वचनार्थ कथं प्रातिमोक्ष छथी जक खःसां शील व ग्रन्थ कथं निथी दु । थुकियात हे भति विस्तृत याये – "प्रातिमोक्ष संवरद्वारा संयमित जुया विहार याना च्वन" धयागु थुगु वाक्यय् व "थ्व कुशल धर्मया आदि खः , मुख (श्रोत) खः , प्रमुख खः , उकिं प्रातिमोक्ष धाई" धयागु आदि वचनय् शीलयात प्रातिमोक्ष धाई । "नितां प्रातिमोक्ष वयाके विस्तृतरूपं बांलाक वयाच्वंगु दु" धयागु आदि वचनय् ग्रन्थयात प्रातिमोक्ष धाई । उकीमध्यय् गुम्रसिनं उकी (शील) यात रक्षा बीगु मोचन याना बीगु जुया शीलयात प्रातिमोक्ष धाई । उगु (शील) प्रातिमोक्षयात दद्योतीत प्रकाशित याना बीगु जुया ग्रन्थयात नं प्रातिमोक्ष धाई ।

उपरोक्त प्रातिमोक्षयागु संक्षिप्त अर्थयात गहनरूपं दृष्टिपात याना स्वल धाःसा भिक्षु संघपिं इपिं रागादि क्लेशतय्‌त स्वयं थःपिसं नं हटे यायेगु प्रयासयुक्त धर्म विनयय् , गृहस्थाश्रमयागु अनेक कलंकित कलुषित प्रपंचयात त्याग याना स्वच्छ व स्वतन्त्ररूपं त्यागमय विशुद्ध जीवनहना । संलग्न जुया बिज्याना च्वंपि जूया निंतिं धात्थें प्रातिमोक्षया रक्षा वस्पोलपिनिगु पाखें हे जक जुइफइगु सम्भवदुगु जुल । उकिं छखे प्रातिमोक्षया रक्षा यासे मेखें गुगु कल्याणकारी धर्म खः उकियात स्वयं थःपिसं नं वहन याना मस्यू मथूपिन्त नं आदेशना प्रातिहार्यद्वारा अवगत याकु याकुं तथागत शासनयात निष्कलंकितरूपं न्ह्याका यंका च्वनेगु क्षमता म्वाकावं वना च्वनेगु सामर्थ्य वस्पोलपिंके तिनि धात्थें दइगु जुल ।

थुकथं संघपिंत म्वाका शासनयात जीवन प्रदान याना शुद्धरूपं ल्यहें मदनीगु जग स्वना



Downloaded from http://dhamma.digital

तथागतयागु त्रिकालय्‌सं उपयक्तगु उपदेशयात सुरक्षितरूपं म्वाका न्ह्याका ग्वाका दीर्घायु जुइका चिरंजीवी याना तये फइगु जूया निंतिं प्रातिमोक्षरूपी नियम नीति विनय धर्मयागु ज्ञान बुद्धानुयायी न्ह्याह्मसित यथारह आवश्यक जुइगु जुया च्वन । उकीयागु धारण व पालनं प्रत्येक व्यक्तिपिंके दया च्वनीगु स्थूल, मध्यम ,सूक्ष्म अथवा वीतिक्रमण , परियुष्ठान व अनुशय क्लेश धर्मतयत् क्रमगत कथं शील, समाधि व प्रज्ञाद्वारा छेदन भेदन याना सर्वश्रेष्ठ आर्यत्व लाभ यासे सही अर्थया अष्टांगिक मार्गयात पूवंके फइगु जुल । "मार्ग मध्यय् श्रेष्ठगु मार्ग आर्यअष्टांगिक मार्ग खः" धयागु खँ स्वयं तथागतं धर्मपदय् आज्ञा जुया बिज्याना तःगु दु । लिसें सुभद्र सूत्रय् उकीयागु यथार्थ महत्व उल्लेख जुया च्वंगु दु । थुपिं फुक्कया परिपूर्ति बिना प्रातिमोक्ष नियम पालक संघ शक्ति सम्भव मदु ।

थुलि महत्वपूर्णगु प्रातिमोक्ष थौं थःगु भाषं भाय् हिला नेपाःया थेरवाद शासनयात अनुबल प्रदानं याना म्वाका सुदृढ यायेगु सुअवसर प्रदान यायेगु दुग्यःगु ग्यसुलाःगु प्रेरणा प्रदान याना बिज्याःम्ह वस्पोल डा. आचार्य भिक्षु अमृतानन्द महास्थविरप्रति न्ह्याक्व आभारी जूसां गाइ मखुगु जुल । लिसें थुगु सफू पिथनें निंतिं सम्पूर्ण छपाइ आदि कार्यय् वस्पोलं गुलि गथे प्रयास, उद्योग व प्रयत्न याना बिज्यात जुइ व नं वस्पोलयागु नुगलं बाहेक मेपिसं लना स्वये फइगु खँ मखुत । थुलिं हे नेपाःया थेरवाद शासनप्रति वस्पोलया अन्तस्करणय् छ गुजागु भावना दु जुइ धयागु खँ अनुमान याना स्वये फूगु जुल ।

जिगु थःगुपाखेँ अपशोचया खँ थुलि हे जुल ; वस्पोलयागु व उगु शुभ कार्यय् थम्हं भाय् हिला वस्पोलयात लः ल्हाना तोता थकेगु बाहेक मेगु हानं छुं ठप ग्वाहाली यायेगु पुनित अवसर काये मखन । कारण थःपिं देशं पिने बाध्यतावश लाना च्वने माल ।

जिके पूर्णविश्वास दु कि श्रद्धेय कुमार काश्यप महास्थविरं नं थुकिया प्रफु स्वया बिज्याना तद्धंगु गुहालि याना बिज्यात जुइ ।

अन्तस थुगु प्रातिमोक्ष सफूद्वारा विशेषतः नेपाःमि थेरवाद बुद्ध शासनुयायीपिं थःथःपिनिगु विनय नियमयात अध्ययन अध्यापन यायेगुद्वारा आपालं लाभान्वित जुइ साथय् बुद्ध-शासन सम्बन्धि क्रियाकलापय् शुद्ध, स्वच्छ, निर्मल व परिशुद्धरूपं न्ह्यज्यावना तथागत शासनयात तःहाकःगु आयु व जीवन प्रदान यायेगुली वस्पोलपिसं अपरिमित सफलता व पूर्णता प्राप्त याना काये फइ धइगु क्वातूगु भलसा ब्याका च्वनागु जुल ।

भाय् ह्यूम्ह
**भिक्षु ज्ञानपूर्णिक**
सासनधज धम्माचरिय
रंगून, बर्मा
६ जुलाई १९८८



Downloaded from http://dhamma.digital



# महास्मृतिप्रस्थान सूत्र

## पालि शब्दार्थ व अभिप्राय

### लिसा

"महास्मृतिप्रस्थान सूत्र" बुद्धभाषित आपालं आपालं मध्यय् अतिकं महत्वपूर्णगु थ:गु है, मू व पहः दुगु सूत्र रत्न खः । निर्वाण गमनार्थ आकांक्षोपिनि निंतिं उद्योग व अभ्यासया सम्पूर्ण विधि सरल भाषं तर दुग्ययेक निर्देशित याना तःगु २१-गू विधि पर्व परिपूर्णगु गद्य शैलीया थ्व वेय्याकरण सूत्र जुल । थौया अद्यापि सुं नं विपश्यना भावना निर्देशक आचार्यपिसं थुपिं फुकं विधियात अंगीकृत याये फूगु मखुनि । थकी च्वंगु २१-गू विधित मध्यय् गुलिसिनं निगू विधि गुलिसिनं स्वंगू प्यंगू विधि अले गुलिसिनं खुगू तक विधियात थः नालाः विपश्यना भावनाया निर्देशन बीगु याना च्वंगु प्रायः याना खने दया च्वंगु जुल ।

स्मृतिप्रस्थान सतिपट्ठान पालि शब्दया संस्कृत रुपान्तरण खः । थुगु पालि शब्दयागु अर्थ थुइकेत थन पालि दुथे भति वर्णन यायेगु मति तया । सतिपट्ठान शब्द सामूहिक शब्द खः । सति + पट्ठान निगू शब्दया पुचः खः । सति=लुमंकेगु,चायेकेगु, स्मरण यायेगु, स्मृति तयेगु+पट्ठान–लय् नं प+ठान धका छुटे याना ठान-यात नं हाकनं ठा+यु धका छुटे जुइकेगु खः । सामान्य कथं पट्ठान-यात विग्रह यात धाःसा (पतिट्ठाति अस्मिन्ति पट्ठान) धका धाये ज्यू । अनंलि हानं "प" शब्दयागु विशिष्ट अर्थ व्यक्त याये निंतिं पट्ठातीति पट्ठानं: उपट्ठाति ओकन्तित्वा पक्खन्दित्वा पत्थरित्वा पवत्ततीति अत्थो-ट्ठ ।

पट्ठातीति एत्थ पसद्दो भूसट्ठविसिट्ठं दीपेतीति ओक्कन्तित्वा पक्खन्दित्वा पवत्ततीति अत्थोति आह धयागु अर्थकथा व टीकाया वर्णन कथं "प" शब्दयागु विशिष्ट अर्थयात नं व्यक्त जुइकेगु रुपं तीव्र रुपं-क्वात्तुसे च्वंक दृढता पूर्वक-(आरम्मण) लिक्कसं थ्यंका-दुबे जुया-दुचायेका वना-(भन्टे यायेथें च्वंक) दुब्वाँ वना-फिजे जुया, फइले जुया न्यंकनं चक्कना -च्वने सःगु उत्पन्न जुइ सःगु धयागु अर्थ दुगु जुल । उकीयात नं भति वर्णन याना "सति" शब्द लिसे जोडे यायेगु कुतः जुल धाःसा निम्नः कथं वर्णन याये थाय् दुगु जुल ।

चत्तारो सतिपट्ठाना भाविता बहुलीकता सत्त सम्बोज्फङ्गे परिपूरेन्तीति आदीसु सतियेव"सतिपट्ठानन्ति वुच्चति-धयागु वर्णन कथं"काय, वेदना, चित्त व धर्म धयागु प्यंगू स्मृतिप्रस्थानयात भाविता यात बहुलीकृत यात धाःसा न्हेगू सम्बोध्यंगयात पूर्ण जुइकीगु जुया च्वन धयागु आदि क्षेत्रय् सति (स्मृति) यात हे "सतिपट्ठान" धका धया तःगु जुल ।"

तस्सत्थो-पट्ठातीति पट्ठानंः ओक्कन्दित्वा (ओकन्तित्वा ?) पक्खन्दित्वा पत्थरित्वा पवत्ततीति अत्थो । सतियेव सतिपट्ठानं ।

"उकीयागु अर्थ गथे धाःसा-लिक्कसं च्वनीगु जुया पट्ठान धाइ । लिक्कसं च्वनीगु धयागु नं दुचायेक वना-दुब्वां वना-न्यंकनं फइले जुया चक्कना वना उत्पन्न जुइगुयात धाइगु जुल । सति-यात हे सतिपट्ठान



Downloaded from http://dhamma.digital

धाइ ।" थ्व जुल न्हापांगु विधि कथयागु अर्थ ।

मेकथंयागु विधि गुकथं लय् धाःबले-

अथवा सरणट्ठेन सति उपट्ठानट्ठेन पट्ठानं: इति सति च सा पट्ठानञ्चाति पि सतिपट्ठानं । इदमिधाधिप्पेतं-ट्ठ ।

"अथवा लुमंकेगु, चायेकेगु, स्मरण यायेगु, स्मृति तयेगु अर्थय् सति खः, लिक्कसं च्वना उत्पन्न जुइगु जुया पट्ठान धाइ । थुकथं व सति नं खः उपस्थान नं खःगु जुया सतिपट्ठान जुल । थुगु निगूगु अर्थाभिव्यक्ति हे थन अभिप्रेत जुल ।"-अर्थकथा ।

थुपि सम्पूर्ण वर्णनयात सारांश कथं कया अर्थ छ्याना यंकल धाःसा निम्नः कथं अर्थ छ्यायेः ज्यूगु जुल । तीव्र रूपं-क्वात्तुसे च्वंक दृढतापूर्वक (काय, वेदना, चित्त व धर्म धयागु प्यंगू आरम्मण मध्यय् पूर्ण वर्तमान लुया वया च्वंगु आरम्मण छगू छगुली ) लिक्कसं थ्यंका - दुचायेका-(भम्टे यायेथें) दुब्बा वना - न्यकनं फइले जुया चक्कना-उत्पन्न जुया च्वने सःगु सति (स्मृति) धर्म । तीव्र रूपं-क्वात्तुसे दृढता पूर्वक (आरम्मणय्) लिक्कसं थ्यंका-दुचायेका दुब्बा वना- न्यंकनं फइले जुया चक्कना च्वनीगु धयागु सति (लुमंकेगु, चायेकेगु, स्मरण यायेगु, भाविता यायेगु) धर्म । दी-ट्ठ-२३४४ःम-१-२४३ःअभि-२-२४० ।

(थुगु सफुती गुलि नं पौल्याःत उल्लेख जुया च्वंगु दु व छट्ठ संगायन सफू कथंयागु पौल्याःत जक खः धका भाःपी माःगु जुल । )

उपरोक्त खँयात हे बाँलाक व्याख्या याना यंकल धाःसा अति हे व्यापक रूपं वर्णन याये ज्यूगु जुल । थन ला खालि भाव मात्र जक उल्लेख याना क्यनागु जुल । थुगु हे अर्थ अनुरूप साधक साधिका योगीपिसं साधना याना यंके फत धाःसा सूत्रया प्रारम्भय् तथागतं गुगु न्हेगू सुपरिणाम न्ह्यवः हे उद्घोषण याना बिज्याःगु खः, उकीयात प्रत्येक साधक साधिका योगीपिसं थः थःगु पारमी संस्कार अनुरूप प्रत्यक्ष अनुभव याये दइगु जुल धका सुनिश्चित रूपं धाये फूगु जुया च्वन ।

थुगु सफूया भाय् हिलेगु ज्या न्यादँ न्ह्यवःहे मोटामोटी कथं पूवना च्वने धुंकूगु जुल । तर सफूया आकार साधारण मखुगुलिं सामान्य श्रद्धा व ग्वाहालिं जक पिथने फइगु मखया च्वंगु जुल । थ्वथें जाःगु छगू छगू सफू पिथनेत भतिचा ग्वाहालि मगाःगु जुयाच्वन । थुगु ज्याय् आपालंसिगु चोट पटक व लाञ्छना फया नं थःगु मनयात धैर्य याना दृढता तया शुद्ध बुद्ध शासनिक प्रचार व प्रसार कार्यया लागी थःपि दुघाः जुइका च्वने मातले नं लिचिले मखुः हतोत्साही जुइ मखू, यानागु , याये माःगु ज्या पू हे वंके धयागु दृढता व पराक्रम न्ह्यब्वया धया यंकूलिसे न्हापां खेस्रा रूपय् च्वयेगु, अनं उकीयात दोहरे त्योहरे याना मूल बर्मेली सफू लिसे मिले याना ब्वनेगु संशोधन यायेगु ज्या सिघयेका हानं छको प्रेसय् छ्वये जीक साफि यायेगु आदि सम्पूर्ण धयाथें ज्याया अभिभार व दाता समेतं चूलाका बीगु ज्याय् संलग्न जुया प्रुफ ब्वना बीगुली तकं नं ल्हा तया ज्या सिद्ध याना ब्यूगु बारय् केहेँ मयजु अनागारिका उत्पलवर्णाप्रति न्ह्यक्व आभार व साधुवाद व्यक्त याःसां गाइ मताः ।

अथे हे पाण्डुलिपि कापी ब्वना स्वये धुंका जीवमान कालय् हे "थुगु सफू भन्ते जिं हे पिकाये" धका हौसला व पूर्ण आश्वासन बिया बिज्याःम्ह विश्व शान्ति दायक समितिया क्रियाशील दुस्यो व दुजः अध्यक्ष



Downloaded from http://dhamma.digital

जुया च्वना बिज्याःम्ह श्री पद्मराज शाक्य (बौद्ध) सफू पिथनेत माःगु आर्थिक सहयोगया अभिभार कया बिज्याःगु कथं सफू प्रेसय् वनेगु ज्या भ्वःछु जक छु छुये लात आकस्मिक मोटर दुर्घटनाय् लाना वस्पोलं थुगु सफू पिदंगु हे स्वये मलाक थःगु जीवन अन्त याना बिज्यात ।

वस्पोलयागु निधनं विश्व शान्ति विहारयात जक मखु आपालं आपालं विहारयात मलखं कयेथें जाःगु वज्राघाट जू वंगु जुल । वस्पोलयाकेथें जाःगु श्रद्धा ,दूरदर्शिता, कोमल स्वभाव, सहनशीलता,कर्तव्य परायणता, सहज सरल प्रवृत्ति, उपासकत्व गुण, निष्पक्षपात स्वभाव, व्यवहार कुशलता, कार्य क्षमता, क्रियाशीलता आदि आदि गुणत मेमेपिंके नं दया तथागत शासनप्रतियागु निस्वार्थपूर्ण दृढ आस्था व विश्वास दया ब्यूगु जूसा शुद्ध रूपं नेपाःयागु थेरवाद शासन प्रचार प्रसार, प्रतिष्ठा व सुदृढिकरणय् आपालं प्रत्यक्ष व अप्रत्यक्ष ग्वाहाली जू वने फइगु जुल । तर छु याये– थुपिं फुकं खँत स्वप्नय् म्हंका आकाशय् छँ दनेगु कल्पना यायेथें जक च्वंगु जुल । तःधंगु खेदया खँ धाये माल ।

वस्पोल पद्मराज शाक्यं जीवित अवस्थाय् थुगु सफू पिदने निंतिं गुगु दृढ आश्वासन बिया बिज्याःगु खः, वस्पोलं थ्व संसार तोता बिज्याःसां वस्पोलया मौं , दाजुपिं, भोतपिं जहान परिवार सकलसिनं वस्पोलयागु आकांक्षा व अभिलाषायात सितिं मछ्वःसे वस्पोलया हे पुण्य स्मृतिस वस्पोलयागु हे सुगति स्वर्ग निर्वाण कामना यासे थुगु सफू पिथनेगु हानं न्हूगु आश्वासन लिसें पूर्ण ग्वाहालि बिया बिज्याःगु जूया निंतिं थुगु सफू ब्वमिपिनि म्ह्योने ब्वये हये दुगु जुल । उकिं वस्पोल सहितं वस्पोलया जीवित सम्पूर्ण परिवारप्रति असीमित अप्रमेय्य रूपं हे आभार ,सुभाय् व साधुवाद देछाया च्वनागु जल । थुगु पुण्यया प्रभावं वस्पोलयात व जीवित सम्पूर्ण परिवारपिन्ति याकनं शान्तपद निर्वाण लायेमाः ।

थथे हे तथागत शासनया लागि वस्पोलपिसं पुर्खा पुर्खा निसें याना बिज्याना च्वंगु कुशल कर्म भविष्यय् नं दिपाः मदयेक छगू सन्ततिया रूपय् न्ह्याकावं यंका बिज्याना च्वनी धयागु आशा नं ब्यक्त याना च्वनागु जुल ।

थुगु सफूयागु महत्व वृद्धि याना बीत अतिकं लिमलाःगु अवस्थाय् यानागु आग्रहयात समेतं छसः नहीं नास्ति मयाःसे तुरून्त स्वीकार याना ग्यसु लाःगु भूमिका (निगू शब्द) च्वया बिज्याना लुँयागु अंगुति हीरा फ्वः थुनेगुथें जाःगु ज्या याना बिया बिज्याःगुली सहोदर आयुष्मान सुदर्शनप्रति अतिकं सौमनस्य व्यक्त यासे साधुवाद बिया च्वनागु जुल ।

अनंलि सफू पिथनेत प्रेसलिसे सम्पर्क तया बिया आश्वस्त जुइका ब्यूगुलिं श्री इन्द्र नारायण मानन्धरज्यूयात, पिकाःक पाखें संस्मरण निंति संकलन याना बिया बिज्याःगुली त्रिशुली, सुगतपुर विहारया कर्मठ कार्यकर्ता समाजसेवी श्री धर्मरत्न शाक्य (ताःजाःफः) यात , प्रुफ ब्वनेगुली सहयोगी जूम्ह भिंचा प्रकाश वज्राचार्ययात अले लक्ष्मी छापाखानाया मू-नायः जुया दीम्ह श्री साहु सत्यनारायण चित्रकारजुयात व थाकु मचाःसे धुवांधु प्रुफ ब्यू वया अस्यः मचाःसे न्हिला प्रुफ पिया पिया तकं ग्वाहाली याना सहभागी जूम्ह भाइ दिलिप कुमार लिसें सकल लक्ष्मी छापाखाना परिवारयात नं दुनुगलं निसेंया आभार, सुभाय् व साधुवाद दे मछाःसें च्वने मफूगु जुल । श्री चित्रकाजुयागु प्रत्यक्ष व अप्रत्यक्ष सहयोगं जिगु नुगःयात वयक लिसे गाक्कं गाक्कं हे लिक्क लाका ब्यूगु दु । थ्व छगू पुलांगु संस्कारया ल्यना च्वंगु सम्बन्धया चिं जकं जुल ला नं धाये मफु । धात्थें धाये धाःसा थुगु सफू पिदनेत वयकयागु सराहनीय सहयोगु असीमित रूपं दया च्वंगु जुल ।



Downloaded from http://dhamma.digital

अन्तसः सम्पूर्ण सहयोगीपिन्त लिसें पिकाक परिवार सम्पूर्णयात हानं छको सधन्यवाद साधुवाद व्यक्त याना च्वना । थुगु सफू ल्हाती लाका थुगु सफूयागु अध्ययन, चिन्तन मनन उद्योग व अभ्यासं थःथःपिनिगु जीवनयात सफल व सुधार याना ब्वमिपिसं यंके फया वन धाःसा गुगु अथक परिश्रम थुकी तूगु खः, व सारय् लाःगु जुइ । उगु सारय् लाकेत ब्वमिपिसं थुगु सफूयात सामान्य सफू धका जक भाःमप्युसें अमूल्य धर्म ग्रन्थरत्नया रूपय् थःनाला काये फयेमाः । थुकीयागु सही सदुपयोग याना बिज्याये व दी फयेमाः । थःथःपिनिगु जीवनयात सन्तुलित समताय् तये फयेका अमृत पद परम शान्ति समेत लाभ याना वने फूपि जुइमाः धका मैत्री व करूणायुक्त प्रार्थना न्ह्यचिकुसे थःगु लिसा थनं तुं काये गाका च्वनागु जुल ।

भाय् ह्यूम्ह<br>
**भिक्षु ज्ञानपूर्णिक महास्थविर**<br>
विश्व शान्ति विहार<br>
मीनभवन, नयाँ बानेश्वर काठमाडौं, नेपाल ।<br>
२०४६ श्रावण ३०

Downloaded from http://dhamma.digital




# तथागतया अमूल्य उपदेश व महास्मृतिप्रस्थान सूत्र

## थ:गु बिचा:

दृष्टि भ्रम संसारया छगू भयंकरगु जाल खः । उकिं याना हे थ्व संसारय् च्वंपि त:धं चीधंपि सम्पूर्ण प्राणीपिन्त दु:ख सागरय् थुना अनं मुक्त जुइ मफयेक इत:मत:कंका वाथा वाथा मिंके बिया न्हापां सास्ति याये फक्व याना अनं-नं लिपा था:गा: मदयेक क्वसिका यंका जन्म पत्तिकं जरा व्याधि मरणया म्हुतुइ ल्वसुके यंका तइगु । थथे दृष्टि भ्रमय् लाइगु नं मेतां मखु ; यथार्थ स्वभावयात वास्तविकगु सम्यक् दृष्टिं स्वये मसया च्वनेगु व स्वहे स्व:सां अखतं स्वया च्वनीगु अले झिलिमिलि धा:थें च्वंगु भव जालय् बांला तायेका नसा मा:वने मास्ति वइगु लालसां याना हे खः ।

थुकिं मुक्त जुइत स्वयं तथागतं कम कुत:याना बिज्या:गु मखु । प्यंगू असंख्य छगू लाख कल्पया पुरित पारमी संस्कार 'तिण्णो तारेय्यं, मुत्तो मोचेय्यं=जि स्वयं थः न्हापां उत्तीर्ण जुया पार तरे याना अनं लिपा सत्त्व प्राणीपिन्त नं जिं पार तरे याके ; जि स्वयं थः न्हापां मुक्त जुया जालं छुटे जुया वना लिपा सत्त्व प्राणीपिन्त नं जिं मुक्त याके छुटे जुइके' धयागु थ्व प्रतिज्ञायात वस्पोलं सफल याना कया बिज्याये निर्ति संचय याना बिज्या:गु खः ।

थुकीयागु फलस्वरूप ३५-दँया उमेरय् वस्पोलयात अनुत्तर सम्यक् सम्बोधि ज्ञान लाभ जुल । वस्पोल उगु ज्ञान लाभं गुलि प्रभावित जुल, व न्हेनू सप्ताहया विमुक्ति सुख अनुभूतिं व्यक्त याना कना च्वंगु दु । बोधि लाभं लिपा न्हेगू सप्ताह तक यागु महान ज्ञानया परिष्करण व परिचालनं लिपा वस्पोलयात उगु अथाह गम्भीर, दुर्दर्शनीय, दुर्बोध्य, शान्त, प्रणीत, अतर्कावचर, निपुणगु, पण्डितजनपिसं जक सीके बह:गु धर्म थुइकेपिं सु धयाथें जा:गु भाव प्रकट जुल । गुगु भाव छुं अस्वभाविक कथंयागु भाव मखु । कारण-

थ्व संसारय् च्वंपिके अबले तक उलि दुग्यंगु, चक्कंगु, तीक्ष्णगु, पार दर्शनीय धर्म चक्षु दहे मदुनिगु खः । जोतिष व लक्षण शास्त्रयात ब:कया छपतिं जक पतिं धस्वा:का बुद्धत्वया सुनिश्चित निर्भिक घोषणा याये स:म्ह व फुम्ह त्रिवेद पारंगत निष्णात पण्डित धायेका च्वंम्ह कोण्डन्य ब्राह्मणं हे नं न्हापां न्हापां तथागत सम्यक् सम्बुद्धयाप्रति गुलि गथे हीन भावं स्वल, गुलि गथे थ:समान व्यवहार यात, थ्व उकीया ज्वलन्त उदाहरण खः । गुपिं व्यक्तिपिसं सिद्धार्थ कुमारं गृहत्याग याये गुलिखे न्ह्यव:हे थ:पिनि शास्त्रयात पत्या:याना विश्वास ब्याका छैं तोता ऋषि भेष धारण याना बोधिसत्त्वप्रति असीमित महान् आस्था व विश्वास तया श्रद्धापूर्वक वस्पोल बुद्ध जुया बिज्याइगु प्रतिज्ञा यात; उपदेश न्यनेगु महेच्छा नुगलय् घाना जुल; आहार भति छु सेवन यायेवं हे वस्पोलयात तप भ्रष्ट जुल, प्रधान निभ्रान्त जुल धका कुंखिना थ:गु शास्त्रीय वचनयात समेतं कलंकित यायेगु ता:तुन, व छु कम शक्तिशालीगु इमिगु दुष्टि भ्रम ला !



Downloaded from http://dhamma.digital

तथागत सम्यक् सम्बुद्धं स्वको स्वको तक मान वर्ति "भिक्षुपिं, तथागत , अरहत् सम्यक सम्बुद्ध खः । भिक्षुपिं, जिं अमृत लुइके धुन; न्हाय्पं बिया न्यं, अनुशासन याये, धर्म उपदेश कने । उपदेश अनुसार आचरण यात धाःसा, गुलिचां मदुर्वं-गुगु कारणया निर्तिं कुलपुत्रपिसं सम्पूर्ण छें बुँ तोता, अनागारिका जुया प्रब्रजित जुइगु खः , उगु अनुपम ब्रह्मचार्यवास पूर्वका-थुगु हे जीवनय् स्वयं विशेष ज्ञान थुइका, साक्षात्कार याना, परिपूर्ण व सिद्ध जुइका विहार याना च्वने फइ ।" धका ठोसपूर्ण शब्दं धया विज्यातनं इपिं कौण्डिन्य प्रमुख न्याम्ह त्रिवेद पारंगत ब्राह्मण ऋषिपिं स्यले जुया मवं; क्वमछु । आखिरय् "भिक्षुपिं, जिं थ्वयां न्हापा छिमित थथे धयागु छिमिसं स्यूला ? "धका धया बिज्याःसेलि तिनि "न्हापाला थथे गवलें धाःगु मदुनि खःबा" धका चायेका इमिसं तथागतयागु खँ न्यनेगुयात, ध्यान बिल; ज्ञान लाभया निर्तिं मनयात एकाग्र व एकचित्त यात ।

उजोपिं पण्डितपिन्त समेतं धुलं छ्वाका तये यःगु थुपिं भयंकरपिं काम दृष्टयादि उपादानतयृत समल नष्ट याये निर्तिं तथागतं बुद्धत्व लाभं तुरन्त पञ्च भद्रवर्गीय ऋषिपिन्त दकसिबे न्हापां बिया बिज्याःगु उपदेश "धर्मचक्र देशना" खः । गुकीयात भी सकल बुद्धशासनिक व्यक्तिपिंसं "धम्मचक्कपवत्तन सुत्त" नामं म्हसीका वयाच्वना ।

थुगु सफुती थ्वहे सूत्रया संक्षिप्तं तर स्पष्टं सारांश कथं व्याख्या जुया च्वंगु दु । अनं लिपा सफल पञ्चभद्रवर्गीय ऋषिपिसं म्हर्ति म्हर्ति बुद्ध धर्मया न्हापांगु मुहान निर्वाणश्रोतय् थ्यंका श्रोतापन्नत्व लाभ याये धुसेंलि आषाढ कृष्ण पञ्चमी खुनु तथागतं इमिगु हृदयय् मचायेक स्वचाना च्वनीगु मानानुशययात समूल प्रहीण याना सदांया लागी विशुद्धस्थिती थ्यनीगु अरहन्तत्व लाभार्थ "अनत्तलक्खण सुत्त" देशना याना बिज्यात । उगु सूत्रया नं थुगु सफुती सारगर्भित रूपं सारांश कया व्याख्या जुया च्वंगु अले थुगु निगुलिं सूत्रयात धात्थें महत्व दुगु रूपय् प्रत्यक्षीकरण याकीगु कार्यान्वयन याये माःगु सत्त्वपिनि विशुद्धि आदि विभिन्न अर्थलाभया मूल कारण जुया तथागत प्रतिपादित छपु मात्र निर्वाणगामी मार्ग जुया च्वंगु "महा सतिपट्ठान सुत्त" या कार्य प्रणाली सहितगु सार संग्रहात्मक सारांश अर्थबोध थुकी दुथ्याना च्वंगु दु ।

थुपिं स्वंगुलिं सुत्तत्र अत्यन्त मूल्यवानगु अनर्घ सुत्तत जुया सफूया नां "संक्षिप्त बुद्धया अमूल्य उपदेश" जुया च्वंगु दु ।

थुगु सफुतिं ब्वमिपिन्त तथागत सम्यक् सम्बुद्धयागु मौलिक उपदेश छु खः धयागु क्वात्तुक थुइका बीत आपालं ग्वाहालि जुइ धयागु आशा व विश्वास याना च्वना । कारण प्यंगू सत्यं विनिर्मुक्तगु छुं नं धर्म स्वभाव मदुगु जुया खः ।

थुगु सफु पिथनेत पिकाकपिं लिसें सम्पर्क दयेका बिज्यायेगु ज्याय् श्रद्धेय भिक्षु कुमार काश्यप महास्थविरयागु असीम अनुकम्पा दुविना च्वंगु दु । अथे हे सफूया रूप बीकेत प्रूफ आदि स्वयेगु, ब्यवस्था यायेगु ज्याय् थःगु अमूल्य समय बिया पूज्यपाद गुरुवर श्रद्धेय भिक्षु बुद्धघोष महास्थविर पाखें अमूल्य सहयोग प्राप्त जुया च्वंगु जुल । वस्पोलयागु सद्‌भावना बिना थ्व सफूयात सफूया रूप बीकेत सायद अःपुइ मखु ताः । अथे हे पिकाक परिवारयागु विशुद्ध पवित्र प्रबल त्यागमय भावना व चेतना विना नं धार्मिक सफू काचाक्क ब्वमिपिनि न्ह्योने ब्वनेगु धाइ असम्भवथें हे जुइगु जुया च्वन । वयक श्रीमती चिनी कुमारी बनिया प्रमुख पिकाक परिवारपिसं धर्मदानयागु सर्वश्रेष्ठत्वयात सीका आःथें थुगु "तथागतया अमूल्य उपदेश" धयागु सफू पिथना दिवंगत ज्ञानमान बनिया (चिक साहु) प्रति पुण्य स्मृति गुगु प्रणीत श्रद्धाञ्जली प्रकट याना दिल व



Downloaded from http://dhamma.digital

धात्थेंगु आदर्शमय दसु खः । उकिं वयक सकल पिकाक परिवारपिं प्रशंसाया भागी जया च्वना दीगु दु । वथें हे हानं लच्छिया दुने इलय् हे सफू पिथना बीगु भाला कया वचन अनुरूप ज्या सिद्ध याना ब्यूगुली "बाल कुमारी प्रिटिंग प्रेस" या सम्बन्धित परिवारपिं नं कम धन्यवादया पात्रपिं मखु । अले हानं खेश्राकापि साफि याना प्रेसय् बीजीकः पाण्डुलिपि तयार यायेगु ज्याय् स्मृति व धैर्य तया मद्वंक च्वयेगु ज्या पूवंका ब्यूगुली केहें मयूजु अनागारिका उत्पवर्णा प्रति नं आपालं आभार देछाया च्वनागु जुल ।

थुकथं विभिन्न क्षेत्रया, विभिन्न महानुभावपिनिगु सामूहिक प्रयासं थुगु सफू थुलि याकनं ब्वमिपिनि ल्हाती लावये फूगु व दुगु जुया वस्पोल वयकःपिनिगु प्रति न्ह्याक्व सुभाय् व साधुवाद देछाःसां गाइख्वाः मवः । गाइ मताः ।

अन्तस थुगु हे रूपं थःथःपिसं फू फूथें प्रणीत पवित्र विशुद्ध श्रद्धा न्ह्यचीका वस्पोल तथागत सम्यक् सम्बुद्धयागु नित्य स्मरणीय उपदेश, शिक्षा व अनुशासनयात उन्नति विकाश व चिरस्थायी याये फइकथं धर्मदानया परिशुद्ध पुण्य कार्य सदां धयाथें याये फयेका थःथःपिनिगु सारहीन भौतिक जीवनयात सारपूर्णगु अमूल्य जीवन दयेका सम्पूर्ण जरा, व्याधि, मरणादि दुःखया अन्त्य जुया च्वंगु निर्वाण सम्पत्ति प्रत्यक्षीकृत अनुभूतिं हे खंका सीका काये फये माल धयागु शुभाभिलाषा व्यक्त यासे थःगु बिचाः थनंतुं क्वचायेका च्वना ।

थुगु पुण्यया विशुद्ध आनुभावं दिवंगत ज्ञानमान बनियायात निर्वाण प्राप्तार्थ हेतु व प्रत्यय जुयेमा ।

भाय् ह्यूम्ह

**भिक्षु ज्ञानपूर्णिक (धम्माचरिय)**

विश्व शान्ति विहार मीन भवन, नयाँ वानेश्वर,

काठमाडौं ।

Downloaded from http://dhamma.digital




# दुश्चरित्र अपराध भय विमुक्ति उपदेश

### थ:गु छुं खँ

लोक परलोक अति महत्वपूर्णगु जीवनया छगू समस्या खः । थ्व मुक्कं धार्मिक समस्या मखु; प्रमुखगु मानवीय समस्या खः । जीवन-दृष्टि परिशुद्ध मजुल कि मिथ्यादृष्टि मिथ्यावाद मिथ्याधारणा अले मिथ्यासिद्धान्त दुहाँ वइगु जुया च्वन ।

द्वंगु दृष्टि दुगु चित्त उत्पन्न जुक्व पतिकं सदोष युक्त जुया पलाःचा पतिकं अपाय ध्वाखाया सत्तिक लिक्क न्ह्यचिला वना च्वने यः । यइपुसे न्ह्याइपुसे शान्तमयगु आनन्दपूर्णगु जीवन दये मफया च्वने यः ।

ज्ञानदृष्टि परिशुद्ध जूसा तिनि दृष्टि तप्यनीगु खः । दृष्टि तप्यंसा तिनि भिंगु जीवन, भिंगु गति, अमूल्यगु जन्म अर्थ हितकारी भूमि निर्माण याये फइगु खः ।

अतीत जन्म अनागत जीवनप्रति आस्था व विश्वास कर्मस्वकत्व सम्यग्दृष्टिया मुख्यगु पृष्ठभूमि खः ।

सही सिद्धान्त यथार्थ दृष्टियात खंका सीका च्वं च्वनेगु नसा, त्वंसा, पुंसा व च्वंसा दयेका च्वनेगु सिबे भ्रं अप्वः महत्व दुगु ग्यसु लाःगु जुइगु खः ।

उकिं वर्तमान जीवनय् अत्यधिक महत्वपूर्णगु व अत्यावश्यकगु तत्व सम्यग्दृष्टि ग्रहण यायेगु हे जुया च्वन ।

As a man believes so he thinks, and as he thinks so he acts.

"छम्ह व्यक्तिं थःम्ह विश्वास यानाथें बिचाः याइगु खः; बिचाः याःथें ज्या याइगु खः ।"

Only the right view can lead to true happiness and complete peacefulness.

"धात्थेंगु सम्यग्दृष्टिं हे जक सत्यगु सुख, पूर्णता दुगु शान्तियात बी फइगु जुया च्वन ।

तथागत प्रतिपादित विमुक्ति व विशुद्धिया मार्गय् दकसिबे न्हापांगु मार्ग हे सम्यग्दृष्टि मार्ग खः । प्रकारान्तर भेद कथं सम्यग्दृष्टियात स्वथी थी याना तथागतं क्यना तया बिज्याःगुली कम्मस्सकता सम्मादिट्ठि (कर्मस्वकत्व सम्यग् दृष्टि) न्हापांगु दृष्टि खः । तथागतयागु थःगु हे वचन कथं व निम्न रूपय् जुल ।

"सब्बे सत्ता कम्मस्सका, कम्मदायादा, कम्मयोनी, कम्मबन्धू, कम्मप्पटिसरणा, यं कम्मं करिस्सन्ति कल्याणं वा पापकं वा तस्स दायादा भविस्सन्ति ।"

थुकीयात हे भति चक्कंका यंकेगु खःसा–

सत्त्वपिं जन्म का कां संसार रूपी घःचाःलय् चाःहिला च्वंत्तलेयात इमिगु भिं मभिं कुशल अकुशल कर्म (ज्या) हे इमि इमिगु निजी सम्पत्ति खः, उगु उगु कर्म हे सदां सदां इमि ल्यूल्यू दया च्वनीगु खः । स्वकर्म खः । इमि इमिगु कुशल अकुशल कर्म हे इमि इमि सम्पत्तिया नायः खः, थुवाः खः, हर्ताकर्ता खः । संसारया घःचाःलय् चाःचाःहिला च्वनेगुया मूलस्रोत नं इमि इमिगु हे कुशल अकुशल कर्म भिं मभिं ज्या खः । भिं मभिं ज्या कुशल अकुशल कर्म हे इमि इमि थःथिति खः, बन्धु बान्धव खः, धात्थेंपिं इष्टमित्र खः । इमि इमि धात्थेंगु



Downloaded from http://dhamma.digital

शरण, प्रतिशरण नं इमिसं इमिसं याइगु भिं मभिं कुशल अकुशल कर्म हे खः । इमिसं इमिसं याइगु कल्याण पापक भिं मभिं कर्म हे इमि इमिगु दायाद खः; अंश खः, क्वसः खः धयागु जुल ।

अनं लिपा निगूगु सम्यगृदृष्टि गुकीयात पालि प्रयोजित शब्द कथं दसवत्थुक सम्मादिट्ठि धाइ । व निम्नः कथं जुल ।

**"अत्थि दिन्नं; अत्थि यिट्ठं; अत्थि हुतं; अत्थि सुकतदुक्कटानं कम्मानं फलं विपाको; अत्थि माता; अत्थि पिता; अत्थि सत्ता ओपपातिका; अत्थि अयं लोको; अत्थि परो लोको; अत्थि लोके समणब्राम्हणा समग्गता सम्मापटिपन्ना, ये इमञ्च लोकं परञ्च लोकं सयं अभिञ्ञा सच्छिकत्वा पवेदेन्ति ।"**

अर्थात्– (क) बीगु ज्या व बियागुया फल वा विपाक अवश्यमेव दु । (ख) महानदान कर्म व उकीया फल वा विपाक धात्थें दु । (ग) अवश्यमेव चीधंगु दान कर्म व उकीया फल वा विपाक दु । (घ) धात्थें धात्थें सुकृत्य व दुष्कृत्य कर्म व उकीया फल वा विपाक दु । - (ङ) मां प्रति भिं वा मभिं यानागु व उकीया फल वा विपाक अवश्यं दु । (च) बौ प्रति भिं वा मभिं यानागु व उकीया फल वा विपाक अवश्यं दु । (छ) योनी आदि च्वने म्वाक स्वभावतः यथावत् स्वय् जन्म जुइपिं सत्त्वपिं अवश्यं दु । गथे कि– देव, ब्रम्हा, यक्ष, प्रेत आदि; गुपिन्त साधारण मनूतय्सं

(कोडागु मात्र मंस चक्षु) खंका काये मफु । (ज) निस्सन्देह हे थःथःपिनि मिखां खने दुगु (अयं लोको) थुगु लोक दु । (झ) निस्सन्देह हे (परो लोको) मेगु संसार वा परलोक दु, गन मृत्युं लिपा जन्म जुइगु खः ।

मेकथं धाल धाःसा निस्सन्देह थुगु मानव संसार व मेगु संसार (प्यंगू अपाय लोक, खुगू काम देवलोक व नीगू ब्रम्हलोक) दु ।

हानं मेकथं– अवश्यमेव मनुष्यलोक, प्यंगू अपाय लोक, खुगू काम देवलोक, नीगू ब्रम्हलोक सहितगु थुगु विश्व (लोक) व च्यागू दिशाय् अपरिमित मेगु लोक दु ।

(ञ) धात्थें हे थुगु मानव लोकय् सर्वज्ञ बुद्ध, श्रमण व ब्राम्हणपिं दु । गुपिं मानसिक शान्तिया अवस्थाय् थ्यंक बिज्याये धुंकुपिं व बांलाक आचरण याना बिज्याये धुंकूपिं खः; गुपिसं थुगु लोकयात जक मखु मेगु लोकयात तकं स्वयं थःथः पिसं विशिष्टगु ज्ञानं साक्षात्कार याना, खंका, सीका मेपिन्त नं प्रकाशित याना बिज्याइगु जुल ।

उल्लेखित थुपिं निगू सम्यगृदृष्टि ज्ञानद्वारा हे भीसं थःगु दृष्टि गुकथं व गुजागु जुइमाः धयागु थुइकेत अःपुइगु जुया च्वन । थुकीयात हे हानं व्याख्या याना यंकल धाःसा "थःगु छुं खँ" अति विस्तृत जू वनीगु भय दु । थ्व खँयात थुइके मास्ति वःसा मग्गङ्ग दीपनी, विपस्सना दीपनी, पञ्च आलोक, आदि आदि आधिकारिक ग्रन्थयागु आद्योपान्त अध्ययन, मनन व परिशीलन आवश्यक जू ।

आधारभूत धर्म व खः, गुगु धर्मया आधार कायेबले वा शरणय् वनेबले शरणार्थीपिन्त अपाय दुःख व भवचक्रयागु दुःखया गालय् क्वब्वां वने म्वायेक धारण यायेगु क्षमता दइगु जक मखु धर्मया शरणय् मच्वनीपिसं फये मालीगु सांसारिक दुःख पारलौकिक दुःखं समेतं सुरक्षा बी फूगु क्षमता दइगु खः ।

अपायय् कारण मदयेक कुतुं वनीगु मखु । थुगु सफुती क्यना तःथें थःथःपिसं याइगु पापक अधर्मया आचरणं हे कुतुं वनीगु खः । उकिं अपायय् कुतुं वनीगु स्वया अपायय् ध्वाना छ्वइगु कुतुकीगु पापक अकुशल धर्मत हे दकसिबे ग्यानापुसे च्वंगु खने दया च्वन ।

तसर्थ धर्मयात अनुकूल जुइक आचण याना धर्मया शरणय् वना उकी संलग्न जुया च्वनीपिं व्यक्तिपिंके कुशल धर्म बुद्धि जुयावं वना च्वनीथें अकुशल धर्मत नं स्वतः हे लोप जुया वना च्वनीगु जुया अकुशल



Downloaded from http://dhamma.digital

धर्मतय्त कुशल धर्म, विशेष रूपं विपश्यना कुशल धर्म रोके याना, हटे याना तइगु जुया च्वन । फलस्वरूप उकीया फल वा विपाक अपाय दुःख, भवचक्र दुःखयात नं हटेयाना निर्मूल याना छ्वइगु जुया च्वन । थ्व हे थुगु सफूद्वारा थुइका बीगु कुतः जुया च्वंगु खँ ब्वमिपिसं प्रत्यक्ष अनुभव याये दइगु जुल ।

थुगु सफूया भाय् हिलेगु ज्या नं तदँ मछिं न्ह्यवः हे जुया च्वने धुंकूगु खः । गथे थःगु मेमेगु सफूतय्गु भाय् हिलेगु ज्याय् पाण्डुलिपि तयार यायेगु ज्याय्, प्रेसय् छ्वयेत पाय्छि जुइ कथं पिकाकपिं चूलाका बीगु आदि ज्याय् केहेँ मय्जु अनागारिका उत्पलवर्णायागु प्रत्यक्ष व अप्रत्यक्ष हःपा व तिबः दया च्वनीगु खः, थुगु सफू पिथनेगु ज्याय् नं भाय् हिलेगु ज्याय् प्रेरणा बीगु निसें कया सफू चूलाका बीगु खेस्रा कापी, साफी कापी तयार जुइ कथं च्वयेगु, पिकाक श्रद्धालुपिं चूलाका बीगु आदि आदि ज्याय् अमूल्य समय व योगदान बिया ग्वाहालि याना ब्यूगु जुया च्वन । उकीया लागि व बुद्धशासन प्रचार प्रसारय् दत्तचित्त तया चतुर्दिगं वइगु वा फय् व गो फय्यागु च्यूता मःकासे दृढता पूर्वक संलग्न जुइ फूगु लागी बारबार साधुवाद देछाया च्वनागु जुल ।

थुगु सफू पिथनेया निर्तिं दच्छि न्हापा संसारयागु ह्यूपाः वइगु स्वभाव कथं ह्यूपाः फया परलोक जुया बिज्याःम्ह बाकुननी, नागबहाःया श्रीसाहु भाइकाजी शाक्ययागु सुगति व निर्वाणया कामना यासे वस्पोलया पुण्यस्मृती वस्पोलया श्रीमती प्रमुख सकल परिवारपिसं विशेष रूपं भाला कया न्हापां श्रद्धा तया बिज्याःगु जुल । अनं लिपा पूज्य गुरूवर श्रद्धेय भिक्षु बुद्धघोष महास्थविर सह मेमेपि श्रद्धालुपिसं नं थी थी ग्वहाली याना बिज्याःगु कथं न्हापांगु संस्करणया रूपय् हे निद्वः (२०००) सफू पिथने दुगु जुल । उकिं वस्पोलपिं सकलसितं नं आपालं आपालं सुभाय् लिसें साधुवाद देछाया च्वनागु जुल ।

प्रुफ स्वयेगु प्रुफ ब्वनेगु सफू पिथनेगु ज्याय् भ्र्यातु तायेके बहःगु ज्या खः । न्ह्याबलें प्रुफ ब्वना बीगु ज्याय् व मालीबले माःकथं प्रुफ का-ब्यू वनेगु ज्याय् थाकु मचाःसे सहयोग याना ब्यूगुली भिंचा भाजु प्रकाश बज्राचार्यप्रति गाक्कं आभारी जुया च्वना ।

सफू पिथनेगुली तःधंगु योगदान ला खास याना थाकूयागु पाखें हे दइगु खँ सकसिनं मस्यूगु मखु । वय्कःपिनिगु सहृदय सहयोग बिना सफू हिसि दयेक पिज्वयेकेगु, इलय्, बिलय् लाक्क सफू पिथनेगु ज्या सम्भव मदु । विशेष याना कम्पोजं लिपा प्रुफ का-ब्यू वनेगु व छ्वयेगु वय्कपिनि निर्तिं छगू तःधंगु बोभ्क हे जुया च्वन । तर थुजोगु छुं हे च्यूता मतःसे नेपाल प्रेसया प्रमुखपिं निसें कया थुकी संलग्न सकल प्रेस परिवारपिसं आपालं आपालं सहयोग व सहानुभूति प्रदान याना दीगु बारय् वय्कपिन्त गुकथं गथे सुभाय् व साधुवाद देछाये माली शब्द हे माले मसःथे जुया च्वंगु जुल । यगु थजु, सम्पूर्ण प्रेस परिवारप्रति अतिकं कृतज्ञ व अतिकं अतिकं आभारी जुया च्वनागु ला अवश्यं जुल ।

अन्तसः सकल सकल श्रद्धालु महानुभावपिनिगु सहयोग, अनुदान, योगदान, सहानुभूतिद्वारा पिदना च्वंगु थुगु सफूया सही अध्ययन मनन व अनुशीलन परिशीलनद्वारा मभिं चीका भिं वृद्धि याना विपश्यना ज्ञानयागु प्रकाशं जहाँ थीगु मार्गज्ञान फलज्ञानयागु जलय् च्वना दुःख विमुक्ति निर्वाणया अनुभूति दयेका काये फया वन धाःसा सर्व अर्थ सिद्ध जूगु भाःपी दइगु जुल । अथे जुइ फये माल धयागु आशीष व्यक्त यासे थःगु छुं खँ थनसं इति श्री याना च्वनागु जुल ।

भाय् ह्यूम्ह

**भिक्षु ज्ञानपूर्णिक महास्थविर**

विश्व शान्ति विहार, मीन भवन, नयाँ बानेश्वर

३ कार्तिक २०४६



Downloaded from http://dhamma.digital




# सचित्र गार्हस्थ्य प्रतिपत्ति उपदेश

## थ:गु छुं खँ

थुगु 'गार्हस्थ्य प्रतिपत्ति उपदेश' सफू बर्मा देशया नांदंगु विश्व प्रशिद्ध विपश्यना ध्यान केन्द्र 'महाशी सासना यैता, रंगूनया धर्मकथिक नायक कर्मस्थानाचार्य सयादो प्यूंदजा आयुष्मान ऊ. सुन्दर (बी.ए.) नं मस्तनिसें कया सकल वयस्क वृद्ध सभ्य सुसंस्कृत धर्मप्रेमी ब्वमिपिन्त ल्वइकथं सरल भाषं थुइके अ:पुक च्वया बिज्याना त:गु सफूया हिला भाय् सफू ख: ।

थुकीया मूल आधारभूत उपदेश तथागत सम्यक्सम्बुद्धं (दीघ - निकाय, पाथिक वग्ग, सिंगालक सुत्त वण्णना-य् उल्लेख जुयाच्वंगु कथं) स्वयं कना तया बिज्या:गु ख: ।

सिंगाल (श्रृगाल) राजगृहया छम्ह गृहपति महाजनया काय् ख: । वया अबुम्ह गृहपति महाशाल कुलयाम्ह ख: । स्वथना तया त:गु धन सम्पत्ति जक हे (४०) कोटी दया च्वन । सिंगाल वयागु नां ख: । गृहपतिया काय् जुया 'गृहपति पुत्र' धया त:गु ख: ।

सिंगाल धनाढ्य कुलय् जन्म जुया छुं भति धनाभिमान दया च्वंम्हथें जुया पूर्वाधार कथं वयाके धार्मिक आस्था भ्या: भति हे दु ख्वा: मव: । ल्याय्म्हतय्गु स्वभाव अनुरूप भौतिक रंगमञ्चय् हे वया दिलचस्पी अप्व: जुयाच्वंगु खने दु ।

उकिं बुद्ध प्रमुख भिक्षुसंघपिनिप्रति वया थ: माँ-बौपिंके गुलि दुग्ययेक, दुचायेक व क्वात्तुक आस्था व श्रद्धा दुगु खनेदु, वयाके उलि श्रद्धा मदु ।

वया माँ-बौपि निम्हं बुद्धोपदेशद्वारा बांलाक परिभावितपिं धर्मयात ग्यसुलाक्क प्रत्यक्षीकरण याना अटल व अचल श्रद्धां युक्तपिं श्रोतापन्न आर्यश्रावकपिं जुयाच्वन । तर व थ: थ:मं धा:सा विहारय् वना बुद्ध सहित श्रावकपिन्त अभिवादनादि सार कर्म याये मं मदुम्ह जुयाच्वन ।

थौकन्हेयापिं प्राय: याना ल्याय्म्हतय्संथें वं विहारय् वनां छुं लाभ दु मतायेकु । वया अबुजु गृहपतिं थ: म्वाना च्वंबले हे वयात गुलिखे बुद्ध-शासनय् श्रद्धा तयेके बी मास्ति वया नं खँ न्यंके मफु । भिंपि माँ-बौपिनि कर्तब्य पूवंकेगु इमिगु त:धंगु अभिलाषा व इच्छा । तर म्वाना च्वंतले गृहपतिं थ:गु आकांक्षा पूवंके मफुत । अथे नं हतोत्साही मजू ।

उकिं थ्व संसार तोते न्ह्यव: वया अबुजु गृहपतिं मती तल, 'मरणया इलय् बीगु उपदेश व अनुशासन थ: काय्यागु नुगलय् स्वचायेके फयेफु । अले हानं थ्व हे खँयात कारण याना छन्हु मखु छन्हु वयागु सम्पर्क तथागत सम्यकसम्बुद्ध लिसे नं द:वने फु । गुगु वयागु भविष्य भिंके व सुधार यायेया निंतिं, जीवन सार याना च्वन्ह्याका यंकेया निंतिं महत्वपूर्णगु संयोग जू वनेफु ।'

थथे मती तया दूरदर्शिता पूर्वक विवेकं ज्या कया, 'बाबु, छं खुगू दिशा नमस्कार याना च्वं च्वं न्हिं



Downloaded from http://dhamma.digital

ला' धका मरणासन्न इलय् मरण शैय्याय् च्वना वयात खुगू दिशा नमस्कार याना च्वनेगु खँ अन्तिमगु बौयागु वचनया रूपय् नुगलं चायेक धया थकूगु जुल ।

न्हापा लिपा माँ-बौपिनिगु खँयात च्यूता मतःसे वया च्वंम्ह कायमचा जूसां थुगु बौयागु अन्तिम वचनयात ला वं नहीं नास्ति यायेमफुत । स्वीकार याना काल ।

थ्व ज्या यायेत वयात छु थाकुइगु नं ला मखुत । विहारय् वना पुलिं चुया घौं स्याना छ्यनं चुया वन्दना याये माःगु कथंयागु पुली खौं थायेका संयम याना च्वने माःगु ज्या नं थ्व मखुत । खुसी वना मो छको खःसां मखुसां ल्हुया दना दनां तुं ल्हाः निपाः थः छ्वया खुगू दिशा चाःहिलाः नमस्कार यायेगु धयागु छुं अपायसकं बोफ दया झ्यातूगु ज्या ला खः हे मखुत ।

उकिं वं व खँयात थः नाला कया अबुम्हं धाःथें न्हिथं यायेगु याना यंकल । तर छु उद्देश्यं अबुम्हं वयात अथे याकूगु खः, उकिया वास्तविक तथ्य ला वं थूगु मखु, थुइकेगु आवश्यकता नं वं मतायेकु । सर्वसाधारणपिन्सं याना वना च्वंगु ज्या नं ला थ्व जुल ।

छन्हु तथागतं न्हिथंथें सुथ न्हापनं उपकार याये बहःपि वेनेय्य सत्त्वपिन्त महानगु सिच्चुसे शीतलगु करूणां बिलिबिलि जाःगु हृदयं महाकरूणा समापत्ति (ध्यान) रूपी बुद्धचक्षुद्वारा लोकय् स्वया बिज्याःबले सिंगाल गृहपति पुत्रयात खंका बिज्यात ।

"थौं जिं सिंगाल गृहपति पुत्रयात खुगू दिशा नमस्कार याना च्वंगु विषययात कया "गार्हस्थ्य प्रतिपत्ति" सम्बन्धी खँ कना यंके । उकिया पाखें गृहपति पुत्रयात जक मखुसे आपालं आपालं जनपिन्त तकं गुलिखे गुलिखे सार्थक जुइतिनि ।"

थथे खंका बिज्याना सुथ न्हापनं हे राजगृहय् भिक्षाटनया निंतिं बिज्याःगु जुल । अनं लिपा तथागत व सिंगाल गृहपति पुत्रया दथुइ गुगु खँल्हाःबल्हा जुल, गुकथं तथागतं वयात आर्य विनयय् खुगू दिशा नमस्कार यायेगु उपदेश बिया बिज्यात, व खँ सफुतिं हे न्ववाना च्वने धुंकूगु जुल ।

थुगु उपदेशय् दुथ्याना च्वंगु झिंप्यंगू विषयत बुद्धकालीन अवस्थायापिं मनूतय्‌त जक लागू जुइगु उपदेशत मखु । यथिंजाःगु ई, यथिंजाःगु युग, यथिंजाःगु धर्मयापिं ब्यक्तिपिनि निंतिं नं उपादेय जुया च्वंगु थ्व उपदेशत हे खः । देश, काल, भाषा, धर्म, लिंग, जाति आदि कथं थुकी छुं नं भेदभाव मदु । थ्व सर्वकालिक, सर्वदेशिक, सार्वभौमिक, सर्वभाषिक, सर्वधार्मिक, सर्वलैंगिक, सर्वजातिक, सार्वजनिक, जन साधारण उपदेश खः ।

थुजोगु उपदेशया ज्ञानाभावं याना हे थ्व मनुष्य जीवनय्, मनुष्य समाजय्, अनेक कथंया व्यक्तिगत, पारिवारिक, सामाजिक, नैतिक, आर्थिक, धार्मिक, शैक्षिक आदि क्षेत्रय् छल, प्रपञ्च, जाल, फेल, कुरीति, कुप्रथा, विषमता, पक्षपात, ल्वापु, ख्यापु, कलह, अशान्ति, अन्याय, अत्याचार, तँ तँ म म आदि कर्मक्लेश जाया च्वंगु परिस्थितिया सृजना जुया सामना याना जीवनयात क्वथुना, क्वह्यंका कलंकित याना थन नं अन नं सुख, शान्ति, आनन्द, चैन व सन्तोष भाव मदयेका च्वने माःगु जुया च्वन खनिसा धयागु खँ ब्वमिपिसं अवश्यमेव ध्वाथुइका अनुभव याना काये फइगु जुया च्वनी धका मनं तुना च्वना ।

थुगु सफू ब्वमिपिनि न्ह्योने तये हये दया च्वंगु मेता कारणं मखु, दिवंगत अबुजु श्री पूर्णकाजी ताम्राकारयागु कृत उपकारयात दुनुगलंनिसें चायेका धर्मानुकूल कथं कृतज्ञता प्रकट यासे चिरस्मरणीय बौप्रति



Downloaded from http://dhamma.digital

प्रत्युपकार यायेगु रूपय् याना तःगु गुणयात सही ढंगं प्रकाश याना क्यनेगु निंतिं धात्थेंपिं सुयोग्य कुलपुत्र जुया च्वंपिं काय् म्ह्यायपिनिगु कर्तब्ययात क्वजीक थूपिं कर्तब्यपरायणी काय् म्ह्यायपिनिगु पवित्र श्रद्धाया कारण खः । उकीसनं थः स्वामियागु महोपकारक गुणयात गुकथं महत्त्व दयेक क्यनेमाः धका स्यूम्ह श्रीमती पूर्णशोभा ताम्राकारयागु विवेकपूर्ण विचाः नं थुकी दुबिना च्वंगु जुया खः । "सब्बदानं धम्मदानं जिनाति" धयागु तथागतयागु अमूल्यवाणीयात नं वयक:पिनि सकल परिवारपिसं दुचायेक ध्वाथूगु जुया हे थ्वथें जाःगु अनर्घ रत्न समानगु सफू पिदना ब्वंमिपिनि न्ह्योने तये दया च्वंगु खः ।

खःतु भीगु भाषं थ्व विषयया सफू न्हापा न्हापा पिमज्वःनिगु ला मखु । पूज्यपाद आचार्य डा. भिक्षु अमृतानन्द महानायक महास्थविरं गुलिखे दँ न्ह्यबः गृही-विनय नामं व वयांलिपा नं भिक्षु कुमार काश्यप महास्थविर व भिक्षु सुदर्शन महास्थविरपिनि पाखें गृही-प्रतिपत्ति नामं पिदने धुंकूगु दु । तर विषय वस्तु उत्तें जुया नं विषयवस्तुया प्रस्तुतीकरणय् थःगु हे कथंया मौलिकता व विशेषता थुकी दयाच्वंगु लिसें, मस्त, वयस्क, वृद्ध वृद्धा सकलसितं सरल तरिकां बुद्धोपदेशयात थुइका बीगुलीं आपालं योगदान व उपादेयता दइगु खँयात महसूस याना थुगु सफू थःगु हे विशेषता व मौलिकता ज्वना पिज्वया च्वंगु दया च्वन ।

थुगु सफू इलय् पिथनेत पिकाक परिवारपिनिगु आर्थिक ग्वाहाली जकं मयाःसे प्रुफ् इलय् लाक्क का वनेगु ब्यू वनेगु झंझटया ज्याय् समेतं थाकू मचाःसे अमूल्य योगदान दया च्वंगु छगू नमूना काये बहःगु घटना हे जुयाच्वन । उकी हानं थप योगदान भाजु मणिजीव कंसाकार पाखें प्राप्त जुयाच्वंगु दु । वयक:यागु सद्भावनां जाःगु कुतः थुकी शुरू निसें हे दया च्वंगु जुल । पिकाक लिसेया सम्पर्क, इलय् बिलय् प्रुफ का वनेगु ब्यू वनेगु, पिकाक परिवारया पाखें निगू शब्द द्वारा संस्मरण च्वयेगु ज्या वयकलं हे पूवंका बियादीगु दु । अले थाकू "नेपाल प्रेस" परिवारपिनिगु सहयोग नं थुकी कम मजू । वयक:पिसं इलय् इलय् हे प्रुफ तयार याना बिया गुलि फत उलि याकनं सफू पिथने दयेक थाकु मचाःसे ज्या याना च्वना दीगु धात्थें हे प्रशंसनीय ज्या जुया च्वन । अले अप्रत्यक्ष रूपं प्रुफ ब्वना ग्वाहाली बीगु ज्याय् भिंचा भाजु प्रकाश बज्राचार्ययागु अदृश्य सहयोग नं सराहनीय जुया च्वंगु दु ।

थुकथं थुगु सफू थुलि याकनं पिथने दुगु पिकाक परिवार लिसें कया सम्पूर्ण बुद्धोपदेश प्रेमी महानुभावपिनिगु सहयोग व योगदानं याना खः । अथे जुया वयक: वयक:पिनि प्रति न्ह्याक्व हे आभार व साधुवाद प्वंकूसां, प्रकट याःसां गाइ मताः ।

वस्तुतः थुकथं हे थःथःपिसं फूचाःगु कथं पवित्र श्रद्धा न्ह्यब्वाका तथागत सम्यक्सम्बुद्धया अविस्मरणीय अववाद, उपदेश व अनुशासनयात उन्नति, प्रगति व चिरस्थायी याये फयेक धर्मदानया विशुद्ध पुण्य कार्य ननानं याये फया थःथःपिनिगु निःसार भौतिक जीवनयात दुस्यः दुगु सारयुक्तगु अमूल्य जीवन दयेका सम्पूर्ण दुःखया अन्त जुया च्वंगु निर्वाण सम्पत्ति स्वानुभूतिं हे खंका व सीका काये फयेमाः धयागु शुभाशीष ब्यक्त यासे थःगु छुं खँ थनं तुं क्वचायेका च्वना ।

**भाय् ह्यूम्ह - ज्ञानपूर्णिक महास्थविर**
विश्व शान्ति विहार, मीनभवन
नयाँ वानेश्वर, काठमाडौं ।
२०४६ चैत्र १ गते



Downloaded from http://dhamma.digital




# जीवनया समस्या

## निगू शब्द

जीवन स्वभाव धर्मया छगू प्रवाहित तरंग खः । थ्व दिपा मदयेक खुशी च्वंगु लःधाःथें न्ह्यानावं वनाच्वंगु दु । उकिं थ्व फुना मदया वनीगु स्वभाव दुगु खः । अथे जुया थुकी यात "अनित्य" धाइ । "यदनिच्चं तं दुक्खं" धयागु तथागत वचन अनुरूप थुकीयात सही दृष्टि स्वया खंका यंकल धाःसा थ्व "दुःख" खः । दुःखमय जीवन जूसेंलि थुकी दुने अने तने कथंया समस्यात सुला च्वनीगु स्वाभाविक हे जुल ।

धार्मिक, सामाजिक, आर्थिक, पारिवारिक, शैक्षिक, राजनैतिक आदि आदि समस्यात प्रत्येक मानव जीवनय् दयाच्वंगु दु । उकिं सुं नं मुक्त जुइ अःपु मजू ।

थुगु "जीवनया समस्या" नां दुगु सफू बौद्ध दृष्टिकोणं छुं छुं कथं समाज लिसे स्वापु तया पिहाँ वया च्वनीगु धार्मिक कथंया समस्यातय्त धार्मिक रूपं हे समाधान यायेगु कुतः जुयाच्वंगु सफू खः ।

न्ह्यसः तःम्ह व्यक्ति बर्माय् सुविख्यातम्ह न्हू बिचाः धालं भय्ब्यूम्ह वैज्ञानिक परिपेक्षं धर्मयात थुइकेगु कुतः दुम्ह छम्ह डाक्टर जुयाच्वन । थुम्ह व्यक्तियागु न्ह्यसलं हे वय्कयागु मनोभावना ब्वमिपिसं लना स्वये फु । अथे हे थें लिसः बिया च्वना बिज्याःम्ह महास्थविर नं विश्व विख्यात जुया बिज्याःम्ह षष्ठ संगीति प्रश्न कर्ता अग्गमहापण्डित महोपकारक महाशी सयादो खः । वसपोलयागु यश कीर्ति व ख्याति विश्यना भावनाया क्षेत्रय् थःगु स्वदेश बर्माय् गुलि दु धका ला धाये माःगु हे मखुत । विदेशय् नं दक्षिण पूर्वी एशियां निसें कया युरोपया विभिन्न राष्ट्रत लिसें इंगलैण्ड अमेरिका तक नं व्याप्त जुया न्यना च्वंगु दु ।

थुकथं थुगु सफू थःगु हे कथंया मू दुगु सफू जुया च्वन । बौद्ध दृष्टिकोणं जन्म मरणयागु श्रृंखला व म्वाना च्वंतले मानव जातिपिनिगु कर्तव्य धर्म छु धयागु सीकेत थुगु सफुतिं ब्वंमि भाजु मय्जुपिन्त आपालं लिधंसा दइ धयागु मनं तुना ।

थुगु सफूयात सफूया रूप बीत खेश्रा च्वयेगु, साफी यायेगु, प्रकाशन सहयोगीपिं चूलाका बीगु आदि मजी मगाःगु ज्या-खँय् पूर्ण सहयोग केहें मय्जु अनागारिका उत्पलवर्णा पाखें प्राप्त जूगु दु । उगु सहयोगया अभावय् थुगु ज्या अःपुक पूवनि मताः । उलि जक मखु, न्हून्हूगु सफू पिथना यंके फयेकेत थःमं हे उपासक उपासिकापिन्त हौसला बिया, प्रेरित याना, खँ कना पिदना च्वने धुंकूगु सफूत ल्हाती ल्हाती थ्यंका बीगु ज्या याना जम्मा जूवःगु ७००० (न्हेद्वः) दां नं वसपोलं थुकी हे दुथ्याका छ्वःगु दु । गुगु अतिकं प्रेरणादायी ज्या खः ।

प्रकाशन सहयोगीपिनि सहयोगया अभावय् वसपोल वय्कःपिनि श्रद्धाया स्वाँ बिना छुं नं कार्य याउँक सिद्ध याये फइगु मखु । उकिं श्रद्धा-पुष्प ह्वयेका बिज्याःपि दीपि सकलें श्रद्धालुपि साधुवादया पात्र जुयाच्वंगु दु ।



Downloaded from http://dhamma.digital

अथे हे गबलें प्रुफ ब्वना बीगु, गबलें प्रुफ का वनेगु व तःवनेगु ज्या याना सहयोग ब्यूम्ह भिंचा प्रकाश बज्राचार्य नं धन्यवादया पात्र जुयाच्वंगु दु । सफू पिथनेगुली अप्वः ग्वाहाली थाकू परिवार पाखें हे अप्वः पिज्वइगु खः । वय्‌कपिनिगु सक्रिय सहभागिता, सहृदयता पूर्ण व्यवहार कर्तब्यय् लगनशीलता आदि सफू इलय् पिथना बीगु सफू बांलाका बीगु परिश्रम पूर्ण ज्याय् महत्वपूर्ण खः । उगु ज्याय् लक्ष्मी छापाखानाया नायः प्रमुख सकल थाकू परिवार गुकथं दुथ्याना च्वंगु दु, धाये माःगु मखुत । उकिं वय्‌कःपिनि प्रति यक्व यक्व सुभाय् देछायाच्वना ।

अन्तस आपालं आपालं महाजनपिनिगु जीवनया समस्या गथि गथि मच्चुंसे अःपुक याउँक समाधान जुया जीवनया रहस्य प्रत्यक्षानुभूतिं थुइका गुलि फत उलि याकनं इमिसं समस्या रहितगु अवस्था निर्वाण पद प्राप्त याना काये फये माल धका भिन्तुना द्यछासे थःगु थ्व निगू शब्द क्वचायेका च्वना ।

निब्बानस्स पच्चयो होतु !

भिक्षु ज्ञानपूर्णिक महास्थविर
विश्व शान्ति विहार, मीन भवन,
नयाँ बानेश्वर, यैं ।
२०४७ आश्वीन २२ गत

Dhamma.Digital



Downloaded from http://dhamma.digital



महोपकारक

द्वारा

बुद्ध-शासनिक अनुशासनबाट

साँचो प्रेम गर (?)

# साँचो प्रेम गर (?)

## केही कुरा

बितेको वर्ष धर्मसम्बन्धी विशेष कामले आफ्नो धर्म गुरूको साथ लागी थाइलैण्ड, मलेशिया, अष्ट्रेलिया र सिंगापुर आदि ठाउँहरूमा पुगें । विशेषतः अष्ट्रेलियामा दुई महिना पूरा समय लाग्यो । मलेशियामा मात्र करीब करीब डेढ महिना लाग्यो । धार्मिक कार्यक्षेत्रमा उत्रिसकेपछि केही फाटफुट समय निस्किन्थ्यो । मनमा लाग्यो, समय किन खेर फाल्ने, आफ्नो देशलाई केही न केही रूपमा उपयोग हुने काम गर्नुपऱ्यो । यसो सोचें, के गर्नुपर्ला, खोइ ! किताबको रैकतिर यसो आँखा दौडाएँ । मझौलाखालको सुनौला अक्षरले नाउँ लेखिराखेको चिटिक्क परेको किताबमा आँखा अडियो । नाउँ राम्रो लाग्यो । रैकको शीशाको फ्रेम घ्यार्‌र्‌र् यता सर्काएँ । किताब झिकें । पहिले त यता उता पाना उल्टाएँ, पल्टाएँ । पछि थचक्क बसी पहिलो विषय पढ्न थालें । उपदेशमाला जस्तो बोलीचालीको भाषामै किताबी रूप दिइराखेको उपदेश सरसरती पढ्दै जाँदा असाध्य मन पऱ्यो, घत लाग्यो । लौ अब यसैलाई भाषा परिवर्तन गरी आफ्नो देशलाई फाइदा पुऱ्याइहालूं त भनी त्यही दिनमै काम शुरू गरें । पढिरहेको बेला मनमा जति सजिलो लागेको थियो, लेख्दा त अर्कै रूप लिन थाल्यो ।

बोलीचालीको व्यावहारिक भाषामा उपदेश दिइरहेको रूपमै लेखिराखेकोलाई भाषा परिवर्तन गर्दा निकै अप्ठेरो हुने रहेछ । त्यसमा पनि आफूलाई अभ्यास नभएको नेपाली भाषामा लेख्न थालेको । म त भुतुक्क भएँ । लौ न अब कसरी लेख्ने हो ? एकछिन घुरेर बसें । फेरि मनले घचेट्न थाल्यो । लेख न लेख, के हुन्छ र, आफ्नो देशमा पुगिसकेपछि कोही न कोही सहयोगी त फेला परिहाल्ला नि । पहिले पहिले अलि अलि त गाऱ्हो हुने नै भो नि त । लेख्दा लेख्दा सजिलो भएर आइहाल्ला नि ।

यस्तै यस्तै प्रेरणा लिंदै दिक्क मान्दै, अल्छी हुँदै लेख्दै गएँ । एक खण्ड बल्ल बल्ल सिध्याएँ । पढेर हेरें । राम्रो राम्रो जस्तो लाग्यो तर कहीं कतै मसला न मिले जस्तो, नून नपुगे जस्तो, पकाउन बाँकी रहे जस्तो । आधा पाकेको काँचो काँचो जस्तो लाग्न थाल्यो । त्यसो हुँदा लेख्ने कि नलेख्ने, लेख्ने कि नलेख्ने भनी दोधारमा परें ।

अगाडि अर्को विषय कस्तो होला ! हेरौं न एकपल्ट भन्दै अगाडिको अर्को विषय शुरू गरें । त्यो झन गाऱ्हो लाग्यो । शब्दै नपुगे जस्तो, भाव नै नपुगे नमिले जस्तो कस्तो कस्तो भान हुन थाल्यो । केही दिनको लागि अर्को एउटा किताबको भाषा परिवर्तनतिर लागें । त्यो चाहिँ सजिलो लाग्यो । त्यसैमा दिलचस्पी बढ्दै गयो । लेख्न थालेको पनि नेपालभाषामा भयो । सजिलोपन आयो । पहिलेको काम बीचैमा छुट्ने जस्तो भयो । फेरि लेख्न थालें । मनलाई प्रोत्साहन दिंदै गएँ तर उही विषय के गर्नु, केही सीप लागेन । आधा जति किताब सिध्याइसकेपछि त ठयाम्मै अडियो । आजसम्म पनि त्यो काम अधुरो रहेको रहेकै भयो । पूरा गर्न सकिएन ।



Downloaded from http://dhamma.digital

तैपनि जे जति घचेट्दै घचेट्दै लेख्ने गरेको थिएँ, त्यसैको केही अंशले आज स्यानो पुस्तकको रूप लिन लागेको छ ।

यो काम यस रूपमा ल्याउन मलाई ममता र श्रद्धापूर्ण दृष्टिले हृदयदेखि सघाउने हाम्रा अतिव्यस्त बुद्ध उपासक धर्म मित्र दरवार हाइस्कूलका प्रधानाध्यापक श्री सुवर्ण शाक्यज्यू हुनुहुन्छ । वहाँको सौहाद्रपूर्ण सक्रिय र अनर्घ सहयोग बिना यस पुस्तकको भाषा पनि मीठो हुने थिएन । भाव पनि रसिलो हुने थिए । अझ वहाँको अनुभूतिपूर्ण भावना यसमा थप्न नपाएको भए यो पुस्तकको रूपरेखाले कुन कस्तो रूप लिने होला । मलाई त भन्न नै असजिलो असजिलो जस्तो छ । तसर्थ वहाँलाई के कस्तो शब्द प्रकट गरी आफ्नो कृतज्ञता व्यक्त गर्ने हो, मनको भाको पोख्न मुश्किल परिरहेको छ । जे होस् वहाँलाई मेरो अन्तर्मनदेखि साधुवाद छ ।

साधु ! साधु !! साधु !!!

त्यस्तै त्रिशूलीका अति श्रद्धावान् उपासक श्री बोधिरत्न शाक्यज्यू एक दिन सरासर मकहाँ आइपुग्नुभो । वहाँले आफ्नो जीवित जन्मदाता पिताज्यूको पुण्यार्थ एउटा स्यानो पुस्तक प्रकाशित गर्ने मनसाय पोख्नुभयो । नेपालीमा भए निकै बेश हुन्छ भन्ने भावना पनि वहाँले अगाडि सार्नुभो । वहाँको सदिच्छा साकार तुल्याउन यही पुस्तक उपयुक्त हुने कुरा व्यक्त गरें । वहाँले तुरून्तै पुस्तक छपाईको लागि आफ्नो श्रद्धा अर्पण गर्नुभो । सुवर्ण शाक्यसित कुराकानी चल्यो । वहाँ आफैले संशोधन जस्तो असजिलो काम र प्रूफ हेर्ने कामको साथै छपाईको काम समेत आफ्नै प्रेसमा गरिदिनेछु भनी सम्पूर्ण जिम्मा बोक्नुभो । के खोज्छस् काना, आँखा भने जस्तै मलाई त यस्तो व्यक्तिको सहयोग मिल्यो, मन एकदम ढुक्क भइहाल्यो । काम शुरू भयो । आफूले केही गर्नु नै परेन । श्रद्धा र सहयोगको परिणाम यस्तो पो हुँदोरहेछ ! म त हात पोको पारी बसिरहें ।

आज यी नै अति श्रद्धावान् धर्मप्रेमीद्वयको श्रद्धाको प्रतीक यो पुस्तक पाठकवृन्दहरूको सामुन्ने आइराखेको छ । यस स्यानो पुस्तकबाट पाठकवृन्द लाभान्वित हुने नै छ भन्ने आशा एवं विश्वास राखेको छु । अलिकतिमात्र पनि लाभ यस पुस्तकले पुऱ्याउन सके पनि यस पुस्तकको उपादेयता सन्तोषजनक रहेको रहेछ भन्ने सम्झी आफ्नो अधुरो नौलो प्रयास केही हदमा सफल भएको सम्झन पाउनेछु । यो मेरो यस प्रकारको प्रयास पहिलो प्रयास नै हो भन्नुमा अत्युक्ति होला जस्तो लाग्दैन ।

वस्तुतः सबै सहयोगी श्रद्धालु सद्धर्मप्रेमीहरूप्रति अन्तस्करणदेखि फेरि साधुवाद र धन्यवाद ज्ञापन गर्दै आफ्नो केही कुरा यहीं टुंग्याउन चाहन्छु । धन्यवाद ।

भवतु सब्बमङ्गलं ।

भाषापरिवर्तक
**भिक्षु ज्ञानपूर्णिक**
विश्व शान्ति विहार
मीनभवन, नयाँ बानेश्वर, काठमाडौं ।
२०४७-९-२५



Downloaded from http://dhamma.digital




# 'अभिधर्मार्थ संग्रह'

**छत्वाः बत्वाः खँ**

लयताया खँ खः थौं थ्व 'अभिधर्मार्थ संग्रह' ग्रन्थ सफू मूलपालि शब्दार्थ व भावार्थ स्वंय् सम्पूर्ण कथं पिदना च्वं च्वन । थुकीयागु पूर्ण श्रेय आदरणीय दिवंगत पूज्यपाद आचार्य डा. भिक्षु अमृतानन्द महानायक महास्थविरयात दु । वस्पोलयागु मैत्रीपूर्ण सद्‌भावना व सत्प्रेरणाद्वारा हे थुगु सफू थुगु स्वंय् श्रद्धालु महानुभाव ब्वमिपिनि न्ह्योने न्ह्यब्वये दया च्वंगु खः । महत्व, आवश्यकता, दूरदर्शिता व भविष्यया उपादेयतायात स्वयेगु खंकेगु शूक्ष्म निरीक्षण शक्ति वस्पोलयाके गुलि दु, व अवस्था स्वया, ई स्वया, वातावरण स्वया ज्या यायेत प्रोत्साहन व हःपाः बीगु वस्पोलया चरित्रं स्पष्ट याना च्वंगु दु । तर अपशोच खः, वसपोलं थःगु उत्प्रेरणाया प्रतिफल थःमं स्वयं निरीक्षण यायेगु ई बिया बिज्याये मफुत । ज्या न्ह्यचीका वस्पोल थ्व संसार थः स्वयं लिचिला बिज्यात । तर वस्पोल थःगु लक्ष्यं पिने ला लाइ मताः । छाय् धाःसा थुकीयागु वास्तविक सुपरिणाम वस्पोलं लक्ष्य तया बिज्याःथें भविष्यया बुद्ध धयागु खँय् संशय दइ मताः ।

थुगु 'अभिधर्मार्थ संग्रह' ग्रन्थ सफू भाय् हिला तयागु यक्वं यक्व दँ पुले धुंकल । थः बर्मा लिहँ वये धुंका वाराणसीया 'वाराणसेय संस्कृत विश्वविद्यालय' 'संस्कृत डिप्लोमा' अध्ययनं लिपा छुं विवशता व अस्वस्थतां नेपाः लिहँ वया । यलया श्री सुमङ्गल विहारय् च्वं च्वनागु खः । इ.सं. १९६९-७० पाखे थुगु सफू धा धां च्वकेगु ब्वंकेगु कथं भाय् हिलेगु ज्या याना यंका । खेस्रा च्वयेगु ल्ह्ययेगु व साफि यायेगु ज्याय् पूवंक ल्हाःतःम्ह केहे अनागारिका उत्पलवर्णा जुल । लिसें पाण्डुलिपि दनं दँ सुरक्षा याना तयेगु थाकूगु अभिभार नं थःमं हे कया प्रशंसनीय ज्या पूवंकल ।

छुं दँ लिपा 'नेपाल बौद्ध परियत्ति शिक्षा' या क्लाशया निति अभिधर्म सफू आवश्यकता खने दः वःसेंलि बि.सं.२०२८ (ने.सं.१०९१) पाखे कुटिबहाः नागबहाःया हेराकाजी सुजीकाःया सश्रद्धां पूवंक मखुसां थःगु गच्छे व सामर्थ्य अनुसार थी थी ब्वः थलाः पिथना यंकेगु ग्वःसा जुसेलिं न्हापांगु द्याः कथं चित्त, चेतसिक व पकिण्णक स्वंगू काण्ड तया 'अभिधर्मार्थ संग्रह' पिदन । अनंलि निगूगु व स्वंगूगु द्याः पिथनेगु ज्या २० दँ ति तक धयाथे अथें हे लिकुना च्वं च्वन । पिहाँ वये मफु ।

पूज्यपाद महानायक भिक्षु अमृतानन्द महास्थविरयागु सत्प्रेरणा व सत्प्रयासं 'उभय पातिमोक्ख' पिहाँ वये धुंका वस्पोलं हे हानं 'अभिधर्मार्थ संग्रह' नं पिकाये माल धका खँ न्ह्यथना बिज्यात । थःमं च्वया तये धुंगु दुगु खँ निवेदन यानाबले तुरून्त हे पाण्डुलिपि फ्वना कया बिज्यात । प्रकाशनया सम्पूर्ण अभिभार आनन्दकुटी विहार गुठीं कुबीगु क्वःछिना थः छुं ईया निंतिं मलेशिया , अष्ट्रेलिया आदि थासय् थ्यना च्वंतलें प्रेसय् समेतं थःमं स्वयेगु फुक्कं व्यवस्था मिले याका न्हापां न्हापांगु प्रुफ समेतं थःमं स्वयेगु याना बिज्याना च्वं च्वन । उखे पाखें लिथ्यनेवं तुं उकीया सम्पूर्ण भार थःत हे बिया बिज्यात । गुलिचा मदुवं वस्पोलं थ्व संसारयागु भार नापं दिका सदांया निंतिं धयाथें थनं पिहाँ बिज्यात । थ्व भीगु निंतिं तःधंगु अपूरणीय क्षति



Downloaded from http://dhamma.digital

हे जुल । बुद्ध शासनिक दृष्टि तःधंगु घाःलात । थःगु पक्षय् ला पां हे कल । वस्पोलं बीगुथें जाःगु प्रोत्साहन युक्त सत्प्रेरणा व साहस आः गन सुयाके काःवने ।

अनं ल्यू थुगु ज्याय् माक्व चाक्व योगदान तन व मनं बिया धुवांधु विहार व प्रेसय् थाज्या यनेथें जुया लिसे प्रुफ ब्वनेगुथें जाःगु न्ह्यलं ब्वायेकीगु ज्याय् थाकु मचाःसे मू वंगु ई व परिश्रम ब्यूपि उपासक भाजु श्री मणिजीव कंसाकारजु, भिंचा प्रकाश बज्राचार्य व श्रामणेर वजिरबुद्धिपिं जुल । धात्थें धात्थें थुपिं व्यक्तिपिनिगु परिश्रम व सहयोगु विना थ्व ज्या याकनं पूर्वके अःपइ मखुगु खँ सुना जक मस्यूगु दइ ?

लिसे लिसे थःगु मू ई बिया थः हे नं थुगु पुनित ज्या-खँय् लच्छि मयाक दुना गहन अध्ययनं सार तिसिना कया उगु सार तत्वं आसेवित निसेवित प्रभावित याना "अभिधम्म" या गम्भीर रहस्य प्वलाः प्वलाः "निगू शब्द" च्वया थुगु सफूया महत्व अभिवृद्धि याना ग्यसुलाका बिया बिज्याःम्ह सरोदर भिक्षु सुदर्शन महास्थविरयागु भूमिका नं कम ग्यसुलागु जू मवं ।

अले प्रेसं याये माःगु धाक्व ज्या इलय् पूवंका बिया नं लच्छि मयाक ल्हाःप्वःचिना च्वने मायेक दिक्क मचाःसे मिया थःगु धैर्य , उत्साह व श्रद्धायात प्रत्यक्ष क्यना थुगु पुनित कार्यय् आर्य मौनथें जाःगु मौन धारण यायेगु व संहिष्णुता व सहानुभूति पूर्ण सहयोगु बीगुली थःपिनि आदर्श न्ह्यज्याका क्यंपिं थुकी संलग्न "नेपाल प्रेस" या मू नायः प्रमुख सकल प्रेस परिवारपिनिगु योगदान नं न्ह्याक्व भिंतुना देछाःसां गाइ मखु कथंया जुया च्वन ।

आनन्दकुटी विहार गुठीयागु श्रद्धाया बारे ला भं छुं हे धाये माःथे मताः । गुठीयागु श्रद्धा जक थुकी दुमथ्यागु जूसा थुजोगु सफू ब्वमि श्रद्धालु महानुभावपिनि न्ह्योने ब्वयेगु साहस काचाक्क याये फइगु हे गन !

उकिं थुपिं इपि सकलें सकलें जिगु थःगु दुनुगःया सुभाय् व भिंतुनाया पात्रपिं जुया च्वं च्वन । सकलसितं सुभाय् देछाना भिंतुना मधाःसे गथे च्वने-भिंतुना ! भिंतुना !! भिंतुना !!!

आशा व विश्वास दु, थुगु अमूल्य निधि समानगु ग्रन्थ सफूया अध्ययन, अन्वेषण व अध्यापनं धर्मया "अभि" तत्वं जाःगु सार प्राप्त याना कया बिज्याइपिं सकलसिगु सहयोग व सहानुभूति थथे हे दयावं वना हानं थुजोगु सारगर्भित धर्म व भाषा सेवाया ज्याय् ल्हाः तयावं यंका च्वने दइ ! अस्तु !

भाय् ह्यूम्ह
**भिक्षु ज्ञानपूर्णिक महास्थविर**
विश्व शान्ति विहार
मीनभवन, न्हू बानेश्वर, यँ
बु.सं.२५३४ (ने.सं. १११९)]



Downloaded from http://dhamma.digital




# महान सल्लेख सूत्रोपदेश
# न्हापांगु घा

## सादर अभिवादन

गुम्ह प्रातः स्मरणीय आचार्यवर, रंगुन महाशी सासना यैताः प्रधान केन्द्रया ओवादाचरिय जुया बिज्याकम्ह परम हितैषी सयादो भद्दन्त पण्डिताभिवंस महास्थविरं थुगु "महान सल्लेख सूत्रोपदेश" यागु हिला भाय्या ज्या याना च्वंच्वनागु इलय् अतिकं च्यूता कया छको पतिकं निराश मतायेकुसे थ:गु ज्या पुवंक न्ह्यज्याका सफल याये निंतिं अनर्घ व असीम उत्साह, प्रेरणा व ह:पा बिया जिगु मनयात च्वछायावं यंकेगुली अविस्मरणीय शुभाशीष बिया बिज्यात, उम्ह अनन्त प्रेरणादायी आचार्यवर प्रति सश्रद्धा व सभक्तिपूर्ण सादर अभिवादन चढे याना जुल ।

आचरियगुणं अहं वन्दामि ! ! !

## थ:गु छुं खँ

इ.सं. १९८५-८६ साल पाखेयागु खँ खः । थः बर्मेली ध्यानगुरूया ध्यान भावना सम्बन्धी धर्मदूतया पुनित ज्या-खँय् थ:मं फू चाः कथं ग्वाहाली बीया निति अष्ट्रेलिया महाद्वीपया सिड्नी शहरय् वनेगु अवसर निको खुसी थ:त चूलात । अन ला बला च्वने माल । योगीपिन्त बी मा:गु सहयोगया ज्या पूवंके धुनिबले छुं भति ई अन ल्यं दइगु जुया च्वन । उकीयात सितिं मछ्वयेगु कुतलय् थ:के नं छुं भति धार्मिक ज्ञां अप्वः दइ कथं अले थ:गु देयात नं छुं बी फइ कथं धका थ:थाय् अभाव जुया च्वंगु जक मखु लिपा लिपाया निंतिं मदयेकं मगाइगु रूपय् मनय् महशुस जुया वइ कथंयागु विषयवस्तु ल्यया ल्यया अमूल्यथें ता:गु सफूया भाय् हिलेगु ज्या यायेगु बिचाः लुया वल । उगु सिलसिलाय् परमपूज्य महोपकारक महास्थविर महाशी सयादो नं अतिकं परिश्रम याना उपदेश बिया बिज्याना त:गुयात सफूया रूप बिया त:गु सफूत मध्यय् थुगु "महान सल्लेख सूत्रोपदेश" य् मिखा वना भाय् हिलावं यंका ।

भाषा सम्बन्धी साहित्यिक क्षेत्रय् दक्षता दया मखु; भिक्षु जीवनय् च्वंच्वनाथें थ:गु देया निंतिं मेगु छुं याये मफुसां थ:मं स्यूथें थूथें च्वंगु बुद्धोपदेशया सार तत्त्वत ल्यंका थकेमाः धयागु आत्मप्रेरणां प्रेरित याना ह:गु जुया जक खः । अले हानं थ:गु धार्मिक शिक्षा अध्ययन क्षेत्र बर्मा (म्यान्मा:) जूया निंतिं अन च्वंगु भाषं पिथना त:गु महान प्रज्ञाविद् परियत्ति प्रतिपत्ति विशारद महास्थविर सयादोपिनिगु मन मस्तिष्क व अभ्यासया चिं जुया च्वंगु भ्रीथाय् भ्रीगु भाषं दये अ:पु मजूगु रत्न तुल्य ग्रन्थत छगू निगू जूसां थ:गु शक्तिं भ्यावे जुक्व हिला भाय् कथं जक जूसां छाय् पिमथंसे च्वनेगु, छुं भति जूसां सया च्वंगु भाय्यात छाय् मछ्यसे ल्व:मंका सितिं छ्वयेगु, ज्याय् मवंका च्वनेगु धयागु भावनां याना नं थुगु कुतलय् ल्हा: त: वने ला:गु जुया च्वन । उकिं थ्व कुत: जिगु बर्मेली भाषाप्रति दुगु स्नेह व ममताया चिं धा:सां छुं पाइ मता: ।



Downloaded from http://dhamma.digital

अथे धका जि छम्ह बर्मेली भाय्या पूरा ज्ञाता मखु । थ:गु मां भाय् ला थ:मं बालाक पूवंक मस:निसा थ:गु मां भाय् मखुगु कतपिनिगु भाषाय् गुकथं जक पूर्णत्व दयेका काये फइ ? छुं गुगुं भाषाय् पूर्णत्व दयेके धयागु अ:पुगु खँ नं ला मखु । जिज्ञासा व दिलचस्पीया कारणं जक थुजागु चिकिचा चिकिचा धंगु कुत: जू वना च्वनीगु ख: ।

विद्वत्तापूर्ण ढंगं अभ्यासं भ्रूचा:गु मन मस्तिष्कं ल्हाना भाषं पिथना तइगु थुजागु सफूया भाय् हिले गुलि अ:पु मजू, थाकु खनि धयागु महशुस भाय् ह्यु ह्युं वं लिसे तिनि थुया वइगु जुयाच्वन । खालि ब्वं जक ब्वना वनेबले गुलि थू स्यूथें च्वनीगु ख:, च्वसुया रूपय् हयेबले ला भुयु च:ति हे पिज्वयेके मालीगु जुया च्वन खनि । अथे नं निराश तायेकां ज्या जुइ मखु; प्रयासं तिनि ज्या जुइगु ख: धका धित्तुधिना घ्वात्तु घ्वाना च्वसु न्ह्याका यंके मा:गु जुया च्वन । उकिया हे थ्व लिच्व: धाये माल ।

थुगु सफू गुलि तक ग्यसु दु मदुया मूल्यांकन यायेगु परीक्षण व निरीक्षण यायेगु अभिभारा ब्वमिपिनि ल्हाती हे तोता बिया च्वना । ब्वमिपि हे थुकिया निरीक्षक व परीक्षकपि ख: । थ्व सफू सामान्य कथंया धार्मिक बाखँ सफू मखु, यद्यपि थुकी दुने गहन विषययात याउँक अ:पुक थुइका बीत थाय् थासय् उदाहरण कथं बाखँ प्रयोग जुया मच्वंगु मखु । विपश्यना भावनाया अनुभवी विपश्यक ऋजु, सुऋजु, निराभिमानी, अल्पेच्छु, सन्तोषी, सत्पुरूष योगी साधक साधिकापिनिगु दृष्टि कथं धायेगु ख:सा थुगु सफू दृष्टान्त साक्षीया रूपय् च्वंवये फु । अथे धका योगी मखुपिनि निर्तिं अनुपयोगी धयागु मखु । थ:थ:पिनिगु मानवीय मानसिक कमजोरीयात चीका च्वन्ह्यान्ह्यां वनेगु, इच्छा, अभिलाषा व आकांक्षा दुपिं प्रत्येक बाल, वयस्क, युवक युवती, बृद्धबृद्धापिं निसें कया सकलसितं ज्ञानया मिखा चायेका ज: क्यने फूगु सफू धका नं थुकीयात धाये ल्व: जुइ ताया । उकिं थ्व सफू खालि म्हाइपु छ्याये निर्तिं ब्वनेगु मखु, बरू नुगलय् दुचायेके निर्तिं ब्वने ल्व:गु, ब्वने मा:गु, ब्वने थ्या:गु, ब्वने योग्य व उचितगु सफू ख: । थ्व खँ अति उक्ति मखु; स्वानुभूतिं कसौटी च्वला स्वया समर्थन याये मा:गु खँ ख: ।

थ:गु अस्वस्थ व ब्यस्त इलय् नं म्हां मधा:से सहृदयता पूर्वक ज:गु च्वसु चुला भूमिका च्वया गुगु अमूल्यगु व संस्मरणीय सहयोग समर्पण याना थुगु सफूया महत्व च्वन्ह्याकेगु प्रशंसनीय ज्या सहोदर आयुष्मान भिक्षु सुदर्शनं याना बिज्यात, उकिया लागी वसपोल धात्थें साधुवादया पात्र जुया बिज्या:गु जुल । लिसें गुगु अमूल्य भावना पूर्ण सुभाव वसपोलया पाखें न्ह्यब्वया बिज्यात, उकीयात ब्वमि श्रद्धालु महानुभावपिसं अवश्यमेव विचार विवेकपूर्ण दृष्टिं ग्यसुला कथं भालपी ताया ।

थुगु सफू साधारण कुतलं पिदना च्वंगु मखु । २५-३० गू फर्माया निगू निगू सफू पिदनेत मा:गु, श्रद्धां पिज्वयेके मा:गु ब्यय भार कम भ्रयातूगु खँ मखु । याक: बक: श्रद्धालुपिनिगु श्रद्धां असम्भव मखुसां अ:पु ला जू हे मजू । उकीयात संकलन यायेगु ज्याय् गुलि गथे प्रेरणा बी मालिगु जुइ, गुलि गथे श्रद्धावन्तपिं लिसे स्वापु तयेत परिश्रम, ई व कर्णप्रिय जुइ कथंयागु शिष्ट सभ्य ठोसपूर्ण नुग: स्वाँ ह्वकथं यागु सुसंस्कृत भाषण मालिगु जुइ, उत्साहित याये मालिगु, श्रद्धा-स्वाँ ह्वयेके बी मालिगु जुइ, गुलि तक भ्या: भति हे निराश भाव पिमका:से थ:गु पवित्र भावनायात साकार रूप बीगु ज्याय् प्रयास व प्रयत्न याये माल जुइ, उकीया मूल्यांकन व लेखा जोखा ज्या याये नंपिसं जक अनुभव याये फइगु व थुइके फइगु स्वानुभूतिया खँ जुल । उजागु बोभ युक्त भ्रयातूगु अभिभार थ:मं कुबिया स्वदेशी विदेशी श्रद्धावन्तपिं मुंकेगु, श्रद्धा-स्वाँ संकलन यायेगु, प्रेस लिसे सम्पर्क तया मा:गु माक्व व्यवस्थाया ज्या लिसें साफि पाण्डुलिपि तयार यायेगु आदि थाकूगु मजी मगा:गु ज्या



Downloaded from http://dhamma.digital

धाक्वलय् असीम अपरिमित स्यं अनर्घ योगदानमात्र बुद्धशासन प्रतिया आस्था व विश्वासं जाःगु भावना तया ब्यूम्ह केहें अनगारिका उत्पलवर्णाप्रति न्ह्याक्व कृतज्ञता व साधुवाद प्वंकुसां स्वल्प जक हे जुइ ताया । अले श्रद्धा-स्वाँ ह्वयेका बिज्याःपि स्वदेशी विदेशी सकल श्रद्धालु बुद्धशासनानुयायी श्रद्धावन्तपिं नं थुजागु पवित्र पुनित ज्याय् थथे श्रद्धा-स्वाँ छाया थःथःगु शासनिक कर्तव्य चायेका वायेका पूवंके सःगुली आपालं आपालं सुभाय् दे छायेगुया थलः जुया च्वंगु दु ।

छगू छगू ज्या पूवंकेत याकचिगु मेहनतं जक मगाः । आपालं आपालं सहृदयीपिनिगु तःधं चीधंगु ह:पाः माः; ल्हाः माः । थुकी थःगु हे मनं खना हःपाः जक ब्यूगु मखुसे ल्हाः नापं बिया प्रेस व विहारय् बार बार इरूथिरू जुया गबलें गबलें आवश्यकता अनुसार प्रुफ समेतं ब्वना बिया थःगु अमूल्य ई व श्रम देछाया थःगु ज्यायात सफल यायेगुली दत्तचित्त तया दीम्ह श्रद्धालु उपासक भाजु मणिजीव कंसाकारजु, अले थः हे सहृदयी भिंचा प्रकाश वज्राचार्य, गुम्हसिनं अस्वस्थ इलय् नं म्हां मधाःसे धाःधाःगु इलय् प्रूफ ब्वने का वनेगु तः वनेगु ज्याय् गुलिखे गुलिखे ग्वाहाली बिल, अले हानं प्रेसया नायः निसें कया थुगु ज्याय् संलग्नपिं प्रमुख प्रमुख सहयोगीपिं निसें कया सकल प्रेस परिवारपिं धात्थें हे भिंतुना व सुभाय् प्वंके बहःपि जुया च्वंगु दु । न्ह्याबलें न्ह्याबलें धयाथें प्रेस परिवारपिन्त याकन याये माल धका प्रायः याना घ्वान्ना च्वने मालिगु थासय् अखबतं वय्कपिसं थःत घ्वाये मायेका च्वने माःगु व वय्कपिनिगु धात्थेंगु श्रद्धा, लगनशीलता, परिश्रम व सहिष्णुता पूर्णगु सहयोग मखुसा मेगु छु धायेगु !

अन्तसः सम्पूर्ण सम्पूर्ण सहयोगी श्रद्धावन्तपिनिगु श्रद्धां, प्रेरणां, हःपालं हि चःतिया ग्वाहालिं पिज्वया च्वंगु थुगु 'महान सल्लेख सूत्रोपदेश' सफूयात ब्वमि महानुभावपिसं नं उलि हे आस्था, विश्वास, सद्भावना, शुद्ध बिचाः व सही दृष्टि तया थुगु सफुतिं बीगु शुद्ध प्रतिफल लाभ याना थः कतः निगुलिं पक्षयापिनिगु जीवनयात सार्थक याये फत धाःसा गुलि नं श्रम व योगदान थुकी दुत्यंगु खः, सफल जुल भालपी दइ । अस्तु ।

सब्बे भवन्तु सुखिनो – सब्बे होन्तु निरामया ।
सब्बे भद्दानि पस्सन्तु – मा कच्चि दुक्खमागमा ॥

Dhamma.Digital

भिक्षु ज्ञानपूर्णिक महास्थविर
विश्व शान्ति विहार
बु.सं.२५३४ (९–१–२०४८)



Downloaded from http://dhamma.digital



# 'बुद्ध र बुद्धवाद'

## प्रथम भाग-१

### मन्तव्य

३ भागमा विभाजित प्रस्तुत 'बुद्ध र बुद्धवाद' पुस्तक मेरो हात लागेको कयौं वर्ष भइसक्यो । बर्मा (वर्तमान म्यान्मा:) मा आफ्नो धार्मिक अध्ययन पुरा गरेर केही धार्मिक क्षेत्रको सेवा कार्य पछि इ सं. १९६७ को मध्यतिर आदरणीय गुरूवरको सदिच्छा अनुसार संस्कृत अध्ययन गर्न बर्माबाट वाराणसी जान लागेको थिएँ । बर्मा छोड्नु भन्दा अगाडि अमूल्य र महत्वपूर्ण बौद्ध ग्रन्थहरु संकलन गर्ने मनसाय लिई 'यःम्ह म्ह्याय्' (स्नेही छोरी) उपन्यासको लेखक आचार्य 'र वेन्थन्' सँगै पुस्तक भण्डारतिर पुगें । त्यहीं प्रस्तुत पुस्तक पनि राम्रो भन्ने सुनी तीनै भाग लिएर फर्के । केही तीतो मिठो तुरून्तै चाख्न थालें । आधुनिक जमानामा तीतो मिठो चाख्न चाहने व्यक्तिहरूको निमित्त, बुद्धिचाल खेल्न मन पराउनहरूको निमित्त, आफ्नो बुद्धिले नभ्याए पनि अरूको लहलहैमा नाची वैज्ञानिक युगको ढाँक लगाउन चाहनेहरूको निमित्त, महापुरूषको व्यक्तित्व र प्रभावकारिता माथि विज्ञानको एकोहोरो छाप लगाई नकारने फेशनका मानिसहरूको निमित्त, पश्रिमी विद्वानहरूले जे लेखे पनि प्रसंसा गरी तिनीहरूका कुराहरूलाई अकाट्य वाक्य सम्झी ,सहानुभूतिबाट परिमार्जित प्रज्ञा ज्ञानले प्राक्षालन गरिराखेका कुराहरूलाई भने यस्तो हुनुपर्ने उस्तो हुनुपर्ने भनी उन्मत्त चिन्तन मननद्धारा प्रतिरोध गर्न चाहनेहरूलाई निमित्त, कोरा तर्क शास्त्र र दर्शन शास्त्रमा लागेर अतर्कावचर ज्ञानमाथि आ-आफ्ना घोप्टो रिक्त विद्वता छाँट्न चाहनेहरूको निमित्त नमूना प्रस्तुत गर्ने उद्देश्यबाट यो पुस्तक भाग भाग गरि धेरै वर्ष अघि अगाडिदेखि भाषान्तर गर्ने विचार गरेको थिएँ । दुई वर्ष अघि बीर अस्पतालमा उपचारार्थ समय बिताइरहँदा केही अंश नेपाल भाषामा उतारि पनि सकेको थिएँ । तर गत वर्षको मध्यतिर यस पुस्तकको प्रकाशक परिवारको आग्रहबाट पुनः नेपाली भाषामा भाषान्तरण गरी पाठक वर्गको सामु प्रस्तुत गरेको छु ।

प्रस्तुत पुस्तक मूल लेखकको "प्राक्कथन" अनुरूप ६/७ महिना पछि नै द्वितिय संस्करण हुन लागेको बर्मेली भाषा र धर्मप्रेमीहरूमा प्रभाव पारेको पुस्तक हो तापनि यस पुस्तकमा उल्लेखित कतिपय पिषयहरु बौद्ध जगतमा सर्वमान्य तथ्यहरु माथि समेत आघात पुऱ्याउने खालका नभएको होइन । पुस्तक भ्रम उठाउने, हलचल मचाउने, भुइँचालो ल्याउने, समुद्री छाल उछाल्ने शैलीको छ । वास्तवमा यसै कारण बौद्धिक मन्थन नेपाली बौद्ध जगतमा पनि आओस् भनेर म अनुवादतिर अग्रसर भएको छु । प्रतिपादित सबै विषयहरु माथि मेरो आफ्नो समर्थन र सहमति जनाउन होइन । साथै यो पुस्तक केही तात्विक र मार्मिक कुराहरूमा निहित छ भन्ने भावना र विचारलाई पनि मैले आफ्नो मनबाट अलग्याउन सकेको पनि होइन । बर्मा जस्तो थेरवाद बुद्ध धर्मको सुदृढ परम्परा भएको देश, धर्मका प्रकाण्ड विद्वान, त्रिपिटक मन्थन गर्न सक्ने आधिकारिक विद्वान बौद्ध भिक्षु महास्थविरहरु भएको देशमा पनि प्रस्तुत पुस्तक प्रकाशित हुन सक्नुबाट कतिको स्वतन्त्र चिन्तन र स्वच्छन्द वैचारिक स्वतन्त्रता बौद्ध सभ्यता र बौद्ध संस्कृतिमा रहेको छ भन्ने तथ्यलाई



Downloaded from http://dhamma.digital

औल्याउन दिनको लागि पनि मैले यस पुस्तकको अनुवाद कार्य गरेको हुँ । जस्तो सुकै वाद प्रतिवाद पनि खप्न सक्ने शक्ति बुद्ध-धर्ममा छ । बुद्ध-धर्म मार्जित परिमार्जित हुँदै निखरिँदै आउनु जानुको कारणपनि वास्तवमा यस्तै यस्तै चोटपटकलाई सहँदै स्वीकार्दै जानुबाट हो । जति जति घर्षण स्पर्शन बढ्दै जान्छ, त्यति त्यति नै टलक निस्कँदै सुधोतशंख वर्ण प्रतिभाग हुँदै गइरहेको हुन्छ । बुद्धधर्म स्वतन्त्र समीक्षा वैचारिक विविधतापूर्ण टीकाटिप्पणीबाट डगमगिँदैन, विचलित हुँदैन, प्रकम्पित हुँदैन । बुद्ध-धर्म स्वाख्यात् छ, नजिक आएर हेर र एक एक छुट्याएर विचार गरेर चाहेमा ठीक जस्तो लागेमा मात्र स्वीकार गर भन्ने आह्वान नै बुद्ध-धर्मको विशेषता हो । "ग्रन्थ प्रमाण" नमान्नु, यो वचन अकाट्य नभन्नु नै बुद्ध-धर्मको मानव जातिको लागि विचार स्वतन्त्रताको क्रान्तिकारी देन हो ।

यस धर्ममा कुनै किसिमको बपौति अधिकार जमिरहेको छैन । ईश्वर वाक्यको रूपमा झूठलई पनि साँचो मान्नुपर्ने बाध्यता छैन । त्यसको लागि कोही पनि दण्डित हुनु र ज्यान समेत गुमाउनुपर्ने स्थितिमा पुग्नुपर्ने डर भय छैन । न त जोर जुलुम र जबरजस्तीको यत्किंचित वातावरण नै यसमा छ । यसको मतलब यो पनि होइन कि यसले मुर्खतापूर्ण पाण्डित्य दर्शाइलाई प्रोत्साहन दिन्छ । मिथ्यावाद, मिथ्या धारणा, मिथ्या कल्पना, मिथ्या सिद्धान्तलाई उन्मूलन गर्ने र बाटो बिराएकालाई बाटो देखाउने, अँध्यारोमा बत्ति बालिदिने घोप्टिएको बुद्धिलाई सुल्टो पारिदिने बुद्धको अनुशासन आदर्श नै हो । प्रत्यक्ष कार्यान्वयन, प्रत्यक्ष दर्शन, स्वानुभूति र साक्षात्कारलाई बुद्ध धर्मले बढी से बढी महत्व दिएको छ । प्रश्रय दिएको छ, उत्साहित गरेको छ । समुत्साहित गरेको छ । बाटो खोलिराखेको छ । त्यसकारण नै यसधर्मलाई "विभज्जवादी" भनिएको हो ।

वस्तुतः प्रस्तुत पुस्तकमा रहेका तथ्यहरूको पनि पुनः विवेचना गर्ने र त्यसमाथि आ-आफ्ना विचारधाराहरु व्यक्त गर्ने अधिकार र अवसर हाम्रै हातमा सुरक्षित छ । नमूनाको रूपमा औंल्याउँदै केहि बूँदामा म आफ्नो विचार प्रस्तुत गर्दछु ।

यस पुस्तकको पृष्ठ संख्या ५-६ मा लेखेको छ "भगवान बुद्ध वैशाख पूर्णिमाको दिन परिनिर्वाण हुनु भयो भनी बर्मेलीहरु विश्वास गर्दछन् । यस विश्वासको निमित्त आधार तथ्य जिनत्थपकासनी ग्रन्थ र अन्य बुद्धवंश ग्रन्थहरु हुन् । बुद्धवंशका ग्रन्थकार आचार्यहरुले बुद्ध परिनिर्वाण खण्डलाई रचना गर्दा दीघनिकाय महापरिनिब्बान सुत्तलाई आधार लिनुपर्दछ । महापरिनिब्बान सुत्तमा भने बुद्ध परिनिर्वाण हुनुभएको दिनको नाउँ उल्लेख छैन । खास भनौं भने बुद्धको जीवनी उल्लेख गरेका अन्य पालिहरूमा पनि बुद्धको अन्य घटनाक्रमहरूको सम्बन्धमा साल सम्बत् वर्ष महिना दिन निश्चित तोकिएको उल्लेख छैन ।

महापरिनिब्बान सुत्तको भनाई अनुसार भगवान् बुद्ध राजगृह नगर नजिक वेलुव ग्राममा अन्तिम वर्षावास बस्नु भयो । त्यसपछि वैशाली नगर नजिक चापाल चैत्य स्थानमा मारदेवलाई म तथागत आजदेखि तीन महिनापछिको दिनमा परिनिर्वाण हुनेछु भनी आज्ञा गर्नुभयो । त्यसरी आज्ञा गर्नुभएको समय वर्षावासभित्र वा वर्षावासको लगत्तै पछि हुनुपर्ने छ । अतः बुद्ध परिनिर्वाणको महिना अक्टूवर र जनवरी महिना बीचको एक न एक महिना हुनुपर्छ । मई ( बैशाख) महिना होला जस्तो लाग्दैन ।___" इत्यादि भन्दै त्यसको पुष्ट्याइँको निमित्त विभिन्न प्रमाणहरु अगाडि सारिएको पाइन्छ ।

लेखकले यस विषयमा पश्चिमी राष्ट्रका विद्वानहरूका विचारधारालाई मात्र बढी प्रश्रय दिएको छ ।



Downloaded from http://dhamma.digital

खालि महापरिनिब्बान सुत्तको सामान्य कथनलाई मात्र ध्यान दिँदा लेखकको तर्क सही जस्तो लाग्नेछ । तर यस दिशामा भगवान् बुद्धका प्रमुख अग्रश्रावक शिष्यद्वय आयुष्मान सारिपुत्र र आयुष्मान महामोग्गल्लानहरूका अन्तिम जीवन वृतहरूतिर पनि ध्यान दिनु आवश्यक छ । नियालेर हेर्दा अग्रश्रावकद्वको परिनिर्वाण भगवान् बुद्धको वेलुव ग्राममा बस्नु भएको अन्तिम वर्षावास पछिको कार्तिक पूर्णिमा (सकिमिला पुन्हि) मा र मार्गकृष्ण अमावास्यमा क्रमशः भएको हो । अनि परिनिर्वाणको लागि भगवान् बुद्धसँग बिदा माग्न जानु भएका ठाउँहरु पनि आयुष्मान सारिपुत्र महास्थविरले श्रावस्ती नगरको जेतवन महाविहारमा र आयुष्मान महामोग्गल्लान महास्थविरले राजगृहमा भएको स्पष्ट छ । यी तथ्यहरूलाई आधार वनाई केलाएर हेर्दा भगवान् बुद्ध वेलुव ग्राममा आधार बनाइ केलाएर हेर्दा भगवान् बुद्ध अन्तिम वर्षावास पूरा गरि सिधै कुशीनगरतिर जानुभएको नभई बरु फेरि बेलुव ग्रामबाट त्यही अघि आउनुभएको बाटो हुँदै श्रावस्ती फर्कनु भएको कुरा पनि स्पष्ट हुन्छ ।

त्यहाँबाट फेरि केही दिनमै यात्रा प्रारम्भ गर्नु भई राजगृह जानु भयो, जहाँ महामोग्गल्लान महाथेरोले परिनिर्वाण प्राप्त गर्नु भयो । पर्याप्त समय त्यही बिताइसक्नु भई त्सस पछि वहाँ उक्काचेल नगरतिर प्रस्थान गर्नु भयो । त्यहींको गंगाघाटमा अग्रश्रावक शिष्य द्वयको परिनिर्वाण सम्बन्धमा सं. नि.तृतीय . १४१ (छट्ठ संगायन ग्रन्थ पृष्ठ ) मा उल्लेख उक्काचेल सूत्र देशना गर्नु भयो । त्यतिखेर नै भगवान् बुद्ध चापोल चेतिय दिवा विहारको निमित्त जानु भई उपस्थापक आयुष्मान आनन्दलाई सांकेतिक भाषामा बुद्धहरु आयुकल्पसम्म जीवित रहन सक्नु हुने कुरा तीन पटकसम्म भन्दा पनि अन्योलमा परिरहेको आयुष्मान आनन्दको विस्मृतिले गर्दा वहाँले भगवान् बुद्धसँग आयुकल्पसम्म जीवित रहन प्रार्थना गर्न सक्नु भएन । आयुष्मान आनन्द बुद्धको सन्मुखबाट फर्किसके पछि तुरून्त मारदेव पापिमा आइपुगी विभिन्न प्रकारले परिनिर्वाणको लागि भगवान् बुद्धसँग अनुनय विनय प्रार्थना गर्दा अन्तिम वार; भगवान् बुद्धले "आजदेखि तीन महिना बितिसकेपछि तथागत परिनिर्वाण हुनेछ" भनी मारदेव पापिमा समक्ष आयुसंस्कार परित्याग गर्नुभयो । तसर्थ भगवान् बुद्धले आयुसंस्कार त्यागी **आजदेखि तीन महिना बितिसके पछि** भनी समय तोक्नुभएको समय वा महिना लेखक महोदयले दर्शाउन खोजेजस्तै वर्षावास भित्र वा वर्षावास लगत्तै पछि हुन नसक्ने तथ्य स्पष्ट हुन आउँछ । त्यस उसले गर्दा त्यो घोषणा गर्नुभएको महिना पौष महिनाको अन्त्यतिर हुन पुग्छ । किनभने भगवान् बुद्धको यस यात्रा अन्तिम यात्रा भएको हुनाले आफ्नो शारीरिक स्थिति माथि विचार पुऱ्याउनु भई प्रत्येक विश्राम स्थलमा दुई तीन हप्ता दुई तीन हप्ता विश्राम लिई आराम गरी महत्वपूर्ण मौलिक उपदेशहरूको सम्झना शिष्य श्रावकहरूलाई अन्तिमवार दिंदै चालै नपाउने गरी समय गुजार्दै बडो सारपूर्ण रूपमा गर्नुभएको छ । त्यसकारणले गर्दा पनि लेखक महोदयको "गर्मी, ताप, राप भएको ग्रीष्मको तीन महिनासम्म देश चारिकामा हिड्नुपऱ्यो भन्ने कथन तर्क युक्त छैन । यहीं निर राजगृहदेखि कपिलवस्तुसम्मको फाल्गुण पूर्णिमादेखि वैशाख पूर्णिमासम्मको दुई महिना यात्रार्थ सुविधाजनक र उपयोगी भएको तथ्य पनि सम्झना हुन्छ ।

अनि अर्को कुरा अकाल पुष्प पुष्पित भयो भन्नेछ । त्यो बुद्धानुभाव हो किं वा श्रद्धाभिव्यक्ति । अतः यस बाह्य वातावरणलाई ठोस र अकाट्य प्रमाण मान्नु वैचारिक दृष्टिबाट कमजोर छ । सँधैभरी एकैनाशको बाह्य वातावरण पनि त रहिरहन्न । शाल पुष्पको रूपमा त्यो समय अकाल समय हुन सक्तैन भने मन्दार पुष्पको बारेमा के भन्ने त ? आयुष्मान महाकश्यपले भगवान् बुद्ध परिनिवाण हुन भएको एक सप्ताह भइसक्यो भन्ने कुरा आफ्नो हातको मन्दार पुष्प देखाइ आफू बुद्धको देहान्त शरीर दर्शन गरी त्यहींबाट त्यो



Downloaded from http://dhamma.digital

पुष्प ल्याएको हुँ भन्ने आजीवकको मुखबाट सुन्नु भएको छ ।

यस्तै यस्तै कुराहरूतिर बुद्ध धर्मको अध्ययन, चिन्तन मनन, अन्वेषण र अनुसन्धान गर्न चाहने व्यक्तिहरूले अन्तर्मुखी भई सही दृष्टि पुऱ्याउनुपर्छ, न कि हचुवा किसिमको भावना लिइकन यथार्थता र वास्तविकता पत्ता लगाउनुबाट विमुखि हुनु ।

यस पुस्तकको "पालिपिटक परीक्षण" विषय अध्धन गर्दा पनि पाठकवृन्द सतर्क र विवेकशील हुनु नितान्त आवश्यक ठान्दछु । कतै कतै लेखक अति पश्चिमी विद्वत् वर्गको पक्षपाती देखिन्छ भने कतै कतै अति तर्कवादी । जसले गर्दा लेखक यथाभूत तत्वबाट पर चिप्लिएको छ । "जस्तो कि पृष्ठ ४७ मा महापरिनिब्बान सुत्तमा पनि प्रथम संगायनको विषयलाई विल्कुल उल्लेख गरिराखेको छैन ।" भनी उल्लेख गरेको पाइन्छ । यस विषयमा यी कथनहरु मननीय छन् "महापरिनिब्बान सुत्त" को विषय भगवान् बुद्धको परिनिर्वाणको दृश्य वर्णन गर्नु हो, संघको इतिहासको निर्देश गर्नु होइन । संघको इतिहासको सम्बन्ध "विनय" सित छ । अतः भगवान् बुद्धको परिनिर्वाण पछि भिक्षुहरूको विह्वल दशालाई वर्णन गर्दै "महापरिनिब्बान सुत्त" का संगायकहरूले सुभद्र जस्तै असंयमी भिक्षुको विपरीत व्यवहारलाई त उल्लेख गरियो, तर त्यहाँबाट अघि बढ्न त्यहाँ ठीक मानिएन । —अतः "महापरिनिब्बान सुत्त"को मौन धारणबाट हामीले त्यस प्रकारको निषेधात्मक निष्कर्ष निकाल्न सकिन्न, जसरी एक पश्चिमी विद्वान्ले निकालेको छ । —डा. उपाध्याय भरतसिंह (पालि साहित्यका इतिहास) ।

प्रथम संगीतिको प्रामाणिकताको प्रसंगमा संशय गर्दै पृष्ठ ४७ र ४८ मा आयुष्मान पुराणको जुन घटना प्रस्तुत गरिएको छ आयुष्मान पुराणको त्यो उक्तिमा राजगृहका सभासद्हरूद्वारा संगायन गरेका धम्म र विनयप्रति अप्रामाणिकताको भाव होइन, जसरी कुनै कुनै विद्वान्हरूले भ्रमवश विचार गरेका छन् । संघको निमित्त यो कुनै खतराको संकेत थिएन, जसरी कसै कसैलाई भ्रम परेको छ । पुराण एउटा साधक हो । उनमा एकान्त साधनाको भाव अवश्य अधिक थियो, जुन कारणले गर्दा उनले आफ्नो ध्यान भावनामा, जुन कि उनलाई शास्ताको प्रत्यक्ष सम्पर्कबाट प्राप्त भएको थियो, कुनै प्रकारको विक्षेप आउँन दिन चाहन्नथ्यो । अरूहरूले भगवान् बुद्धको मुखबाट जे जति सुनेका छन्, ती जम्मै ठीक होऊन्,सत्य होऊन् । तर पुराणको लागि त आफ्नो जीवनयापन त्यसैबाट गर्नु छ, जुन कि उनको आवश्यकतालाई हेरी स्वयं भगवान् बुद्धले उनलाई दिनुभएको थियो । तसर्थ पुरणको त्यो उक्तिमा न त राजगृहको सभामा संगायन गरिएका बुद्धवचनहरूको अप्रामाणिकता माथि संकेत छ, न त त्यो भिक्षुसंघको निमित्त केही खतराको घण्टी नै थियो । स्वतन्त्र विचारहरूको अभिव्यक्तिमा भिक्षुसंघमा कहिल्यै प्रतिबन्ध छैन; तसर्थ हामी भन्न सक्छौं कि धर्मवादी विनयवादी भिक्षुहरूले धर्मको संगायन त्यस्तै नै गरे जसरी उनीहरूले स्वयं भगवान् बुद्धबाट सुनेका थिए । जुन उनीहरूले संगायन गरे त्यो हामीलाई पालि सुत्त र विनय विटकमा पाइरहेको छ । यद्यपि त्यसमा केही अन्य कुराहरु पनि अंगिकार गरेका छन् ।

पृष्ठ ४९ मा "बुद्ध बाहेक अर्को शरण छैन" भन्ने कथन "आफूलाई मूल आधार बनाऊ, आफू बाहेक अन्य आधार छैन" भन्ने अववादसँग प्रतिपक्ष भएकोले बुद्धको कथन हो भन्नु मुस्किल छ भनी तर्क उठाएको छ । त्यो पनि बुद्ध शब्द व्यक्तिवाचक भएको खण्डमा र एक व्यक्तिको सर्वस्वत्वलाई मात्र लिएर भनेको हो भने मनासिब देखिन्छ । तर बुद्धप्रति श्रद्धा राख्न जुन बुद्धका नवांग गुणहरूलाई यत्र तत्र सर्वत्र पालिमा दर्शाएका छन्, त्यसको आधारमा भन्ने हो भने आफूले आफूलाई शरण लिनलाई पनि त आधारभूत तत्व



Downloaded from http://dhamma.digital

चाहिन्छ । गुण स्मरण र आदर्शको आधार विना कसरी आफू आफ्नो आधार बन्न सकिएला ? बुद्ध-गुण जुन सही धर्ममा आधिरित छ, त्यसलाई आधार लिंदा त्यसमा कुनै प्रतिपक्षभाव निस्किंदैन । यो तथ्य निम्नः तथागतको आफ्नै वचनद्वारा सिद्ध छ । –

"आनन्द, शायद तिमीहरूलाई यस्तो लाग्ने छ– अतीत शास्ताको यो पावचन हो; (अहिले) हाम्रो शास्ता रहनु भएम । आनन्द; यस्तो विचार नगर्न । मैले ( तथागत ) जुन धर्म र विनय देशना गरिराखेको छु; प्रज्ञप्त गरिराखेको छु; म बितिसकेपछि त्यही नै तिमीहरूको शास्ता (गुरु ) हुनेछ ।"

यो कुरा यसै पुस्तकको पृष्ठ १०१ मा लेखकले परिनिर्वाणासन्न अवस्थामा भगवान् बुद्धले आयुष्मान आनन्दलाई आज्ञा गर्नुभएको भनी उद्धृत गरिराखेको छ ।

यसबाट पनि बुद्ध शब्द व्यक्तिवाचक हुनुभन्दा यो धर्मसित एकैनासको रूपमा घुलमिल भइसकेको र अन्योन्याश्रित भइरहेको स्पष्ट छ । अतः बुद्धको शरण जानु भन्नु नै धर्मको शरण जानु हो र धर्म बिना कोही पनि आफू आफ्नो शरण हुन नसक्ने तथ्य ध्रुवसत्य हो । तसर्थ "बुद्ध बाहेक अर्को शरण छैन" भन्ने कथन र "आफूलाई मूल आधार बनाऊ, आफू बाहेक अन्य आधार छैन" भन्ने अववाद एक अर्कोसित प्रतिपक्षी छ र बुद्ध हो भन्न मुश्किल छ भन्ने तर्क सारयुक्त छैन । धर्मानुकूल होइन । सही धारणा ठहरिन्न ।

पृष्ठ ५० मा भगवान् बुद्धले भर्खर बुद्ध हुनु भई उपदेशार्थ वाराणसीतिर जाँदै गर्नु हुँदा बाटोमा भेटेको उपक परिब्राजकलाई भन्नुभएको कुरालाई बुद्धवचनको रूपमा धारण गर्न मुश्किल छ भनी स्वीकार्न नचाहेको भाव देखाएको छ । व्यक्ति,व्यक्तिको अध्यासय, समय,परिस्थिति आदिलाई केलाएर कुन बेला, कस्तो व्यक्तिलाई कसरी गर्दा भविष्यमा उसलाई लाभ पुऱ्याउन सक्ने हो, त्यसलाई आत्मसात गरी कुरा गर्ने "सुगत" गुणले युक्त बुद्धको त्यस कथनमा कुनै अहं वब विकृति देखा पर्दैन पछि उही उपक बुद्धको त्यही वचनलाई सम्झना गरी आफूलाई संकट आएको बेला भगवान् बुद्धलाई खोजी खोजी बुद्धको शिष्य बन्न पुगेको यथार्थताले पनि यो कुरा स्पष्टिएको छ ।

"क) पिटकबाट गौतम बुद्ध" शिर्षकमा भगवान् बुद्ध "राजाको पुत्र होइन; धन सम्पत्ति सम्पन्न र समृद्ध भई उच्च जातिका क्षत्रियवंशी एक जना भूमिपतिको छोरा हुन सक्ने" तर्क उठाइएको छ ।

यस विषयमा लेखकद्वारा आफ्नो तर्क साबित गर्न उदाहरणको रूपमा प्रस्तुत गरेका प्रमाणहरु राजतन्त्रात्मक देशका राजाहरु बिम्बिसार, कोशल नरेश, अजातशत्रु जस्ता "महाराज" "राज" आदि प्रशस्ति पाएका राजाहरु हुन् । यसमा कपिलवस्तुका भद्दियराज बाहेक अन्य कुनै पनि त्यस ताकाका गणतन्त्रात्मक देशका गणतन्त्रीय राजाहरूलाई प्रमाणको रूपमा प्रस्तुत गरिएको पाइँदैन । त्यस बेलाको सबभन्दा शक्तिशाली र प्रभावकरी गणतन्त्र वैशालीका राजाहरूलाई पनि त उदाहरणको रूपमा दर्शाउनु उचित देखिन्छ । किनभने शाक्यहरु गणतन्त्रीय थिए । राजतन्त्रात्मक राज्यका राजाहरूको प्रशस्ति र गणतन्त्रात्मक राज्यका राजाहरूको प्रशस्तिमा अवश्यमेव फरक पर्दो हो । राजतन्त्रात्मक राज्यमा व्यक्तिप्रधान भएता पनि गणतन्त्रात्मक राज्यमा व्यक्ति गौण हुँदो हो । त्यसैले गणतन्त्रीहरूले वंश, गोत्र र कुललाई बढी प्राथमिकता दिने भई व्यक्तिगत प्रशस्तिलाई त्यति महत्व नदिने भएकोले राजा शुद्धोदनलाई पनि सामान्य रूपमा नै बढी व्यवहार गर्थे होलान् । त्यस युगको वढी प्रभावशाली गणराज्य वैशालीका राजाहरूलाई पनि "महाराज" प्रशस्ति नजोडी लिच्छवी लिच्छवयो भन्ने शब्द नै प्रायशः प्रयोग र व्यवहारमा ल्याइएको पाइन्छ । यदि त्यसो हो भने राजा



Downloaded from http://dhamma.digital

शुद्धोदनलाई व्यवहार गर्दा पनि प्रायशः नाम, गोत्र र कुलवंशलाई नै मूल रूपमा प्रयोग गर्दा हुन् । यसबाट "राजा" हुनु माथि शंका गर्ने स्थिति देखिंदैन । यद्यपि "शुद्धोदनको घर" भनेर प्रयोग गरियो नै भनौं प्रासाद शब्द प्रयोग त्यस बेलामा गरिएन नै भनौं, फेरि किन राजकुमार सिद्धार्थको निमित्त बनाएंका तीनवटा घरहरूलाई "तीनवटा प्रासादहरूमा" भनी प्रयोग गरिए होलान् त ? त्यसलाई पनि त घर भनेर मात्रै प्रयोग गरिनु पर्दथ्यो । खास रूपमा त यी कराहरु त्यति महत्वपूर्ण जस्तो लाग्दैन । यसको लागि त इतिहास र पुरातात्विक अनुसन्धानबाट खोज तलाश गरी फेला पारिसकेका प्रमाणहरूले नै "राजकुल" हो होइन सही निर्णय दिन सकिने नै भइसकेको छ । अति तर्क वितर्क र वादविवादले खालि समस्या मात्रै खडा गर्दछ । केही उपलब्धि त्यसमा देखिंदैन । बरु त्यो हानिकारक नै साबित हुन जान्छ । घिउ किन्न जाने तर्कशास्त्री विद्यार्थीले घिउ नष्ट पार जस्तै । अर्को कुरा लेखकको कथन पूर्वापर बिरोधी देखिन्छ कारण यस पुस्तकको १२४-५ पृष्ठमा वहाँ आफैले जातक अर्थकथाको कथनलाई उद्धृत गरी त्यसमा आफूलाई मन नपरेका "महाराज" "राजप्रसाद" "राजपरिवार" "राजकुमारी" शब्दहरु यथावत् प्रयोगमा ल्याइराखेको छ । जसबाट पनि वहाँको पूर्व तर्क खालि तर्क मात्र रही युक्ति युक्त आधार विहीन रहेको पाइन्छ ।

राजकुमार सिद्धार्थको महाभिनिष्क्रमणको कारणको बारेमा यस पुस्तकमा बढी तर्क वितर्क पेश गरी हलचल मचाउन खोजिएको पाइन्छ । संस्कार धर्मको परिपक्वतालाई ठूलो प्रश्रय दिने तथागतको धर्ममा जबसम्म कुनै चीज वा व्यक्तिमा त्यो स्थिति आइपुग्दैन । त्यसबेला सम्भ अनुकूल अवस्थामा पुग्न सक्तैन । यो संसारमा कतिपय कुराहरु त्यस्ता छन् जुन सयौं, हजारौं लाखौं पटक आ-आफ्ना वरिपरि घुमिरहँदा पनि त्यसबाट कुनै अनुकूल वा प्रतिकुल प्रभाव वा असर परेको देखा पर्दैन । तर कुनै बेला भने त्यस्तै स्थिति त्यस्तै घटनाले एक्कासी मानिसलाई कहाँबाट कहाँ पुऱ्याइदिन्छ । तुरून्त त्यसको प्रभाव र असर परिहाल्छ । तसर्थ कुनै घटना घट्नको निमित्त समयले पर्खिरहेको हन्छ । वातावरण सृजना हुँदै गइरहेको हुन्छ । संस्कारको परिपक्वतालाई ताकिरहेको हुन्छ । सबै साधनहरु जुट्ना साथ त्यो घटना घटि नै हाल्छ । त्यसरी नै सिद्धार्थ गौतमको महाभिनिष्क्रमणको प्रेरक निमित्तहरूलाई सम्झनुपर्ने देखिन्छ । न्युटनको गुरूत्वाकर्षण सिद्धान्तको प्रतिपादनमा पनि त्यस्तै स्थिति आइपरेको पाइन्छ । अरु अरु अवस्थामा पनि न्यूटनले रूखबाट कुनै चीज खसेको धेरै पटक देखेको नै थियो होला । तर त्यसलाई अन्य अवस्थामा त्यो विचार मनमा कद्नै सकेको थिएन । जब अनुकूल समय, वातावरण रपरिस्थिति ठ्यम्म जुट्यो, त्यसबेला एउटा स्याउ रूखबाट खस्नासाथ उसको ज्ञान इ्वाट्ट खुल्यो र गुरूत्वाकर्षणको खास अनुभव उसलाई भइहाल्यो । त्यो सिद्धान्त प्रतिपादन गर्नमा उनी समर्थवान् भयो ।

उपर्युक्त विषयहरु बाहेक यस पुस्तकमा उल्लिखित विभिन्न मूल विषयहरु जस्तो कि – पालिपिटक परीक्षण, अनात्मवाद, प्रतीत्य समुत्पाद, भवसंसार अति गहन विषयहरु हुन् । यी विषयहरूलाई सही सही व्याख्या गर्न, वास्तविकता दर्शाउन, विभिन्न दार्शनिक ग्रन्थ अध्ययन, बाह्य चिन्तन मनन, वादविवाद, तर्क वितर्क, पूर्वेली, पश्चिमेली महान् दार्शनिक, न्याय शास्त्री, तर्क शास्त्री, इतिहासकार, मनोवैज्ञानिकहरूका भावनामय यथाभूत ज्ञान दर्शन रहित, कथनहरूको मात्र आधार तथा माध्यमबाट असम्भव नै छन् त भन्न नसकिने भएता पनि सम्भव हुन अति दुष्कर छ भन्नुमा कुनै असजिलोपन महसूस गर्ने आवश्यकता देखिंदैन । यदि भगवान् बुद्धको वचन, उहाँका चतु:प्रतिसम्भिदा चतुभिज्ञा आदि विशिष्ट गुणसम्पन्न क्षीणश्रवी विवश्वस्त अग्रश्रावक महाश्रावक अरहन्तत्व प्राप्त आर्यश्रावकहरूका कथनहरूलाई समेत स्वीकार र समर्थन जनाउन



Downloaded from http://dhamma.digital

मुश्किल देखिन्छन् भने राग, द्वेष, मोहादि अनेकन मानसिक विकारले भरिपूर्ण भई अन्धोपन पृथग्जनत्वबाट मुक्त नभएका शुष्क तर्कका विद्वान्हरूका कथनहरु कति हदसम्म समर्थन योग्य तथा स्वीकार्य छ यहाँ भनिरहनु पर्दैन ।

तथागत प्रवेदित गम्भीरातिगम्भीर दुदर्शनीय धर्म विनयमा भिक्षु, भिक्षुणी, उपासक तथा उपासिका चतुः परिषद्लाई द्वन्द संशय, शंका उपशंका, अस्पष्टता, अनभिज्ञता, परप्रवाद प्रमर्दन असमर्थता आदि हटाई वैशारद्य प्राप्त तुल्याएर मात्र तथागत परिनिर्वाण हुनेछ भन्ने मारदेव पापिमा समक्ष प्रकट गर्नुभएको आदि-अन्त्य तथागत वाक्य, महापरिनिर्वाणासन्न अवस्थामा बारम्बार आफ्ना शिष्य श्रावकहरूसँग धर्म विनयमा शंका समयमै सोधपुछ गरी शंका समाधान र निराकरण गर्न विविधाकारले प्ररण र प्रोत्साहन दिइसक्नु भई आश्वस्त विश्वस्त हुनु भएर मात्र परिनिर्वाणार्थ तयार हुनभएको तथ्यहरूलाई गहिरिएर विचार विमर्श गरेको खण्डमा बुद्ध धर्मका सारगर्भित मौलिक विशुद्धि विर्देशन उत्तरि मनुष्य धर्म प्रदायक बुद्धोपदेश तथा तथागत समर्थित धर्मोपदेशहरूप्रति बुद्धका शिष्य श्रावकहरूमा कुनै प्रकारको द्वन्द संशय, शंका उपशंका, आकांक्षा विमति नरहेको स्पष्ट झल्किन्छ । बुद्ध स्वयं पनि यस विषयमा आफ्ना शिष्य श्रावकहरूप्रति निःसन्देह आश्वस्त एवं विश्वस्त रहनुभएको बुझिन्छ । अल्पज्ञ, अल्पश्रुत, रूढिग्रस्त मोघपुरूषहरूमा ती विषयहरु द्वन्दात्मक र संशयात्मक कांक्षा र विमति युक्त रहनुमा त केही भन्नु नै छैन । कारण तथागत प्रतिवेदित धर्म स्वतः नै "प्रत्यक्ष विज्ञ वेदनीय" धर्म हो । "गुह्य अविज्ञ वेदयित धर्म" त होइन ।

प्रस्तुत यस पुस्तकमा यस्तै यस्तै अन्य थुप्रै कुराहरु बाँकि छन्, तर ती जम्मैलाई यस छोटो मन्तब्यमा समीक्षा गर्नु सम्भव छैन । नमूनाको रूपमा दुई चार कुरा पाठक वृन्दहरु समक्षं प्रस्तुत चर्दै ग्रन्थभारबाट बच्न विशेषतः स्वयं पाठकहरूको स्वतन्त्र चिन्तन स्वतन्त्र परीक्षणका लागि आह्वान गर्दै, अन्ततः पाठकहरूको विवेक, बुद्धि, सत्यान्वेषणमा भरोसा लिंदै यस विषयहरूलाई यहिं विश्राम दिन चाहन्छु ।

**भिक्षु ज्ञानपूर्णिक महास्थविर**
विश्व शान्ति विहार
ने.सं. १११९

Dhamma.Digital



Downloaded from http://dhamma.digital




# 'कर्म र मनुष्य'

## केही कुरा

"कर्म र मनुष्य" शीर्षकमा हामीले बुझ्नु पर्ने शब्द 'कर्म' हो । 'कर्म' तीन अक्षरको शब्द हो । शब्द स्यानो छ । तर यसमा निहित अर्थाभिव्यक्ति अथाह छ, गम्भीर छ; प्रतिवेध गर्न अत्यन्त दुष्कर छ । तथ्य पत्ता लगाउन अति गाह्रो छ । कोरा कल्पना माथिल्लो सतहमा मात्र रहेको ज्ञान बुद्धिले यसको वास्तविकता बुझ्न निश्चय नै असम्भव छ । त्यसैले नै बुद्धिमान भनाउँदा व्यक्तिहरु पनि "आधुनिक भौतिक विज्ञान" लाई मात्र ठोस र अकाट्य प्रमाण र आधार मानी यसको सही एवं यथार्थ अर्थ लगाउनुबाट चिप्लिएर मन गढन्त भूमरीमा परी कता कता पुगिरहेको देखिन्छन् अर्थलाई पनि अनर्थ सम्भन लागिरहेको छन् । तथ्ययुक्त घटनालाई भुठ सावित गर्न तम्सिरहेका हुन्छन् ।

बुद्ध-धर्ममा मन वा चित्तको स्थान सर्वोपरि छ । मानव जाति सहित सबै सत्त्व प्राणीहरूको सम्पूर्ण क्रियाकलाप र त्यसको परिणाम लेखाजोखा विभिन्न वातावरण र स्थितिमा अनेकौं रूप लिएर क्षण क्षणमा विपरिणत र परिवर्तन भई उब्जने चित्तावस्थालाई हेरेर मात्र कुनै ठोस निर्णयमा पुग्न सकिन्छ । मनको यथार्थ स्वभावलाई प्रज्ञाद्वारा विभाजन गरी अध्ययन, मनन र अन्वेषण अनुसन्धान नगरी कुनै कर्मको प्रतिफल के कस्तो हुनसक्छ भनी ठोकुवा गरी निर्णयमा पुग्नु अन्धो परम्पराको मिथ्याभिव्यक्ति सिद्ध हुन जान्छ । कर्मको खास मर्म बुझ्नु सर्वज्ञता ज्ञानको परिधिभित्र पर्दछ । साधारण पृथग्जनको अवधि मिश्रित क्लेशाभिभूत ज्ञान बुद्धिले र बाह्य आडम्बरयुक्त चिन्तन शक्तिले यसको नाप तौल गर्न सजिलो छैन । सम्भव हुदैंन । त्यसैले नै कर्मको विषय बुद्ध विषय हो । यो अचिन्तेय्य छ, अप्रमेय्य छ । जसले यसको चिन्तन गर्न खोज्छ, त्यो उन्मत्त अवस्थामा मात्र पुग्न सकिन्छ; अत्तो पत्तो लगाउनु सकिन्न । कौवाले महासमुद्रको पानी सुखाउने अनर्थ प्रयास गरे जस्तो मात्रै हुन पुग्छ । कुनै व्यक्तिको अध्यासय बुझ्न काम क्लेशान्ध व्यक्तिहरूको क्षेत्र होइन । त्यसकारण आफ्नो क्षमतमाले भ्याउन नसक्ने आफ्नो परिधि बाहिरको विषयमाथि आलोचना र टीका टिप्पणी गर्न खोज्नु उन्मत्तक प्रलाप मात्र हुन पुग्नेछ । आफू स्वयं अन्धो भइरहेको व्यक्तिले अरूहरूलाई पनि अन्धो सम्भे जस्तै हुनजानेछ ।

आफू स्वयं खाल्डोमा परि दुःख भोग्नु परिरहेको व्यक्तिले अरूलाई खाल्डोबाट मुक्त दिने उपायको व्याख्यान गरिरहने जस्तो हुन जानेछ । पहिले आफू स्वयं खाल्डोबाट मुक्त भएर देखाउन सकेमा नै आफ्नो व्याख्यानमा सारनिहित भएको मानिने छ । नत्रभने खालि व्याख्यानले मात्र लंका हाँकिरहनु निरर्थक हुन जानेछ । खाली ढिंढोरा पिट्नु खोखलापन देखाउनु हो । ज्ञानभावको नाङ्गोपन देखाउनु हो । कुनै पनि ठोस निष्कर्षमा पुग्न सक्ने छैन, न त पुऱ्याउन सक्ने नै छ ।

जुन व्यक्तिमा आत्माभिमान बढी हुन्छ; आत्माशक्तिबाट मुक्त हुन सक्तैन, त्यस व्यक्तिले सार तत्वलाई असार सम्भिराख्छ र असारलाई सार । सार तत्वलाई उसले फेला पार्न सक्दैन । त्यो उसको मिथ्यासंकल्प गौचरको प्रमाण हो । सम्यक्संकल्प गौचर उसमा हुन सक्दैन । सम्यक्संकल्प गौचर नभइकन कर्मको खेल



Downloaded from http://dhamma.digital

सम्झन सक्तैन । कर्मको खेलको ज्ञानभावमा सत्त्वप्राणीहरूको गतिको स्थितिलाई टुङ्गो लगाउनाले ठूलो भूल हुने सम्भावना छ । यस प्रकारको भूल गर्नुबाट मानिस सधैं अलग्ग रहनु उचित मानिन्छ । सोचविचारले काम गर्नुबाट नै मानिसको बुद्धिमत्ता झल्किन्छ । बुद्धोपदेश माथि एक्कासी प्रहार गर्नु अत्यन्त भयावह छ । यसले मानिसलाई कहाँबाट कहाँ पुऱ्याइदिन्छ । तसर्थ दृष्टिभ्रम र दृष्टिजालबाट मुक्त हुन खोज्नुमा नै मानिसको अर्थ र लाभ गाँसिएको छ । अन्यथा शिकारीको जालबाट उम्कन खोज्दाखोज्दै झन् झन् त्यसैमा फँस्दै अल्झिँदै गइरहेको चालै पाउन सक्दैन । अतएव पाठक वृन्दहरूले यस "कर्म र मनुष्य" पुस्तक अध्ययन गर्दा यसमा उल्लेखित विषय वस्तुहरूमाथि हलुङ्गो तरिकाले अध्ययन नगरी मामुली से मामुली साधारण से साधारण विषयलाई पनि गहन रूपमा विचार र बुद्धि विवेक पुऱ्याई अध्ययन मनन गर्न र यसबाट सही अर्थ लाभ गर्न सकुन् भन्ने सदाशयता व्यक्त गर्न चाहन्छु । किन भने बुद्ध धर्मको कर्मको विषय हामीले सम्झिराखेको भन्दा अति नै दुरुह छ, अथाह, गम्भीर छ, शूक्ष्म छ, दुर्बोध्य, छ अनि अत्यन्त दुर्दर्शनीय पनि ।

यस पुस्तक पाठकवृन्दहरु समक्ष यसरी प्रस्तुत गर्न भाषा संशोधन जस्तो बोझिलो काममा तथा पुस्तकोपयोगी समालोचनात्मक भूमिका लेख्ने काममा जुन किसिमको सौहाद्रता, लगनशीलता र दिलचस्प देखाउनु हुँदै हे.मा. श्री सुवर्ण शाक्यज्यूले आफ्नो अमूल्य समय र योगदान समर्पण गर्नुभयो, त्यसको लागि वहाँप्रति जति आभार प्रकट गरे पनि थोरै नै हुने छ । वहाँको सहिष्णुता पूर्ण सहयोग विना यो पुस्तकको रूपरेखा अहिलेको जस्तो हुने सम्भावना थिएन । अतः वहाँप्रति आफ्नो हृदयदेखिको साधुवाद समर्पित छ ।

यस पुस्तकको पहिलो संस्करण स्वर्गीय श्री कविन्द्रराज शाक्यको पुण्यस्मृतिमा श्रीमती लेखमाया शाक्य प्रमुख सपरिवारको पुनीत श्रद्धाले पाठक वृन्दहरूको सामू प्रस्तुत गर्न सकिएको थियो । अब फेरि सन्ति सुखावासको तर्फाबाट यो दोस्रो संस्करण प्रकाशित भइरहेको छ । यस धार्मिक पुस्तक प्रकाशन जस्तो धर्मदान पुण्यको आनुभाव प्रभावले सम्पूर्ण दुःखको उन्मूलन अवस्था निर्वाण सुख प्राप्त होऊन् भन्ने हार्दिक शुभेच्छा व्यक्त गर्दछु । यस प्रकारको पुण्य कार्य बेला बखतमा आर्जन भई आफ्नो धर्म, संस्कृति र सभ्यतालाई अक्षुन्न राखी सेवा पुऱ्याउन सकून भन्ने आशा पनि व्यक्त गर्न चाहन्छु ।

विभिन्न अङ्ग जुढेर पनि परिवारको सहिष्णुता, सहानुभूति लगनशीलता, व्यवस्थित व्यवस्था र कार्यपराणता विना पुस्तक यथासमयमा प्रकाशित हुनु असम्भव जस्तो हुन जान्छ । यस दिशामा "नेपाल प्रेस" प्रमुख र वहाँका सहकर्मीहरु नितान्त प्रशंसनीय तथा हार्दिक धन्यवादका पात्रहरु रहेका कुरा व्यक्त गर्दै आफ्नो केही कुरा यहीं टुग्याउन चाहन्छु ।

चिरं तिट्ठतु सद्धम्मो ।
सद्धर्म चिरस्थायी रहुन् ।

**भिक्षु ज्ञानपूर्णिक महास्थविर**
विश्व शान्ति विहार
मीन भवन, नयाँ बानेश्वर, काठमाडौं ।



Downloaded from http://dhamma.digital




# श्रेष्ठ पवित्र श्रोतापन्न

## थःगु खँ

बोधिसत्व सिद्धार्थ गौतम ३५-दँया वयसय् बुद्धगयाया बोधिवृक्ष सिमा क्वय् च्वना सर्वज्ञता ज्ञानयुक्त बुद्ध जुया बिज्यात । न्हेगू सप्ताह तक बोधिज्ञानं पिज्वःगु विमुक्ति सुखया रसपान याना बिज्यात । थःत प्राप्त जूगु अथाह, गम्भीर, दुर्दर्शनीया ज्ञानयात थतुं क्वतुं बिचाःयाना निरीक्षण, परीक्षण व प्रत्यवेक्षण याना बिज्यात । ज्ञानयागु दुर्बोध्य, शूक्ष्म, प्रणीत भावं वस्पोलयात आश्चर्य, अचम्भ व विस्मित स्थिती थ्यंका बिल "थ्व ज्ञानयात थुइकीपिं लोकजनपिं दइगु खःलाथें ! कारण थ्व लोकया प्रजाजनपिं कामगुण आलयरमपि आलयरक्तपि आलयसम्मुदितपि जुयाच्वन । थुजोपिसं थ्व ज्ञान थ्व धर्म बांलाक थुइका काइ मखु ।

अथे नं थ्व लोकय् श्रोतवान् (प्रज्ञा) चक्षुसम्पन्नपिं श्रद्धावन्तपिं नं स्वल्प मात्राय् जूसां दइ तिनि । इमिसं थ्व ज्ञान थ्व धर्म थुइका काइ अवश्यं, उकि जि धर्मया घःचाः चाःहिक वने, धर्मया धिमे धर्मया धाः धर्मया अमृत दुन्दुभि थाः वने । थथे मती लुइके धुंका वस्पालेया पलाः वाराणसीया क्षेत्र ऋषिपतन मृगदावन स्वया न्ह्यात ।

अन वस्पोलं पञ्चवर्गीय श्रमणपिन्त धर्मया घःचाः चाःहीका क्यना बिज्यात । अमृत दर्शनया उपदेश बिया धर्म दुन्दुभि न्यायेका बिज्यात । धर्मयागु घःचाःया वास्तविकता व यथार्थ महिमा थुइका अन्तर्दर्शन दयेके फूम्ह न्हापांम्ह छम्ह श्रमण पिज्वल "गुलि नं समुदय धर्मत खः, इपिं फुकं निरोधधर्म नं खः ।" वस्पोल जुल आयुष्मान कोण्डञ्ञ । वस्पोलयात विरज वीतमल धर्मचक्षु उदय जुल । तथागत सम्यक्सम्बुद्ध अबले अतिकं प्रसन्न, प्रमुदित व भावविभोर जुया बिज्यात । वस्पोलं थःगु हर्षातिरेक उद्‌गार मप्वंकुसें च्वना बिज्याये मफुत, प्वंका बिज्यात-"अहो भो लोकजनपिं, धात्थे हे कोण्डञ्ञं थुइकल , अहो भो लोकजनपिं, धात्थें हे कोण्डञ्ञं थुइकल ।" छम्ह अतुलनीय सम्यक्सम्बुद्धया श्रीमुखं पिज्वःगु त्रिलोक व्याप्त उद्‌गार साधारण व मामुली उद्‌गार थ्व अवश्यं मखु । थुकिया रहस्य व गहनता वं हे जक थुइ, गुम्ह उगु तनय् थ्यने धुनिम्ह खः । आयुष्मान कोण्डञ्ञ श्रोतापत्ति मार्ग व फलय् थ्यंबलेसिगु थ्व तथागतया उद्‌गार खः । थ्व उद्‌गारं हे सी दु, श्रोतापत्ति मार्ग व फलय् प्रतिष्ठित जुया श्रोतापन्न जुइगु धयागु गुजोगु अवस्थाया सूचक खः ।

स्वयं अर्हत् सम्यक्सम्बुद्ध वर्णित श्रोतापन्न आर्य पुद्‌गलया स्तुति छको भीसं थन निम्नः कथं ध्यान बिया अध्ययन मनन याना स्वये । व थथे खः-

"पृथ्वी दुचायेक दुतिना क्वात्तुक हा कया स्थिर जुया च्वंगु इन्द्रकील थां प्यंगू दिशां वइगु वा-फसं संके फइ मखुगुथें मार्गज्ञानं आर्यसत्ययात सीका खंका च्वंम्ह श्रोतापन्न सत्पुरूषयात उगु इन्द्रकील थां समानम्ह सत्पुरूष धका जि तथागतं कना च्वना । श्रोतापन्न संघय् थुगु रत्नया भाव यइपुसे च्वंगु गुणांगत नं प्रणीत जुया च्वन । थुगु सत्यवचनया कारणं सत्त्वपिं सुखी जुयेमाल ।"



Downloaded from http://dhamma.digital

**श्रोतापत्तियंग निथीः**

आस्था बुद्ध-धर्म-संघय्, मजू कम्प नं भ्याः भति ।
आर्यकान्त न्यागू शील, जुइगु सम्पन्न बांलाक ।
धाइ श्रोतापत्तियंग, पूवंगु गुणांग प्यथी ॥

**मेकथंः**

यायेगु संगत सत्पुरूष, न्यनेगु उपदेश धर्मया ।
तयेगु विचाःयोग्य कथं, यायेगु आचरण धर्मया ।
श्रोतापत्तियंग थुपि, पूवंगु गुणांग प्यथी

"गम्भीरगु प्रज्ञा दया बिज्याकम्ह सर्वज्ञ तथागतं सर्वोत्तम रूपं कना तया बिज्याःगु आर्यसत्ययात मार्ग ज्ञान लाभ जुया प्रकट रूपं सीका बिज्यानाच्वंपिं सत्तक्खत्तु परम श्रोतापन्न पुद्गलपिसं सुख ऐश्वर्य कायेका तीव्र रूप प्रमादी जुया च्वंसा नं च्यागूगु जन्म ग्रहण यायेगु स्वभाव मदये धुंकल । श्रोतापन्न संघया रत्न धका सीके फइगु भाव थुगु गुणांग नं प्रणीत जुयाच्वन । थुगु सत्यवचनया कारणं सत्त्वपिं सुखी स्वस्ति जुयेमाल ।"

"श्रोतापन्न पवित्र पुद्गलं श्रोतापत्ति मार्ग ज्ञानं सम्पन्न जुइ धुनेवं छकोलनं सत्कायदृष्टि, विचिकित्सा, शीलव्रत-धर्म स्वंगू लिसें गुलिं गुलिं क्लेशतय्‌त चीका वांछ्वये धुंकल । उम्ह श्रोतापन्न पवित्र व्यक्ति प्यंगू अपाय नं प्रमुक्त जुइ धुंकल । अभिठान धयागु हीनगु स्थूलगु कारण पुचः दोष कर्मयात नं याये अयोग्यम्ह जुइ धुंकल । श्रोतापन्न संघय् रत्नया भाव थुगु यइपुसे च्वंगु गुणांग न प्रणीत जुयाच्वन । थुगु सत्यवचनया कारणं सत्त्वपिं सुखी स्वस्ति जुयेमाल ।"

"श्रोतापन्न पुद्गल शरीरं, वचन वा मनं मभिंगु पाप कर्म उल्लङ्घन याये लात धाःसा नं उम्ह श्रोतापन्न उगु याये लाःगु पापकर्मयात सुचुका तोपुया तयेगु जुइफइमखुत । मार्ग ज्ञान निर्वाण खने धुंकूम्ह आर्य श्रोतापन्नया थःमं यानागु पापकर्मयात त्वपुया तये अयोग्यम्ह जुइ धुंकूगु खँयात तथागतं आज्ञा दयेका बिज्यात । श्रोतापन्न संघय् थुगु रत्नधका सीके फूगुया कारण गुण नं प्रणीतगु खः । थुगु सत्यवचनया कारणं सत्त्वपिं सुखी स्वस्ति जुयेमाल"

थुपिं बुद्ध वर्णित श्रोतापन्न आर्यपुद्गलया स्तुतित भिंछपू परित्राणय् दुथ्याःगु "रत्न सूत्र" य् उल्लेखित स्तुतित खः । गुगु सूत्र चच्छि यंकं मैत्री करूणा पूर्वगामीगु पवित्र चित्तं पाठ याना बुद्ध उपस्थापक आयुष्मान आनन्द स्थविरं बैशाली गणराज्यया त्रिविध भय ( रोग, दुर्भिक्ष व अमनुष्य) यात न्हंका छ्वया वैशालीयात भय विमुक्त क्षेमं प्राप्त याना बिज्याःगु खः ।

थुलिं हे नं श्रोतापत्ति धयागु छु खः , श्रोतापन्न धयाम्ह सु खः सीका कायेत आधारभूत वस्तुस्थिति स्पष्ट जुया च्वने धुंकूगु दु । उकिं थुगु "श्रेष्ठ पवित्र श्रोतापन्न" सफू आकारया दृष्टिं चीधंगु जूसां थुकिया दुने सुलाच्वंगु महत्त्व गुलि ग्यसु ला धयागु विशेष वर्णन याना च्वने माःगु आवश्यक मखना ।

थथे जाःगु रत्न तुल्य सफू पिथना थुगु लोक तोता परलोक भाया दीम्ह ख्याति प्राप्त इन्जिनीयर स्व. श्री कुलरत्न तुलाधरयात असीमित धर्मदान पुण्य तोता श्रद्धाञ्जली प्वंकेगु गुगु प्रशंसनीय ज्या श्रीमती चिनीमाया तुलाधर प्रमुख सपरिवारपिसं याना दिल, व धात्थें महानगु श्रद्धाञ्जली हे खः धका धायेमाः । थुगु



Downloaded from http://dhamma.digital

पुण्यया प्रभावं स्वर्गीय तुलाधरयात व जीवीत सकल सपरिवारपिन्त सम्पूर्ण भव दुःखं विमुक्तगु निर्वाण सम्पत्ति लाभ जुयेमाल ।

थुगु सफू पिथनेगु ज्याय् प्रकाशन परिवार चूलाका बिया वथें माःमाःगु व्यवस्थाया ज्या–खँ मिले याना सारपूर्णगु सहयोग उपलब्ध याना ब्यूम्ह धर्मया केहें अनागारिका उत्पलवर्णा धात्थें साधुवाधया पात्र जुयाच्वंगु दु । वथें थुगु कुशल कार्य याकनं सिद्ध यायेया लागी धुवांधु प्रेसय् वना प्रुफ का वनेगु ब्यू वनेगु व प्रुफ ब्वनेगु ज्याय् समेतं हःपाः व ग्वाहाली ब्यूम्ह श्रामणेर वजिरबुद्धिप्रति अतिकं आभारी जुयाच्वना । लिसें छुं ईया दुने हे सफू पिथना ब्यूगुली 'नेपाल प्रेस' प्रमुख सहित सकल सम्बन्धित प्रेस परिवार नं धन्यबादया पात्र जुयाच्वंगु दु । वय्कपिं सकलसित सहश्र धन्यवाद व सुभाय् देछाना च्वना । अस्तु !

निब्बानस्स पच्चयो होतु !

भाय्ह्यूम्ह
**भिक्षु ज्ञानपूर्णिक**
विश्व शान्ति विहार,
मीन भवन, न्हू बानेश्वर, यें
२०४८ कार्तिक १५



Downloaded from http://dhamma.digital




# मरण दो तये व झी ?

## नित्वाः खँ

### मरण ।

"भिक्षुपि, मरण (सीगु) धयागु छु खः ?" "इपि इपि सत्त्वप्राणीपिनि उगु उगु सत्त्वनिकाय पुचलं गुगु च्यूत जुइगु, च्यूत जुइगुया भाव, भेद जुइगु, लोप जुइगु, मृत्यु वा मरण जुइगु, सीगु, स्कन्धतय्‌गु विनाश जुइगु, लाशयात वांछ्वयेगु, हाकुतिना छ्वयेगु, जीवितिन्द्रिय धयागु प्राणया उपच्छेद जुइगु, छगू छगू याना कू दलिगु दु; भिक्षुपि, उगु उगु उल्लेख याना वयागु स्वभावयात मरण धका धाइ ।"

मरण दुःखय् मरण निथी दु । विनाश क्षण भंग धयागु संस्कृत लक्षण नं मरण खः । थुकीयात उद्देश्य याना जरा मरणयात निगू स्कन्धं रूपयागु जरामरणयात रूपस्कन्धं व प्यंगू (४) नामस्कन्धयागु जरामरणयात संस्कारस्कन्धं, थुकथं निगू (२) स्कन्धं ल्याःचाः यायेमाः धका (भगवान बुद्ध) उपदेश याना बिज्याना तःगु खः । छगू जन्मय् दुथ्याना च्वंगु जीवितिन्द्रियक्रमया उपच्छेद जुइगु त्वाःदलिगु नं मरण खः । थुकीयात उद्देश्य याना "सत्त्वप्राणीपिन्त न्ह्याबलें नं मरण धयागु भयंकर भय दया च्वनी" धका (वस्पोलं) उपदेश बिया बिज्याना तःगु खः । जीवितिन्द्रिय उपच्छेद जुइगु, त्वाःदलिगु धयागु उगु मरण थन अपेक्षित खः । न्हू जन्म जुइगु जातिया कारणं मरण जुइगु, मरण-प्रयोगया कारणं मरण जुइगु, स्वाभाविक रूपं थःथःमं मरण जुइगु, आयुक्षय जुइगु पाखें मरण जुइगु, कर्मशक्ति फुना मरण जुइगु थुपिं नां पुचः नं उगु जीवितिन्द्रियक्रम उपच्छेद जुइगु, त्वाःदलिगु धयागु मरणया हे नां खः । उगु मरणय् पुलांगु जन्मं च्यूत जुइगु च्वःद्यलिगु लक्षण दया च्वंगु दु । स्वापु दुगु सत्त्व संस्कारत लिसे बायेका छ्वयेगु ज्या दयाच्वंगु दु । उत्पत्ति अवस्थायागु गतिं छुटे जुइगु कथं ज्ञानय् अभिमुख जुया न्ह्यचिला प्रकट जुइगु खः । कायिक व मानसिक दुःखया आधार कारणवस्तु जुयाच्वंगु कारणं याना दुःख धका सीके दु । (सब्बे भायन्ति मच्चुनो) धयागु देशनानुरूप दोषं मुक्त मजूपिं न्ह्याम्हं व्यक्ति मरण खना ग्याः । उकथं ग्यानापुसे च्वना अनिष्टगु स्वभाव दुगु जुया नं मरण दुःख खः धका धाये ल्वः जू । उकिं हे क्वय्‌च्वंगु धापू धाये ल्वः जू–

"मरणान्त अवस्थाय् थ्यना च्वंम्ह अकुशल ज्या याइम्ह व्यक्तिं अकुशल कर्म, अकुशल कर्म निमित्त व अकुशलया प्रतिफल अपाय गतिनिमित्तयात त्वाःमदयेक खना च्वनीगु जुया व मरणान्त अवस्थाय् थ्यना च्वंच्वंम्ह कुशल ज्या याइम्ह व्यक्ति प्रिय प्रेमनीयगु वस्तुलिसे स्वापु दुगु बाये माःगुयात सहयाये फइ मखुगु जुया गुगु मानसिक दुःख जुइगु खः;

अकुशल ज्या याइम्ह कुशल ज्या याइम्ह धका ब्वःमथःसे सामान्य रूपं सकलें व्यक्तिपिनि प्रति समेतं प्यपुनिगु, स्वापु स्वाइगुयात कूथलीगु वायुं हृदय आदि मरणया गाःजुया च्वंगु क्षेत्रयात भ्वाः भ्वां सुइगु सास्ति याइगुयात सह यायेगु याये माला प्यपुनिगु स्वापु स्वाइगुयात कूथलेगु आदिया कारणं लुया वइगु वा-प्यपुनिगु स्वापु स्वाइगु आदियागु त्वाःदलिगुया कारणं लुया वइगु सह याये थाकूगु उपचार याये अःपु मजूगु



Downloaded from http://dhamma.digital

गुगु शारीरिक दुःख नं जुइगु खः; थ्व मरण उगु मानसिक व शारीरिक दुःखया आधार कारणवस्तु हे खः। अथे जुया मरणयात दुःख धका हे उपदेश याना बिज्याना तःगु खः।

मरण-धयागु छगू जन्मय् छगू कर्मया कारणं प्रतिसन्धिं निसें कया दिपाः मदयेक लुया वया च्वनीगु प्राण धयागु जीवित नामरूपया छिन्न भिन्न जुया वनेगु स्वभाव हे खः। उकीयात उद्देश्य याना (सब्बे भायन्ति मच्चुनो) "सकलें सत्त्वप्राणीपिं सी खना ग्याः" धका उपदेश बिया बिज्याना तःगु खः। जाति (जन्म) हे मूल कारण दया च्वंगु मरण, (कतः) कुतलं याना जुइगु मरण, स्वभावतः जुइगु मरण आयु फुना जुइगु मरण, कुशल कर्म फुना जुइगु मरण धयागु नं थुगु जीवित नामरूपया छेदक जुइगुया हे नां खः। थुगु मरण जुइगु धयागु नं जीवित नामरूपया विनाश जुइगु भंग स्वभाव मात्र जुया च्वंगुलिं असह्य दुःख ला मखु; अथे नं मरण जुइगु अवस्थाय् वर्तमान स्कन्धकाय लिसें यःपिं व्यक्तिपिं, परिवारपिं, थःथितिपिं, उपभोग याये बहःगु चीज बीजत, थुपिं फुक्कंयात तोता वने मालीगु जुया च्वन। आःयागु दृष्टान्त संसारयात त्याग याना तोता वने मानिगु खनिसा धका कल्पना व चिन्तना याना म्हतिं म्हतिं सत्त्वप्राणीपिं मरण जुइ खना तःसकं तःसकं ग्याना भयभीत जुइगु खः। मरणं लिपा गुजोगु जन्मय् थ्यनीगु जुइथें धका कल्पना व चिन्तना याना नं ग्याइगु, भयभीत जुइगु खः। उकथं ग्याइगु भयभीत जुइगु जूया निर्तिं ग्यानापुसे भयावह जुया च्वंगु जुया निर्तिं (दुक्खं भयट्ठेन-ग्यानापुसे भयावहःगु स्वभावया कारणं याना दुःख धाइगु धापू अनुरूप) मरणयात दुःख धका तथागत सम्यक्सम्बुद्धं उपदेश बिया बिज्याना तःगु खः।

अर्थकथाय् क्यना तःगु ला बांमलाःगु अकुशल कर्म दुम्ह व्यक्तिं सी त्ययेका थःमं याना तयागु अकुशल कर्म, उगु कर्म यानागु इलय्यागु आरम्भण निमित्त, उत्पन्न जू वने मालीगु अपाय भूमिया आरम्भण निमित्तत खने दयेक वइगु कारणं याना मानसिक दुःख फये मालीगु जुयाच्वन। कुशल कर्म दुम्ह व्यक्तिं नं यःम्ह व्यक्ति यःगु चीज पदार्थतय्‌पाखें बायाच्वने मालीगुयात बिचाः याना मानसिक दुःख फये मालीगु जुयाच्वन। सकलें सत्त्वप्राणीपिन्त हे मरणासन्न अवस्थाय् सी त्ययेका रोग वेदनां तीव्र रूपं तच्वतं सास्ति याइगु जूया निर्तिं सह याये मफयेक ग्यानापुसे भयंकरगु शारीरिक दुःख लुया वइगु जुया च्वन। उगु उगु शारीरिक व मानसिक दुःखत मरण जुइगु सीगुयात बःकया लुया वइगु खः। थुकथं भयानक जुया च्वंगु शारीरिक व मानसिक दुःखतय्‌गु कारण जुया च्वंगुलिं मरणयात दुःख धका उपदेश बिया बिज्याःगु जुल।

का स्वयेनु सा, न्हापांगु जाति (जन्म जुइगु) दुःख सुयापाखें नं चिला वनी मखु। निगूगु जरा दुःख, ज्याथः ज्यिथी जुइक तकं म्वाना च्वन धाःसा सुयापाखें नं चिला वनी मखु। न्ह्यवः ई मत्यवं सी माल धाःसा कर्मखोट्टा जू वनीगु। उकीया दथुइ रोग-ब्याधि धयागु दुःख मचामिचा तय्‌त नं जू; ज्याथः ज्यिथपिन्त नं जू। थ्व अस्वस्थ जुइगु, ज्वः वइगु, ल्वचं कइगु, ज्याथः ज्यिथी जुइमा वा ल्यायम्ह ल्यासी; सकसितं जुइगु खः। अनं लिपा सी माःगु मरण दुःख। ख्वात्त स्वात्त सीगुथें जाःगु मरण ला अपायच्वतं सी मदु। सी न, मरण जुइन धायेबले नकतिनि धया वयागु तीव्र रूपं तःसकं ल्वचं कया, ब्याधि धर्म लुया वया सी त्यःगु मरण जुइ त्यंगु जुल धाःसा उम्ह सी त्यःम्ह मरण जुइ त्यंम्ह व्यक्ति सत्पुरूष, भिंम्ह मनू, कुशल कर्म याना तःम्ह जुयाच्वन धाःसा नं "जि ला भिंम्ह तःजिम्ह मनू, सुगति थ्यं हे थ्यनी नि" धका मनं भाःपी फइ मखु। "अहो! — काय् म्ह्याय्‌पिं नापं बाये मालीगु जुल; जिमि छय् छुइचात लिसे बाये मालिगु जुल धका मनय् भाःपिया मनय् धौ-बजि वाला च्वनीगु जुया च्वन। धन थूपिं मनूतय्‌गु दथुइ नं "जि जीवनकाछिं कमे याना तयागु सम्पत्ति, जिगु अंशत बांलाक ज्याय् छ्यलीगु खः ला मखु ला, हाश नाश जकं याना छ्वइगु ला; जिं



Downloaded from http://dhamma.digital

जीवनकाछिं दुःख कष्ट सिया माला तयागु थुपि सम्पत्तित लिसे चिला वने मालीगु जुल" धका भाःपिया शोक जुइका च्वनीगु जुयाच्वन । सत्पुरुष जुया नं छु याये ? थःगु सम्पत्ति बाया च्वने मालीगुली वयाके चिन्ता जुया च्वनीगु । काय् म्ह्याय्‌पिं नापं बाया च्वने मालेगुली वयात शोक जुया च्वनीगु ।

**होश ।**

तःसकं नां दंम्ह भी बुद्धशासन रक्षक सम्राट धर्माशोकयात हे स्वये नु । वस्पोलया काय् महेन्द्र महास्थविर शासन हितकारक अरहन्त, अले म्ह्याय्, संघमित्रा, शासनकारी अरहन्त भिक्षुणी; थुपि काय् म्ह्याय्‌पिसं शासन प्रचार यानावं च्वंच्वन । स्वयं थःम्हं नं जम्बूद्वीप नां दुगु सम्पूर्ण भारतय् प्रशासन चले याना थःगु प्रभावं अभिभूत याना बिज्याना च्वंच्वंम्ह सम्राट, वस्पोलं तकं मरणासन्न अवस्थाय् बैद्यराजं "थ्व अम्बयागु कू छकू नया तइबिज्याहुँ, म्हुतुइ तया तइ बिज्याहुँ" धाःबले वस्पोलयात घाःपाः जुया गुजागु तक शोक फये माल ।

शोकं याना बिचरां "सम्पूर्ण भूमण्डलय् प्रशासन चले याना आधिपत्य कायम याना वया च्वनाम्ह जि जुजु, करोडौं करोड सम्पत्ति त्याग याना दान बी फूम्ह जि जुजु, थुलि तक ऐश्वर्यशालीम्ह जि राजाधिराज सम्राटं अन्तिम इलय् अम्बया कू छकुति जक हे अधिकार काये फइगु जुल का मखुला !" धका मानसिक कथं दुःखी जुया च्वने माल । आः तक ला अम्बया कू छकुति जक जूसा नं अधिकार दया च्वन तिनि, मरण जुया सिना वने धुनेवं तुं उगु अम्बया कु छकुति नं अधिकार दया च्वनी मखुत । गुजोगु लाचार थ्व सम्राट् जुया च्वना नं; गुजोगु बिडम्बना सत्पुरुष जुया च्वना नं !

का आः स्वये नु, मरण दुःख गुलि तक भयंकर व ग्यानापुसे च्वं । सुरक्षायागु व्यवस्था न्ह्यवः निसें हे तयार याना मतल धाःसा सकले सकलेसिनं नं थुजो थुजोगु हे दुःख फये मालीगु जुया हे च्वन । उकिं मरण दुःख हे खः । धात्थे नं दुःख हे खः । अथे जुया थुजोगु दुःखं मुक्त जुइगु उपाय सकसिनं लुइकेगु स्वये माल । थुकिं मुक्त नं जुया हे वने फयेके माल । उपाय थुगु चिकिचाधना नं ग्यसु दुगु सफू बना लुइकेगु कुतः जुइ माल । बर्मेली महाउपासिका दो तयेयात साक्षी प्रमाणया रूपय् न्ह्योने न्ह्यचीका भीपि सकलें नं सतर्क व सजगपि जुइ माल । उकिया निति हे थुगु सफू भीगु न्ह्योने खने दयेक वयाच्वंगु खः ।

थुगु चिकिचाधना नं अतिकं ग्यसु दुगु धर्म संवेग लुइका कायेत गाक्कं तिब बी फुगू सफू थ्व जुया च्वंगु दु ।

थः अनन्त गुणवती जन्मदाता ब्रम्हातुल्य पूर्वाचार्य शिक्षिका मांयात मेगु उपहार चढे यायेगु मेगु छुं लुइके मफया छु याये छु याये जुइका च्वना दीपि सिद्धिधन तुलाधर प्रमुख सकल परिवारपिसं थःपिनि यःम्ह मांयात पुण्य बिया श्रद्धाञ्जली देछायेगु रूपय् पुण्योपहार थुगु सफू पिथना बिया च्वना दिल । थ्व धात्थेंगु पवित्र व प्रणीतगु उपहार हे धाये माल । थुजोगु उपहार देछाना थ्व संसार तोता भाःम्ह मांयात जक मखुसे मरण स्वभाव दुपि मेमेपि आपालं आपालं मनुष्यादि प्राणीपिन्त नं थुकिं गाक्कं गाक्कं उपकार जुइकेगु कुतः वय्‌कपिनिपाखें जुयाच्वंगु दु । थुजोगु थ्व उत्तमगु कुशल पुण्यया प्रभावं वय्‌कपिनि दिवंगत मां ताराशोभा तुलाधरनिसें कया आपालंसित सम्पूर्ण संसार वर्त दुःखया अन्त जुया च्वंगु निर्वाण लाभया हेतु व प्रत्यय थ्व जुयेमाल धयागु सुवाः लिसे साधुवादया पात्रपि वय्‌कपिन्त सहृदयतापूर्वक साधुवाद देछाना च्वना ।

अथे हे प्रेसय् धुवाँधु जुया ग्वाहाली याःपिं अन्तेवासिक शिष्यगणपिनि प्रति जि अतिकं आभारी जुया च्वना । उलि जक मखु नेपाल प्रेसया नायःपिं निसें कया थुगु ज्याय् सहभागी जुया तुरन्त सफू पिथना बीगुली ग्वाहाली याना दीपिं प्रेस परिवारपिन्त नं दुनुगलं निसें सुभाय् देछाना च्वनागु जुल । अस्तु ।

भिक्षु ज्ञानपूर्णिक
२०४९।४।३



Downloaded from http://dhamma.digital




# दुदंगु जीवनया मू

## थ:गु छुं खँ

थुगु "जीवनया मू" सफूया उपदेशक बर्मा (म्यान्मा:) देशया अतिकं नां दंम्ह धर्मकथिक सयादो आयुष्मान ञाणिस्सर (ज्ञानेश्वर) महास्थविर ख: । वस्पोलयात बर्मेलीतय्सं सश्रद्धा गबलें तपइआइँ सयादोया स्मय् सम्बोधन याइगु ख:सा गबलें तएक्वन् सयादोया स्मय् अले हानं गबलें सद्धम्म सीतगु छ्याउँ सयादोया स्मय् नं सम्बोधन याइगु जुया च्वन । तर उकी मध्यय् अप्व:सिनं तपइआइँ सयादोया स्मय् हे म्हसीका त:गु जुया च्वन ।

थुगु सफू भाय् ह्यूम्ह गबले बर्मा लिहाँ वये धुंका ई.सं. १९८१ दँय् हानं न्हापां बर्माय् दुस्व:वनागु ख:; अबले वस्पोल सयादोया ख्याति शिखरय् थ्यना च्वंगु ख: । अबले ख्वा: मनंनिसां सलं छुं भति परिचय दया च्वने धुंकल धायेमाल । लिपा ई.सं. १९८२ दँ पाखे वस्पोल इङ्गलैण्ड थ्यंक बिज्यात; अबले तिनि ख्वा: ख्वा: चूलाका वस्पोलयात म्हसीके दत । बाँलाक हे परिचित जुल । लिक्क च्वना वस्पोलं ब्यूगु उपदेश नं न्यने दत । सकसितं प्रभावित जुइक हे उपदेश बिया बिज्याइगु जुया च्वन । वाक् शक्ति दुथें वचन नं मधुर अले कर्णप्रियगु जुया च्वन । शब्द ध्वनि ओजस्पूर्ण प्रभावोत्पादक नं जू ।

यद्यपि वस्पोलया उपदेशया स्मय्यागु सफूत त:धं चीधंगु याना गाक्कं दये धुंकल; तर अथे नं थ्व चिकिधंगु सफूनिं न्हापागु वस्पोलया उपदेश सफूया स्मय् भाय् हिलेगु कुत: थन जुया च्वंगु ख: । थ्व वस्पोलयात बिया तयागु बचंया छुमा धाये माल ।

थुगु सफुतिं हे वस्पोलयागु उपदेश शैली, उपदेश विधि, उपदेशया लक्ष्य इत्यादि स्पष्ट जुया च्वंगु दु । न्हू पहलं गम्भीर ज्ञानया दर्शन बीगु वस्पोलया उद्देश्य खने दयाच्वंगु दु । सेवा व परोपकारया भावनां वस्पोलया नुग: जाया च्वंगु खने दु ।

प्रत्येक मनुष्य प्राणीया लाभ जुयाच्वंगु मनुष्य जीवनयात च्वन्ह्या:गु, मू दुगु, ग्यसु ला:गु जीवन दयेका कायेगु छन्द, आकांक्षा एवं अभिलाषा पूवंक दया च्वनीगु ख: । थ:थ:पिसं अभिलाषा दयेकाथें थ:गु जीवन निर्माण यायेत, सिद्ध यायेत, सफलता दयेकेत धा:सा थी थी समस्या थी थी कथंया दु:खात्मक, कष्टप्रद, घटनात, बिध्नबाधात, अवरोधत, पंगलत लिसे सामना याना ध्वदुइका च्वं च्वनेमा: । थ्व ला जीवनया स्वभाव हे जुल ।

थुजोगु अवस्थाय् उत्तिकं धैर्य दयेमा:; उत्साह दयेमा:; सह यायेगु क्षमता दयेमा; थ:थ:पिकें शारीरिक व मानसिक दृढ शक्ति दयेमा:; वीर्य शक्ति दयेमा:; उकीयात क्वाक्वातुक सदुपयोग याये स:गु सामर्थ्य दयेमा: । उकीयात हानं स्थिर शान्तगु समाधि घ:कू तया बीत नं दकसिबे मदयेकं मगा:गु स्मृति छ्यलेगु अभ्यास दयेमा: । थुकथं जीवनसार ल्हाती लाकेत मदयेक मगा:गु हलं ज्वलंत तयार याना छपला: यानां निपला: यायां न्ह्यथिंजा:गु बिध्नबाधात व अवरोधत न्ह्योने व:सां लिमच्यूसे दते जुया न्ह्यज्यां वनीम्ह व्यक्ति व वनीपिं व्यक्तिपिं सिद्धहस्त व्यक्तिपिं जुइ फइगु जुया च्वन । इमिं न्ह्योने सफलतां छ्यौं क्वछुक वइगु जुया च्वन ।



Downloaded from http://dhamma.digital

ममू गुलि गुलि सफल जुल, जीवनया मू थाहाँ वन, दुदुन; उलि उलि भं भं सजग व सतर्क जुइमाःगु आवश्यक दयाच्वन । सजग व सतर्क जुया थःगु ज्याया सही सही लेखाजोखा व मूल्याङ्कन यायेगु अले उकीयात पायछिगु दृष्टिं स्वया ज्या याना यंके मफुसे दया वःगु सफलताय् मन्त्रमुग्ध जुया लुब्ध छुब्ध जुया मज्जा तायेका मस्त जुया वन वा च्वन अथवा तुतिं बँय् मचुइक छ्यनं सर्गतय् ध्वयेक धुप्यना तिप्यना धः धः स्वाना सर्गय् थहाँ वनेगु कुत अप्वः जुजुं वन धाःसा ल्हाती लाये धुंकूगु अमूल्य रत्न कतः ल्हाती ला वनीथें थःगु सारगु जीवनं, मू दुगु जीवनं, च्वन्ह्याःगु जीवनं भुगरूं भुगरूं कुतुं वयेका च्वने मालीगु जुयाच्वन । अथे मजुइकेया निर्तिं नं चेतना थना खबरदार यायेगु ज्या उपदेशकं थुगु सफुतिइ नाइक छाइक न्ह्यब्वया बिज्याना तःगु दयाच्वन ।

थःथःपिनिगु जीवन च्वन्ह्याःगु, दुदंगु, सार दुगु, मू वंगु दयेके मास्ते वया कुतः याना नं सफल जुइ मफुपिं व्यक्तिपिनि निर्तिं नं नुगः मछिंका मच्वंसे छाय्, छु जुया, थुकथं सफलता मदुगु लय् धयागु तथ्ययात थःगु चरित्र सम्बन्धी अले वीर्य, समाधि, प्रज्ञा सम्बन्धी कमजोरी व भूलचूकतय्त निरीक्षण परीक्षण व परामर्शन यायेगु हानं उकीयात सदुपयोग याके बी सयेका बीगु थःथःपिनिगु काय, ज्ञान, वीर्यबल शक्तितय्त बेहोश व प्रमादी मजूसे छ्ययेके बीगु लक्ष्य नं थुगु "जीवनया मू" उपदेश सफुतिइ दुथ्यानाच्वंगु दयाच्वन ।

थुगु "जीवनया मू" उपदेश बुद्धवचन पालि अलग पिकया तःगु सुत्तन्त छगूया नां मखु । उगु उगु पालि व अर्थकथा बाँबाँलाःगु विषयतय्त ल्यया ल्यया क्रम हँका कनातःगु उपदेश जक खः ।

उकिं थुगु उपदेशया निर्तिं बःकया तःगु सफूत खः-

१) धम्मपद पालि　　२) धम्मपद अट्ठकथा　　३) अंगुत्तर पालि
४) सुत्तनिपात पालि　　५) सीलक्खन्धवग्ग पालि　　६) जातक अट्ठकथा (चतुर्थ)

थुगु सफू ब्वःमिपिनिगु ल्हाती लः ल्हाये दुगु मेता कारणं मखु; स्वर्गीय श्री हर्षदास तुलाधरजुया सुपुत्रीपिनिगु सश्रद्धां याना खः । परलोक जुया भाःम्ह अनन्त गुणवान जन्मदाता बौयाप्रति सारपूर्णगु रूपं पुण्य मुंका उगु पुण्य इना बिया श्रद्धाञ्जली दे छायेगु मनं तुना वय्‌कपिसं थ्व चिकिंचाधंसां नं दुदंगु, सार युक्तगु, ग्यसु लाःगु, मू दुगु सफू धर्मदानया रूपय् पिथना दिया च्वंगु खः । उकिं वय्‌कपिं सकलें सुभाय् व साधुवादया पात्रपिं जुया च्वना दीगु दु । थुगु धर्मदान रूपी सर्वदान विजित दानया प्रभावं स्वर्गीय श्री हर्षदास तुलाधरजुया फुकं दुःखया कारण आश्रव क्षय जुयाच्वंगु निर्वाण सुख लाभ जुयेमाल । वथें तुं मेमेपिं सकल सत्त्वप्राणीपिन्त हित सुखया कारण थ्व जुयेमाल ।

थुगु सफू पिथनेगु ज्याखँय् सहभागी जुया ग्वाहालि ब्यूपिं अन्तेवासिक शिष्यगणपिं वथें तुं हे इलय् लाक्क सफू पिथनेया निर्तिं संलग्न जुया दीपिं नेपाल प्रेसया नायःपिं प्रमुख प्रेस परिवारपिन्त दुनुगलं निसें आभार पूर्ण साधुवाद व सुभाय् देछाया च्वनागु जुल ।

**भिक्षु ज्ञानपूर्णिक**
विश्व शान्ति विहार
मीन भवन, न्हू बानेश्वर, यें । २०५९/४/९



Downloaded from http://dhamma.digital



# न्हूगु परित्राण निश्रय

## समर्पण

गुम्ह शील, समाधि व प्रज्ञागुणं सम्पन्न, "छट्ठसंगीति भारवाहक संघ समिति" महासचिव ,विज्जालंकार महाविहाराधिपति, अनन्त गुणवान, अग्गमहापण्डित भद्दन्त विसुद्धाभिवंस महास्थविरं जित न्हापांगु प्रवजित जीवन जक मखुसे बुद्धशासनया अनुपम अमूल्य शिक्षामय जीवन हनेगु निंतिं तकं पितृस्नेह प्वंका सारपूर्ण सम्पत्ति बिया थःगु कर्तब्य पूवंका बिज्यातः उम्ह आयुष्मान परमपूज्य नित्य प्रातः अभिवन्दनीय थुगु सफू रचनाया प्रमुख प्रेरक श्रोत स्व. उपाध्यायाचार्य प्रति सादर समर्पण !!

## लिसा

अभय व सुखकामी मानव समुदायं थःगु जीवनय् न्ह्याकथं जूसां भय व दुःख मुक्तिया कामना याना च्वनीगु खः । उपद्रव व विपत्ति लिचिला च्वनेगु चाहना दयेका च्वनीगु खः । त्राण वा रक्षा दयेका च्वनेगु सकसियां अतिकं यः । आर्शीवाद व वरदान फये दत कि सकले लय्ताः । लुधं फुधं ।

सर्वसाधारणं थः नाला याना च्वनीगु धर्म कथं धाल धाःसा संसारय् भयं मुक्त जुया वर प्राप्त याये निति हे धर्म यायेगु दया वःगु खँ बुद्ध-वचनं नं छुं कथं पुष्टि याना च्वंगु दु ताः । गथे कि "निस्सन्देह आपालं मनूत पर्वत , वन,उद्यान,आराम ,वृक्ष, चैत्यादिया शरणय् वनीगु भयं तर्जित जुया खः । तर थुपिं क्षेत्रत व स्थलत भय रहित क्षेम प्राप्तगु , उत्तमगु शरण मखुः थुमिगु शरण कया धका सम्पूर्ण दुःखं मुक्त जुइगु अवश्यं मखु ।"

बुद्ध-वचन कथंयागु भय रहित क्षेम युक्तगु उत्तमगु शरण व सम्पूर्ण दुःख मुक्त जुइ दइगु क्षेत्र ला बुद्ध, धर्म, व संघ त्रिरत्नया शरणय् वनेगु , सम्यक् प्रज्ञां बांलाक दुःख सत्य, दुःख प्रभव कारण समुदय सत्य, दुःख निरोध व अतिक्रमण जुया च्वंगु निरोध सत्य अले दुःख शान्त जुइकीगु पाखे न्ह्यावना च्वंगु च्याता अंगं पूवंगु मार्ग सत्ययात सीका खंका च्वनेगु खः ।

थुगु "न्हूगु परित्राण निश्रय"-य् उल्लेख जुया च्वंगु भिंछपु सूत्रयात क्वथीक, दुग्ययेक ग्यसुलाक, दुथ्यंक दुचायेक , चिन्तन मनन, निरीक्षण परीक्षण , अध्ययन व वीमंशन याना यंकल धाःसा च्वय् उल्लेखित बुद्ध-वचन कथंयागु तथ्यतय्गु अनुकरण, अनुशरण व अभ्यासं रोग, भय, दुःख, उपद्रव विपत्ति, दुःस्वप्न, दुर्मंगल अमनाप स्थितिं मुक्त जुइ दइगु स्पष्ट जू ।

गुपिं व्यक्तिपिसं थ्व खँयात स्वीकार याना आस्था व सही ढंगयागु विश्वासं थःथःपिनिगु जीवनयात धालय् याना छ्यला यंकी; इमिसं उकीयागु सुफल सुपरिणाम सांदृष्टिक रूपं अनुभव याये दया, गुपिं थुकिया विपरीत दिशाय् न्ह्यावनी, इपिं अवांछित दुष्परिणामं क्वचीका च्वने मालीगु अवश्यम्भावी जुल ।

रोग, दुःख, भय, त्राश ,विपत्ति, उपद्रवप्रति घृणा तायेका सुखया अभिलाषा तया च्वनीपिं मानवपिन्त



Downloaded from http://dhamma.digital

सम्यक् मार्ग यथार्थ पद्धति अवबोध जुइकेगु मनसायं थुगु "न्हूगु परित्राण निश्रय" सफू बर्मेली (म्यान्माः) भाषां भ्रीगु थःगु नेपाल भाषाय् हिलेगु कुतः जूगु खः । थुगु ज्या न्हापां छुनाबले विशेष उत्साह व प्रेरणा प्राप्त जूगु खः ध्यानगुरू अववादचार्य सयादो ऊ. पण्डिताभिवंस महास्थविरपाखें । अबले जि वस्पोल नाप नापं "विपश्यना ध्यान शिविर" संचालनया सिलसिलाय् मलेशिया,सिंगापुर,अष्ट्रेलिया व अमेरिका पाखे वस्पोलया हे सहयोगी जुया वना च्वनागु ई खः । ध्यान शिविर सम्बन्धी न्हिथंया ज्या-भ्रवः फ्वचालेवं दुगु ई सितिं मछ्वःसे इलं ब्युक्व ब्युक्व थुगु सफूया भाय् हिले ज्या छुना यंका । न्हापां न्हापां ला थ्व सफूया भाय् हिले ज्या अति हे दुरूह ताया वःगु जुया म्हालं धका तकं धायेमाःथें च्वना वःगु खः; अथे नं अबले. वस्पोल सयादोयागु प्रदत्त हौसला, उत्साह व सत्प्रेरणां याना थुगु ज्या बुलुहूँ बुलुहूँ न्ह्याका पूवंका यंके फत । गुकिया सुफल व सुपरिणाम थौं ब्वमि श्रद्धालुपिनि न्ह्योने ब्वये दया च्वन ।

थुगु सफुति गुलि नं ग्रन्थ उद्धरणत दुः; व फुकं बर्मेली छट्ठ संगायन आरूढ संस्करणयागु पालि, अट्ठकथा व टीकादिया उद्धृत पौल्याः कथं जुया च्वंगु दु । अले छुं भति कथं थुगु हे सफूया पौल्याःत प्रयोग याये माःमाःथासय् प्रयोग जुया च्वंगु नं दु । जिके देवनागरि मुद्रित नालन्दा पालि संस्करणत मदुगु व नालन्दा संस्करणय् पालि त्रिपिटक बाहेक पूर्ण रूपं अट्ठकथा व टीका संस्करणत उपलब्ध आःतक मजूनितिनिगु तथा थःगु अध्ययन क्षेत्र नं बर्मेली लिपि कथंयागु अप्वः जूगु जुया ब्वंमिपिन्त थुकि छुं छुं असुविधाया अनुभव जूवने फयेफु । उकिया लागी जिगु बाध्यतायात नुगलय् थना क्षम्य जुइ धयागु आशा दु । शुद्धाशुद्धप्रति नं फयां फक्व मद्वनेमाः धका विशेष होश तयेगु कुतः जूगु खः; तर अथे जुइक जुइकं नं गनं गनं सच्चे याये माःगु स्थिति मुक्त जुइ मफूगु नं दया च्वंगु दु । सूत्रया नां त गनं पालि कथं हे च्वना गनं संस्कृतिकरण जूवना च्वंगू नं ब्वमि विद्वज्जनपिसं खंका काये फु । थुकी भाय् ह्यूम्हसिया पाखेंयागु प्रमादवश जूगु त्रुटि व गनं गनं बाध्यता धका हे भाःपी माली ताः ।

इलय् ब्यलय् धर्म खँ न्यनेगु मंगल विषयय् भगवान् बद्धं अनुज्ञा बिया बिज्याना तःगु दि कथं लय् च्याकेया बारे थुगु निश्रय सफुति "पंचमी , अष्टमी , चतुर्दशी , पुन्ही कृष्णपक्ष व शुक्लपक्ष धका सामान्य कथं जक क्यना तःगु दु । दि मगाःगुथें च्वना च्वंगु दु । उकी गबलें गनं गुगुं थासय् प्रतिपदा व गबलें गनं गुगुं थासय् एकादशीयात पुण्य पर्व तिथि कथं माने यायेगु चलन दु । अथे प्रदेश व समाजया मान्यता कथं छि छि कथं काये मालीबले निश्चित रूपं उल्लेख याये मछिथें च्वंगु जुया थन स्पष्ट व्यक्त याना मतःगु जुइमाःथें च्वं । धात्थे ला दि उलि महत्वपूर्ण मखु । गुगु खँ थुगु हे सफुति स्पष्टं उल्लेख दु । अनुकूल अवस्था चू लाइगु हे धर्मश्रवणया मंगल विषय जुलः अले उकिया पाखें पिज्वइगु बांलाःगु लिच्वः ।

शंकास्पद जुइ फूगु जुया अप्रासंगिकथें च्वंसा स्पष्टताया लागी थन उल्लेख याना च्वना । "साधुवाद" थुकी संकेत ब्यूगु ब्वमिपिनिगु नितिं जू वंगु जुया अति हे बांलात ।

थुगु सफू पिथनेत भति भति आर्थिक सहयोग गाःगु मखु । श्रद्धां पिज्वयेके माःगु आर्थिक संकलनया तःधंगु भार दु । थुगु ज्याय् भ्याः भति हे निराश मतायेकुसे अथक परिश्रम याना श्रद्धालुपिनिगु नुगः नायेका श्रद्धा ब्वलंका बीगुली अतुलनीय सहयोग ब्यूम्ह केहें अनागारिका उत्पलवर्णायागु अमूल्य योगदान अति हे सराहनीय जुया च्वंगु दुः अथे हे सद्धर्म ह्यःपिं श्रद्धालुपि नं । स्वदेशी विदेशी सकल बुद्ध-शासन उन्नति वृद्धिकामी श्रद्धालुपिनिगु हि चःतिया चिं थुकी दुथ्याना च्वंगु दु । व श्रद्धावन्त दातापिनिगु धल-पति क्यनाच्वंगु दु ।



Downloaded from http://dhamma.digital

अले थुगु सफूया महत्व व उपादेयता वृद्धि यायेगु ज्याय् ग्यसु दुगु च्वसु भूमिकाया थःगु हे थाय् दु । थुगु क्षेत्रय् सहोदर आयुष्मान सुदर्शन महास्थविरं थःगु व्यस्त व अस्वस्थ अवस्थायात हे च्यूता मकाः से जःगु तीक्ष्णगु च्वसुं सारगर्भित "साधुवाद" भूमिकाया रूपय् तपं तया थुगु सफूया आकर्षण वृद्धि याना बिज्याःगुली वस्पोलप्रति अतिकं आभारी जुया च्वनागु दु ।

लिसें प्रेस सम्बन्धी प्रुफ् ब्यूवनेगु कावनेगुथें जाःगु उसिमुसि धायेकीगु म्हाइपुगु ज्या-खँय् भ्याः भति हे थाकू पहः मक्यंसे धुवांधु इरूथिरू जुया ग्वाहाली यायेगु व प्रुफ समेतं ब्वना सहयोग बीगुली श्रम व ई ब्यूपि सब्रह्मचारी व शिष्यगणपि विशेषतः भिक्षु बोधिज्ञान, श्रामणेर वजिरबुद्धि व निग्रोधपि अले भिचा प्रकाश बज्राचार्यपि धात्थें प्रसंसा व सुभाय्या पात्र जुयाच्वंगु दु । अथे हे "नेपाल प्रेस" या नायःपि, अभिन्न अंग श्री मित्रमानजु सह सकल सम्बन्धित प्रेस परिवारपिनिगु बहुमूल्य सहयोग अतिकं अतिकं हे उपकारक सिद्ध जुया च्वंगु दु । उकिं सकल सकलसितं दुनुगलं निसेंया सुभाय् व साधुवाद दु ।

वस्तुतः थुगु "न्हूगु परित्राण निश्रय" सकल नेपाःमि बुद्ध-शासनानुयायी धर्मगरूक विशुद्ध धर्मप्रेमीपिनि निति छगू अनर्घ ग्रन्थरत्न खः । थुगु ग्रन्थरत्नया सही मुल्यांकन याना यथार्थ महत्व थुइका थुकिया पाखें थःगु विपन्न जीवनयात सम्पन्न यायेगु शिक्षा लाभ याये फत धाःसा भाय् ह्यूम्हसिया कुतः सार्थक जुया नुगः सिच्चुसे व यच्चुसे च्वंके दइ ताया ।

थुगु परित्राण आरक्षाद्वारा दुःख प्राप्तिपि निःदुखी , भय प्राप्तपि निर्भयी, शोक प्राप्तपि निःशोकी जुयेमाल ! सकलसितं सर्वमंगलं परिपूर्ण जुयेमाल ।

भाय् ह्यूम्ह
**भिक्षु ज्ञानपूर्णिक**
विश्व शान्ति विहार
मीनभवन, न्हू बानेश्वर, यँ
२०५०/७/१६



Downloaded from http://dhamma.digital




# जीवनको सफलतातिर अगाडी बढ

## दुई शब्द

पाँच छ वर्ष अगाडिको कुरा थियो । बर्मा (म्यानमाः) बाट मलाई मेरा हितैषी दाताहरूले धर्म सम्बन्धी केही नयाँ पुस्तकहरु पठाइदिएका थिए । त्यस मध्येमा पहिले मैले यो पुस्तिका हातमा लिएँ । लेखकको नाउँसित म परिचित थिएँ । उहाँले बुद्ध धर्म सम्बन्धी थुप्रै पुस्तकहरु लेखिसकेका थिए । उहाँका पुस्तकहरु विभिन्न दृष्टिकोणले घतलाग्दा र ज्ञान प्रवर्द्धक हुन्थे । धर्मसम्बन्धी भएता पनि उहाँको लेखनमा आधुनिकता झल्कनुका साथै धर्मको मर्मलाई उहाँले सरलताका साथ गहन रूपमा प्रस्तुत गर्ने गर्नु हुन्थ्यो र प्रभावकारिता पनि त्यत्तिकै रहन्थ्यो । किनभने उहाँले बुद्ध धर्मलाई पुस्तकीय अध्ययन ज्ञानमा मात्र सीमित नराखी आफ्नै प्रत्यक्ष अभ्यास र अनुभवद्वारा समेत राम्ररी अनुसन्धान , अन्वेषण र गवेषणबाट बुझिसकेका थिए । ती कुराहरु पाठकवृन्दहरूले यो पुस्तिका पढ्ने बित्तिकै थाहा पाइसक्नु नै हुनेछ ।

त्यसैले मैले यसलाई ध्यानपूर्वक गहिरिएर पढ्दै गएँ । मलाई एकदम यसले तान्दै लान थाल्यो । आद्योपान्त पढिहालेँ । मलाई यसले दिलचस्पी मात्रे दिन लागेको थिएन अति महत्वपूर्ण उपयोगी र गरिमामय गुणयुक्त रहेछ भन्ने प्रभाव पनि दर्शाइहाल्यो । मनमा तुरन्त यस्ता पुस्तक बौद्ध या अबौद्ध सबै आफ्ना नेपाली दाजु भाई दिदी बहिनीहरूको निमित्त पनि नभई नहुने रहेछ भन्ने भावना उब्जन थाल्यो । भाषा परिवर्तन गर्ने कुटकुटी लागि हाल्यो र भाषा परिवर्तनतिर लागिहालेँ पनि । आँखाको असुविधाले गर्दा एकैचोटि सिध्याउन त सकेन । बिस्तारै फुर्सदमा लेख्न लागी नै रहेँ । खेस्रा रूपमा सिद्धियो पनि । छ सात महना अगाडि श्रद्धालु सुश्री मनोहरा देवी शाक्य उपासिकाले आफ्नी स्वर्गीय आमाको पुण्यस्मृतिमा सारयुक्त एउटा पुस्तक छाप्न पाए हुन्थ्यो कि भन्ने आशय व्यक्त गर्नुभयो । मैले त्यही पाण्डुलिपी एकचोटि पढेर हेर्न उहाँको हातमा सुम्पिदिएँ । पढिसकेपछि उहाँलाई चित्त बुझिहाल्यो । आफ्नै प्रेसमा कम्प्युटरद्वारा प्रुफ निकालेर उहाँले मेरो हातमा राखिदिनु भयो । जसको परिणाम स्वरूप अहिले यो पुस्तिका तपाइँको हातमा समेत पर्न लागेको छ ।

विश्वास छ, यस पुस्तिकाले तपाइँलाई पनि जीवनको सफलता तिर अगाडि बढाउन निक्कै मद्दत पुर्‍याउने छ र लाभान्वित पनि हुनसक्नेछ ।

नेपाली भाषामा त्यतिको दखल नभएको कारणले यसलाई परिमार्जन गरिदिन दरबार हाइस्कूलका प्रधानाध्यापक श्री सुवर्ण शाक्यज्यूको सहयोगको हात मागेँ । आफ्नो अति व्यस्ततामा समेत येन केन प्रकारण समय निकाली उहाँले यसलाई परिमार्जिन र परिष्कृत पारिदिनुभयो । अतः उहाँ प्रति म अत्यन्त आभारी छु । संशोधित खेस्रा पाण्डुलिपिलाई आफ्ना शिष्य श्रामणेर वजिरबुद्धिले प्रेसमा पढाउन लायक हुने गरी साफि पाण्डुलिपी तयार पारिदियो । तसर्थ उनीप्रति म आफ्नो मैत्रीयुक्त साधुवाद व्यक्त गर्न चाहन्छु । त्यति मात्र नभई प्रुफ पढ्ने काममा सघाउने मेरा अर्का शिष्यहरु भिक्षु बोधिज्ञान, श्रामणेर निग्रोध र धर्म बहिनी अनागारिका उत्पलवर्णाप्रति पनि आफ्नो शुभेच्छा र आर्शीवाद पोख्न चाहन्छु ।



Downloaded from http://dhamma.digital

अनि आफ्नै स्वर्गीय आमाको पुण्यस्मृतिमा श्रद्धापुष्प चढाउन यसरी धर्म पुस्तिका प्रकाशन गर्नुका साथै आफ्नै प्रेसमा मेहेनतले छाप्न लगाई धर्मदान पुण्य संचय गर्ने प्रकाशक परिवारप्रति जति साधुवाद, आभार प्रकट गर्न खोजे पनि अपुग नै रहने कुरा सर्वविदित नै रहेको छ । उहाँहरूको सम्यक छन्द अनुरूप यस महान धर्मदानको पुण्यको विशुद्ध प्रभावले स्वर्गीय श्रीमति रत्नदेवी शाक्यलाई यो पुण्य प्राप्त भई सहर्ष अनुमोदन गर्नुद्वारा उहाँको भविष्य जीवनको सफलताको साथै निर्वाण सम्पत्ति समेत उहाँलाई लाभ होस् र सम्पूर्ण सांसारिक दुःखको भवसागरबाट उत्तीर्ण भई सर्वोत्तम परम शान्ति प्राप्त होस् भन्ने शुभकामना र प्रार्थना संगै यो दुई शब्द यहिं टुंग्याउन चाहन्छु । अस्तु ।

इदं नो पुञ्ञं निब्बानस्स पच्चयो होतु ।
हाम्रो यस पुण्य (सबैको) निर्वाण प्राप्तिको हेतु र प्रत्यय बनोस् !

Dhamma.Digital

**भिक्षु ज्ञानपूर्णिक (धम्मचरिय)**
विश्व शान्ति विहार
मीनभवन, नयाँ बानेश्वर,
२०५२ चैत्र २१



Downloaded from http://dhamma.digital

# महान धर्मचक्र सूत्रोपदेश




'सन्ति सूखावस' या मू उद्देश्य फूचा कथं बुद्धोपदेश प्रचार प्रसारया निति भीगु देशय् अभाव जुया च्वंगु सफूत छसिकथं पिथना बुद्धवचन ग्रन्थत प्रकाशय् हयेगु खः ।

थुगु उपाय् विशेषतः ग्वाहालि जुया च्वंगु कथं म्यान्माः देया अतिकं ख्याति प्राप्तम्ह विश्वय् जनं दजन बिज्याकम्ह 'छट्ठसंगीतिपुच्छक अग्गमहापण्डित परमपुज्य महोपकारक महाशी सयादो महास्थविर पाखें व्याख्यात्मक व विश्लेषणात्मक ढंगं धर्मदेशना याना बिज्यायेगु रूपय् प्रतिपादन जुया च्वंगु महान धर्मचक्र सूत्रोपदेश स्मृतिप्रस्थान विपश्यना भावनायात कार्य क्षेत्रय् न्ह्यच्वका यंके फइगु तरीकां वस्पोलं तथागतं गुकथं निर्देशन बिया बिज्याना तःगु दु धइगुयात समेतं कुला उला गम्भीर रूपं ग्यसु दयेक कना बिज्याना तःगु सफू समेतं कुला उला गम्भीर रूपं ग्यसु दयेक कना बिज्याना तःगु सफू जुयाच्वन । उकीयात मूल उपदेश लिसे फयां फक्व सत्तिक च्वना विषयभाव व अर्थ ब्यञ्जनभाव मस्यंक भाय् हिलेगु कूतः याना भीगु थःगु मांभासं वस्पोल भिक्षु ज्ञानपूर्णिक महास्थविरं भीगु न्ह्योने न्ह्यब्वया बिज्यात । उकिं थ्व सफू थौं छिगु (छःपिनिगू ल्हाती थ्यना च्वंगु जुल ।

वस्पोल स्थविरं थ्व सफू थःगु विदेश धर्मदूत सेवक जुया ज्या याना बिज्याना च्वंगु यात्राया अवस्थाय् देशं पिने च्वना नं थःगु मांदेयागु सेवा यायेगु कथं इलं ब्युब्युबले परिस्थिति भाय् ल्हाः ल्हाः बले ईयागु महत्वयात थुइका उकीयात सदुपयोग यायेगु कथं व थःगु देयात आध्यात्मिक व धार्मिक ग्यसूलाःगु उपहार बी फयेकेत धका थःगु ल्हाती दुगु अमूल्य रत्न समानगु सम्यक्सम्बुद्ध तथागतयागु बोधि प्राप्ति तुरून्त लिपा अले दकसिबे न्हापां थःमं लुइकाःगु ज्ञानया घोषणा यासे धर्मया धाः थायेथें च्वंक हे देशना याना बिज्याःगु 'धम्मचक्कप्पवत्तनसूत्त' उपदेशया भाय् हिले ज्या याना बिज्याना तःगु रूपय् पिथना तःगु सफू जुयाच्वन ।

अनुभवया परिप्रेक्षं स्वयेगु खःसा थुजोगु सफू भीथें जाःगु घलमल पञ्चक्वाःया धर्मया संस्कारं भय् बिया अबुं मस्यू ब्वाजुं मसीका च्वंगुं देशय् च्वंपिं जनपिनिगु निंतिं आलु धाःगु ला पालु धाःगु ला जुया च्वनीगु असम्भव मखु । थुकी पञ्चक्वाःया सवाः मखुसे सर्वरसयात त्याके फुगु शुद्धगु धर्मरसं बिलि बिलि जाया च्वंगु खँ धात्थेपिं साक्षात्दर्शी प्रत्यक्षकर्ता शुद्ध बुद्ध श्रावकपिसं ध्वाःथुइके फइगु जुयाच्वन । पत्याः मजुसा निरीक्षण परीक्षण अनूसन्धान व अन्वेषण याना यंकेफु । तर छुयाय्, भिक्षु सुदर्शन महास्थविरं थःगु दुदंगु भूमिकाय् खंका बिज्याना तःगु विष्मयकारी भावनाया शब्द तरंगय् दुवाला अर्थावभास पिकायेगु क्षमता व दक्षता हीनपिं जनपिसं उगु छगु मात्र सवाः दुगु धर्मरसयात गबलें थुइके फइगु जुइ ? दँनं दँया परिश्रम अत्यावश्यक तिनि इमिगु निंतिं : व खँ थुइकेत जक मखु खालि महसुस जक यायेत नं । अथेसां सूर्यया जःतकं मदूगु थासय् चिकँ मतःया जःजक जुसां क्इना बीगु छुं खंकेत अवश्यं तिबःजू वनीगु खः । अथे जुया न्ह्याबलें छुं मसीक ख्यूंका बिया तयेगु उचित मखुगु जुया चिकँ मतः जक च्याका जूसां छुं भति जः काये सःपिं जुइ ला धइगु



Downloaded from http://dhamma.digital

आशं थुगु सफू पिथनेगु साहस याना च्वनागु खः । थुगु सफू ब्वना अभ्यास याना सूर्यया जःहे काये फुसा तु अहोभाग्य हे सम्भे जुइ दइगु जुल ।

थुगु सफू पिथनेत माःगु अनुदान याना बिज्याःपिं अत्यन्त प्रबल व स्वच्छगु हृदय घाना बुद्ध-शासनयात चिरस्थायी याना लोकोपकार यायेगु भावना ज्वना थःगु देशय् जक मखुसे बूद्ध जन्मभूमि देश प्रदेशय् नं उतें ग्यंक जग स्वनेगु श्रद्धा दुपिं मलेशियन परिवारपिं जुयाच्वन । वय्क अनिमित्त उपासक परोपकारय् न्ह्यबलें ल्हाः व पलाः न्ह्यावंम्ह जूयाच्वन । परया सेवा हे थःगु सेवा भाःपी फुम्ह व सःम्ह नं जुयाच्वन । विशेषतः बुद्ध-शासनया सेवा परमोत्तम सेवा भाःपीम्ह जुया शासनिक कार्य क्षेत्रय् दूगु वय्कया परिवारपिनि श्रद्धा अतुलनीय धाःसां अत्युक्ति जुइ मताः । छाय् धासा थुगु ग्वाहाली व अनुदानय् वय्कपिन्त व वय्कपिनि देयात छुं नं दइगु आशा कायेथाय् दुगु मखुः खालि नेपाःमि व नेपाः देयात बाहेक । थःगु छप्ति स्वार्थया निंति न्ह्याग्गूं यायेत तयारगु थ्व युगय् छु वय्कपिनिगू चेतना थ्व दृष्टि अतुलनीय मजू ला ? उकिं वय्कपिन्त आपालं आपालं सूभाय् व आभार प्वंका च्वना ।

थुगु सफू प्रकाशनय् हयेत मेमेकथं हःपाः व सहयोग ब्यूपिं नं आपालं दुगु जुल । वस्पोल वय्कपिं सकलसितं दुनुगलं निसें साधुवाद देछाया च्वना ।

थुगु पुण्यं सकलसित परमोत्तम शान्तिपद प्राप्त जूइमाः !

**शान्ति सूखावास**
२०५२ आश्विन २०
चाकु पाट, यल ।

Dhamma.Digital



Downloaded from http://dhamma.digital




# प्रतीत्य समुत्पाद महान उपदेश- भाग १

## दुई शब्द

बुद्धशासनको आधारभूत सिद्धान्त "प्रतीत्य समुत्पाद" हो । यस विषयलाई बुझ्न कत्तिको गाह्रो छ भन्ने कुरा बुद्ध-वचनबाट नै हामीले महशुस गर्न सक्छौं । बुद्धत्व प्राप्ति पछि भगवान् बुद्धले आफूले बोध गर्नु भएको बोधिज्ञानको निरीक्षण परीक्षणको साथसाथै त्यसबाट पाइने विमुक्तिसुखानुभूतिको अनुभव गर्नुहुँदै सप्त-सप्ताह बोधिवृक्ष र त्यस्को वरीपरिको स्थलहरूमा बिताउनु भयो । गहन चिन्तन मननमा डुबुल्की मार्नु भयो । धर्मसमुद्रको गहिराइमा डुबी अमूल्य रत्नको अनुसन्धानमा तल्लीन हुनुभयो । सप्त-सप्ताह पछि हस्तगत धर्मको गम्भीरतालाई केलाउनु हुँदै जुनबेला वहाँले आफूले पाएको धर्मको आख्यान गर्नको निमित्त विचार गर्नु भएको थियो, त्यसबेला वहाँले व्यक्त गर्नु भएको कथन बडो मार्मिक किसिमको थियो । मार्मिक मात्र नभई वहाँ जस्तोलाई समेत केही कदसम्म पछि हट्न बाध्य तुल्याउने खालको देखापर्न आएको देखिन्थ्यो । वहाँ तथागतको त्यो कथन निम्नः प्रकारको थियो-

किच्छेन मे अधिगतं; हलं दानि पकासितुं ।
रागदोसपरेतेहि; नायं धम्मो सुसम्बुधो ॥
पटिसोतगामिं निपुणं; गम्भीरं दुद्दसं अणुं ।
रागरत्ता न दक्खन्ति; तमोक्खन्धेन आवुटा ॥

अर्थात्– "मैले बडो कठिनताका साथ यो धर्म (यो कार्य कारण सम्बन्ध जोडी उत्पन्न हुने प्रतीत्य समुत्पाद धर्म) अधिगत गरें । तर अहिले यस धर्मलाई प्रकाश गर्नु उपयुक्त होला जस्तो लाग्दैन । किनभने रागद्वेषहरूले पीडित जनसमुदायले यो धर्म राम्ररी बुझ्नसक्ने छैन । त्यति मात्र होइन, यो धर्म प्रतिश्रोतगामी छ; निपुण छ; गम्भीर छ; दुर्दर्शनीय छ; अणु परमाणु तुल्य सूक्ष्म छ; रागले रक्त आरक्त व्यक्तिहरूले तमस्कन्धद्वारा बेरिराखेको कारणले यो धर्मलाई देख्ने नै छैनन् ।"

यसरी यो प्रतीत्य समुत्पाद धर्मको बारेमा भगवान् बुद्ध स्वयंले आफ्नो स्पष्ट धारणा राख्नु भएको पाइन्छ । भगवान् बुद्धका असाधारण गुणहरु मध्येमा समावेश भएको एउटा विशिष्ट गुण हो "लोकविदू" । यसको व्याख्यामा पनि ग्रन्थमा उल्लेख गरिराखेको छ- जसलाई लोक विदित छ; जसले लोकहरूलाई जानेको छ; त्यो "लोकविदू" हो । लोक विशेषतः ३ प्रकारले विभाजित छ । जस्तो कि :- ओकासलोक, सत्त (सत्त्व) लोक र संङ्खार (संस्कार) लोक । सम्पूर्ण विश्व जुन शून्य व्योममा स्थित छ; त्यसलाई ओकासलोक भन्दछ । त्यसमा प्राणीहरु विद्यमान रहेकोले ती प्राणीहरूलाई सत्त (सत्त्व) लोक भन्दछ र ती प्राणीहरूमा संस्कारहरूको तरंगहरु समावेश भइराखेका छन्; त्यसैले सङ्खार (संस्कार) लोक भन्दछ ।

यी सम्पूर्ण लोकहरूको बारेमा जसलाई सम्पूर्ण सत्यता विदित छ; त्यसलाई "लोकविदू" भन्दछ । यिनीहरूको बारेमा पूर्ण जानकारी वास्तवमा उनीमा मात्र हुनसक्दछ; जसले सबै लोकको अनुसन्धान पूरा गरेर यिनीहरूलाई नाघी लोकातीत अवस्था निर्वाणलाई साक्षात्कार गरिसकेको हुन्छ । अर्थात् जो लोक+अन्तगू=लोकन्तगू भइसकेको हुन्छ, त्यो नै सही अर्थमा लोकविन्दू हुन्छ । नत्र त भ्रममा मात्रै उल्झिरहने हुन्छ ।



Downloaded from http://dhamma.digital

लोकन्तगू बन्नको लागि प्रतीत्य समुत्पाद धर्मको यथानुभूति नितान्त जरूरी छ । जसले प्रतीत्य समुत्पाद धर्मको वास्तविक मर्म र रहस्य स्वयं आफूले पनि स्वानुभूतिद्वारा अवबोध गरी अरूहरूलाई पनि त्यसको यथार्थ परिचय गराइ भवचक्रबाट उन्मुक्त पारी सांसारिक जघन्य पीडाकष्टबाट मुक्ति दिलाउन सक्तछ; त्यो नै सही मानेमा "लोकविदू" कहलाइन्छ ।

प्रतीत्य समुत्पाद धर्म कत्तिको गहन छ; त्यसलाई बुझ्न कति गाह्रो छ आदि इत्यादि कुराहरूलाई महशुस गर्न महोपकारक महाशी सयादो महास्थविरद्वारा उपदेशित यस "प्रतीत्य समुत्पाद महान उपदेश" नामक ग्रन्थले सद्धर्म प्रेमी श्रद्धालु पाठक वृन्दहरूलाई प्रत्यक्ष प्रदर्शन गरेर देखाइरहेको कुरालाई स्वयं अनुभव गर्न सकिने छ । तर त्यस्तो गम्भीर विषयलाई पनि वहाँ सयादो महास्थविरले विपश्यना भावना पद्धतिलाई अनुभूतिको आधारमा अगाडि सारी सरल र सुगम तुल्याइ दिनु भएको तथ्य पनि श्रद्धालुहरूले प्रत्यक्षीकरण गर्न सक्नेछन् ।

यस किसिमको ग्रन्थ अहिलेसम्म हाम्रो देशले पाउन सकेको छैन भन्नु अत्युक्ति नहोला । यस ग्रन्थको महत्व, आवश्यकता र उपादेयतालाई महशुस गरी आफूले भ्याएसम्मको क्षमतालाई प्रयोग गरी धेरै समय अघि नै फुर्सद, फुर्सदमा भाषान्तरण गर्ने जमर्को गर्दै "प्रथम -भाग" पूरा हुने गरी आफ्नो प्रयास सतत जारी राखेको थिएँ । तर दुर्भाव्यवश पछि गएर आँखाको रोगले सताउन लागेकोले दोश्रो भाग त अहिलेसम्म पनि छुनसकेको छैन । जे होस्, पूरा गर्ने अठोटमा रहि नै रहेको छु । यसको मात्र होइन, अरू अरू ग्रन्थहरूको पनि यस्तै हालत भइराखेको छ । विशेषतः "बुद्ध र बुद्धवाद" को दोश्रो र तेश्रो भाग पनि थन्कि नै रहेका छन् । पूरा गर्न सकिएको छैन । ऋणी बन्दै गइरहेको छु । त्यसकारण आफ्नो कर्तव्य पूरा गर्न नसकिरहेकोमा खेद पनि लागिरहेको छ । सबैको मैत्री र उत्साहवर्द्धक प्रेरणाको प्रभावले भविष्यमा पूरा गर्न सकिने छ भन्ने आशा एवं विश्वासमा छु ।

नेपालीमा लेख्ने अभ्यासको अभावले र आफ्नो मातृभाषा पनि नभएकोले गर्दा संशोधनको नितान्त आवश्यकता रहने नै भयो । यस कार्यमा आफ्ना अमूल्य समय प्रदान गर्दै श्री आर. बी. वन्द्यज्यू र प्रधानाध्यापक प्रा. श्री सुवर्ण शाक्यज्यूहरुद्वारा प्रदर्शित सद्भावना र प्रदान गरिएको सहयोग प्रति आफ्नो तर्फबाट जति आभार व्यक्त गरे पनि अत्यल्प नै हुनेछ । वहाँहरूलाई मेरो अन्तस्करण देखिको साधुवाद छ । त्यस अलावा यस ग्रन्थको अन्तिम केही अंशहरु समयको अभावले संशोधन कार्य पूरा हुन नसकी त्यसै त्यसै यथावत् नै छपाउनु परेकोले भाषामा जुन मिठाश आउनु पर्ने हो, शुद्धिता हुनु पर्ने हो, त्यसमा कमीपन र खलल पुग्न गएको आभास अवश्यमेव हुनेछ । त्यसमा अनुवादकको नै असक्षमता सम्झी क्षमा प्रदान गर्नु हुन र त्रुटी सच्याई, भुल सुधार गरी सुझाव प्रदान गरिदिनु हुन विनम्र अनुरोध गर्न चाहन्छु; साथसाथै सहृदय आभार पनि व्यक्त गर्न चाहन्छु ।

आफ्नो प्रयास अनुसार तयार पारिराखेको यस पुस्तक प्रकाशनार्थ महती श्रद्धा प्रकट गरी श्रीमान् भाइराजा (द्रव्यमान सिं) तुलाधर श्रीमती बसुन्धरा तुलाधर प्रमुख सपरिवारले जुन प्रकारको अमूल्य योगदान पुऱ्याउनु भयो त्यसको लागि वहाँहरूको सद्धर्म प्रतिको विशुद्ध श्रद्धाप्रति आफ्नो हृदय देखिको सदिच्छा एवं मंगल-कामना पोख्याउनु चाहन्छु र वहाँहरूले चाहनु भएका वहाँहरूको सदिच्छा पनि पूर्ण होऊन् भनी शुभकामना व्यक्त गर्न चाहन्छु तथा त्रिरत्नसँग प्रार्थना पनि गर्दछु । त्यस्तै सन्ति सुखावास प्रकाशन समितिको तर्फबाट साधुवाद एवं धन्यवाद पनि चढाउन चाहन्छु । त्यस्तै अन्य सम्पूर्ण सहयोगीहरूप्रति पनि मेरो सहर्ष साधुवाद छ ।

यस्तो किसिमको पुण्यकार्य पुनः पुनः गरिनै रहन सकून र बुद्धशासन सूर्य र चन्द्रको प्रकाश जस्तै प्रभावित पनि भइरहन सकून् । जिनसासनं चिरं तिट्टतु !!!

भिक्षु ज्ञानपूर्णिक

विश्व शान्ति विहार, मीनभवन, नयाँ बानेश्वर, बु.सं. २५४२; वि.सं. २०५५ मंसिर ११ गते



Downloaded from http://dhamma.digital




# काम सुत्तन्त देशना

## प्राक्कथन

### थुगु काम-सुत्तन्त

कामभूमिवासीपिं रूप वर्ण शब्द आदि पञ्च आलम्बन कामगुणत पाखें पञ्चक्वा जुइका च्वनेमाःपिं खः । इपिं आलम्बनतय्‌सं नं अभिभूत जुइका काबुइ कया तयेथें याना चाहुइका तःगु दु । माया जालय् लाका ह्ययेका त्वःपुया तःगुथें । सत्त्वपिं इपिं आलम्बनतय्पाखें न्ह्याबलें उम्के जुइत सना च्वंक च्वंक नं छको बको न्ह्यलं ब्वाका बिया तयेयः । मोह लिसे छखे चिला च्वने मफुनिगुलिं प्रज्ञारश्मि जहाँ थिना वये मफया च्वंगु स्वभाव हे खः ।

थुगु कामसुत्तन्त उपदेशयात महोपकारक सयादो महास्थविरं सत्त्वपिन्त इपिं कामगुण न्यागू अन्धकार धर्मतय् पाखें तापाका अलग्ग याना शुद्ध जुइथाय् तक आचरण मार्ग लिसे जोडे याना विभिन्न उपमा ब्वया क्यनां कना बिज्याना तल ।

चाहुइका तःम्ह शत्रु नं, बिस्युं वनेत मया कुतः ।
व ला द्वंमखु लँयागु, द्वं खः व ला उम्हसिगु ॥
च्वंम्ह किका मलमूत्रं, स्वच्छ शीतल लः दतं ।
म्छ्व सिला यच्चुक वं, लःया द्वं ला खः हे मखु ॥

ध्यागु कथन अनुसार महोपकारक सयादो महास्थविरं थुगु कामसुत्तन्त उपदेशय् आचरण मार्ग धयागु पिहाँ वनेगु लँयात क्यना पायूछि जुइक कना बिज्याना तःगुयात आचरण याना यंकेगु हे जक बाकि दनि । आचरण मया चिन्तन मयानिवं थुगु सफूयात ब्वं जक ब्वनेवं हे नं अर्थ हितकर आपालं जुइगु खँ सुनिश्चित जुल ।

### संसार स्वभाव

संसारय् थहाँ वनेगु दत कि क्वहाँ वनेगु दइथें सुख दत धायेवं नं दुःख नं दइगु हे जुल । सुख व दुःख द्वन्दात्मक रूपय् वना च्वंगु दु । तर आपालं मनूतय्‌सं सुख जुया च्वनीगु अवस्थाय् "जि गुलि सुखी जुयाच्वन, थुगु सुख गुकथं विपरीत जुइफु" धका होश मया, मस्यु । दुःख लिसे ध्वः दुइगु इलय् धाःसा मानसिक शक्ति क्षीण जुइका भुलुसुलु दंका थारा न्हुइका स्मृति संवेग लुइका च्वनीगु खः । "गुलि गुलि दुःख जुल उलि उलि संवेग लू" धयागु बर्मेली उखान अनुसार बिल्कुल समानगु अनुभूतित अनुभव याये दइगु जुल ।

### तःतःसकं भरोसा कायेगु

सुख जुया च्वनीबले सुखया अनुभव यानाच्वना धका मसीगु काय् म्हयाय् कलाः छैं बुँ धन सम्पत्ति यश परिवार पासाभाइ पुचलं चाःहुइका सम्पन्न जुयाच्वंगु कामगुण आलम्बनतय् प्रति ल्वःवंका मज्जा तायेका डुबे जुया चुइके यंका तःतःसकं भरोसा कया च्वनीगु कारणं हे खः । उकथं ल्वःवंका मज्जा ताया डुबे जुइका



Downloaded from http://dhamma.digital

चुइका च्वना न्ह्याइपुसे च्वंच्वंनीगु इलय् हे कामगुण आलम्बनत हिनामिना जुया विनाश जुयावन धाःसा शरीर व मन नितां क्लान्त जुइका रोगं त्वःपुइका चिलाय्मलाय् दंक विनाश जुया वने यःगु स्थिती तकं थ्यना च्वने यः ।

उकथं जुइगु "सब्बे सत्ता कम्मस्सका कम्मदायादा = सकलं सत्त्वपिं कर्म हे निजी सम्पत्ति दुपिं खः । (थःगु कर्म अनुसारं जक वया थःगु कर्म अनुसारं तुं वनाच्वन । मेम्ह लिसे छुं नं सम्बन्ध मदु) । कर्म हे अंशियार दुम्ह खः" (बांलाःगु अंश बांमलाःगु अंश धाक्व थःपिसं याना तःगु कर्मया प्रतिफल अनुसारं जक अनुभव याये मालीगु खः, सुयागुं प्रयोग लिसें नं सम्बन्ध मदु) धका प्रज्ञाज्ञान मथ्यना च्वनीगु कारणं जक खः ।

## थुगु धर्मया उद्देश्य

मनुष्य स्वभाव मनुष्य छन्द (अभिलाषा) अनुसार जीवनया छगू मोडय् ध्वःदुइ यःगु थुपिं स्वभाव धर्मतय्त हटेयाना मदयेका छ्वये निंतिं थुगु कामसुत्तन्त उपदेशय् महोपकारक महाशी सयादो महास्थविरं आपालं सत्त्वपिसं कामगुण आलम्बनय् आसक्त जुया मज्जा ताया पित्याइगु प्याः चाइगु आशाकुति जुइगु धाक्वयात हटे याना पुलाः मुक्त जुइका बी फूगुया कारण जुयाच्वंगु कथावस्तुतद्वारा, लौकिक उपमातद्वारा स्मृतिप्रस्थान भाविता याना स्मृतिं चाय्का वृद्धि यायेगु विधितद्वारा संज्ञाज्ञान विज्ञानज्ञानं अतिरिक्त प्रज्ञाज्ञान थ्यंक तकं अःपुसे च्वंगु अतिकं स्पष्टगु यथाशिघ्र ध्वःदुइका सीका थुइका चित्त बुभ्रे जुइका काये फयेक आवश्यकगु अभिप्राय मात्रयात जक समावेश याना संक्षिप्त व सारांशय् थ्यनी कथं स्पष्ट याना निर्देशन ब्युसे कना बिज्याना तःगु जुल ।

थुलि तक गम्भीर विस्तृत व ब्यापक जुया आदि मध्य व अन्त्य धयागु त्रिविध कल्याण सम्पन्न जुयाच्वंगु थुगु कामसुत्तन्त देशनायात न्यना ब्वना धारण याना तये दुपिं धर्मपासा पुचः सत्पुरूषपिसं धर्मय् दुने दयाच्वंगु अर्थ अभिप्राय अनुसार भाविता याना स्मृतिं चायेका अभिवृद्धि उद्योग व अभ्यास याना यंके फया विपश्यना ज्ञानक्रम मार्गज्ञानक्रमद्वारा निर्वाण सुखयात द्रुतगतिं थ्यंक वना साक्षात्कार याना काये फइ, साक्षात्कार याना काये फयेमाः धयागु सम्यक् छन्द तीव्र आशीषद्वारा मैत्रीधर्मदान लःल्हाना बिया च्वनागु जुल ।

**शीतु-ऊ ञीपु**
अध्यक्ष - बुद्धसासनानुग्गह मूल समिति, यांगुन् ।
१३३८ बु.सं. मंसीर कृष्ण चौथी

थुगु "कामसुत्तन्त देशना" सफू मौखिक उपदेशयात गथे उपदेश ब्यूगु खः अथे यथावत् रूपं हे पिथना तःगु सफू खः । म्यानमार् देशय् ध्यान भावना आदि गम्भीर विषय सम्बन्धी उपदेश बीगु अवस्थाय् उपदेशकपिसं थुइके थाकुइगु विषयवस्तुतय्त धर्म श्रोतागणपिन्त थुइके बिया लुमंका धारण याना तयेके बिया निंतिं "स्मरणिका" धका गबले सारांश गद्यया रूपय् गबलें पद्यया रूपय् धर्मश्रोतगणपिन्त उपदेश स्थलय् हे बारबार धायेके बीगु चलन दु । व हे अनुसारं थुगु सफुति नं उगु भाव संरक्षण थजु धयागु मनसाय कथं व हे खँयात "का ... धायेमाली" धका हानं हानं दोहरे दोहरे याना धायेका तःगु यथावत् कायम याना तयागु दु । थुकिं नेपाःमिं ब्वमिपिन्त भति झ्यातुगुथें अले यक्व हे पुनरावृत्ति जुया च्वंगुथें धका मती वनीगु स्वाभाविक जुयाच्वन ।



Downloaded from http://dhamma.digital

मेगु खँ – धर्मया गम्भीर विषय उपन्यास ब्वनेथें जक ब्वनां ब्वमिपिन्त उलि लाभदायक जुइ फइमखु । थुइका लुमंका धारण याना तये फयेकेया निंतिं बारबार व हे खँयात दोहरे त्योहरे याना अध्ययन चिन्तन मनन व आवृत्ति यायेगु आवश्यक जू । अले तिनि उकिं ब्वमिपिन्त दये माःगु लाभ व फाइदा दयेफइ ।

अले हानं गुगु स्मृतिप्रस्थान ध्यान भावना विधि थुगु सफुती उल्लेख जुयाच्वंगु दु, उकियात नं प्रयोगय् हया उद्योग व अभ्यास याना यंके फत धाःसा ला भं हे जीवनया निंतिं अत्यन्त उपयोगी व कल्याणकारी जुइगुली छुं हे द्वन्द संशय काये थाय् दइमखु ।

भाय् हिलेगुली ब्वने न्ह्याइपुकेगु निंतिं स्वया नं मूल उपदेशकयागु भावनायात धक्का मजुइमाः, वसपोलं बिया बिज्याये त्यंगु थःगु हे शैलीयागु सन्देशया गुलि फत उलि लिक्क थः च्वने फयेमाः धयागु भावं भाय् हिला तयागु जुया भाषा शिलिष्टता, माधुर्य व लालित्य मदया भति थथगथें जुया च्वनफु । उकिया लागी ब्वमिपिसं क्षमा बी धयागु आशा व भलसा कया च्वनागु जुल । थुगु सफू पिथनेगु ज्याय् ग्वाहालि यानं दीपि प्रेस परिवार सकलयात जिगु दुनुगलंनिसेंया सुभाय् व भिन्तुना ।

अस्तु !

भाय् ह्यूम्ह
**भिक्षु ज्ञानपूर्णिक**
ने.सं. १११९



Downloaded from http://dhamma.digital




# जातकपालि

## नुगः खँ छत्वाः

तिपिटकया दुने लाःगु छगू पिटक सुत्तपिटक खः । उकी दीघ, मज्झिम, संयुक्त , अंगुत्तर व खुद्यकनिकाय धका ५-गू मूल निकाय दु । उकी मध्यय् दीघ, मज्झिम व संयुत्तनिकाय स्वंगु दुण्डबहादुर वज्राचार्यजु पाखे भाय् हिलेगु ज्या लिसें पिथनेगु ज्या समेतं पूवंका बुद्ध-शासनयात तःधंगु तिबः बया च्वछायेगु ज्या याना बिज्याये धुंकल । गुगु अतिकं हे प्रशंसनीय जू । अंगुत्तर निकायया भाय् हिले ज्या उपासक धर्मरत्न शाक्य 'त्रिशुली' पाखे जुयाच्वंगु दु धयागु सीके दु । अन्तिमगु निकाय खुद्दकनिकाय खः । उकी १५-गू ग्रन्थत दु । उकी मध्यय् न्हृगू ८-गू ग्रन्थ नं पूवंका छ्वये दुसा अतिकं बांलाइ धयागु बिचाः कथं दच्छि न्ह्यवः नगर मण्पडप श्रीकिर्ति विहार , कीर्तिपुरय् छगू मुंज्या जुल । उकी भाला ब्यूकथं 'पेतवत्थु व थेरगाथा' भिक्षु बोधिसेन महास्थविर पाखें, 'बद्धवस' भुवनलाल प्रधानजु पाखें व 'विमानवत्थु' धर्मरत्न शाक्य, त्रिशुली पाखें भाय् हिले ज्या जुया नं पिदना उलेज्या समेतं पूवने धुंकल । वसपोलपिन्त आपालं आपालं साधुवाद देछाये बहःजू ।

खुद्दक-निकायया १०-गूगु पालि ग्रन्थ कथं थुगु 'जातकपाली' खः । थुकी निगू द्या दु- न्हापांगु द्या व तिंस निपात तक दुगु जुल । थुपिं फुक्कं ' जातकपालि' गाथाया रूपय् अथवा श्लोकया रूपय् दु । जातक अट्ठकथाया लिधंसा मदयेयकं थुकीयागु गाथात भाय् हिलेगु असम्भव मखुसां अप्वलं अप्वः अतिकं थाकुसे च्वं । उकीसनं थुपिं गाथात लिसे सम्बन्धितगु बाखँया भाव मथुइकं गनं ला भाय् हिले ज्या सम्भव हे मदु ला धयाथें च्वं ।

अले हानं थकी उल्लिखित स्वाँ, सिमा, फलमूलतय्गु नाया भाय् हिले ज्या हे थाकू । बोटानिकल ट्रेनिङ्ग हे माःथे च्वं । उकिं गथे दु अथे हे पालि शब्द तुं छयले माःगु परिस्थिति दया उजोगु थासय् यथावत् हे जुयाच्वंगु ब्वमिपिसं खनि । थुकी ब्वमिपिसं भाय् ह्यूपिन्त थःथे हे क्षमा बी धयागु भलसा कयाच्वना ।

'जातक' खुद्दकनिकाय १५-गू ग्रन्थया दुने लाःगु पालि ग्रन्थ खःथें तुं नवांग बुद्ध-शासनय् दुने(७) गूगु अंगय् दुतिनाच्वंगु ग्रन्थ नं खः । अथे जुया जातकया थःगु हे महत्व व अस्तित्व नं दु । 'जातक' बाखँत दक्वं सामान्य ल्याःचाः कथं ५५०-पु दु धाइ । तर खाला साला यायेबले ५४७-पु ल्याः खायेगु विद्वानपिनिगु परम्परा दु । चरियपिटकय् उल्लेख जुयाच्वंगु गुलिखे चरियात जातक कथं नं उल्लेख जुयाच्वंगु दु । चरियपिटक खुद्दकनिकाय ३५-पु चरियात दु । उकी मध्यय् महागोविन्द चरिया छपु जक जातकय् खनेमदु । मेगु ३४-पु चरियात जातक कथं नं दुगु जुल ।

जातकय् उल्लेख जुयाच्वंगु निपातत एकक निसें तेरसक निपात तक छसिकथं वना १४-गूगु चुद्दसक निपातयात 'पकिण्णक निपात'धका ननं बियातःगु दु । अनं लिपा वीसति निपात, तिंस , चत्तालीस, पण्णास, सट्ठी, सत्तत्ति व असीति निपात धका उल्लेख यानातःगु दु । अले 'वग्ग'कथं नं ब्वथला तःगु दनि । थुगु



Downloaded from http://dhamma.digital

न्हापांगु द्या तिसं निपातं क्वचालाच्वंगु दु । चत्तालीस निपातं निसें निगूगु द्या शुरू जुइगु खः । गुगु बाकी हे दनि ।

जातक खालि बोधिसत्त्वया जीवनी बाखँ कथं जक नं महत्वपूर्णगु मखु । थ्व दक्वं धयाथें विषयवस्तुयात कः घाये फूगु जन साहित्यथें नं खः । थुकी दुने छु जक मदु ? मनोरञ्जन , उपदेश, नीति, ब्यंग, बुद्धि विकासया लँपु ,भौगोलिक , धार्मिक , राजनीतिक , सामाजिक , आदि विषयत लिसे परिचय दयेका बीगु थ्व अतुलनीय ग्रन्थ खः । स्थल मार्गयागु चर्चाया विषययात अथें तया सामुद्रिक यात्राया चिमिसं ब्वँ ब्वँ दंकीगु घटनातयूगु उल्लेख भीत जलमार्गयागु रोमाञ्चाकारी यात्रात लिसे नं परिचित याका ब्यु । सुप्पारक जातक थुकीया दसु खः । जातक पूर्व पश्चिम कथा साहित्य न्ह्यलुवा हे धाःसां ज्यू ।

जातकयागु भाय् हिले ज्या न्हापांगु द्या कथं पूवना आः पिद्ने त्यंगु जुल । थुकिया प्रेरक श्रोत श्रद्धेय भिक्षु सुदर्शन महास्थवीर जुया बिज्यातः । वसपोल प्रति लापालं सुभाय् दु । लिसें साधुवाद नं ।

थ्व मुक्कं जिगु थःग क्षमता ब्यूगु भाय् हिला ज्या मखु । थुगु ज्या पूवंकेत भाय् हिले ज्याय् म्हुतु च्वयेकागु थःम्हं खःसां भौंतय् आखः कीगु ज्या दक्वं केहैं मयजु अनागारिका उत्पलवर्णायात लाः वने माःगु जुल । थकी वा मचायेक सी मदयेक दुनें दुनें ग्वहालि बिया साधुवादया पात्र जुया बिज्याःम्ह भिक्षु चन्द्रगुप्त स्थविर जुल । अतएव वसपोलं प्रति नं कृतज्ञ जुयाच्वना ।

लिसें थुगु ज्याय् प्रत्यक्ष व अप्रत्यक्ष रूपं हस्तेलय् हइँसे याना बिज्याःपिं प्रकाशक परिवार लिसें कया थुकी दुथ्याःपिं सकसितं दुनुगलंनिसें आभार प्रकट यासे साधुवाद देछना च्वना ।

चिरं तिट्ठतु बुद्धसासनं !

भिक्षु ज्ञानपूर्णिक महास्थविर
विश्व शान्ति विहार
मीनभवन, नयाँ बानेश्वर



Downloaded from http://dhamma.digital




# विशुद्धि व महान ज्ञानक्रम उपदेश

## थःगु खँ

थ्व थुगु "विशुद्ध व महान ज्ञानक्रम उपदेश" सफू भाय् हिले निर्तिं सम्बन्धित दातापिसं जित स्वदँ प्यदँ न्ह्यवः निसें अनुरोध याना तःगु खः, अथे नं काचाक्क ज्या छुइ मफु । थनिं निदँ न्ह्यो "लुम्बिनी पण्डिताराम ध्यानकेन्द्र" या प्रमुख अववादचार्य सयादो भद्दन्त पण्डिताभिवंश महास्थविरं लुम्बिनी हे स्वंगू हप्ताया स्मृतिप्रस्थान विपश्यना ध्यान शिविर संचालन याना बिज्यात । अबले वसपोलयात भाय् हिला ग्वाहालि यायेत जि थः नं लुम्बिनी वनेगु जुल । व हे ई लाका न्हिनेसिया भोजनं लिपा ४-ताःईया उपदेश जुइ न्ह्यवः निघौ स्वघौतिया ई दुगु जुल । उकियात हे सदुपयोग यायेगु कथं थुगु उपदेशया भाय् हिले ज्या छुना यंका । भाग्यवश अन च्वना च्वंच्वं हे भाय् हिले ज्या निर्विध्न सम्पन्न जुल । लय् ताल । भाय् हिले ज्या पूवंगु दिं खः ई.सं. १९९९ मार्चया ३ तारिक-फागु पुन्ही ।

तर भाय् हिले ज्या पूवना ज्या पूवना नं दत्यार्तिं मयाक धयाथें पाण्डुलिपिया रूपय् थार्तिं च्वना च्वंच्वन । बल्ल आः तिनि वया थुगु उपदेशं सफूया रूपं कयाच्वन । थ्व ला भ्रं हे लय्ताया खँ जुल ।

थ्व थुगु सफू आकारं चिकिचाधं खने दुसां थुकी दुनेच्वंगु सार अवर्णनीय खः । थुजोगु प्रत्यक्ष अनुभवया साक्षात्कृत स्मृतिप्रस्थान विपश्यना भावना सम्बन्धी उपदेश थौ तक थन नेपालय् पिदंगु मदुनि । विपश्यना ध्यान भावनाया पूर्ण परिपक्वता दुपि साधक साधिका योगीपिनि निर्तिं थ्व उपदेश अतुलनीय अनर्घ रत्न समान खः । विशेषतः न्हेगू विशुद्ध व विपश्यना ज्ञानक्रमया थीथी अवस्थायागु वर्णन अनुभव शून्यपिं व्यक्तिपिनि निर्तिं काना अक्षर भैसी बरोबर जूवने फु ।

उकिं हे थुगु उपदेश सफू प्रचार प्रसारया दृष्टिकोणं पिथनेगु कुतः जुयाच्वंगु मखु । बरूं इमान्दार पुर्वक सही ढंगं विपश्यना भावनायात पूपूवंक सन्तोषजनक जुइक तनंतं न्हेगू विशुद्धि धर्मयात परिष्कृत व परिशुद्ध याना छसिकथं विपश्यना ज्ञानक्रमत लाभ व अनुभव याना अचल अटल श्रद्धा उत्पन्न जुइके नंपिं साधक साधिका योगीपिन्त विपश्यना ध्यान भावनाया शक्ति सामर्थ्य थुइका हौसला वृद्धि जुइका बुद्ध, धर्म व संघ त्रिरत्नप्रति सही कथंयागु भावना ब्वलंके बीया निर्तिं धायेमाली ताः ।

धात्थें धाये माल धाःसा विपश्यना भावना हे निर्वाणाभिमुखी धर्म खः , विपश्यना भावना विना संसार दुःखं विमुक्ति असम्भव खः धयागु प्रमाण थुगु पूर्ण अनुभवया स्पष्ट वर्णन यथार्थदर्शी योगी साधक साधिकापिसं अक्षरशः स्वीकार याना कया निर्भिक रूपं आत्मनिर्णय बी फयेका ज्ञानस्तर उत्तरोत्तर वुद्धि याना प्रत्यक्ष वर्तमान जीवनय् हे अन्तिम चरणय् थ्यंक वनेत क्वात्तुसे च्वंगु प्रेरणा प्राप्त जुइका **"मा निवत्त अभिक्कम"** बुद्ध- वचन सार्थक जुइकेया निर्तिं धायेमाली ताः ।

अथे जुया हे म्यान्मार् (बर्मा) थें जाःगु बुद्ध-धर्मया अभ्यास व परिचालनय् अग्रस्थान प्राप्तगु देशय् तक



Downloaded from http://dhamma.digital

नं थुगु उपदेशयात सफूया रूप बीया निर्तिं गुलिखे ई तक आलताल आलताल जुया च्वंगु थुगु उपदेशयागु सफूया बर्मेली प्राक्कथनं नं स्पष्ट जुयाच्वंगु दु । छुं अंश हिला भासं थनं न्ह्यब्वथा च्वना ।

'—न्हापां न्हापां थुगु ज्ञानक्रम उपदेश वसपोल सयादो (महाशी) यागु अववाद अनुशासन अनुसार विपश्यना भावना पूपूवंक उद्योग व अभ्यास याये धुंकूपिं योगीपिनि निंतिं जक उद्देश्य तया कना बिज्याना तःगु उपदेश जुया व मेमेपिन्त सीके बी माःगु आवश्यक मदुगु जुया सफूया रूपय् पिथनेगु उद्देश्य न्ह्यवः मदुगु जुयाच्वन । खालि क्यासेट् भरे याना न्यंकेगु जक याना वयाच्वंगु खः । कर्मस्थानाचार्य ध्यानगुरूपिसं बारबार वसपोल सयादोयाके निवेदन व प्रार्थना याःगुलिं जक इपिं इपिं ध्यानगुरूपिनि निंतिं धका जक वसपोलं सफू पिथनेगु अनुमति बिया बिज्याःगु जुयाच्वन ।

उकिं हानं थुकथं नं विशेष होश बिया तःगु दयाच्वन- 'थुगु विपश्यना ज्ञानक्रम उपदेश सफू पूपूवंक विपश्यना भावना धर्म उद्योग व अभ्यास याये नंपिं योगीपिनि निंतिं जक कना बिज्याना तःगु उपदेशयात छतं ल्ह्यया कया पिथना तःगु सफू जूगु जुया थुगु सफूयात सम्बन्धित मखुपिं मेमेपिं व्यक्तिपिनि ल्हाती मथ्यंकेया निंतिं सफू ल्हाती थ्यनाच्वपिं व्यक्तिपिसं आदर गौरव पूर्वक सुरक्षित व संरक्षण याना तये माःगु जुल ।'

**आयुष्मान सुजात**

प्रमुख कर्मस्थानाचार्य, सासना यैता, यांगुन् ।

एकायन मार्ग स्मृतिप्रस्थान विपश्यना ध्यान भावनाया गुणानिशंस व महत्व थूपिं स्यूपिं श्रद्धालु विपश्यी साधक साधिका योगीपिनिगु महती श्रद्धाया चिं थ्व सफू खः । वसपोलपिनिगु सहयोग, ग्वाहाली व हःपाः विना आःथें थ्व सफू उपलब्ध जुइगु सम्भावना मदु ।

उकिं वसपोलपिनिगु मनसुवायात कदरयाना वाःचायेका विपश्यना भावना धर्मय् दत्तचित्त दुपिं साधक साधिकापिंसं थःगु जीवनयात च्वन्ह्याका थः ल्हवना बीगु थुगु सफूयात सदुपयोग जुइक छ्यला बुद्धोपदेशानुरूप धर्मया मर्म बांलाक थुइका थःथःपिनिगु मनुष्य जीवनयात ग्यसुलाक्क न्ह्याका सन्तोष प्राप्त याना काये फत धाःसा प्रकाशक श्रद्धालु दातापिनिगु कुशल श्रद्धा चेतना सार्थक व सफल जुइ भालपाः च्वना ।

न्हापां आःथें श्रद्धा व्यक्त याना बिज्याःपिं वसपोल श्रद्धालु दातापिन्त आपालं साधुवाद नं देछाना च्वना । अथे हे थःगु सफूपिथनेत थी थी कथं थःगु अमूल्य समय बिया थीथाय् लाक्क यइपुक सफू पिथने ज्याय् ग्वाहाली याना बिज्याःपिं दीपिं न्यू नेपाल प्रेसया सकल दुजःपिन्त; विशेषतः प्रुफ ब्यूवयेगु कावयेगु लिसें प्रेस सम्बन्धी ज्याखँ पूवंका धाःबले धाःकथं सहयोगी जुया दीम्ह सुरेश भाइ व घण्टौं घण्टा बीक प्रुफ ब्वना बिया संशोधनथें जाःगु जटिल ज्याय् परिश्रम पूर्वक सहभागी जूम्ह केहैं अनागारिका उत्पलवर्णायात नं दुने निसें साधुवाद लिसें सुभाय् देछाना थःगु खँ क्वचायेका च्वना ।

बुद्धशासन चिरस्थाथी जुइमाः ! सकलसित मंगल जइमाः !

**भिक्षु ज्ञानपूर्णिक**

विश्व शान्ति विहार,

मीन भवनः न्हू बानेश्वर, यें, २०५८ पौष



Downloaded from http://dhamma.digital




# प्रतित्यसमुत्पाद-२

## दुई शब्द :

### हृदयंगम गर्न सकोस्

शुद्धि, विशुद्धि, मुक्ति, विमुक्ति मार्ग प्रदर्शक शुद्ध बुद्ध-धर्म विभज्जवाद, कारण कार्य समन्वयवाद, हेतुवाद निर्धारित रहेको छ । सम्पूर्ण जीवजगतको गतिविधि कारण कार्य समवायबाट चलिरहेको हुन्छ । प्रतीत्य समुत्पाद सिद्धान्तमा आधारित छ । बुद्धको शिक्षामा हर्ता, कर्ता, धर्ता, निर्माता,स्वामी, निवासी, कारक, वेदक, पुद्‌गल, सत्त्व, जीव, आत्म केही पनि रहँदैन । यी गहन, दुरूह विषयहरूलाई बुझ्न केही हदसम्म निम्न कुराहरूको सही चिन्तन मनन, गम्भिर अध्ययन निरीक्षण परीक्षण हुनु नितान्त आवश्यक देखिन्छ–

"जसरी अंग अंगहरूको सम्भारले 'रथ' शब्द हुन्छ, त्यसरी नै रूपस्कन्ध आदि स्कन्धहरु विद्यमान रहँदा 'सत्त्व' भन्ने सम्मुति व्यवहार हुन्छ ।"

"आवुस, जसरी काष्ठ, डोरी (लहरा), माटो र घाँसले घेरिएको आकाश 'घर' भनिन्छ, त्यसरी नै आवुस, हाड, नशा, मासु र छालाले घेरिएको आकाश रूप (शरीर) भनिन्छ ।"

"दुःख मात्र नै उत्पन्न भइरहन्छ; दुःख नै रहिरहन्छ र दुःख नै नाश भइरहन्छ । दुःखको अतिरिक्त अरू उत्पन्न हुँदैन, न त दुःखको अतिरिक्त अरू निरूद्ध नै हुन्छ ।"

"यी शरीरमा वास्तविक रूपमा विद्यमान रहेको नाम र रूप मात्र हो; सत्त्व र मनुज यसमा विद्यमान छैन । अभिसंस्कृत यन्त्र जस्तै यो शून्य छ, तृण या काष्ठको पुञ्जजस्तै यो दुःखको पुञ्ज हो ।

"नाम रूप दुबै जोडा अन्योन्याश्रित छ; एकको नाश हुँदा भेद हुँदा दुबै प्रत्ययहरु नाश हुन्छन्, भेद हुन्छन् ; बिग्रिन्छन् ।"

"जसरी दण्डाले पीट्दा भेरीको सहाराले शब्द निस्कन्छ; तर भेरी अर्को हुन्छ, शब्द अर्कै हुन्छ; भेरी तथा शब्द मिश्रित छैन । भेरी शब्दले शून्य छ, शब्द भेरीले शून्य छ । यसरी वस्तु, द्वार, आलम्बन भनिने रूपको सहाराले नाम प्रवर्तित छ । तर रूप अर्कै हो र नाम अर्कै हो । नाम तथा रूप अमिश्रित छ । नाम रूपले शून्य छ, रूप नामले शून्य छ । फेरि भेरीको कारणले शब्द भएजस्तै रूपको कारणले नाम प्रवर्तित छ ।

"चक्षुबाट स्पर्श, वेदना, संज्ञा, चेतना, चित्र यी स्पर्श पञ्चम उत्पन्न हुँदैनन्, न त रूपबाट नै, न त दुबैको बीचबाट उत्पन्न हुन्छ । चक्षु, रूप, आलोक, मनसिकार यी देखिने हेतुको कारण संस्कृत (प्रतीत्य समुत्पन्न) धर्महरु त्यसरी नै उत्पन्न हुन्छन्, जसरी भेरीलाई पीट्दा शब्द निस्कन्छ ।"

"त्यस्तै नै श्रोतबाट___; घ्राणबाट___; जिह्वाबाट___; कायबाट । वस्तुरूपबाट संस्कृत धर्महरु उत्पन्न हुँदैनन्; न त धर्मायतनबाट निस्कन्छ । हेतुको कारणले संस्कृत धर्महरु त्यसरी नै उत्पन्न हुन्छन्, जसरी भेरी पीट्दा शब्द निस्कन्छ ।"



Downloaded from http://dhamma.digital

"नाम निस्तेज छ– आफ्नी तेजले प्रवर्तित हुनसक्दैन । न खान्छ, न पिउँछ, न बोल्छ, न हिंडडुल गर्छ । रूप पनि निस्तेज छ, आफ्नो तेजले प्रवर्तित हुनसक्दैन, उसलाई खानेको इच्छा छैन, पिउने इच्छा छैन, बोल्ने इच्छा छैन, हिडडुल गर्ने इच्छा छैन । तर नामको साहाराले रूप प्रवर्तित हुन्छ र रूपको साहाराले नाम प्रवर्तित हुन्छ । नामको खानेको इच्छा, पिउने इच्छा, बोल्ने इच्छा, हिंडडुल गर्ने इच्छा हुँदा रूप खान्छ, पिउँछ, बोल्छ, हिडडुल गर्छ । यो कुरालाई स्पष्ट पार्न यो उत्तम उपमा भन्नुपर्छ–

जन्मान्धा र लंगडाको उपमा–जसरी एक जन्मान्धा र एक लंगडा कतै जान चाहोस् । जन्मान्धाले लंगडोलाई यसो भन्छ–"भाई, म खुट्टाले हिड्न सक्छु, तर मेरो आँखा छैन जसले समविसम देखुँ ।"लंगडाले पनि जन्मान्धालाई यसो भन्छ–"भाई, म आँखाले देख्नसक्छु, तर मेरा खुट्टा छैनन्, जसले गर्दा हिंड्न वा फर्किन सँकु ।" उनीहरु धैरे नै प्रसन्न भए ।

जन्मान्धले लंगडालाई आफ्नो काँधमा राख्यो, लंगडाले जन्मान्धको काँधमा बसेर यसरी भन्यो–बाँया हिंड–दाँया पक्र, दाँया हिंड–बाँया पक्र ।"

त्यो जन्मान्ध पनि निस्तेज र दुर्बल छ, आफ्नो तेजले जादैंन, लंगडा पनि निस्तेज र दुर्बल छ, आफ्नो तेज र बलले जाँदैन । तर उनीहरुको गमन एक अर्काको साहाराले हुन्छ । यसरी नै नाम पनि निस्तेज छ, आफ्नो तेजले उत्पन्न हुँदैन । त्यस त्यस क्रियामा प्रवर्तित हुँदैन । रूप पनि निस्तेज छ, आफ्नो तेजले उत्पन्न हुँदैन । त्यस त्यस क्रियाहरुमा प्रवर्तित हुँदैन, तर त्यसको उत्पति र प्रवर्ति एक अर्काको साहाराले हुन्छ । त्यसैले यो भनिन्छ–

"आफ्नो बलले उत्पन्न हुँदैन, आफ्नो बलले स्थित हुँदैन,बल्कि अरू धर्महरुको वशमा रहने आत्म दुर्बल र संस्कृतधर्महरु नै उत्पन्न हुन्छन् ।"

"अन्य धर्महरुको प्रत्ययले उत्पन्न हुन्छन् । अन्य धर्महरुको आलम्बनले स्थित रहन्छन् । यी अन्य धर्महरुको आलम्बन र प्रत्ययले उत्पादित छन् ।"

"जसरी नौकाको साहाराले मनुष्य समुद्रमा जान्छन्, यसरी नै रूपको साहाराले नामकाय प्रवर्तित भइरहेको हुन्छ ।"

"जसरी मनुष्यको साहाराले नौका समुद्रमा जान्छ, यसरी नै नामको साहाराले रूपकाय प्रवर्तित भइरहेको हुन्छ ।"

"मनुष्य र नौका दुवै एक अर्काको साहाराले समुद्रमा जान्छन्, यसरी नै नाम रूप दुवै अन्योन्याश्रित छन् ।"

"कर्म र विपाक विद्यमान छन्, विपाक कर्मद्वारा उत्पन्न छ र कर्मद्वारा पुनर्भव हुन्छ– यसरी संसार प्रवर्तित भइरहेको छ ।" "कर्मको कर्ता छैन, न विपाकको भोक्ता छ । शुद्ध धर्म मात्र प्रवर्तित छन्,यस प्रकार जान्नु सम्यक्दर्शन हो ।"

"यसरी सहेतुककर्म र विपाक प्रवर्तित हुँदा बीज, रूख आदि जस्तै पूर्व कोटि (सुरुआत) देखापर्दैन ।"

"भविष्यकालमा पनि संसारमा अप्रवर्ति देखापर्दैन, यस कुरालाई थाहा नपाएर तीर्थक (अन्य मतावलम्बी) हरु आफ्नो वशमा छैनन् ।"

"सत्त्व भएको संज्ञालाई ग्रहणगरी शाश्वत र उच्छेददर्शनलाई मान्नेहरु परस्पर विरोधी बासट्ठी प्रकारका मिथ्यादृष्टिहरुलाई ग्रहण गर्दछन् ।"



Downloaded from http://dhamma.digital

"ती दृष्टि बन्धनहरूले बाधिँएका तिनीहरु तृष्णाश्रोतसँग बाहिरहेका हुन्छन् र ती तृष्णाश्रोतसँग बहदैँ तिनीहरूको दुःखबाट छुटकारा पाउदैँनन् ।"

"यसरी यसलाई बुझेर बुद्धश्रावक भिक्षुले गम्भीर, निपुण, शून्य प्रत्यय ज्ञानलाई प्राप्त गर्दछ ।"

"कर्ममा विपाक छैन, विपाकमा कर्म छैन; परस्परमा दुबै शून्य छन् र कर्म विना फल छैन ।"

"जसरी सूर्यमा आगो छैन, न त मणिमा न गोबरमा छ । त्यो उनीहरूको बाहिर पनि छैन; तापनि प्रत्ययहरूको कारणले उत्पन्न भइरहन्छ ।"

"त्यसरी कर्मभित्र विपाक हुँदैन, कर्म बाहिर पनि रहँदैन र त्यसमा कर्म हुँदेन ।"

"त्यो कर्म फलबाट शून्य छ, फल कर्ममा छैन, तर पनि कर्मको आधार लिएर त्यसबाट फल उत्पन्न हुन्छ ।"

"यो संसारमा कोही संसारको कर्ता देव वा ब्रह्मा छैन; हेतुप्रत्ययको कारणले शुद्ध धर्महरु मात्र प्रवर्तित भइरहेका हुन्छन् ।"

"जसरी मनोधातुको अनन्तरमा चक्षुविज्ञान आएको हुँदैन र त्यसको अनन्तरमा उत्पन्न नभएको पनि होइन ।" त्यसरी नै प्रतिसन्धिमा चित्तसन्तति प्रवर्तित हुन्छ; पूर्वको चित्त नाश हुन्छ ; त्यसपछि पछिल्लो चित्त उत्पन्न हुन्छ । त्यसको बीचमा अनन्तर छैन । तिनिहरूको बीचि (खालि) छैन । यहाँबाट केही जाँदैन र पनि प्रतिसन्धि उत्पन्न हुन्छ ।"

यस ज्ञानयुक्त विपश्यना गर्ने भिक्षुले बुद्धशासनमा आश्वासन पाएर, प्रतिष्ठा पाएर, नियत गतियुक्त कान्छो श्रोतापन्न हुन्छ ।

प्रतीत्य समुत्पाद के हो ? त्यसलाई संक्षिप्त र सारांशको रूपमा जान्न निम्न कुरालाई पनि बोध गरिराख्नु उपकारक सिद्ध हुन्छ -

"जुन प्रत्यय (कारण) समूहले सम्बन्धित कारणहरु एकत्रित भई समन्वयमा आउने कामलाई आधार बनाएर एक समान र एकजूट भएर प्रत्युत्पन्न (फल) धर्महरूलाई उत्पन्न गराउँछ, त्यो कारणसमूहलाई प्रतीत्यसमुत्पाद भन्दछ ।"

यो विग्रह अनुसार अविद्या आदि पूर्व कारण धर्महरु मात्रलाई मुख्य रूपमा प्रतीत्यसमुत्पाद भन्दछ; तापनि कारण जति उत्पन्न हुन्छ भने फलसित पनि अलग्गिन न सकिने भएकोले संस्कार, विज्ञान आदि पछि पछिको फल धर्मसमूहलाई पनि अविनाभाव नय अनुसार प्रतीत्यसमुत्पाद भनेर नै भन्नसकिने हुन्छ ।

**"अविज्जापच्चया सङ्खारा"** मा **अविज्जा** (अविद्या) कारण प्रत्यय, **सङ्खारा** (संस्कारहरु) फल प्रत्ययुत्पन्न हो; **"सङ्खारपच्चया विञ्ञाण"** मा संस्कार कारण प्रत्यय, **विञ्ञाण** (विज्ञान) फल प्रत्ययुत्पन्न हो । आदि हिसाबले पूर्व पूर्व कारण प्रत्ययले पछि पछिको फल प्रत्ययुत्पन्नलाई उत्पन्न गराउन जानेको कारणले "प्रत्ययुत्पन्न धर्महरूलाई उत्पन्न गराउँदछ" भन्ने अर्थमा "प्रतीत्य" भनी भन्नुपरेको हो । समुत्पादमा 'सम्' शब्द समान अर्थ र 'सह' अर्थ २-वटा अर्थ लाग्ने शब्द हो । समानको अभिप्राय "अविद्याले संस्कारलाई उत्पन्न गराउँदामा संस्कार एउटैलाई मात्र उत्पन्न गराउने होइन, संस्कारसंगसंगै उत्पन्न हुने स्वभाव भएको चित्त चैतसिकहरूलाई पनि पूर्णरूपमा समानरूपले बाँकि साँकि नरहने गरि उत्पन्न गराउँछ" भन्ने हो । सहको अभिप्राय त – "त्यसरी संस्कारसित जोड्ने चित्त चैतसिकहरूलाई उत्पन्न गराउँदा भाग भाग (एक पछि अर्को) गरी उत्पन्न गराउँने होइन, एकै साथ एकै समूह हुनेगरी उत्पन्न गराउँछ" भन्ने हो ।



Downloaded from http://dhamma.digital

यो कथन अनुसार अविद्याले संस्कारलाई उत्पन्न गराउँदा संस्कार एउटैलाई मात्र उत्पन्न गराउने होइन, संस्कारसित संलग्न चित्त चेतसिक जम्मैलाई समेत एकै साथ उत्पन्न गराउँछ; तर अविद्याको कारणले उत्पन्न हुनुपर्ने ती धर्महरुमध्येमा संस्कार भन्ने चेतना अप्रधान रहेको छ; तसर्थ प्रधान नय अनुसार संस्कारलाई शीर्षमा राखी **"अविज्जापच्चया सङ्खारा"** भनी उदेशित भइराखेकोलाई जान्नुपर्दछ ।

फेरी पनि–"अविद्याले संस्कारलाई उत्पन्न गराउँछ" भनेकोमा अविद्या एउटैले संस्कारलाई उत्पन्न गराउन सकिएको होइन, अविद्यामा सहयोगी कारणधर्महरु हुनु आवश्यक छ । स्पष्ट पार्ने छ–लोभमूल पहिलो चित्तमा सम्प्रयुक्त संस्कारद्वारा मिथ्याचारकर्म गर्दामा दोष नदेख्नु भन्ने अविद्या मूलकारण भयो; त्यो मूलकारण बाहेक संस्कारको आधार वस्तु सहित आलम्बनहरु पनि कारणधर्म भित्र समावेश हुनैपर्ने हुन्छ । अनुचित तरीकाले मननगर्नु भन्ने अयोनिसो मनसिकार र तृष्णा, उपादानहरु पनि अलग्ग हुनसक्दैन; ती वस्तु, आलम्बन आदि कारणहरु पनि संस्कार उत्पन्न हुन अविद्यामा सहयोगी भएका कारणहरु हुन्; त्यसरी जम्मै कारणहरुको जमघट हुनु सामग्गी हुनुलाई आधार बनाउन पाएमा मात्र अविद्याले संस्कारलाई उत्पन्न गराउन सकिने हुन्छ; तसर्थ "प्रत्यय सामग्गीलाई आधार बनाएर" भनी भन्नुपरेको हो ।

यो कथन अनुसार संस्कार उत्पन्न हुन खाली अविद्या एउटै मात्र नभई थुप्रै कारणहरु छन्; तापनि अविद्या सबभन्दा प्रकट भएको भएर प्रधान र निदर्शन नय अनुसार अविद्यालाई शीर्षमा राखी **"अविज्जापच्चया सङ्खारा"** भनी उपदेश दिइराख्नु भएकोलाई जान्नुपर्दछ । संस्कार आदिले विज्ञान आदिलाई उत्पन्न गराउनुमा पनि यही विधि नै रहेको छ ।

भगवान बुद्धको स्वयंको वचन अनुसार प्रतीत्यसमुत्पादको विषय बुझ्न अति नै गाह्रो छ । केही हदसम्म बुझ्न सकोस् भन्ने भावनाले केही मननीय कुराहरु यहाँ उल्लेख गरिएको छ । यस विषयमा बारबार दोहऱ्याइ तेहऱ्याई बहुलीकृत गरी अध्ययन चिन्तन मनन एवं भावना अभ्यास गर्नुद्वारा बुझ्ने प्रयासमा लाग्न सकिएको खण्डमा उपकार र लाभ प्राप्त गर्न सकिने छ । अभ्यासमा लाग्न सकून् र लाभ प्राप्त होओस् भन्ने शुभचिन्तन पनि व्यक्त गर्न चाहूँला ।

सुखिता होथ ! दुक्खा मुञ्चथ !! परमसन्तिं पटिलभथ !!!

Dhamma.Digital

**भिक्षु ज्ञानपूर्णिक**
विश्व शान्ति विहार
मीन भवनः न्हू बानेश्वर, यें ।



Downloaded from http://dhamma.digital




# भिक्षु ज्ञानपूर्णिक महास्थविरया ख्वसु मुना

**नित्वाः खँ**

नेपाल सुपुत्र नेपाल विभूति भगवान् सम्यक्‌सम्बुद्ध खः। वसपोलयागु गौरव गाथा याना भीसं नं थःत थःपिसं गौरवान्वित भाःपाः च्वना। लोक अग्र, लोक जेष्ठ, लोक श्रेष्ठ भगवान् अरहत् सम्यक्‌सम्बुद्ध देवादि मनुष्य दक्वदिक्वं लोकया शास्ता गुरू जुया बिज्यात। थः स्वयं नं मनुष्यया रूपय् खने दयेक बिज्याःम्ह वसपोलं देवब्रह्मादिपिन्त स्वया नं मनूयात अप्वलं अप्वः प्रोत्साहन बिया बिज्याइगु जुयाच्वन। मानव जीवनयात दकसिबें च्वन्ह्यागु महानगु जीवन धका भाःपिया बिज्याइगु, मान्यता बिया बिज्याइगु खः। मानव जीवन गुलि च्वन्ह्यायेफु च्वजायेफु उलि गुगुं नं जीवन वसपोलं खंका बिमज्याः। सर्वज्ञ स्वयम्भू ज्ञानधारी वसपोलं "मनुष्यत्वयात अतिकं दुर्लभ" तायेका बिज्याःगु दु। अथे हे धका सीका नं बिज्याःगु दु।

देव ब्रह्मादि अवस्थाय् थ्यंका इमिसं थ्व विश्व जगतयात छुं नं ठोस सार तत्त्व बी फयाच्वंगु खनेमदु। तर गबले सुं छम्ह प्राणी मनुष्य रूपय् च्वंवइगु खः, मानवोचित गुण नं वयाके दत धाःसा, वया पाखें थ्व विश्व जगतयात गुलि नं कल्याण जुइगु खः, सुख जुइगु खः, आनन्द फलदायी जुइगु खः, उकिया ल्याः चाः सुनां नं याये फइमखु। मानवगुण मानवतां वयात सर्वोच्च शिखरय् थ्यंका बीगु खः। सदांया निंतिं दक्वदिक्व दुःखं मुक्ति बीके फइगु अवस्थाय् तकं व थ्यंके वनेफु। गथे भगवान् बुद्ध स्वयं थ्यंक बिज्यात। वसपोलया सलंसः द्वलंद्वः लखंलख, कोटान्‌कोटी आर्यश्रावक शिष्यपिसं नं उजोगु अवस्था मानव जीवनय् च्वना हे प्राप्त याना धन्य धायेका बिज्याःगु खः। धायेका च्वना बिज्याना च्वन अले धायेका बिज्यानानं च्वनीतिनि।

गबले तक्क थ्व धरती बुद्धवचन, बुद्धोपदेश बुद्धशासन शुद्ध स्वच्छ व परिशुद्ध रूपं गथे खः अथे विद्यमान जुयावं च्वनीतिनि, अबले तक उकिया अनुगामीपिं उगु दिशापाखे उन्मुख जुया लँ मद्वंकुसे गतिशील जुया निरन्तर रूपं दिपा मदयेक अनुगमन अनुशीलन अनुपालन यानावं वना च्वनीतिनि सत्यनिष्ठ जुया। उकिं याना इपिं सुपरिणाम शुभ प्रतिफलं सुं नं छखे चिला च्वने मालीमखु। मुख्य खँ ला मनुखं मानवतायात रक्षा याना बचे याना तयेमाःगु अतिकं जरूरी खः।

तर गबले मनुखं मानवतायात पाचिना जुइगु तोता दानव प्रवृत्तियात थः नाला उकीयात च्वछाया जुइयाइ, अबले उगु दानवतां मानवयागु दक्वदिक्वं अस्तित्व हे म्हुना छ्वयेगु याइ, नष्ट भ्रष्ट व ध्वस्त हे याना छ्वयेगु याइ। थ्व विश्व जगतयात खरानीस ल्वाकछ्याना छ्वइ।

थौयागु थ्व विश्व जगत गुगु लँपुं न्ह्या वनाच्वन, उकियात क्वथिक स्वयेबले ला बुलुहुँ बुलुहुँ मानवता ह्रास जुजुं दानवतां थाय् काकां वयाच्वंगु स्पष्ट खनेदयाच्वंगु दु। गुकियागु प्रतिफल कथं मानवं मानवयात म्हसिकेगु तोतावं वयाच्वंगु दु। मानवयागु मूल्य व मान्यता यात धुलय् ल्वाकछ्याना छ्वयेगु कुतः जारि जुजुं



Downloaded from http://dhamma.digital

वनाच्वंगु दु । थ्व विश्व थौं धर्म, न्याय, शान्ति, सत्य, प्रेम, करूणा, मैत्री आदि मानवीय गुणं तापानावं वना उकिया पलेसा अधर्म, अन्याय, अशान्ति, असत्य, घृणा, द्वेष, ब्यापाद, आघात, कोप, क्रोध, ईर्ष्या, जलन, प्रतिशोध, अदला बदला, आदि दानवीय दुर्गुणतयुसं थाय् काकां वनाच्वंगु छर्लंग खनेदया वयाच्वने धुंकल । सिच्चुसे न्ह्याइपुसे, न्यने यइपुसे च्वंगु खुसीचिगु कलकल सःया थासय् ह्याउँसे च्वंगु हियागु धःचाः न्ह्याना दक्वसिगु नुगः हे पम्हुया छ्वम्हुया वइथें च्वने धुंकल । खलबल मचे जुइधुंकल । धलमलय् जुइधुंकल । उकिं मानवीय मूल्य व मान्यतायात कदर याना बिज्याइम्ह बुद्धयात आत्म विश्वास ब्वलथना च्यो बुद्धि व ज्यो प्रवृत्ति त्याग याना आत्मद्वीप बःकया आत्म प्रदीप च्याका जः ह्वलेगु निंतिं प्रेरित याना बिज्याइम्ह सम्यक्सम्बुद्धयात भी सकलसिनं सही रूपं यथार्थ रूपं म्हसीके माल, आत्मसात् याये फयेके माल । थः नाले माल, वसपोलयागु अमृत सन्देशयात बुलन्द यायेमाल । मानवतायात म्वाका तयेत अभियान चले यायेमाल । मखु धयागु जूसा भीपिं सकलें दानवतायागु मिया रापय् ताप फफं स्वाहा जूवने माली जुल । हे मानव ! सचेतजू न्ह्यलं चायेकी । जागृत जू, दँ !दानवतायात अन्त या ! फुका छ्व !!

थौं थ्व थुगु धरती मानवताया आवश्यकता दु । मानवयाके मानवता सुरक्षित जुयाच्वंसा हे जक थुगु विश्व च्वनेल्वःगु थाय् जुइ, विश्वय् शान्ति न्यनावनी, सच्चिदानन्दया अनुभूति कया न्ह्याइपुका च्वनेदइ, मखु धयागु जूसा मखु धयागु हे जू वनी । भिं जुइ फइमखु । थुजोगु मानवीय भावना ब्वलथना प्रेरित व प्रोत्साहित यायां थुगु "च्वसु मुना" या निंतिं विवेचनात्मक व समालोचनात्मक "छुं छत्वाः खँ" च्वया थुगु सफूचिगु मान मर्यादा व प्रतिष्ठा च्वजायेका बिज्याःगुलिं वसपोल प्राध्यापक सुवर्णशाक्यजु प्रति साधुवाद व सुभाय् मब्युसे च्वनेमफु ।

दनं दं न्ह्यवः निसें उखें थुखें चिलाय् दनाच्वंगु च्वसुत मालामाला मुंका स्वँमाः हनेथें हना सफूचिगु रूप बिया "च्वसु मुना" सम्पादन याना प्रकाशय् हःम्ह धर्मया केहैं अनागारिका उप्पलवर्ण्णा गुलि तक प्रशंसा यायेबहःम्ह खः धका कुला च्वनेमाःगु आवश्यकता दइमताः । वसपोलयागु थुगु दूरदर्शी ज्या-खँ प्रति तःसकं तःसकं आभारी व कृतज्ञ जुयाच्वना । धात्थें साधुवाद देछाये बहःम्ह वसपोल खः । ब्वमि महानुभावपिसं थुकियात अवश्यं कदर याना बिज्याइ दी अले थुगु चिकिधंगु सफुतिं भतिचा जक जूसा लाभान्वित जुया बिज्याये व दी फत धाःसा अन केहैं मयजु अनागारिकाया कुतः सफल जुल भाःपी दइ ।

अथे हे थुगु सफू प्रकाशनया प्रकाशकीय आर्थिक बोध फया गुण याये निंतिं श्रद्धा ब्यक्त याना च्वंगु "सन्ति सुखावास प्रकाशन समिति" यात ला न्ह्याको साधुवाद व कृतज्ञता प्वंकुसानं गात धयागु ला दइ हे मखुगु जुल ।

अन्तस थुगु सफू पिथनेगु ज्याय् काय् वाक् मन बिया ग्वाहालि बिया बिज्याःपिं "न्यू नेपाल प्रेस" या थुगु ज्या लिसे स्वापु दुपिं सकलें प्रेस परिवारपिन्त आभार व कृतज्ञता ज्ञापन यासे थ्व थुगु "नित्वाः खँ" कीगुलिं बिदा काये त्यनागु जुल ।

सकसियां भिं जुयेमा !!! सकलसित शान्ति दयेमाः !!!

**भिक्षु ज्ञानपूर्णिक "धम्माचरिय"**
विश्व शान्ति विहार, मीन भवन
२०६१/६/१९/३



Downloaded from http://dhamma.digital




# परित्राण सूत्र

## दुई शब्द

'मातापितु-गुणो अनन्तो' आमा बाबुहरूको गुण अनन्त छः असीमित छः अपरिचित छ । कसैले त्यस गुणको सही लेखा जोखा गर्नसक्तैन । यसरी असीमित गुणका खानी अनन्तगुणका अधिकारी आमा बाबुहरूको उपस्थानगर्नु, सेवागर्नु, लालन पालनगर्नु, भरण पोषणगर्नु सन्तानहरूको परम कर्तव्य हो । आमा बाबुको उपस्थानगर्नु कल्याणकारी छः उपकारक छ , मंगलमय छ । यो कुशल कर्मपथ पनि हो । आमा बाबुको सश्रद्धापूर्वक सेवागर्नु,, सुश्रुषागर्नु बुद्धकै सेवागर्नु होः ब्रह्माकै सेवागर्नु हो । गुरू आचार्यहरूकै सेवागर्नु हो । देवी देवताहरूको सेवा भन्दा पनि महत्वपूर्ण छः सफलदायी छ ।

आफूमा क्षमता भएर पनि, सामर्थ्य रहेर पनि यदि अशक्त, दुर्बल अवस्थामा आमा बाबुहरूको सेवा सुश्रुषा सन्तानहरूले गर्दैनन्, उनीहरूको राम्रो देखभाल हुँदैन, वास्ताकिस्ता नै नराखी त्यसै त्यसै फालिराखेका बेवास्ता गरिएका छन् भने त्यस्ता किसिमको अवहेलनापूर्ण व्यवहारले ती सन्तानहरूको पराभव नै हुन्छ, पतन नै हुन्छ, विनाश नै हुन्छ । त्यस्ता सन्तानहरू छण्डालतुल्य हुन्छन्: नीच हुन्छनु घटिया जातका हुनपुग्छन्, चाहे तिनीहरू जस्तोसुकै उच्च जातमा जन्मेका नै किन नहुन् ! जातले कोही चण्डाल हुँदैनन् जातले कोही ब्राह्मण पनि हुँदैनन् । प्रत्येक व्यक्तिले गर्ने क्रियाकलाप नै उच्च नीचताका मापदण्ड हुन् ।

जीवित छँदा आमा बाबुको सेवा सुश्रुषा, देखभाल, लालनपालन, कर्तव्यपरायणतापूर्वक गर्नुपर्ने कुरा त त्यसै छाडौं मरण पछि समेत उनीहरूको नाममा विभिन्न प्रकारका कुशलपुण्य सम्पादनगरी पुण्यदानगर्नु नितान्त लावश्यक देखिन्छ । कहिल्यै विर्सन नहुने उनीहरूको गुण हो । कृतज्ञ भई कृताज्ञातापूर्वक उनीहरूको गुणको यथोचित कदर गरेर अविच्छिन्न रूपमा नहुने कर्तव्य धर्म हो । यति पनि गर्न नसकी भुलभुलैयामै परिरहनु सपुतहरूको काम नभई कपुतहरूको काम मात्र हुनजान्छ । तिनीहरूलाई 'कुपुत्र' नामाकरण गरिन्छ । तिनीहरू साँच्चिकै नालायक सन्तानहरू हुन, कुसन्तानहरू पशुतुत्य हुने हुनाले तिनीहरू निस्सन्देह 'नरपशु' हरू हुन् । यो मानिस भनाउँदाहरूको निमित्त ठूलो अभिशाप हो । अपाय दुर्गतिको अवस्था हो । मानव चरित्रको कलंक होःदाग हो ।

भगवान् बुद्ध स्वयंले समेत मातृऋणपितृऋणबाट मुक्तहुने आदर्श आफैले देखाएर जानुभएको ज्वलन्त उदाहरणहरू हामीले बौद्ध साहित्यमा हेर्ने र अध्ययनगर्न पाइराखेका छौं । भगवान् बुद्ध जस्तो संसारमा सर्वश्रेष्ठ व्यक्तित्वले समेत मातृपितृ ऋण चुकाएर जानुपर्दछ भने हामी जस्ता वहाँका नङ्का धुलो जति पनि नगन्य व्यक्तिहरूले के कस्तो गर्नुपर्ने हो त्यसलाई भनिरहनुपर्ला जस्तो लाग्दैन ।

तसर्थ सत्पुरूषगुण भएका सन्तानहरूले आमाबाबुप्रति केतज्ञ भई अनेकन् पुण्यकर्महरू गरी उनीहरूप्रति पुण्यदान गर्नेछन् । मातृपितृऋणबाट छुटकारा पाउने प्रयास गर्दछन् । धेरै जसोले त 'सबै दान मध्ये सर्वश्रेष्ठ



Downloaded from http://dhamma.digital

दान धर्मदान" गर्नुको रूपमा धर्म सम्बन्धी जीवनोपयोगी पुस्तक पुस्तिका, ग्रन्थ प्रकरणहरू प्रकाशितगरी पुण्यदान गर्ने गर्दछन् । यसै क्रममा आवुसो भिक्षु यसधम्मो र वहाँको बहिनी सानुमाया प्रजापतिले भगवान् बुद्धका अमूल्य उपदेशः भय, त्राश, उपद्रव, अन्तरायहरूबाट त्राण दिनेसक्ने "परित्राण" सुत्तहरू अर्थ सहितगरी "त्रिरत्न वन्दना, शील प्राथना विधि, मैत्री भावना विधि समेत समावेश भएको यो "परित्राण सूत्र" पुस्तक प्रकाशित आमा बाबुहरूको निर्वाण प्राप्तिको लागि शुभकामना व्यक्त गरिएको छ । पुण्यदानगरी प्राथना गरेको छन् ।

वहाँहरूको कामना र प्रार्थना सफलदायी होऊन्ः वहाँहरूले पनि यस संचित पुण्यद्वारा निर्वाण लाभ गर्नसकून् भन्ने शुभेच्छाका साथ यो दुई शब्द यही टुंग्याउँछु ।

चिरं तिट्ठतु सद्धम्मो !
सद्धर्म चिरस्थायी होऊन् !

**भिक्षु ज्ञानपूणिक**
विश्व शान्ति विहार, मिनभवन, नयाँ बानेश्वर
२०६० अषाढ २८

Dhamma.Digital



Downloaded from http://dhamma.digital



# त्रिरत्न वन्दना र
# सतिपट्ठान विपश्यना ध्यान निर्देशन

## दुई शब्द

बुद्धगुण, धर्मगुण, संघगुण त्रिरत्न गुणानुस्मरण अर्थसहित अनुस्मरण गरी काय, वाक् र मनोकर्म शुद्ध स्वच्छ एवं निर्मल पार्न प्रेरणाको स्रोत रहेको यो पुस्तिका हो । यस भित्र मानवोचित गुण अभिवृद्धि गर्न आवश्यक अनुशासन, अववाद, उपदेशहरु भरिएको छ । मानवोचित गुण भन्नु नैतिकता, सच्चरित्रता, सहानुभूति, सहिष्णुता, मैत्री, करुणा, दया, माया, सद्भावना आदि गुणहरुको यथोचित वृद्धि गर्दै लैजानु हो । ती गुणहरुले अलंकृत हुनसकेमा मात्र मानव मानव बन्न सकिने हुन्छ । दानव बन्नबाट टाढिन सकिन्छ । त्यसैले शील, समाधि, प्रज्ञाको प्रतिपालन अत्यावश्यक हुनजान्छ । ती त्रिविध शिक्षाको जानकारी यस पुस्तिकाले सहज र सरल रुपमा प्रदर्शन गरिराखेको छ ।

त्यति मात्र होइन, प्राणी जगतमा प्रत्याशित अप्रत्याशित रुपमा अनेकौं प्रकारका प्रिय अप्रिय घटनाहरु घटिराखेका हुन्छन् । विभिन्न प्रकारका भय उपद्रव, बिघ्न बाधा, अन्तरायहरु प्रत्यक्ष र अप्रत्यक्ष रुपमा आइराखेका हुन्छन् । त्यस प्रकारका अनिच्छापूर्ण स्थितिहरुबाट त्राण प्राप्त गर्नको लागि के कस्तो प्रकारको मार्ग पद्धतिहरुको अवलम्बन गर्नुपर्दछ र नीति नियम, विधि विधानहरुको अनुगमन, अनुशरण एवं धारण पालन गर्नुपर्दछ भन्ने मार्ग पद्धतिको निर्देशनसहित अमूल्य-सन्देश, सुझाव र प्रेरणात्मक निर्देशनहरु पनि यस पुस्तिकामा हामीले अध्ययन, चिन्तन मननको साथसाथै भाविता गर्नुपर्नेबारे पथ प्रदर्शन पनि यसभित्र पूर्णरुपमा भइराखेको हामी पाउँछौं । यसरी यस पुस्तिका अत्यन्त जीवनोपयोगी सिद्ध हुनसक्ने कुरालाई पाठकवर्गहरुले आफैले पनि अनुभूतिमा उतार्न सक्ने छन् भन्ने हाम्रो धारणा छ र विश्वास पनि हामीमा लागिरहेको छ ।

यस्तो महत्वपूर्ण पुस्तिका अनन्त गुणले सहित भएका प्रातः स्मरणीय पिता दिवंगत सिंघराज शाक्य तथा माता दिवंगत आशामाया शाक्यको पुण्यस्मृतिमा श्री बाबुकाजी शाक्य प्रमुख सम्पूर्ण परिवारहरुको शुद्ध स्वच्छ श्रद्धाले प्रकाशनमा आइराखेको छ । उहाँहरुको यो योगदान सानो तिनो खालको नभई "सब्बदानं धम्म दानं जिनाति" भन्ने बुद्धवचन अनुसार सर्वश्रेष्ठ दानमा गनिने सर्व-विजयी योगदान हो । यस पुण्यको आनुभावले दिवंगत सिंघराज शाक्य तथा माता दिवंगत आशामाया शाक्यसहित सम्पूर्ण दुःखको अन्तको अवस्था निर्वाण प्राप्तिको हेतु हुन सकोस् !

यस पुस्तिकालाई यो अवस्थामा पुऱ्याउन ज-जसले जे जति सहयोग पुऱ्याएका छन्, नाउँ उल्लेख नभए पनि सबैप्रति आफ्नो साधुवाद प्रकट गर्दै दुई शब्द यहीं टुंग्याउन चाहन्छु ।

**भिक्षु ज्ञानपूर्णिक महास्थविर**
विश्व शान्ति विहार, नयाँ बानेश्वर
"अग्गमहासद्धम्मजोतिकधज, धम्माचरिय"
मिति : ०६५।४।१



Downloaded from http://dhamma.digital

यांगुन महाशी सासना यैता. छट्ठसंगीति प्रश्नकर्ता अग्गमहापण्डित
महोपकारक महाशी सयादो महास्थविरं निरीक्षण व परीक्षण याना तया बिज्या:गु
विनयानुकूलगु

# उपसम्पदकम्मवाचा

(कथिन सीमासम्मति आदि महत्वपूर्ण कम्मवाचा नं दुथ्या:गु)

सम्पादनकर्ता:
भिक्षु ज्ञानपूर्णिक महास्थविर, धम्माचरिय, अग्गमहासद्धम्मजोतिकधज

प्रकाशक:
सुखी होतु नेपाल

प्रथम संस्करण बु.सं. २५५२

# उपसम्पदाकम्मवाचा

## नित्वा: खँ

"विनयो नाम सासनस्स आयु । विनये ठिते सासनं ठितं नाम होति ।" अर्थात् तथागत प्रज्ञप्त विनीतभाव-सिर्जक, अनुशासन-प्रवर्द्धक, नीति नियम विनय, बुद्धशासनया प्राणरक्षक आयु खः, जीवन खः ।

गबले तक थ्व विश्वय् विनय, विनयानुकूल, धर्मानुकूल, विधानानुकूल, नियमानुकूल, शिक्षानुकूल अले तथागत शासनानुकूल प्रतिस्थापित जुयावं न्ह्यावनाच्वंच्वनी; अबले तक बुद्धशिक्षा व बुद्धशासन नामक त्रिविध शिक्षा शासन शील, समाधि व प्रज्ञा, च्यागू अंगयुक्त आर्यमार्ग म्वाना, न्ह्याना, दिपा मदयेक क्रियाशील अले गतिशील जुया स्थिर व स्थित जुयावं वनाच्वनी ।

उगु शासनयात नियमानुकूल विधिविधानानुकूल प्रगति पथय् पला:छिका यंकेत मदयेकं मगा:गु बुद्धकालीन अवस्थां निसें संगठनात्मक शक्तिकथं थौं तक अटूट रूपं श्रृंखलाबद्ध भावय् क्रियाशील जुयावयाच्वंगु परम्परा हे भिक्षुसंघ परम्परा खः ।

उगु भिक्षुसंघ परम्परायात प्राण प्रतिष्ठा यानाबीगु भिक्षुसंघयागु मया:सें मगा:गु अति महत्वपूर्णगु कर्मयात संघकर्म धका धाइ । त:धं चीधंगु संघकर्मयात विधिवत् एकताबद्ध व मेलमिलाप दयेक, भेद विभेद मदयेक सुनियोजितकथं योजनाबद्धरूपं निर्धारित व नियमित यानात:गु परिधि अथवा सीमा दुनेच्वना गणतन्त्रात्मकढंगं स्वच्छन्द-भावना पिज्वयेका, छन्दागति, दोषागति, मोहागति व भयागति धयागु नाले बह:मजूगु, मत्य:गु, मल्वा:गु अगति प्यंगुलिं बचेजुया लिचिला, करूणां प्रेरित जुया, निस्वार्थपूर्वक बहुजनहिताय बहुजनसुखाययागु मूललक्ष्य ज्वना उच्चकोटिगु जीवन हनेत संघ संगठनात्मक निरीक्षण, परीक्षण व निर्णयद्वारा जुइगु ज्याखँ हे संघकर्म खः ।

संघकर्म ज्ञप्ति-द्वितीय संघकर्म व ज्ञप्ति-चतुर्थ संघकर्म धका ग्यसुला:गु व हलुका:गु संघकर्मकथं निथी दयाच्वंगु दु । अले कार्यविधिकथं धाल धा:सा—उपसम्पदा-संघकर्म, उपोसथ-संघकर्म, पवारणा-संघकर्म, कथिन-संघकर्म, सीमासम्मति-संघकर्म अब्भान-संघकर्म, पब्बाजनीय-संघकर्म, उक्खेपनीय-संघकर्म, तज्जनीय-संघकर्म, पत्तनिकुज्जन-संघकर्म, चतुवग्ग-संघकर्म, पञ्चवग्ग-संघकर्म, दसवग्ग-संघकर्म, वीसतिवग्ग-संघकर्म, अतिरेक वीसतिवग्ग-संघकर्म आदिकथं थी थी दयाच्वंगु जुल ।

थुपिं संघकर्मत विधिवत् सम्पन्न यायेत वा पूवंकेत कम्मवाचा (कर्मवाचा) कानूनी प्रक्रिया पूरेयाना संवैधानिक नीतिगतरूपं कार्यसम्पादन यायेगु अति महत्वपूर्ण जुया अत्यावश्यककथं वैधानिक क्रियाकलाप



Downloaded from http://dhamma.digital

सम्पन्नयायेगु विनयनीतिनियम तथागत सम्यकसम्बुद्धं प्रतिपादनयाना व्यवस्थितढंगं जारीयाना तयाथका बिज्याःगु जुल ।

गन तक भिक्षुसंघ संगठन दइ, अन तक थुपिं क्रियाकलापत वहनयाना धारणयाना पालनयाना न्ह्याका यंकावं वनाच्वनेमाः । थुपिं क्रियाकलापत सक्रियरूपं न्ह्याके मफुत, उकियागु अनुरूप ज्या-खँत संचालन मजुल, जुइ मफुत धाल धाःसा बुद्धशासनया अवस्था घिँतिघिँति च्वनीगु जक मखु, प्राणान्त अवस्थाय् हे थ्यनीगु सुनिश्चित जुल ।

गबलेसं निसें थेरवाद भिक्षुसंघ हाकनं बुद्धजन्मभूमि थ्व नेपालय् खनेदयेक बिज्यात, अबलेसं निसें थुपिं क्रियाकलापत थन नं विधिवत् न्ह्यानावं वनाच्वंगु जुल । तर सुव्यवस्थित रूपं न्ह्याका यंकेत थुगु विधिया ग्रन्थ अभाव हे जुया उगुंथुगुं भाषं वा लिपिं पिथनातःगु सफूत बःकया ज्याःखँत चले यायेमाःगु परिस्थिति दयाच्वंगु जुल । उकियात महसूस यासे उगु आवश्यकतायात नं पूर्ण यायेमाल धयागु मनसायकथं म्यान्मार् राष्ट्रया विश्व सुप्रसिद्ध स्मृतिप्रस्थान विपश्यना ध्यानगुरू छट्ठसंगीति प्रश्नकर्ता, अग्गमहापण्डित महोपकारक महाशी सयादो भदन्त सोभन महास्थविरं निरीक्षण, परीक्षण, परिशोधन अले परिमार्जनयाना शुद्ध स्वच्छरूपं प्रतिपादनयाना बिज्यानातःगु उपसम्पद-कम्मवाचायात बःकया नेपालभाषां थुगु उपसम्पद-कम्मवाचालिसें अत्यावश्यक जुयाच्वंगु मेमेगु थी थी कम्मवाचासमेतं माःहना दुथ्याका भाय्हिलेगु, लिपि परिवर्तन यायेगुकथं जक मखुसे सम्पादन ज्या नं यानागु जुल ।

थुगु ग्रन्थयागु महिमा व महत्त्वयात थुइका सुखी होतु नेपालं अतिकं च्वजाःगु श्रद्धा पिज्वयेका पिकाकःया झ्यातूगु अभिभार कुबिया तःधंगु कुशलपुण्य संग्रहयाना काःगु जुल । उकिं सुखी होतु नेपाल सम्पूर्ण दुजःपिनिप्रति दुनुगलंनिसें साधुवाद नापं सधन्यवाद कृतज्ञता देछानाच्वनागु जुल ।

अले थुगु सफू पिथनेगु ज्याया निंतिं भाय् हिलेत पाण्डुलिपि तयार यायेगु व प्रफु ब्वनेगु ज्याय् आपालं ग्वाहालि याना हःपा बिया योगदान ब्यूम्ह केहैं मय्जु अनागारिका उप्पलवण्णा अले थःपिनि लिमलागु ज्यायागु व्यस्तताया बाबजूद इलय् बिलय् प्रुफ् काःवनेगु तःवनेगु ज्याय् अस्यः मचाःसे ग्वाहालीयाना हःपाः बिया वःगुली थःपिनि शिष्य भिक्षु निग्रोध भिक्षु जनक आदिपिनिप्रति नं आभारी लिसें कृतज्ञ जुयाच्वनागु जुल ।

वथें थुगु सफू पिथनेगु ज्याय् यक्वं यक्व ई बिका भ्याःभति हे उसिं मचायेकुसे धाःधाःथे प्रुफ् तयार यायेगु अले धैर्य धारणयाना समयया प्रतिक्षाय् च्वना सम्पादकया भिक्षुभावय् थ्यंगु ५०-दँ क्यंगु सुवर्ण-जयन्तीया लसताय् पिदनिगुकथं कार्यसम्पादन यायेगुली व कभर डिजाइन यायेगुली तकं आपालं आपालं सहयोगयाना दीपिं न्यू नेपाल प्रेसया नायः भाजु विजयमान सिंह तुलाधरलिसें थुगु ज्यालिसे स्वापुदुपिं सकल प्रेस परिवारप्रति हार्दिक शुभमंगल कामना नाप नापं धन्यवाद व सुभाय् प्वंका च्वनागु जुल ।

सकलें सत्त्वपिं सुखी जुयेमाल !
"चिरं तिट्ठतु सद्धम्मो"सद्धर्म चिरस्थायी जुयेमाल !!

सम्पादक **भिक्षु ज्ञानपूर्णिक**
विश्व शान्ति विहार, मीनभवन, न्हू बानेश्वर, यें
२०६५ पौष २६ गते, शनिबार, बु.सं. २५५२,
ने.सं. ११२९ पोहेलाथ्व,
ई.सं. २००९, १० जनवरी



Downloaded from http://dhamma.digital

भिक्षु ज्ञानपूर्णिक महास्थविरया थःगु सफू
मेपिं च्वमिपिसं अनुवाद यानातःगु
संस्करणय् थःगु बिचाः



Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital




# स्नेही छोरी

## फोसा

बालक कालमा पसलेसित फोसा लिने गरेको बानी अझै बिर्सेको छैन । त्यसबेला एक टुक्रा नरिवल अथवा एक टुक्रा सुपारी फोसामा पाएर रमाउँथें, अहिले अरु थोक नै पाएर खुसि छु ।

थपुवा र बढुवा पाउनेकै मात्र प्रायोजनको हुन्छ, तर फोसा चाहिं उभयपक्षी हुन्छ । फेसा पाउने र अन्य मध्ये जसको प्रयोजनमा पनि ल्याउन सकिन्छ ।

मिठो थपाइन्छ त राम्रो बढाइन्छ, अनि थपमोल नपर्ने चाहिं फोसामा दिइन्छ । तर फोसा भन्दैमा नाकै खुम्च्याउनु पर्ने चाहिं पक्कै हुँदैन । फोसामा पाइने थपुवा र बढुवामा पाइने सरह कै पनि हुन सक्छ ।

आज भन्दा सात वर्ष अघिको कुरो हो, भर्खर परीक्षा सकेकोले दिमाग र हात, दुइटैले विश्राम पाएको थियो । तर बर्माको मण्डले शहरको गर्मीमा कोठाभित्र रित्तै उकुसमुकुसिएर बस्नु सरल थिएन । त्यसैले केही पढौं भनेर न्याकमा भएका पुस्तकमा आँखा दगुराएँ । आँखा "तमीः छेत्" नामको पुस्तकमा गएर अड्यो । सो पुस्तक न्याकबाट निकालेर ल्याई खाटमा पल्टेर पढ्न थालें । अनायसनै पानाहरु पल्टिदैं गए । आकर्षक कथावस्तु, मनमोहक शैली-एकै खेपमा आद्योपान्त पढें । पढी सकेपछि मनमा कुरा खेल्यो-"र वे थ्वं" द्वारा लिखित 'तमीः छेत्' अति राम्रो छ, नेपाल भाषामा अनुवाद गरे उत्तम हुन्छ भनेर धेरै विद्वानहरुले भन्नुभएको थियो । तर समयाभावले आफूले अझै पढ्नै पाएको थिएन । वास्तवमा यो पुस्तक मैले आफ्नो मातृभाषामा अनुवाद गर्नै पर्ने खालको रहेछ । स्वदेशको एउटी दिदीको जीवनीमा आधारित, एक जना विदेशी विद्वानद्वारा विदेशी भाषामा लिखित उपन्यास !_ तर__के मैले यसको अनुवाद गर्न सकुँला त ?_मातृ भाषामा बोल्नै नपाएको पनि कति वर्ष भैसकेको छ । कति शब्दहरु बिर्सिसकेको छुँ । शब्दकोष पनि आफूले साथमा ल्याएको छैन । __जे पर्ला, पर्ला ! कमसेकम प्रयाससम्म त मैले गर्नै पर्छ । आफूले बिर्सेका शब्दहरुको हकमा मोलमिनमा हालसालै नेपालबाट पढ्न आएका बहिनीहरुसित सोधेर भएपनि लेखुँला !_भाव र अभिव्यक्ति सम्बन्धमा कठिनाइ आइपरेमा स्वयम् मूल लेखकसितै छलफल गरुँला । उहाँ पनि परिचित ब्यक्ति नै त हुनुहुन्छ नि !_"

त्यसरी अनुवाद गरेरै हेर्ने कुरो मनमा निधो भएपछि कापी र कलम लिएर मेच-टेबुलनिर गएँ । ठूलठूला अक्षरले "योःम्हम्ह्याय्" भनेर शिर्षकको अनुवाद गरिसकेपछि धमाधम अनुवाद गर्दै लगें । भाग्यवश त्यसैताका गर्मी स्थान मण्डलेबाट शितल हावापानी भएको ठाउँ च्याउमेमा जान पाइने अवसर पाएँ । च्याउमेको शितल बातावरणमा ठण्डा दिमागले अनुवाद कार्य बढाउँदै लगें । यसरी अनुवाद गर्दै जाँदा बल्ल थाहा पाउँदै गएँ, अनुवाद गर्नु भनेको सजिलो काम रहेनछ भनेर । डेढ महिना जति च्याउमेमा बसेर आफैले गर्न सक्ने जतिको अनुवाद गरेर मण्डले फर्के । मण्डलेबाट रंगूनमा गएर मूल लेखक "र वे थ्वं" स्थविरसित भेट गरी आफूलाई स्पष्ट नभएको विषयमा छलफल गरें । यसरी आफूले बुझ्न पर्ने कुराहरु त बुझें, तर



Downloaded from http://dhamma.digital

आफूले बुझेको भाव र अभिव्यक्तिलाई नेपाल भाषामा व्यक्त गर्न कतिपय शब्द र वाक्य- बाङ्मय आफूसित नभइदिएकाले अरु नेपालीहरुसित परामर्श लिन मोलमिन जानै पर्ने महशुस भयो । सो कुरो थाहापाएपछि र वे थ्वं स्थविर पनि साथै आइदिनमा उत्सुक हुनुभयो । दुबै जना सँगै मोलमिनमा पुग्यौं । हाम्रो उद्देश्य थाहा पाएपछि खेमाराम विहारका गुरु आमा "दो पञ्ञाचारी" र "दो सुख" ले हाम्रो लागी बस्ने खाने व्यवस्था खेमारामबाट टाढा नपर्ने "साइँमामा" विहारमा गरिदिए । यसरी त्यसबेला खेमाराम विहारमा अध्ययनरत नेपाली अनागारिकाहरु-धर्मदिन्ना (चमेली), उत्पलवण्णा (चिनी) र पञ्ञा (कमला) सित परामर्श लिएर बाँकी अनुवाद कार्य सम्पन्न गरैं । त्यसैले उनीहरु तिनै जना धन्यवादका पात्र भएका छन् । मूल लेखक र वे थ्वं स्थविरले, अमूल्य त्रिपिटक पुनः प्रकाशन सम्बन्धी आफ्नो त्यस्तो महत्वपूर्ण काम थन्काएर मसँगै मोलमिनसम्म आइदिने कष्ट गर्नु भएबाट, उहाँले मलाई यस अनुवाद कार्य गर्नुमा कति प्रोत्साहन दिनुभयो होला भन्ने कुरो स्पष्ट भएको हुनुपर्छ । अनि वहाँको मनमा नेपालप्रति कति सहानुभूति, श्रद्धा र सौहार्दता रहेछ भन्ने कुरो पनि त्यस बाटै अभिव्यक्ति भएको हुनुपर्छ ।

अनुवाद कार्य सम्पन्न भएको धेरैदिन नबित्दैमा "योःम्हम्याय्" को पाण्डुलिपि नेपाल पठाइदिनलाई सहोदर भिक्षु सुदर्शनले लेखि पठाएको पत्र मैले पाएँ । नितान्त आवश्यक केही सुधार कार्य यथासम्भव चाँडै सम्पन्न गरेर पाण्डुलिपि नेपाल पठाइदिएँ । जवाफमा-"पाण्डुलिपि हात पर्ने बित्तिकै एकै खेपमा अद्योपान्त पढैं । राम्रै लाग्यो ।" -भनि लेखिएको पत्र पाएँ । त्यो मेरो लागि पहिला फोसा भयो ।

जुनबेला म बर्मामा अध्ययन सकेर नेपाल फर्कनेछुँ, तबसम्ममा "योम्ह म्ह्याय्" प्रकाशित भई सबैको प्रिय पुस्तक भइसकेको हुनेछ भनेर मैले त्यसैबेलै सोचेको थिएँ । तर वर्षौं पछि, आफू फर्कदाँ पनि त्यो पाण्डुलिपि , पाण्डुलिपि कै रुपमा मात्र सीमित रहिरहेको देख्नु पर्दा म केही निराश भएँ ।

गत वर्ष "योःम्हम्ह्याय्" मा थप सुधार गर्नमा लाग्यौं । आठ-दश दिन जति त्यसरी तिनै जनाले मिलेर सुधार गरिसकेपछि बाँकी सुधार कार्य म एक्लैले गर्ने जिम्मा कविज्यूले मलाई दिनुभयो । सुधारकार्य सम्पन्न भएपछि सुधारिएको पाण्डुलिपि कविज्यूको हातमा सुम्पिदिएँ । त्यसपछि त्यसलाई यो पुस्तकको रुपमा यसरी पाठक समक्ष ल्याइदिन गर्नु पर्ने सम्पूर्ण काम कविज्यू एक्लैले अथक परिश्रम गरी सम्पन्न गर्नुभयो । यदि उहाँले त्यसरी परिश्रम गर्नु नभएको भए यो अझै पनि पाण्डुलिपिकै रुपमा सीमित रहिरहने थियो होला । त्यसैले कविज्यू कतिको श्रेयपात्र हुनुहुन्छ त्यो भनिरहनु नपर्ला । तर उहाँबाट त्यसरी सहयोग पाउनु मेरो लागि एउटा महत्वपूर्ण फोसा भएको छ , त्यो चाहिँ नभनिहुन्न ।

अन्तमा, यो पुस्तक अनुवाद गर्नमा र यसको प्रकाशन गर्नमा विभिन्न प्रकारले सहानुभूति व्यक्त गर्नु हुने र सहयोग दिनुहुने सबैलाई हृदयदेखि धन्यवाद दिन चाहन्छु । साथै यो उपन्यास आफ्नै देशको एउटी वीराङ्गनाको जीवनमा घटेका घटनाहरुमा आधारित छ भन्ने कुरो थाहा गरी, पाठकहरुले यसबाट लिन सक्ने प्रेरणा लिनुका साथै यसको महत्व हृदयगत गरिदिएमा मूल लेखकको आकांक्षा पूर्ण हुने भए झैं यस अनुवादकको मनोकामना पनि पूर्ण भएको महशुस हुनेछ भन्ने कुरो पनि उल्लेख गर्न चाहन्छु ।

भिक्षु ज्ञानपुर्णिक
(नेपाल भाषामा अनुवादक)
२०२७ कार्तिक ४



Downloaded from http://dhamma.digital




# दुश्चरित्र (नेपाली)

## मन्तव्य

लोक परलोक जीवनको अति महत्वपूर्ण जीवनको एउटा समस्या हो । यो मात्र धार्मिक समस्या होइन, प्रमुख मानवीय समस्या पनि हो । जीवन-दृष्टि परिशुद्ध भने मिथ्यादृष्टि मिथ्यावाद मिथ्या धारणा एवं मिथ्या सिद्धान्त भित्रिन थाल्दछ ।

जब जब गलत धारणा भएको चित्त उत्पन्न हुन्छ, तब तब हाम्रो जीवन दोषयुक्त भई प्रत्येक पाइलामा अपाय ढोकाको नजिकतिर अघि सर्दै गइरहेको हुन्छ । स्वच्छ, रमणीय, शान्तिमय आनन्द पूर्ण जीवन नरहन सक्तछ ।

ज्ञान दृष्टि परिशुद्ध भएमा मात्र दृष्टि सोझिन्छ । दृष्टि सोझिएमा मात्र राम्रो जीवन, राम्रो गति, अमूल्य जन्म, अर्थहितकारी भूमि निर्माण गर्न सकिन्छ ।

अतीत जन्म, अनागत जीवनप्रति आस्था र विश्वास कर्मस्वकत्व सम्यकदृष्टिको मुख्य पृष्ठभूमि हो ।

सहि सिद्धान्त यथार्थ दृष्टिलाई देखी, जानी रहनु खान, पान, लवाई बसाई व्यवस्थिति पारी रहनु भन्दा बढी महत्व रहेको ठोसपूर्ण हुन्छ ।

तसर्थ वर्तमान जीवनमा अत्यधिक महत्वपूर्ण र अत्यावश्यक तत्व सम्यकदृष्टि ग्रहन गर्नु नै हो ।

As a man believes so he thinks, and as he thinks so he acts.

मानिसको विश्वास अनुसार उसको सोचाई हुन्छ र उसको सोचाई अनुसार काम ।

Only the right view can lead to true happiness and complete peacefulness.

वास्तविक सम्यग्दृष्टिले मात्र सही सुख पूर्ण शान्ति प्रदान गर्न सक्तछ ।

तथागत प्रतिपादित विमुक्ति र विशुद्धिको मार्ग मध्ये पहिलो मार्ग नै सम्यकदृष्टि मार्ग हो । प्रकारान्तर भेदको हिसाबले सम्यकदृष्टिलाई त्रिविध विभाजन गरी तथागत (बुद्ध) ले दर्शाउनु हुँदा **कम्मस्सकता सम्मादिट्ठि** (कर्मस्वकत्व सम्यकदृष्टि) प्राथमिक तहमा पर्दछ । तथागतको आफ्नै वचन अनुसार त्यो निम्नानुसार हुन्छ–

**"सब्बे सत्ता कम्मस्सका, कम्मदायादा, कम्मयोनी, कम्मबन्धू, कम्मप्पटिसरणा, यं कम्मं करिस्सति कल्याणं वा पापकं वा तस्स दायादा भविस्सन्ति ।"**

यसैलाई अलिकति विस्तृत पारेर लाने हो भने- सत्त्व प्राणीहरु जन्म लिंदै संसार चक्रमा घुमिरहुञ्जेलसम्म उनीहरूको राम्रो नराम्रो कुशल अकुशल कर्म (काम) नै उनीहरूको निजी सम्पत्तिं हो, ती ती कर्म नै सर्वदा उनीहरूको पछि पछि लागीरहन्छ । आफ्नै कुशल अकुशल कर्म नै उनीहरूको सम्पत्तिको अगुवा हो; अधिकारी हो, हर्ताकर्ता हो । संसार चक्रमा घुमिरहनुको मूलश्रोत पनि उनीहरूकै कुशल अकुशल कर्म राम्रो नराम्रो काम



Downloaded from http://dhamma.digital

हो । राम्रो नराम्रो काम , कुशल अकुशल कर्म नै उनीहरूको बन्धुबान्धव हो । साँच्चैको इष्टमित्र हो । उनीहरूको साँच्चैको शरण, प्रतिशरण पनि उनीहरूद्वारा गरिने राम्रो नराम्रो कुशल अकुशल कर्म नै हो । उनीहरूद्वारा गरिने कल्याण र पापक राम्रो नराम्रो कर्म नै उनीहरूको दायाद हो; अंश हो; दाइजो हो; ।

त्यस अतिरिक्त सम्यग्दृष्टि जसलाई पालि प्रयोजित शब्द अनुसार दसवत्थुक सम्मादिट्ठि भनिन्छ । त्यो निम्नानुसार हुन्छ – **अत्थि दिन्नं; अत्थि यिट्ठं; अत्थि हुतं; अत्थि सुकतदुक्कटानं कम्मानं फल विपाको; अत्थि माता; अत्थि पिता; अत्थि सत्ता ओपपातिका; अत्थि अयं लोको; अत्थि पर लोको; अत्थि लोके समणब्राह्मणा समग्गता सम्मापटिपन्ना; ये इमञ्च लोकं परञ्च लोकं सयं अभिञ्ञा सच्छिकत्वा पवेदेन्ति ।"**

अर्थात् – (क) दिने काम र दिइनुको फल वा विपाक अवश्यमेव छ । (ख) महान दान कर्म र त्यसको फल वा विपाक अवश्य छ । (ग) अवश्यमेव सानो दानकर्म र त्यसको फल वा विपाक छ । (घ) निश्चय नै सुकृत्य र दुष्कृत्य कर्म र त्यसको फल र विपाक छ । (ङ) आमा प्रति राम्रो वा नराम्रो गरेको र त्यसको फल र विपाक अवश्य छ । (च) बाबु प्रति राम्रो वा नराम्रो गरेको र त्यसको फल वा विपाक अवश्य छ (छ) गर्भ आदिमा बस्न नपरी स्वभावतः यथावत् रूपमा जन्मिने सत्त्व प्राणीहरु अवश्य छन् । जस्तो कि – देव, ब्रह्मा, यक्ष, प्रेत आदि; जसलाई सामान्य मानिसहरूले (स्थूल मांसचक्षु मात्रले) देख्न सकिन्न । (ज) निःसन्देह नै आफ्ना आँखाहरूले देख्ने इहलोक छ । (झ) निःसन्देह नै अन्य संसार वा परलोक छ, जहाँ मरणोपरान्त जन्म होइन्छ –

अर्को विधिले भन्ने हो भने– निःसन्देह यस मानव संसार र अन्य संसार (चार अपाय लोक, छ काम देवलोक र बीस ब्रह्मलोक) छ ।

फेरी अर्को विधि अनुसार– अवश्यमेव मनुष्य लोक, चार अपाय लोक, छ काम देव लोक, बीस बह्मलोक सहित यस विश्व ब्रह्माण्ड र आठै दिशामा अन्य अपरिमित लोक छ ।

साँच्चै नै यस मानव लोकमा सर्वज्ञ बुद्ध, श्रमण र ब्राह्मणहरु छन् । जो मानसिक शान्ति अवस्थामा पुगिसकेर राम्ररी आचरण गरिसकेका छन् । जसले यस लोकलाई मात्र नभई अन्य लोकलाई समेत स्वयं आ-आफैले विशिष्ट ज्ञानद्वारा साक्षात्कार गरी देखी, जानी अरूहरूलाई पनि प्रकाशित गर्दछन् ।

उल्लिखित यी दुई सम्यग्दृष्टि ज्ञानद्वारा नै हामीले आफ्ना दृष्टि के कस्तो हुनुपर्छ भन्ने कुरालाई बुझ्न सजिलो हुन्छ । यसैलाई फेरि ब्याख्या गरेर लानु परेमा "मन्तब्य" अतिविस्तृत हुन जाने भय छ । यी कुराहरूलाई जान्न बुझ्न चाहेमा मग्गङ्ग दीपनी, विपस्सना दीपनी पञ्च आलोक आदि आदि आधिकारिक ग्रन्थहरूको आद्योपान्त अध्ययन मनन एवं परिशीलन आवश्यक छ ।

आधारभूत धर्म त्यो हो, जुन धर्मको आधार लिंदा वा शरणमा जाँदा शरणार्थीहरूलाई अपाय दुःख र भवचक्र दुःखको खाडलमा झर्न नपरी धारण गर्ने क्षमता हुने मात्र नभई धर्मको शरणमा नजाने ब्यक्तिहरूले खप्न पर्ने सांसारिक दुःख पारलौकिक दुःखबाट समेत सुरक्षा दिन सक्ने क्षमता भएको होओइन्छ ।

अपाय दुर्गतिमा विना कारण पतन हुने होइन । यस पुस्तकमा दर्शाइराखे अनुसार आ-आफूद्वारा गरिने पापक अधर्मको आचरणले नै हुने हो । तसर्थ अपायमा पतन हुने भन्दा अपायमा धकेलिदिने पतन गराउने पापक अकुशल धर्महरु नै सबैभन्दा भयंकर देखिन्छ ।



Downloaded from http://dhamma.digital

तसर्थ धर्मलाई अनुकुल हुने गरी आचरण गरेर धर्मको शरणमा गई त्यसमा संलग्न भइरहने व्यक्तिहरूमा कुशल धर्म बृद्धि हुँदै गइरहने हुनाले अकुशल धर्महरु पनि स्वतः नै लोप हुँदै गइरहने हुँदा अकुशल धर्महरूलाई कुशल धर्मले, विशेष रूपमा विपश्यना कुशल धर्मले रोकी हटाई राख्ने हुन्छ । फलस्वरूप त्यसको फल वा विपाकले अयाय दुःख, भवचक्र दुःखलाई पनि हटाई निर्मूल पारी दिन्छ । यसैलाई यस पुस्तकद्वारा बुझाई दिने प्रयास भइरहेको कुरालाई पाठक वृन्दहरूले प्रत्यक्ष अनुभव गर्न पाउनु हुनेछ ।

यो पुस्तक आज राष्ट्र भाषा नेपालीमा देखा पर्न सक्नु अनुवादकज्यूको धर्म र भाषाप्रतिको श्रद्धा र आस्थाको कारणले हो । आफ्नो शारीरिक स्थितिलाई परवाह नराखी काम सुम्पिने बित्तिकै सोचेभन्दा पनि शिघ्रताका साथ पूर्ण कर्तब्य परायणी भई काम सम्पन्न गरीदिनु भएको धेरै समय बितिसक्यो । बल्ल, अहिले वहाँको प्रयास सार्थक पार्न सकेकोले वहाँ प्रतिको आफ्नो कर्तव्य पूरा भएको ठान्दै छु । यस कार्यको लागि वहाँलाई जति साधुवाद दिए पनि कमनै हुनेछ । जेहोस् यस पुण्यको प्रभावले वहाँको जीवन सुखमय हुनुको साथै सम्पूर्ण दुःखको अन्त्य, शान्ति स्वस्तियुक्त निर्वाण प्राप्तिको कारण पनि बनोस् ।

यस पुस्तक प्रकाशनार्थ प्रकाशकको व्यवस्था गर्न, प्रुफ पढ्नु अन्य आवश्यक सहयोग दिनुमा सतत् प्रयत्नशील बहिनी उत्पलवर्णाप्रति र बेला बेलामा आफ्ना अमूल्य समय दिई प्रुफ संशोधनमा सहयोगको हात बढाउने शिष्यहरु भिक्षु बोधिज्ञान भिक्षु निग्रोधहरु प्रति कृतज्ञता ज्ञापन गर्न आफ्नो कर्तब्य ठान्दछु ।

पुस्तक प्रकाशनमा प्रेस परिवारहरूको सहृदय सहयोग विना चिटिक्क पारेर समय मै प्रकाशनमा आउन सक्ने सम्भव छैन । त्यसको लागि प्रेसका प्रमुखहरु सहित यस कार्यमा संलग्न सबै परिवारहरूद्वारा थुप्रै सहयोग र सहानुभूति प्रदान भएका छन् । त्यकारण सबै प्रति प्रति धन्यवाद र साधुवाद दिए पनि नपुग नै रहने छ । वहाँहरूप्रति अत्यन्त आभारी छु ।

अन्तमा सबै श्रद्धालु महानुभावहरूको सहयोग, अनुदान, योगदान सहानुभूतिद्वारा प्रकाशनमा आएको यस पुस्तकको सही अध्ययन, चिन्तन मनन एवं अनुशीलन परिशीलनद्वारा अकुशल हटाई कुशल बृद्धि गरी विपश्यना ज्ञानको प्रकाशले प्रज्वलित मार्गज्ञान फलज्ञानको ज्योतिपुञ्जमा रही दुःख विमुक्त निर्वाणको अनुभूति प्राप्त गर्न सकेमा सर्व अर्थ सिद्ध भएको सम्झन पाइने छ । अस्तु !

नेपालभाषामा अनुदित पुस्तकका प्रणेता -

**भिक्षु ज्ञानपूर्णिक**
विश्व शान्ति विहार
मीनभवन, नयाँ बानेश्वर
२०५५ कार्तिक ७ गते



Downloaded from http://dhamma.digital




# पट्ठान पाली

## भूमिका

बौद्ध जगत्मा अभिधर्मको आफ्नै अस्तित्व छ, महत्व पनि । यद्यपि यो कुनै कुनै तर्कवादी विद्वान भनिनेहरूको निम्ति पछि पछिको दार्शनिक उपजको रूपमा आलोचनाको विषयवस्तु भैरहेको छ । यसमा हामी त्यति अल्भिनु पर्ने आवश्यकता छैन ।

जुन धर्मको मौलिक सार यो जगतमा अहिलेसम्म विद्यमान छ, त्यसको खास विवरण अभिधर्मले जुन ढंगले गरिराख्यो शायद त्यो अन्त पनि उपलब्ध हुन सक्छ भन्ने सम्भव छैन । यस्तो ज्ञानको दर्शन र दिग्दर्शन गर्न सक्ने ज्ञानको भण्डार अभिधर्मको उपज सम्यकसम्बुद्धको जस्तो मस्तिस्क विना अरूले गर्न सकिन्छ भन्नु सूर्यको अगाडि जुनकिरीको प्रशंसा गर्नु बाहेक अरु के हुनसक्छ !

तसर्थ बुद्धको उपदेशको यथार्थतालाई जस्ताको तस्तै दर्शाउने यो उपदेश सरल सजिलोसँग बुझ्नु भन्नु साधारण कुरा होइन । मात्र श्रुतमय र चिन्तामय ज्ञानले यो स्तरमा पुग्नु कपोल कल्पना मात्र हुन्छ । जति जति मानिसहरूमा भावनामय ज्ञान बृद्धि हुँदैजान्छ त्यति त्यति नै अभिधर्म उपदेश गहकिलो हुँदै जाने हुनाले बुद्ध वचन अनुसार यो "अतर्कावचार" विषय हो । दुर्दर्शनीय हो । दुर्बोध्य हो । शान्त हो । प्रणीत हो । गम्भीर हो । शूक्ष्म हो । अनुभवी पण्डित वेदनीय हो ।

यो उपदेश प्रादुर्भाव कहिले कसरी भयो भन्ने विषयमा संक्षिप्तमा विवरण दिन उपयुक्त सम्झन्छु ।

पट्ठान देशना प्रभावकारी छ भन्ने कुरालाई परिचर्चा गरी स्पष्ट रूपले दर्शाउनुको निम्ति–

१) शूक्ष्म प्रणीत भएर विशाल गम्भीर भैरहेको ।
२) प्रभावशाली देव ब्रह्माहरूले आदर गौरव राखेको उपदेश भैरहेको र
३) बुद्धशासन प्रतिष्ठित गराईराख्न प्रमुख गढ भैरहेको । यी तीन कारणलाई पृष्ठभूमी तुल्याई पालि, अर्थकथा, टीकाको आधारमा केही कुरा उल्लेख गर्न योग्य सम्झन्छु ।

### १) शूक्ष्म प्रणीत विशाल गम्भीर देशनाः-

पट्ठान देशना शूक्ष्म प्रणीत विशाल गम्भीर देशना हो । साँच्चै हो, पट्ठान देशनामा जान्न र देख्न सजिलो नभएको दुष्कर भएको चित्त, चैतसिक, रूप , निर्वाण, स्कन्ध, आयतन, धातु, सत्य, हेतु, ध्यानाङ्ग, मार्गाङ्ग आदि परमार्थ धर्म देशना गरिराखेको हुनाले यो शूक्ष्म प्रणीत देशना हो ।

यसमा यी परमार्थ धर्महरूलाई परस्परमा कारण कार्यको रूपमा सम्बन्धित भएर अवस्थित भैरहेको उल्लेख गरी दर्शाईराखेको हुनाले यो गम्भीर हो ।

यी कारण कार्यको रूपमा सम्बन्धित भएर अवस्थित भैरहेको धर्महरूलाई कसरी कुन प्रकारले



Downloaded from http://dhamma.digital

अवस्थित भैरहेको छ भन्नेलाई आदि अन्त र अथाह रूपमा विभिन्न विधि नाना नय द्वारा स्पष्टिकरण दिएर देखाईराखेको हुनाले यो अथाह हो, विशाल हो ।

यसरी शुक्ष्म प्रणीत भएर गम्भीर र विशाल भएको उपदेश हुनाले यो देशमा प्रभावकारी भैरहेको हो । यो उद्धरण साँच्चैको भैरहेको कुरा उनी तथागतको जीवनी घटना एउटा अधिसारेर नमूनाको रूपमा प्रस्तुत गर्न चाहन्छु ।

उनी तथागत पञ्चमारलाई हटाएर अनुपम बुद्ध हुनु भैसकेपछि २२ औं दिनमा बोधिवृक्षको पश्चिमोत्तर तर्फ चौथौं सप्ताह भैरहेको रत्नाघर चैत्यमा विराजमान भै रहनुभयो । त्यसबेला नै सातवटा अभिधर्मको प्रत्यवेक्षण गर्नुभयो । क्रमशः वहाँले धम्मसंगणी , विभंग, धातुकथा, पुग्गलपञ्ञत्ति, कथावत्थु र यमकलाई क्रमशः परामर्श गर्नुभएको अवस्थामा विशेष अद्‌भूत घटना कुनै प्रकट भएन । परन्तु अन्तिम पट्ठानलाई परामर्श गर्नुभएको बेलामा भने वहाँको शरीरबाट छ :वर्ण रश्मि प्रादुर्भाव भएर दायाँ, बायाँ, तल, माथि, तेर्सो १० वटा दिशामा पनि अपरिमाण रूपले निर्बिघन् प्रभाशित भयो ।

यसरी छःवर्ण रश्मि अपरिमाण रूपले आदि अन्त नहुने गरी उत्पन्न भएर प्रभाशित भएको उनी तथागतको अनन्त भाग्य प्रादुर्भाव भएको नै भयो । अनन्त भाग्य उत्पन्न भएको कारण आदि अन्त नहुनेगरी जान्न देख्न सकिने सर्वज्ञता ज्ञानले शूक्ष्म प्रणीत अपरिमाण विशाल भएको अनन्त नय समन्त पट्ठान आरम्मण गर्न पाएकोले प्रसन्न प्रफुल्लित हुनुभएकोले हो ।

सर्वज्ञता ज्ञान प्रसन्न र प्रफुल्लित भएको अवस्थामा ज्ञानको साथ साथै सम्प्रयुक्त चित्त चैतसिक धर्महरु पनि प्रसन्न प्रफुल्लित भयो । सर्वज्ञता ज्ञानसँग नै सम्प्रयुत्त चित्त चैतसिक धर्मको आधार हृदयवस्तु भनिएको मुटुको रक्त संचालन पनि प्रसन्न र प्रज्वलित भएर आयो । हृदयवस्तु रक्ततन्तुसँग सम्बन्धित भएको मासु, रगत, हाड , छाला, नसा पाँच इन्द्रिय अरु अरु चित्तज, कर्मज, आहारज, ऋतुज रूपधर्महरु रश्मि चम्केर अनन्त चक्रवालमा अपरिमाण रूपले द्रुतगतिले फैलिएर गयो ।

यहाँ सर्वज्ञता ज्ञानले अन्य धर्मलाई परामर्शन गर्नुभएको अवस्थामा सम्म कुनै विशेषता थिएन, परन्तु जब पट्ठानलाई परामर्श गर्नुभयो तब मात्र विशेष रूपले छःवर्ण रश्मि प्रादुर्भाव भएको पट्ठान देशना प्रभावाकारी भएकोले नै भयो ।

**अरहन्त बनाउन सकिने पट्ठानः-**

उर्बरा शक्ति बढी भएको भूमीमा बीज अनुसार फूल बृक्ष फलफूल राम्रो हुने र वृद्धि हुने जस्तै पट्ठान आरम्मणमा पुगेर प्रकृति ज्ञान प्रज्ञा श्रद्धा चेतनाले फल दिने महान र पवित्र हुने कुरालाई महागतिगमिय तिष्यदत्त स्थविरको नमूनाद्वारा स्पष्ट गराउँछु - लंकाद्वीप निवासी महागतिगमिय तिष्यदत्त स्थविर महाबोधि दर्शन गर्न कामनाले लंकाद्वीपबाट जम्बुद्वीपमा जहाजबाट आइरहनु भएको थियो ।

समुद्रपार गर्दागर्दै वारपार नदेखिने ठूला साना पानीको तरङ्ग उथल पुथल हुनेगरी छालको रूपमा यताबाट उता उताबाट यता पानीको फोहोराझैं बनी चलायमान भैरहेको अवस्थामा "यो समुद्रको फाँटमा भएको पानीको तरङ्ग नै विशाल हुन्छ कि पट्ठान देशनामा भएको विभिन्न नय नै धेरै विशाल र व्यापक हुन्छ" भनी विचार गर्नु भएको बेलामा "समुद्रको फाँट तलतिर हेऱ्यो भने घन पृथ्वी, माथितिर अजटाकाशः दायाँ



Downloaded from http://dhamma.digital

बायाँ अरुतिर चक्रवालको पर्खालले गर्दा परिमाण भएको भयो । पट्ठान देशना त विभिन्न नयहरु संमिश्रण भएर अन्त नै नदेखिने गरी अति नै विस्तृत र व्यापक भएको रहेछ" भनी निश्चित रूपले जानी देखी सकेपछि पट्ठान देशनामा श्रद्धा र विश्वास उत्पन्न भएर आयो ।

त्यसरी श्रद्धा र विश्वास उत्पन्न भएर आएको बखतमा हर्षित हुने सौमनस्य, मनपर्दो हुने प्रीति, रमाउने प्रमुदितता एकपछि अर्को खपाखप् उत्पन्न भएर आई सोही धर्मलाई आधार गरी विपश्यना ज्ञान बृद्धि गरी एउटै आसनमा क्लेश क्षय भई अरहन्त हुनुभयो ।

यस घटनामा अरहन्त भएको फल अपरिमित भएको महान फल हो । यसरी महत्फल प्राप्त भएको शूक्ष्म गम्भीर विशाल प्रणीत भएको पट्ठान देशनामा भएको चेतना श्रद्धा धर्मको कारणले नै हो ।

**२) प्रभावशाली देव ब्रह्माहरूको गौरवनीय धर्मः-**

भगवान बुद्धले सातौं वर्षावास गर्नुहुने आषाढ पूर्णिमाको दिन श्रावस्तीको आसपासमा कण्डम्ब आँपको रूखमुनि पाल्नुभई तीर्थकरहरूलाई दमन गर्नुको निम्ति पानी र आगो एकेक जोडा छोड्ने यमक प्रातिहार्य देखाउनु भयो ।

त्यसपछि उनी श्रमण ब्राह्मण गृहस्थ सबैले दर्शन गर्दा गर्दै नै त्रायत्रिंश देवलोकमा तीन पाइला चालेर देवराज इन्द्र बस्ने पारिजात वृक्षमूलमा बिछ्याराखेको पण्डुकम्बल शीलासनमा पलेटिमारेर बस्नुभई आमा बनेर आएका देवपुत्र प्रमुख दश हजार चक्रवालबाट समागम जुन आएका देव ब्रह्माहरूलाई अभिधर्म देशना ब्याख्यान गर्नु भएको हो ।

वर्षा तीन महिनासम्म अभिधर्म देशना ब्याख्यागर्नुभै आश्वीन पूर्णिमाको दिन अभिधर्म देशनाको अन्तिम भैरहेको पट्ठान देशनाको अन्तमा दशहजार चक्रवालबाट समागम हुन आएका ८०,००,००,००० (असि करोड) देव ब्रह्माहरूले धर्म जानेर मुक्ति लाभ गरे ।

धर्म जानेर मुक्ति लाभगर्ने भनेको विशिष्ठ धर्मलाई जानेर अरहन्त भएका भन्ने अभिप्राय हो सामान्य धर्मलाई जानेर कल्याण पृथग्जन भएका , श्रोतापन्न भएका, सकृदागामी भएका, अनागामी भएका, तल तलका मार्ग फल प्राप्त भएका देव ब्रह्माहरूको गिन्ति नै थिएन ।

अवश्य पनि हो । अपदान अर्थकथामाः-

पहिले पहिलेका तथागतहरूको परम्परा र आचार गोचर अनुसार त्रायत्रिंश देवलोकमा पाल्नुभई वर्षावास बस्नुभई वर्षा तीन महिना अटूट अविरल अभिधर्म देशना गर्नुभई मातृ देवपुत्र प्रमुख धेरै नै देव ब्रह्माहरूलाई श्रोतापन्न मार्ग प्राप्त गराउनुभई पाल्नु भएको छ भनी उल्लेख गरिराखेका छन् ।

यसरी धम्मपद अर्थकथामा अभिधर्म देशना सुन्न पाउँदा देव ब्रह्माहरु ८० करोड अरहन्त फलमा प्रतिष्ठित भएको देखाई अपदान अर्थकथामा मातृदेव प्रमुख धेरै नै देव ब्रह्माहरु श्रोतापत्ति मार्ग प्राप्त भएको देखाइराखेको हुनाले अभिधर्म देशना अरहन्त भएर अनगिन्ति रूपले श्रोतापन्न, सकृदागामी , अनागामी भएको कुरा स्पष्ट भएको छ ।

अभिधर्म सातवटा ग्रन्थ मध्ये अनन्त नयले सिंगारिएको पट्ठान देशना सुन्न पाउँदा विशिष्ट धर्म प्राप्त भएर गएका पट्ठान परिषद् देव ब्रह्माहरु अरु अरु उपदेश सुन्न पाएर विशिष्ट धर्म लाभ गरी आर्य भएका



Downloaded from http://dhamma.digital

देव ब्रह्माहरु भन्दा बढी हुन्छ भन्ने निसन्देह सिद्ध हुन आउँछ ।

यस प्रकारले दुष्परिणामलाई रोकेर सुपरिणामलाई प्राप्त गराउने कारणले गर्दा पट्ठान देशना प्रभावशाली छ भनी पहिलेदेखि लिएर आजसम्म पनि परम्परागत आस्था र विश्वास भैरहेको छ ।

**३) बुद्धशासन स्थितिको निम्ति प्रमुख गढः-**

विश्वमा एक देशको सुरक्षाको निम्ति शत्रु क्षेत्रको नजिकै भएको आफ्नो देशको भित्र प्रमुख गढ (किल्ला) एउटा जहिले पनि निर्माण गरिराख्ने हुन्छ । प्रमुख गढ ध्वस्त भएर शत्रु सैन्यहरु देश भित्र पस्न सकियो भने मनले चाहेजस्तै उपद्रव मचाएर ध्वस्त नस्त पारी सम्पूर्ण देश अधिनमा गराउन सकिन्छ ।

पछि त्यसको शैन्यशक्ति बलियो तुल्याई फेरी प्रत्याक्रमण गरेर लिन सके पनि आफ्नो देश भित्र युद्धक्षेत्र तुल्याई धेरै धेरै नै हानी हुने गराईरहनुपर्ने हुन्छ ।

तसर्थ एउटा देशको सुरक्षा स्थिरगर्न प्रमुखगढ आवश्यक छ । यो कारणलाई जान्ने राष्ट्रप्रेमीहरूले प्रमुख गढ दृढ र शक्तिशाली तुल्याइराख्न अनुबल दिएर रक्षा गरिरहने हुन्छ ।

यो बुद्धशासनमा पट्ठान देशना प्रमुख अगुवा गढ हो । स्पष्टिकरणको निम्ति अलि विस्तृत गर्दछु—

तथागत शासन लोप हुने अवस्थाको शुरुआतमा कुन प्रकारले लोपहुन्छ भन्ने कुरा पाथिक वर्ग अर्थकथामा निम्न अनुसार देखाईराखेको छ— परियत्तिशासन, प्रतिपत्तिशासन र प्रतिबेधशासन भनिएका तीनवटा शासन मध्ये परियत्तिशासन पहिले लोप हुन्छ ।

परियत्तिशासनमा पनि सूत्र, विनय र अभिधर्मपिटक भनिएका तीनथरी मध्ये अभिधर्म पिटक पहिले लोप हुन्छ । धम्मसंगणी लादि ७ वटा ग्रन्थ मध्ये पनि पट्ठान ग्रन्थ पहिले लोप हुन्छ । त्यसपछि मात्र तलैदेखि क्रमशः ग्रन्थहरु लोप हुने हुन्छ । त्यसपछि सूत्र त्यसपछि विनय ग्रन्थ क्रमशः लोप हुन्छ । परियत्तिशासन लोप भैसकेपछि प्रतिपत्तिशासन र प्रतिबेधशासन दुईवटा लोप हुन्छ भनी उल्लेख गरिराखेका छन् ।

यी शासन लोप हुने बिधि क्रम देखाईराखेकोमा सबभन्दा शीर्षभागमा पट्ठान देशना देखि लोप हुने कुरालाई विशेष होश गर्नु उचित छ । यस्तो भयोभने पट्ठान देशना शासनिक क्षेत्रमा प्रमुख अगुवा भएर रहने भयो । शासन लोप नगराउनुको निम्ति पट्ठान देशना स्थिर र बृद्धि गराईराख्न सुरक्षा गरिराख्नु पर्‍यो । रेखदेख गरिराख्नु पर्ने भयो । अनुबल प्रदान गरिराख्नु पर्ने भयो ।

पट्ठान देशना लोप भयोभने अरु अरु उपदेश पनि लहरै नै लोप भएर जानेछ । त्यसकारण शासन स्थितिको निम्ति प्रमुख अगुवा गढ भैरहेको पट्ठान देशना स्थिर र अभिवृद्धि हुनुलाई सुरक्षा प्रदान गर्नु कार्य गर्दै लैजानु शासनप्रेमीहरूको कर्तव्य भयो ।

यसरी पट्ठान गम्भीर भएको कुरा संक्षिप्त रुपले उल्लेखगरेको छु । आशा छ पाठकवर्ग यो पुस्तक पढेर पट्ठानको केही महत्व बुझेर लाभान्वित हुनुहुनेछ ।

**भिक्षु ज्ञानपूर्णिक महास्थविर**
विश्व शान्ति विहार
मीनभवन नयाँ बानेश्वर
फो.नं. ४४८२९८४



Downloaded from http://dhamma.digital




# दश पुण्य-पुष्प

## नेपालभाषानुवादकको केही कुरा

मानव मन अचम्मलाग्दो छ । एकैनाशले यो कहिले पनि रहँदैन । सदा परिवर्तन भइरहेको यसको स्वभाव हो । यो मन कहिले राम्रो छ, हिस्सि परेको, चित्तिक्क रहेको निर्मल, चमकदार, शोभायमान भएको, कहिलेकाहिँ राम्रो छैन, हिस्सि परेको हुँदैन, चित्तिक्क रहँदैन । बिसिद्धि हुन्छ, अनुहार बिग्रेको, शोभाहीन, चमक रहित । यसो हुनु अरु अरु कारणले होइन । जब भएको रूपमा सहि ढंगले तथ्य रूपमा विचार उब्जन्छ तब यो सर्वांग रूपले निर्मल, परिशुद्ध चम्केको हुन्छ । तर उल्टो रूपमा बेढंगले नमिल्दो किसिमले जब विचार उब्जन्छ, तब त्यसको स्वरूप नै फरक हुँदछ । तसर्थ यो मनलाई ठीक ठाउँ राम्रो ठाउँ उचित ठाउँमा लगाउन बडो होस् गर्नु पर्छ राख्नु पर्छ । जागरूक भएर बस्न सक्नु पर्दछ । यही कुरालाई राम्ररी सम्झाउन बुझाउन यो पुस्तक "दश पुण्य-पुष्प" हाम्रो सामू आइराखेको छ । मगमग वास आउने, राम्रो, शोभा युक्त चित्तिक्क र हिस्सि परेको भित्रै भित्रबाट फलिफूलि रहेको यो दश पुष्प हो । यो हृदयलाई सफा पार्ने फूल हो । मति र गति स्वच्छ पार्ने फूल हो ।

यसको मूल लेखक म्यान्मारको महाशी सासना यैता (ध्यानकेन्द्र) को एकजना गौरवनीय ध्यानगुरु नायक सयादो ऊ सुन्दर महास्थविर हो । वहाँ नेपाल पनि दुइ तीन चोटि आइसक्नु भएको थियो । त्यस उसले वहाँ नेपाली बौद्धहरूसित राम्ररी नै सुपरिचित व्यक्ति हुनु हुन्थ्यो ।

तर यो संसार आफूले चिताए जस्तो छैन । आज देखा परेको व्यक्ति भोलि देखा नपर्ने, त्यस्तै आज नदेखिएको व्यक्ति पनि तुरन्त देखा पर्न आउने यो संसारको रीत । हुने नहुने नहुने हुने अन्तरद्वन्दमा परी परिवर्तन भइरहनु यसको स्वभाव हो । यो स्वभावबाट कोही पनि मुक्त हुँदैन । देउता सेउता चाहे जो सुकै होस् सबै नै यसैको भित्र परी भूमरी जस्तै घुमिरहन्छ रहन्छ । सयादो ऊ. सुन्दर नेपालबाट म्यान्मार फर्कनु भो । एक दुई महिना के बितेको थियो, वहाँ पनि यस संसारको भूमरिमा पर्नु भो । वहाँ यस संसारबाट लोप भएर जानु भो । कस्तो अचम्म लाग्दो छ यो ।

अहिले वहाँ यस संसारमा हुनुहुन्न । तै पनि वहाँको यश कीर्ति र वहाँले गरेर जानु भएका त्रियाकलापहरु यथावत् नै विद्यमान रहिरहेका छन । रहिरहने पनि छन् । त्यो त सिति मिति त्यसै हराएर जाने छैन । त्यसैले वहाँ तथागत सम्यकसम्बुद्ध "राम्ररी सुशोभित सुसज्जित राज-रथ जीर्ण भएर जाने जस्तै यो शरीर पनि जतिसुकै सुरक्षा गरिराखे तापनि जीर्ण भएर जान्छ , तर तथागतहरूको सत्य-धर्म जीर्ण हुदैँन ——" भनी उपमामय भाषामा हामीलाई कोट्याएर भन्नु हुँदै ब्युँझाएर जानु भएको छ । हामी भने त्यसरी सजिलैसित ब्युझिने खालको होइनौं रहेछ । यो त हाम्रो दुर्भाग्यको चिनो नै त होला नि !



Downloaded from http://dhamma.digital

वहाँ सयादोले यो पुस्तक जस्तै अन्य थुप्रै पुस्तकहरु लेखेर जानु भएको थियो । ती पुस्तकहरु अति नै जनप्रिय भएका थिए । ती मध्येको पुस्तक तपाईहरु समक्ष प्रस्तुत हुँदैछ । यसमा मलाई खुसी लागेको छ । यही वहाँ सयादोप्रतिको मेरो आफ्नो श्रद्धाञ्जली भन्नु पऱ्यो । अन्यथा वहाँप्रति आफ्नो कृतज्ञता प्रकट गर्ने बाटो पनि त अहिले केही रहने भएन नि ।

यो पुस्तक पढी पाठक वृन्दहरुले आ आफ्नो जीवनहरुमा सुगन्धयुक्त सुन्दर दश पुष्पको सुगन्ध बास लिन सकून् ती पुष्पहरु लगाई सिंगारि भित्र बाहिर दुबै क्षेत्रतिर सुन्दर पार्न सकून । यस जीवन, त्यस्तै यस पछिको भविष्य जीवनलाई पनि सार्थक तुल्याउन सकून् । अस्तु ।


**भिक्षु ज्ञानपूर्णिक महास्थविर**
विश्व शान्ति विहार
मीनभवन, नयाँ बानेश्वर

२०५६ कार्तिक ९गते मंगलबार

Dhamma.Digital



Downloaded from http://dhamma.digital




# अभिधम्मत्थसंगहो

## दुई शब्द

भगवान् गौतम बुद्धको चार असंख्य र एक लाख कल्पसम्म दानादि ३० पारमिता पूरा गर्नुभएको थियो महासत्व बोधिसत्वको रूपमा रही ।

२६२५ वर्ष अघि राजकुमार सिद्धार्थ गौतमको रूपमा बैशाख पूर्णिमाको पवित्र दिनमा नेपाल अधिराज्यको पश्चिमी क्षेत्र लुम्बिनीको शालोद्यानमा जन्मनुभएको थियो वहाँ । २९ वर्षसम्म भौतिक सुख शयलमा डुब्की लगाई संसारको भयावह स्थितिलाई महसूस गरी त्यसबाट मुक्ति पाउन राजपात वैभव सुख शयल जम्मैलाई तिलाञ्जली दिई गृहत्याग गरेर किंकुशलगवेषी भई ६ वर्षको समय प्रचलित धर्म नामक धर्मको परीक्षणमा डुबी बाँच्नै सक्तैन कि क्या हो भन्नुपर्ने अवस्था सम्मन् असह्य कष्ट र पीडा सही दुष्कर चर्यामा तल्लीन हुनुभएको थियो ।

तत्पश्चात् स्वानुभूतिले नै दुष्करचर्याको निस्सारता र निरर्थकतालाई अभ्यन्तर देखि नै प्रत्यक्षीकरण गरिसकेपछि त्यसलाई पूर्णतः त्याग गरी मध्यम मार्ग नामक शील, समाधि र प्रज्ञाको मार्ग अपनाइ ३५ वर्षको उमेरमा अविद्यालाई क्षत विक्षत पारी विद्या उत्पादन गरेर अरहत मार्गज्ञानद्वारा जे जति नराम्रा विकार नराम्रा कुप्रबृत्तिहरू छन् ती जम्मैलाई सखाप पारी निर्मूल रूपमा उच्छेदन गरेर सर्वज्ञता ज्ञान सहित सम्यक्सम्ब्द्धत्व हासिल गर्नुभएको थियो । आफुमा लाभ भएको आफैले आविष्कार गरी फेला पार्नुभएको विमुक्ति सुखको अनुभव गर्दै पुनराबृत्तिको रूपमा अनुलोम प्रतिलोम, निरीक्षण परीक्षण, संश्लेषण, विभाजन परिचालन, अनुशीलन परिशीलन, अनुमार्जन परिमार्जन गरी बोधिवृक्ष देखि लिएर वरीपरीका स्थलहरूमा एक एक सप्ताह गरी ७ सप्ताह विताई सुखको प्रत्यक्षानुभूति गर्नुभएको थियो । धर्म गम्भीरताको मर्म बुझिलिनु भएको थियो ।

त्यसै सिलसिलामा चौथो सप्ताह वहाँले रत्नाघर चैत्यमा बिताउनु भएको थियो । त्यही त्यो ठाउँ भनिन्छ जुन ठाउँमा बसेर वहाँले गम्भीरतिगम्भीर अभिधर्म सम्बन्धी परमार्थ दर्शनको चिन्तन मनन गर्नभएको थियो र भनिन्छ, त्यही अवस्थामा नै वहाँको शरीरबाट नील, पीत, लोहित, अवदात, मञ्जिट्ठ, पभस्सर (प्रभास्वर) ६ वर्ण रश्मि प्रज्वलित भएको थियो । यसै अवस्था देखि नै अभिधर्म प्रत्यक्षीकरण तथागतको मानस पटलमा भइसकेको थियो, जसलाई मानसिक देशना भनी भन्दछ ।

त्यसपछि सातौं वर्षावासको समयमा श्रावस्ती नगरको कण्डम्ब बृक्षमूलमा तीर्थकर दमनार्थ यमक प्रातिहार्य प्रर्दशन पछि तीन पाइला चालेर त्रयत्रिंशत् देवलोकका देवब्रह्माहरूलाई वर्षावास ३ महिनासम्म लगातार निरन्तरता दिई अभिधर्मको देशना गर्नुभएको थियो भन्ने कुरा पिटक ग्रन्थहरूमा उल्लेखित छ ।

मानव शरीरलाई यापन गर्नको निमित्त निर्मित बुद्धद्वारा देशना क्रम चालु राख्न प्रबन्ध मिलाई वहाँ तथागत मनुष्य लोकमा अवतरण गर्नु भई भिक्षाटनादि दैनिक चर्या भएको उपदेशको सारांश आफ्नो दाहिने



Downloaded from http://dhamma.digital

हस्त शिष्य अग्रश्रावक आयुष्मान सारिपुत्र स्थविरलाई सुनाउनु हुन्थ्यो ।

वहाँ आयुष्मान सारिपुत्र स्थविरले फेरी आफ्ना ५०० शिष्यगणहरूलाई देशना गरी त्यस अभिधम देशना मनुष्य लोकमा पनि नातिविस्तृत नातिसंक्षिप्त रूपमा प्रतिष्ठापित गर्नुभएको थियो । यसरी अभिधर्म देशनाले पछि गएर अभिधर्म–पिटकको रूप लिनपुगेको थियो ।

धर्मस्कन्धको हिसाबले विनय–पिटक र सूत्र–पिटक गरी ४२ हजार धर्मस्कन्ध रहेको छ भने एउटै मात्र अभिधर्म–पिटकमा बाँकि ४२ हजार धर्मस्कन्ध समाहित भईरहेको छ । यदि अभिधर्म–पिटकलाई परसार्ने हो भने ८४ हजार धर्मस्कन्ध कथमपि पुरा हुन सक्नेछैन । तीनै पिटक विनय, सूत्र र अभिधर्म जोडेर मात्रै ८४ हजार हुन पुगेको हो ।

तसर्थ अभिधर्मको निदानमा कौशल्य अथवा दक्षता प्राप्तिको निमित्त निम्न प्रश्नोत्तर प्रति ध्यानाकर्षण गर्नु आवश्यकता देखिन्छ :–

प्रश्न : यो अभिधर्म के ले प्रभावित भइराखेको छ ?
उत्तर : बोधि प्रार्थना श्रद्धाले प्रभावित भइराखेको छ ।
प्रश्न : कहाँ परिपक्व भएको हो ?
उत्तर : ५५० जातकमा परिपक्व भएको हो ।
प्रश्न : कहाँ अधिगम भएको हो ?
उत्तर : बोधिवृक्ष मूलमा अधिगम भएको हो ।
प्रश्न : कहिले अधिगम भएको हो ?
उत्तर : वैशाख पूर्णिमाको दिनमा ।
प्रश्न : कसले अधिगम गरेको हो ?
उत्तर : सर्वज्ञ बुद्धले ।
प्रश्न : कहाँ निरिक्षण भएको हो ?
उत्तर : बोधिमण्डपमा ।
प्रश्न : कहाँ देशना गर्नुभएको हो ?
उत्तर : त्रयस्त्रिंशत् देवलोकमा ।
प्रश्न : कस्को निमित्त देशना गर्नुभएको हो ?
उत्तर : देवताहरूको निमित्त ।
प्रश्न : किन देशना गर्नुभएको हो ?
उत्तर : ४ ओघ (बाढीबाट) उत्तीर्ण गराउनको निमित्त ।
प्रश्न : क–कसले ग्रहण गरेका छन् ?
उत्तर : शैक्षहरू र पृथग्जनहरूले ।
प्रश्न : को को शिक्षित शिक्षा भएका हुन् ?
उत्तर : अरहन्त क्षीणाश्रवहरू ।
प्रश्न : क–कसले धारण गरेर लिने हुन् ?
उत्तर : ज–जसलाई आवश्यक पर्ने हुन्छ, तिनीहरूले धारण गरेर लिने हुन् ।



Downloaded from http://dhamma.digital

प्रश्न : कसको वचन हो ?

उत्तर : भगवान अरहन्त सम्यक्सम्बुद्धको ।

प्रश्न : कसले प्रवाहित गरेका हुन ?

उत्तर : आचार्य परम्पराले प्रवाहित गरेका हुन् ।

प्रश्न : यो अभिधर्म ग्रन्थको हिसाबः–

उत्तर : (१) धम्मसङ्गणी (२) विभङ्ग (३) धातुकथा (४) पुग्गलपञ्ञत्ति (५) कथावत्थु (६) यमक र (७) पट्ठान भनी ७ ग्रन्थहरू छन् ।

ती मध्येमा (५) औ कथावत्थु ग्रन्थ सम्यक्सम्बुद्ध तथागतको महापरिनिर्वाणको २१८ वर्ष पछि मोग्गलिपुत्ततिस्स (मौदुगलिपुत्र तिष्य) स्थापित ग्रन्थ हो । त्यो पनि शास्ताले दिएरजानु भएको मातिका नयलाई आधार बनाई देशना गरिराख्नु भएको हुनाले मधुपिण्डिक सूत्रादि अन्य सूत्रहरू श्रावकभाषित नै भए पनि तथागतले समर्थन गरिराख्नु भएका सूत्रहरू भएकाले बुद्धभाषित रूपमै गनन गरिराखेको हो ।

अभिधर्म सात ग्रन्थको संक्षिप्त परिचय निम्नानुसार बुझ्नु पर्दछ :–

(१) धम्मसङ्गिणी–अभिधर्म-पिटकको पहिलो ग्रन्थ हो । यसमा परमार्थ-धर्मलाई बुझाउनको निमित्त ४ भागमा विभाजन गरिराखेको छ । (क) चित्त-विभाजन (ख) रूप-विभाजन (ग) निक्षेपराशी र (घ) अर्थोद्धार गरी । (क) चित्तविभाजनमा ८९ प्रकारका चित्तलाई भूमि जाति आदि रूपमा विभाजन गरी दर्शाइएको छ । (ख) रूपविभाजनमा एक प्रकारको रूप दुई प्रकारको रूप आदि गरी मातिका अगाडि सारी विस्तृत रूपले विभाजन गरी दर्शाइको छ । (ग) त्यस पछि मूल, स्कन्ध, द्वार, भूमि, अर्थ, धर्म, नाम, लिंग, आदि गरी निक्षेप राशीको प्रदर्शन पछि (घ) अन्त्यमा त्रिपिटक बुद्धवचनको अर्थोद्धार प्रकाश पार्दै गम्भीर शूक्ष्म बुद्ध देशना अगाडि सारेको छ ।

(२) दोश्रो विभङ्ग प्रकरणमा स्कन्ध, आयतन, धातु, सत्य, इन्द्रियो आदि १८ प्रकारका विभङ्गहरूलाई उल्लेख गरी परमार्थ धर्मलाई विभाजन गरी दर्शाइएको छ ।

(३) धातुकथा– मा संग्रह असंग्रह आदि रूपमा धर्मलाई १४ प्रकारले विभक्त पारिराखेको छ ।

(४) पुग्गलपञ्ञत्ति - मा स्कन्ध, प्रज्ञाप्ति गरी ६ प्रकारले विभक्त गरी धर्महरूलाई बुझाइराखेको छ ।

(५) कथावत्थु - मा स्व-पक्षिय ५०० सूत्रहरू र परपक्षिय ५०० सूत्रहरू यसरी १००० सूत्रहरू समावेश गरी विभाजन गरिराखेको छ । प्रश्नोत्तरको रूपमा अगाडी बढिरहेको यो ग्रन्थ हो ।

(६) यमक - मा मूलयमक, स्कन्ध, आयतन, धातु, सत्य,संस्कार -यमक आदि गरी १० यमक छुट्याएर दर्शाइएको छ ।

(७) अन्तिम पट्ठान ग्रन्थ हो । यो पुस्तकको दृष्टिले एक भागमा ४०० पेज भन्दा बढी पेज भएका ५ भागमा विभाजित ग्रन्थ हो । हेतु-प्रत्यय, आलम्बन-प्रत्यय आदि २४ प्रत्यय धर्मको रूपमा सर्वप्रथम विभाजन गरी त्यस पछि २२ त्रिक, १०० दुकलाई आधार बनाई तिकपट्ठान , दुकपट्ठान, दुकतिकपट्ठान, तिकदुकपट्ठान, तिकतिक पट्ठान, दुकदुक पट्ठान, भनी ६ भागमा विभेद गरी एक एकमा फेरी अनुलोम, पच्चनीय, अनुलोमपच्चनीय, पच्चीयानुलोम गरी ४ भागमा समावेश गरेर ६ अनुलोम पट्ठान, ६ पटिलोम पट्ठान, ६



Downloaded from http://dhamma.digital

अनुलोमपच्चनीय पट्ठान, ६ पचनीयानुलोम पट्ठान गरी यसरी जम्मा २४ पट्ठानहरू प्रदर्शन भइरहेको छ । धर्मको हिसाबले यो अति नै शूक्ष्म र गम्भीर ग्रन्थ हो ।

वास्तवमा अभिधर्मको परिचय दिनु सजिलो छैन । अभिधर्म साधारण जनले बुझ्ने खालको व्यवहारिक प्रज्ञप्ति सत्यमा आधारित उपदेश होइन । पूर्णतः परमार्थ धर्म सम्बन्धी उपदेश हो । खालि सुन्नु मात्रले विचार मात्रले तर्कना र कल्पना मात्रले. बुझ्ने खालको उपदेश पनि यो होइन । साँच्चिकै विपश्यना भावना धर्ममा डुब्कि लगाई भावनामय ज्ञान परिपक्व भएमा मात्र बुझ्ने खालको यो उपदेश हो । अनुभूति र साक्षात्कारद्वारा प्रत्यक्ष दर्शन गरी लिन सकेमा मात्र अभिधर्म वास्तवमै बुद्धोपदेश रहेछ भनी स्वीकार गर्न सकिने हो । अन्यथा तर्क वितर्क वादविवादलाई नै गम्भीर दर्शन सक्फनेहरूको निमित्त अभिधर्म उपयोगी सिद्ध हुन सक्तैन । वनमा चरिरहने मृगले माणिक नै देखे पनि त्यो माणिक उसको लागि घाँस जति पनि मूल्यवान् हुन सक्तैन भने जस्तै नै हुन जान्छ । उपर्युक्त अभिधर्म पिटकको धम्मसङ्गणी आदि सात ग्रन्थ भित्र प्रवेश पाउन सजिलो पार्नको निमित्त आयुष्मान भद्दन्त अनुरूद्ध महास्थविरले सातैवटा ग्रन्थहरूको निचोड सार संग्रह गरी "अभिधम्मत्थसङ्गहो" - अभिधर्मार्थसंग्रह" नामले एकदम सानो कान्छो औंला जस्तो ग्रन्थको प्रतिपादन गरेर जानु भयो ।

विश्वभरमा आज यस ग्रन्थले अभिधर्म अध्ययनको क्षेत्रमा यस्तो स्थान ओगटिसकेको छ कि सर्वप्रथम उस ग्रन्थ को अध्ययनले साँचो प्रयोग गरी ताला खोले जस्तो खोल्नु बिना अभिधर्मको खास अध्ययन असम्भव प्रायः भइसकेको छ । यस ग्रन्थमा जतिका टीका अनुटिका, मधु गण्ठी आदिहरूका रचनाहरू अरू कुनै अन्य ग्रन्थमा पनि भएको पाइन्न भन्नु अत्युक्ति न होला जस्तो लाग्छ ।

वस्तुतः त्यस्तो महत्वपूर्ण ग्रन्थको आज नेपाल भाषामा भाषान्तरण भइसके जस्तै श्री धर्मरत्न शाक्य "त्रिशुली" को महति श्रद्धाले र अथक प्रयासले अस्वस्थ रहेर पनि नेपाली भाषामा भावानुवादको रूपमा भाषान्तरण गरी सद्धर्म प्रेमी परमार्थ गवेषी पाटकहरू समक्ष प्रस्तुत हुन लागिरहेको छ यो एउटा नेपाली मात्रको निमित्त गौरव र शौभाग्यको कुरा बन्न पुगेको छ । तसर्थ वहाँप्रति हामी अति नै आभारी भइरहेका छौं । साथै वहाँ साधुवादको भागी पनि हुनु हुन्छ ।

अन्तमा वहाँ प्रति आफ्नो अन्तस्करण देखिको साधुवाद प्रकट गर्दै मेरो यो "दुई शब्द" यही टुंग्याउन चाहन्छु ।

साधु । साधु ।। साधु ।।।

**भिक्षु ज्ञानपूर्णिक**
विश्वशान्ति विहार
मीनभवन, नयाँ बानेश्वर
कान्तिपुर, नेपाल, २०६०



Downloaded from http://dhamma.digital




# विश्व धर्म प्रचार देशना

## प्रकाशकीय

बुद्ध धर्मया मूल खँ दान, शील व भावना खः । भावना धैगु चित्त एकाग्र याय्‌गु व चित्ते छु छु कल्पना वैच्वंगु खः उकियात चाय्‌का होश ततं भिगु मभिंगु छुते याना चित्त शुद्ध याय्‌गु अभ्यास नं खः । थुकथं अभ्यास याना यंकेगु यात हे विपस्सना ध्यान धाइ । न्ह्यागुं खँयात बांलाक ज्ञानया मिखां खंकेगु व थ्वीका काय्‌गुयात विपस्सना धाइ । थ्व खँ मथ्वीकं व अभ्यास मयाय्‌कं दुःख तनी मखु ।

बर्माया नांदंम्ह पूज्य महासी सायदो भन्ते नं बुद्धं कना बिज्या थें विपस्सना ध्याना अभ्यास जक याना बिज्यागु मखु आचरण नं बालाका थुगु बारे उपदेश नं याना बिज्याना वस्पोलं विश्वधर्म प्रचारया लागी युरोप देशेनं बिज्याना विपस्सना ध्याना प्रचार याना बिज्यात । उगु उपदेशत बर्मी व अंग्रेजी भासं छापे याना तःगु यात पूज्य ज्ञानपूर्णिक भन्ते नं नेवाः भासं अनुवाद याना बिज्यात ।

थुगु सफू छापे याय्‌त ग्राण्ड उल सेन्टर परिवार पाखें दिवंगत श्रीमती रत्नदेवी तुलाधर व मणिकधन तुलाधर पिनिगु पुण्य स्मृतिस चन्दा प्रदाना याना धर्मदान याना दिल । वय्‌कपिन्त थुगु पुण्यं भिंज्वीमा धका कामना याना । पूज्य महासी सयादो भन्ते नेपाः बिज्याना कना बिज्यागु विश्व धर्म प्रचार धर्म देशना निगूगु भाग न्हापा हे छापे ज्वी धुंकल । आः प्रथम भाग छिकपिनि ल्हाती थ्यना च्वन ।

वस्पोल महासी सायादो विदेशे यक्वं चाहिला बिज्यात, तथा धर्म प्रचार याना बिज्यात तर बौद्ध देशे बाहिक गनं नं नेपाले थें आपालं मनूतसें श्रद्धातया धर्मया खँ न्यंगु मदु धैगु खँ वसपोलं प्रकट याना बिज्यात । वसपोलं बर्मा लिहाँ बिज्यानालि धै बिज्यात हँ-"नेपाल हिन्दू राष्ट्र जूगुलि बौद्धत आपा दै मखु व धर्म प्रचार नं छुं मदु ज्वी धका मती तयागु ला अथे मखु खनि धैगु खँ मिखां खना । आपालं मनूते बुद्ध धर्म श्रद्धा दुगु खना" धै बिज्यात ।

थ्व सफू याकनं सिधय्‌के प्रुफ स्वेगुली व छापे याय् गुली तन मन बिया गुहाली याना ब्यूगुलि शाक्य प्रेसयात नं धन्यवाद दु ।

सफू अनुवाद याना बिज्याम्ह श्रद्धेय ज्ञानपूर्णिक भन्तेयात नं धन्यवाद मब्यूसॄ च्वने मफु ।

थौं तक दातापिनिगु सहयोगं धर्मकीर्ति प्रकाशनया थ्व ८० गूगु सफू पाठक पिनि ल्हाती थ्यंका बी फुगु आपालं लय्‌ताय् दुगु खँ खः । मेमेपिसं नं थुकथं धर्मदान याना दी धैगु आशा दु ।

**अ. धम्मवती**
अध्यक्ष-धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, श्रीघ ,यें
३२ जेष्ठ २०३८



Downloaded from http://dhamma.digital


विश्वधर्म प्रचार
देशना

महासी सयादो

MAHASI ABROAD
Lectures By MAHASI SAYADAW
On His World Missionary Tour
Part II
In Newari Language

*Published by*
DHARMAKIRTI BAUDDHA ADHYAYAN GOSTHI
Shrigha, Kathmandu,
2524

# विश्व धर्म प्रचार देशना

## प्रकाशकीय

बर्माया नां दंम्ह (प्रख्यातम्ह) ध्यान गुरु अग्गमहापण्डित पूज्य उ. शोभन महासी सयादो नेपाले बिज्याके खंगु भाग्यया खँ खः । वसपोल नेपाले बिज्यागु लुम्बिनी विकास समितिया निमन्त्रणाय् खः ।

वसपोलं नेपाले बिज्याना उपदेश बिया बिज्याइगु खँत श्रद्धेय ज्ञानपूर्णिक भन्ते नं अनुवाद याना बर्मा छोया बिज्यागु प्रचारार्थ सफूया रूपे प्रकाशन यायगु मति तया थ्व बिश्व धर्म प्रचार सफू धर्मकीर्ति प्रकाशनया ७७ गूगु रूपे छापेयाय् खना लेतावो ।

वसपोलया उपदेशे अतिगम्भीर व ज्ञानं जागु खँ जक यक्व दु । ध्यानया अभ्यास दुपिसं जक थ्वीके फैगु खं खः ।

महासी सयादोयागु सफू छापेयाय्त श्रद्धा प्रकट याना ध्यबां सहयोग याना दीम्ह श्रीमति ज्ञानहेरा कंसाकार असं धालसिकोयात नं यक्व पुण्य लाय्मा धका भिंतुना दु ।

पूज्य महासी सयादोयागु उपदेशयात अनुवाद याना छापे याय्त सुअवसर चूलाका बिज्याम्ह भन्तेयात नं साधुवाद दु ।

प्रुफ स्वया बिज्याम्ह अश्वघोष भन्तेयात नं यक्व धन्यवाद दु ।

**धम्मवती**
अध्यक्ष धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
२७ माघ २०३७



Downloaded from http://dhamma.digital




# लुम्बिनी विपस्सना

## छत्वाःचा खँ

प्राणीपिं मध्ये मनुष्य जन्म धैगु तःसकं उत्तमगु व दुर्लभगु चोला खः । मनू जुयाबले हे खः ततःधंगु ज्ञान प्राप्त यायेफैगु । ततःधंगु ज्ञान मध्ये उत्तमगु ज्ञान हे जन्म जरा ब्याधि मरणं मुक्त ज्वी फैगु, अन्तर्मुखी (थःगु चित्त परिशुद्ध ज्वीगु), चित्तयात म्हसीका बसेतय् फैगु विपश्यना ज्ञान खः । थ्व भवचक्रं मुक्त जुया धर्मचक्रे लाइगु ज्ञान खः धयां अपो खँ ज्वी मखु ।

थज्योगु उत्तमगु विपश्यना ज्ञान नेपाःमिपिन्त प्राप्त याकेया निम्तिं लुम्बिनी विकास समितिया अध्यक्ष श्री लोकदर्शन दाइ नं बर्मा बिज्यागु अवस्थाय् विपश्यना ज्ञानया छम्ह मुख्यम्ह गुरू, निर्वाणया मार्ग बुद्धं कनाबिज्याम्ह, बर्माया जनतां अपो माने याना तःथें सरकारं नं मान्यता बियातःम्ह ध्यानगुरू महासि सयादो महास्थविर भन्तेयात निमन्त्रणा याना नेपाले बिज्याका यैँ (काठमाडौं), यल, भौँत आदि थाय् थासे उपदेश बिया बिज्याका अनं लुम्बिनी बुद्ध जन्मस्थले न्हेन्हु (७) तक वसपोलं निर्वाणे वने फैगु अथवा वसपोलं कना बिज्याःथें आचरण यात धाःसा संसार दुःखं मुक्त ज्वी फैगु विपश्यना ध्यान अभ्यास नं याका उपदेश नं बिया बिज्यात । थ्व सफूया चन्दादाता जुया दीम्ह सुश्री सानुनानी लुम्बिनी भाया थ्व विपस्सना (विपश्यना) परमुखी मखु अन्तर्मुखी ज्वीगु अमृत रसपान छुं भचा सां नं याना भायालि थ्व विपश्यना ज्ञान रूपी अमृत रसपानयात मेपिन्सं नं अमृतपान याये फयेमा धैगु व दिवंगत अबुयागु नं गुण लुमंका थ्व सफू छापे यायेत माक्व चन्दा प्रदान यानागु जुल ।

थ्व सफू वसपोल महासी सयादो भन्ते नं लुम्बिनी न्हेन्हु तक ध्यान बिया बिज्याबले उपदेश बिया बिज्यागुयात पूज्य ज्ञानपूर्णिक भन्ते नं नेपाल भाषां अनुवाद याना बिज्यागु खः ।

थ्व सफू धर्मकीर्ति प्रकाशनया ७९ गूगु सफू खः । धर्मकीर्ति विहार पाखें श्रद्धावान्पिन्त ज्ञानया मिखा बी फैगु बुद्धया ज्ञान सफूत मनं तुनाथें छापे यायेफयाच्वंगु हे चन्दादातापिनि श्रद्धां याना खः । अथे हे पूज्य अश्वघोष भन्तेया पाखें अल्सि मचासे प्रेसे वनेगु व प्रुफ स्वयेगु आदि सहयोग दुगुलिं नं थ्व ज्या गतिशील वा न्ह्यज्याये फयाच्वंगु खः धयां अपो खँ ज्वी थें मताः । उकिं चन्दादाता सुश्री सानुनानी कंसाकार प्रमुख सफू बर्मी भाय्यात नेपाल भाषं हीका बिज्याःम्ह पूज्य ज्ञानपूर्णिक भन्तेया प्रति धर्मकीर्ति परिवार आपालं कृतज्ञ जुया ।

प्रुफ काःवयेगु व ब्यूवेगु याना छापे यायेगु ज्याय् सहयोग ब्यूगुलिं शाक्य प्रेसयात नं धन्यवाद दु ।

**धम्मवती**
अध्यक्ष - धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
२२ जेठ २०३८



Downloaded from http://dhamma.digital




# त्रिरत्न वन्दना

## प्रकाशकीय

थुगु "त्रिरत्न-वन्दना" सफू स्वे बिया पिथनेगु मती तुना च्वनागु ताःहे दत । आःतिनि सकल थुकी सहयोगी र सहभागी जुया बिज्याःपिं बेतिमाया शाक्य, मानभवनः हेरादेवी शाक्य, बौद्धः, कान्छी शाक्य, प्रयाग पुखू व उपलक्ष्मी शाक्य (पन्त), लाजिम्पाट श्रद्धालुपिनिगु श्रद्धा-सुमनं थ्व ज्या पूवंके खन ।

थ्व ज्या पूवंकेत नमूना कथं ग्वाहाली धर्मरत्न शाक्य "त्रिशुली" यागु "परित्राण" नेपाल बौद्ध परियत्ति शिक्षाया पाठ्यसफू "परियत्ति-शिक्षा" प्रथम-भाग, अले नानीमैयाँ मानन्धर जुयागु "त्रिरत्न-वन्दना" लिसें मेमेगु छगू निगू सफूत खः । उकिं वस्पोलपिनि प्रति थुगु प्रकाशन समिति अति हे कृतज्ञ व आभारी जुयाच्वना ।

विशेषतः पूज्य भिक्षु ज्ञानपूर्णिक महास्थविरयागु सम्पादन लिसें प्रुफ संशोधन, अनुवादयागु मेहेनत व परिश्रम विना थ्व ज्या थुलि याउँक अःपुक अले याकनं पूवनीगु सम्भावना मदु । उकिं वस्पोलया प्रति न्ह्याक्क कृतज्ञता व साधुवाद देछाःसां गाःगु मखुत ।

थुकथं सकलसिगु सहयोग व सहानुभूति न्ह्यज्याका थुगु सफू मेहेनत तुका पिथनाथें तुं थुकिया पाखें आपलं श्रद्धालुपिन्त धर्म-चेतना थना पुण्य संचय यायेगुली तपं तया पुण्य बी फत धाःसां तःधंगु सार हे भाःपि दइगु जुल । सकलसिकें धर्म-चेतना ब्वलना च्वने फयेमाः । त्रिरत्नयागु आनुभाव व प्रभावं सकलसित सुख, शान्ति व आनन्द जुयेमाः ।

**सन्ति सुखावास** प्रकाशन समिति

Downloaded from http://dhamma.digital

# भिक्षु ज्ञानपूर्णिक महास्थविरया सम्पादित, अनुदित सफू

(हनेबहःपिनिगु भूमिका व थःगु खँ मदुगु)















Downloaded from http://dhamma.digital

# हनेबहःपि च्वमिपिनिगु सफूतिइ भिक्षु ज्ञानपूर्णिक महास्थविरया बिचाः



Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital



# खुद्दक पाठ

## न्हापांगु खँ

बौद्ध वाङ्मय स्वंगः धकि (त्रिपिटक) दु । धकी भीसं विविध प्रकारया नस्वाः नस्वाः नस्वाःगु स्वाँ जायेकी । बौद्ध वाङ्मयया स्वंगः धकी नं पीन्यादँ तकं बुद्धं अटूट कथं कना बिज्यागु प्राणी मात्रयात नस्वाः बिया जीवन सुख समृद्धि याना बी फुगु उपदेश स्वाँ जायेका तःगु दु । व उगु धकी स्वाँ पुचः न्यापु दुः । दीघ, मज्झिम, संयुत्त, अंगुत्तर व खुद्दक निकाय । निकाय समूह (पुचः) या पर्यायवाची शब्द खः । न्हापांगु प्यंगू पुचःयात चीका ल्यं दुगु पति हाकःगु उपदेश अथवा धर्मस्कन्ध पुचःयात हे "खुद्दक-निकाय" धाःगु खः । थुकी सूत्र पिटकय् अन्तरगत भिंन्यागू अग व विनय अभिधर्म दुथ्याः । उपिं सूत्र पिटकय् दुथ्याःगु भिं न्यागू अंग खः -

"खुद्दक-पाठ, धम्मपद, उदान, इतिवुत्तक, सुत्त-निपात, विमान-वत्थु, पेत-वत्थु, थेर-थेरी-गाथा, ज़ातक, निद्देस, पटिसम्भिदा-मग्ग, अपदान, बुद्ध-वंश व चरियापिटक । थुकी "खुद्दक-पाठ न्हापांगु अंग खः, खुद्दक-निकायया चिकिचाधंगु अंश । गुगु पति पति हाकः कथं न्हिथं पठनी व पाठनीय जू ।

बुद्ध-धर्मय् प्रवेश जुइगु न्हापांगु त्वाथः त्रिशरण व पञ्चशील अले ब्रत रूपय् पालनीय अष्टशील थुकिंयागु आदि खः, गुकिं यागु आचरण व पालन बौद्ध उपासकत्व ग्रहण यायेगु जू वं ।

समाधि पक्षकथं कायगतासति (कायगता स्मृति) भावनाय् दुथ्याःगु स्वीनिगू कोट्ठास भावना वथें प्रज्ञा पक्षय् "एक नाम किं" आदी दुग्यंगु भिगू न्ह्यसः व लिसः ।

थनं लिपा "मंगल-सुत्त, रतन-सुत्त, मेत्त-सुत्त, तिरोकुट्ट-सुत्त व निधिकण्ड-सुत्तं" थाय् काःवइ ।

मंगल-सुत्तः गुकिं बाह्य जगतय् मान्यता दूगु दुस्य मदुगु काल्पनिक मंगलया अःखःगु धारणा जाःगु फ्वसा वये धुंकूगु दृष्टिकोणयात चीका धात्थें समाज सुधारयात मदयेकं मगाःगु विज्ञानया न्ह्योने छ्यों धःस्वाके फुगु बुद्धि व बिकेकयात पुष्टि याइगु वास्तविक कल्याण मार्गया निर्देश याः ।

रतन-सुत्तः गुकिं मानव जगतय् वइगु दुर्भिक्षादि अने तनेगु भय व विघ्न बाधायात विगत-राग, विगत-द्वेष व विगत मोहया विशुद्ध गुणं जाःगु त्रिरत्नया प्रभावं हटे यानाछ्वइ ।

मेत्त-सुत्तः नामं हे थुकिं भीगु नुगलय् मानव मात्र प्रति दया, प्रेम, सहिष्णुता व सद्भावना तयेगु लँपु क्यनीगु स्पष्ट जू । थ्व खः विश्व शान्तियात मदयेक मगाःगु बुद्धया अमूल्य सन्देश ।

तिरोकुट्ट-सुत्तः थःथःपिसं यानागु भिंगु ज्याया फल चक्कंगु नुगल इना बिया परयात अथवा थः परलोकगामी जुया वनेधुंकूपिं, थःथितिपिसं इना बीगु पुण्यया प्रतीक्षाय् च्वनीपिं ज्ञाति बन्धुपिन्त हित व उपकार यायेमा धइगु सेवाया सुभाव खः ।



Downloaded from http://dhamma.digital

अले अन्तिमय् वइ निधिकण्ड सुत्तः गुकिं भौतिक धन सम्पत्तिया धुकूया मू तःधंगु क्यना इह व परलोकया सुख समृद्धि प्राप्त जुइगु आदर्श पूर्ण विधि स्यनाब्यू ।

यद्यपि थ्व ग्रन्थ चिकिचाधं, तर थुकियागु सारगर्भित-उपदेशया मूल्य अनन्त व अपरिमित खः ।

थ्व सफू अनुवाद यायेगुली ल्हा तया बिज्याम्ह श्री धर्मरत्न शाक्य खः । अनुवाद गनं गनं शाब्दिक रूपय् जुयाच्वंगु दुसां अप्वः याना भावात्मक जू । गुकिं ब्वंमिपिन्त सूत्रया मूल अर्थ व अभिप्राय थुइकेत अःपुसे च्वका बी ।

थुकी दुथ्याःगु गुलिं गुलिं सूत्र (गथेः "मंगल-सुत्त, रतन-सुत्त, मेत्त) या मूल पालि सहित भावार्थ अनुवाद भी नेवाः भाषं पिहाँ मवनीगु मखु । पूज्य भन्ते अमृतानन्द महास्थविरया पाखें "पाठ्य-सूत्र" नामं पिहाँ वये धुंकूगु दु ।

थ्व सफू प्रकाशनय् माक्व ग्वाहाली त्रिशूलीया सुगतपुर विहारं ब्यूगु दु । थ्व सुगतपुर विहारया न्हापांगु सहयोगात्मक पलाः खः । गुकिया निंतिं सुगतपुर विहारयात धन्यवाद मब्यूसे भीपिं च्वने फइमखु ।

थथे हे भीगु जीवनय् मदयेकं मगाःगु मसीकुसें मज्यूगु न्हिथं लुमंका तदनुसार ज्याख्यले याये माःगु मानवया कर्तब्य पूवंकेगु ज्याभः देछायेगु ज्या जू वन धाःसा भीगु निंतिं लयता वयेके दइगु अवशर प्राप्त जुया वं मच्वनी धका गबले धाये फइ ।

अतएव श्री धर्मरत्न शाक्यया कुतलं व सुगतपुर विहारया सहयोगं बुद्ध धर्मया त्वाथलं निसें उन्नतिया शिखरय् थ्यंकं नस्वाः बी फुगु सूत्र-पिटक धकी दुने च्वंगु स्वाँ छफ्वः थौं भीगु न्ह्योने पालि व भावार्थ लिसें सौन्दर्य व सुगन्ध ब्यू वयाच्वंगु अहोभाग्ययया खँ खः ।

भी नेपाःया बुद्ध धर्म सम्बन्धी सफूया धुकुती न्हूगु स्वाँ छफ्वः थपय् याना मजाःगु धुकू जाय्कावं यंकेगु थ्व उम्ह उपासकया कुतः खः ।

थ्व हे नस्वाः स्वाँ थःथःपिनिगु ल्हाती घाना गतय् क्वखाया थःथःपिनिगु जीवनयात भःभःः मभः धायेका बिज्याये फत वा दीफत धाःसा उम्ह उपासकया कुतः सार्थक जू वनी धयागु जिं न्हापांगु सदिच्छा याना । अस्तु !

**भिक्षु ज्ञानपूर्णिक**
श्री सुमंगल विहार
भाद्र शुक्ल दशमी २०२५



Downloaded from http://dhamma.digital




# मग्गङ्ग दीपनी

## भूमिका

सिद्धार्थ गौतम ३५ वर्षको उमेरमा बुद्ध भइसकेपछि उहाँको प्रथम धर्मोपदेश वाराणसीको ऋषिपतन मृगदावनमा पञ्च भद्रवर्गीयहरूको बीचमा भएको थियो । जुन उपदेश आज पनि **'धम्म चक्कप्पवत्तन-सुत्त'** को नामले प्रख्यात छ । र ४५ वर्ष सम्मको बुद्ध-वचनको आधार स्तम्भ यही नै रहेको कुरा बुद्ध-धर्मको अध्ययनबाट स्पष्ट झल्किन्छ ।

जहिलेसम्म आर्य अष्टांगिक-मार्ग र चतुरार्य सत्यको यथार्थ ज्ञान अववोध हुँदैन, तब सम्म बुद्ध-धर्मको सत्य दर्शन कसैमा हुन सक्तैन । संसारका अतिहरूलाई हटाई, पन्छाई पहिलो **मार्ग सम्यक्दृष्टि** साक्षात्कार नभएसम्म वास्तविक धर्मको अस्तित्व र महत्व थाहा पाउनु सजिलो कुरो होइन । **सम्यक्दृष्टिको** साक्षात्कारद्वारा नै मानिसमा रहेका विभिन्न प्रकारका संज्ञा,चित्त र दृष्टि जसता भ्रमहरु हट्न सक्ने हुन्छन् । ती भ्रमहरूका निवारणबाट मात्र निर्वाणको पहिलो श्रोतमा पुगी पतीतावस्थाबाट मानिस निःशंक रूपमा पार हुन सक्ने हुन्छन् ।

आर्य अष्टांगिक मार्गमा आध्यात्मिक जीवनको सबै पक्षहरु, जस्तै- **कर्तव्यपक्ष, मनपक्ष, ज्ञानपक्ष** समावेश छन् । आठ अङ्गहरूमा तीनको सम्बन्ध वचन, कर्म तथा जीविकासित छ र यसको विषयमा धेरै नियमहरु निकायहरु र विनय ग्रन्थहरूमा संकलित छन्, जसमा भिक्षुहरूको उचित आचरण र व्यवहारको विषयमा विस्तृत निर्देश दिराखेको छ । यस पछिका तीन अंगहरूमा त्यो विधि भनिएको छ, जस अनुसार साधकले योगिक साधनाद्वारा आफ्नो वृत्तिलाई संयम गरिन्छ, र उसको मन यसरी शान्त एवं निश्चिल हुन्छ कि सुख वा दुःखमा त्यो अलिकति पनि विचलित हुँदैन । शारीरिक र मानसिक अभ्यास पूर्ण भइसकेपछि साधक यसको निमित्त उपयुक्त हुन्छ कि उनले आफ्नो मनमा सांसारिक रागहरूबाट पूर्णःत मुक्त गरेर त्यसलाई चार आर्यसत्यको ज्ञान प्राप्त गर्ने तिर लगाँउछ र त्यसबाट **'सम्मादिट्ठि'** (सम्यक-दृष्टि) प्राप्त हुन जान्छ ।

**मग्ग-संयुत्तमा** अष्टांगिक मार्गलाई आध्यात्मिक पथ-प्रदर्शक (कल्याण मित्र) भनिएको छ कि बौद्ध योगी जसले जुनसुकै आध्यात्मिक लाभ प्राप्त गर्ने इच्छा गर्दछ, ती सबै यसबाट प्राप्त गर्न सकिन्छ ।

यसको क्रमिक ब्याख्या यस पुस्तक ***'मग्गङ्ग-दीपनी'*** मा समुल्लेख भएको देखिन्छ । यसमा सर्वप्रथम संक्षिप्त रूपमा मार्ग-अङ्ग आठको पालि र अर्थ, त्यस पछि एक एक मार्ग-अङ्गको प्रकारान्तर पालि र अर्थ, अनि फेरी त्यसको पनि विभेद पालि अर्थ सहित दर्शाइ त्यसपछि पुनः एक एकको व्याख्यात्मक रूप दिइ प्रत्येक मार्ग–अङ्गलाई स्पष्ट रूपमा बुझाउने प्रयत्न गरिएको पाठक-वर्गले स्वतः बुझ्न् सकिन्छ । विशेष अर्थ र भाव बुझ्न् गाह्रो पर्ने ठाउँमा उपमान उपमेयको तुलनात्मक अधययन गराइ स्पष्ट पार्ने प्रयत्न पनि यस पुस्तकको विशेषता देखिन्छ ।



Downloaded from http://dhamma.digital

त्यस्तै अन्य उपमाहरू पनि गम्भीर भाव थाहा पाउन ठाउँ ठाउँमा प्रयोग गरिराखेकोले यसको उपयोगिताहरू झन बढेको छ ।

जुन धर्मको आधार लिंदा वा शरणमा पर्दा शरण परेका व्यक्तिहरूलाई अपाय-दुःख र भवचक्रको-दुःखको खाल्डोमा पतन हुने नगरी धारण गर्ने क्षमता रहनुको साथै धर्मको शरणमा नपर्ने व्यक्तिहरूले सामना गर्नुपर्ने वर्तमान सांसारिक दुःख पारलौकिक दुःखहरूबाट पनि सुरक्षा प्रदान गर्न सक्ने क्षमता रहेको हुन्छ, त्यस प्रकारको शरण प्रदायक धर्मलाई **'धारेती'ति धम्मो'** को रूपमा धर्म भनिन्छ ।

सांसारिक विषयमा र लोकोत्तर विषयमा धर्मानुकूल आचरण गर्ने, त्यस अनुकूल व्यवहार गर्ने, बोल्ने, विशिष्ट रूपमा धर्ममा संलग्न रहने व्यक्तिहरूलाई अपाय भयबाट मुक्त पारी शनैः शनैः परिपक्वता प्राप्त गरी आर्य(सत्पुरूष) हरुद्वारा अनुभव गरिने गुण-धर्मको शक्ति विशेषता मान्नु पर्दछ ।

अपाय विनाकारण पतन हुने होइन । आ-आफुले गरेको अधर्माचरणद्वारा नै पतन हुने हो । अतः अपायमा पतन हुनु भन्दा अपाय तिर घचेट्ने, पतन गराउने अकुशल धर्महरू नै अत्यधिक डर लाग्दा देखिन्छन् ।

जे भए पनि धर्मानुकूल आचरण गरी धर्मको शरणमा गई त्यसमा संलग्न रहने व्यक्तिहरूमा कुशल धर्म वृद्धि भइरहे जस्तै अकुशल धर्महरू स्वतः लुप्त भइरहने हुँदा अकुशल धर्महरूलाई कुशल धर्महरूले हटाई राखेका, रोकिराखेका हुन्छन् भनी भन्नु पर्दछ । कारण अकुशल धर्मको रोकावटबाट त्यसको फल अथवा विपाक **अपाय-दुःख, भवचक्र-दुःखलाई पनि हटाईएको हुन्छ ।**

चार अपाय भूमिमा अधर्माचरणको कारणले स्वभावतः नराम्रो परिणाम भोगिरहेका प्राणीहरू भए जस्तै मनुष्य दिव्य र ब्रम्हलोकमा पनि प्राकृतिक रूपमा नै शुभ परिणाम भोगिरहेका मनुष्य, देव र बह्माहरू परम्परागत क्रम अनुसार रहिरहने छ । अतएव धर्मको शरणमा पर्दा अथवा धर्मको सुव्यवस्थित ढंगले आचरण गर्दा त्यसमा शरण पर्ने वा आचरण गर्ने व्यक्तिलाई अपाय-भूमिमा पतन नहुने गरी धारण गर्ने, रक्षा गर्ने शक्ति विशेष धर्ममा रहिरहेको हुन्छ । त्यस्तै भवचक्र दुःखबाट उन्मुक्त हुने मौका प्रदान गरी शान्तिपद निर्वाणसम्म पुऱ्याउने क्षमता पनि त्यसमा हुन्छ भन्ने कुरामा हामी विश्वस्त नै हुनु पर्नेछ । यसले हामीमा आत्मविश्वासको भावना जगाई दिनुको साथै अरु कसैको भरमा पर्ने कुबानिलाई पनि हटाइदिन्छ र विकासको बाटोमा लम्कन ठूलो प्रेरणा र उत्साह पनि दिने गर्दछ । अनि फेरि आफ्नो सुकर्म (राम्रो कर्म) को यथार्थ परिणाम यस्तो हुँदोरहेछ भन्ने ज्ञानलाई समेत अववोध गराईदिन्छ ।

बच्नै नसक्ने लोक स्वभाव-धर्मको कारणले दुःख भोग्नु पर्ने अवस्था आएता पनि यदि उनी धर्मचारी भइरहेमा धर्मद्वारा उनी आश्वस्त भइरहने छ । अन्तिम रूपमा मरण भयसित सामना गर्नु परेतापनि 'ममा धर्म छँदै छ किन डराउनु पर्ने' भनी निर्भीक रूपमा मरण हुनु नै अर्को जन्मको निमित्त मरण-पुष्प पुष्पित हुनु हो । त्यसकारण रक्षा गर्न नसकिने लोक स्वभाव धर्म दुःखसित सामना गर्नु पर्ने बेलामा समेत आफूले आधार लिइराखेको किल्ला धर्म नै चित्तमा बलिरहेको आगो निभाउने शान्त पार्ने औषधि हो भनी विश्वास लिनु योग्य छ ।

**कायिक** (शरीर सम्बन्धी) आदि मानिसका तीन मुख्य क्रियाकलापहरू मध्ये शीलले **कायिक** र **वाचिक** क्रियालाई शुद्ध परिदिन्छ । यसबाट मानसिक क्रिया स्थिर पार्ने समाधिलाई उच्च स्तरमा पुऱ्याउन अनुबल प्राप्त हुन्छ । यसले आफ्नो मनस्थितिलाई चाँडै नै एकाग्रतामा ल्याई स्वच्छतामा थप अनुबल प्रदान गर्छ ।



Downloaded from http://dhamma.digital

प्रज्ञास्तर माथि उचाल्न यसबाट सत्प्रेरणा प्राप्त हुन्छ । जसबाट प्रज्ञा स्वच्छ, शुद्ध एवं परिष्कृत भई सत्कायदृष्टि जस्ता आत्म दृष्टि निर्मूल पार्ने **सम्यक्-दृष्टि** स्थापना गर्ने अनमोल प्रकाश मिल्दछ र शान्त शीतल निर्वाणको साक्षात् अनुभूति प्रस्फुरित हुन जान्छ ।

तसर्थ संसारको दुर्गाणलाई अन्तस्तलदेखि हेरी साँच्चै निर्वाण-कामी भई निर्वाण-द्वारमा प्रवेश गर्न इच्छुक व्यक्तिले आदि मार्ग महान् द्वार समान भएको शीललाई खोलिकन मात्र आफूले चाहेको निर्वाण मार्गतिर सोझै पाइला चाल्न सक्ने कुरालाई स्मृतिपूर्वक हेर्नु आवश्यक देखिन्छ ।

चाहे व्यवहारिक रुपमा होस् चाहे धार्मिक रुपमा शीलादि यथार्थ धर्मलाई आस्था तथा विश्वासपूर्वक हृदयदेखि प्रसन्नता ल्याई प्रत्यक्ष आचरण, धारण एवं पालन गरेको खण्डमा जुनसुकै व्यक्ति किन नहोस्, मार्ग, फल-ज्ञान प्राप्त गर्न नसके पनि आफू सत्पुरुष भए मुताविक मरण पछि अपरझट अपायमा पतन हुने अवसर नमिल्ने हुनाले धर्मले नै धर्मचारीलाई अपाय भयबाट रक्षा गरिराखेको सम्झनु पर्दछ ।

अपायमा पतन नभएपछि त शुद्ध स्वच्छ पवित्र भवगतिमा नै अघि सर्नु पर्ने भएकोले नै धर्मचारीलाई मनुष्य-लोक, दिव्यलोक तिर पुऱ्याएको भन्नु पर्ने हुन्छ । त्यसभन्दा पनि धर्म परिपक्वता प्राप्त भई साधारण मानिसको रुपबाट अलग्ग हुन सकेमा स्रोतापन्न, सकृदागामी भई अपाय संसारबाट पूर्णतः मुक्त हुनेछ । फेरि त्यसभन्दा पनि माथि उठ्न सकेमा अनागामी भई काम-संसारबाट बिल्कुल मुक्त हुनेछ । अझ बढी मात्रामा परिपक्वता आएमा त अरहन्त नै भई रुप, अरुप-संसारबाट पनि बिल्कुल मुक्त हुनेछ । यसरी नै सम्पूर्ण दुःखसित सम्पर्क नभएको यथार्थ सुख (निर्वाण) लाई साक्षात्कार गरिनेछ ।

यस तथ्यलाई विभिन्न प्रकरणद्वारा स्पष्ट पार्ने प्रयत्न यस पुस्तकको रहेको छ । यसको प्रमुख लेखक हुनु हुन्छ, बर्माका प्रसिद्ध महान् बौद्ध विद्वान् महास्थविर भिक्षु अग्गमहापण्डित लेडी सयादो । यस पुस्तकको अंग्रेजीमा पनि अनुवाद भइरहेको हुनाले यसैको माध्यमबाट आज नेपालीमा पनि रुपान्तर भएको पाठक वर्ग समक्ष प्रस्तुत छ । यो पुस्तक अंग्रेजी रुपान्तर मात्र नभई यसमा मूल बर्मीसित पनि सामञ्जय ल्याइएको छ । 'यस पुस्तकबाट पाठक-वर्गद्वारा सच्चा ज्ञान हासिल गर्न सकोस्' यही मेरो सदिच्छा छ ।

**निब्बानस्स पच्चयो होतु ।**

**भिक्षु ज्ञानपूर्णिक**
मणिमण्डप विहार, पटको, पाटन ।
२०३३, आश्विन ६ गते



Downloaded from http://dhamma.digital

# बुद्धकालीन श्रावक - चरित (भाग - ६)

## (महाकश्यप-चरित)




### केही कुरा

यो संसारको इतिहास विचित्र घटनाहरूले छरिएको छ, भरिएको छ ओतप्रोत छ । यसको अनौठो श्रृंखला छ । कहिलेकाहिं यहाँ रक्ताम्य विडम्बनाको कोलाहल छ भने कहिलेकाहिं यहाँ शीतल सौरभ सुगन्ध अच्छादित शान्त स्वच्छ निर्मल स्तब्धता पनि छ । कहिलेकाही यहाँ हिंसा द्वेष क्रूरता र बर्बरताको पराकाष्ठा छ भने कहिलेकाहीं यहाँ अहिंसा मैत्री दया प्रेम र करूणाको भव्यता पनि छ । कहिलेकाहीं यहाँ राग, तृष्णा स्वार्थान्धताको कालो बादलले घेरिएको हुन्छ भने कहिलेकाहीं यहाँ विराग, निस्तृष्ण एवं अल्पेच्छताको स्वच्छ वातावरणले छर्लङ्ग पारिएको पनि हुँदो रहेछ । अतः यसको थात् लिन त्यतिको सजिलो नहुने रहेछ । युग, समय, परिस्थिति , संस्कार अनुरूप यसको रूपरेखा आवहवा भेषभूषा बदलिंदै जाने रहेछ । कसैको हातमा यो नित्य, शाश्वत, ध्रुव , अचल, स्थिररूपमा नरहने रहेछ । यी कुराहरु यस छैठौं श्रावक-चरित्रलाई केलाएर हेरेको खण्डमा स्पष्ट होला जस्तो आभास हामीलाई मिल्छ ।

एक समय तथागत प्रकाश पार्नु हुन्छ :
सब्भिरेव समासेथ, सब्भी कुब्बेथ सन्थवं ।
सतं सद्धम्म मञ्ञाय, सब्ब दुक्खा पमुच्चती ति ।

अर्थात-"सन्त सत्पुरूषहरूको नै सत्संगत गर्नुपर्छः सन्त सत्पुरूषहरूसित नै मित्र सम्बन्ध जोड्नु पर्छः सन्त सत्पुरूषहरूको सद्धर्मलाई बुझ्दा सम्पूर्ण दुःखबाट प्रमुक्त हुन्छ ।"

यो बुद्ध-वचन अति महत्वपुर्ण छ, गम्भीर छ, गहन छ, गहकिलो छ, शूक्ष्म छ,सारगर्भित छ, प्रणीत छ, अमूल्य छ । यसलाई चरितार्थ पार्न यस संसारको यस दिशातिर दौडाउनु नितान्त आवश्यक देखिन्छ । यसैको खास अभावमा आजको संसार यत्रतत्र छिचलिएको छ । सही मार्गबाट चिप्लिएको छ । हिंसा, द्वेष , लोभ, लालच, माया, वंचना, मान, अतिमान, छल, प्रपंच , क्रुरता, वर्बरता, स्वार्थन्धता आदि आदिमा यो संसार अल्झिएको छ , घेरिएको छ, बेरिएको छ , गाँसिएको छ, टाँसिएको छ, बाँधिएको छ । प्रायशः स्वमुखापेक्षी स्वार्थ लोलुप हुँदै गइरहेको छ । फलस्वरूप परमानन्द परम सुख शान्ति चाहेर पनि त्यसबाट झन् झन् विमुख हुँदै गइराखेको छ, त्यो पाउन गाह्रो परिराखेको छ, पाउन सकेको छैन । यस किसिमको दुरावस्थालाई हटाउन यसलाई पन्छाउन तसर्थ सही मार्ग निदर्शन एवं प्रदर्शन अत्यावश्यक छ । त्यो विना सत्पुरूषले विना सन्त कल्याणमित्रले सम्भव छैन ।

हुन त आजको संसार बाह्य भौतिक दृष्टिले बढी बिकसित हुँदै छः उन्नत अवस्थामा पुग्दै छः वर्षेनी नयाँ नयाँ वैज्ञानिक आविष्कार चल्दै छ । अनौठा अनौठा उपभोग्य परिभोग्य चीज पदार्थहरु दिनहुँ उपभोग



Downloaded from http://dhamma.digital

एवं परिभोग गर्न पाइराखेका छन् । भौतिक सुखको पराकाष्ठको 'रूपमा उपभोग गरिने पञ्चकाम विषयहरु नयाँ नयाँ रूप लिंदै यो संसारमा रूमलिंदै छन् । त्यसैको उपलब्धिको निमित्त संसारका प्राणीहरु तँछाड मछाड गर्दैछन् संसरन गर्दै दगुर्दैछन । स्वाँ स्वाँ र फ्वाँ फ्वाँ गर्दैछन् । कसैमा कुनै किसिमको फुर्सद छैन, अवकास छैन, एकछिनको लागि स्वच्छ श्वास लिन र त्यसलाई विचार गर्न समय पुग्दैन , छैन पनि । ता पनि उनीहरूको जीवन सुव्यवस्थित छैन, सुसंगठित छैन, स्थिर छैन , झन् झन् अस्तव्यस्त र चुँडाचुँड बाँडाबाँड हुँदै गइरहेको छ । खास सुख शान्ति र चयनको कुनै पनि रूपरेखा र आभास उनीहरूले पाउन सकेका छैनन् । "टन्टा माथि टन्टा झन् झन् टन्टा" को उक्तिलाई उनीहरूले अगाडि बढाउँदै लगिराखेका छन् । यसको आदि अन्त कतै छैन, देखिदैन । यसैलाई महेच्छा र असंतुष्टिता नभने अरू के भनुँ ! यसबाट कुनै हालतमा पनि यो संसार स्थिरत्वमा पुग्न सक्तैन । शान्तमय वातावरण यहाँ छाउन सक्तैन ।

कालो बादलले छाएको यो संसारलाई ज्ञानको ज्योति दिन माकुराको जालो जस्तो जीवनबाट मुक्ति पाउन तसर्थ सन्त पुरूषहरूको जीवनादर्शको उच्चस्थ नमूना सच्चा आदर्शको रूपमा लिनु अवश्यमेव कल्याणकर हुनेछः लाभप्रद देखिनेछ ।

यस दिशामा हाम्रो निम्ति उपयुक्त साधन तपाइँको आफ्नै हातमा रहेको यस बुद्धकालीन छैठौ श्रावक-चरित्र हो भन्नुमा कतै त्रुटि होला जस्तो हामीलाई लाग्दैन । यस संग्रहको मुख्य पात्र प्रमुख तृतीय बुद्ध-श्रावक स्थविर महाकाश्यप हुनुहुन्छ । उहाँ सन्त सत्पुरूषको महान आदर्श आजको युगले सम्झन सकी जीवनमा भिजाउन सकेको खण्डमा केही मात्रामा भए पनि कार्यान्वित गर्न सकेमा भौतिक दृष्टिले मात्र नभई आध्यात्मिक दृष्टिले पनि यो संसार झलमलिने थियो होला कि ! तर अपशोच ! आजको यस दिशाबाट परामुखी हुँदै गइरहेको छ । परिणामतः आज यहाँ आडम्बर छ, बिडम्बना छ, हाहाकार छ । साँच्चैको अमनचैन छैन, आनन्द छैन, सुख छैन, शान्ति छैन । सबैले आ-आफ्नो मर्यादा भुलिसकेका छन् । सद्व्यवहार र सद्गुणलाई बिर्सिसकेका छन् ।

जे होस् , यसलाई पुनर्जीवन प्रदान गर्ने सुवर्ण अवसर अझ पनि यो संसारमा नभएको होइन । जुन दिशामा आजको संसार एकपक्षिय दृष्टि लिंदै दौडिरहेको छ त्यसमा मोड लिनु परिरहेको छ । यदि सही रूपमा सत्य मार्ग पहिल्याइकन अध्यात्म विकासवादलाई समेत समावेश गरी भौतिक र आध्यात्मिक क्षेत्रको बीच समन्वय स्थापना गर्न दुबैको एकनासले उन्नति र विकास गर्न सकिएको खण्डमा आजको जुन वातावरण र परिस्थितिले यो संसारमा छाएको छ त्यो सजिलैसित हटी घटी सच्चिदानन्दको वातावरण सृजना गर्नमा यसले ठूलो योगदान पुर्‍याउन सकिने छ भन्ने कुरा स्थविर महाकाश्यपको जीवन सम्बन्धी घटना दर्शाउदै यस चरित्रले स्पष्ट पार्न खोजेको छ ।

यस पुस्तकको अध्ययनबाट स्थविर महाकाश्यपमा सन्त सत्पुरूष एवं कल्याणमित्र गौरवनीय गुरू कहलाउने सम्पूर्ण प्रकारका गुणांगहरु निहित भएको राम्ररी फेला पार्न सकिन्छ । ती गुणहरु बुद्ध स्वयंले अंगुत्तरनिकायमा निम्नप्रकारले व्यक्त गर्नुभएको छ । जस्तै-

"भिक्षुहरु हो, सात धर्मगुणले युक्त भिक्षु मित्र हो । धपाएर लगारेर पठाएता पनि उसको सेवन गर्नु योग्य छ , भजन गर्नु उचित छ, उपासना गर्नु आवश्यक छ । कुन कुन सात गुणहरु ? जो प्रिय हुन्छ, मनाप हुन्छ, गरू हुन्छ, भावनीय छ, वक्ता छ, वचनक्षमी छ, गम्भीर कुरा गर्ने हुन्छ, अयोग्य स्थानमा लगाउने



Downloaded from http://dhamma.digital

हुँदैन । भिक्षुहरु हो, यी सात धर्मगुणहरूले युक्त भिक्षु मित्र होः धपाएर लगारेर पठाएता पनि उसको सेवन योग्य छ, भजन गर्नु उचित छ, उपासना गर्नु आवश्यक छ ।"

चरित्र शुद्धिताको कारण शील गुण धर्मले गर्दा स्थविर महाकश्यप देव मनुष्य ब्रह्मा सबैलाई प्यारो छ, प्रिय छ, गौरवनीय छः प्रायः सबैको मैत्री चित्तद्वारा उहाँ भावनीय छ । आफ्ना सहधर्मी ब्रह्मचारीहरूमा जहिले जहिले उहाँले केही अनुचित व्यवहार अयोग्य चरित्र नसुहाउँदो बानी व्यहोरा देख्नु हुन्छ, सहजै अनुकम्पापुर्ण दृष्टिले अववाद उपदेश दिनमा उहाँ कहिल्यै हिचकिचाउनु हुन्न, तुरून्तै सुधारको निमित्त भन्नु नै हुन्छ, जसले गर्दा उहाँ वक्ता गुणले सम्पन्न हुनुहुन्छ ।

अरूले सही तौरमा जब उहाँको आलोचना गरिन्छ , केही कुरा आरोपण गरिन्छ त्यसबेला त्यसप्रकारका वचनलाई विना प्रतिकार सहन गर्ने क्षमता उहाँमा मौजूद रहेको छ, अतएव उहाँमा वचनक्षमी गुण पनि विद्यमान छ । कुनै कुरा अयोग्य ठहरेमा त्यसको सही प्रतिक्रिया तुरून्तै जनाउँदै सुधारमा ल्याउने योग्यता पनि उहाँको सराहनीय विशेषता हो । यो गुण सजिलैसित आउन गाह्रो छ । धेरैजसो व्यक्तिहरु अरूलाई अर्ति दिन उपदेश गर्न रूचाउँछन् , तर आफूलाई अर्ति उपदेश दिन लाग्दा रिसाउँछन्, सुन्न चाहँदैनन् , मान्न तयार हुँदैनन् । सरलतापूर्वक स्वीकार्न सक्तैनन् ।

तथागतबाट प्रायशः भिक्षुहरूलाई अववाद उपदेश दिनको निमित्त जुन प्रकारले वहाँलाई उत्प्रेरित गर्दै हुनुहुन्छ, उहाँको आदर्श अन्य भिक्षुहरूलाई दिन चाहनु हुन्छ त्यो बुद्धका यी वाक्यहरुद्धारा स्पष्ट भइराखेको छ-

"कश्यप ! भिक्षुहरूलाई अववाद देऊ । कश्यप ! भिक्षुहलाई धर्मको कुरा सुनाऊ । कश्यप ! तिमीले वा मैले भिक्षुहरूलाई अववाद दिनु पर्छ । तिमीले वा मैले भिक्षुहरूलाई धर्मको कुरा सुनाउनु पर्छ ।"

दुतिय ओवाद सुत्तं, पृ.३०५ मा पनि यही वाक्य तथागतले दोहऱ्याउनु भएको छ । त्यस्तै ततिय ओवाद सुत्तं, पृ.३०८ मा पनि । अझ अगाडि गएर तथागत भन्नुहुन्छ-"भिक्षुहो ! कश्यप वा मद्वारा अववाद गरिने छ अथवा कश्यप समानले । अववाद पाएकाले कश्यप जस्तै हुन सकुँ भनी आचरण गर्न सक्नुपर्छ ।"

यसबाट तथागतको अन्तरस्करणमा स्थविर महाकश्यप प्रति कस्तो सद्भावना व्याप्त छ उहाँलाई तथागतले कुन दृष्टिले हेर्नु हुँदो रहेछ , कत्तिको आस्था राख्नु हुँदो रहेछ, स्पष्ट झल्किएको छ । यसबाट यो पनि स्पष्ट झल्किन्छ कि उहाँमा गम्भीराति गम्भीर विषयमा उपदेश दिई अरूलाई गम्भीर धर्मको अवबोध गराउने क्षमता रहेको छ । र स्थविर महाकश्यप जस्तो सुयोग्य पात्रको बुद्ध-शासन प्रवेशले यसको स्थापना र चिरस्थितिमा कुन किसिमको टेवा एवं बल मिलेको छ त्यो पनि अकाट्य प्रमाणको रूपमा स्पष्ट छ ।

क्षुद्रातिक्षुद्र अणु मात्र वद्य (दोष) अथवा आपत्तिहरु आइपर्ला र विभिन्न प्रकारका अपवादहरु झेलिरहनु पर्ला भन्ने डर आफूमा हरहमेशा ख्याल राखी कुनै पनि दोष आउन नदिन सतत जागरूक रहने जुन प्रवृत्ति उहाँमा छ, दोष, आपत्ति अवगुणप्रति सधैं घृणित एवं भयदर्शी उहाँले कहिल्यै कसैलाई अयोग्य स्थानमा आफ्नो निजी स्वार्थको निमित्त प्रयोग गर्ला भन्ने कुनै आशंका नै लिनु नपर्ने भएको हुँदा सातौ गुण धर्मले पनि उहाँ सुसज्जित र सुशोभित हुनुहुन्छ ।

त्यति मात्र होइन उहाँमा तथागतको बोधिप्रति अचल सुप्रतिस्थिति स्थिर श्रद्धा छ, त्यसैले सम्यक्सम्बोधिको हेतु सत्त्व प्राणीप्रति जुन हितैषीपन छ त्यसलाई उहाँले सधैं आत्मसात् गरिराख्नु भएको पाइन्छ । शील



Downloaded from http://dhamma.digital

सम्पन्नताको कारणले नै उहाँ देव मनुष्य ब्रह्मा सबैको प्रिय, गौरवनीय भावनीय हुनुहुन्छ ।

जुनबेला कुनै विषयहरूमा अवतीर्ण वा अनवतीर्ण रूपमा व्यतिक्रमण भएको हुन्छ, त्यसबेला, "साथीहरु हो ! भिक्षुले यसरी वस्त्र लगाउनु पर्छ, यसरी पारूपन गर्नुपर्छ, यसरी हिड्नु पर्छ, यसरी उभिनु पर्छ, यसरी खानुपर्छ, यसरी भोजन गर्नुपर्छ" भनी बुद्ध-वचनको तन्ति अनुरूप उहाँले सब्रह्मचारीहरूलाई अनुशासन गर्नहुन्छ र उहाँ चोदक पनि हुनुहुन्छ ।

दुई प्रकारले उहाँ पाप गरही पनि हुनुहुन्छ । पापीहरूसित सधैं अलग रहने, उनीहरूलाई न हेर्ने, उनीहरूको वचन न सुन्ने बानि उहाँमा छ भने आफूमा पनि पापेच्छा, कुत्सित भावना हीनवीर्य, अल्पश्रुतता, अनादरभाव कुनै हालतमा पनि आउन नदिई रागको वशमा नजाने, दोष मोहको वशमा नजाने भई पाप धर्मबाट बिल्कुलै छुट्टै रहने पनि भएको हुनुहुन्छ । वहाँ श्रुतसम्पन्न हुनुहुन्छ । जसको कारणले गर्दा सप्तत्रिंशत् बोधिपक्षीय धर्मप्रति उहाँ सिद्धहस्त हुनुहुन्छ । त्यसमा अभ्यस्त पनि हुनुहुन्छ । उहाँ विभिन्न लौकिक लोकोत्तर अभिज्ञा समापत्तिहरूमा पनि सुकौशल सुप्रतिष्ठित हुनुहुन्छ । त्यसकारणले नै तथागत स्वयंले उहाँलाई आफू जस्तै अभिज्ञा समापत्ति कुशल रहेको कुरा मुक्त कण्ठले प्रशंसा गर्नुभएको देखिन्छ ।

त्याग सम्पत्ति भएको हुँदा उहाँ अल्पेछु सन्तुष्ट प्रविवेक युक्त संसर्ग रहित पनि हुनुहुन्छ । अल्पेच्छुताको कारणले नै आफूमा भएको गुणलाई छिपाई राख्ने, चतुप्रत्यय (वस्त्र, भोजन ,शयनासन र औषधी) प्रतिग्रहणमा मात्रा प्रमाण जान्ने उहाँ हुनुहुन्छ । चतुप्रत्यय प्रयोगमा उहाँमा यथालाभ सन्तोष, यथाबल सन्तोष एवं यथासारूप्य सन्तोष भन्ने तीन प्रकारका सन्तोष भएको स्पष्ट छ । प्रविवेक गुण निहिंत भएको हुँदा काय विवेकको रूपमा उहाँ नैष्क्रम्य अभिरत हुनुहुन्छः परम परिशुद्ध चित्तावस्थामा पुगिसकेको हुँदा चित्त विवेकले पनि उहाँ युक्त हुनुहुन्छ,: संस्कार रहित अवस्था निर्वाणमा पुगिसक्नु भएको हुँदा उहाँमा उपधि विवेक पनि अन्तर्निहित छ । दर्शन संसर्ग, श्रवण संसर्ग, कुराकानीमा संसर्ग, परिभोग संसर्ग र काय संसर्गबाट विमुख रहने भएकोले राज , राज महामात्य, तैर्थिक, तैर्थिक श्रावक, उपासक, उपासिका, भिक्षु, भिक्षुणी भन्ने यी आठ प्रकारका व्यक्तिहरूसित उहाँको कुनै संसर्ग छैन र संसर्ग रहित असंसर्गी पनि उहाँ हुनुहुन्छ ।

हिंड्ने , उभिने, बस्ने र सयन गर्ने जुनसुकै अवस्थामा पनि क्लेश धर्म उत्पन्न हुन नदिई प्रग्रह वीर्य परिपुर्ण वीर्यले युक्त उहाँ आरब्ध वीर्यले पनि सुशोभित हुनुहुन्छ । उहाँ सत स्मृति सम्पन्न, समाधि सम्पन्न प्रज्ञा सम्पन्न रहेको कुरा यस संग्रहको अध्ययनद्वारा पूर्णतः अवबोध गर्न सकिन्छ यस विषयप्रति बुद्धद्वारा उहाँको प्रशंसा यहाँ प्रशंगतः उल्लेखनीय छ । तर विषयभार होला भन्ने डरले फेरि दोहोऱ्याउन पर्ला जस्तो लागेन । त्यस त्यस सन्दर्भमा मूल-सूत्र भै पाठकवृन्द स्वयंले अध्ययन गर्न सक्नु नै हुनेछ ।

जसमा यी गुणहरु पारमी संस्कारको परिणाम स्वरूप निहित छ, त्यसमा अमनचैन, परम सुख शान्ति सुसभ्य सुसंस्कृत उच्च श्रेष्ठ दोष विहीन जीवन लाभ हुनु कुनै अलौकिक र अनौठो कुरो होओइन, यो स्वभावगत त्यस व्यक्तिको जीवनको परम उपलब्धि हो । त्यसैले त यस प्रकारको महान सच्चा आदर्श युक्त व्यक्तिको मुखावृन्दबाट निम्न प्रकारका अनुपम उद्गारहरु सहज रूपमा प्रभासित हुन सकेको हो-"मैले शास्तालाई चिनिसकेको छु । बुद्ध शासन पालन गरिसकेको छु । गह्रौं पञ्चस्कन्धको भार बिसाइसकेको छु । अब फेरि जन्म हुने कारण छैन ।"

"चीवर र भोजनमा मेरो मन लिप्त छैन । गौतम बुद्ध अप्रमाण्य हुनुहुन्छ । निर्मल कमलको फूलमा



Downloaded from http://dhamma.digital

पानी नअड्ने झैं म त्रिभवबाट मुक्त भएको छु ।"

"वहाँ महामुनिको सतिपट्ठानरूपी गर्धन छ, श्रद्धारूपी हात छ, प्रज्ञारूपी टाउको छ, वहाँ महामुनि महाज्ञानी हुनुहुन्छ र वहाँ सधैं शान्त भएर विचरण गर्नुहुन्छ ।"

"असीकोटी सुनचाँदी हुने सुसम्पन्न ब्राह्मण कुलमा जन्मे र पछि त्यसलाई त्यागी म प्रवजित भएँ ।"

"सबै क्लेशहरूलाई मैले भष्म पारिसकें । भवसंसारलाई चुंडालिसकें । बन्धन चुँडालि बस्ने हात्ती जस्तै म अनाश्रवी भई बसेको छु ।"

"बुद्ध श्रेष्ठको सन्मुख मेरो स्वागत छ । तीन विद्यालाई लाभ गरेको छु । बुद्ध शासनको काम पूरा गरेको छु ।"

"मैले चारप्रतिसम्भिदा ज्ञान सहित विमोक्ष पनि प्राप्त गरेको छु र षड्भिज्ञ साक्षात्कार गरी बुद्ध शासनको काम पनि पूरा गरेको छु ।"

बुद्धकालीन अवस्थामा जे जति पनि विशुद्ध चर्यामा लागेका प्रतिभा सम्पन्न महान यश प्राप्त निष्ठावान आस्थावान ख्याति प्राप्त अग्रश्रावक महाश्रावक श्रावकहरु थिए उनीहरूमध्येमा प्रायशः ब्राह्मण कुलोत्पन्न कुलपुत्रहरु नै थिए । तिनीहरूमध्ये एक स्थविर महाकश्यप पनि हुनुहुन्छ । उहाँ असी कोटी वैभव सम्पन्न दशौं गाउँहरु र खेतहरूका मालिक ब्राह्मण महासाल कुलोत्पन्न महर्द्धिक महाधनी ब्राह्मण थिए भन्ने कुरा उहाँको उद्गारबाट थाहापाइसकेको छ । जाति, कुल, सामाजिक प्रतिष्ठालाई हेर्ने हो भने भौतिक तौरबाट उहाँमा कुनै चीजको कमी थिएन । कुनै भौतिक सुखको अभाव थिएन । सुवर्ण वर्ण मुर्तिभन्दा सयौं गुणा रूपवती शौभाग्यवती तेज सम्पन्न नारी उहाँकी स्त्री थिइन् गृहस्थी अवस्थाकी । धर्म शिक्षाको हिसाबले पनि वेदवेदांगमा पारंगत । यस्तो स्थिति यस्तो सुखदपूर्ण अवस्थामा समेत वहाँले बुद्ध-धर्मको अनुशरण गर्नु ,पछि लाग्नु बुद्धलाई नै सर्वेण प्रकारेण गुरू मानी अप्रमाण्य अग्रगण्य ठानी पूर्णतः आफूलाई समर्पित गर्नु र त्यसैमा यथार्थ सारत्व प्राप्त गरी धन्य सम्झनु परम सुख शान्तिको वास्तविक अनुभव गर्नु यो बुद्ध र बुद्ध-धर्मको आफ्नै मौलिक विशेषता नभए अर्को के हुनसक्ला र ! तसर्थ बुद्ध-धर्मलाई कुनै धर्मको शाखा प्रशाखा मान्नु हाँगा बिंगा ठान्नु यो कत्तिको न्यायोचित होला त्यो सबै निरपेक्ष निस्वार्थ भेद विहीन दूरदर्शी निष्पक्षपाती विवेकपूर्ण विद्वत्वर्गमा हातमा अमला राखे जस्तै स्पष्ट देखिने कुरो हो । अन्यथा ब्राह्मण जातिय कुलपुत्र कुलपुत्रीहरूको बुद्ध-धर्म अनुशरण अनुगमनले कुनै मतलब रहने छैन । आवश्यक पनि देखिंदैन । अर्को पक्षमा फेरि बुद्ध-धर्मलाई कुनै धर्मको आँखाको धुलो सम्झी त्यसमाथि मौकैपिच्छे आक्रमण र प्रत्याक्रमण नै किन चाहिएको थियो र !

बुद्ध-धर्ममा दिक्षित र प्रतिष्ठित भइसके पछि मात्रै जातिगत रूढीगत ब्राह्मण उत्तम श्रेष्ठ आर्यत्व प्राप्त सच्चा ब्राह्मण बन्न पुगे । सच्चा श्रमण हुन पुगे । सच्चा प्रव्रजित हुन सके । यसको अन्वयार्थ झल्काउने सत्यवादी बुद्ध-वचन निम्न प्रकारले दर्शाइन्छ-

बाहितपापोति ब्राह्मणो,
समचरियाय समणो' ति वुच्चति ।
पब्बाजय 'त्तनो मलं,
तस्मा पब्बजितो 'ति वुच्चति ॥



Downloaded from http://dhamma.digital

भनाइको तात्पर्य हो "जसले सबै पापलाई बगाइसकेको छ, त्यो सच्चा ब्राह्मण हो । शुद्ध स्वच्छ समचर्याबाट नै श्रमण कहलाइन्छ । जसले आफ्नो मानसिक मल हटाइसकेको छ, त्यसकारण त्यसलाई प्रव्रजित भनिन्छ ।"

यस संग्रह विभिन्न विषयहरूले भरिपूर्ण छ । यसमा कुशलाकुशलका प्रभाव के कस्तो हुन्छः कुनै व्यक्ति उच्चत्वमा पुग्न कस्तो किसिमको मार्ग उसले अपनाउनु पर्छः प्रार्थनाले मात्र होइन पूर्ण सिद्धित्व लाभ गर्न लाभेच्छु व्यक्तिको क्रियाकलाप कस्तो भावनाले अभिप्रेरित भएको हुनुपर्छः बुद्ध जस्ता महान सन्त सत्पुरूष कल्याणमित्रहरूको संसेवनले कुन किसिमको भौतिक एवं आध्यात्मिक अनुपम प्रतिभा लाभ गर्न सघाउ पुऱ्याउँछः दानादि कुशल धर्मको क-कस्तो प्रभाव हुन्छः माग्नुको प्रतिक्रिया दर्शाउने घटनाहरु कत्तिका मननीय छन्, क-कस्ता अवगुणहरु र गुणहरु हुँदा सत्त्वहरूको परिहानी र अभिवृद्धि हुन्छः यो लोकमा सद्धर्म कसरी कुनबेलामा अन्तर्धान वा लोप हुन्छ र के के कारणहरूले गर्दा सद्धर्म स्थिर हुन्छ, लोप हुँदैनः बुद्धशासनमा स्थविर महाकश्यपको कुन किसिमको प्रमुख स्थान , भूमिका र अविस्मरणीय देन छ आदि कुराहरूको सर्वेक्षण गर्न पाइन्छ । अझ यसले मानिस मनुष्यत्वले युक्त भई मनुष्यत्वको पूर्णत्वमा कसरी अगाडि बढ्न सकिन्छ यी जम्मै विषयहरूलाई मूल्यांकन गरी यसलाई जीवनको प्रत्येक घडीमा उतार्न सकेमा क-कस्ता लाभ उठाउन सकिन्छ आ-आफ्नै अनुभवद्वारा थाहा पाउन समेत निर्देशन दिन सकिन्छ ।

अर्को महत्वपूर्ण कुरा के छ भने, यस पुस्तकमा जे जे विषयहरु गहन छन् , दुर्बोध्य छन्, दुष्कर छन्, ती ती विषयहरूलाई बोध गराउन विषयपटु विद्वान महास्थविरज्यूले ठाउँ ठाउँमा खोजपूर्ण स्पष्टीकरण दिइराख्नु भएकोले यस पुस्तकको महत्व अझ बढी गहकिलो हुन गएको छ ।

वस्तुतः पूज्य आचार्य महानायक भिक्षु अमृतानन्द महास्थविरज्यूको लगनशीलता, विद्वता, दक्षता क्रियाशीलताले गर्दा यस प्रकारका संग्रहहरु पाठकहरु समक्ष नबिलाउँदै नसेलाउँदैमा प्रस्तुत गर्न सकिएको छ । श्रावक-चरितहरुमा यस संग्रह अन्तिम संग्रहको रूपमा प्रस्तुत भइराखेको छ । यसले सबैलाई आत्मसात गरी आध्यात्मिक विकासमा ठूलो योगदान पुऱ्याउने छ भन्नुमा कुनै आशंका लिनु पर्ने छैन जस्तो हामीलाई लाग्छ । त्यस्तै यस्ता अमूल्य संग्रहहरु प्रस्तुत गरी श्रद्धेय महास्थविरज्यूले धर्म, भाषा, शासन र देशको ठूलो सेवा गरिरहनु भएको साथै वहाँको सत्प्रयासले नेपाली मात्रको सत्यको आँखा खुलि सही बाटोमा हिंडाउनमा वहाँको सफलता मिलोस् भन्ने शुभेच्छा व्यक्त गर्दै यो अभिव्यक्ति यहि अन्त गर्न चाहन्छु ।

सबैलाई सम्यक्दृष्टि लाभ होस् !
मिथ्या धारणा अन्त होस् !

**भिक्षु ज्ञानपूर्णिक**
विश्व शान्ति विहार, मीनभवन, नयाँ बानेश्वर,
बु.सं. २५३१



Downloaded from http://dhamma.digital




# अनागारिका धम्मवती

## दुई शब्द

विश्वविभूति, विश्वज्योति, शान्तिका अग्रदुत, स्वदेश सपूत शाक्यमुनि भगवान् गौतम बुद्धको आधिकारिक जन्मभूमि, पावनधरती, यो नेपाल । पवित्र पुण्यभूमि कहलाउने यो "ने" मुनिद्वारा पालिप्त र रक्षित नेपाल । लोक-अग्र, लोक-जेष्ठ, लोक-श्रेष्ठ,अद्वितिय महापुरूष पनि यहाँ छ र सर्वोच्च सर्वोत्तम विश्व-विख्यात हिमशिखर पनि यहीँ छ । यी दुबैको अस्तित्व र वास्तविकतालाई नबुझ्ने, बुझेतापनि बुझपचाउनेहरु पनि यहीँ नै छन् । यही हो- यो देशको अनौठो विशेषता र विचित्रता । त्यतिमात्र होइन , यो देशको देशवासीहरूमा बाहिरको भर्खरको ज्वाइँसाहेबलाई पूरा सम्मानका साथ भित्र्याई सद्दे छोरोलाई षड्यन्त्रको भुमरी र जालमा पारी बिना कसूर घरबाट निष्कासन गर्ने, धपाई पठाउने शीप र अदम्य उत्साह पनि नरहेका (नगरेका) होइनन् । यो कस्तो छल, यो कस्तो बल, यो कस्तो पराक्रम, अहो ! यो देशको, यो अचम्म लाग्दो अद्‌भुत क्षमता होइन र ?

यस्तै यस्ता अचम्म लाग्दा घटनाहरूको कारणले बाहिरिनुपरिरहेको भित्रिन समेत दिन नचाहेको यो पावन पुण्यभूमिमा शुद्ध बुद्धशासन पुनर्स्थापनाको प्रारम्भिक इतिहासकालमा भिक्षु महाप्रज्ञा, पछि बौद्धऋषि महाप्रज्ञा (स्वर्गीय) र वर्तमान अखिल नेपाल भिक्षु महासंघ आजीवन धर्मानुशासक "अरियधम्मरक्खित नेपाल बुद्धशासन वंसालंकार सिरी" अग्गमहापण्डित भिक्षु प्रज्ञानन्द महास्थविरहरूको देन अविस्मरणीय र अद्वितिय छ । उहाँहरूकै अदम्य उत्साह र अविरलप्रयासले भिक्षु श्रामणेरहरूको मात्र संख्यामा बुद्धि भई देखापर्न थालेका होइनन् यो नेपालमा,साथै पण्डरंग परिब्राजिका कहलाउन सकिने शीलवती गृहत्यागी महिलाहरु, आफ्नो नेपालको प्रचलित व्यावहारिक भाषामा "अनागारिका गुरूमां" (गुरूआमा) हरु पनि शनैशनैः देखा पर्न आए । यस पुनरूत्थानकालका सर्वप्रथम अनागारिका हुनेहरूमा रत्नपाली ,धर्मपाली र संघपालीहरूको नाउँ समुल्लिखित छ । त्यसपछि प्रभावशाली व्यक्तित्वको रूपमा अनागारिका गुरूमांको रूपमा "अनागारिका धर्मचारी" यस पुण्यभूमिमा देखापर्न आइन् ।

अहिले आएर त्यसबेला भन्दा पनि महिलाजातिको बढी हित, सुख, कल्याण, अर्थ र उत्तरोत्तर अभिबृद्धिकामी यस पुस्तिकाकी सजीव चरित्र नायिका अ. धम्मवती पुण्यभूमि नेपालमा एउटी विदुषी, दक्षा, कार्यकुशला, व्यवहार कुशला, निर्भयी, स्पष्ट वक्त्री, निरालसी, उत्साही, धार्मिक क्षेत्रकी महिला पथप्रदर्शिकाको रूपमा देखा परिरहेकी छिन् ।

विश्वमा नारीस्वतन्त्रता, नारीउत्थान, नारीजागरण र नारीअधिकार प्राप्तिको लागि बुद्ध-धर्म अनुसार सर्वप्रथम इनकलावीको झण्डा उठाउने र त्यसलाई ठड्याउने महिला थिइन् -२६०० वर्ष अगाडि यो संसारमा उत्रनु भएकी स्वयं भगवान् गौतम बुद्धकी पोषिका सानी आमा महारानी "महाप्रजापति गौतमी" अर्थात्



Downloaded from http://dhamma.digital

"चिररात्रिज्ञा स्थविरा भिक्षुणी महाप्रजापति गौतमी ।" त्यस्तै गृहस्थी महिलाको रूपमा महाउपासिका मृगारमाता विशाखालाई पनि एउटी अग्रणी संघर्षकर्तृको रूपमा लिएमा पनि कुनै आपत्ति हुने देखिन्न ।

ती विदुषी लगनशीला,पराक्रमी, भविष्यउत्थान कर्तृ महिला अग्रणीहरूको पदानुपद अनुकरण र अनुशील गर्दै आएका महिलाहरु कम थिएनन् तापनि सामाजिक विसंगति तथा विविध अवरोधकारक कारणहरूले गर्दा बुद्ध-शासनको क्षेत्रभित्रको थेरवाद पिटकग्रन्थ अनुसार यद्यपि भिक्षुणीशासन चिरस्थायी रहन सकेको थिएन तर पनि चेतनशील सजग नारीहरु हातमा हात राखी चूप लागेर बसेकी थिइनन् । बेला बेलामा संघर्षरत नै थिइन् । अवसर र वातावरणले दिएअनुरूप आफ्ना पाइला चाल्दै आइ नै रहेकी थिइन् । तदअनुरूप आफ्ना बुद्ध-धर्म बढी प्रचलनमा आएका देशहरु श्रीलङ्का, बर्मा, थाइलैण्ड, जापान, कोरिया, चीन र ताइवान आदि देशहरु मध्येमा बर्माको इतिहासमा पगान्युग, प्यूयुग, तयेखेत्तयागुग, कुन्भाउँयुगहरूमा पनि पंण्डरंग परिब्राजिकाको रूपमा अथवा सेतो कपडा लगाउने गृहत्यागी शीलवती महिलाहरूको रूपमा राजमहेषी, राजपुत्री, राजकुमारी आदिहरूलाई सरसल्लाह आदि दिई चाहिंदो सहयोग पुऱ्याउने जस्ता उच्चस्थितिमा रही राजकीय सम्मानप्राप्त महिलाहरु रहिआएका कुराहरु उल्लिखित छन् । अँय्वा र मण्डले यतना बउँयुगदेखि यता त सया मय् किङ, सया मय् नातृपी जस्ता निष्ठा र प्रतिष्ठाकी प्रतिरूपा बौद्ध महिला शीलवती तीलाश्यिङहरु प्रशस्तमात्रामा देखा पर्न आएका थिए र आजसम्म पनि त्यो परम्परा देखा पर्न आएका थिए र आजसम्म पनि त्यो परम्परा अक्षुणरूपमा प्रगति हुँदै गइरहेको तथ्य प्रत्यक्षदर्शी भएर नै देख्न पाइरहेको छ र शिक्षा, धर्म, संस्कृतिको रक्षा, जन सेवा र समाज सेवा आदि क्षेत्रहरूमा सेवा पुऱ्याई लोकोपकारक कार्यहरूमा दत्तचित्त भई संलग्न भइरहेकाहरूको संख्या आज आएर दिन द्विगुना रात चौगुना भने जस्तै बृद्धिहुँदै आइरहेको छ । यसैको ज्वलन्त उदाहरण "अनागारिका धम्मावती" रहेकी छिन्-हाम्रो आफ्नो नेपालमा ।

उहाँको के कस्तो भूमिका र देन छ त्यसको बारेमा त यहाँ फेरि उल्लेख गरिरहनु खालि पृष्ठ पोषणको लागि मात्र हुने छः सबै चाहिनेजति कुरा कुशल लेखक रत्नसुन्दर शाक्यले आफ्नो कुशल लेखनीद्वारा यस पुस्तिकामा प्रस्तुत गरिनै सकेको छ । यस क्षेत्रमा उहाँको के कस्तो खुबी छ, उहाँ कसरी सक्षम हुनुहुन्छ, त्यो त उहाँ कै अन्य लेखनीहरुद्वारा स्पष्ट झल्काइसकेको तथ्य सर्वविदित छ ।

वस्तुतः वहाँजस्तो दक्ष, कुशल, क्रियाशील, सक्षम अन्वेषण र अनुसन्धानपूर्ण प्रज्ञाविद्हरूको जीवनी प्रस्तुत कर्तामार्फत् भविष्यमा पनि समय समयमा यस्तै यस्ता सार पूर्ण प्रेरणादायी उत्साहबर्द्धक ऐतिहासिक बौद्ध र बुद्ध-धर्मका कृतिहरूद्वारा लाभान्वित हुन पाइने कुरामा थुप्रै आशा र विश्वास थुपार्दै आफ्नो "दुई शब्द" अन्त गर्दछु । अस्तु !

चिरं तिट्ठतु जिनशासनं

**भिक्षु ज्ञानपूर्णिक**
विश्व शान्ति विहार
नयाँ बानेश्वर,काठमाडौं
२२।३।२०४६



Downloaded from http://dhamma.digital




# प्रज्ञारश्मि महास्थविर

## संवेग

भिक्षु प्रज्ञारश्मि महास्थविर नेपालय् हानं छको मूल बुद्ध-धर्म थेरवाद शासन प्रचार प्रसारय् थःगु जीवन अर्पण याना बिज्याकम्ह छम्ह महास्थविर खः । न्हापां न्हापां बुद्धया जन्मभूमि नेपालय् बुद्धयागु उपदेश प्रचार प्रसार यायेत गुलि क्षान्ति दयेका वीर्य व उद्योग यायेफु उगु वीर्य व उद्योग याना बिज्याकपिं महास्थविरपिं मध्ये छम्ह खः । नेपालं बुद्ध-धर्म प्रचार प्रसार याये मखु धका मधासे बरू पितिंका च्वनेगु दुःख सहयायेत तयार जुया दुःख कष्ट सिया बिज्याःपिं वरिष्ठ भिक्षुपिं मध्ये थ्वसपोल छम्ह नं खः ।

वसपोलयागु विहारत दयेकेगुली सहयोग, महापरित्राण सम्पन्न यायेगुली सहयोग व बौद्ध साहित्य च्वयेगु, प्रकाश यायेगुली सहयोग थ्व झीगु न्ह्योने पुण्य स्मृति जुया दना च्वंगु दु ।

वसपोल उच्च रक्तचापया लोचं जुजुं ७७ या उमेरय् थःगु जीवनया ५१ वर्षावास पूवंका अनित्य शरीर तोता परलोक जुया बिज्यात । वसपोलयागु थ्व संक्षिप्त जीवनी वसपालेया बारय् छुं भति सीके फइ, लोमंगु लुमंके फइ धका शाशा याना । वसपोलयात मरणानुस्मृति स्मरण बुद्ध-पूजा, परित्राण पाठ, दान प्रदान आदिया आनुभावं वसपोलं चीवर वस्त्र धारण याना बिज्याबले आशिका याना बिज्याःथें ब्याक्क "वट्ट दुक्खं" मुक्त जुयाच्वंगु निर्वाण याकनं साकार याना काये फयेमा धका प्रार्थना यानागु जुल ।

Dhamma.Digital

**भिक्षु ज्ञानपूर्णिक महास्थविर**
विश्व शान्ति विहार
सचिव, अखिल नेपाल भिक्षु महासंघ
२०५१।८।१८



Downloaded from http://dhamma.digital


कर्म व उकिया विपाक
चूलकम्मविभङ्ग
सूत्र
व
कर्म व मनुष्यया
लिधंसाय् ब्वलंगु

धर्मरत्न शाक्य "त्रिशुली"
ललितपुर

# कर्म व उकिया विपाक
# चूलकम्मविभङ्ग सूत्र व
# कर्म व मनुष्यया लिधंसा ब्वलंगु

## मन्तव्य

पूज्य ज्ञानपूर्णिक महास्थविरद्वारा
विश्वशान्ति विहारमा
देशना गर्नुभएकोलाई
नेपाली भाषामा (अनुदित)

सम्पादक तथा अनुवादक
धर्मरत्न शाक्य 'त्रिशूली'
शंखमूल चोक, नयाँ बानेश्वर

# सुत्तनिपात अट्ठकथाको खग्गविसाण सूत्र वर्णन

## केही कुरा

यो 'खग्गविसाण-सूत्र' खुद्दकनिकायको १५-ग्रन्थहरूमध्ये पाँचौ ग्रन्थ सुत्तनिपातको उरगवग्गादि पाँच वग्गहरूमा पहिलो उरगवग्गका तेस्रो 'सुत्त' हो । यस सुत्तमा विशेष रूपले ४० जना प्रत्येकबुद्धहरूको नैष्क्रम्य गुणको राम्रो वर्णन भइराखेको छ । यस सुत्रमा नैष्क्रम्य गुणधर्म वेद्धि गरी के कसरी धर्मसंवेग उत्पन्न गराई भौतिक जगतको दुर्गुणहरूलाई ज्ञानचक्षु प्रज्ञाचक्षुद्वरा अवलोकन गरेर अत्यन्त शान्त शीतल अवस्थामा पुग्न सकिन्छ , पुग्न हुन्छ, कसरी प्रत्येक बोधित्व हस्तगत हुन्छ , त्यसको स्पष्ट वर्णन गरिराखेको हामी पाउँछौ । सुत्तनिपात अट्ठकथाको आधारमा बुझ्ने गरिकन व्याख्या पनि यसमा भइराखेको छ ।

विभिन्न प्रकारका सांसारिक भयावह त्राशदिपूर्ण स्थितिहरु र संवेगजनीय घटनाहरूको दिग्दर्शन सूत्रमा राम्ररी प्रदर्शन गरिएको हामी पाउँछौ । ती विषयहरूलाई सही दृष्टिद्वारा अध्ययन गर्नु, चिन्तन मनन गर्नु, भाविता गर्नु मानव मात्रको लागि लाभदायक छ, कल्याणकारक छ, मंगलमय छ ।

यस किसिमको उचित र योग्य निन्तन मननले गर्दा मानिसको मन पापक धर्ममा रमाउँदैन र शुद्ध, स्वच्छ, निर्मल विचारधारा बोकिहिँड्दा उसको. मन बाह्य दूषित वातावरणद्वारा आकर्षित हुँदैन । जसले गर्दा सचेतता र सजगता अपनाउन उसलाई सजिलो हुन जान्छ । वास्तविक जीवनको सत्य तथ्य बुझ्न असलाई अप्ठेरो पर्दैन र जीवन मुक्तिको पथतिर ऊ दृढचित्तले अगाडि बढ्न सक्छ र धर्मसंवेग गराई सही मार्गमा लम्कन उसलाई गाऱ्हो पर्दैन । साथै यस सूत्रमा उल्लेखित प्रत्येकबुद्धहरूको भावनालाई बुझ्न ऊ सक्षम हुनजान्छ । अनि एक सिंगे गैंडा जस्नै भएर एक्लै रमाउन सक्ने कार्यविवेक र चित्तविवेक प्राप्त गरी प्रीति, सुख, एकाग्रतालाई साथमा राखी ऊ, परम शान्तिको अनुभूति लिएर अमन चयनमा तल्लीन हुनसक्दछ ।

यसरी आजकालको जटिल अवस्थामा हत्या, हिंसा, आतंक, अन्याय, अत्याचार, भ्रष्टाचार, द्वेष, कोप, क्रोध, ईर्ष्या, मान, पद, प्रमाद, लोभ, मोह, तृष्णा, अविद्या आदिले जकडिएको ग्रसित, त्रसित, अस्तव्यस्त जीवन स्थितिबाट अलग्गिएर, टाढिएर तटस्थ रूपमा आफूलाई राखी संयमित, सन्तुलित, शमित, दमित जीवन जिउन सहज हुनजान्छ । यस सूत्रको अध्ययन मननको । अभ्यासको उपादेयाता यसैमा निहित छ ।

यही 'सुत्तनिपात' पालिको 'खग्गविसाण - सुत्त' लाई सर्वप्रथम नेपालभाषामा व्याख्या सहित भाषान्तरण र सम्पादन गरी निकाल्नु भइसकेको उपासक धर्मरत्न शाक्य 'त्रिशूली' ले अहिले आएर नेपालीभाषाका पनि रूपान्तरण गरी नेपाली बौद्ध बुद्धिजीवीहरूको हृदय पटलमा नैष्क्रम्य गुणधर्मले भरेको प्रत्येकबुद्धहरूको परिचय भरिदिन अगाडि सार्नु भएको छ । महत्वपूर्ण क्रिया नै भयो ।

शारीरिकि दृष्टिकोणले आफू अस्वस्थ भए बाबजूद पनि त्यसलाई पर्वाह नगरी जुनरूपले वहाँले



Downloaded from http://dhamma.digital

सम्यकसम्बुद्ध तथागतको शुद्ध, स्वच्छ, निर्मल धर्मलाई आधार बनाएर बुद्धोपदेशको उपचारले मनलाई स्वस्थ पारी दृढ संकल्पित भई आफ्नो शरीरलाई हिलोमाटोबाट कमल फूल फूलाउने जस्तै फुलाउने काम गरिरहनु भएको छ, त्यो अति नै सराहनीय कुरो हो । वहाँको सत्प्रयास सफल हुँदै जाओस् र त्रिरत्नको आनुभाव प्रभावले वहाँको स्वास्थ्य पनि दिन दुईगुणा रात चौगुणा राम्रो हुँदै जाओस् भन्ने शुभाभिलाषलाई अगाडि सार्दै वहाँलाई यथायोग्य सहयोग प्रदान गर्नुहुने अन्य व्यक्तिहरूप्रति पनि हार्दिक आभार एवं शुभेच्छा प्रकट गर्दै आफ्नो केही कुरा यही टुंग्याउँदै छु ।

चिरं तिट्ठतु जिासासनं !

**भिक्षु ज्ञानपूर्णिक महास्थविर**
विश्व शान्ति विहार
मीनभवन, नयाँ बानेश्वर



Downloaded from http://dhamma.digital




# भिक्षु विमलानन्द महास्थविरको जीवनी

### मंगल -कामना

श्रद्धेय भिक्षु विमलानन्द महास्थविरज्यूको ७७औ जन्म दिवसको अवसरमा २०६२ माघका दिन प्रकाशित हुने गरी वहाँको बाल्यकाल सम्वन्धी जीवनी पुस्तक लुम्विनी धर्मोदय उपसमितिले प्रकाशनमा ल्याउनु सुखद कूरो हो । यो देखेर खूशी पनि लागेको छ । कदर योग्य व्यक्तिहरूको कदर यथसमयमै हून सुहाउदो कुरो हो ।

एक संस्मरण मतिनाकाजि शाक्य वर्तमान भिक्षु विमलानन्द महास्थविरज्यूको जीवनी सम्बन्धी आत्मकथाको रोचक ढंगको पुस्तक सरसर्ति हैने मौका पाएँ । बाल्यकालदेखि नै वैराग्य भावना बोकेर मरणलाई समेत परास्त गरी बुद्धशासनमा प्रवजित भई छ । त्यसका लागि वहाँले गर्नुभएको पटक पटकको मननीय छ । इच्छा भए पछि जुनसुकै काम पनि पूरागर्ने सकिदो नै रहेछ । त्यो बेलामा मानिसले जस्तोसुकै दुःख कष्ट पीडा र बाधा अढचनाहरूको पनि सामना गर्न पछि नहट्ने प्रण गर्दोरहेछ । यस्तै किसिमको दृद चरित्र मतिनाकाजीमा पनि फलेको स्पष्ट छ । आखिरमा वहाँ सफल पनि हुनुभयो ।

श्रामणेर विमलानन्द भिक्षु विमलानन्द र महास्थविर विमलानन्दको रूपमा रही बुद्ध शासनलाई वहाँले अफूले सक्दो रूपमा योगदान दिदैं आइरहनु भएको छ । श्रीलंकामा पनि दशक जति समय बिताई कुन किसिमको कार्य वहाले गरेर देखाउनु भयो त्यसपछि ई.सं. १९७२ देखि आजसम्म अरहत् सम्यक्सम्बुद्ध तथागत बुद्धको पवित्र जन्मस्थल पुण्यभूमि लुम्बिनीमा घाम पानी बतास हुरी हावा खाएर जस्तो किसिमको सेवा , सहयोग र योगदान वहाँले पुऱ्याएर आउँदै रहनु भएको छ । त्यसको प्रशंसा एवं सह्राहना जति गरे पनि नपुग नै रहन जान्छ । कम श्रद्धा कम धैर्य कम सहनशीलता कम लगनशीलता कम साहस कम उत्साहले त्यो काममा हात हाल्न असम्भव प्राय नै छ । अति दुष्कर त अवश्य पनि मान्नुपर्दछ ।

यसरी आफ्नो सारा जीवनी नै बुद्ध शासनिक क्रियाकलाप र सामाजिक सेवा तथा विभिन्न क्षेत्रमा योगदान पुऱ्याउदैं त्यस मध्यमा पनि विशेषतः लुम्बिनीको चौतर्फी विकासको निमित्त आत्मसमर्पण एवं दत्तचित गइ लागिरहनु भएको वहाँको जीवन अनि प्रशंसनीय एवं अविस्मरणीय रहेको छ । वहाँ अझ पनि निरोगी स्वस्थ दीर्घायु जीवन प्राप्तगरी अगाडि बददै जानसकून भन्ने शुभकामना तथा मंगलकामना व्यक्त गर्दछु ।

चिरं जीवतु सो विमलो : सुखी होतु दीघायुको ।
लभतु थामबलो च : रक्खितुं सुभूमि लुम्बिनी ।।

भिक्षु ज्ञानपूर्णिक महास्थविर
विश्व शान्ति विहार, मीनभवन, नयाँ बानेश्वर
११२६/वि.सं. २०६२



Downloaded from http://dhamma.digital




# ललितविस्तर बोधिचर्या

## दुई शब्द

पालि भाषानुसारको "ललितविस्तर" ५०-६० वर्ष अगाडी भिक्षु महाप्रज्ञा (पछि बौद्ध ऋषि महाप्रज्ञा) ज्यूले कालिम्पोङ्मा बसोबास गरी रहनुभएको बेला बडो मेहनतका साथ आफैले प्रेस स्थापना गर्नुभई राणाशासनको जगजगी मच्चिरहेको त्यो बेलामा पनि कसैप्रति नझुकी, डर नमानी पालि भाषानुसार "ललितविस्तर" नामाकरण गरी बुद्ध जीवनी सम्बन्धी ठूलो आकारमा नेपाल भाषामा ग्रन्थ प्रतिपादन गर्नुभएको थियो ।

पण्डित निष्ठानन्द बज्राचार्यज्यूले संस्कृत भाषाबाट लेखिएको महायान परम्परा अनुसारको "ललितविस्तर" आफ्नै अथक प्रयासले ठूलो प्रयत्नका साथ नेपाल-भाषामा भाषान्तरण गर्नुभए जस्तै नै वहाँ भिक्षु महाप्रज्ञाज्यूले पनि पालि भाषानुसारको "ललितविस्तर" प्रतिपादन गर्नुभई नेपाल भाषा साहित्यको इतिहासमा ठूलो योगदान पुऱ्याई गुण गर्नुभएको छ । दुबै व्यक्ति प्रति हामी सबै नेपाली ऋणी रहेका छौं ।

आज आएर भिक्षु महाप्रज्ञाज्यूको नेपाल भाषामा रचित "ललितविस्तर"लाई खड्गरत्न शाक्यज्यूले नेपाली राष्ट्र भाषामा भाषान्तरण गरी प्रकाशमा ल्याउनु भई नेपाली भाषाको साहित्य भण्डारमा एउटा नयाँ आयाम ठप्नु भएको छ । डा. आचार्य भिक्षु अमृतानन्द महास्थविरज्यूले लेख्नु भएको "संक्षिप्त बुद्धजीवनी" बाहेक नेपाली भाषामा अर्को बुद्धजीवनी सम्बन्धी विस्तृत जानकारी दिलाउने ग्रन्थहरु अभाव नै भइराखेको थियो । त्यो अभावको परिपूर्ति अहिले खड्गरत्न शाक्यज्यूले गर्नुभएकोछ । जसले गर्दा राष्ट्र भाषाभाषी नेपालीहरूको लागि पनि ठूलो गुण गर्नुभएको छ भन्नु अतिसयोक्ति नहोला जस्तो लाग्छ । यसको लागि हामीले वहाँलाई हृदयदेखि नै साधुवाद दिन चाहन्छौं । यस्तै यस्ता अमूल्य ग्रन्थहरु पछि पछि पनि वहाँबाट सृजित हुँदै जानेछ र राष्ट्रभाषा नेपालीको साहित्य भण्डारमा बौद्धग्रन्थहरु पनि शनैः शनैः ठप्दै जानेछ भन्ने आशा पनि गर्दै जानुपर्ला ।

**सबैको कल्याण होस् !**

**भिक्षु ज्ञानपूर्णिक महास्थविर**
विश्व शान्ति विहार
मीन भवन, नयाँ बानेश्वर
मिति :- २०६३ श्रावण ४ गते



Downloaded from http://dhamma.digital




# SELECTED DISCOURSE

## Few Blessing Words

The aims and objects of the worldly beings are peace and happiness. To get rid of suffering they follow all kinds of practices. At the pre-historical period the ancient people worshipped natural forces being prevalent to them as their refuges; such as: rocks, woods, groves, trees and various shrines. But these things did not give protection to them, did not solve their problems and they were not get away from disasters.

Because such a refuge is not a safe refuge, not the best refuge. One is not liberated from all evil consequences of existence for having come to such a refuge.

Lack of true knowledge and proper understanding even in this modern age people still follow the somehow same type of mistaken ways. They cannot find out the right path and appropriate ways to lead their lives in proper manner. They do not realize that the actual refuge and real practice could be found within their own life as pointed out by the Tathagata. In the teaching of the Tathagata people should understand to pay attention to their own life. They should, at the beginning, try to develop wholesome attitude wholesome behavior practicing generosity, observing moral precepts, performing all sorts of duties and keeping away unwholesome attitudes demeritorious thoughts which will drive them to be down carts and to down fall, well prescribed by the Buddha in various Suttas, such as: Sigalovada Sutta, Mangala Sutta, Vasala Sutta, Parabhara Sutta, Metta Sutta etc. and also go to refuge to the Buddha, The Dhamma, and the Sangha, see with right knowledge the four noble Truths, Sorrow, the cause of Sorrow, the transcending of Sorrow and the Noble Eightfold Path leads to the Cessation of Sorrow.

This, indeed, is refuge, secure. This, indeed, is refuge, supreme. By seeking such refuge one is released from all sorrow.

All of there ways of freedom, from suffering are collected, compiled and placed in one place to make easy to study to give facility to the learners Mr. Bashu Dev Deshar, a devoted Buddhist, endeavored and brought forward this book being a gentle, humble, simple and benevolent person himself, with a wishful thought of giving important guidance to the concerning people to get right knowledge and understanding about the ways to get rid of suffering and to obtain real peace and happiness in life.

Hope, this book will serve the purpose of the needy people to awaken them and give the proper understanding how to gain the quality of a human being to be a real human with the nature of humanity. May the entire blessing be with the sentient beings.

**Bhikshu Jnanapurnik Mahasthavira.**
Vishva Shanti Vihara
Meen Bhawan, New Baneshwar, Kathmandu, Nepal, 4482984



Downloaded from http://dhamma.digital



# म्यानमारय् बौद्ध धर्म व नेपाललिसेया स्वापू

## धम्माचार्य, अग्गमहासद्धम्म ज्योतिकधज भिक्षु ज्ञानपूर्णिक महास्थविरपाखें मन्तुना

हिरण्यलाल श्रेष्ठजु नेपालया वयादेशिक मामिला सम्बन्धी नीतिया पारखीया रूपय् सुपरिचितम्ह व्यक्ति जुया दीथें ऐतिहासिक विषयतय्त बौद्ध धर्मया ख्यलं विशेषता प्रदर्शन यानाः अध्ययन यायेगुपाखे रुचि तयादीम्ह राजदूतया रूपय् च्वनाः जक ज्या याना दीगु मखु विशेषतः अनयागु बुद्धधर्म सम्बन्धी ऐतिहासिक महत्वया थायबाय्तय्त नं अनुसन्धान यानादीगु ज्याय् संलग्न जुयादिल । गुकिया फलस्वरूप रूस व नेपालया बौद्धधर्मलिसें छु गुजागु स्वापू दुगु खः । गुकथं अन न्हापानिसें नेपाःयागु बौद्ध धर्मया प्रभाव लानाच्वंगु खः मात्तुमालेगु लिसे लिसें थाय् थासय्यागु स्थलगत भ्रमणद्वारा जानकारी तकं हासिल याना मूवंगु छगू यात्रा विवरणथें जाःगु सफू तकं प्रकाशय् हयादिल । नेपालयागु महत्व क्यनेगु ज्या यानादिल । वयकःयागु उगु सफूया नां खः "रूसय् बौद्धधर्म व नेपाल लिसेंया स्वापू" ।

अथे हे आः वयाः वय्कलं थःगु मन क्वसाःगु विषय जुयाच्वंगु नेपाः व मित्रराष्ट्र म्यानरमारयागु विषययात कया छगुलिं ल्यू मेगु स्वात्तुस्वास्वां हे थःगु सिद्धहस्त च्वसुत "सन्ध्या टाइम्स" व हेटौंडा वाः" पती पिकाकां भायाच्वंगु दु । विशेषरूपं नेपाः व म्यानमारया बौद्धधर्मयागु सम्बन्धयात क्वात्तुसे च्वंके बीगुलिइ वय्कलं पलाः न्ह्याकाः च्वनादीगु जुल । उकियात कयाः वय्कलं नेपालभाषां विभिन्न विधायात न्ह्यचीकाः च्वसूत प्रकाशय् हया च्वनादीगु दु । गथे कि लोकमणि चूलाचैत्य, म्यानमारया चिं, महाविजया सेडी चैत्य, नेपाःया चिं, ऊ चन्द्रमणि महास्थविर : नेपाली भिक्षुपिनि प्रेरक गुरु, चतुर्थ विश्व बौद्ध सम्मेलनय् बर्मेलीत, म्यानमारय् जूगु खुक्वःगु बौद्ध संगायन व नेपाल, म्यानमारय् गोर्खाली बौद्ध गुम्बा व विहार, भिक्षुणी धम्मावती गुरुमां व बर्माया स्वापू, बर्माया गुणवती गुरुमां : जनमैत्रीया न्ह्यलुवाः, नेपाल व म्यानमारया दथुइ धार्मिक व जातीय स्वापू, विपश्यना ध्यान पुनरोदय म्यानमारपाखें, म्यानमारय् बौद्ध धर्म, म्यानमारय् नांजाःगु बौद्ध सम्पदात, नेपाल म्यानमार बौद्ध स्वापूया जग तयाबिज्यापिं, म्यानमारय् बौद्ध संस्कार, उत्सव व नखः चखःत, विश्व बौद्ध ख्यलय् म्यानमारया योगदान, म्यानमारय् नेपालीतय्त अध्ययन व सम्मान, म्यानमारया बौद्ध साहित्यया नेपालय् प्रभाव, ऊ.थान्त व लुम्बिनी विकासया अन्तराष्ट्रियकरण, म्यानमारया त्रिपिटकधर डा. सुमंगलालंकारया नेपाल यात्रा, नेपाल बिज्याःपिं म्यानमारया प्रमुख भन्तेपिं, नेपाल-म्यानमार बौद्ध स्वापूया छम्ह माली ज्ञानपूर्णिक भन्ते शीर्षकया च्वसुत तया थुगु सफू पिकयादी त्यन । उयां न्ह्यो २००२ ई.सं. वय्कलं नेपाली भाषां : (क) प्रत्येक म्यानमारवासी लुम्बिनीप्रति आकर्षित, (ख) नेपाल म्यानमार सम्बन्धमा गोरखाली वीरताको पक्ष, (ग) म्यानमारमा जोगाएको नेपाली संस्कृति, (घ) बर्माया नेवात आदि इत्यादि च्वसुत च्वया थीथी पत्रिकाय् पिकया दीगु खः ।



Downloaded from http://dhamma.digital

हानं थथेंज्यागु स्वापूया रूपय् आपालं आपाः विषयगत च्वसुत पिहाँवये बाँकी हे दनि । वय्कःया थुगु पलाः अतिकं हे च्वछाये बहःजू । थुकिया महत्व गुलि दु, बिचाः दुपिसं अवश्यं मथुइगु खँ मखु ।

थुगु क्षेत्रय् वय्कलं गुलि तक थःगु दिलचस्पी ब्बलंका दिल व वय्कःया थ्व हे विषयय् अध्ययनया निर्तिं धका स्वयं हालसालय् म्यानमार भ्काया यानादीगु म्यानमारया अध्ययनया भ्रमण हे स्पष्ट यानाच्वंगु दु । थुगु भ्रमणय् वय्कलं छु छु खंका दिल, छु छु अनुभव याना दिल, छु छु लुइका दिल, छु छु ब्बलंका दिल, छु छु ज्ञां प्वः चिना भ्काल, व फुक्कं वय्कःया च्वसुं हे सी दयेका बियावं च्वंगु दु, पिब्वया क्यनावं च्वंगु दु । थ्व देया निर्ति व थ्व देया जनमानसया निर्ति धायेमाल धाःसा वय्कःया तःधंगु देन व योगदान धाःसां ज्युगू हे जुल ।

थुकथं वय्कलं नेपाः व मित्रराष्ट्रतय् दथुइ दुगु मैत्री सम्बन्धयात विभिन्न दृष्टिकोणं मूल्यांकन याना दौत्य सम्बन्ध क्वातुका पारस्परिक आदान प्रदानयात भ्कं भ्कं घिसि धायेका बल्लाके बिया नेपाःयागु विश्व राष्ट्रतय् दथुइ दयेका तयेमाःगु घनिष्ठता व सौहार्द्रतायात म्वाका तयेगु स्वापू त्वाः दयेके मज्यूगुयात सांकेतिक भाषं निर्देशित यानाच्वना दीगु दु । वय्कःयागु लक्ष्य थुलिं जक नं पूमवंनि । मेमेगु राष्ट्रत लिसेया नेपाःयागु स्वापुतयुत नं वय्कलं फक्वः उजागर यायेगु, न्ह्यब्वयेगु वय्कया ताःतुना दया हे च्वंगु दनि । वय्कलं थःगु भविष्यया उगु तातुनातयुत नं साकार रूप बी फयेमाः धका भिंतुना देछाःसे थःगु मन्तुना थन हे क्वचायेके । सकसिया भिं जुइमाः !

भिक्षु ज्ञानपूर्णिक
ने.सं. ११२७,



Dhamma.Digital
Downloaded from http://dhamma.digital



# प्रेमपूर्ण जीवन र सुखद् मृत्यु

## मन्तव्यको दुई शब्द

भगवान् बुद्धले शुद्ध स्वच्छ काम गर्दा निर्विघ्न रूपमा आरक्षा प्राप्तगर्नका लागि चार प्रकारका आरक्षा भावनाहरू आज्ञा गर्नुभएका थिए ।

**बुद्धानुस्सति मेत्ता च ; असुभं मरणस्सति ।**
**इतिमा चतुरारक्खा ; भिक्खु भावेय्य सीलवा ॥**

अर्थात् - बुद्धानुस्मृति-भावना, मैत्री-भावना, अशुभ-भावना र मरणानुस्मृति-भावनाहरू शीलवान् भिक्षुद्वारा भाविता गर्नुपर्ने भावनाहरू हुन् ।

यो जीवनमा सुरक्षित जीवन जिउन नचाहने व्यक्तिहरू कोही पनि छैनन् । एक न एक किसिमका आरक्षा सबैको लागि अपरिहार्य रहेको छ । आरक्षा विना जीवन भयरहित हुनसक्तैन । भयाक्रान्त जीवन अभिशापयुक्त हुन्छ । भयाक्रान्त जीवन जिउनु भनेको नारकीय जीवन भोग्नु हो । त्यसैले प्राणीहरूले निर्भय अवस्थाको जहिले पनि खोजिनीति गरिरहेका हुन्छन् । त्यसैले भगवान् बुद्धले भन्नुभएको हो -

**बहुं वे सरण यन्ति; पब्बतानि वनानि च ।**
**आराम-रूक्ख-चेत्यानि; मनुस्सा भयतज्जिता ॥**

अर्थात् - भयतर्जित मनुष्यहरू अवश्यमेव कुनै न कुनै किसिमका शरणहरूको शरणमा जान्छन् : वन, पर्वत, आराम, वृक्ष, चैत्यस्थल आदि इत्यादि ।

तर के गर्नु ? वास्तविक सुरक्षाको लागि तिनीहरू कुनै पनि विश्वसनीय छैनन् । किनभने तिनीहरू साँच्चिको शरणस्थलहरू कुनै हालतमा पनि हुनसक्तैनन् । कारण तिनीहरू निर्भय प्रदान गर्नसक्ने खालका होइनन् । उत्तम खालका होइनन् । सर्वदुःख हटाउनसक्ने गुणहरू, प्रभावहरू, शक्तिहरू तिनीहरूमा छैनन् । तिनीहरू आफै पनि भयग्रसित छन्; त्राशले त्रशित छन् । आफै पनि आरक्षाको खोजीमा छन्; प्रतिक्षामा छन् ।

बुद्ध भय रहित छ; त्राश मुक्त छ, निर्भय अवस्थामा पुगिसकेको छ । आरक्षाको खोजिगर्न नपर्ने भइसकेको छ । भयसृजक कुनै पनि कारण वहाँमा छैन । क्लेशबाट निर्लिप्त भइसक्नुभएको छ । क्लेशहरू नै भयसृजक हुन् । त्यसैले बुद्धको गुणानुस्मरण आरक्षाको कारण हो । निर्भयताको आधार हो । तसर्थ बुद्धानुस्मृति भावना आरक्षा प्रदायक रहेको छ । त्यस्तै मैत्री, अशुभ भावनाहरू पनि मित्रताको चरित्र अभिवृद्धि गर्ने, हिंसा, द्वेष, आक्रोश, क्रोध, आधात, प्रत्याघात जस्ता भयसृजक तद्रवहरूलाई निर्मूलपारी निर्भय अवस्थामा पुग्नसक्ने स्नेह, सहिष्णुता, सहानुभूति, अद्वेष, अक्रोध, अहिंसात्मकता, निरातंकता, निरापराधता, करूणा, दयालुपन, मायालुपन आदिका सृजक त्यस्तै कामच्छन्द, राग, तृष्णा, लोभ, आसक्ति, उपादान, वासनाहरूलाई पन्छाई निष्काम, विराग, वितृष्णा, निर्लोभ, अनासक्ति, अनुपादान, अनभिरति उत्पादक भएकाले भयनाशक स्वभावगुणले युक्तरहेका छन् र आरक्षा प्रदानगर्न सक्षम छन् ।

रह्यो मरणस्मृति । त्यो त शुद्ध स्वच्छ क्रियाकलापतिर अगाडि बढ्न, विशुद्ध भावना जगाउन



Downloaded from http://dhamma.digital

प्रेरणाको श्रोत नै रहेको छ । जसले आफू एकदिन मर्नुछ भनेर विचार गर्दैन । सधैं बाँचिरहने जस्तो धारणा लिएको हुन्छ ; त्यो व्यक्तिमा होश कहिल्यै जाग्दैन र त्यो व्यक्ति सधैंभरी आफ्नो स्वार्थपूर्तितिर मात्रै ध्यान दिइरहेन अर्काको लागि कुनै सोच नै नराख्ने हुने भएकोले उसको कारणले जहिले पनि झै-झगडा कलह अशान्तिका वातावरण मात्रै सृजना भइरहन्छ । त्यो व्यक्तिबाट जस्तोसुकै नराम्रो काम पनि सहज रूपमै भइरहेको हुन्छ । सम्पूर्ण पाप अधर्म अकुशल कर्मको सृजक नै त्यो भइरहन्छ । तर जो व्यक्ति मरण धर्मप्रति सचेत, सजग, होशियार र स्मृतियुक्त छ; त्यो व्यक्ति अप्रमादी स्वभाव भएको हुने हुनाले त्यसबाट नराम्रो काम हुन्छ भनेको छैन कि जस्तो नै हुनजान्छ । सदाचार सच्चरित्रता सद्व्यवहार उसको दैनिक क्रियाकलाप नै भइरहेको हुन्छ । झै-झगडा कलह अशान्ति उसबाट सृजनै हुनसक्तैन । यसरी सम्पूर्ण शुद्ध, स्वच्छ, कुशल धर्मको सृजक त्यो व्यक्ति भइरहेको हुन्छ । त्यसैले भगवान् बुद्धले मरणस्मृतिलाई आरक्षा भावनाको रूपमा अगाडी सार्नुभएको हो । मरणस्मृति यसरी भाविता गर्नसकिन्छ -

क) **अध्रुवं मे जीवितं ; ध्रुवं मे मरणं ।**

- मेरो जीवित रहनु अध्रुव, अशाश्वत छ, मेरो मरण हुनु ध्रुव छ, शाश्वत छ ।

ख) **मरणपरियोसानं मे जीवितं** - मेरो बाँचिरहनु मरण अन्त रहेको छ ।

ग) **जीवितं अनियतं, मरणं नियतं** - बाँचिरहनु निश्चित छैन, मरण हुनु निश्चित छ ।

घ) **अवस्सं मया मरितब्बं** - मेरो मरण अवश्यम्भावी छ ।

बुद्धशासनमा मरणधर्मलाई सम्झनु भनेको कुशलधर्ममा उत्साह बढाउनु,

हिरी (पापकर्म गर्न लजाउनु) ओतप्प ( पापकर्म गर्न भय मान्नु ) नामक लोकपाल धर्मको यथार्थरूपमा पालना गर्नु, अकुशलधर्म गर्न हतोत्साही हुनु, निर्वाणाभिमुखी बन्न पूर्ण पराक्रमी स्वभाव जगाउनको लागि अचुक रामवाण साबित भएको छ । तर वासना लम्पट, विषयभोगी, कामपिपासुहरूको निमित्त त यो मरणस्मृति विषालु साँप झैं हो । मरणस्मृतिलाई प्राणीहरूले कति नजिकबाट हेरिनुपर्दछ; स्मरण गर्नुपर्दछ, अभिवृद्धिगर्नु भावितागर्नु आवश्यक छ; त्यस बारेमा पनि भगवान् बुद्धका दृष्टि अति स्पष्ट छ ।

बुद्धकालीन अवस्थाको कुरा हो - एक दिन भगवान् बुद्ध समक्ष ध्यानाभिरत केही भिक्षुहरु दर्शनार्थ आइपुगेका थिए । सामान्य कुशलवार्ता पछि भगवान् बुद्धले ती भिक्षुहरूसँग सोध्न लाग्नुभो - "भिक्षुहरु हो, तिमीहरूले अप्रमादी भएर आफ्नो हित साधनागर्न मरणधर्मलाई कत्तिको नजिकबाट भाविता गर्दछौ ?"

ती भिक्षुहरूमध्ये कोही भिक्षुहरूले बिन्ति गरे- "भन्ते ; एकदिन भए पनि हामी बाँच्नपाई हामीले श्रमणधर्म (= शील सदाचारिता गुणधर्मलाई पृष्ठभूमी बनाई शमथ वा विपश्यना - भावनाद्वारा आफूमा भएका, रहेका मानसिक विकार राग, द्वेष, मोहादि क्लेशहरूलाई शान्त दान्त शमन दमन गर्ने वा निर्मूल पार्ने प्रक्रियाहरूमा श्रद्धा, वीर्य, स्मृति, समाधि, प्रज्ञा जगाई निरन्तर अभ्यासरत रहनु ) गर्नपाएमा हामी भाग्यमानी हुने छौं भनी मरणधर्मलाई भाविता गरिरहेका छौं ।"

ती भिक्षुहरूको जवाफ सुनेर भगवान् बुद्धले कुनै प्रतिक्रिया जनाउनु भएन ।

अर्को भिक्षुसमूहले बिन्ति चढाए - "भन्ते, हामी एक रात मात्र भए पनि बाँच्नपाई हामीले श्रमणधर्म गर्न-पाएमा हामी भाग्यमानी हुनेछौं ।" यसमा पनि भगवान् बुद्धले कुनै प्रतिक्रिया जनाउनु भएन ।

अर्को भिक्षुसमूहले बिन्ति गरे - "भन्ते, हामी एक छाक भोजन खाउञ्जेल सम्म बाँच्नपाई हामीले



Downloaded from http://dhamma.digital

श्रमणधर्म गर्न पाएमा हामी आफूहरूलाई धन्य सम्झन्छौं ।" यसमा पनि भगवान् बुद्धले कुनै प्रतिक्रिया जनाउनु भएन ।

फेरी अर्को भिक्षुसमूहले बिन्ति चढाए - "भन्ते ! हामी एक गाँस भोजन, आँखाको एक झिम्काई, एक चुत्की भर अथवा श्वास प्रश्वासको एक क्षणसम्म भए पनि बाँच्नपाई हामीले श्रमणधर्म गर्नपाएमा हाम्रो जीवन सफल भयो भनी ठान्छौं ।" ती भिक्षुहरूको कुरा सुनीसकेपछि मात्र भगवान् बुद्धले ती भिक्षुहरूलाई साधुवाद दिंदै तिनीहरूको कुरामा समर्थन जनाउनु भयो । भन्नुको तात्पर्य हो, साँच्चिको मरणधर्मको भावना त्यति नजिकिएर गर्नुपर्छ भन्ने भाव हो । यसबाट हामीले मरणधर्मलाई कसरी स्मृति राख्नुपर्छ भन्ने कुरा बुझ्नुपर्दछ । यदि मरणधर्मलाई त्यतिको नजिकमा राखेर हामीले श्रमणधर्म गर्नसक्यौं भने निश्चित छ त्यसै जीवनमा हाम्रो श्रमणधर्म पूर्णत्वमा पुग्नजाने छ । जीवन मुक्त अवस्था प्राप्तगर्न सकिनेछ । **'अयमन्तिमा जाति, नत्थिदानि पुनब्भवोति'**को सही घोषणा गर्नसकिने हुन्छ । मरणस्मृतिले हामीलाई त्यस्तो किसिमको आरक्षा प्रदान गर्नसक्तछ । त्यसैले ज्यान प्राण अर्पण गरेर जसले काम गर्छ, त्यो व्यक्तिको जुनसुकै लक्ष्य पनि पूरा हुन्छ, हुन्छ । यसमा कुनै किसिमको द्वन्द संशय गरिरहनु आवश्यक छैन । चतुरंग वीर्यको महत्व यसैमा निहित छ ।

भिक्षु विशुद्धाचार, क्वालालम्पुर, मलेशियाद्वारा लिखित, दोलेन्द्र शाक्य, चाकुपाट, ल.पु. (नेपाल) द्वारा अनुदित 'प्रेमपूर्ण जीवन र सुखद् मृत्यु' पाठकवृन्दहरूले पढेर मरणस्मृतिलाई जीवनको आधार आरक्ष-भावनाको रूपमा अभिवृद्धिगर्न सकिएको खण्डमा तपाईहरूको जीवन मनुष्यत्वलाई सुहाउँदो मानव गुणयुक्त भई मरणसित सामना गर्नपर्दा हाँसी हाँसी सामना गर्नसक्ने अवस्थामा पुऱ्याइदिनेछ । र मरण पछिको तपाईहरूको जीवन पनि सुखद्, सन्तोषप्रद, आनन्ददायी, शान्तिपूर्ण नै हुनेछ । यहाँ जो व्यक्ति हाँसी हाँसी बाँच्न जान्दछ त्यो मरण हुन पनि जानेको हुन्छ ; उसको भविष्य जीवन पनि हँसिलो नै भइरहनेमा सुनिश्चित रहने पनि हुन्छ । कारण हेर्नुस् निम्न बुद्धवचन -

**इध नन्दति, पेच्च नन्दति; कतपुञ्ञो उभयत्थ नन्दति ।**
**पुञ्ञं मे कतन्ति नन्दति; भिय्यो नन्दति सुग्गतिं गतो ॥**

अर्थात् - यहाँ ( यस वर्तमान जीवनमा ) रमाउँछ ; वहाँ (भविष्य जीवनमा ) रमाउँछ । कृतपुण्य व्यक्ति यहाँ वहाँ दुबैतिर रमाउँछ । "मैले पुण्य गरिसकेको छु" भनी रमाउँछ । सुगतिगामी भएर अझ बढी रमाउँछ ।

**इद मोदति, पेच्च मोदति ; कतपुञ्ञो उभयत्थ नन्दति ।**
**सो मोदति सो पमोदति ; दिस्वा कम्मविसुद्धिमत्तनो ॥**

अर्थात्- यहाँ (यस वर्तमान जीवनमा) प्रमुदित हुन्छ ; वहाँ (भविष्य जीवनमा) प्रमुदित रहन्छ । कृतपुण्य व्यक्ति दुबैतिर प्रमुदित हुन्छ । आफ्नो सुपरिशुद्ध, विशुद्ध कर्मलाई देखेर त्यो मुदित हुन्छ, प्रमुदित हुन्छ ।

यस सन्दर्भमा तिपिटकधर, धम्मभण्डागारिक, अग्गमहापण्डित, अभिधजमहारट्ठगुरु भदन्त विचित्तसाराभिवंस महास्थविर (म्यान्मार) सयादोका सारगर्भित पुण्यप्रेरक उपदेशहरु यसप्रकार स्मरण गर्न सकिन्छ -

१) उपकारक व्यक्तिहरूको उपकारलाई जान्ने बुझ्ने गरी जहिले पनि कोशिस गर ।

२) प्रत्युपकार गर्नसक्ने बेलामा प्रत्युपकार गर ।



Downloaded from http://dhamma.digital

३) प्रत्युपकार गर्न सकिएको छैन भने कृतघ्न नबन्न होश पुऱ्याई संयम गर ।

४) सबैको गौरवनीय व्यक्तिहरूको राम्रा पक्षहरूलाई गहिरिएर अध्ययन गर ।

५) आदर्श लेऊ ।

६) राम्रा पक्षहरूलाई देख्नसक्ने गरी हेरिन्छ भने राम्रो मनोवृत्ति उत्पन्न भई राम्रा कामहरु गर्नसकिने हुन्छ ।

७) राम्रा कामहरु गर्नाको कारणले राम्रा परिणामहरु देखापर्नेछन् ।

८) नराम्रा क्रियाकलापहरु हेर्ने गरियो भने त नराम्रो मनस्थिति प्रवेश हुनसक्नेछ ।

९) नराम्रो मनस्थिति उत्पन्न भयो कि नराम्रो कामगर्न लाग्नेछ ।

१०) नराम्रो कामगर्न लाग्यो कि त नराम्रो दुष्परिणाम भोग्नुपर्ने नै हुन्छ ।

११) तसर्थ अन्य व्यक्तिहरूको नराम्रा क्रियाकलापहरु हेर्न नलाग्ने गरी अलग रहेर राम्रा पक्षहरूलाई हेरी राम्रा कामहरूतिर मात्रै प्रयत्नशील रहनुपर्दछ ।

१२) आफ्ना गल्तीहरु, कमजोरीहरु, दोषहरूलाई जहिले पनि विचार गरी खोजीगर्ने गर ।

१३) भेटिएमा सच्याऊ, अनि मात्र राम्रो मान्छे बनिन्छ ।

१४) अरूहरूको राम्रो पक्ष र गुणहरूलाई सधैं विचार गर ।

१५) अरूहरूको राम्रो पक्ष र गुणहरूलाई बढी भन्दा बढी हेर्नाले अरूहरूप्रति मैत्रीधर्म पनि जाग्न सकिन्छ ।

१६) आफूमा पनि अरूहरूको राम्रा गुणहरु बटुल्न चाहना जागिन्छ ।

१७) त्यसो गर्न प्रयत्नशील बन्दै आउने हुन्छ । राम्रा गुणहरु बढी भन्दा बढी बटुल्ने प्रयास जतिजति बढ्दै जान्छ त्यति त्यति नै सत्पुरूष बन्दैजाने मौका मिल्ने छ ।

यो पुस्तकको बारेमा धेरै टीकाटिप्पणी गरिरहनु आवश्यक देखिंदैन । योनिसो मनसिकार (उचित विचार) लाई अगाडी सारी पढ्ने व्यक्तिलाई यसले जीवनमा आवश्यक मानवीय मनमस्तिष्कको सही खुराक , पुष्टिलो आहार पूरा गरिदिने छ । मानिस मानिस बन्नको लागि यो किताब अति नै महत्वपूर्ण छ । सुदृष्टि राख्ने जो सुकैलाई पनि यो पुस्तक संजीवनी औषधी हुनेछ । यस्तो अनमोल, अनर्घ सन्देशले भरिपूर्ण यस्तो पुस्तक आज आएर राष्ट्रभाषा नेपालीमा पनि उपलब्ध गराई आध्यात्मिक ज्योति फैलाउन चाहनु भएका, आफू पनि यसै दिशातिर उन्मुख भई विपश्यना योगीको रूपमा रही आफ्नो रोगको उपचार समेत योगसाधनाद्वारा नै गरिरहनु भएका बौद्ध उपासक श्री दोलेन्द्र शाक्यज्यू प्रशंसाको भागी बन्नुभएकोछ । वहाँको यो क्रियाकलाप अत्यन्त सराहनीय पनि रहेको छ ।

सज्जन पाठकवृन्दहरूले यस पुस्तकलाई सारगर्भित सन्देशवाहकको रूपमा अंगाली आ-आफ्नो जीवन धन्य तुल्याउन सकेमा अनुवादकको अथक प्रयास सफल भएको ठान्न सकिन्छ । यसको अध्ययन चिन्तन मननको साथै जीवनमा समेत उतारी प्रयोगगर्न सकी जीवन धन्य एवं कल्याणमय बनाउन सकून् भन्ने सुचिन्तन एवं शुभ प्रार्थनाका साथै यो आफ्ना मन्तव्यको दुई शब्द यहीं टुंग्याउन चाहन्छु ।

**भवतु सब्बमंगलं ।**

सबैको मंगल होस् । सबैको कल्याण होस् ।

**भिक्षु ज्ञानपूर्णिक महास्थविर**
विश्व शान्ति विहार
मीन भवन, नयाँ बानेश्वर, काठमाडौं ।
२०६२/१०/२७



Downloaded from http://dhamma.digital

# क्या बुद्ध नास्तिक थे ?

श्रद्धालु उपासक यादवजी, शुभाशीष !

दिनांक ३०-०९-२००६ मैं श्री रूपज्योतिजीद्वारा प्रेषित पत्र एवं गुरूजीकी नई अमूल्य कृति "क्या बुद्ध नास्तिक थे ?" हाथमें लगा । स्वयं रूपज्योतिजी खुद अपने आप पहुँचाने आया था ।

समयाभाव के कारण जल्दबाजी में ही पढते गए । जो अमूल्य कृति पढने को मिला, इसी में अपने आपको भाग्यशाली समझा । विरले ही ऐसी कृतियाँ पढनेको मिलते हैं ।

गुरूजी के अपने ही प्रत्यक्षानुभूति पर आधारित सही अनुसन्धान, अन्वेषण, गवेषण एवं परीक्षण से भरपूर सिद्धहस्त लेखनीद्वारा प्रस्तुत इस तरह की प्रस्तुति सभी के लिए हित, सुख, अर्थावह एवं कल्याणकारी होने में किसी को भी कुछ संशय उत्पादन करने की जगह एवं जरूरत ही कहाँ हो सकते हैं ?

गुरूजी ने जिस तरह इस कृतिको प्रस्तुत किया है, अगर इस को दृष्टिजाल, दृष्टिभ्रम और पूर्वाग्रह रहित हो सन्तुलित समदृष्टि, समधारणा, समसिद्धान्त, समसोच रखकर छिद्रान्वेषी, छिद्रगवेषी न होते हुए सत्यान्वेषी, सत्यगवेषी बनकर सत्यकी ही धरातल पर खडे हो पढेंगे, अध्ययन करेंगे, देखेंगे तो अरहत् सम्यक्सम्बुद्ध तथागत क्या है, क्या नहीं, सही मूल्यांकन पर उतरकर यथार्थावबोध करसकने में कुछ भी कठिनाई की सामना नहीं करनी पडेंगी । ठीक ठीक समझमें आजाएँगी कि भगवान् बुद्ध क्या है, कौन है, कैसी सिद्धान्तवाले है, कैसी दृष्टि उनकी है, क्या उनका उपदेश है, किस तरह उन्होंने इस संसारवालोंको भूलभूलैयों से छुटकारा दिलवाने का प्रयास किया है, किस तरह सम्यग्दृष्टि दिखाने के लिए उन्होंने इस संसारको सही धर्मचक्षु दिलवाने का सत्प्रयास सतत रूपसे किस प्रकार किया, सन्मार्ग दिखाया, स्पष्ट हो जाएँगे ।

अन्य मतावलम्बी अन्य सिद्धान्तवादियों ने युगयुगों से भगवान् अरहत् सम्यक्सम्बुद्ध के प्रति जो अभूतवाद के आरोप लगाए गएथे, लगाते जारहे हैं, लगाते जाएँगे, उन सबके उन्मूलन हो जाएँगे । ये काम गुरूजी जैसे व्यक्तित्वों के ही हाथ में है; वे ही ये कार्य कर सकते हैं ।

इस भूमण्डलमें सबसे भयंकर, सबसे भयावह मजबूत जंजाल, मजबूत बन्धन, दूसरे नहीं हैं, दृष्टिजंजाल, दृष्टिबन्धन ही वे हैं । इनसे छूटकारा पाना उनसे मुक्त हो सकना इतना आसान नहीं है । जिसको गुरूजी स्वयं ने अपने अनुभवों को उदाहरण के रूप में प्रस्तुत कर दिखाया है ।

अतः गुरूजी के द्वारा जो नई कृति सशक्त सिद्धहस्त लेखनी से आज सब के सामने प्रस्तुत हो रही है सब के अर्थ के लिए, हित के लिए, कल्याण साधने के लिए, सुख और शान्ति सृजन के लिए अत्यन्त महत्वपूर्ण हो रहे हैं । ऐसी ही कृतियाँ गुरूजी के प्रत्यक्षानुभूतिजन्य सशक्त सिद्धहस्त लेखनी से और और भी एक के बाद दूसरे प्रस्तुत होते जारहेंगे तो इस धरती के दृष्टिबन्धन से बँधे हुए दृष्ट्यान्धकार से घिरे हुए लोगों के लिए बन्धनमुक्तिका साधन मिल जाएँगे; अन्धकारनाशक प्रदीप मिल जाएँगे; सही दिशाबोध हो जाएँगे ।



Downloaded from http://dhamma.digital

आशा एवं विश्वास पलते जारहे है कि ऐसी अमूल्य कृतियाँ और और भी भविष्य में सृजित होते जाएँगे । दृष्टिबन्धन तोडने के लिए, दृष्टिजंजाल से छुटकारा पाने के लिए; दृष्ट्यान्धकार जैसे अन्धकारसे बाहर आने के लिए ।

जिस तरह से गुरूजी के हृदयपटल मे अपने लिए स्थान संजोए हुए हैं इस प्रति अत्यन्त आभारी हो रहाँ हूँ और गुरूजीके कृपाका अनुभव करते हुए भावविभोर भी हो रहा हूँ । आप, गुरूजी और माताजी सभीके चिरायु, दीर्घजीवन, निरोगी एवं सुस्वास्थ्यका हृदयसे कामना करते हुए बिदा लेना चाहुँगा ।

सभी के मैत्रानुभाव से ठीक हूँ ।

शुभेच्छुक
**भिक्षु ज्ञानपूर्णिक, नेपाल**

**पुनश्च:** श्री रूपज्योतिजी के द्वारा २९ अक्टुबर २००६ के प्रोग्राम में हमारा आगमन की सूचना तो आपके यहाँ पहुँच चुके ही होंगे । तब भी मिलेंगे ही ।

Dhamma.Digital



Downloaded from http://dhamma.digital




# बुद्ध-पूजा
# व
# संघ कार्य विधि

**छत्वाः खँ**

जेष्ठ शिष्य भिक्षु बोधिज्ञानयागु विवेकपूर्ण कुतलं थुगु सफू **'विश्वशान्ति विहारया बुद्ध(पूजा व विविध संघ कार्य विधि'** नामं सम्पादन ,जुया पिदना च्वन । भ्रीथाय् नेपालय् अप्वलं अप्वः याना विहार विहारय् सुथय् व बहनी नित्य पूजा कथं न्हिथं धयाथें पूजा यायेगु छगू बांलागु परम्परा न्ह्यानावं वनाच्वंगु दु । थुकिं याना विहारय् बसोबास याना बिज्याइपिं भिक्षु, श्रामणेरपिं, अनागारिकापिं व सम्बन्धित उपासकोपासिकापिन्त वामचायेक हे **'पूजा च पूजनेय्यानं, एतं मङ्गल मुत्तमं'** या अंशभागी जुइगु सुअवसर प्राप्त जुयाच्वंगु दु ।

सम्यक्सम्बुद्ध तथागत विश्वय् परिशुद्धताया दृष्टिकोणं विचाः याना यंकल धाःसा छुं हे कुखिंनेथाय् मदयेक हे शारीरिक, वाचसिक व मानसिक कर्म निर्मल व विशुद्धम्ह अद्वितीय महामानव खः। थ्व हे कारणं वस्पोलयात नरपुंगव,देवातिदेव, ब्रह्मातिब्रह्मया स्पय् अतुलनीय शास्ता कथं गुणवर्णन यानातःगु जुल ।

विशुद्धदायी अमृत धर्मयात सर्वोपरी भाःपिया बिज्याःम्ह वस्पोल बुद्धं थःगु उपदेशया रक्षाया लागी व्यक्तियात प्रधानता मब्यूसे धर्मयात हे न्ह्यचीका थःगु जीवनया अन्तय् थः सारा शिष्य श्रावक अनुयायीपिन्त धर्मया प्रदीप च्याकेगु अथवा धर्मया द्वीप दयेकेगु धर्म शरण धर्म परायण जुइगु निर्देशन बिया बिज्यात । धर्म बाहेक छुकियागुं सुयागुं हे शरण ग्रहण मयायेगु दृढतापूर्ण प्रेरणा नं वस्पोलं उद्‌घोषण याना बिज्यात । गुकी दुने अन्ध(श्रद्धा,अन्ध(भक्ति व अन्धानुकरणया लागी छुं छुं हे संकेत मदु ।

उकिं हे वस्पोलया आर्यगुणं सम्पन्नपिं शिष्य श्रावकसंघपिं नं थैंया अद्यापि विश्वय् गौरवनीय पुण्यक्षेत्रया स्पय् प्रतिष्ठापित जुयाच्वना बिज्यात । थुकथं थुपिं बुद्ध-धर्म व संघपिनिगु गुणानुस्मरणं थः थःपिनिगु जीवनयात शुद्ध व स्वच्छताय् यंकेया निंतिं आशु फलदायी प्रेरणा प्राप्तार्थ न्हिथं बुद्ध-पूजा धका यायेमाःगु जुयाच्वन। गुगु अति महत्त्वपूर्ण नं जुयाच्वंगु दु । लिसें बुद्ध-पूजाया इलय् भय अन्तरायं मुक्त जुइत जुइगु परित्राण पाठ ,स्मरणीय कविता गाथा,ज्ञानमालादिया अनुस्मरणं मन मस्तिष्कयात हे छगू कथं न्हूधाः याना बिया शारीरिक व मानसिक स्फूर्ति समेतं वृद्धि जुइका बीगु जुयाच्वन । आदि इत्यादि भिंगु लिच्वतं जाःगु विषयवस्तुत मुंका अति उपकारक चिर स्मरणीय बाज्या अजिपिनिगु पुण्यस्मृतिस वय्कपिनिगु दुःख मुक्तिया शुद्धगु कामना व प्रार्थना न्ह्यब्वया थुगु सफू पिदनाच्वन । थ्व नं **'कतञ्ञू होन्तु पाणिनो'** धयागु बुद्धवचनया अक्षरशः अनुगमन हे जुल ।

उकिं आःथें हे भिक्षु बोधिज्ञान न्हूनूगु ग्यसुलाःगु उद्देश्य ज्वना सकलसितं भिं याइगु ज्या-खँय् व



Downloaded from http://dhamma.digital

बुद्ध-शासनयात उन्नति वृद्धि जुइकीगु ज्या-खँय् नना नं न्ह्यावना च्वने फयेमाः धयागु दुनुगःया भिंतुना प्वंकुसे थँगु छत्वाः खँ थनसं पूवंका च्वना ।

**भिक्षु ज्ञानपूर्णिक महास्थविर**
२०५७ भाद्र ९

## तँसा

जेष्ठ अनुयायी भिक्षु बोधिज्ञानयापाखें न्हापां पिदंगु **"विश्वशान्ति विहारया बुद्ध-पूजा व विविध संघकार्यविधि"** सफूस आः हानं ग्यसुलाःगु महत्वपूर्ण ज्याख्यले दुगु विषयत वृद्धि याना निगूगु संस्करण कथं पिकायेगु मनंतुना थ्व सफू हाकनं पिदनाच्वन । तःसकं लय्ताया खँ जुल ।

मेपिन्त पुण्य बिया थःमं नं पुण्य तपं ततं यंकेगु सत्पुरूषपिनिगु स्वभाव खः, इमिगु थ्व धर्म खः । थःगु दैनिक न्हिथंयागु जीवनय् छसः तःसकं हाले मयःम्ह, मसःम्ह, मेपि हालिगु नं छुथें छुथें तायेका न्वंमवाःसे च्वंच्वने फूम्ह, मेपिनि नुगलय् स्याइ धकां तच्वतं ग्याःम्ह भिक्षु बोधिज्ञानया थ्व सहनशीलतायुक्त कर्तव्य परायणतायात साधुवाद बियाच्वना ।

पुण्य धयागु थौं याये धुन, कन्हे याये गात, म्वाल धयागु गबलें दयेमज्यू । पुण्य धयागु ननानं यानावं वनाच्वनेमाः । सुखकामी व्यक्तिपिनि निंतिं पुण्य हे छगू मात्र लँपु, छपु मात्र मार्ग धयां छुं अत्युक्ति जुइमखु । छाय् धाःबले वसपोल तथागत अर्हत् सम्यक्सम्बुद्धं स्वयं हे आज्ञा जुया बिज्याना तःगु दु **"सुखो पुञ्ञस्स उच्चयो ।"** अर्थात् गुलि गुलि पुण्य वृद्धि जूल, च्वजाल, उलि उलि हे सुख नं वृद्धि जुजुं वनाच्वनीगु खः ।

अथे जुया पुण्य धयागु आपाः भति धका हालाच्वने मज्यू, ल्याःचाः याना च्वनेम्वाः । छफुति लखं धँपः,ग्वँपः जाया वइथें छफुति पुण्यं याना नं सुखरूपी धँप, ग्वँपः जाया वइगु सुनिश्चित जुल ।

*"आःथें हे आवुसो बोधिज्ञानं थःगु धर्मदानरूपी सत्कार्य बुलुहुँ बुलुहुँ न्ह्याका थःम्हं नं दान मध्यय् च्वन्ह्यागु तःजीगु धर्मदान यानावं वनाच्वने फयेमाः । उलि हे थुजोगु शुभकार्य मेपिन्त नं पुण्य वृद्धि जुइका बियाच्वने फयेमाः"* धका दुनुगलंनिसेंयागु भिंतुना प्वंकुसे थ्व तँसा थनं तुं क्वचायेके । अस्तु !

चिरं तिट्ठतु जिनसासनं ।

क्लेश शत्रु धाक्वयात त्याका **"जिन"** धायेका बिज्याःम्ह वसपोल मारविजयी तथागतयागु अववाद उपदेश रूपी जिनशासन ताःतक ब्वलना च्वनेमाः ।

**भिक्षु ज्ञानपूर्णिक महास्थविर**
**विश्वशान्ति विहार, मीनभवन**
**वैशाख २९, २०६०**



Downloaded from http://dhamma.digital




# संगायन पाठो

## भिंतुना

२०-दँ ति न्ह्यवःयागु खँ खः । पूज्यपाद महानायक डा. भिक्षु अमृतानन्द महास्थविर उगु इलय् जीवित हे जुयाच्वना बिज्याःगु जुल । उगु इलय् वसपोलया थःगु जीवनय् उपसम्पन्न भिक्षुत्व लाभयाना कयाबिज्याःगु ५०-दँ पूवने धुंकूगु जुल । उकियात स्वर्ण-जयन्तीया रूपय् भिक्षु महासंघपिन्त मुंका थःपिनि थःथिति इष्ट-मित्र बन्धु बान्धवपिन्त नं छथासं जम्मायाना त्रिपिटक संगायन याकेगु लिसे लिसें मनं तुनाथें थीथी कथंया दान दातब्यत दान प्रदान याना भव्यरूपं तःधंक उत्सव न्यायेकेया निंतिं तःधंगु लक्ष्य तया बिज्याःगु जुयाच्वन ! थःगु उगु लक्ष्य पूवंकेत सुयातं छुं धया मबिज्यासे सुयागुं छुं ग्वाहाली नं कया बिमज्यासे दान दातब्य चीजवस्तुत थःयाकचां हे प्वःप्वः चिना व्यवस्था मिले यायेत नं गुलिखे गुलिखे दिं बिका लिमला फमला सुनां मसीक ज्या याना बिज्यानाच्वंगु जुयाच्वन । निन्हु स्वन्हु न्ह्यवः वस्पोल भति अश्वस्थ नं जुयाच्वना बिज्याःगु जुल । अले हानं अबले हे थःथितिपिन्त सःता सःता नापलाना खँ-खिँ नं ल्हाना बिज्यानाच्वंगु जुल ।

तर बिडम्बना छु जुल लय् धाःबले थःगु उगु लक्ष्य पूवंके मधुंनिवं हे वसपोलयात आकाभाकां कालगतिं त्वःपू वःगु जुल । अले आसे आसे धाये मलावं यमदूतं जबर्जस्तिं सात्तुसाला यंकाबिल । गुकिं याना वसपोलयागु अपाय्धंगु महान लक्ष्य बाखिच्याःतुं जुयावन । अखिल नेपाल भिक्षु महासंघं छु नं छुं याना बीगु कुतः ला मयागु मखु । सामान्य कथं वसपोलयागु इच्छा पूवंका बीगु कुतः ला याःगु हे जुल । तर अथे नं व सायद वसपोलं मनंतुना बिज्याःथें जकं जू मवन ला ? यःगु थजु, वसपोल महास्थविर थःपिनि थःथिति नं जुया बिज्याःगु जूया निंतिं वसपोलं थःगु जीवनय् पूवंका बिज्याये मफूगु उगु ज्या नं छुं छुं अंशय् पूवनेथःमाः, थःगु उपसम्पन्न भिक्षुत्व ५०-दँ पूवंगु लसताय् तःधंगु कुशल-पुण्य नं सम्पादन थःजुइमाः अले नेपाःप्रति तःधंगु गुण उपकार याना बिज्यानातःपिं बौद्ध मित्रराष्ट्रयापिं शील, समाधि, प्रज्ञादि थीथी गुणधर्म सम्पन्न जुयाबिज्याःपिं महोपकारक महास्थविरपिनि प्रति आत्मियतापूर्ण आभार व कृतज्ञभावनं प्रकट याये फयेमाः धयागु सद्भावनायात न्ह्यचीका थुगुसि न्हेन्हुयंकं पालि त्रिपिटक सज्झायनपाठ लिसें विभिन्न कथंयागु मू दुगु ग्यसुलाःगु ज्याइवःत दुथ्याका ५०-दँ उपसम्पन्न स्वर्णदिवस हनेगु ताःतुना च्वनागु जुल ।

उगु हे लसताय् भिक्षुमहासंघपाखें याउँक अःपुक त्रिपिटक सज्झायन पाठ याये फयेमाः धका त्रिपिटक पालिं सार दुगु महत्वं जाःगु उपदेशत मुंका सफूया रूपय् थासा थाका पिथना भिक्षुमहासंघपाखें अनुमति प्राप्त याना सहोदर आयुष्मान भिक्षु धर्मगुप्त महास्थविरयागु दक्ष, योग्य व कर्मठसहयोगं वसपोलयागु हे सम्पादकत्वय् "तिपिटक संगायनपाठो" सफू आःभीगु न्ह्योने थ्यंकवयाच्वंगु जुल । व स्वये दया सकसिया निंतिं सुखद अनुभूति अनुभव याये खनाच्वंगु अतिकं अतिकं हे प्रसन्नताया विषय जुयाच्वंगु जुल ।



Downloaded from http://dhamma.digital

थुगु पवित्र व पुनितगु ज्या याउँक अःपुक सम्पादन याये दइगु तःसकं महत्वपूर्णगु विषय खः आर्थिक ग्वाहाली । उकियात जोरजाम यायेगु धयागु अःपुगु ज्या मखयाच्वन । उजोगु अत्यावश्यकगु व थाकूगु ज्या पूवंकेगु ग्वाहालिमी श्रद्धालु दातापिं तयार यायेगु भं जक थाकुसेच्वंगु खँ जुयाच्वन । उकियात तकं ज्या-खँ पायृछि जुइका मिले याना बीगुलि सक्षम जुया थःगु मूवंगु ग्वाहालि पूवंकेगु निंतिं सफल जूम्ह धर्मया केहें अनागारिका उत्पलवर्णा प्रशंसाया पात्री जुयाच्वंगु जुल ।

वसपोलयागु हे प्रेरणा व हःपाः प्राप्त यानाकया थासा सम्बन्धी दक्वं ज्याया भार लिसें तःधंगु श्रद्धा प्वंका बिज्याःसे आर्थिक ग्वाहालि तकं प्रदान यानाबिज्याःम्ह दाता उपासिका सुश्री सानुनानी कंसाकार, क्षेत्रपाटी अतिकं हे साधुवाद एवं धन्यवादया पात्रत जुयाच्वना बिज्याःगु जुल । वसपोलयागु थुजोगु कथंयागु योगदान ताकल तक लुमंका तये बहःगु जक मखुसे थुगु पुण्य वसपोलया सांसारिक दुःखयात अन्त याना निर्वाण प्राप्तिया निंतिं नं अतिकं महत्वपूर्णगु पुण्यानिशंस जुयाबीगु खँ निर्विवाद हे जुयाच्वन ।

थुंकथं हे थुगु त्रिपिटक सज्भायन पाठ तयार यायेगु पवित्र ज्या-खँय् संलग्नपिं मेमेपिं ग्वाहालिमी दक्वं महानुभावपिनि प्रति नं कृतज्ञता नापं साधुवाद देछाना च्वनागु जुल ।

थुगु महानगु पुण्यया आनुभाव व प्रभावं विशेष रुपं परलोकगामी जुयाबिज्याःम्ह वसपोल पूज्यपाद महानायक डा. भिक्षु अमृतानन्द महास्थविरयात दक्वदिक्वं सांसारिक दुःखया अन्त्य जुयाच्वंगु परमोत्तम शान्तपद निर्वाण लाभया निंतिं अमूल्य योगदान साबित जुयाबी माल ।

सम्पूर्ण सत्वप्राणीपिन्त भिं जुइमाः ! मंगल जुइमाः !!

कल्याण जुइमाः !!!

**भिक्षु ज्ञानपूर्णिक महास्थविर**
विश्व शान्ति विहार
२०६५ फागुन १



Downloaded from http://dhamma.digital



# A Biography of Bhikshu Jnanapurnik

It was only in 1920's that Theravada Buddhism was revived in Nepal after an eclipse for nearly 25 centuries. The credit for reviving Theravada Buddhism goes to Jagat Man Vaidya (1902-1963) who, under the influence of Anagarika Dharmapala (1864-1933) of Sri Lanka, embraced Buddhism, while he was studying in Calcutta. He was renamed Dharmaditya Dharmacharya. During his stay in Calcutta, Dharmaditya Dharmacharya studied Pali language, the original source of Theravada Buddhism, read Buddhist philosophy from various sources, came into contact with Buddhist scholars and later dedicated himself to Buddhism. The Theravada revival activities in India and the suppression of Buddhism in Nepal by the Rana rulers who were the supporters of Hinduism, in 1920's, were two important factors that led Dharmaditya Dharmacharya to dedicate his life for the revival of Buddhism in Nepal.

It is in this light that the importance of the Golden Jubilee celebration to mark the higher ordination of Bhikshu Jnanapurnik must be viewed. Of course, there were other senior monks before Bhikshu Jnanapurnik. There were Prajnananda Mahasthavir (1900-93), Amritananda Mahasthavir (1918-90), Aniruddha Mahasthavir (1915-2003), Buddhaghosh Mahasthavir (b. 1921) Ashwa Ghosh Mahasthavir (b.1926)and Kumar Kashyap Mahasthavir (b.1926) who have completed their 50th year of higher ordination. Dharmaloka Mahasthvir (1890-1967) died a premature death after a good deal of struggle and sacrifice for the revival of Theravada Buddhism in 1940's and 1950's. Of course, there was also Mahaprajya (1908-78), the contemporary of Bhikshu Prajnananda, who became a Bhikshu and worked here for the revival of Theravada Buddhism. But, he abandoned the monk's robe and led a saintly life. His contribution must be remembered while talking about the revival of Theravada Buddhism.

The Golden Jubilee celebration to mark the higher ordination of Bhikshu Jnanapurnik in 2009 constitutes a new chapter in the history of Theravada Buddhism in Nepal. It is a great event for the Buddhists of Nepal. It is also a happy occasion for the Buddhists of Burma, Sri Lanka, Thailand, Malaysia, Singapore, India, USA, England, Germany, Australia, Mongolia and other countries where he visited to undertake Dharma activities or to take part in Buddhist conferences.

## Childhood

Bhikshu Jnanapurnik was born at Tansen Taksar in Palpa district of Nepal on Nov.21, 1939 in the Buddhist family of Shakyas. His father was Surya Lal Shakya and his mother was Chandramaya Shakya. He wanted to become a monk since his childhood. He met Buddhaghosh Mahasthavir,



Downloaded from http://dhamma.digital

the incumbent Sangho Nayaka, and Sudarshan Mahasthavir in Tansen way back in 1951 when he was only aged 11. At that time, Chandramaya Shakya, his mother, who was deeply influenced by the religious discourse of Buddhaghosh , during the varshabas (rain retreat), served the monks with food and refreshment. Of course, he had helped his mother in this task. His mother became a nun (Anagarika) and acquired the name of Sharansila. He completed the four-year course at a school called Shila Pathsala conducted at Mahachaitya Vihara in Tansen. This shows that he was in touch with monastic life since his childhood.

He was introduced to Buddhist education at the age of eleven by Bhikshu Buddhaghosh Mahasthavir. At the same time he learnt the Pali language from Bhikshu Buddhaghosh. This continued upto the age of 15. The eventful year started for Bhikshu Jnanapurnik when Bhikshu Buddhaghosh took him to Calcutta for his departure to Burma for the study of Buddhism. But, Buddhghosh failed to receive passport and visa for him considering the boy under aged. It was only three years later that Bhikshu Buddhaghosh was able to get a donor in Burma to sponsor for the boy's education in Burma. As soon as the boy, Bhikshu Jnanapurnik, received the letter to this effect, he stayed at Dharmankar Vihar in Calcutta, received the visa and sailed to Burma.

Bhikshu Buddhaghosh was elated with joy to see the boy at Yangon (now Rangoon) all of a sudden without any difficulty.

Then, he succeeded in getting Jnanapurnik ordained as Sramanera on Augustl 5, 1955 under the preceptorship of Aggamahapandita Vijjalankar Sayadaw Bhaddant Visuddhabhivamsa Mahathera in Yangon. After ordination as sramanera, he appeared in the examination of Pali as part of a course of Buddhist religion conducted by the government of Myanmar. This was followed by his success in 3-year semesterwise examination. He also passed in the examination called Shakysimha Sramanera in the first division.

The success in these examinations made him qualified for the higher ordination of full Bhikshuhood. This higher ordination was conferred on April 12, 1959 under the preceptor Abhidhaja Maharattha Guru Aggamahapandita Masoeying Sayadaw U. Suriyabhivamsa Mahathero. Then, he was renamed Ven. Bhikshu Jnanapurnik in Yangon. This was followed by the award of the degree of Sasanadhaja Dhammacariya by the government of Myanmar in 1963 in Yangon.

After this he was assigned as a teacher of Pali at Vijjalankar Kyaung, Sayan,in West Mandalay. He was also asked to introduce Sanskrit in that institution. This assignment to introduce Sanskrit as a language very different from Pali required upon him to make further study of Sanskrit.

In 1967 he returned to Nepal from India. One of the major reasons of return is that he became sick. He could not resume formal study for four years. He passed School Leaving Certificate Examination (S.L.C.) in 1971, Intermediate in Arts (I.A.) in 1974. He wanted to continue the higher study and joined Master of Arts (M.A.) course in 1978. This aim was not fulfilled as he chose to keep himself busy in the Dhamma activity. Since 1979, he was involved in Buddhist promotional activities in Nepal and in other countries.He went to India and joined the Varanaseya Sanskrit University in Benares, India, in the year 1966. He passed the diploma in Sanskrit from that university.



Downloaded from http://dhamma.digital

Due to his knowledge of English, Pali, Sanskrit, Nepali, Newari, Hindi and so on and extensive study of books of Eastern and Western philosophy, religious texts of a wide variety, it is but natural to expect writings from him. Therefore, apart from the expression of his views in his works in various forms, he had contributed articles to many Buddhist journals published from Nepal and abroad. What is remarkable about his writings is that the views expressed therein are very mature, analytical, precise and up to the point. This is manifestation of his deep study and understanding of Buddhist philosophy and the comparative study of other world religions.

Most of his time is spent in study. He was involved in the project of preparing the Pali-Burmese World Dictionary sponsored by the Burmese government. It was published by the Buddha Sasana Council of KabaAye, Yangoon, Myanmar. Later, he devoted his time to translate the noted works of Burmese Buddhist scholars and preceptors. This is but natural because he had acquired expertise in Burmese and Pali languages during his stay in Burma.

The first translation work was Payasi Sutta which was the translation of 23rd sutta of Dighanikaya under the Sutta Pitaka. Most of the works translated were of the Burmese Dharma Gurus such as Mahasi Sayadaw, U. Aye Maun, Mahasi Nideshi, Dharmakathik, U. Sundar Sayadaw, Vasathabhivamsa, Ra We Thon, etc. The original texts are in Pali. He has translated most of the discourses and books of Mahasi Sayadaw. The number of those works reached 14. He has also translated the works of other Burmese venerable monks. One of the important translations includes the discourses of U Nu, the former Prime Minister of Burma, which he delivered on Panchasila during the Sixth Sangiti (Sanghayana, Synod) organized by the Buddha Sasana Council of Burma in 1979.

## As a translator

For over a decade he spent his time translating the Burmese books in Nepali.

